शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५८ काठमाडौं | २३ कात्तिक २०७६ शनिबार कार्तिक शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 9, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

लिपुलेकमा पस्नै पाउँदैनन् नेपाली



भारतीय पक्षले अतिक्रमण सुरु गरेको नेपाली भूमि गुञ्जी क्षेत्रस्थित महाकाली नदीमा मिसिँदै लिपुखोला । भारतले यही लिपुखोलालाई काली नदी भन्दै आएको छ । नदीदेखि बायाँतिर भारतले नेपाली भूमिमा बनाएका सुरक्षा क्याम्पहरू । यहाँ भारतीय सेना, सीमा सुरक्षा बल र भारत-चीन सीमा सुरक्षा प्रहरी बसेका छन् । *तस्बिर : मनोज बडू/कान्तिपुर*

■ **मनोज बडू** (दार्चुला)

लिपुलेक र कालापानी क्षेत्रमा भारतले ०१८ सालदेखि नै सुरक्षाकर्मी राखेर नेपालीको प्रवेशमा कडाइ गर्दै आए पनि सरकारले चासो नदिएकोमा स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् ।

राज्यकै सामरिक महत्त्व बोकेको यो भूमिलाई भारतले आफ्नो नयाँ राजनीतिक नक्सामा राखेपछि

सीमाबारे छलफल गर्न प्रधानमन्त्रीले डाके सर्वदलीय बैठक | पृष्ठ २

फिर्ता हुने सम्भावना घट्दै गएको उनीहरूको भनाइ छ । उक्त क्षेत्रमा हाल नेपालीलाई भारतीय सुरक्षाकर्मीले पस्नै नदिएको स्थानीय दानसिंह तिंकरीले बताए । '६० सालपछि भारतले हामीलाई पस्नै दिएको छैन', उनले भने, 'अहिले चीनसित व्यापार गर्न तिंकर भञ्ज्याङको नाका प्रयोग गर्नुपरेको छ ।' पचासको दशकसम्म नेपाली र भारतीयले लिपुलेकबाटै चीनको ताक्लाकोटसित व्यापार गर्ने गरेका थिए । तर माओवादी द्वन्द्व चर्किएको बहानामा भारतीय पक्षले उक्त क्षेत्रमा नेपालीलाई प्रवेशमा कडाइ गरेको हो ।

बाँकी पृष्ठ २

अन्तिम घडीमा प्रधानमन्त्रीको निर्देशन

ई-पासपोर्ट छाप्ने अन्तर्राष्ट्रिय बोलपत्र रद्द

सरकारको 'जी टु जी' प्रयास

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना प्रक्रिया अघि बढाउने भन्दै ५० लाख ई-पासपोर्ट छाप्न परराष्ट्र मन्त्रालयले आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर सरकारले रद्द गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रत्यक्ष निर्देशनमा बोलपत्र प्रक्रिया बिहीबार राति रद्द गरिएको हो ।

बोलपत्र रद्द गर्नेबारे बिहीबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताए । मेसिन रिडेबल पासपोर्ट (एमआरपी) पछि नेपाल आगामी असार महिनादेखि 'ई-पासपोर्ट' मा जाने भएपछि नयाँ पद्धतिको पासपोर्ट छपाइका लागि गत भदौ १० मा परराष्ट्र मन्त्रालयको राहदानी विभागले बोलपत्र आह्वान गरेको थियो । सुरुको ४५ दिने बोलपत्रको म्याद टुंगिएपछि २२ दिन र त्यसपछि ७ दिनका लागि म्याद थपेर शुक्रबार दिउँसो बोलपत्रका सबै प्रस्ताव सार्वजनिक गरिने टुंगो भएको थियो । 'अन्तिम घडीमा रद्द भए पनि विस्तृतमा मलाई जानकारी भएन,' राहदानी विभागका महानिर्देशक रामकाजी खड्काले भने ।

विधानसम्मत बोलपत्र प्रतिस्पर्धालाई अन्तिम घडीमा रद्द गरिएको अवस्थालाई जानकारहरूले अनौठो मानेका छन् । ५० लाख पासपोर्ट विदेशमा एकैचोटि लगेर छाप्ने परराष्ट्रको निर्णयप्रति असन्तुष्ट रहेका प्रधानमन्त्री ओलीले दुई साताअघि परराष्ट्रका सम्बद्ध अधिकारीलाई आफ्नो धारणा सुनाएका थिए । असंलग्न आन्दोलन सम्मेलनमा भाग लिन गत कात्तिक ८ मा बाकु भ्रमणमा जानुअघि उनले राहदानी विभागका महानिर्देशक खड्कासहितका पदाधिकारीलाई बालुवाटार बोलाएर ई-पासपोर्टको अन्तर्राष्ट्रिय बोलपत्र आह्वान प्रक्रियाप्रति चर्को असन्तुष्टि प्रकट गरेका थिए ।

प्रधानमन्त्रीले प्रमुख सल्लाहकार विष्णु रिमाल र मुख्य सचिव लोकदर्शन रेग्मीलाई साथमै राखेर 'मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना गर्न लागिरहेका बेला पासपोर्ट छाप्न विदेश पठाउनु उचित नरहेको' बताएका थिए । प्रधानमन्त्रीले 'ई-पासपोर्ट छाप्न कम्तीमा १० वर्ष पुरानो कम्पनी किन चाहियो ?' भन्दै बोलपत्रमा राखिएको सर्तप्रति पनि



आपत्ति जनाएका थिए । पुरानो प्रविधिको कम्पनी र मेसिनको औचित्य नरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले ई-पासपोर्टमा आउने 'ब्याक एन्ड ह्वाइट फोटो'को औचित्य नरहेको र एकैचोटि ५० लाख संख्यामा पासपोर्ट छाप्नुको अर्थ नरहेको पनि उल्लेख गरेका थिए । उनले ई-पासपोर्ट बोलपत्र प्रक्रियामा असन्तोष जनाउँदै लगातार दुई घण्टा 'निर्देशन' दिएपछि उक्त प्रक्रिया खारेज हुन सक्ने संशय परराष्ट्र वृत्तमा बढिसकेको थियो ।

ई-पासपोर्ट छपाइको बोलपत्र रद्द गरिएपछि, सरकारले एक फ्रान्सेली कम्पनीबाट सिधै 'जी टु जी' (सरकारी तह) प्रक्रियामार्फत पासपोर्ट छपाएर ल्याउन चाहेको जानकारको भनाइ छ । यसअघि नेपालमा सुरक्षा प्रेस स्थापनार्थ प्राविधिक सहयोग लिने भनेर गत मार्चमा समझदारी गरिएको फ्रान्सेली सरकारको स्वामित्वमा रहेको 'इन-ग्रुप' लाई ई-पासपोर्ट छपाइमा अनुमति दिइने स्रोतले जनाएको छ ।

'यो कम्पनीले सुरुमा १० लाख ई-पासपोर्ट निःशुल्क छपाइ गरिदिने र बाँकीको हकमा प्रतिपासपोर्ट ८ डलर रकम लिने सेवासर्त अघि बढाएको छ,' प्रधानमन्त्री कार्यालय सम्बद्ध स्रोतले भन्यो । तर, बंगलादेशमा समेत सुरक्षा प्रेस स्थापना गर्ने भनेर सन् २०१६ मा काम थालेको यही इन-ग्रुपले हालसम्म पासपोर्ट छपाइ गर्न नसकेको अवस्था छ ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार 'खुला प्रतिस्पर्धामा जानैपर्ने' प्रावधान पछ्याएर पासपोर्ट छपाइमा परराष्ट्रले गरेको बोलपत्र खारेज भएपछि अब १ वर्षपछि पासपोर्ट वितरणमा आउन सक्ने देखिएको छ । राहदानी विभागका महानिर्देशक रामकाजी खड्काका अनुसार अब झन्डै साढे ७ लाख साधारण एमआरपी विभागसँग रहेको छ ।

बाँकी पृष्ठ ३

भक्कानिइरहन्छन् डा. केसी

■ **डीआर पन्त** (डडेलधुरा)

दुर्गम अजयमेरुबाट भेट्न आएका जयबहादुर ऐर र डोटीको बान्डुग्री सैनका हिक्मत बलायर शुक्रबार दिउँसो डा. गोविन्द केसी अनशन बसेको कोठाबाट आँसु पुछ्दै निस्किए । त्यतिबेला गेटमा पहरा दिइरहेका दुई प्रहरी, कोठामा ब्लड प्रेसर जाँच्न आएकी स्वास्थ्यकर्मी र डडेलधुराकै ईश्वरीप्रसाद भाटका पनि आँखा रसाएका थिए ।

भेट्न आउनेहरूसँग कुरा गरिरहँदा डा. केसी बेलाबेला



स्वास्थ्यमा समस्या आएपछि शुक्रबार साँझ अस्पताल भर्ना

भक्कानिन्छन् । यो देखेर आउनेहरूको मन थामिँदैन । उनीहरूका आँखा रसाइहाल्छन् । शुक्रबार पनि त्यस्तै भयो, ऐर र बलायरसँगको भेटमा । 'म आफू र आफन्तका लागि या कुनै माफियाको फाइदाका लागि अनशन बसेको हुँदै होइन,' डा. केसी भन्दै थिए, 'बाजुरादेखि ओखलढुंगासम्मका गरिब जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भनेर अनशन बसेको हुँ ।'

डडेलधुरा अस्पताल नजिकैको एउटा चिसो कोठामा स्वास्थ्य र चिकित्सा शिक्षा क्षेत्र सुधारको माग गर्दै अनशन बसेका डा. केसीलाई भेट्न आउने जोसुकैलाई पनि उनी भन्न छुटाउँदैनन्, 'संविधानले दिएको अधिकार माग्दा सरकारले अपराधी जस्तो व्यवहार गऱ्यो । राजनीतिक नेतृत्व जनताप्रति उत्तरदायी भएन ।' जुन अधिकार जनताका नाममा नेताले सहजै उपभोग गरिरहेका छन्, त्यो अधिकार सर्वसाधारणले नपाएको डा. केसीको आरोप छ । 'स्वास्थ्य शिक्षा र चिकित्सा क्षेत्रबाट हुने अवैध आम्दानीका कारण यसको सुधारका लागि कुनै पनि सरकारले उत्साह देखाएनन्,' उनले गुनासो गरे । विगतका सरकारले आफूसँग के कस्ता सम्झौता गरे ? प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका कस्तो रह्यो ? आफ्ना मागप्रति दलका शीर्ष नेताले कस्तो व्यवहार गरे भन्नेलगायत विवरण सुनाउँदा उनी आफैंलाई सम्हाल्न सक्दैनन् । र, भक्कानिन्छन् ।

अनशन बसेको पाँचौं दिनसम्म राज्यका निकाय र जनप्रतिनिधिले डा. केसीका मागमा चासो देखाएका छैनन् । 'यति पवित्र भावना बोकेर जनताका लागि लड्ने अभियन्ता मैले कमै देखेको छु,' भाटले भने, 'डा. केसीका विचार सुनेर सेवाको परिभाषा के हो भन्ने बुझ्न पाएँ ।' उनको आफ्नो भन्नु कोही छैन ।

बाँकी पृष्ठ २

सावधानी सूचना ।

ट्रेडमार्क

B M C

बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५
फोन नं: +९१-११-४७०५९१०१/०२/०३/०४/०५
वेब: www.bawamasalacompany.com ईमेल: ips@bawamasala.com

यस सार्वजनिक सूचना हाम्रो सेवाग्रही **श्री बावा मसाला कम्पनी**, बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५ तल देखाइए बमोजिमको मसालाहरुको सम्बन्धमा रहेको ट्रेडमार्क **BMC** र लोगोहरुको नेपालमा स्वामित्व रहेको दर्तावाल प्रोप्राइटर हो र उक्त ट्रेडमार्क र लोगोहरु मान्य, कायम र कार्यान्वयनमा रहेका छन् भन्ने जानकारी सर्वसाधारण सबैमा पुऱ्याउनका लागि यस सुचना जारी गरिएको छ ।

B.M.C. REGD. TRADE MARK

B M C

हाम्रो सेवाग्रहीको जानकारीमा आए अनुसार केहि व्यक्तिहरुले हाम्रो सेवाग्रहीको जस्तै प्याकेजिङ्ग तथा माथि देखाइए बमोजिमको लोगोसंग मिल्दो लोगो समेत प्रयोग गरि **नक्कली मसाला उत्पादन र बजारीकरण** गरिरहेका छन् । हाम्रो सेवाग्रहीको **BMC** ट्रेडमार्क भएको सक्कली उत्पादन नेपाल भित्र खरिद गर्न चाहने वा उत्पादनको वास्तविकताका बारेमा प्रश्न भएमा जो कोहीले देहाय बमोजिमका हाम्रो सेवाग्रहीका वितरकहरुलाई सम्पर्क गर्न सक्नुहुनेछ ।

१. **सुयश सप्लायर्स**, जनकपुर-१४, धनुषा जिल्ला, जनकपुर-१, नेपाल, फोन नं. ९८५४०२०७०१
२. **काठमाडौं भेराईटी सप्लायर्स प्रा. ली.**, नयाँबजार, खुसिबु, टाउन प्लानिङ्ग, सुगम मार्ग, काठमाडौं नेपाल, फोन नं. ९८०१०२२७९६
३. **नारायणी इन्टरप्राइजेज**, विरगंज, वडा नं. ७, रेशम कोठी, नेपाल, फोन नं. ९८०७२२६६४८

BMC को नक्कली ट्रेडमार्क प्रयोग गरि नक्कली मसाला विक्री/संचय गर्ने जोकोहि हाम्रो सेवाग्रहीले कार्यान्वयन गर्ने देवानी/फौजदारी दायित्वको भागिदार हुनुपर्नेछ ।



MEAT MASALA | CHICKMAS | MOMO MASALA

मितिः २०७६ कार्तिक २० गते
मोहन विधानी, अधिवक्ता, इ.नं. D/१३१/१९७२
विधानी ट्रेड मार्क कं. ११/१२, वेस्ट पटेल नगर, न्यू दिल्ली-११०००८, भारत
फोनः +९१-११-४५०५१५५१/१५५२ ईमेलः patent@vidhani.com



चीनले च्यापेपछि नेपालतर्फ कटान

नदीमै क्रसर र डोजर राखेर चिनियाँ पक्षद्वारा ढुंगा-बालुवा उत्खनन

■ **दीपेन्द्र शाक्य** (संखुवासभा)

चिनले संखुवासभाको किमाथांका र तिब्बतको सीमा भएर बग्ने अरुण नदी किनारमा तटबन्ध बनाई रिउबाट चाँगा बजारसम्म सडक विस्तार गरेको छ। यसले नेपाली भूमि कटानको जोखिम बढाएको छ। नेपालतर्फ नदी कटान रोक्न भोटखोला गाउँपालिका-१, किमाथांकामा बनाएको तारजालीको तटबन्ध कमजोर छ। चीनले पक्की तटबन्ध लगाउँदा नदीले धार परिवर्तन गरी नेपाली भूमितर्फ क्षति पुऱ्याउन थालेको वडाध्यक्ष तेनछेवी भोटियाले बताए।

'चीनतर्फ हरेक वर्ष पक्की तटबन्ध लगाउन थालिएको छ,' उनले भने, 'अरुण नदी हाम्रातिर बग्न थाल्यो, किमाथांकाको भूमि कटान भएको छ।' चाँगाबजारमा भएका तिब्बतको प्रशासनको आडमा उनीहरूले जबर्जस्ती तटबन्ध बढाउन थालेको भोटियाको भनाइ छ। 'उतापट्टि नदीमा च्यापेर काम सुरु भएपछि किमाथांका भएर अरुण बग्न थालेको छ,' उनले भने, 'वर्षात्मा अरुणमा बाढी आए किमाथांका जलमग्न हुन्छ।' चिनियाँ पक्षले नदीमै क्रसर राख्नुका साथै डोजर प्रयोग गरी बालुवा तथा ढुंगासमेत निकाल्ने गरेको स्थानीय वासिन्दाको भनाइ छ। नेपालको स्थानिय प्रशासनले चाँगामा तिब्बतका सुरक्षाकर्मी एवम् प्रशासकसँग पटकपटक वार्ता गरेपनि उनीहरूले अटेर गरेको स्थानीयवासीले बताए।

यसअघि डेढ रोपनीभन्दा बढी जग्गा कटान भएपछि रोकथामका लागि साविकको किमाथांका गाविस र त्यसपछि भोटखोला गाउँपालिकाले एक करोड रुपैयाँभन्दा बढी खर्च गरिसकेका छन्। चीनबाटै सिमेन्ट र तारजाली खरिद गरी नेपालतर्फ बनाइएको तटबन्धबाट केही मात्रामा नदी नियन्त्रण भएको स्थानीय निमा नावाले बताए। 'माथिल्लो सीमा कायम भएको कामु खोलामा पनि चीनले पक्की तटबन्ध लगाएको छ,' उनले भने, 'बर्खाको समयमा नेपाली भूमि अझै धेरै कटान हुने सम्भावना बढेको छ।' उनका अनुसार चीनले किनार च्यापे आफ्नोतिर सडक विस्तार गरिरहेको छ।

नदी व्यवस्थापनका लागि स्थायी तटबन्धको निर्माण आवश्यक रहेको स्थानीयले बताए। 'नेपाली भूमि जोखिममा रहेकाले संरक्षणमा जोड दिनुपर्छ,' भोटखोला गाउँपालिकाका अध्यक्ष तेम्बा भोटियाले भने, 'अरुणले धार फेरेको छ। चीनले सीमा क्षेत्रका चाँगा, देन्दाङ बजार तीन वर्षदेखि विस्तार गरिरहेको छ।'

नदीमा स्काभेटर लगाएर बालुवा झिक्ने र स्पर राखी नदी नेपालको किमाथांकातर्फ मोडेको स्पष्ट देख्न सकिने उनले बताए। भोटियाका अनुसार यो क्षेत्रमा चीनले भन्सार कार्यालय, सुख्खा बन्दरगाह, सीमा सुरक्षा र अध्यागमनलगायत कार्यालय स्थापना गर्ने गरी नक्सासमेत तयार पारेको छ। चीनतर्फ कंक्रिट पर्खाल लगाउनुका साथै क्रसर उद्योग पनि खोलिएको छ, जसका कारण दिन प्रतिदिन नदी गहिरिँदै गएको उनले उल्लेख गरे। अरुणमा तटबन्ध निर्माण गर्न २५ करोडभन्दा बढी बजेट चाहिने र भूमि रक्षाका लागि संघीय सरकारको नजर पुग्नुपर्ने प्रतिनिधिसभा सदस्य राजेन्द्र गौतमको भनाइ छ। किमाथांकाको स्थलगत अवलोकन गरेपछि उनले अरुणमा तत्काल तटबन्ध निर्माण गर्नुपर्ने प्रतिक्रिया दिए।

'समस्या समाधानका लागि नेपालले करिब एक किलोमिटर तटबन्ध लगाउनुपर्ने देखिन्छ,' गौतमले भने, 'बजेट छुट्याएर काम अघि बढाउनुपर्छ।' नदी नियन्त्रणका लागि बलियो आधार नअपनाउने हो भने नाका सञ्चालनपछि नेपाली भूमि खुम्चिदै जाने र व्यापारमा नकारात्मक असर पर्ने उनले बताए। 'यो विषयमा प्रदेश र संघीय सरकार गम्भीर बन्न जरुरी छ,' उनले भने, 'नभए नेपाली भूमि कटान भएर बाढी पस्नेछ।'

चीनतर्फ चाँगा र देन्दाङ बजारमा भूकम्पपछि पुनर्निर्माणसँगै सहरीकरण तीव्र भएकाले नदीबाट ढुंगा, बालुवा जथाभावी संकलन गर्ने गरेको पाइएको छ। यसले गर्दा नदीको बहाव नेपालतर्फ मोडिएको हो। किमाथांका नाका संखुवासभा सदरमुकाम खाँदबारीबाट १ सय ६२ किमिको दूरीमा पर्छ।



संखुवासभाको किमाथांका र तिब्बतको सीमा भएर बग्ने अरुण नदी। चीनले एक्स्काभेटर प्रयोग गरी नदी किनारबाट ढुंगा-बालुवा निकाल्ने गरेको छ। *तस्बिर : दीपेन्द्र शाक्य/कान्तिपुर*

एक किलोमिटर तटबन्ध निर्माण गरे

संखुवासभा-अरुण नदी हिउँदमा सानो हुन्छ। कसैलाई समस्या हुँदैन, जब वर्षा लाग्छ, एकदमै ठूलो हुन्छ। अनि उतापट्टि बनाएको तटबन्धका कारण किमाथांकाको भूभाग आएर बग्छ। चाँगा बजार विस्तार भएपछि हाम्रोतिर नदी बग्न थालेको छ। स्थायी रूपमा तटबन्ध बनाएर उनीहरूले पक्की सडक ल्याइसकेका छन्।

हामीले धेरै पटक आग्रह गरिसकेका छौं तर जबर्जस्ती बनाइरहन्छन्। हाम्रोतिरको जमिन खिइँदै गएको छ। धेरै पटक सीमा प्रहरी चौकीका इन्चार्ज र चाँगाका प्रशासक र स्थानीयबीच छलफल भएका छन्। हामी दैनिक उपभोग्य सामग्री, दाल, नुन, तेल किन्न उतै जानुपर्छ। हामीले कुरा उठाएपछि उनीहरूले कडाइ गर्छन्।

- नुर्पु भोटिया, स्थानीय भोटखोला गाउँपालिका

सानो रकमले तटबन्ध निर्माण हुँदैन

संखुवासभा- हाम्रोतिर तिब्बतले तटबन्ध बनाएपछि मैले पनि यो निर्माण गर्नु भएन भनेर उताका प्रशासकलाई धेरै पटक भनेको छु। निर्माण रोकिएको छैन। हामीले भनेको कहिल्यै सुन्दैनन्। तटबन्ध निर्माण गरेर क्रसर मेसिन र डोजरको प्रयोगबाट अरुणको बालुवा झिकिन्छ। भूकम्पपछि पुनर्निर्माण भएका घरहरूका लागि पनि यहींको ढुंगा र बालुवा प्रयोग गरिन्छ अनि तटबन्ध निर्माण हुन्छ। दुवै देशको मध्यभाग भएर बग्ने खोला अलिक बढी हाम्रोतिर बग्न थालेको छ। सानो पैसाले भ्याउँदैन केही गर्न सकिँदैन। ३ करोडभन्दा माथि बजेट ल्याउनुपर्छ भनेर आश्वासन दिएका छन्। गत वर्ष गाउँपालिकाबाट १७ लाख छुट्याएका थियौं।

- तेम्बा भोटिया, अध्यक्ष
भोटखोला गाउँपालिका, संखुवासभा

सीमा विवाद

प्रधानमन्त्रीले बोलाए सर्वदलीय बैठक

■ **जगदीश्वर पाण्डे** (काठमाडौं)

भारतले सीमा मिचेको विषयमा छलफल गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबार ४ बजे सर्वदलीय बैठक बोलाएका छन्। भारतले कार्तिक १७ मा सार्वजनिक गरेको नयाँ राजनीतिक नक्सामा नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरालाई आफ्नो भूभागमा हालेपछि चौतर्फी विरोध भइरहेको छ।

'सबैको धारणा एउटै भए पनि समस्याको समाधान कसरी गर्ने भन्नेबारेमा छलफल गर्न प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाउनुभएको हो,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार कुन्दन अर्यालले कान्तिपुरसँग भने। भारतले नयाँ नक्सा सार्वजनिक गरेको तीन दिनपछि परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरेर 'कालापानी क्षेत्र नेपालकै भूभाग भएको' स्पष्ट पारेको थियो। प्रमुख प्रतिपक्षी कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि बुधबार नेपालस्थित भारतीय राजदूत मञ्जिवसिंह पुरीलाई फोन गरी भारतीय कदमको विरोध गरेका थिए। सत्तारूढ दलकै नेताहरूले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी भारतीय कदमको विरोध गरिसकेका छन्। नेपालमा चर्को विरोध भएपछि बिहीबार भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविशकुमारले नक्सामा कुनै सीमा परिवर्तन नगरिएको दाबी गरेका थिए।

भारतीय दूतावासअगाडि प्रदर्शन

भारतले नेपालको सीमा मिचेको विषयमा सत्तारूढ नेकपाको विद्यार्थी संगठन अनेरास्ववियु र संघीय समाजवादी पार्टीको युवा विद्यार्थी संगठनले लैनचौरस्थित भारतीय दूतावासअगाडि विरोध जनाएका छन्। भारतीय विस्तारवाद-मुर्दावाद, गो ब्याक इन्डिया जस्ता नारा लगाउँदै विद्यार्थीले प्रदर्शन गरेका हुन्। कांग्रेसका युवा विद्यार्थीले पनि बिहीबार विरोध गरेका थिए। विरोधमा उत्रिएका युवा-विद्यार्थीले भारतको नक्सा जलाएका थिए। गैरआवासीय नेपाली संघ (एनआरएन) ले शुक्रबार विज्ञप्ति जारी गर्दै भारतले सीमा मिचेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। भारत सरकारको यो कार्यबाट विश्वभर छरिएर रहेका नेपाली क्षुब्ध भएको अध्यक्ष कुमार पन्तद्वारा जारी विज्ञप्तिमा छ।



लिपुलेकमा पस्नै पाउँदैनन्...

भारतले रणनीतिक हिसाबले विकास गर्दै आएको नेपाली भूमि फिर्ता गराउन सजिलो नदेखिएको स्थानीय रघुवीरसिंह ठगुन्ना बताउँछन्। 'पहिल्यैदेखि पूर्वाधार बनाइरहेको थियो, अब आफ्नो नक्सामै पारेपछि हडप्ने देखियो,' उनले भने। यो वर्ष मात्र उक्त क्षेत्रमा भारतीय पक्षले चार हजारको हाराहारीमा सैनिक बढाएको उनले बताए। लिपुलेकसम्म भारत र चीनले सडक पुऱ्याएको अवस्था छ। भारतले गुञ्जीबाट नेपाली भूभाग प्रयोग गर्दै आएको छ। गुञ्जीबाट कालापानी ९ किलोमिटरको दूरीमा पर्छ। गुञ्जीदेखि लिपुधुरा (लिपुलेक) सम्म उक्त क्षेत्रमा भारतीय पक्षले भारतीय सेना, सशस्त्र सीमा बल र भारत-चीन बोर्डर पुलिसलगायत सुरक्षाकर्मी बसालेको छ।

एक दशक अघिदेखि भारतले धारचुलादेखि लिपुलेकसम्म मानसरोवर मार्ग भनेर दुई लेनको सडक निर्माण गर्दै आएको छ। छियालेकदेखि लिपुलेकसम्मको भागमा सडकको ट्रयाक खोलिसकेको छ। त्योभन्दा तल्लो क्षेत्रमा निर्माण कार्य तीव्र भइरहेको स्थानीय बताउँछन्। सन् २०२० सम्म सडक पूर्वाधार सम्पन्न गर्ने गरी काम अगाडि बढाइएको छ। कालापानीबाट नजिकको नेपाली बस्ती छाङरु गाउँ १६ किमि दूरीमा पर्छ। त्यहाँ शौका समुदायको बसोबास छ। नजिकको गागा क्षेत्रमा नेपाल प्रहरीचौकी छ तर न सडक पूर्वाधार र न त निगरानीका साधनस्रोत छन्। बाटै नभएकाले भारतीय पक्षले उक्त क्षेत्रमा गरिरहेको अतिक्रमणको निगरानी गर्न नसकिने प्रहरी बताउँछन्।

सुगौली सन्धिअनुसार नेपाल र भारतको सीमा काली नदी हो। भारतले ३० किमिपूर्व कृत्रिम नदी बनाई त्यसलाई 'काली' भन्न थाल्यो र त्यसदेखि पश्चिमको भूभाग अतिक्रमण सुरु गऱ्यो। वास्तविक काली नदीलाई भारतले 'कुटियन्ती' भन्न थाल्यो। नेपालले कालापानी र लिपुलेकको स्वामित्व दाबी गर्दै आए पनि लिम्पियाधुरा भने चुपचाप त्यागिदिएको थियो। भारतले कुटियन्ती भन्दै आएको नदीलाई नयाँ नक्सामा काली लेखेको छ। कालापानी-लिपुलेकको क्षेत्रफल ६२ वर्गकिमि छ। लिम्पियाधुराको ३ सय १० वर्गकिमि भारतले यसअघि नै कब्जा गरिसकेको छ।

जानकारहरूका अनुसार सन् १९६२ मा भारत-चीन युद्ध हुँदा नेपालका तत्कालीन राजा महेन्द्रले कालापानी भारतलाई प्रयोग गर्न दिएका हुन्। त्यसपछि भारतले त्यहाँबाट आफ्नो सैनिक कहिल्यै फिर्ता गरेन। युद्ध अवधिभरका लागि भनेर आएको भारतीय सेना त्यसयता स्थायी रूपमै बस्न थाल्यो। लिपुलेक नेपाल-भारत-चीन त्रिदेशीय सीमा नाका हो तर नेपालतर्फको भूभाग दशकौंदेखि भारतको नियन्त्रणमा छ। भारतीयहरूले चीनसँग व्यापार गर्नका लागि उक्त नाका प्रयोग गर्छन्। आफ्नो भूभागभन्दा चीनसित व्यापार गर्न सहज हुने भएकाले यो नाकालाई विगतदेखि भारतले प्रयोग गर्दै आएको स्थानीय बताउँछन्।

भारतले हाल जारी गरेको नक्सा पछिल्लो पाँच दशकदेखिको निरन्तरता हो तर कालापानीमा भारतले आफ्नो सेना राखेको ५७ वर्ष बित्यो भने लिपुलेक हत्याएको समेत चार वर्ष पुगिसक्यो। नयाँ नक्सामा पहिलेदेखि अतिक्रमण गर्दै आएको नेपालको लिम्पियाधुरादेखि लिपुलेकसम्मको समग्र कालापानी क्षेत्रमा पर्ने भूभागलाई भारतमा गाभिएको छ। सीमामा भारतले एकतर्फी रूपमा अन्तर्राष्ट्रिय मूल्यमान्यताविपरीतका गतिविधि गरिरहनुमा त्यस क्षेत्रमा राज्यको उपस्थिति नै नहुनु प्रमुख कारण रहेको स्थानीय रघुवीरसिंह ठगुन्ना बताउँछन्। 'सीमामा भारतीय पक्षको मनपरी रोक्न न हाम्रो बसोबास छ न त सुरक्षा निकायको उपस्थिति। यसैको फाइदा भारतीय पक्षले लिइरहेको छ,' उनले भने, 'त्यस क्षेत्रमा रहेका नेपाली नागरिकसमेत भारतीय पक्षको दबाबमा रहनुपर्ने बाध्यता भएकाले सीमा सुरक्षा तथा नागरिकका पक्षमा राज्यको सक्रियता चाहिएको छ।' आफ्नो सीमामा नेपाल प्रहरी प्रशासनको उपस्थिति नरहेको उनले बताए। भारतबाट अतिक्रमित र त्रिदेशीय सीमा क्षेत्रको सुरक्षा व्यवस्थापनमा केन्द्र सरकारले उपेक्षा गरेको हो। त्यस क्षेत्रका नागरिकलाई सुरक्षाको प्रत्याभूति त परै जाओस्, स्वदेशमै पैदल मार्गसमेत नहुँदा भारतीय मार्ग प्रयोग गर्नुपर्ने बाध्यता रहेको उनले बताए।

पाँच वर्षअघि दार्चुलामा सशस्त्र प्रहरीको सीमा सुरक्षा गुल्म स्थापना भएको थियो। त्यो बेला नै सशस्त्र प्रहरीको पोस्ट सदरमुकाम होइन, व्यास क्षेत्रमा बस्नुपर्ने कुरा उठेका थिए। सरमुकाममा गुल्म स्थापना गर्ने र त्यसपछि सीमा क्षेत्रमा सशस्त्र प्रहरीले वीओपी राख्ने कुरा उठे पनि कार्यान्वयन नभएको ठगुन्नाले बताए। 'त्यतिबेला नै सदरमुकाममा नेपाल प्रहरी भए पुग्छ, सेनालाई समेत सीमा क्षेत्रमा सार्नुपर्छ भनेका हौं,' उनले भने, 'अहिलेसम्म नेपाल प्रहरीको ६ महिना उपस्थितिवाहेक सरकारले खासै ध्यान दिन सकेको छैन।' जिल्लामा आउने केन्द्रीयस्तरका नेतादेखि सुरक्षा निकायका माथिल्ला दर्जाका अधिकारी आएका बेला स्थानीयले व्यास क्षेत्रमा सुरक्षाको उपस्थिति बढाउनुपर्ने र तिंकर नाकासम्म सडक सञ्जाल जोड्नुपर्ने माग प्रमुखतासाथ अगाडि सार्छन्। नेता र अधिकारीहरूको आश्वासन दिने तर काम नगर्ने प्रवृत्तिले यो क्षेत्र राज्यको सम्पर्कबाहिर पर्दै गएको स्थानीयको बुझाइ छ।

भारतद्वारा अतिक्रमणमा परेको क्षेत्र व्यास गाउँपालिका-१ मा पर्छ। व्यासका स्थानीयले सदरमुकामसम्म आवतजावत गर्न भारतीय बाटो प्रयोग गर्नुपर्ने हुँदा यस विषयमा बोल्न मान्दैनन्। भारतले अतिक्रमण गरिसकेको भन्दा वरतिर पर्ने नेपाली भूभागमा जानसमेत भारतीय प्रशासनसँग पास लिनुपर्ने अवस्था छ। स्वदेशी भूमिबाट बाटो नहँदा व्यास क्षेत्रमा जान यहाँका स्थानीयले भारतीय प्रशासनले पास दिएपछि आफ्नो गाउँसम्म पुग्न पाउँछन्। नेपाली गाउँमा नेपाली नुन पुग्दैन। छाक टार्ने चामल र पिठो भारतीय बजारबाट ल्याउनुपर्छ। चार हजार मिटरको उचाइमा भत्केको घरमा बिनाबन्दोबस्ती प्रहरीचौकी छ। प्रहरीले ६ महिनाको रासन र लत्ताकपडा एकैचोटि लैजानुपर्छ। सदरमुकामसँगको सम्पर्क विगत एक वर्षदेखि पूर्ण रूपमा टुटेको छ।

व्यास क्षेत्रमा जान नेपालतर्फ भरपर्दो बाटो नहुँदा नजिक बसेका शौकाहरू भारतीय भूमि प्रयोग गर्न बाध्य छन्। कुञ्चा सर्ने क्रममा भारतमा विभिन्न किसिमका दुर्व्यवहार भोग्न बाध्य हुनुपरेको भन्दै स्थानीय दुःख व्यक्त गर्छन्। यहाँका स्थानीय एक हप्तापछि भारतको बाटो भएर हिमालबाट तल बेंसी सदरमुकाम खलंगा सर्ने तयारी गरिरहेका छन्। यही समयमा नक्साको कुरा उठेपछि आफ्नो बसाइँसराइमा भारतीय पक्षको अवरोध हुन सक्ने चिन्ता व्यक्त गरिरहेका छन्।

भारतीय प्रशासन एसडीएम कार्यालयले जारी गरेको बहुयात्रा अनुमतिपत्र (पास) छियालेकमा देखाएर मात्र त्यहाँबाट अगाडि जान पाइन्छ। छियालेकमाथिको क्षेत्र अनुमतिबिना अनुबन्धित स्थान हो। त्यसकारण अघिल्लो सीमाचौकी सीतापुलमा त्यसै पासलाई देखाएर नेपाल प्रवेश गर्न मिल्छ। मानिसहरूलाई त्यहीले हुने र पशुहरूलाई अर्को पास बनाउनुपर्दा झन् झन्झटिलो हुने गरेको स्थानीय बासुसिंह ऐतवालले बताए। उनका अनुसार नेपालको पशु क्वारेन्टाइनले नेपाली पशु स्वच्छ रहेको सिफारिस दिएपछि मात्र भारतले यात्राको स्वीकृति दिन्छ।

भक्कानिइरहन्छन्...

जे छ गरिब जनताका लागि हो। जीवनभरि उनले जे गरे, सबै सेवाभाववाट गरेको गरेको भाटको बुझाइ छ।

डा. केसीका माग सम्बोधनमा सरकारको चासो गएको छैन नै, उसले 'माथिको आदेश' का नाममा सरकारी कर्मचारीलाई भेटमा समेत अघोषित प्रतिबन्ध लगाएको छ। डोटी, बैतडी, दार्चुला र अछाम, बझाङबाट समेत विभिन्न सामाजिक क्षेत्रमा कार्यरत व्यक्ति डा. केसी भेट्न आउने गरेका छन्। डडेलधुरा प्रशासन, सत्तारूढ राजनीतिक दलका नेता कार्यकर्ता, उनी अनशन बसेको स्थान अमरगढी नगरपालिकाका जनप्रतिनिधिलगायत दलको हवीप लाग्ने संघसंस्थाका प्रतिनिधिले समेत डा. केसीलाई भेटेका छैनन्। सत्तारूढ नेकपालगायत दलका नेताकार्यकर्ता भने डा. केसी जस्ता व्यक्तिको मानमर्दन हुने गरी चोकचौराहमा आलोचना गरिरहेको अवस्थामा भेटिने गरेको स्थानीय लक्ष्मी पाण्डेयले बताए। 'दलका कार्यकर्तामा सही कुरालाई सही र गलत कुरालाई गलत भन्न नसक्ने दास मानसिकताका कारण गोविन्द केसीहरूले अनशन बस्नुपरेको हो,' उनले भने।

डा. केसीका मागप्रति आफ्नो भावनात्मक समर्थन रहे पनि उनलाई सहयोग गर्न सक्ने अवस्थामा आफूहरू नरहेको एक जना सरकारी अधिकारीले बताए। 'केसीको स्वास्थ्य स्थिति र सुरक्षाका विषयमा प्रशासनले समन्वय गरिरहेको छ। सरकारबाट अहिलेसम्म कुनै निर्देशन आएको छैन,' डडेलधुराका प्रमुख जिल्ला अधिकारी राजु पौडेलले भने, 'डा. केसीका माग सबै राज्यले गर्नुपर्ने सम्बोधनका विषय हुन्। त्यसैले मेरो तर्फबाट हुनुपर्ने सबै कुरा हेरिरहेको छु।' अनशनको समर्थनमा सुदूर पहाडका प्रायः सबै जिल्लाका नागरिक अगुवा र नागरिक संघसंस्थाले ऐक्यबद्धता जनाउँदै आएका छन्। डडेलधुरामा पनि विभिन्न संघसंस्थाको आयोजनामा शुक्रबार ज्यानी निकालिएको छ। यसअघि नागरिक समाज डडेलधुराले उनका मागप्रति सचेत हुन प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएको छ।

डा. केसीको स्वास्थ्यमा समस्या आएपछि शुक्रबार साँझ उनलाई डडेलधुरास्थित उपक्षेत्रीय अस्पतालमा भर्ना गरिएको चिकित्सकहरूले जानकारी दिएका छन्।

बालगृह कमाइखाने भाँडो

अनाथ, असहाय र अभिभावकविहीन बालबालिकालाई सुरक्षित तरिकाले हुर्काउने भनेर खुलेका बालगृहमै बालबालिका असुरक्षित

राजधानीका अधिकांश बालगृहहरू दर्ताबिनै सञ्चालन

पूर्वाधार र न्यूनतम मापदण्ड पनि छैन

बालगृहका बालबालिका विभिन्न रोगले ग्रसित

■ **जनकराज सापकोटा** (काठमाडौं)

राष्ट्रिय बालअधिकार परिषद् र बालबालिका खोजतलास केन्द्रको टोली १० असोजमा कागेश्वरी मनोहरा नगरपालिका ८ स्थित सामाजिक तथा मानवीय सरोकार केन्द्रले सञ्चालन गरेको बालगृह खोज्दै जाँदा एकछिन अलमलमा पऱ्यो। बालगृह भएको कुनै होर्डिङ बोर्ड वा सूचना त्यहाँ थिएन। टिनको एउटा लामो टहरो नै बालगृह भएको थाहा पाउँदा सरकारी टोली अचम्ममा पऱ्यो।

टहरोमा तीन कोठा मात्रै बालगृह सञ्चालनका लागि भाडामा लिइएको रहेछ। अन्य कोठा भाडामा लगाइएको रहेछ। आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड ०६९ ले तोकेको कुनै मापदण्ड बालगृहले पूरा गरेको थिएन। त्यहाँ औसत सरसफाइको अवस्था पनि नाजुक थियो। उक्त टोलीमा संलग्न राष्ट्रिय बालअधिकार परिषद्का नायब सुब्बा देवी डोटेलले भने, 'न आश्रित बालबालिका सफासुग्घर थिए न किचनमा सफाइ। बालबालिकालाई पर्याप्त पोषणको व्यवस्था पनि नभएजस्तो देखिन्थ्यो।'

नगरपालिकाका मेयर र वडाध्यक्षसहितको सरकारी टोलीले त्यहाँ आश्रित ११ बालबालिकालाई उद्धार गऱ्यो। तिनीहरूमध्ये दस जना मुगु र एक जना जुम्लाका थिए। समाजसेवा गरेको देखिने र गरिब बालबालिका देखाएर विदेशीबाट पैसा पनि झार्न सकिने लोभले मुगुका अर्जुन नेपालीले उक्त बालगृह सञ्चालन गरेका थिए। राष्ट्रिय बालअधिकार परिषद्का अधिकृत रामबहादुर चन्दका अनुसार बालबालिकालाई देखाएर विदेशी दाताबाट पैसा झार्न सकिने, त्यसैबाट गुजारा चलाउने र समाजसेवा गरेको पनि देखाउने लोभमा बालगृहहरू सञ्चालन गरिएको देखिन्छ।

अनाथ, असहाय र अभिभावकविहीन बालबालिकालाई सुरक्षित तरिकाले हुर्काउने भनेर खुलेका बालगृहबाट बालबालिका उद्धार गरिएको यो पहिलो घटना थिएन। वैशाखयता मात्रै राष्ट्रिय बालअधिकार परिषद् र बालबालिका खोजतलास केन्द्रले काठमाडौं, भक्तपुर र ललितपुरका ६ वटा बालगृहबाट १ सय ९१ जनाको उद्धार गरेको छ।

तीमध्ये अधिकांश बालबालिका कर्णाली प्रदेशका छन्। आव ०७५/७६ मा पाँचवटा बालगृहबाट १ सय ९२ जना बालबालिकाको उद्धार भयो। जसमध्ये १ सय ५२ जनालाई अभिभावकको जिम्मा लगाइयो भने ४६ जना विभिन्न बालगृहमा छन्। परिषद्ले आव ०७५/७६ मा ८२ वटा बालगृहको अनुगमन गरेको थियो। यो आर्थिक वर्षको साउन र भदौमा मात्रै ४६ वटा बालगृहको अनुगमन सकेको छ।

पछिल्ला दुई महिनामा परिषद् र बालबालिका खोजतलास केन्द्रले छापा मारेका बालगृहमा बालबालिकामाथि यौन हिंसा भइरहेको, कर्णालीका विभिन्न दुर्गम गाउँबाट अभिभावकसँग रकम असुलेर बालबालिका ल्याउने गरिएको र यस्तो काममा केही एजेन्टसमेत सक्रिय रहेको देखिएको छ। आश्रित बालबालिकालाई पोषणयुक्त खाना दिने नगरिएको, सरसफाइमा कमजोरी रहेको र बालगृहमा कमजोर पूर्वाधार पाइएको छ।

महानगरीय प्रहरी वृत्त महाराजगन्ज, बालबालिका खोतजलास केन्द्र र राष्ट्रिय बालअधिकार परिषद्का प्रतिनिधि जेठ १ मा बूढानीलकण्ठको ऐश्वर्य बालगृहमा छापा मार्न जाँदा १७ जना मात्रै बालबालिका थिए। केन्द्रका इन्स्पेक्टर मोहनविक्रम दाहालका अनुसार तीमध्ये अधिकांश रोगी देखिन्थे। ती बालबालिकालाई उद्धार गर्नेक्रममै थाहा भयो, बालगृहले अन्य ठाउँमा पनि त्यसैगरी बालबालिका राखेको रहेछ। प्रहरीको सहयोगमा सबै ठाउँबाट बालबालिका जम्मा पार्दा एक सय २५ जना पुग्यो।

केन्द्रका अनुसार उद्धार गरिएका जम्मा एक सय २५ मध्ये ७७ बालक र ४८ बालिका थिए। तिनीहरूमध्ये ७९ जना हुम्लाकै मात्र थिए भने अन्य कर्णाली प्रदेशका विभिन्न जिल्लाका। उद्धार गरिएका सबैजसो दुर्गम गाउँका दलित, अशिक्षित र विपन्न परिवारका थिए।

बालबालिकासम्बन्धी ऐन ०७५ का अनुसार केन्द्रीय बाल कल्याण समितिको अनुमतिबिना बालगृह सञ्चालन गर्नु गैरकानुनी हो। आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड ०६९ का अनुसार बालबालिका राख्ने मान्यताप्राप्त गृहमा खानपिनको साप्ताहिक तालिका, नियमित स्वास्थ्य जाँच, सञ्चालकसहित १० कर्मचारी हुनैपर्छ। बालबालिकासम्बन्धी नियमावली २५१ ले त बालगृहहरूले अनिवार्य रूपले बालबालिकाको व्यक्तिगत विवरणको फाइल राख्नुपर्ने भनेको छ तर यस्ता कुनै पनि मापदण्ड ऐश्वर्यले पूरा गरेको थिएन।

असार १८ मा परिषद् र बालबालिका खोजतलास केन्द्रले संयुक्त रूपमा भक्तपुर



कागेश्वरी मनोहरा नगरपालिका ८ स्थित सामाजिक तथा मानवीय सरोकार केन्द्रले सञ्चालन गरेको बालगृह। *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

कमजोर कानुन

बालबालिकासम्बन्धी ऐन ०७५ को दफा ४९ ले कस्तो अवस्थामा मात्रै बालबालिकालाई बालगृहमा राख्न सकिन्छ भन्नेबारे परिभाषित गरेको छ। अभिभावक नभएमा, नजिकका आफन्तले हेर्न मिल्ने अवस्था नरहेमा, परिवारमा आधारित हेरचाह गर्ने संस्थामा राख्न नसकिएमा मात्रै बालगृहमा बालबालिका राख्न सकिने व्यवस्था गरेको छ। परिषद्का अनुसार उद्धार गरिएका अधिकांश बालगृहले यस्तो कानुनी परिभाषा उल्लंघन गरेको देखिन्छ।

जिल्लास्थित बालकल्याण अधिकारीको सिफारिसपछि चौथो विकल्पका रूपमा मात्रै बालगृहमा राख्न सकिने व्यवस्था भए पनि अधिकांश बालगृहले यस्तो सर्त उल्लंघन गरेको देखिन्छ। त्यसो त ऐनले स्थानीय तहमै स्थानीय बालअधिकार समिति निर्माण गर्ने र बालबालिकासम्बन्धी नियमावलीले त्यसको सञ्चालन व्यवस्था गर्ने उल्लेख गरेको छ। तर नियमावलीको अभावमा स्थानीय तहमा यस्ता समिति गठन भइसकेका छैनन्। परिषद्का अधिकृत चन्दले भने, 'समयमै नियमावली नआउँदा अप्ठ्यारो भइरहेको छ।'

बालबालिकालाई अभिभावकको स्वीकृति लिएर बालगृहमा राख्नैपरे पनि स्थानीय तहबाट सिफारिस ल्याउनैपर्ने, बालबालिकासम्बन्धी नियमावली ०५१ ले भनेअनुसार बालगृहमा बसेका बालबालिकाको वैयक्तिक विवरणको फाइल खडा गर्नुपर्ने, आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड ०६९ अनुसार बालगृह चलाउनुपर्ने, गृहमा सञ्चालकसहित कम्तीमा १० कर्मचारी हुनुपर्ने, केन्द्रीय बालकल्याण परिषद्को अनुमति लिनुपर्ने, खानपिनको साप्ताहिक तालिका बनाउनुपर्ने जस्ता सामान्य सर्त पनि पालना गरेको देखिँदैन।

बूढानीलकण्ठको ऐश्वर्य बालगृह होस् वा बलम्बुको प्रगतिशील महिला समाज संस्थाअन्तर्गत रहेको बाईपीसी नामक संस्थाले चलाएको बालगृह होस् वा भक्तपुर ताथलीको सौडोल महिला समाजले चलाएको बालगृह। यी कुनै पनि सरकारी निकायमा दर्ता देखिँदैनन्। यी बालगृहमा रहेका बच्चाहरूमध्ये कैयौं विरामी अवस्था थिए भने तिनीहरूमा पोषणको कमी देखिन्थ्यो।

ऐश्वर्य बालगृहमा आश्रित बालबालिकाको उद्धारमा खटिएमा बालबालिका खोजतलास केन्द्रका इन्सपेक्टर दाहालका अनुसार बालबालिका केही दिनदेखि भोकै थिए। उनले सुनाए, 'एउटा बच्चाले त किताबमा रहेको स्याउको चित्र काटेर खान खोजेजस्तो गर्दै थियो। बालबालिकासम्बन्धी ऐन ०७५ ले कानुनविपरीत बालगृहमा राख्ने कामलाई बालबालिकाविरुद्धको हिंसा भनेको छ। यस्तो हिंसाजन्य कसुर गर्नेलाई कानुनले ५० हजार रुपैयाँ जरिवाना र एक वर्षसम्म कैद तोक्ने व्यवस्था छ।

अनौठो त के छ भने बालबालिकासम्बन्धी ऐन ०७५ ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नियमविपरीत सञ्चालित र बालगृहको नाममा व्यापार गर्नेहरूलाई एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने अधिकार दिएको छ। तर धमाधम बालगृहबाट बालबालिकाको उद्धार भए पनि सरकारी उदासीनताका कारण कारबाही प्रक्रिया फितलो छ। परिषद्का अधिकृत चन्दले सुनाए, 'नियमावलीकै अभावमा कतिपय बालगृहलाई सार्वजनिक ठगीअन्तर्गत मुद्दा चलाइएको छ।'

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानका कार्यक्रम निर्देशक तथा बाल अधिकारकर्मी मधु दवाडी बालगृहमा रहेका बालबालिकामध्ये ६२ प्रतिशतका वा वा आमा रहेको बताउँछन्। सन् २०१५ मा तत्कालीन केन्द्रीय बालकल्याण समितिको संयोजनमा उनीसहितको टोलीले मकवानपुर, बाँके र मोरङका बालगृह ३० भन्दा धेरै बालगृहको अनुगमन गरेका थिए। तीमध्ये केही बालगृहले धर्म परिवर्तनका लागि बालबालिकालाई राखेको देखिएको थियो भने धेरैजसो बालगृहको मापदण्ड पुगेको थिएन। कतिसम्म भने केही बालगृहलाई त मापदण्ड भन्ने थाहा थिएन।

०७५ भदौ अधिसम्म सहायक प्रमुख जिल्ला अधिकारी बालगृहको अनुमगनको संयोजक रहन्थे र जिल्लास्थित महिला विकास कार्यालयको प्रमुख अनुगमनको सदस्य सचिव रहन्थे। स्थानीय तहको पुनःसंरचनापछि स्थानीय सरकार सञ्चालन ऐनको दफा १२ ले वडा कार्यालयलाई बालगृहको रेखदेख, सञ्चालन र अनुगमनको जिम्मेवारी दिएको छ। दवाडीको अनुभवमा अधिकांश स्थानीय तह र बालगृह अनुगमनबारे जानकार छैनन् र नियमावलीको अभावमा केही वर्षयता अनुगमनको काम ठप्पजस्तै छ। उनले भने, 'यसको फाइदा अवैध रूपमा सञ्चालित बालगृहहरूले उठाइरहेका छन्।'

तर ताथलीको सौडोल महिला समाजको बालगृहमा छापा मारेर ९ बालबालिकालाई उद्धार गऱ्यो। ती बालबालिका हुम्ला र जुम्लाका विकट गाउँबाट ल्याइएको अनुसन्धानमा खुल्यो। उद्धारपछि बालबालिकको मानसिक परामर्शका क्रममा थाहा भयो, एक ६ वर्षीय बालिका बालगृह सञ्चालकका श्रीमान्बाट यौन दुर्व्यवहारमा परेकी रहिछन्।


परिषद् र केन्द्रले काठमाडौं उपत्यकाका बालगृहमा छापा मारेर उद्धार गरिएका धेरैजसो बालबालिका कर्णाली प्रदेशको हुम्ला, जुम्ला, मुगु र कालिकोटका छन्। थोरै पैसामै काठमाडौंमा लगेर खानेबस्ने र पढाउने व्यवस्था मिलाइदिने आश्वासनमा परेर विकट गाउँका अभिभावकले आफ्ना बाबुनानीलाई बालगृहका एजेन्टको जिम्मा लगाएर पठाएको देखिन्छ। बूढानीलकण्ठको ऐश्वर्य बालगृहबाट उद्धार गरिएका बालबालिकाका अभिभावकमध्ये केहीले छोराछोरी लैजाने सर्तमा २० हजार त कसैले ५० हजारसम्म एजेन्टलाई हवाईजहाज भाडा भन्दै दिएको बताएका थिए।

गरिबीका र बग्रेल्ती सन्तान भएका अभिभावक बालगृहका एजेन्टको आश्वासनमा सजिलै पर्ने गरेको देखिन्छ। हुम्ला घर भई काठमाडौंमा डकर्मी काम गर्ने जय नेपालीले आफ्ना दुई छोराछोरीले पढ्न पाउने आसमा ऐश्वर्य बालगृहमा राखेका थिए। उनले सञ्चालकको कुरा पत्याएर आफ्नो गाउँका थप ५ बालबालिकालाई बालगृहमा ल्याईदिए, तिनका अभिभावकबाट उठाएर एक लाख १५ हजार सञ्चालकलाई पनि बुझाए। यसो गरेबापत जयकी श्रीमतीले बालगृहमा काम पाएकी थिइन्।

उनले हुम्लाका विभिन्न ७ बालबालिकाका अभिभावकबाट छोराछोरीलाई काठमाडौंमा गतिलो पढाइ र खानेबस्ने सुविधा मिलाईदिने भन्दै जनही २० हजार रुपैयाँ उठाएकी थिइन्। उनले त्यो सबै रकम गृहकी सञ्चालिका निर्मला घिमिरेलाई बुझाइन्।

भक्तपुरको सौडेल महिला समाजले चलाएको बालगृहबाट हुम्ला घर भएका ९ बालबालिका उद्धार गरेपछि, प्रहरीले कृष्णामाया न्हेमाफुकीले सञ्चालन गरेको बालगृहमा बच्चा ल्याउने काममा खटिएका वीरसिंह धामी र कल्पना बुढालाई पक्राउ गरेर बालबालिकासम्बन्धी कसुरमा मुद्दा चलाएको थियो। जसमा वीर सिंह र कल्पना भक्तपुर जिल्ला अदालतको आदेशपछि जनही ३० हजार धरौटी बुझाएर तीन सातापछि रिहा भए। कृष्णमाया भने ५० हजार धरौटी बुझाउन नसकेर सुन्धारास्थित केन्द्रीय कारागारमा छिन्।

प्रहरीका अनुसार वीर सिंह र कल्पनाले हुम्ला र जुम्लाका दुर्गम गाउँबाट बच्चा ल्याएर बालगृहमा दिने काम गर्थे। थोरै पैसामा खाने, बस्ने र पढ्ने व्यवस्था मिलाईदिने भन्दै उनीहरूले गाउँबाट बालबालिका ल्याएको देखिन्छ। गाउँबाट काठमाडौं लैजाने गाडी भाडा भन्दै उनीहरूले अभिभावकसँग २० देखि ५० हजार रुपैयाँसम्म उठाएको देखिन्छ। सौडोल महिला समाजको बालगृहबाट उद्धार भएकी एक बालिकाका



इन्फोग्राफिक्स : दीपेन्द्र कर्माचार्य

यौनहिंसाको जोखिम

दुर्गम गाउँबाट अभिभावकको सहमतिमा वा थाहा नदिई ल्याएर बालगृहमा राखिएका कैयौं बालबालिका यौनहिंसाको सिकार बनेको देखिन्छ। भक्तपुर ताथलीको बालगृहबाट उद्धार गरिएकी एक बालिका यौनहिंसाको सिकार बनेको खुलेको थियो। प्रगतिशील महिला समाज संस्थाअन्तर्गत रहेको वाईपीसी नामक संस्थाले बाफलमा चलाएको भनिएको बालगृहबाट ९ बालबालिका खोजतलास केन्द्र र परिषद्ले ९ जना बालबालिकालाई उद्धार गरेको थियो। जसमध्ये एक बालिकाले आफूहरूलाई एक कर्मचारीले यौनहिंसा गरेको बताएकी थिइन्।

उक्त बालगृहबाट कालिकोट, बर्दिया र कैलाली घर भएका बालबालिकाको उद्धार गरिएका थिए। जसमध्ये धेरैजसो माओवादी जनयुद्धमा संलग्न पूर्वघाइते छापामारका छोराछोरी पनि थिए। प्रहरीले बालबालिकामाथि यौनहिंसा गरेको भन्दै बालगृह चलाएका प्रताप रानालाई समेत पक्राउ गरेर बालयौन दुर्व्यवहारमा मुद्दा चलाएको थियो।

अभिभावकले हुम्ला रिप गाउँबाट कान्तिपुरसँग टेलिफोन कुराकानीमा आफूले ११ हजार रुपैयाँ गाडीभाडा भन्दै कल्पनाको साथमा छोरी जिम्मा लगाएर पठाएको बताइन्। श्रीमान्को मृत्यु भएपछि ५ छोरी हुर्काउन गाह्रो पररहेका बेला काठमाडौं लगेर पढाइदिने बताएपछि उनले कल्पनाको जिम्मा लगाएर पठाएकी थिइन्।

परिषद्का अधिकृत रामबहादुर चन्दका अनुसार बालगृहको नियमित अनुगमन र सुपरिवेक्षणबिना गाउँबाट बालबालिका ल्याउने र बिचल्ली पार्ने काममलाई कम गर्न सकिँदैन। चन्दका अनुसार यो आर्थिक वर्षमा मात्रै तीन सय बालगृहको अनुगमन गर्ने लक्ष्य राखिएको छ। साविकको केन्द्रीय बालकल्याण समितिले ०७३ मा प्रकाशित गरेको नेपालमा बालबालिकाको स्थिति नामक प्रतिवेदनमा केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समितिले आव ०७२/७३ मा जम्मा ४ सय १४ वटा बालगृहको स्थलगत अनुगमन गरेको थियो। जसमध्ये आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड अनुकूल नरहेका समस्याग्रस्त १० बालगृहबाट ७६ जना बालक र ६० जना बालिका गरी १ सय ३६ बालबालिकालाई उद्धार गरिएको उल्लेख छ। यो तथ्यांकले बुझाउँछ, बालगृहहरू नियमसंगत ढंगले नचल्ने, बालबालिकालाई कमाइखान भाँडो बनाएर उनीहरूमाथि विभिन्न प्रकारको शोषण गर्ने क्रम वर्षौंदेखि निरन्तर छ।

संसद्को महिला तथा सामाजिक समितिले पनि बालगृहमा रहेका बालबालिकाहरूको अवस्था दयनीय रहेको र तिनीहरूमाथि कडा निगरानी राख्नुपर्ने भन्दै सांसदहरूबीच छलफल चलाएको थियो। समितिले बालगृहहरूको अवस्था समेटेर सांसदलाई वितरण गरेको प्रतिवेदनमा ०६४ देखि ०७६ सम्म मात्रै नियमविपरीत सञ्चालनमा आएका ६४ बालगृह बन्द गरिएको र तिनबाट ८ सय ८० बालबालिकालाई उद्धार गरिएको तथ्य उल्लेख छ।

त्यसो त कमजोर सरकारी अनुगमनका कारण पनि अधिकांश बालगृहहरू बालबालिका शोषणको केन्द्र बन्ने गरेको देखिन्छ। काठमाडौंमा रहेका १ सय ९५ बालगृहमध्ये आव ०७५/७६ मा ३ वटा मात्रै र भक्तपुरका एक सय २१ मध्ये दुईवटा मात्रै नवीकरण भएका छन्। यो तथ्यांकले बालगृहहरू नियमअनुसार नवीकरण नभएको, आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड ०६९ अनुसार सञ्चालित नभएको देखाउँछ।

विगतमा जिल्ला प्रशासनमा दर्ता भएर केन्द्रीय बालकल्याण समितिबाट बालगृहले सञ्चालन अनुमति लिने व्यवस्था थियो। स्थानीय तह पुनःसंरचनापछि यस्तो अधिकार प्रदेश हुँदै गाउँपालिकाले पाएका छन्। तर बालबालिकासम्बन्धी ऐन ०७५ ले बालगृहको नवीकरणसम्बन्धी व्यवस्था नियमावली बमोजिम हुने व्यवस्था गरे पनि नियमावलीको अभावमा यस्तो काम ठप्पजस्तै भएको छ। परिषद्का अधिकृत रामबहादुर चन्दले भने, 'नियमावलीको अभावमा नवीकरणको काम रोकिएको छ र यसको फाइदा अवैध काम गर्नेहरूले उठाउने जोखिम झनै बढेको छ।'

स्थलगत अनुगमनमा अधिकांश बालगृहहरू व्यवस्थित तरिकाले सञ्चालन नभएको, बालबालिकालाई पर्याप्त पोषणयुक्त खानेकुरा दिने नगरिएको देखिन्छ। सौडोलस्थित बालगृहका बालबालिकालाई स्थानीय श्रीदेवी माविमा पढाउने व्यवस्था मिलाइए पनि बालबालिकाका निम्ति आधारभूत सुविधासम्म थिएन। परिषद्ले तयार पारेको स्थलगत अनुगमन प्रतिवेदनमा बालबालिकालाई पर्याप्त पोषणको व्यवस्था नगरिएको, घर कम्पाउन्ड नभएको र सुरक्षाका हिसाबले जोखिमपूर्ण रहेको, स्थानीय व्यक्तिसँग पटके मागेर दयनीय रूपमा गुजारा चलाइएको उल्लेख छ। प्रगतिशील महिला समाज संस्थाअन्तर्गत रहेको वाईपीसी नामक संस्थाले बाफलमा बालबालिका खोजतलास केन्द्रका अधिकारीहरू पुग्दा स-साना बालबालिका नुनसँग भात खाइरहेका देखिन्थे। केन्द्रका इन्स्पेक्टर मोहनविक्रम दाहालका अनुसार बालबालिकालाई पर्याप्त पोषणयुक्त खानेकुरा तालिका बनाएर खुवाइएको भेटिएन।

सरकारको 'जी टु जी' प्रयास...

अहिलेको हिसाबमा यो पासपोर्टले बढीमा १ वर्षको माग धान्न सक्छ। शुक्रबार रद्द भएको पासपोर्ट छपाइको बोलपत्र प्रावधानमा बोलपत्रमा 'अन्तिम छनोट भएको मितिले २४५ दिनमा ई-पासपोर्ट उत्पादन थाल्ने' भनिएको थियो।

सञ्चार तथा सूचना-प्रविधि मन्त्रालयअन्तर्गत सुरक्षण मुद्रण प्रेसका प्रमुख विकल पौडेलले नेपालमा सुरक्षा प्रेस स्थापनाको भौतिक तयारी भइसकेको अवस्थामा विदेशमा लगेर ५० लाख पासपोर्ट छाप्नुको औचित्य नरहेको बताए। 'सुरक्षण मुद्रणसम्बन्धी विधेयक मस्यौदा कानुन मन्त्रालयमा छ, यो फास्ट ट्रयाकबाट पारित हुँदै छ,' पौडेलले भने, 'बनेपाको आईटी पार्कमा सुरक्षण प्रेस स्थापना हुने टुंगो भइसकेको छ, फ्रेन्च 'इन-ग्रुप' कम्पनीसँग सुरक्षा प्रेस स्थापनामा प्राविधिक सहयोग लिने भन्ने समझदारी भइसकेको छ। यसबेला राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर ५० लाख पासपोर्ट विदेशमा छाप्ने बोलपत्र रद्द गरिएको हुन सक्छ।' उनले 'नेपालमा अहिले बर्सेनि बढीमा ८ लाख पासपोर्ट आवश्यक रहेको अवस्थामा तत्काल जति चाहिन्छ, त्यति मात्रै विदेशबाट छपाएर ल्याउन सकिने' जिकिरसमेत गरे।


पौडेलका अनुसार आईटी पार्कको जमिन सम्याउनेसम्मको बोलपत्र आह्वान भइसकेको र तदारुकतासाथ सुरक्षण प्रेस स्थापना गर्नेमा सरकारी प्राथमिकता देखिएको दाबी गरे। सुरक्षण प्रेस स्थापना गर्न झन्डै ३० अर्ब रुपैयाँ चाहिनेबारेको लागत पनि सार्वजनिक भइसकेको छ तर यो रकम विनियोजनबारे अर्थ मन्त्रालयले छलफलसम्म थालेको छैन। सुरक्षा प्रेस स्थापनापछि कागजी नोट, हुलाक टिकट, चेकबुक, अन्तशुल्क स्टिकरसहित सम्पूर्ण बायोमेट्रिक कागजात नेपालमै छाप्न सकिने अवस्था रहन्छ।

पूर्वसचिव एवं सार्वजनिक खरिद प्रक्रियाका विज्ञ कृष्ण देवकोटाले 'सार्वजनिक निकायले खरिदसम्बन्धी प्रक्रिया जुनै बेला पनि खारेज गर्न सक्ने भए पनि' अब कहिले सुरक्षा प्रेस स्थापना हुने हो र कहिले पासपोर्ट छापिन थाल्ने हो भन्ने विषय उत्तिकै टड्कारो रहेको प्रतिक्रिया दिए। २०६७ सालमा एमआरपी प्रक्रिया थाल्ने बेलामा तत्कालीन परराष्ट्रमन्त्री सुजाता कोइरालाले पासपोर्ट छपाइमा सरकारी तहबाट (जी टु जी) भारतबाट पासपोर्ट छापेर ल्याउने सहमति गरेपछि संसदीय समितिले यो निर्णय उल्ट्याएको थियो। त्यसपछि अन्तर्राष्ट्रिय बोलपत्र आह्वानमा फ्रान्सेली कम्पनी ओभरथर एमआरपी छपाइमा छनोट भएको थियो। ओभरथरले पहिलो चरणमा प्रतिएमआरपी ३ दशमलव ५९ डलर र दोस्रो चरणमा ५ दशमलव १३ डलर लागतमा छपाइ काम गरेको थियो।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन निकाय (आईकाओ) ले सन् २०२५ भित्र ई-पासपोर्ट प्रयोगमा ल्याउनुपर्ने निर्देशन जारी गरिसकेको छ। परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली स्वयं ई-पासपोर्ट कार्यान्वयनको तदारुकतामा लागिपरेका थिए। बोलपत्रका लागि विभिन्न १९ वटा अन्तर्राष्ट्रिय कम्पनीले प्रस्ताव लगेपनि फ्रान्स, जर्मनी, मलेशिया, अमेरिका, बेलायत, क्यानडा आदि मुलुकका ७ कम्पनी प्रतिस्पर्धामा आएका थिए।

'बायोमेट्रिक' राहदानीसमेत भनिने इ-पासपोर्ट अमेरिका, बेलायतसहित विश्वका करिब एक सय मुलुकमा प्रयोगमा आइसकेको छ। दक्षिण एसियामा भने भारत, बंगालादेशपछि नेपालले ई-पासपोर्ट प्रकृया अघि बढाएको हो। नेपालमा २०६७ पुसबाट सुरु भएको एआरपी पद्धतिमा अहिलेसम्म झन्डै ६१ लाख पासपोर्ट वितरण भइसकेको छ।

नेपालले आफ्नै सेक्युरिटी प्रेस ल्याउन लागेको छ



प्रदीप ज्ञवाली, परराष्ट्रमन्त्री

राहदानीको बोलपत्र किन र कसरी रद्द भयो ?

नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरेको हो। सबै विषय पछि तपाईंहरूलाई बताउँछौं।

बोलपत्र हाल्ने क्षमता नपुगेर वा उनीहरूमा केही समस्या भएर रद्द भएको हो ?

होइन। वास्तवमा नेपालले आफ्नै सेक्युरिटी प्रिन्टिङ प्रेस लिने प्रक्रिया निष्कर्षमा पुग्न लागेको छ। त्यसैले आफ्नै प्रेस हुने भएपछि हामी अलि फरक ढंगले जानुपर्ने भयो। त्यसैले त्यो संख्या (५० लाख) का लागि टेन्डर गरिराख्नुपर्दैन। त्यो प्रेस आउने भन्ने सोचले 'रिएडजस्ट' मात्र गरेको हो।

सेक्युरिटी प्रेस आउने अवस्था बनिसकेको छ र ?

हो। त्यसको सविस्तार पछि तपाईंहरूलाई स्पष्ट पार्नेछौं।

रद्द गर्दा सार्वजनिक खरिद कानुनको उल्लंघन हुँदैन ?

त्यस्तो हुँदैन किनभने प्रक्रिया नै सुरु भएको छैन।

बोलपत्रमा प्रस्ताव पठाउने कम्पनीले हामीसँग मुद्दामामिलामा गएर क्षतिपूर्ति माग्न सक्दैनन् ?

बिड भइसकेको स्थिति होइन। डिब भइसकेपछि बल्ल लिस्टहरू (छनोट भएका कम्पनी) आउने हो।

योजना सम्झौता गर्न वडामै नगरको टोली

हेटौंडा (कास)- मकवानपुरको एक स्थानीय तहले वडावडामा पुगेर उपभोक्ता समितिहरूसँग योजनाको सम्झौता गर्ने अभियान चलाएको छ। योजनाबारेमा स्थानीयलाई जानकारी गराउन र सम्झौता गर्न कार्यालय धाउन नपरोस् भन्ने उद्देश्यले थाहा नगरपालिकाले अभियान सञ्चालन गरेको हो।

'नगरपालिका कार्यालयमा आउन उपभोक्ताहरूलाई समय लाग्ने र योजनाका बारेमा सम्बन्धित सरोकारवालाले विस्तृत जानकारी नपाउने भएकाले वडावडामा पुगेर योजनाको सम्झौता गर्ने अभियान चलाइएको हो,' नगर प्रमुख लवशेर विष्टले भने, 'वडा/वडामा गएर योजनाको सम्झौता गरेपछि समयमा नै काम सुरु हुनुका साथै सम्पन्न हुने अपेक्षा गरेका छौं।' नगरपालिकाले ११ र १२ वडाबाट सुरु गरेको यो अभियान शुक्रबारसम्म ६ वटा वडामा सम्पन्न गरिसकेको छ। ७, ८, ९, १०, ११ र १२ वटा वडामा ४० वटा योजनाको सम्झौता भइसकेको नगरपालिकाका कार्यकारी अधिकृत हरिलाल पुरीले बताए।

असारे विकासलाई निरुत्साहित गर्नका लागि नगरपालिकाले चालू आर्थिक वर्षको फागुनसम्म सम्पूर्ण योजना सम्पन्न गरेर फरफारक गरिसक्नुपर्ने कार्यतालिका बनाएको छ। कार्यतालिकामा भदौ २० गतेसम्म उपभोक्ता समिति निर्माण गरिसक्नुपर्ने र उक्त समितिहरूलाई असोज १० गतेसम्म तालिम दिइसक्नुपर्ने समयावधि तोकिएको थियो। 'कार्तिक मसान्तसम्ममा योजनाहरूको सम्झौता गरिसक्नुपर्नेछ,' अधिकृत पुरीले भने, 'कार्यतालिकाअनुसार योजनाहरूको सम्झौता भइरहेको छ।'

नगरपालिकाको चालू आवमा ११६ वटा विकास निर्माणका योजना छन्। उक्त योजनामा करिब २२ करोड रुपैयाँ बजेट विनियोजन भएको छ। 'फागुन महिनासम्म नगरपालिकाको विकास निर्माणको काम मात्र होइन, शिक्षा, कृषि, स्वास्थ्य क्षेत्रका काम पनि सम्पन्न गर्ने कार्यतालिका बनाएका छौं,' मेयर विष्टले भने, 'देखाउन मात्र कार्यतालिका बनाइएको होइन, कार्यान्वयन गरेर छाड्छौं।'

भ्रमण वर्ष लक्षित गरी धमाधम नयाँ होटल

मकवानपुर (कास)- नेपाल भ्रमण वर्ष लक्षित गरेर मकवानपुरको उत्तरी क्षेत्रमा रहेको दामन-पालुङमा धमाधम नयाँ होटल खुल्न थालेका छन्। विशेषगरी विदेशबाट फर्किएका युवाहरूले होटलमा लगानी गरेको थाहानगर होटल एसोसिएसनका अध्यक्ष शिवकुमार खत्रीले बताए। दामन-पालुङ घुम्न आउने पर्यटकको संख्या बढ्न थालेपछि यहाँको होटल व्यवसाय फस्टाएको उनको भनाइ छ। 'यहाँका अधिकांश होटलले भौतिक पूर्वाधार निर्माणदेखि सेवा प्रवाहसम्मलाई नयाँपन दिन खोजेका छन्,' उनले भने।

अहिले दामन-पालुङ क्षेत्रमा घुम्न आउने तेस्रो मुलुकका पर्यटकको संख्या घटे पनि स्वदेशी भने बढेका छन्। 'विशेषगरी भारतीय पर्यटक बढी आउने गरेका छन्,' थाहा नगरपालिकाका मेयर लवशेर विष्टले भने। हाल दामन-पालुङ क्षेत्रमा सानाठूला गरी ६५ वटा होटल तथा लज सञ्चालनमा छन्।

प्रदेश ३ सरकारले त्यस क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गरे पनि भौतिक पूर्वाधारको काममा भने चासो नदेखाएको थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान बताउँछन्। प्रदेश सरकारले अघिल्लो वर्ष 'घुम्न जाऔं दामन' वर्ष घोषणा गरे पनि भौतिक पूर्वाधार निर्माण तथा प्रचारप्रसारका लागि केही काम नगरेको स्थानीय व्यवसायीको गुनासो छ।

दामनबाट १५ वटाभन्दा बढी हिमाल देखिन्छन्। हिमाल हेर्न सहज होस् भनेर भ्युटावरसमेत निर्माण गरिएको छ।



नगरकोटको कात्तिकेबाट देखिएको मनोरम फाँट। मौसम खुलेका बेला देखिने यस्ता दृश्यले पर्यटक पुलकित हुने गरेका छन्। *तस्बिर : दीपक केसी/कान्तिपुर*

प्रदेश मातहत जग्गा नहुँदा निर्माण प्रभावित

मकवानपुर (कास)- सार्वजनिक जग्गा प्रदेश सरकार मातहत नहुँदा विकास निर्माणको काममा बाधा पुगेको छ। प्रदेश सरकारले घोषणा गरेको विभिन्न बहुवर्षे योजना सार्वजनिक जग्गा प्रदेश सरकार मातहतमा नहुँदा अगाडि बढ्न नसकेको गुनासो आएको हो। प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा निर्माण गर्ने घोषणा गरेको एकीकृत बस्ती, प्रत्येक स्थानीय तहमा शान्ति पार्क, अटो भिलेज, कोल्ड स्टोर, सशस्त्र प्रहरीको बाहिनी भवन तथा अन्य भौतिक पूर्वाधार निर्माण प्रदेश सरकार मातहतमा जग्गा नहुँदा प्रभावित भएको छ।

एकीकृत बस्ती निर्माणका लागि प्रदेश सरकारले गतवर्ष विनियोजन गरेको २१ करोड रुपैयाँ र प्रत्येक स्थानीय तहमा शान्ति निर्माणका लागि विनियोजित दुई करोड रुपैयाँमध्ये एक करोड ४० रुपैयाँ बजेट फ्रिज भएको छ। शान्ति पार्कका लागि यस वर्ष पनि १० करोड रुपैयाँ विनियोजन गरिएको छ। प्रदेशको मुकाममा निर्माण हुनुपर्ने सशस्त्र प्रहरीको बाहिनी भवन निर्माण कार्यसमेत आवश्यक जग्गा उपलब्ध नहुँदा योजनामै सीमित भइरहेको छ। प्रदेश ३ को राजधानी हेटौंडा बजार क्षेत्रबाट हटाएर यातायातका सवारी मर्मत गर्ने स्थान एकीकृत 'अटो भिलेज' निर्माण गर्ने घोषणा भए पनि जग्गाको अभावमा त्यो काम अगाडि बढ्न सकेको छैन। प्रदेशले विभिन्न कार्यक्रम घोषणा गरे पनि सार्वजनिक जग्गा प्रदेश मातहतमा नहुँदा भौतिक पूर्वाधार निर्माणमा जटिलता उत्पन्न भएको छ

प्रदेशले विभिन्न कार्यक्रम घोषणा गरे पनि सार्वजनिक जग्गा आफू मातहत नहुँदा भौतिक पूर्वाधार निर्माणमा जटिलता उत्पन्न भएको छ

निर्माणमा जटिल समस्या सिर्जना भइरहेको प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौडेलले बताए। भौतिक पूर्वाधार निर्माणका लागि प्रदेशका विभिन्न मन्त्रालयले स्थानीय तहसँगको साझेदारी गरेर कार्यविधि बनाए पनि कार्यान्वयनमा जान सकेका छैनौं,' उनले भने, 'संघीय सरकारमार्फत् जग्गा प्राप्ति प्रक्रिया झन्झटिलो हुँदा धेरै काम प्रभावित भएका छन्।' एकीकृत बस्ती होस् वा प्रदेश-३ को सबै स्थानीय तहमा शान्तिपार्क बनाउने योजना, सबै प्रक्रिया सकिँदा पनि जग्गा प्राप्त भएको छैन। प्रदेश सरकारले यस विषयमा निर्णय गरिदिन संघीय सरकारलाई आग्रह गरे पनि निर्णय नहुँदा समस्या भइरहेको मुख्यमन्त्री पौडेलले बताए।

प्रदेश वा स्थानीय तहले निर्माण गर्ने भौतिक पूर्वाधारका लागि सार्वजनिक जग्गा चाहिने र त्यस्ता जग्गा वनसँग जोडिएकाले निर्माण कार्यमा समस्या भइरहेको प्रदेश ३ का आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेल बताउँछन्। 'सार्वजनिक जग्गाहरू सबै वनको नाममा रहेका छन्। त्यस्ता जग्गालाई प्रदेश वा स्थानीय तह मातहत ल्याउन धेरै समस्या रहेको छ। प्रक्रिया झन्झटिलो र लामो पनि छ। जसले गर्दा बर्सौंनि बजेट फ्रिज भइरहेका छन्,' मन्त्री जम्मकट्टेलले भने। अब बन्ने भौतिक पूर्वाधार सामुदायिक वनकै कार्यविधिमा उल्लेख गरेर प्रदेश सरकारले लगानी गर्ने तयारी गरिरहेको उनले बताए।

स्थानीय तहका प्रमुखहरूले पर्याप्त जग्गा नभएकाले आवश्यकताअनुसार भौतिक पूर्वाधार विकास गर्न विभिन्न समस्या भोगिरहेको गुनासो आए पनि समाधानमा पहल गर्न नसकिएको मन्त्री जम्मकट्टेलको गुनासो छ। 'स्थानीय तहले जग्गा खरिदका लागि बजेट छुट्याए पनि महँगो भएका कारण नसकेको गुनासो हामीलाई आउने गरेको छ। कतिपय स्थानीय तहले पूर्वाधार निर्माण गर्नका लागि उपयुक्त सार्वजनिक जग्गा नहुँदा उचित स्थानमा जग्गा किन सक्ने वातावरण तयार बनाइदिन हामीलाई आग्रह गर्ने गरेका छन्,' उनले भने, 'हामीले त्यसका लागि खासै सहयोग गर्न सकेका छैनौं।'

नारायणी पुलबाट बारम्बार आत्महत्या

जेठयता पुलबाट हामफालेर हरेक महिनाजसो आत्महत्याका घटना हुने गरेका छन्। पुलको बार होचो भएकाले स्थानीय युवाले तारजालीको छेकबार राख्न माग गर्दै आएका छन्।

■ रमेशकुमार पौडेल (चितवन)

कात्तिक १० गते तिहारको रौनक उत्कर्षमा थियो। साढे ४ बजेतिर नारायणी पुलबाट दुईजना व्यक्ति नदीमा हाम फालेको खबर फैलियो। वडा प्रहरी कार्यालय नारायणगढका प्रहरी निरीक्षक रविनबाबु रेग्मीका अनुसार पुलबाट हामफाल्ने ३०/३५ वर्षका व्यक्तिमात्रै मृत फेला परे। अर्का अझै बेपत्ता छन्। सँगै हामफालेका व्यक्तिहरू बाबुछोरा भएको स्थानीयको अनुमान छ। चितवन जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक (एसपी) दानबहादुर मल्लका अनुसार मृत फेला परेका व्यक्तिको पनि अझैसम्म नाम ठेगाना खुल्न सकेको छैन। फेला परेको शव भरतपुर अस्पतालमा राखिएको छ।

घटनाको भोलिपल्ट भरतपुरका श्रीप्रसाद दवाडीले फेसबुकमा 'नारायणी पुलमा मेस जाली हाल्नुपर्‍यो' भन्ने सन्देशसहितको स्टाटस लेखे। त्यसयता पनि उक्त पुलबाट हाम फालेर थप एकजनाको ज्यान गइसकेको छ।

प्रहरीबाट प्राप्त जानकारीअनुसार जेठयता सो पुलबाट हामफालेर हरेक महिनाजसो आत्महत्याका घटना हुने गरेका छन्। देशको मुख्य ठूला तीन नदीमध्येको नारायणीमा बनेको पाँच सय मिटर लामो पुलको बार भने खासै अग्लो छैन। त्यसैले मान्छेहरू हामफालेर नदीमा बिलाइरहेका छन्।

चार महिनामा पाँचको आत्महत्या

तिहारपछि पनि कात्तिक २० गते एकजना व्यक्ति पुलबाट हामफाले। उनलाई गम्भीर अवस्थामा उद्धार गरियो। तर, उपचारका क्रममा उनलाई बचाउन सकिएन। यो घटनासहित साउनयता मात्रै नारायणी पुलबाट नदीमा हामफाल्नेको संख्या पाँच पुगेको छ। चितवन जिल्ला प्रहरी कार्यालयका अनुसार भदौमा भने यसखालको घटना भएन। साउनमा एक र असोजमा एकजनाले नदीबाट हामफालेको कार्यालयका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक (डीएसपी) एकनारायण कोइरालाले बताए।

साउन २५ मा कृष्णमाया तामाङ नाम गरेकी महिला नारायणी नदीको पुलबाट हामफालेकी थिइन्। त्यसपछि असोज १ गते भरतपुरका उदार पौडेलले त्यही बाटो रोजे। यस्तो घटना यो आर्थिक वर्षको मात्रै होइन। जेठ र असारमा पनि पुलबाट नदीमा हामफालेका घटना प्रहरी रेकर्डमा छ। त्यसबेला दुई महिलाले आत्महत्या गरेका थिए।

जेठ ३१ गते स्कुटरको पछाडि बसेर गैंडाकोटतर्फबाट नारायणगढ आउँदै गरेकी युवती स्कुटरबाट झरेर पुलदेखि नदीमा हामफालिन्। पूर्वी चितवन वीरेन्द्रनगरकी कविता सापकोटाले त्यसरी आत्महत्या गरेको पाँच दिन नहुँदै त्यस्तै घटना दोहोरियो। असार ५ गते पश्चिम चितवन पार्वतीपुरकी विमला कुमालले पनि आत्महत्याका लागि नारायणी नदी रोजिन्।

चैन सुरक्षा प्रबन्ध

नारायणी पुलको बार होचो छ। 'कि पुलको बार अग्लो हुनुपर्‍यो। वा त्यहाँबाट खसेको मान्छे सिधै नदीमा नखस्ने जाली राख्नुपर्‍यो,' चितवनका एसपी दानबहादुर मल्लले भने। सडक विभाग वा स्थानीय निकायले यसबारेमा योजना बनाउनुपर्ने उनको सुझाव छ। केही वर्षअघि पुलको आडमा सशस्त्र प्रहरीको उद्धार टोली बस्यो तर अहिले त्यो पनि छैन।

चार वर्षअघि ०७२ सालको असार १७ मा भरतपुर-१ रामनगरको एउटा तन्दुरी रेस्टुरेन्टमा काम गर्ने ३७ वर्षका व्यक्ति नारायणी पुलबाट हामफाले। तर, तत्कालै सशस्त्र प्रहरीको टोलीले उद्धार गरेको थियो। ०७१ पुस २९ मा सशस्त्र प्रहरीको उद्धार युनिट बसेपछि जीवितै उद्धारका यस्ता घटना अरू पनि भएका थिए। तर, अहिले मान्छे हामफालेपछि नदीमा भेल भएका बेला शव भेटिन्न।

सशस्त्र प्रहरीको कुरिनटारमा रहेको विपद् व्यवस्थापन तालिम शिक्षालयका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) किशोर प्रधान नारायणगढको पुलचोक र फेवातालमा उद्धार टोली तैनाथ गरेको बताउँछन्। 'अहिले त्यहाँको पोस्टमा उद्धारकहरू भए/नभएको के रहेछ म बुझ्छु। नभए टोली खटाउने व्यवस्था गर्छु' एसएसपी प्रधानले भने।

छेकबार राख्न माग

भरतपुरका युवाहरूले पुलमा तारजालीको छेकबार राख्न माग गर्दै आएका छन्। भरतपुर महानगर युवा सञ्जालको नेतृत्वमा भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहाललाई कात्तिक १८ गते ज्ञापनपत्र बुझाएको छ। सञ्जालले गैंडाकोट नगरपालिकाका मेयर छत्रराज पौडेललाई पनि ज्ञापनपत्र बुझायो। पुलबाट बारम्बार आत्महत्याका घटना हुन थालेपछि स्थानीय सरकार गम्भीर हुनुपर्ने सञ्जालको माग छ।

'पुलबाटै आत्महत्याका घटना बढ्न थालेको कुराले गम्भीर बनाएको छ। सजिलै हामफाल्न सकिने अवस्था जुन छ, त्यसलाई रोक्न के गर्न सकिन्छ प्राविधिकहरू लगाएर अध्ययन गर्ने योजना छ,' मेयर दाहालले भनिन्। गैंडाकोट नगरपालिका र सडक कार्यालयसँग पनि समन्वय गरेर काम गर्ने उनको भनाइ छ।



गैंडाकोट र नारायणगढ जोड्ने नारायणी पुल। पछिल्लो समय हरेक महिनाजसो यही पुलबाट नदीमा हामफालेर आत्महत्याका घटना हुने गरेका छन्। *फाइल तस्बिर : कान्तिपुर*

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कात्तिक २४ गते आइतबार तदनुरुप १० नोभेम्बर २०१९ कार्तिक शुक्लपक्ष त्रयोदशी तिथि दिनको ४:२० बजेसम्म उप्रान्त चतुर्दशी तिथि, रेवती नक्षत्र साँझको ०६:०७ बजेसम्म उप्रान्त अश्विनी नक्षत्र, वज्र योग दिनको १२:२१ बजेसम्म उप्रान्त सिद्धि योग, तैतिल करण दिनको ०४:२० बजेसम्म उप्रान्त गर करण, मीन राशिमा चन्द्रमा साँझको ०६:०७ बजेसम्म उप्रान्त मेष राशिमा। ज्यो. रामप्रसाद सिटौला

ENJOY DOLBY ATMOS SOUND
BIG Movies
NOW SHOWING
BALA : 8:30 AM, 12:00 PM, 2:45 PM, 5:30 PM, 8:15 PM
GHAMAD SHERE : 8:45 AM, 11:30 AM, 2:15 PM, 5:00 PM, 7:45 PM
HOUSEFULL 4 : 9:00 AM, 7:00 PM
LAST CHRISTMAS : 11:15 AM
KABADDI KABADDI KABADDI : 1:30 PM
CHA MAYA CHAPAKKAI : 4:00 PM
4011643/45, 01-2112233
NLIC City Centre Kamalpokhari, Kathmandu
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays
At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

BG Mall
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME
MOVIES | ATMOS 1 | ATMOS 2
Ghamad Shere | 8:00am | 7:30pm | 2:00pm
Bala | 1:30pm | 8:30am 8:00pm
Jivan Kanda Ki Phool | | 11:30am
Last Christmas | 11:00am |
Housefull 4 | 4:30pm |
Cha Maya Chhapakkai | | 5:00pm
SUPER 2 DAYS TUESDAY & WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time
8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
Guna Cinema P. Ltd.
A FILM BY HEM RAJ BC
घामड शेरे
CINEMAS
• Housefull 4 • War • बादशाह जुट
• लक्ष्मी रानी • छ माया छपक्कै
• पोइ पर्‍यो काले • कबड्डी कबड्डी कबड्डी
• Ghamard Shere • Kabaddi3
• Poi Paryo Kale • Housefull 4
• Chha maya chhapakai • Bala
• Jiban Kanda ki Phool

तपाईंको आज

मेष	अधिक खर्च	तुला	आलोचित हुने
वृष	नयाँ कार्य आरम्भ	वृश्चिक	मनोकांक्षा पूर्ण
मिथुन	कार्य सिद्धि	धनु	कान्ति क्षय
कर्कट	धर्म बढ्ने	मकर	शत्रु परास्त
सिंह	अपव्यय	कुम्भ	अपेक्षित लाभ
कन्या	प्रतिष्ठा प्राप्त	मीन	उत्साहप्रद

कान्तिपुर टेलिभिजन

५:००	मक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
३:००	कान्तिपुर समाचार
३:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज टु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सैंजा खाउन
१०:००	हियर्ज टु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	हियर्ज टु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोटेड
४:००	आउन मर्सैंजा खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, मैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (मूपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (ग्रिर्चका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
१६:०५	विवक फिक्स (रिमता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्यूजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साग्रारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (थिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२०५३४४
वीर अस्पताल	४२२१७८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१५५५०
प्रसूति गृह	४२५३०७६
टेकु अस्पताल	४२५३३७६
पाटन अस्पताल	५५२२७७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२०/४३७१३७४
मानसिक अस्पताल	५५२७३३३
नेपाल आँखा बैंक	४४०३४८४
नेपाल आँखा अस्पताल	४२५०६७९
तिलगंगा आँखा अस्पताल	४४०३४८४
नेपाल अर्थोपेडिक अस्पताल	४२७१०२५
मक्तपुर अस्पताल	६६५०६०६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२७१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६५५२
काठमाडौं मोडेल अस्पताल	४२४०८७४/६
नेपाल मेडिसिटी अस्पताल	९९३४/४२७०६५५/४२७०५५५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर मेरानल अस्पताल	४५६०८६०
मेडीकेयर मेरानल अस्पताल (धरबुलेन्स)	४५६०८६०
कान्तिपुर हस्पिटल	४१११२५७/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२२५
नर्भिक, थापाथली	४२५८५५४
क्योक्षा अस्पताल (प्रा.) लि.	४२८६१२८/४२८१६६६
लाइफ केयर अस्पताल	४२२७०३५
तितेरी अस्पताल	६६३१०३६/६६३४०१६
क्याथिटल हस्पिटल (प्रा.) लि.	४२६४०२२
मक्तपुर रेकर्डस	६६१२२६६
नेशनल किहनी सेन्टर	४३६३४५२/४३६०८८२
नेपाल मेडिसिटी	४२५७०५५/४२५७०६६
मानसिक अस्पताल	४४८०५७०
हुयान्स अस्पताल	४३७०४०४/४३७०५०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३४५३७०/४३८१०६२
ओर्सा अस्पताल र रिसर्च इन्टिरच्युट	४२५८५४२/४२५८५४१
मनमोहन मेमोरियल अस्पताल	४४१५०४/४४२०८२३
अरोरा अस्पताल प्रा.लि.	४४०४०६८/४४८२८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६२९२१४४
जनमैत्री हस्पिटल	४३६६३०१-०५
मध्यपुर अस्पताल	०१-५०२३३८८/५०२३३०५/५०२३३०२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५२०/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६१३८२/४२२९०६४/४२६२९२३
हेल्थिप हेल्थ्स सामुदायिक अस्पताल	४४०३५५८/४४००६१५
शहीद मेमोरियल अस्पताल	४४०२२३८/०१४२०८६०२
स्पार्क हेल्थ होम अस्पताल	४२७३०२४/४२७०२२३
ओम समाज अस्पताल	४३२३५२२
स्टार अस्पताल	५५५०२९६/५५५०९८/५५५२२७
अल्का अस्पताल	५५५५५५५
नाजारिक सामुदायिक अस्पताल	६६३७०००/४६३२१८४
हिमाल अस्पताल/धरबुलेन्स	४४५५०६६/४४२९६०२
स्पाइनल इन्जरी पुनस्थापना केन्द्र	०१५-६६०८४०/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तराष्ट्रिय मैत्री बाल अस्पताल	४४१९१३८/४४५५४५१
बी.पी. स्मृति अस्पताल	४३८७०२४/४३८७०२६
सुमेरु अस्पताल	४२७५३७०/४२७५०८८/२२
वेलकेयर हस्पिटल	४४२६१३५/४४२६१८४
धनौरेष्ट हस्पिटल	४४८२२०४/४४८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५४४/४२२६७३०
ग्रान्डी इन्टरनेशनल हस्पिटल	५१५२२६६/५१५२२६०
ग्रिन सिटी हस्पिटल	४३५२२४८/४३५०४५२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८९३४/४२८५३५५
कान्तिपुर जनरल हस्पिटल	४३८५१२०/४३८५०१९
निःशुल्क होमियो दातव्य	४२५५४०/४२५५४१
दीर्घचुि गुरु हस्पिटल	४४६२५२३/९८४४८५५४०
गणेशमान सिंह मेमोरियल अस्पताल	०१-५५३०८८४/५५२३४२०
	५५४४३४४/५५५५८४४
ॐ समाज डेण्टल हस्पिटल	०१-४४०३४४४/४४८०८८०

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२५४/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२४२०७
जिल्ला प्रहरी (मक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सच्च साई निःशुल्क धरबुलेन्स/शववाहन	४४२८०३५
सुमेरु धरबुलेन्स सेवा	०१ ५५५५५५०,९०५५०४६५५०
परोपकार धरबुलेन्स सेवा	४२६०८५०
बिशालबजार धरबुलेन्स सेवा	४२४४१२१
रेडक्रस धरबुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस धरबुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३००१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९०
देव कर्मर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२६८०८६
नेपाल मिटर ट्यावर्सी संघ	४२२६३७४

कान्तिपुर सम्पर्क

जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

‘मन्दिर ठडियो, शोभा हरायो’

चाँगुनारायण परिसरको क्षतिग्रस्त संरचनाको बेवास्ता गर्दै शुक्रबार दर्शनार्थीले घन्टौ लाइन बसेर दर्शन गरे । पुनर्निर्माणमा ढिलाइ हुँदा चौघेरा सत्तल अस्तव्यस्त छ

■ **लीला श्रेष्ठ र सीमा तामाङ** (भक्तपुर)

कतै पुनर्निर्माणका लागि भत्काइएका गारो, कतै जस्ताको छानाको भरमा अडिएको जीर्ण सत्तल । क्षतिग्रस्त चौघेरा सत्तलबीच उभिएको छ, चाँगुनारायण मन्दिर । शुक्रबार हरिबोधिनी एकादशीका दिन चाँगुनारायण मन्दिरमा विशेष भिड लाग्यो । मन्दिर परिसरको क्षतिग्रस्त संरचनाको बेवास्ता गर्दै दर्शनार्थीले घन्टौं लाइन बसेर चाँगुनारायणको दर्शन गरे ।

‘चार वर्षअघि आउँदा जस्तो थियो, क्षतिग्रस्त संरचना अहिले नि उस्तै,’ कागेश्वरी मनोहरा ब्रह्मखेलकी राजकेशरी खड्काले भनिन्, ‘मन्दिर त बनेछ, वरिपरिको क्षतिग्रस्त सत्तलले मन खल्लो बनायो ।’ मन्दिर ठडिए पनि परिसरको अस्तव्यस्त संरचनाले विश्व सम्पदामा सूचीकृत प्राचीन चाँगुनारायणको शोभा नदेखिएको उनले गुनासो गरिन् ।

चाँगुनारायणसँग जोडिएको संरचना संरक्षणमा सरोकारवाला निकायले विशेष पहल गर्नुपर्ने दर्शनार्थीको सुझाव छ । ‘मन्दिरको प्रवेशद्वारदेखि नै अव्यवस्थित छ,’ ललितपुर गोदावरीका आकाश कार्कीले भने, ‘यो आन्तरिक तथा बाह्य पर्यटकको केन्द्रप्रतिको बेवास्ता हो । दर्शनार्थीका लागि एकछिन अडिन सक्ने ठाउँ छैन । धराप सत्तलको भग्नावशेषसमेत हटाइएको छैन ।’ बसपार्क, शौचालय, मन्दिरको सिँढी व्यवस्थापनमा नगरपालिकालगायत संरक्षणमा लाग्नुपर्ने उनको सुझाव छ ।

०७२ वैशाखको भूकम्पले जीर्ण बनेको चाँगुनारायण, किलेश्वर महादेव मन्दिरले भने दुई वर्षमै मुहार फेऱ्यो । तर, चौघेरा सत्तल बेवास्तामा पऱ्यो । पुरातत्त्व विभाग भक्तपुरका प्रमुख मोहन सिं लामाले भने सत्तल पुनर्निर्माण सुरु भइसकेको बताए । विभागका अनुसार सत्तल पुनर्निर्माणका लागि ०७५ माघ २ मा लुम्बिनी/सानु सुवाल/पवन जेभीसँग सम्झौता भएको हो । उत्तर पश्चिम र पश्चिमतर्फको पाटीमध्ये मूल पूजारीको सामान राख्ने सत्तलबाहेक क्षतिग्रस्त संरचना भत्काउने कार्य भएको उनले बताए ।

‘मूल पूजारीको पूजा सामग्री राख्ने ठाउँ अभावमा चरणबद्ध किसिमबाट पुनर्निर्माण गर्ने तयारी भएको छ,’ उनले भने । मन्दिरको उत्तर पश्चिमतर्फ भने भूक्षय हुन सक्ने जोखिम रहेकाले टेको पर्खाल (रिटेनिङ वाल) को कार्यपछि मात्र सत्तल पुनर्निर्माण गर्नुपर्ने देखिएको प्रमुख लामा बताउँछन् । सत्तल निर्माणका लागि पुरातत्त्व विभागले सुरुमा २४ करोड रुपैयाँ लागत अनुमान गरेको थियो । बोलपत्र प्रक्रियामा जाँदा निर्माण कम्पनीसँग करसहित १६ करोड ७६ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको लामाले बताए । ०७८ असार १५ भित्र चाँगुनारायण मन्दिर परिसरको चौघेरा सत्तल निर्माण गरिसक्ने लक्ष्यसहित निर्माण कम्पनीसँग सम्झौता भएको छ । सत्तल पुनर्निर्माणका लागि निर्माण सामग्री ओसारपोसारमा समेत समस्या देखिएको कार्यालयले जनाएको छ ।

‘निर्माण सामग्री मन्दिर परिसर पुऱ्याउन नयाँ प्रविधि अपनाउन खोजे पनि सफल भएन,’ लामाले भने । सत्तल पुनर्निर्माणका लागि कलात्मक झ्याल, ढोका आवश्यक पर्ने र पर्याप्त काठको अभावका कारण पनि समयमा काम हुन नसकेको पुरातत्त्व विभागले जनाएको छ ।



विश्वसम्पदामा सूचीकृत प्राचीन चाँगुनारायण मन्दिरमा हरिबोधिनी एकादशीको अवसरमा शुक्रबार लागेको दर्शनार्थीको भीड । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

चार नारायणमा दर्शनार्थीको भीड

भगवान् विष्णुको पूजा, आराधना, भजन कीर्तन र व्रत बसी तुलसीको बिहे गरी मुलुकभर शुक्रबार हरिबोधनी एकादशी मनाइएको छ । भगवान् विष्णु जागा भएको अवसरमा विशेषगरी चाँगुनारायण, इचंगुनारायण, विशंखुनारायण र शेषनारायणमा भक्तजनहरूले पूजाअर्चना गर्ने प्रचलन छ । चार नारायण पुग्न नसक्ने भक्तजनहरू राजधानीको चिकंमुगलमा अटकनारायण, ब्रह्मटोलमा बन्देनारायण र उपत्यकाको उत्तरी भेगस्थित बूढानीलकण्ठ नारायणस्थानमा गई पूजाआजा एवं दर्शन गर्छन् । बूढानीलकण्ठमा हरि र हर अर्थात् विष्णु एवं शिवको मूर्ति एउटै ठूलो ढुंगामा स्थापना गरिएको छ ।

‘ठूलो एकादशीमा बुढानीलकण्ठको दर्शन गर्न पाउनु नै अहोभाग्य हो,’ बनेपाका मनोरथ तिमल्सिनाले भने, ‘हरेक वर्ष एकादशी मेलामा आउने गरेको छु ।’ सुकेधाराकी पिकीं शाह र कपनकी सुनिता न्यौपानेले भने मन्दिरमा लाइन देखेर बाहिरबाटै पूजा गरे । ‘यत्रो लाइन छ, कसरी मन्दिर पस्न सकिएला र,’ शाहले भनिन्, ‘दर्शन गर्न पाउनु नै ठूलो कुरा हो, मन्दिर नै पस्नुपर्छ भन्ने छैन ।’

विहीबार मध्यरातदेखि नै भक्तजनहरू लाइन बसे पनि १ बजेदेखि मन्दिरको ढोका खोलिएको श्री १ हजार ८ स्वामी निगमानन्द महाराजले बताए । ‘८ वर्षको अन्तरालमा यस वर्ष भक्तजनको अधिक भीड देखियो,’ उनले भने । कार्तिक महिनाभरि दर्शनार्थीहरू आउने भए पनि हरिबोधिनी एकादशीदेखि पूर्णिमासम्म भक्तजनको भीड हुने बूढानीलकण्ठ मेला सञ्चालन समितिका संयोजक तथा ३ नम्बरका वडाध्यक्ष बालकृष्ण श्रेष्ठले बताए ।

आज मानव साङ्लोले टुँडिखेल घेर्दै

■ **दामोदर न्यौपाने** (काठमाडौं)

कक्षा ८ मा पढ्ने सितास्मा राम्जेत धिमेबाजा बजाउँदै वसन्तपुरको तल्लो सहर (दक्षिण कोलिग्राम) का बस्तीबस्ती घुमिन् । ११ मा पढ्ने मुकान स्थापित पनि भुस्या बाजा बजाउँदै टोल परिक्रमा गरे । भुस्या र धिमे बोकेका युवायुवतीदेखि बालबालिकासम्मको समूहले बिहीबार र शुक्रबार प्राचीन सहर संगीतमय बनाए । सांस्कृतिक बाजा व्यवस्थापन गर्ने दुलाक्षी परिवार क्लबका अध्यक्ष श्याम महर्जनले भने, ‘अकुपाई टुँडिखेल अभियानलाई सफल बनाउन आह्वान गर्दै हामीले बस्तीलाई उत्सवमय बनाएका छौं ।’ इन्द्रजात्रा र सेतो मत्स्येन्द्रनाथ लगायतको रथयात्रा गर्ने रुट प्रयोग गरी बाजागाजासहित सन्देश दिइएको सम्पदा संरक्षण अभियन्ता गणपतिलाल श्रेष्ठले बताए ।

फेरा धिमेबाजा खलका अनुप श्रेष्ठ खुला ठाउँमा नेवार बस्तीको सम्बन्ध जोडिएकाले हामी पनि सहभागी छौं है भनेर सन्देश दिन टोलटोल घुमेको बताउँछन् । ‘बाजाले संस्कृति जोगाउँछ,’ उनले भने, ‘टुँडिखेल पनि हाम्रो संस्कृति हो । शनिबार हुने कार्यक्रममा पनि नेवारी बाजा घन्काउँछौं ।’

अभियानका नाममा राजनीति : मेयर शाक्य

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले ‘अकुपाई टुँडिखेल’ अभियानलाई राजनीतिक रङको संज्ञा दिएका छन् । शंखधर दिवसको अवसर पारेर विष्णुमती किनारामा निर्माणधीन पार्कमा आयोजित कार्यक्रममा मेयर शाक्यले भने, ‘यो अभियानलाई राजनीतिक स्वार्थ पूरा गर्ने अस्त्र बनाउनु हुँदैन ।’

अभियानमा सहभागी हुन सम्पदा संरक्षण अभियानले निम्ता दिन खोजे पनि मेयर शाक्यले समय दिएनन् । ‘हामीले भेट्न खोज्यौं, भेट दिनुभएन । फोन गऱ्यौं, फोन पनि उठाउनुभएन,’ अकुपाई टुँडिखेलका संयोजक विजय श्रेष्ठले भने । मेयर शाक्यले भेट नदिएपछि उनीहरूले यही कार्यक्रमस्थलमा गएर निम्ता दिएका थिए । निम्ता ग्रहण गरेपछि मेयर शाक्यले मञ्चबाट राजनीतिक रङ नदिन आग्रह गरे । ‘टुँडिखेल खोल्नुपर्छ भन्ने मागमा महानगर सकारात्मक छ । खुलामञ्चमा चिनियाँ ठेकेदार केही समयलाई बसेका हुन् । उनीहरूले छाड्छन्,’ उनले भने, ‘महानगरको संस्कृति जोगाउने दायित्व महानगरको पनि हो । तर, अभियानको नाममा राजनीतिक उद्देश्य पूरा गर्ने र जस लिने काम गर्नु हुँदैन ।’

जनताको अभियान हो, सहभागी हुन्छु : उममेयर खड्गी

मेयर शाक्यले राजनीतिक रङ दिन नहुने अभिव्यक्ति दिएलगत्तै उपमेयर हरिप्रभा खड्गी श्रेष्ठले भने अभियान राजनीतिसँग नजोडिएको बताइन् । जनताको अभियान भएकाले जनतालाई साथ दिनुपर्ने उनले भनाइ थियो । ‘टुँडिखेल अतिक्रमण भएकै हो । हामी जनतासाथै चुनिएकाले उनीहरूले हाम्रो साथ खोजेका छन् । जनताले बोलाएको ठाउँमा म सहभागी हुन्छु,’ खड्गीले भनिन्, ‘ममात्र होइन, मैले अरूलाई पनि सहभागी हुन आह्वान गरेकी छु ।’

आज मानव साङ्लोले टुँडिखेल घेर्ने

टुँडिखेल अतिक्रमणको चपेटामा परेपछि खुला राख्न दबाब दिन अभियानले आज मानव साङ्लोले टुँडिखेल घेर्दै कार्यक्रम तय गरेको छ ।

खुलामञ्चमा अस्थायी बसपार्क छ भने अनधिकृत पसलहरू सञ्चालनमा छन् । यहीं निर्माण सामग्री राखिएको छ, कामदारको अस्थायी बसोबास छ । सेनाले विभिन्न भौतिक संरचना पनि टुँडिखेल क्षेत्रभित्रै विस्तार गरिरहेको छ । ‘विश्व स्वतन्त्रता दिवसको अवसरमा शनिबार टुँडिखेल मानव साङ्लोले घेर्ने कार्यक्रम राखेका हौं,’ अभियन्ता आलोकसिद्धि तुलाधरले भने, ‘यो अभियानले अरू ठाउँका पनि खुला क्षेत्र जोगाउन जागरण ल्याउनेछ ।’



दाइजो हैन, शिक्षा



मधु राई

केस्थानीय, के राष्ट्रिय, गत असोज महिना उपर्युक्त शीर्षकका समाचारले विराटनगरवासीको ध्यानाकर्षण गरायो । विराटनगर-११ निवासी उमा सहनीकी नातिनी रञ्जना सहनीको विहारको अररिया ताकियाका भीम बहरदारसँग आठ महिनाअघि मागी विवाह भएको थियो । विवाहमा थोरै दाइजो दिएको भन्दै पटक-पटक रञ्जनालाई मानसिक र शारीरिक यातना दिइयो । आर्थिक अवस्था कमजोर भए पनि बिहेताका तिलकस्वरुप ज्वाइँलाई रु. १ लाख ७० हजार दिए भने केही समय अघिमात्रै पुनः मोटरसाइकल किनिदिएका थिए, सहनी परिवारले । त्यसपछि पुनः पसल सञ्चालन गर्ने भन्दै दुई लाख नगद माग गर्दै आएका बहरदार परिवारले पन्ध्र दिनअघि उक्त रकम उपलब्ध नगराए छोरीको हत्या गर्ने भनी खबर पठाएका थिए । उनीहरूको माग पूरा नभएपछि बहरदार परिवारले रञ्जनाको हत्या गरी घरदेखि करिब एक

आफै पनि छोरानातिको बिहेमा दाइजो लिने गरेकाले पनि कतिपयले छोरीनातिनीहरू दाइजोका कारण प्रताडित हुँदा त्यति धेरै हारगुहार गर्न सकेका छैनन् ।

किलोमिटर दूरीमा परमान खोलामा शव फालेको समाचार बाहिरियो ।

पछिल्लो समय मधेसी समुदायमा छोरीलाई शिक्षित बनाउनुभन्दा पनि उमेर नपुगी बिहे गराईदिन हतारिने अभिभावकका कारण रञ्जनाजस्ता छोरीबुहारीहरूले दाइजोका कारण अनाहकमा ज्यान गुमाउनुपरेको छ । बहुसंख्यक यस्ता अभिभावक 'आ छोरीलाई पढाएर के नै हुन्छ र, त्यही चुलाचौकाको काम त गर्नु हो' भन्ने गर्छन् । यस्तो सोचबाट ग्रस्त अभिभावकहरू चाँडोभन्दा चाँडो छोरीलाई बिहे गरिदिएर पठाउन चाहन्छन् । दाइजोकै कारण कतिपय छोरीहरू बिहेपछि प्रताडना सहन नसकी

माइतीमै बस्न थालेका छन् ।

आर्थिक अवस्था कमजोर हुने अभिभावकहरूलाई आफ्नै जातबिरादरीले पनि बेवास्ता गरेको देखिन्छ । यतिका दिन बितिसक्दा पनि उमा सहनीको पक्षमा मधेसी समुदाय मौन देखिन्छ । छिमेकी लगायत आफ्नै समुदायको मौनताले पनि दाइजो प्रताडित छोरीनातिनीहरूको वर्तमानमात्र हैन, भविष्य नै अन्धकारमय बन्दै गएको छ । खासगरी मधेसमा दाइजो प्रथाले नराम्ररी जरा गाडेको छ । छोरीनातिनीलाई सामर्थ्यभन्दा बढी दाइजो दिने र छोराको बिहेमा दाइजो लिने प्रचलनले मधेसी समुदाय नराम्ररी थलिएको छ । ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अभिभावकले आफ्नो सामर्थ्यले नभ्याए पनि धुमधामका साथ छोराछोरीको बिहे गरिदिने प्रचलन बढ्दैछ ।

आफै पनि छोरानातिको बिहेमा दाइजो लिने गरेकाले पनि कतिपयले छोरीनातिनीहरू दाइजोका कारण प्रताडित हुँदा त्यति धेरै हारगुहार गर्नसकेका छैनन् । यी र यस्ता कतिपय कुसंस्कारहरूले निरन्तरता पाइरहनुका मुख्य कारण अशिक्षा र गरिबी हो भन्ने कुरा मधेसी समुदायका अभिभावकले बुझ्नसकेका छैनन् । विशेषगरी अशिक्षित सासूआमाहरू छोराको बिहेमा टन्न दाइजो पाइन्छ भनेर छोरानातिलाई हुर्काइरहेको पाइन्छ । यसरी हुर्केका अधिकांश छोरानातिहरू दाइजो पाइन्छ भन्नेमा विश्वस्त हुन्छन् । कदाचित दाइजो नपाएपछि यस्ता परिवारले बुहारीलाई प्रताडना दिन्छन् । यति गर्दा पनि दाइजोको माग पूरा नभए हत्या गर्नसमेत गरेका दृष्टान्त छन् ।

यस्तो दाइजोरूपी सर्पले छोरीनातिनीको जीवनलाई मात्र डसेको छैन, यसले सभ्य समाजलाई लज्जित तुल्याएको छ । बुहारी कति शिक्षित छे र कहाँ जागिर खान्छे भन्ने कुरा पो वरपक्षले विचार गर्नुपर्छ । छोरीनातिनीलाई पनि छोरानातिसरह उच्चशिक्षा हासिल गर्ने अवसर पो प्रदान गर्नुपर्छ ।

छोरा र छोरीप्रति

समान व्यवहार गर्नुपर्छ । तर औंलामा गन्न सकिने हुनेखाने अभिभावकहरूले छोरीनातिनीलाई पनि छोरानातिसरह उच्चशिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएको देखिन्छ । तर यस्ता पढेलेखेका अभिभावकहरू समग्र समाजका लागि अनुकरणीय बन्नसकेका छैनन् । यसो हुनुमा जनप्रतिनिधिहरूको विरोधाभाष चरित्र पनि एक हो । बहुसंख्यक सांसद, मन्त्री लगायत स्थानीय निकायका जनप्रतिनिधिहरूले दाइजो प्रथाविरुद्ध बोल्ने गरेको कहीँ कतै सुनिएको छैन । उनीहरूको यस्तो विरोधाभाष चरित्रका कारण पनि मधेसमा दाइजो प्रथाले मलजल पाइरहेको देखिन्छ ।

वर्तमान शिक्षाले दाइजो लिनुदिनु सामाजिक अपराध हो भन्ने सिकाउनसकेको छैन । कानुनले पनि दाइजो प्रथालाई सामाजिक अपराध हो भने पनि कानुनविद्हरूले यसबारे जनचेतना टोलसमाजमा पुऱ्याउनसकेका छैनन् । दाइजोको कारण पीडितलाई न्याय दिलाउन पनि समाज चुक्ने गरेको छ ।

वास्तवमा नेपाली समाजमा दाइजो प्रथा उन्मूलन गर्न अभिभावकहरूलाई नै प्रशिक्षण दिन जरुरी छ । यसका साथै विद्यालयको पाठ्य-सामग्रीमा समेत दाइजो सम्बन्धी पाठ समावेश गर्न जरुरी छ । प्राथमिक तहदेखि नै दाइजो प्रथाको दुष्परिणामबारे अवगत गराउने हो भने माध्यमिक तह पुग्दा छोरानातिहरू स्वयं दाइजोको विरुद्ध खडा हुन सक्छन् । यसरी नेपाली शिक्षा र कानुनले दाइजो प्रथालाई उन्मूलन गर्न सामाजिक अभियान थाल्ने हो भने ढिलो-चाँडो देशभर दाइजो प्रथा उन्मूलन हुनसक्छ ।

किन कायम छ छाउपडी ?



नरेन्द्र मिश्र

'पाँचौं दिन चोखिन्छु भनेर औंधी खुसी थिई, आगो बालेर सुतेकी रहिछ । विचरी सधैंको लागि आँखा चिम्लेर गई', डोटी पूर्वीचौकी गाउँपालिका-५ की २१ वर्षीया बुहारी पार्वती बोगटीको आफ्नो घरभन्दा केही परको सानो खाली घरमा छाउ बस्दा निसास्सिएर मृत्यु भएपछि उनकी सासू लक्ष्मी बोगटीले व्यक्त गरेको दुखित, भावपूर्ण र मार्मिक भनाइ हो, यो । त्यस दिन झरी परेर ओसिएको सानो कोठामा आगो तापेर एक्लै सुतेकी पार्वतीको निसास्सिएर मृत्यु भएको थियो (कान्तिपुर, १९ माघ २०७५) । नेपालको सुदूर र मध्यपश्चिमका केही पहाडी जिल्लाका गाउँमा छाउपडी प्रथा अझै कायम छ । महिलाले रजस्वला वा महिनावारीको बेला छाउगोठमा बस्नुपर्ने बाध्यात्मक सामाजिक नियम छ । त्यसबेला महिलालाई पूर्णरूपमा अछूत (अपवित्र) भएको मानिन्छ । र सोही अनुरुप महिलाले छाउगोठमा बसी अनिवार्य छाउपडी प्रथा पालना गरुन् भन्ने सामाजिक चाहना पाइन्छ । यसले गर्दा छाउ बार्ने क्रममा महिलाको अकालमा मृत्यु हुनुका साथै पारिवारिक/सामाजिक सम्बन्धहरू पनि खलबलिरहेको छ ।

जतिजति समाजमा महिनावारीप्रतिका पितृसत्तात्मक धारणा बढ्दै गए, त्यति नै महिलालाई हेर्ने दृष्टिकोण पनि साँघुरिँदै गयो । महिलाको शरीरसँग जोडिएका शुद्धता र अशुद्धताको धार्मिक/सांस्कृतिक मान्यता स्थापित हुँदै गए । यसले गर्दा महिनावारी बार्ने वा छाउपडी प्रथा कायम हुनपुग्यो ।

कानुनी रूपमा छाउपडी सामाजिक कुप्रथाको रूपमा परिभाषित भइसकेको छ । तापनि यो प्रथा सुर्खेत, दैलेख, कालिकोट, अछाम, बाजुरा, बझाङ, बैतडी, डडेलधुरा र डोटी लगायत केही जिल्लामा कायमै छ । त्यसमा पनि स्थानीय जनमानसमा छाउपडी प्रथा बुझ्ने, पालना गर्ने र गराउने आफ्आफ्नै सामाजिक, सांस्कृतिक र धार्मिक मान्यता छन् । यो प्रथालाई बाह्य परिवेशबाट बुझ्ने र व्याख्या गर्ने शैली भने फरक पाइन्छ । त्यसैले छाउपडी प्रथासँग जेलिएका तर्क, वितर्क र सामाजिक सवालका प्रश्नहरू हामीमाझ धेरै छन् । किन छाउपडी प्रथाले हाम्रो आफ्नो घर, परिवार, आफन्त, छरछिमेक वा समाजका महिलालाई अझसम्म पनि पछ्याइरहेको छ ? के यो प्रथासँग टाँसिएर बसेका हाम्रा परम्परागत धार्मिक मान्यताहरू त बढी जिम्मेवार छैनन् ? अनि किन अन्य जिल्लामा महिनावारी बार्ने तर छाउगोठमा बस्ने प्रचलन छैन ? यो प्रथालाई हामी हाम्रो समाजबाट तत्काल हटाउन सक्छौं कि सक्दैनौं ?

समाज र महिनावारी

नेपाली समाजको बनावट र चरित्र फरक छ । त्यसैले यहाँका विभिन्न जातजाति, जनजाति, समूह, समुदाय वा समाजमा महिनावारी बार्ने/नबार्ने आ-आफ्नै प्रचलन छन् । कुनै समुदाय र स्थानमा महिनावारी बारिँदैन भने कुनैमा लचिलो त कुनैमा कठोरतासाथ बार्ने प्रचलन छ । जस्तो कि विशेषतः सहरी समाजमा महिनावारी आफ्नै घरभित्रको सुरक्षित वातावरणमा बारिन्छ भने कर्णालीका गाउँहरूमा छाउगोठमा । त्यसैले महिनावारीप्रतिका धारणा पनि आ-आफ्नो धर्म, संस्कृति, परम्परा, भू-बनोट, परिस्थिति र समाज अनुसार फरक-फरक हुने गर्छ । महिनावारीप्रतिको सामाजिक/सांस्कृतिक धारणा सबै समुदायमा एकै प्रकारको हुन्छ भन्ने छैन । यो त समाजको उद्विकास वा समाज विकास सँगसँगै विशेष परिस्थिति, कालखण्ड र स्थानहरूमा समाजले नै उत्पादन र आकार दिएका सामाजिक नियम, व्यवहार, मूल्य-मान्यता मात्र हुन् । परिणाम, नेपाली समाजमा महिनावारीप्रतिका धारणा कतै खुकुलो त कतै कसिलो भएर बसेको छ ।


पितृसत्ता र महिनावारी

छाउपडी प्रथा कहिलेदेखि सुरु भयो भन्ने कुनै निश्चित समयरेखा पाइँदैन । यद्यपि विभिन्न खोज तथा अनुसन्धानका आधारमा मानवको स्थायी बसोबासको सुरुको अवस्था र कृषियुगको थालनीसँगै विभिन्न धार्मिक, सामाजिक मूल्य-मान्यता परिपक्व हुँदै आएको पाइन्छ । यसै क्रममा पितृसत्तात्मक सामाजिक संरचनाले समाजमा पकड जमाउँदै गर्दा उत्पादन प्रणालीमाथिको स्वामित्व, शक्तिको प्रयोग, पारिवारिक निर्णायक भूमिका र धार्मिक कार्यमा पुरुषको सर्वोच्चता कायम हुँदै गयो । जतिजति समाजमा महिनावारीप्रतिका पितृसत्तात्मक धारणाहरू बढ्दै गए, त्यति नै महिलालाई हेर्ने दृष्टिकोण पनि साँघुरिँदै गयो । महिलाको शरीरसँग जोडिएका शुद्धता र अशुद्धताको धार्मिक/सांस्कृतिक मान्यताहरू स्थापित हुँदै गए । यसले गर्दा महिनावारी बार्ने वा छाउपडी प्रथा कायम हुनपुग्यो ।

निषेध, धर्म र सामाजिक संरचना

यतिबेला हाम्रा गाउँ, सहरमा छाउपडीप्रतिका दुइटा धारणा पाइन्छ । जसमा छाउ बार्ने र निषेधात्मक कार्यले महिलालाई महिनावारीका बेला आराम मिल्नुका साथै मनो-सामाजिक सन्तुष्टि प्रदान गर्छ भन्ने छ । किनभने यस समयमा घरभित्रका साथै केही बाहिरका काम गर्न महिलालाई निषेध गरिएको हुन्छ । यो परापूर्व कालदेखि मानिँदै आएको धार्मिक परम्परा हो भन्ने धारणा छ । तर यी तर्क विशेषतः ग्रामीण समाजका पुरानो पुस्तामा बढी पाइन्छ । छाउ बार्नुलाई सामाजिक विभेद, असमानता र अन्यायसँग गाँसिएको पक्ष बलियो छ । परिणाम सामाजिक सन्तुष्टिभन्दा पनि पीडादायी दैनिकी, व्यवहार र अनुभूतिहरू बढी छन् । महिनावारी बार्ने छाउगोठमा बस्दा महिलाले निसास्सिएर मृत्यु, जंगली जनवारको आक्रमण, सर्पको टोकाइ, कमजोर स्वास्थ्य अवस्थादेखि बलात्कारसम्मका घटना भोग्नुपरेको छ । महिनावारी हुँदा अदृश्य शक्ति र कुप्रथाहरूलाई समाजबाट पन्छाउन सकिरहेका छैनौं । तेस्रो, अभौतिक संस्कृतिमा आएको सुस्त परिवर्तन पनि हो । यसको अर्थ हाम्रो ज्ञान, सोच, विचार, मान्यता आदिलाई समय अनुसार बदल्न सकिरहेका छैनौं । जस्तो कि एउटै घरभित्र बसेर छाउबारे देउता रिसाउँछन्, वंश नाश तथा पारिवारिक क्षति हुन्छ, सामाजिक सम्बन्धहरू बदलिन्छन् वा अनिष्ट हुन्छ भन्ने धार्मिक मान्यताले हामीलाई अझसम्म पनि छोड्न सकिरहेको छैन । त्यसैले राज्यले कुप्रथाको रूपमा परिभाषित गरे पनि जानी-नजानी छाउपडी प्रथा अँगालिरहेका छौं ।

भनिन्छ, जहाँ महिला र पुरुषको हैसियतलाई समान मानिन्छ, त्यहाँ महिलामाथि हुने विभेद, हिंसा र दमन आफै कम भएर जान्छ । त्यसैले हामीले बुझ्ने समृद्धिमा विशाल भौतिक संरचनाको निर्माण, सहरहरूको विस्तार, प्रविधिको अधिकतम प्रयोग र सडकहरूको निर्माणमात्र नभई समृद्धि त व्यक्ति, परिवार,



महिनावारी महिलामा हुने एक अनिवार्य जैविक र स्वाभाविक प्रक्रिया भए पनि यसमा धर्म, विश्वास, आस्था र सामाजिक जीवन पनि त्यतिकै गाँसिएको छ । त्यसैले महिनावारी हुँदा महिलाको प्रकृति, जल, बोटबिरुवा, जनावरका साथै मानिस/मानिस बीचको सम्बन्धलाई पवित्र र अपवित्र भएको मानेर सोही अनुसारको सामाजिक व्यवहार गरिन्छ । पवित्र र अपवित्रको भावना, सोच, अवधारणा र व्यवहार पनि समाजकै उत्पादन हो । किनभने अपवित्रलाई पवित्र बनाउने विधि पनि हाम्रै समाजसँग छ, जो समाजले नै निर्माण गरेको हो । जस्तो कि महिनावारीपछि शुद्ध हुनलाई नुहाउने, कपडा धुने र विभिन्न वस्तु तथा स्थानलाई गहुँत/सुनपानी छर्केर पवित्र बनाउने आदि गरिन्छ ।

धर्म, विश्वास र सामाजिक संरचना

किन विभिन्न निकाय तथा संघ/संस्थाहरूको छाउपडी न्यूनीकरणको प्रयास सफल हुन सकिरहेको छैन ? यसका मुख्य तीन कारण देखिन्छन् । पहिलो, पितृसत्तात्मक सामाजिक संरचना जहाँ पुरुषप्रधान सामाजिक मूल्य-मान्यताले उच्च स्थान पाइरहेको छ । दोस्रो, शिक्षाको सामाजिक प्रभावमा कमी हुनु वा शिक्षाले स्थानीय सामाजिक जीवनशैलीलाई समेट्न नसक्नु पनि हो । यसले गर्दा हामी शिक्षाको माध्यमबाट गढेर बसेका अन्धविश्वास, महिलालाई उपभोग्य वस्तु, खाद्यान्न, बोटबिरुवा, पाठपूजा, लत्ताकपडा, भान्छाकोठादेखि दैनिक क्रियाकलापसम्म बन्देज लगाएका घटना छँदैछन् ।

धर्म, विश्वास र सामाजिक संरचना

किन विभिन्न निकाय तथा संघ/संस्थाहरूको छाउपडी न्यूनीकरणको प्रयास सफल हुन सकिरहेको छैन ? यसका मुख्य तीन कारण देखिन्छन् । पहिलो, पितृसत्तात्मक सामाजिक संरचना जहाँ पुरुषप्रधान सामाजिक मूल्य-मान्यताले उच्च स्थान पाइरहेको छ । दोस्रो, शिक्षाको सामाजिक प्रभावमा कमी हुनु वा शिक्षाले स्थानीय सामाजिक जीवनशैलीलाई समेट्न नसक्नु पनि हो । यसले गर्दा हामी शिक्षाको माध्यमबाट गढेर बसेका अन्धविश्वास, समुदाय वा भनौं समाजमा रहेका प्रत्येक नागरिकले अनुभूत गर्ने सुख र खुसीसहितको समाज निर्माण गर्नु हो । यसको अर्थ हामीमा भएका अन्धविश्वास, कुप्रथा, कुसंस्कार, विभेद, सामाजिक अन्यायलाई अन्त्य गर्नु पनि हो । त्यसका लागि छाउपडी प्रथासँग सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयन गर्न तत्कालीन र दीर्घकालीन योजनासाथ अघि बढ्नुपर्छ । तत्कालीन योजनामा शिक्षा, स्वास्थ्य, आर्थिक अवस्थाका साथै लैंगिकमैत्री पारिवारिक जनचेतना बढाउनुपर्छ भने दीर्घकालीन योजना अन्तर्गत नयाँ पुस्तालाई छाउपडी प्रथाको वस्तुपरक विश्लेषण गर्नसक्ने धार्मिक, सांस्कृतिक र पारिवारिक सामाजिकीकरणको खाँचो छ ।

मिश्र रत्नराज्यलक्ष्मी क्याम्पसमा समाजशास्त्र विभागका विभागीय प्रमुख हुन् ।

मधुमेहले आँखामा पार्ने असर



डा.रबा थापा

मधुमेह नसर्ने रोग हो । यो संसारभरि नै विकराल स्वास्थ्य समस्याको रूपमा बढ्दै गइरहेको छ । पछिल्ला वर्षहरूमा अल्पविकसित मुलुकहरूमा मधुमेहबाट प्रभावितहरूको संख्या धेरै देखिएको छ । त्यसमा पनि सहरी क्षेत्रमा यो संख्या निकै बढेको पाइन्छ ।

मधुमेह भएकाहरूलाई आँखाको समस्या अन्यको तुलनामा दुई गुणा बढी हुन्छ भने अन्धोपनको समस्या २५ औं गुणा बढी हुन्छ ।

नेपालमा मधुमेह एक प्रमुख स्वास्थ्य समस्याको रूपमा बढ्दै गइरहेको छ । हाल करिब १० लाख मधुमेहबाट प्रभावित भएको अनुमान छ । सहरी क्षेत्रमा यो रोग बढी देखिएको छ ।


मधुमेहले शरीरका महत्त्वपूर्ण र संवेदनशील अंगहरूमा असर पुऱ्याउँछ । खास गरेर मृगौला, आँखा, मुटु, दिमाग, नसा र खुट्टाहरूमा मधुमेहको असर प्रत्यक्ष रूपमा देखापर्छ । मधुमेह भएकाहरूलाई आँखाको समस्या अन्यको तुलनामा दुई गुण बढी हुन्छ भने अन्धोपनको समस्या २५ औं गुणा बढी हुन्छ ।

मधुमेहले आँखाको प्रायः सम्पूर्ण भागमा असर पुऱ्याउँछ । तर पनि यो रोगका बिरामीमा मात्र देखिने असर 'डाइबेटिक रेटिनोपेथी'ले आँखाको भित्री भागमा रहेको दृष्टि पर्दामा समेत असर पुऱ्याउँछ ।

मधुमेहले खासगरी शरीरका रक्तनलीहरूमा असर गर्छ । आँखाको पनि भित्री भागमा रहेको स्नायु तन्तुले बनेको पारदर्शी झिल्ली जसलाई दृष्टि पर्दा (रेटिना) भनिन्छ, यस भागको रक्तनलीमा मधुमेहले असर पुऱ्याउँछ । रक्तनलीमा असर गर्न थालेपछि रेटिनामा रक्तस्राव हुने, मुख्य रेटिनाको देख्ने भाग सुन्निने र नयाँ हानिकारक रक्तनलीको विकास भई आँखाभित्र अत्यधिक रक्तस्राव हुन थाल्छ । यदि समयमै उपचार नभएको खण्डमा रेटिना खुम्चने र अन्त्यमा आँखाको दृष्टि पूर्णरूपमा बिग्रन्छ । मधुमेहले आँखाको रेटिनामा पुऱ्याउने यिनै असरलाई 'डाइबेटिक रेटिनोपेथी' भनिन्छ ।

डाइबेटिक रेटिनोपेथी हुँदा सुरुको अवस्थामा बिरामीमा कुनै पनि लक्षण देखिँदैनन् । रेटिनामा निकै क्षति भइसकेपछि मात्र आँखा देख्न बिस्तारै धमिलो हुने गर्छ । आँखामा धेरै रक्तस्राव हुँदा एक्कासी आँखा धमिलो हुने र आँखा अगाडि छायाजस्तो देखापर्छ ।

डाइबेटिक रेटिनोपेथीले आँखाको रेटिनामा एकपटक धेरै असर गरेपछि उपचारपश्चात पनि पहिलेको अवस्थामा फर्काउन सकिँदैन । मधुमेहका बिरामीमध्ये करिब एक तिहाइलाई



डाइबेटिक रेटिनोपेथीको समस्या देखिन्छ भने तिनीहरूमध्ये करिब एक तिहाइलाई तुरुन्त आँखा उपचारको आवश्यकता हुन्छ ।

मधुमेह बढ्दै जाँदा डाइबेटिक रेटिनोपेथीको जोखिम पनि बढ्दै जान्छ । मधुमेह भएको २० वर्षमा पहिलो प्रकार (३० वर्ष अगाडि देखापर्ने मधुमेह) को मधुमेहका प्रायः सबै बिरामीलाई डाइबेटिक रेटिनोपेथी देखापर्छ भने दोस्रो प्रकारको मधुमेह (३० वर्षपछि देखापर्ने मधुमेह) करिब दुई तिहाइ बिरामीलाई देखा परिसकेको हुन्छ । मधुमेह पत्ता लाग्दासमेत विकसित मुलुकका करिब ५ प्रतिशत बिरामीलाई डाइबेटिक रेटिनोपेथी देखापरेको अध्ययनले देखाएका छन् । हाम्रो देशमा यो संख्या अझ बढी पाइएको छ । यसको प्रमुख कारण मधुमेह समयमै पत्ता नलागी रगतमा चिनीको मात्रा नियन्त्रणमा नहुनु नै हो ।

रगतमा चिनीको मात्रा नियन्त्रणमा नहुनेहरू, उच्च रक्तचाप भएकाहरू र रगतमा खराब चिल्लोको मात्रा बढी हुनेहरूलाई डाइबेटिक रेटिनोपेथी छिटो देखापर्छ । त्यस्तै रक्तअल्पताको समस्या, मृगौलाको समस्या, गर्भावस्थाको समय र धूमपान गर्नेहरूमा डाइबेटिक रेटिनोपेथी बढी देखिन्छ ।

त्यसैले यी व्यक्तिहरूको विशेष सावधानी राख्नुपर्ने हुन्छ भने रोगको पनि उपचार गरी नियन्त्रण राख्नु जरुरी हुन्छ । मधुमेहले निम्त्याउने डाइबेटिक रेटिनोपेथी अन्धोपनको एक प्रमुख कारण हो । विश्व स्वास्थ्य संगठनका अनुसार कुल अन्धोपनमध्ये ४.८ प्रतिशत डाइबेटिक रेटिनोपेथीकै कारण हुन्छ । विकसित मुलुकहरूमा समेत काम गर्ने उमेर समूहका व्यक्तिहरूमा अन्धोपनको प्रमुख कारण डाइबेटिक रेटिनोपेथी भएको पाइएको छ । अल्पविकसित देशहरूमा भने ९० प्रतिशतभन्दा बढी डाइबेटिक रेटिनोपेथीबाट अन्धोपन भएको पाइन्छ । यसको मुख्य कारण रगतमा चिनीको मात्रा नियन्त्रणमा नहुनुका साथै समयमै रोगको पहिचान र उपचारमा ढिला हुनगएकोले हो ।

डाइबेटिक रेटिनोपेथीको उपचार गम्भीरता अनुसार लेजर पद्धति, आँखाको भित्री भागमा औषधि पुऱ्याउने विशेष खाले सुई र शल्यक्रियाद्वारा गरिन्छ । डाइबेटिक रेटिनोपेथीको उपचार ढिला हुनगएमा उपचारपश्चात पनि राम्रो दृष्टि फर्काउन सकिँदैन । अतः रोगको समयमै पहिचान र उपयुक्त उपचार गर्नसके दृष्टि बचाउन सकिन्छ ।

रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्ने, उच्च रक्तचाप र रगतमा चिल्लोको मात्राको उपचार र नियन्त्रण गर्ने, गर्भावस्थामा कम्तीमा तीन महिनामा एकपटक रेटिना परीक्षण गर्ने, धूमपान र मध्यपानबाट बच्नुका साथै मृगौलाका बिरामीले नियमित आँखा परीक्षण गराउनुपर्छ ।

वर्षमा एकपटक आँखा परीक्षण गराउनु पर्छ । डाइबेटिक रेटिनोपेथी भइसकेका बिरामीको रोगको गम्भीरता अनुसार नेत्र चिकित्सकको सल्लाहमा आँखाको परीक्षण र उपचार गराउनुपर्ने हुन्छ । मधुमेहका बिरामीमा देखिने अन्य आँखाका समस्यामा मोतीबिन्दु, जलबिन्दु, आँखाको नसाको समस्या, सुक्खापन र संक्रमणका समस्या मुख्य हुन् ।

थापा तिलगंगा आँखा प्रतिष्ठानकी नेत्ररोग तथा रेटिना विशेषज्ञ हुन् ।

रस राजनीति



सिउँडी

विमल निभा

राजनीतिमा रसको के स्थान अथवा महत्त्व रहेको छ, यो एक साहित्यिक व्यक्ति भएको नाताले मलाई थाहा हुने कुरै भएन । परन्तु नेपालको ताजा राजनीतिक परिदृश्य पूर्णरूपेण रसमय रहेकोमा कुनै आशंका रहेको छैन । यहाँका नेता तथा उपनेता (राजनीतिक अभिनेता पनि) हरूका उदार रसनिष्पत्तिको के बखान गर्नु ?

वर्तमान सदनका भूतपूर्व सभामुख कमरेड कृष्णबहादुर महरा रसमयताको मामलोमा एक उदाहरणीय राजनीतिक व्यक्तित्व भएर देखापरेका छन् । केही दिन अघिसम्म उनी शृंगार रसमा चुर्लुम्म डुबेका थिए । कुन्नि, कसरी एक दिन त्यो करुण रसमा फेरियो (हेर्नोस्, रोशनी शाही-कृष्णबहादुर महरा प्रकरण) । र यही हठात् परिवर्तनको परिणामस्वरुप अहिले कमरेड महरा बलात्कारको गम्भीर आरोप बोकेर हाम्रा कांग्रेसी भाइ-बन्धुहरूले चाहिँ निर्धक्क आफ्नो नेता आलमको वीररसपूर्ण सत्कार्य भनिरहेका छन् । अन्यथा नेपाली कांग्रेस पार्टीका सभापति शेरबहादुर देउवादेखि लिएर नेपाल विद्यार्थी संघका फुच्चाफाच्चा कांग्रेसीहरूसमेत किन 'इँटाभट्टा काण्ड'को समर्थनमा ओर्लिन्थे ? (अद्भुत रस !) ।

साहित्यमा कुल नौ रस अर्थात् नवरसको सविस्तार उल्लेख भए तापनि राजनीतिमा भने रसको कुनै सीमितता रहेको छैन । यहाँ अपरिमित रसहरू सलबलाइरहेका देख्न सकिन्छ ।

राजधानीस्थित सर्वोच्च न्यायालयको नित्यनिरन्तर परिक्रमा गरिरहेका छन् । होइन, कालकोठरी-लुन्ठित अवस्थामै पुगिसकेका छन् क्यारे ! (आजको अखबार पढ्नुछ मलाई) । अब यो सारा रसहरूमा कुनचाहिँ रस हुनगयो भनेर म अलमलिएको छु । कदाचित राजनीतिमा नभएर साहित्यमा भएको भए खाँटी शान्त रस हुन्थ्यो ।

नेपालको राजनीतिमा एउटा अर्को रस हाल प्रस्फुटित भएर पुष्पित एवं पल्लवित भइरहेको छ । यसलाई कुन रसको श्रेणीमा राख्ने ? एउटा कोणबाट अवलोकन गरेमा विलकुलै वीररस प्रतीत हुन्छ । किन्तु यथार्थमा यो शत-प्रतिशत भयानक रस हो । मेरो स्पष्ट संकेत नेपाली कांग्रेस पार्टीका वरिष्ठ नेता मोहम्मद आफताव आलमको झन्डै सवा दशक अगाडिको कुकृत्य (यहाँ केवल 'कृत्य' शब्दको प्रयोग पर्याप्त नभएकोले 'कु' थप्नुपर्ने भएको छ) तर्फ हो । दुई दर्जन जतिका व्यक्तिलाई जीवितावस्थामै हवारहवार्ती बलिरहेको इँटाभट्टामा डढाउने कार्यलाई के भन्ने ?

केही दिनदेखि सामाजिक सञ्जालमा एउटा रंगीन तस्बिर भाइरल भएको छ । यसमा नेपाली कांग्रेस पार्टीका सभापति शेरबहादुर देउवा अतिशय कुपित मुद्रामा देखिएका छन् । यानेरातारात आँखा (चस्मावाटै देखिने), पूरै खुम्चिएको निधार र डेढ डिग्रीको हिसाबले बक्र मुखाकृति । यसले सहजभाव, विभाव र अनुभावमा रौद्ररसको थोक भावमा उत्पत्ति गरेको छ । वास्तवमा उनी आफ्नो विरोधमा सडकमा ओर्लिएका नेविसंघे केटाहरूमाथि सशब्द क्रुद्ध भएका हुन् । अब तस्बिरका शब्दहरू सुन्नु सम्भव नभएकोले म के भनुँ ? परन्तु त्यहाँ सशरीर उपस्थित व्यक्तिहरूले जे भनिरहेका छन्, त्यो विचारणीय छ । यसको कारण के हो भने 'श्लील' शब्दमा एक अतिरिक्त 'अ' थप्नुपर्ने परिस्थितिको अनायास सिर्जना भएको छ । त्यसउसले रौद्ररस विखण्डित भएर विभत्स रस भएको पनि हुनसक्छ । अथवा विकल्पमा एउटा अर्को रस पनि रहेको छ । अर्थात् सर्वांग भयानक रस ।

साहित्यमा कुल नौ रस अर्थात् नवरसको सविस्तार उल्लेख भए तापनि राजनीतिमा भने रसको कुनै सीमितता रहेको छैन । यहाँ अपरिमित रसहरू सलबलाइरहेका देख्न सकिन्छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का एक अध्यक्ष कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड'को अनुहारमा एकसाथ जति रसहरू सञ्चारित हुन्छन्, त्यसको गणना गरेर साध्य छैन । (अद्भुत रस !) । अँ यही पार्टीका अर्का वरिष्ठ नेता कमरेड माधवकुमार नेपालको सपाट मुखमण्डल भने सदैव रसविहीन देखापरेको छ । त्यहाँ कुनै भूमिगत खालको गोप्य रस प्रवाहित भइरहेको भए अर्कै कुरो हो । यस सम्बन्धमा म के भन्न सक्छु ? हाम्रा प्रधानमन्त्री कमरेड खड्गप्रसाद शर्मा ओली पनि माधव कमरेडसरह रस शून्यतामा हाल विराजमान छन् । यसको कारण उनको स्वास्थ्य हो । अहिले उनी बिरामी भएर अस्पताल भर्ना भएका छन् । अथवा बिसेक भएर बाहिर आइसके कि ? जे होस्, कमरेड प्रधानमन्त्री ओलीको गाथमा आराम छैन । तसर्थ हामीले उनको वाणीबाट प्रायः निःसृत भइरहने हास्य रसबाट बलात् वञ्चित हुनुपरेको छ । म हास्य रसप्रेमी भएकोले उनको शीघ्र स्वास्थ्यलाभको हार्दिक कामना गर्छु ।

चिनियाँ तेस्रो क्रान्ति



योगेन्द्र शाही

चिन माओकालमा अणुबमसम्म निर्माण गर्न सफल भयो । उक्त कालखण्डमा प्रविधिभन्दा श्रमको प्रयोगबाट रोजगारी सिर्जना हुने बुझाइ थियो । तेङ सियाओ पिङकालमा आएर मात्र प्रविधि विकासको रहस्यलाई चीनले राम्ररी बुझेको हो । जापानले बीस वर्षमा प्रविधिमा गरेको प्रगतिलाई चीनको अवस्थासँग तुलना गर्दै चिनियाँ नेता तेङ सियाओ पिङले भनेका थिए कि चीन अर्को बीस वर्ष यसरी नै बर्बाद गर्न सक्दैन । सन् १९८८ चेकोस्लाभाकिया राष्ट्रपतिको हुसाकसँगको एक भेटघाटमा विज्ञान तथा प्रविधि विकासको प्रश्नमा आफ्नो एउटा सैद्धान्तिक निष्कर्ष सुनाउँदै उनले भनेका थिए, 'मार्क्सले विज्ञान र प्रविधि उत्पादक शक्तिको एक भाग हो भनेको ठिकै हो । तर मेरो विचारमा विज्ञान र प्रविधि प्राथमिक उत्पादक शक्ति हो । हामीले अन्य क्षेत्रको खर्च कटौती गरेर पनि शिक्षा र प्रविधि विकासमा लगानी गर्न आवश्यक छ ।'

प्राचीन चीन (अझ सोङ र ताङ वंश) उन्नयनको केन्द्र थियो । तत्कालीन बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचर चीन भ्रमण गर्दा तेङले प्रसङ्गवश उनलाई भनेका थिए कि कागज, नोट, बारुद, सिल्क र सेरामिक हामीले बनाएका हौं । अरु बाँकी तपाईहरूले । औद्योगिक क्रान्तिको अगुवा देशको नेतृत्वलाई यसो भनेर तेङले मानव सभ्यताका महत्त्वपूर्ण चिज चीनले उन्नयन गरेको संकेत गरेका हुन् । औद्योगिक क्रान्तिको नेता बेलायतले प्रविधिमा विकास गरिरहँदा चीनको मिङ वंशले प्रविधि सिक्न ध्यान दिन सकेन । औद्योगिक क्रान्तिले ल्याएको प्रविधिलाई आत्मसात गर्न नसक्नु चिनियाँ पराजय र पतनको महत्त्वपूर्ण कारणमध्ये एक थियो ।

यस बीचमा याङ्सी र ह्वाङहो नदीमा धेरै पानी बगिसकेको छ । चीनले इतिहासको नमिठो पाठबाट शिक्षा लिएको छ । सुधार र खुल्लापनको सुरुवातसँगै पश्चिमा उत्पादनको नक्कल गर्दै चिनियाँ उद्यमीहरूले सामानहरू बनाउन सिके । धनी हुँदै जाँदा चिनियाँहरू पश्चिमा कम्पनीबाट प्रविधि सिक्न र किन्न थाले । गुणस्तरीय शिक्षा, अनुसन्धान र प्रविधिमा लगानीमार्फत चीन उन्नयनतर्फ गइसक्यो । अहिले अनुसन्धान र विकासमा ४०९ अर्ब अमेरिकी डलर लगानी गरेर चीनले अमेरिकालाई नजिकबाट (४९७ बिलियन डलर) पच्छ्याएको छ । चीनले १५ अर्ब अमेरिकी डलर त 'टेक फन्ड'मा छुट्याइएको छ । हुवावे संसारकै सबैभन्दा बढी अनुसन्धान र विकासमा लगानी गर्ने र 'पेटेन्ट राइट' दर्ता गर्ने चिनियाँ कम्पनी हो । सूचना प्रविधिका कतिपय अत्याधुनिक कौशलहरूमा चीनले उच्च सफलता पाएको छ । 'टेक टाइटन अफ चाइना'की लेखिका रेविका फेनिनका अनुसार चीनले नक्कलमात्र गऱ्यो भन्नु हास्यासपद कुरा हो । बरु चीनले कसरी छोटो समयमा प्रविधिको विकास गरी विश्वलाई चुनौती दिइरहेको छ भन्ने ख्याल गर्नुपर्छ ।

'मेड इन चाइना २०२५' भिजनका साथ राष्ट्रपति सीले चीनलाई वैज्ञानिक उन्नयनको केन्द्र बनाउने घोषणा गरे । उनले 'उन्नयन प्राथमिक उत्पादक शक्ति हो' भनेका छन् । रणनीतिक महत्त्वको यो सोच एतिहासिक भौतिकवादको सार हो । श्रमलाई प्राथमिक उत्पादक शक्ति ठान्ने वाम परम्पराभन्दा यसले उन्नयनलाई श्रम प्रक्रियाकै समुच्य मान्छ । चीनले सस्तो श्रम र प्रविधिलाई राम्ररी उपयोग गरी व्यापक उत्पादनमार्फत आफ्नो निरन्तर आर्थिक वृद्धि गर्नसकेको थियो । चीनका लागि अब त्यो अवधि सकिएको छ । चीनसँग पैसा छ, तर श्रम महँगो भएको छ । चीनको आफ्नै जबर्जस्त आन्तरिक बजार पनि बनेको छ । चीन प्रविधि उन्नयनमार्फत गुणस्तरीय अर्थतन्त्रमा नजाँदा मध्यआयकै चक्रमा फँस्न सक्थ्यो । कुनै बेला खेलौनाजस्ता लाग्ने चिनियाँ मोबाइल र इलेक्ट्रोनिक सामानहरू प्रविधि नक्कलका सुरुवाती नमुना हुन् । आइफोन र सामसुङसँग प्रतिस्पर्धा गर्दै विकास भएका हुवाई र ओप्पो मोबाइलहरू प्रविधि उन्नयनका नमुना हुन् ।

कुनै बेला खेलौनाजस्ता लाग्ने चिनियाँ मोबाइल र इलेक्ट्रोनिक सामानहरू प्रविधि नक्कलका सुरुवाती नमुना हुन् । आइफोन र सामसुङसँग प्रतिस्पर्धा गर्दै विकास भएका हुवाई र ओप्पो मोबाइलहरू प्रविधि उन्नयनका नमुना हुन् ।

हाइस्पिड सिन्कान्सेन रेलमा बसेर जापान यात्रा गर्दा तेङ सियायो पिङको दिमागमा पनि त्यस्तै रेल बनाउने सपना थियो । मित्सुबिसी, युरोपेली र क्यानडेली कम्पनीबाट उनीहरूले ती प्रविधि सिके । फलस्वरुप चीन आज द्रुतगतिको रेल सञ्जालको अगुवा देश हो । बेइजिङबाट शाङघाई चल्ने ४२० किमि प्रतिघन्टा क्षमताको रेल विश्वकै द्रुतगतिको हो । चिनियाँ सुपर कम्प्युटरहरू संसारकै शक्तिशाली मानिन्छन् । बेइजिङ-शाङघाई क्वान्टम केवल लाइन विश्वकै पहिलो र हयाक नहुनेमा पर्छ । विश्वकै ठूलो क्वान्टम स्याटेलाइट र सी ९२९ ठूलो जेट विमान, चन्द्रमा नदेखिने क्षेत्रमा यान अवतरण, कृत्रिम चन्द्र र सूर्य निर्माणका परियोजना, हरित प्रविधिमा लगानी, आर्कटिक अन्वेषण, मरुभूमि हरियाली र म्यारिन अनुसन्धान आदि चिनियाँ प्रविधि उन्नयनका पछिल्ला उदाहरण हुन् । चीनले सोभियत कालको पुरानो एयरक्राफ्ट मर्मत गर्दै एउटा उन्नत घरेलु एयरक्राफ्ट क्यारियर बनाइसकेको छ भने दुईवटा निर्माणाधीन छन् । चीनले अमेरिका र रूस दुबैबाट सिकेर जे २० जस्तो अत्याधुनिक स्टिल्थ फाइटर जेट बनाएको छ भने एन्टिस्टिल्थ राडर पनि चीनसँग मात्र भएको दाबी गरिएको छ (२।११।२०१९ एसिया टाइम) । चिनियाँ क्रान्तिको ७० औं वर्षगाँठ मनाउने सन्दर्भमा डीएफ ४१, डीएफ १७, डब्लु जेट ८ ड्रोन, जे २० फाइटर आदि अत्याधुनिक अस्त्रहरूको प्रदर्शनले सैन्य प्रविधिमा चीनले अमेरिका र रूससँगै गति पक्रेको देखिन्छ । डीएफ ४१ व्यालेस्टिक मिसाइलले १० वटा टार्गेट एकैपटक हान्न सक्छ र यो आवाजको गतिभन्दा २५ गुणा छिटो उड्ने मानिन्छ ।

अमेरिकाले २० औं शताब्दीको मध्यतिर असफल भएर त्यागेको हाइस्पिड हेलिकप्टर निर्माण परियोजनामा चीनले अमेरिकी अपाचे र रूसी एमआई ट्वान्टी सिक्स लगायतका हेलिकप्टरका सबल पक्षहरू अध्ययन गरी यो सफलता हात पारेको रूसी समाचारपत्र स्पुतनिकको विश्लेषण छ । यसले अहिलेको चीन प्रविधि 'कपिक्याट' होइन, बरु अन्वेषणकारी शक्ति भइसकेको पुष्टि हुन्छ ।

चीन सेमिकन्डक्टर र एरो स्पेसमा अमेरिकाभन्दा पछि मानिन्छ । तर हुवावे परीक्षण केस बनेको छ । अमेरिकी प्रतिबन्धका बावजुद हुवावेले आफ्नै सीपीयु र एप्समात्र बनाएन, यो अवधिमा ६० भन्दा बढी फाइभ-जी पूर्वाधार सम्झौता र चार लाख स्टेसन निर्माण गरी आफ्नो आयलाई २४.४ प्रतिशतले वृद्धि गर्न सफल भयो । अमेरिकाको अन्तरिक्ष जहाज रेकर्डेड यात्रा गरी फर्किरहँदा चीनले अन्तरिक्षमा सटल बोक्ने र छुट्याउन मिल्ने जहाज परीक्षण गरेको छ । अन्तरिक्ष वायुयान निर्माणमा अमेरिका रूस र चीनभन्दा अझै निकै अघि छन् ।

एक दशक अगाडिसम्म अमेरिकी सैन्य शक्तिसँग चीन र रूसको खासै तुलना हुँदैनथ्यो । तर अहिले अमेरिकी सिनेट र थिंक ट्याङ्कमाझ रूस र चीनले हाइपरसोनिक हतियारमा अमेरिकालाई समेत उछिनेको हुनसक्ने बारे ठूलो चिन्ता छ । कामना गरौं, 'होमो डिउस' का लेखक युभल नोह हरारीले भनेझैं शक्तिराष्ट्रहरूसँग रहेका प्रविधियुक्त संहारकारी हतियारहरूले युद्ध होइन, शक्ति सन्तुलन कायम गरी विश्व शान्ति कायम गर्न मद्दत गरुन् !

सूचना प्रविधिलाई हेर्दा अमेरिकाले गुगल र याहु बनायो, चीनले आफ्नै सर्च इन्जिन वाइडु बनायो । अमेरिकाले फेसबुक र ट्वीटर बनायो, चीनले वी च्याट र सिना वाइवो बनायो । अमेरिकाले अनलाइन बिजिनेस अम्याजन विकास गऱ्यो । चीनमा अलिबाबा बन्यो । अमेरिकामा फेसबुकबाट जुकरवर्ग जन्मिए र चीनमा अलिबाबाबाट ज्याकमा जन्मिए ।

सूचना पद्धतिलाई रोबोटिक, आर्टिफिसियल इन्टेलजेन्स र इन्टरनेट अफ थिङ्सको तहमा विकास गरी चीन स्मार्ट सिटी, फाइभ जी, सोसियल क्रेडिट सिस्टम, फेस प्लसजस्ता पद्धतिहरूमार्फत समाजलाई अटोमेसन मोडमा लँदैछ । वर्ल्ड इकोनोमिक फोरमका संस्थापक क्लाउज स्वाजले यसलाई चौथो औद्योगिक क्रान्ति भनेर किताबै लेखेका छन् । फोरजीभन्दा सय गुणा शक्तिशाली फाइभजी प्रयोगबाट मोबाइलबाटै बिल तिर्ने, कम्प्युटरले स्वतः चिनेर प्रवेश पाउने, होटलमा रोबोट वेटर, अटोमेटेड उद्योग, समयमा कर नतिरेमा बैंकबाट ऋण नपाउने जस्ता कैयौं विशेषता भएको एकीकृत पद्धति विकासमा चिनियाँ आईटी कम्पनीहरू धमाधम लागिपरेका छन् । पश्चिमा सञ्चार माध्यममा यस्तो पद्धतिले व्यक्तिको निजत्व नरहने र सरकारले निगरानी राख्न सक्ने चर्चा हुने गरेको छ । सार्वजनिक स्थलहरूमा सुरक्षा क्यामेरा राख्ने परिपाटी पश्चिमा देशहरूमा पहिला विकास भएको हो र चीनले यसलाई द्रुत, पद्धतिगत र अटोमेटेट बनाएको छ । मानवरहित ट्याक्सी र ड्रोन चीनले प्रयोगमै ल्याइसकेको छ भने मानवरहित रेल र जहाज निर्माणमा लागिपरेको छ । वृद्ध जनसंख्या बढिरहेको चीनले रोबोटबाट मानव संसाधनको अभाव समाधान खोज्दैछ ।



आजका चिनियाँ कम्पनीहरू नक्कलकर्ता र सिकारु होइनन् । राष्ट्रपति सीले घोषणा गरेको 'मेड इन चाइना २०२५' अवधि पूरा हुन अझै ६ वर्ष बाँकी छ । तर चीनमा 'टेक्नो बुम' भइसक्यो । एक या आधा दशकभित्रै हाम्रो छिमेकमा यी काम धमाधम भइरहेका छन् ।

आधुनिक चीनमा माओको नेतृत्वमा भएको चिनियाँ क्रान्ति र तेङको आर्थिक क्रान्तिपश्चात् चिनियाँ राष्ट्रपति सीले समुन्नत, सुसंस्कृत, सुन्दर र बलियो समाजवादी देश निर्माणका लागि तेस्रो क्रान्तिको उडान भरेका छन् । यो प्रविधि क्रान्ति सी विचारधाराको उडान भर्ने इन्जिन हो । तेस्रो क्रान्तिको लागि उडान भरेको चीन चौथो औद्योगिक क्रान्तिको पनि नेतृत्व गर्दैछ ।

दुई शताब्दी अगाडिसम्म अफिममा लठ्ठ परेको चीनका बारेमा नेपोलियन बोनापार्टले ठिकै अनुमान गरेका थिए, 'ड्रागन मस्त सुतिरहेको छ । उसलाई सुत्न देऊ, किनकि ऊ जाग्यो भने संसार नेतृत्व गर्नेछ ।' चिनियाँ सुनौलो ड्रागन अहिले जागिसकेको छ र पूर्वबाट संसारको नेतृत्व गर्न तम्सिएको छ ।

फरिद जकारियाको सूचना-राजनीति




रमेश केसी

अलजजिरा टेलिभिजनका मारवान विसारा वामपन्थी स्टार हुन् भने सीएनएनका फरिद जकारिया पुँजीवादी विश्वको प्रवक्ता । विचार र सूचनाको सुनामी चलेको वर्तमानमा यी प्रस्तोताहरू आज आफ्नै सत्यको व्यापार गर्छन् ।

सीएनएनका फरिद जकारिया सूचनाको राजनीति गर्छन् । प्राज्ञिक क्षेत्रबाट सञ्चार माध्यममा आएका जकारिया भारतीय मूलका पत्रकार, लेखक र चिन्तक हुन् । भारतको व्यावसायिक सहर मुम्बईमा जन्मेर हुर्किएका उनी इस्लाम धर्म र राजनीतिका प्राध्यापक राफिक जकारियाका सुपुत्र हुन् । भारतबाट अमेरिकी सपना हासिल गर्न अमेरिका पुगेका करिब ५० वर्षका उनी वर्तमान उदार विश्वका 'पोष्टर ब्वाई' हुन् । हरेक आइतबार सीएनएनमा 'फरिद जकारिया जीपीएस' नामको एक घन्टाको कार्यक्रम लिएर आउने उनको शृङ्खलाले भर्खरै ११ वर्ष पार गरेको छ । यस कार्यक्रमको दर्शक बन्नु अघि मैले उनको 'दि फ्युचर अफ फ्रिडम' पढिसकेको थिएँ । विश्वमा प्रजातन्त्रको भविष्यलाई लिएर चिन्ता व्यक्त गरिएको यस पुस्तकमा प्रजातन्त्रको क्षय र रूस लगायतका देशमा एकाधिकारवादको वर्चस्वबारे लेखिएको छ । अमेरिकाभित्र दुईदलीय राजनीति र विसंगतिलाई केलाइएको छ । स्वतन्त्रताको भविष्यमाथि आज जुन खतरा देखिएको छ, त्यो उनले १५ वर्षअघि नै आँकलन गरिसकेका थिए ।

आफ्नो टेलिभिजन कार्यक्रमको ११ वर्षको उपलक्ष्यमा जकारियाले विशेष प्रस्तुति दिए । जहाँ सेनाका पूर्वप्रमुख र पूर्व विदेशमन्त्री कोलिन पावेललाई अतिथि बनाइएको थियो । एक घन्टाको उक्त कार्यक्रम विशेष गरेर अन्तर्राष्ट्रिय राजनीति र दर्शनमा केन्द्रित भए पनि त्यसमा विभिन्न क्षेत्रका विचारक, आविष्कारक र वैज्ञानिकसमेत उपस्थित हुन्छन् । तीव्र रूपमा परिवर्तन भइरहेको विश्वमा विशेष गरेर अमेरिकी बुद्धिको भूगोलमा उनले भ्रमण गराउँछन् । साम्यवादको पतनपछि सर्वेसर्वा बनेको अमेरिकाको क्षय, द्विविधा र हतासालाई बुझ्न यसले मद्दत गर्छ । बौद्धिक कार्यक्रम भए पनि सूचना, पुस्तक परिचय, अन्तर्वार्ता र टिप्पणीहरूले भरिएको यस कार्यक्रम रोचक छ र शिक्षाप्रद पनि छ । व्यावसायिक टेलिभिजनमा अन्तर्राष्ट्रिय राजनीतिमाथि ११ वर्षसम्म साताको एक घन्टा कार्यक्रम सञ्चालन गर्न ठूलो बौद्धिक कसरत चाहिन्छ ।

आज अस्ताउँदो सूर्य बन्दै गएको अमेरिकाको सैन्य, आर्थिक र राजनीतिक चिन्ताहरू यस कार्यक्रममा व्यक्त हुन्छन् । जहाँ पूर्व विदेशमन्त्रीहरू हेनरी किसिन्जर, मेडलिन अलब्राइट, हिलारी क्लिन्टन, कोन्डालिजा राइसजस्ता हस्तीहरू आइरहन्छन् भने वाल्टर रसेल मेड र फ्रान्सिस फुकुयामा जस्ता चिन्तक पनि उपस्थित हुन्छन् । सीआईएका प्रमुखहरू, सैनिक जनरलहरू, प्राध्यापकहरू, न्युयोर्कका पत्रकारहरू र वैज्ञानिकहरूमार्फत बदलिँदो बुद्धिका आयामबारे छलफल गर्छन् । अमेरिकामा एउटा घारणा छ- 'सिटी अन द हिल' अर्थात अमेरिकाले जे गर्छ, कल्याण गर्छ । तर विश्व व्यवस्था लिएको करिब सय वर्ष पुग्नलाग्दा अमेरिका अहिले थकित र चकित छ । थकित यसकारणले कि अफगानिस्तान, इराक र लिबियाको संकटले उसको अन्तर्राष्ट्रिय लागतमा प्रश्न उठेको छ । चकित यसकारणले कि एसियाको सबैभन्दा ठूलो राष्ट्र चीनको अद्भुत उदयले शीतयुद्धपछि उसले शत्रु भेटेको छ । यी यस्ता प्रश्नहरू हुन्, जहाँ जकारिया घोत्लिन्छन्, सूचना विश्वव्यापी बनाउँछन् र साम्राज्यको रक्षा गर्छन् । एक्काइसौं शताब्दीको अमेरिकामा केन्द्रित उनको यो कार्यक्रम उदार विश्वको व्यवस्था रक्षा गर्न सञ्चालन गरिएको हो । उनी अमेरिका अद्भुत छ, आर्थिक र वैज्ञानिक दृष्टिले भनेर बारम्बार दाबा गर्छन् । लोकप्रियतावाद विरुद्ध उदार प्रजातन्त्रको रक्षा गर्छन् र भन्छन् कि पुँजीवादसँग मानव समस्या समाधान गर्ने क्षमता छ ।



सन् १९४५ पछि विश्व रंगमञ्चमा उदाएको अमेरिका नेतृत्वको वर्तमान विश्व व्यवस्थाको कवच बन्नु मानव जकारियाको धर्म हो । आखिर शीतयुद्धकालीन राजनीतिका यी गहन अध्येता विश्व प्रसिद्ध हार्वर्ड विश्वविद्यालयबाट अमेरिकी विदेश नीतिमा विद्यावारिधी न हुन् । यस अघि 'न्युजविक'का अन्तर्राष्ट्रिय सम्पादक बनेका उनी हाल वासिङटन पोष्टका स्तम्भकार छन् । आधा दर्जनभन्दा बढी किताब लेखेका उनको पछिल्लो पुस्तक 'पोष्ट अमेरिकन वर्ल्ड' हो । उनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको दाउपेच र एकाधिकारवादलाई भण्डाफोर गर्दै एक घन्टाको वृत्तचित्र बनाएका छन् । उनका कार्यक्रमका सार हुन्– उत्तर कोरिया, इरान, भेनेजुएलाको नीति ठिक छैन । चीन दीर्घकालीन खतरा हो । ट्रम्प राष्ट्रपति हुन योग्य छैनन् । संसारमा छाएको लोकप्रियतावाद उदार प्रजातन्त्रका लागि खतरा छ, अमेरिका सम्हालिनुपर्छ । यो अझै विश्वको हैकम गर्न योग्य छ । आदि-आदि ।

विश्वका प्रमुख जर्नलहरू, विविध विषयका प्रतिवेदनहरू र स्रोत व्यक्तिलाई उद्धरण गर्नु उनको विशेषतै हो । तैपनि प्रश्न भने उठ्छ– के जकारियाको सूचना राजनीति सही छ ? उता अलजजिरामा मारवान विसारा 'इम्पायर' अर्थात साम्राज्य कार्यक्रममा चिच्याउँछन् । साम्राज्य ठिक हैन, अमेरिका विश्वका लागि खतरा हो, साम्राज्यले शोषण र पुँजीवादमार्फत विश्वलाई मरणासन्न बनाएको छ जस्ता विचारहरू व्यक्त गर्छन् । वर्तमान विश्वमा पश्चिमी सञ्चार माध्यमको बोलवाला रहेको बेला अलजजिरामा विसारा वैकल्पिक स्वर दिएर देखापर्छन् । पेरिसस्थित अमेरिकी विश्वविद्यालयका पूर्वप्राध्यापक विसारा टेलिभिजनका वामपन्थी स्टार हुन् भने फरिद जकारिया पुँजीवादी विश्वको प्रवक्ता हुन् । विचार र सूचनाको सुनामी चलेको वर्तमानमा यी प्रस्तोताहरू आज आफ्नै सत्यको व्यापार गर्छन् ।

फरिद जकारिया विश्वशक्ति सन्तुलन संक्रमणकालमा गुज्रिरहेको बेला पश्चिमका सेवक हुन् । उनी आफ्नो कर्मभूमि अमेरिकाका सही रक्षक पनि हुन् । तर विश्व जकारियाले भनेजस्तो मात्रै छैन । गैरपश्चिमी समाजका समस्याहरू र विमर्श बिरलै प्रस्तुत हुन्छ, उनको कार्यक्रममा । आफ्नो जन्मभूमि भारतलाई पनि उनी अमेरिकी आँखाले हेर्छन् । उनी बुद्धिको व्यापार गर्ने सम्भ्रान्त पत्रकार हुन् । जकारियाले जति साम्राज्यको सेवा गरे पनि र वैकल्पिक विश्वबारे ध्यान नदिए पनि दक्षिण एसियाली पत्रकारका लागि उनी सफल उदाहरण हुन् । अमेरिकामा सफलता पाएका अनेकौं आप्रवासी मध्येका एक चम्किला तारा हुन् ।

विशेषज्ञ भएर होला, अमेरिकी विदेश नीतिमा उनको आफ्नै दाबी छ । कस्तो विदेश नीति अपनाउने ? यथार्थवादी, आदर्शवादी वा हस्तक्षेपकारी । उता वामपन्थी चिन्तक तथा प्राध्यापक नोम चम्स्की भन्छन् कि 'म सीएनएन हेर्दै हेर्दिन । यो विदेश मन्त्रालयको प्रवक्ता हो ।' अमेरिकी संस्थापन पक्ष र पुँजीवादी दृष्टिकोणलाई सूचनाको राजनीतिमार्फत प्रचार गर्ने कार्यक्रमका सञ्चालक हुन् जकारिया, जसलाई भारतीय कूटनीतिज्ञ शशी थरुरले अमेरिकाका विदेशमन्त्री बन्न योग्य छन् भनी टिप्पणी गरेका थिए ।

इरानमा भूकम्प, ६ को मृत्यु

तेहरान (एजेन्सी)- इरानको उत्तर-पश्चिम प्रान्त इस्ट अजरबैजानको तार्क क्षेत्रमा गएको भूकम्पमा कम्तीमा ६ को मृत्यु भएको छ ।

स्थानीय अधिकारीका अनुसार कम्तीमा १ सय २० घाइते छन् । इरानको भूगर्भ विभागले ५.९ म्याग्निच्युडको भूकम्प गएको जनाएको छ । स्थानीय समयअनुसार भूकम्प शुक्रबार बिहान २ बजेर १७ मिनेटमा गएको हो ।

प्रान्तीय गभर्नर मोहम्मद रेजा पोर्मोहमादीले भूकम्पबाट कम्तीमा ३० घर क्षतिग्रस्त भएका जनाए । इरानमा सन् २०१२ मा गएको भूकम्पका कारण ३ सयको मृत्यु भएको थियो ।

ट्रम्पलाई २० लाख डलर तिर्न आदेश

न्युयोर्क (एजेन्सी)- अमेरिकाको एक अदालतले एक संस्थाको रकम दुरुपयोग गरेको ठहर गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई २० लाख डलर तिर्न आदेश दिएको छ ।

न्युयोर्कस्थित अदालतका अनुसार राष्ट्रपति ट्रम्पले परोपकारका लागि स्थापित संस्था 'द डोनाल्ड जे ट्रम्प फाउन्डेसन' को कोष दुरुपयोग गरेका हुन् । राष्ट्रपति ट्रम्पले आफ्नो फाइदाका लागि उक्त संस्थालाई प्रयोग गरेका तथा संस्थाको रकम खर्चेको न्युयोर्कस्थित अदालतकी न्यायाधीश सालियान स्कार्पलाले ठहर गरेकी हुन् ।

न्यायाधीश स्कार्पलाले ट्रम्प र उनका छोराछोरीले सञ्चालन गरेजस्ता परोपकारी संस्थाले राजनीतिमा संलग्न हुन नपाउने आदेशसमेत दिएकी छन् । अदालतको आदेशअनुसार २० लाख डलर राष्ट्रपति ट्रम्पले आफ्नो व्यक्तिगत सम्पत्तिबाट तिनुपर्नेछ ।

'द डोनाल्ड जे ट्रम्प फाउन्डेसन' सन् २०१६ को राष्ट्रपतीय निर्वाचन अभियानका क्रममा ट्रम्प आफैंले स्थापना गरेका थिए ।

गान्धी परिवारको विशेष सुरक्षा हटाइयो



■ सुरेशराज न्यौपाने (नयाँदिल्ली)

नरेन्द्र मोदी नेतृत्वको सरकारले विपक्षी दल भारतीय राष्ट्रिय कंग्रेस अध्यक्ष सोनिया गान्धी, राहुल गान्धी र प्रियंका गान्धी बाड्राले पाउँदै आएको विशेष सुरक्षा समूह (एसपीजी) को प्रबन्ध हटाउने निर्णय गरेको छ ।

गृह मन्त्रालयले उनीहरूलाई दिँदै आएको एसपीजी हटाएर 'जेड प्लस' को सुरक्षा दिने निर्णय शुक्रबार गरेको हो । यसअघि एसीपीजी सुरक्षाअन्तर्गत गान्धी परिवारका तीनै जना सदस्यका लागि प्रत्येकका लागि ३ हजार जनाको विशेष तालिम प्राप्त सुरक्षा दस्ता खटिँदै आएको थियो । अब यस्तो सुविधा प्रधानमन्त्री नरेन्द्र मोदीका लागि मात्र हुनेछ । जेड प्लस सुरक्षामा केन्द्रीय अर्धसैनिक बलका सय जना खटिने गर्छन् । सन् १९८५ मा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको आफ्नै सुरक्षागार्डबाट हत्या गरिएपछि प्रधानमन्त्री र परिवारको सदस्यको सुरक्षाका लागि एसपीजीको गठन गरिएको थियो ।

एसपीजी सुरक्षा हटाएकोमा विपक्षी दल कंग्रेसले भने तीव्र विरोध गरेको छ । विरोधस्वरूप कंग्रेसको युवा इकाईले गृहमन्त्री अमित शाहको दिल्लीस्थित निवासबाहिर प्रदर्शनसमेत गरेका छन् । कंग्रेसले एसपीजी सुरक्षा हटाउने निर्णयको विरोध गर्दै सरकारले सोनिया, राहुल र प्रियंकाको जीवनसँग खेलवाड गरेको आरोपसमेत लगाएको छ ।

भारतीय सञ्चारमाध्यमले गान्धी परिवारले सुरक्षा प्रबन्ध कायम गराउन सहयोग नगरेका कारण सरकारले त्यस्तो निर्णय लिएको उल्लेख गरेका छन् । गान्धी परिवारले देशभित्र र बाहिर भ्रमण गर्दा आवश्यक समन्वय नगरेकाले यस किसिमको निर्णय लिइएको सरकारी पक्षको दाबी छ । भारतीय खुफिया संस्थाहरूको सुरक्षासम्बन्धी सुझावको आधारमा त्यस्तो निर्णय लिइएको दाबी सरकारको छ ।

राहुल गान्धीमाथि भने सुरक्षा हेलचेक्राइँ गरेको आरोपसमेत लगाइएको छ । राहुलले सन् २०१५ देखि मे २०१९ सम्ममा १८९२ पटक बुलेटप्रुफ सवारीसाधन प्रयोग नगरेका बताइएको छ । त्यसैगरी उनले सन् १९९१ यता १ सय ५६ विदेश भ्रमणमध्ये १ सय ४३ मा एसपीजी सुरक्षा लिएको र आफ्नो भ्रमणबारे अन्तिम समयमा बताउने गरेको आरोपसमेत लगाइएको छ ।

कंग्रेसले राजनीतिक प्रतिशोधका आधारमा यस्तो निर्णय गरिएको आरोप लगाएको छ । 'भाजपा अन्ततः व्यक्तिगत प्रतिशोधको तहमा ओर्लेर दुई जना पूर्वप्रधानमन्त्रीको परिवारका सदस्यको जीवनलाई जोखिममा पारेको छ,' कंग्रेस वरिष्ठ नेता अहमत पटेलले ट्वीटरमा लेखेका छन् ।

'प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाह व्यक्तिगत घृणा र बदलाको भावना र राजनीतिक प्रतिशोधमा अन्धो भएर जबरजस्ती गान्धी परिवारको एसपीजी सुरक्षा व्यवस्था फिर्ता गर्ने निर्णय लिएका हुन्,' कंग्रेस प्रवक्ता रनदीपसिंह सुर्जेवालाले पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा भनेका छन् । सुर्जेवालाले तत्कालीन प्रधानमन्त्री अटलविहारी बाजपेयीले नै एसपीजी कानुन संशोधन गरेर गान्धी परिवारलाई त्यस्तो सुरक्षा व्यवस्था उपलब्ध गराएको तर, मोदी सरकारले त्यो हटाएर आफ्नो हैसियत देखाएको समेत आरोप लगाएका छन् ।

The Asia Foundation

VACANCY ANNOUNCEMENT

The Asia Foundation invites application for **Deputy Program Director** responsible for the day-to-day management and operational aspects of its Subnational Governance Program. Core responsibilities include producing high-quality progress reports including budget and expenditure data; providing oversight to cross cutting themes such as communications, risk management, and GESI mainstreaming; ensuring sound financial and budget management including grants management; and maintaining effective coordination and work relationships amongst program areas/team members.

Education

Master's or advanced degree in management or business administration, political sciences, public policy, international development, economics, social science, or a related field of study.

Experience

Essential: Minimum of 7 years' professional experience in management, operations, international development and/or foreign affairs in Asia with private, public, bi-lateral or multi-lateral development institutions and/or non-profit organizations. Minimum three years of demonstrated progressive management and budget oversight responsibilities for program implementation. Minimum five years' experience in financial and grants management, and report writing. Experience in managing international donor-funded projects. Proven track record of managing and implementing political and/or economic governance programs with a national/subnational/local emphasis in Nepal. Demonstrated in-depth knowledge of Nepal political, economic, and social context.

Applicants are requested to read through the position description uploaded at **http://116.66.198.226:8080/**and email their CV along with a cover letter describing suitability for the position by **5:00 pm 20 November 2019** to country.nepal.jobs@asiafoundation.org referencing the position title "Deputy Program Director" in the subject line. Only short-listed candidates will be contacted. Telephone calls will not be entertained.

VACANCY ANNOUNCEMENT

1st Publication Date : 09 November, 2019 (23 Kartik, 2076)

Mechi Eye Hospital, a not for profit tertiary eye hospital with 220 beds delivering community eye health care services under Mechi Eye Hospital Sangh and being supported by Eyecare Foundation, the Netherlands since its inception on 15th November 1996 is looking for potential and deserving candidates for Vitreo-Retina Fellowship. It is a non-academic & skill transfer training program:

S/n.	Post	Nos
1.	Medical Retina Fellowship (6 Months)	2 (Two)
2.	Surgical Retina Fellowship (18 months)	1 (One)

Eligibility Criteria:
- Candidate must have MD/MS (Master in surgery or Medicine) in Ophthalmology from recognized University/ Institute and possess Nepal Medical Council Specialty Registration Certificate.

Required documents with application:
- NMC Registration Certificate-Specialty
- Professional C.V.
- Professional Qualification Certificate
- Photocopy of Citizenship Certificate
- Recent Photo (Passport Size)

Interested and aspiring candidates should have pleasant personality, sound conceptual & analytical skills and team player with excellent interpersonal & communication skills along with a positive attitude suitable for the profession.

Application should be submitted within 15 days after the first date of notice publication.

Only short listed candidates will be called for the interview.

Telephone inquiry is strictly prohibited.

Mechi Eye Hospital
Birtamode-3, Jhapa, Telephone no: 023-541992/541993
Email ID: mecc@ntc.net.np

DUBAI स्थित 5 Star लेवलको Hotel मा Free Visa ! Free Visa !! सहित रोजगार

INTERCAT Hospitality LLC

पुनः विज्ञापन स्वीकृती मितिः २०७६/७/७ चलानी नं. ३६ LT No. 223011

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Service Supervisor	9	कामभा दक्ष	3500	१०८,२१३।-	अनुसार	८ घण्टा	६ दिन	अनुसार	छ		२ वर्ष
२.	Waiters	38		1200	३७,१०१।-							
३.	Junior Waiter	40		1200	३७,१०१।-							
४.	General Cook	17		1500	४६,३७७।-							
५.	Assistant Cook	20		1400	४३,२८५।-							
६.	Cleaner / Helper	22		900	२७,८२६।-							

यसै कम्पनीको लागि Sous Chef, Baker/Pastryman, Chapati Maker, Paratha Maker, Butcher/Junior Butcher हरुको माग भएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	निःशुल्क

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ कार्तिक २३ र २४ गते (9 & 10 Nov) हुनेछ ।

बैदेशिक रोजगार विज्ञापन गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्नै राख्नुहोला । ६) कामभा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुढानगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

NAMASTE NEPAL MANPOWER PVT. LTD.
Gov. Lic. No. 355-059/060
Maharajgunj-3, Chakrapath, Kathmandu, Tel.: 01- 4376406, 4017803, 4017805
9851088934, 9818017426, 9851007872, 9801128585, 9813312471

UAE मा Security Guard हरूलाई रोजगार

Preferred Guard Services

पूर्व स्वीकृती मितिः २०७६/०६/२९ चलानी नं. ६०१४४६४० LT.No. 225477

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Male Security Guard	50	कामभा दक्ष	1700	५२,७४५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

SLC पास, उचाई ५ फिट ६ ईन्च र उमेर २१ देखि ४० वर्ष सम्म भएको हुनुपर्नेछ ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु. १०,०००।-

फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ कार्तिक २३, २४ र २५ गते (9, 10 & 11 Nov.) आज, भोली र पर्सी हुनेछ ।

बैदेशिक रोजगार विज्ञापन गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्नै राख्नुहोला । ६) कामभा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुढानगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

FOREVER HUMAN RESOURCE SOLUTION PVT. LTD.
Govt. Lic: 1411/074/75
Tokha Road-10, Samakhushi, Kathmandu, Tel : 01-4353298
4354685, 9840891761, 9851188173, 9810023016, 9813640521

UKaid from the British people

VACANCY ANNOUNCEMENT

The Leprosy Mission Nepal

The Leprosy Mission (TLM) is present in more than 30 countries around the world and is working in Nepal since 1967 with its Health and Disability interventions, Inclusive Development, Research and Advocacy activities. **TLM Nepal** is leading a consortium implementing the "**HEAL Project**" in 11 districts* over 3 years with the support from **UKAID.** The goal of the project is to provide cutting-edge treatments, care and backstopping to end suffering and disability caused by leprosy and lymphatic filariasis in endemic districts of Nepal. *Lalitpur (Central Office), Morang, Sunsari, Rautahat, Bara, Parsa, Chitwan, Lalitpur, Kapilbastu, Banke, Bardia, Rupandehi.

Designation	No	Location	Minimum Qualification	Key Responsibilities
Project Director	1	Lalitpur	Master's Degree (PhD preferred) in public health or related discipline and a minimum of 10 years of experience	Projectoversight, planning and monitoring responsive engagement with national and international stakeholders contributing to national leprosy and LF (NTD) program.
Project Manager	1	Lalitpur	Master's Degree in public health, epidemiology, global health or relevant discipline and a minimum of 7 year's progressive experience.	Lead project interventions in all 11 districts coordinating with staff and key stakeholders. Provide technical support through mobilization, monitoring and supervision of teams and activities.
Finance Manager	1	Lalitpur	Master's Degree in accounting, finance or semi qualified CA/ACCA with bachelor degree and a minimum of 3 to 5 years' experience.	Management of accounts, financial reporting, and compliance with donor finance requirements.
MEAL Manager	1	Lalitpur	Master's Degree in Economics, Development studies, Statistics or related social science and a minimum of 3 to 5 years' experience.	Design, develop and implement MEAL system in project areas, verify information, increase evidence and accountability.
District Coordinators	5	Bake, Bara, Morang, Rupandehi, Chitwan,	Bachelor's Degree in public health or related discipline and at least 3 to 5 years' experience.	Lead district level interventions providing strategic direction and coordinating field staff in project activities in coordination with relevant stakeholders.

Application process:
- Retrieve detailed TOR for each position and application form from the link:
  - Job Application Web Link: http://**tiny.cc/Jobapplication**
  - TOR WebLink: **https://preview.tinyurl.com/HEALJD**
- Submit application form, CV with 3 references clearly indicating the position to **recruitment@tlmnepal.org** closing date for application is 16th November 2019. Immediate start with availability on the 1st week of December.
- No telephones call will be entertained.

TLM Nepal is an equal opportunity employer. We encourage candidates of diverse backgrounds, women and persons with disability to apply. TLM Nepal is committed to safeguarding; protecting children and vulnerable adults and as such candidates will be subject to pre-employment checks.

बर्गिकृत डिस्प्ले

अफिसको लागि ठाउ चाहियो
३५००-४००० स्क्वायर फिटको हल अथवा त्यतीनै बराबरको २, ३ तलाको फ्लाट चाहियो ।
Area:
धोवीखोला करिडोर, डिल्लीबजार, नक्साल, कमलादी, कमलपोखरी, अनामनगर, थापागाउ
सम्पर्क: ९८०८१६२५१८

CAT 23 TON Excavator
फाईनान्स सुविधा सहित

1.2 Cu. Meter Rock Bucket
Kathmandu: 9851243764, 9851215758, 9851206758, 9851214758, 9851243761
Pokhara: 9851209758 | Hetauda: 9851229758
Butwol: 9851218258 | Kohalpur: 9851243758
Itahari: 9851221758

जग्गा बिक्रिमा
कुपोण्डोल (बागमति कोरिडोर) अवस्थित १९ आना २ पैसा, दुई तर्फी मोहोडा (अगाडि: ३५ फि., उत्तर र पछाडी: १० फि.,पश्चिम) भएको जग्गा तु. बिक्रिमा छ । मूल्य रु. ७५ लाख प्रति आना ।
९८०१११३५०५
९८०१११५०४६
सम्पर्क समय: बिहान १० देखि ५ (कृपया ब्रोकरहरुले सम्पर्क नगर्नुहोला)

चलिरहेको रेष्टुरेण्ट बिक्रिमा
बागबजार पद्मकन्या कलेज अगाडि राम्रो चलिरहेको रेष्टुरेण्ट बिक्रिमा
फोन ९८२४०५७६०१ ९८१३०४८८११

IMMEDIATELY WANTED
A secondary TEACHER for
SCIENCE
(Part-time)
Salary: Attractive
Experience: Min. 3 years
Contact: 9851098141/9849672887
Email your updated C.V. at : schooladv2019@gmail.com

यौन-शक्ति
फ्रि-होम डेलिभरी
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहे नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन SEX-TOYS पनि पाईन्छ
कपाल कर्न रोकी पुन:उमार्न-Hair Building Fiber
हेलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This is Food Supplement Products, Not For Medicinal Use

घर जग्गा बिक्रीमा
ललितपुर इमाडोल कमल पोखरी मेन रोडमा कमर्सियल घर जग्गा बिक्रीमा प्रति आना ६५,००,०००।-
सम्पर्क
९८५१०६८७२५
९८५११३३६८७

४ कोठाको CGI Sheet घर बिक्रीमा
पिठुवा-रत्नबगर टाँडीबाट-२.५० कि.मि. मात्र

सुलभ ब्याजदर मा
रू २० लाखको Finance हुने
०५६-५२७१८६
९८५५०५९८५३
९८५५०५६०२५
email - gicngh@gmail.com

घडेरी बिक्रिमा
गोठाटार WAVE SCHOOL सँगै Green Hill City जाने बाटोमा घडेरीहरु बिक्रिमा

९८५१०१४८७२/९८५१०५०१२७

33 कर्मचारी तु:आवश्यकता
S.I.C. लाई थप कर्मचारी
योग्यता: Test,SLC,SEE or +2 वा सो भन्दा बढी
तलब: 15,500/- TA+Bonus सहित
सुबिधा: Free Training
बालाजुचोक, काठमाण्डौ (जनमैत्री हस्पिटलसँगै)
01-4388962
9818349301
नोट:Office Visit गर्दा Original Document अनिवार्य छ
शनिबार पनि अफिस खुल्ला रहनेछ

५५ कर्मचारीहरु अर्जेन्ट
नेपाल सरकारबाट मान्यता प्राप्त
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test,SEE, +2 साधारण लेखपढ गर्न जान्ने/बुझ्ने
सुबिधा:- नाडीभाडा:-१००।- खाजा:-१००।-
काम: कम्प्यूटर/उत्पादन सेक्टर
तलब:- Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
चावहिलचोक
इजिलिंक नेपाल प्रा.लि.
9803434644, 014483414
9866446837

अटो वर्कसपको लागि जग्गा चाहियो
संचालनमा रहेको अटो वर्कसप वा वर्कसप सेवाको लागि १.५-२ रोपनी जग्गा, कोटेश्वर देखि कलंकीसम्मको रिङरोड बाहिर १५० मि. सम्म भित्र पर्ने १३ फुटे बाटो भएको जग्गा लिजमा चाहियो ।
सम्पर्क
९८५११८२९६५/९८०१८८१३६४

आकर्षक घडेरी बिक्रिमा
गोठाटार WAVE SCHOOL सँगै Green Hill City जाने बाटोमा ३ आना र ४ आनाका आकर्षक टुक्रा घडेरीहरु बिक्रिमा
९८५१०५०१९७

Urgently Required
A reputed school in Kandaghari, Gothatar requires experienced Lower Secondary and Secondary English teachers.
Ekalavya Shikshya Sadan
Gothatar, Haraharamahadev
Contact:- 01-4991846, 9841807851, 9841571662, 9851157520
Salary negotiable

घडेरी बिक्रिमा
गठ्ठाघर मेनरोडबाट १५० मि. भित्र आकर्षक टुक्रा ६/६ आनाका (एकमुष्ट समेत) घडेरीहरु बिक्रिमा

९८५१०२७२२२

TEACHERS WANTED
Full Time
1. Pre-Primary Nepali -1
2. Pre-Primary Maths -1
3. Hostel Warden -1 (Single/Couple)
4. Kitchen Helper+Cleaner - 2
Part Time
1 . Morning Shift 6:15am to 8:15am
↳ Primary Math -1
2. L. Sec. Science-1 6:15am to 8:15am
3. Dance Teacher -1
Sapta Gandaki Boarding School
Basundhara Chouki, Kathmandu
9860332367,9860332369

अमेरिकाको कन्यालाई योग्य वर चाहियो
एक सुन्दर, शुशिल (२७-२८) वर्षको कन्यालाई (ग्रिनकार्ड र Registered Nurse) एउटा योग्य केटा चाहियो । केटा (ब्राम्हण) अमेरिकामा बस्ने, Medical अथवा IT Field को हुनु पर्दछ ।
सम्पर्क:
usa.marriage7@gmail.com

जग्गा बिक्रिमा
हिमाल र काठमाण्डौ उपत्यका देखिने डाँडाको टुप्पामा जंगल जोडिएको र मोटरको बाटो भएको २४-४० रोपनी बहुमुल्य जग्गा बिक्रिमा ।
सम्पर्क नं.
९८४१९१४७१६
९८५१०५०९८६

पोखराको जग्गा बिक्रीमा
हिमालको मनोरम दृष्य छर्लङ्ग देखिने पोखरा पृथ्वीचोक बाट मात्र १२ कि.मि. उत्तर पूर्वमा प्रिन्स चार्ल्स हिल सगैं जोडिएको १९ रोपनी जग्गा तुरुन्त विक्रिमा छ । खरिद कर्ताले मात्र सम्पर्क गर्नुहोला । प्रति आना १,५०,००० मात्र ।
सम्पर्क: ९८५१०५६००७ ९८१३०३१९७९

घर बिक्रीमा
सामाखुशी रिङ्गरोडबाट नजिकै टोखा रोड खरिबोट एक कित्ता भित्र ३-४ आनाका नयाँ घरहरु बिक्रीमा मूल्य २,२५,००,००० देखी २,५०,००,००० सम्म ।
सम्पर्क: ९८४१४५६११४

भूल सुधार
मिति २०७६/०७/२१ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा रोजगार शिर्षक, कतारमा रोजगार, कम्पनी : Amwaj Catering Service को विज्ञापनमा सि.नं. १, २ ३ र ४ को चलानी नं.: ६०११८०४९, L.T. No.: 197225 र सि. नं. ५ चलानी नं.: ६०१२२१९० र L.T. No.: 201075 पर्नेमा भुलवस छुट्न गएकोले भूल सुधार गरिएको छ ।
फ्युचर इम्प्लोईमेन्ट सर्भिस प्रा.लि.
नाडिभाट- २, गैरीधारा, काठमाडौं, फोन: ४००४५२, ४००४५३
भ्रम ट्रंजाक्ट नं. : ६२७/०६२/०६४, E-mail: cv@futuregroup.com.np

सुनौलो मौका सुनौलो मौका
अकस्मात विदेश जानु परको कारण चक्रपथबाट ०.५ कि. मि भित्र २० फिट बाटो र ढल जडान भएको कुसुन्तीको आर्कषक घडेरीहरु बिक्रिमा जुनसुकै बेलाम पास गर्न सक्ने ।
सम्पर्क
९८५१२३०८८२
९८५१०५१९१५

अफिसको लागि ठाउँ चाहियो
१५००-२५०० वर्ग फिटको हल वा १-२ तल्ला फल्याट पर्याप्त पार्किङ भएको अफिसको लागि भाडामा चाहियो ।
Area: नयाँबानेश्वर, बुद्धनगर, शंखमुल, मीनभवन,
सम्पर्क: ९८०१९७६८५५

इन्स्टिच्युट बिक्रीमा
चालिरहेको कोरियन,जापानिज भाषा सेन्टर तु:बिक्रीमा ।
चाबहिल पिपलबोट
9810273431
9851100431

TEACHERS WANTED
1. Primary English-1
2. Primary Nepali-1
3. Hostel Sister-1
The Spangle Boarding High School
Kalikasthana, Dillibazar, Kathmandu
Contact No. 01-4424885, 9841052118
9841478761, 9841401032.
Email: spangleschool2017@gmail.com
Website: www.spangleschool.com

Space For Rent
Prime Rental Space for rent on the main road of Lake Side near Barahi Chowk. The space is around 600 square feet and fully finished. This place is suitable for shop and show-room and Trekking office.
For more details and to view.
Contact :
9856041134, 061-461477

तत्काल आवश्यकता !
कोटेश्वर, काठमाण्डौ स्थित ग्रामर स्कुलको आधारभूत तहको लागि नेपाली बिषयको शिक्षकको तत्काल आवश्यकता भएको हुँदा योग्य उम्मेद्वारहरु बाट निवेदन आवहान गरिन्छ ।
सङ्ख्या - २
योग्यता - बि.ए. वा बिएड.
अनुभव - कम्तिमा २ बर्ष
तलब - आकर्षक
फोन नं.- ०१-४६०१२१३, ४६००३६७
ग्रामर स्कुल/कलेज
सेतीओपी मार्ग, कोटेश्वर, काठमाण्डौ-३२

स्क्रब टाइफस

अझै जोखिम

■ **अतुल मिश्र** (काठमाडौं)

जाडो सुरु हुन थाले पनि मुलुकको विभिन्न भागमा स्क्रब टाइफसको संक्रमण अझै रोकिएको छैन। सहरको दाँजोमा ग्रामीण क्षेत्रमा यो संक्रमणको चुनौतीमा बढी कायम छ।


शंकास्पद उच्च ज्वरोको बिरामीलाई चिकित्सकले स्क्रब टाइफसको परीक्षणसमेत गराउने गरेका छन्। स्क्रब टाइफसको लक्षण डेंगु, ब्रुसिलोसिस, औलोलगायत थुप्रै संक्रामक रोगसँग मिल्दोजुल्दो हुन्छ। यो संक्रमण वर्षभरि नै हुने गरे पनि वर्षा यामपछि र धान काट्ने समय मुसाको चहलपहल बढेपछि बढी देखिने गर्छ।

सरकारी तथ्यांकअनुसार स्क्रब टाइफसको हाल प्रयोगशाला प्रमाणित केसको संख्या गत आइतबारसम्ममा १२ सय ७१ भइसकेको छ। तर वास्तविक संख्या बढी पनि हुन सक्ने दाबी केही चिकित्सक गर्छन्।

सन २०१६ मा यो संक्रमण मुलुका ४८ जिल्लामा देखिएको थियो भने यो वर्ष बढेर ६३ जिल्लामा पुगेको छ, यी मध्ये सबै भन्दा बढी रूपन्देही, धादिङ, पाल्पा, काठमाडौं, चितवन, गुल्मी, अर्घाखाँची, ललितपुर, मकवानपुरलगायतका जिल्लामा स्क्रब टाइफस देखिएको छ।

राजधानीको काठमाडौंमा हालसम्म ८३, ललितपुरमा ३१ र भक्तपुरमा ७ जनालाई समेत स्क्रब टाइफस देखिएको छ।

'यस पटक स्क्रब टाइफस ग्रामीण क्षेत्रमा बढी देखिएको छ,' इपिडिमियोलजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी), किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. प्रकाश शाहले भने, 'केही साताअघि कान्ति बाल अस्पतालमा धनुषाबाट आएका एक



बच्चाको मृत्यु स्क्रब टाइफसबाटै भएको छ।' यस्तै चितवनमा मृत्यु भएको एक व्यक्तिमा डेंगुसँगै स्क्रब टाइफसको समेत संक्रमण देखिएको थियो। यो वर्ष हालसम्म स्क्रब टाइफसले ३ जनाको मृत्यु भइसकेको डा. शाह बताउँछन्।

गत असोज महिनामा मात्र मुलुकभरि करिब ४ सय ५० वटा स्क्रब टाइफसको रिपोर्टेड केस देखिएको डा.शाहले बताए। कात्तिक महिनाको पहिलो र दोस्रो साताम समेत राजधानीलगायतका ११ जिल्लाबाट करिब १ सय स्क्रब टाइफसको केस देखिएको उनको दाबी छ।

शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पताल, टेकुका निर्देशक डा. वासुदेव पाण्डेका अनुसार यो वर्ष मुलुकमा डेंगु सँगसँगै स्क्रब टाइफससमेत फैलिएको हो। वर्षभरि नै देखिने गरिए पनि मौसम चिसो हुँदै जाँदा रोगको फैलावट कम हुँदै जाने विज्ञहरू बताउँछन्।

स्क्रब टाइफस मुसामा लाग्ने किर्नाजस्तो देखिने माइट (कीरा) को टोकाइबाट मानिसमा सर्छ। 'ओरेन्सिया सुसुगामुसी' नामक ब्याक्टेरिया (जीवाणु) यी कीरा (माइट) मा पाइन्छ। पहिले ओरेन्सियालाई रिकेटसियासमेत भन्ने गरिन्थ्यो। यही 'ओरेन्सिया सुसुगामुसी' नामक जीवाणु शरीरमा बोकेको कीराले टोकेपछि यो रोग लाग्ने गर्छ।

करिब ०.२ मिलिमिटर देखि ०.४ मिलिमिटर लामो कीरा नै यो संक्रमणको वाहक र संग्रहकर्ता हो। यसलाई आवर्धक सिसा वा सूक्ष्मदर्शक यन्त्रद्वारा राम्ररी देख्न सकिन्छ। यो कीराको लार्भा अवस्थाले नै मानिसमा रोग सार्न सक्छ।

'यस्ता कीराको मलमूत्र अर्थात् संक्रमित तरल पदार्थ छालाको खोस्रिएको भागबाट शरीरमा प्रवेश गर्दा पनि यो रोग हुन सक्छ,' डा. शाह भन्छन्। तर यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा भने सर्दैन।

संक्रमित कीराले टोकेको ६ दिनदेखि ३ साताभित्र स्क्रब टाइफसको लक्षण मानिसमा विकसित हुन्छ। यो संक्रमणमा उच्च ज्वरोसँगै शरीरको जुन ठाउँमा टोकेको हो, त्यहाँको छाला कालो हुन्छ।

अलि राम्ररी हेर्ने हो भने स्क्रब टाइफसले गर्दा एउटा फरक प्रकारको घाउ बन्छ। यो घाउ सुरुमा रातो रंगको हुनुको साथै करिब एक सेन्टिमिटर जति गोलो हुन्छ। पछि गएर यो घाउ च्यातिएर कालो रंगको पाप्राले छोपिन्छ।

यो शरीरमा देखिने 'प्याच' जस्तै कालो छापलाई मानिसले ध्यान नदिने गरेको औल्याउँदै डा.पाण्डे भन्छन्, 'डेंगुमा जस्तै ज्वरो आउने, शरीर दुख्ने भए पनि यो 'प्याच' ले नै स्क्रब टाइफस हो भन्ने किटान गर्न सकिन्छ।'

यस्तो संक्रमण भएको पहिलो साता बिरामी खोकी रहन्छ भने अर्को साता निमोनियासमेत विकसित हुन सक्छ। कीराले टोकेको पहिलो साता बिरामीमा ज्वरो बढ्ने, तीव्र टाउको दुख्नेजस्ता समस्या देखिन्छन्। यति मात्र नभई संक्रमण भएको ५ देखि ८ दिनमा शरीरको छेउछाउमा धब्बा/टाटो बन्छ।

यो धब्बा विस्तारै खुट्टा, बाहुलामा समेत देखिन थाल्ने टेकु अस्पतालकै डा. शेरबहादुर पुन औल्याउँछन्। उनका अनुसार यो रोगमा देखिने जटिलताअन्तर्गत निमोनिया, मेनिगोएन्सेफलाइटिस र मायोकार्डिटिस हुन्। निमोनिया र मायोकार्डिटिसको गम्भीर मामिलामा मृत्यु दर ३० प्रतिशतसम्म हुन सक्छ।

अमेरिकास्थित सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) अनुसार एसियामा यो संक्रमणले वर्सेनि करिब १० लाख व्यक्तिलाई प्रभावित गर्ने गरेको छ।

जटिलता

यो जीवाणु हाम्रो शरीरमा फैलिएपछि फोक्सो, कलेजो, मस्तिष्कमा थुप्रै प्रकारको संक्रमण हुन थाल्छ। यसले गर्दा संक्रमित व्यक्ति 'मल्टिअर्गन डिजअर्डर (धेरै अंगहरूको समस्या) को अवस्थामा पुग्छ।

समयमै उपचार नभए रोग गम्भीर भएर निमोनियाको रूपसमेत लिन सक्छ। विभिन्न तथ्यअनुसार निमोनियाको जटिलता ३० देखि ६५ प्रतिशत देखिएको छ। केही बिरामीको मृगौला र कलेजो राम्ररी काम गर्दैन। यसले गर्दा बिरामी व्यक्ति बेहोसी अवस्थामा जान्छन्।

बेलायतस्थित नेसनल हेल्थ सर्भिस (एनएचएस) का अनुसार स्क्रब टाइफसको उपयुक्त उपचार नगर्दा जटिलता देखिन सक्ने जोखिमसमेत रहन्छ। यसअन्तर्गत दीर्घकालीन रूपमै सुन्ने क्षमता गुम्नु, निम्न रक्तचापका साथै अंगमा क्षति र मृगौला फेल हुनु, निमोनियाजस्ता अर्को ब्याक्टेरियाबाट हुने संक्रमण देखिनु, छारे रोगको लक्षण, अन्योल, सुस्ती, मासु कुहिनु आदि समस्या देखिन सक्ने एनएचएसले जनाएको छ।

लक्षण

- उच्च ज्वरो (१०४) आउनु
- काम ज्वरोसमेत आउनु
- आँखा रातो हुनु
- गम्भीर टाउको दुखाइ हुनु
- लिम्फ नोड सुन्निनु
- झाडापखाला लाग्नु
- पसिना धेरै आउनु
- शरीरका मुख्य अंगले विस्तारै काम गर्न छोड्नु
- श्वासप्रश्वासमा समस्या देखिनु
- कीराले टोकेको ठाउँमा डाबरजस्ता दाना देखिनु
- रगतमा प्लेटेलेटसको संख्यामा कमी आउनु

कति दिनमा रोग लाग्छ ?

संक्रमित कीराले टोकेको सामान्यत: ५ देखि १४ दिनमा रोगको लक्षण देखिने गर्छ। तर यो रोग कीराले टोकेको २० दिनभित्रसमेत देखिन सक्छ।

कसरी पत्ता लगाउने ?

यो रोगको पहिचान बिरामीमा देखिएको लक्षण र सूक्ष्म कीराले टोकेको चिनो देखेर पनि गरिन्छ। यसमा रगत परीक्षणसमेत गरिन्छ। यसअन्तर्गत लिभर फंक्सन टेस्ट र सीबीसी काउन्ट गरिन्छ। स्क्रब टाइफसको एन्टिबडी पत्ता लगाउन एलाइजा टेस्ट र द्रूत परीक्षणसमेत गरिन्छ।

उपचार

स्क्रब टाइफस ब्याक्टेरियाद्वारा उत्पन्न संक्रमण भएकोले यसलाई एन्टिबायोटिक औषधिद्वारा उपचार गरिन्छ। साथसाथै शारीरिक जटिलताका लागि सहयोगी उपचारसमेत गरिन्छ।

समयमै उपचार गरे यो रोगले थप जटिलता उत्पन्न हुँदैन। स्वास्थ्यकर्मीले स्क्रब टाइफसको आशंका गरेका बिरामीलाई प्रयोगशाला प्रतिवेदन आउनभन्दा अघिदेखि नै एन्टिबायोटिक दिन सकिन्छ। चिकित्सकहरूका अनुसार बिरामीलाई 'डक्सिसाइक्लिन', 'टेट्रासाइक्लिन', एजिथ्रोमाइसिन, एन्टिबायोटिकको माध्यमले उपयुक्त उपचार गरिए धेरै जसो बिरामीमा ४८ घन्टा भित्रै सुधार देखिन थाल्नुको साथै पूर्ण स्वस्थ हुने गरेको देखिएको छ।

कसरी फैलिन्छ ?

मुसामा लाग्ने किर्नाजस्तो देखिने माइट (कीरा) ले टोक्दा त्यसको ज्यालमा भएको खतरनाक ब्याक्टेरिया 'ओरेन्सिया सुसुगामुसी' मनुष्यको रगतमा फैलिन्छ। यसको कारणले कलेजो, मस्तिष्क, फोक्सोमा थुप्रै प्रकारको संक्रमण हुन लाग्छ। बिरामी धेरै अंगले काम गर्न छोड्ने अवस्था (मल्टिपल अर्गेन डिजअर्डर) को अवस्थामा पुग्छ।

कामको तनावले झर्छ कपाल

कपाल झर्ने समस्यालाई धेरैजसो व्यक्तिले गम्भीर रूपमा लिँदैनन्। हालै गरिएको एक अध्ययनअनुसार तपाईं जति समयसम्म काम गर्नुहुन्छ, यसको असर तपाईंको कपालमा पर्छ।

एनल्स अफ अक्युपेसनल एन्ड इन्भारामेन्टल मेडिसिनमा प्रकाशित अध्ययनको निष्कर्षअनुसार सातामा ५२ घन्टाभन्दा बढी काम गर्ने २० देखि ३० वर्ष उमेरको पुरुषमा यो समस्या बढी हुने गरेको छ। यति तपाईं सातामा ५ दिनका दरले दैनिक १० घन्टाभन्दा बढी काम गर्नुहुन्छ भने तपाईंको कपाल अन्यको तुलनामा बढी झर्छ। नेसनल हेल्थ सर्भेअनुसार हरेक व्यक्तिको दैनिक औसत ५० देखि १०० कपाल झर्ने गरेको छ।

गहिरो निद्राले अल्जाइमरको जोखिम कम

गहिरो निद्राले अल्जाइमरलगायत अन्य न्युरोजेनरेटिभ रोगको जोखिम कम गर्ने देखिएको छ। जर्नल साइन्समा प्रकाशित अध्ययनअनुसार गहिरो निद्रामा हुँदा मस्तिष्कमा केही विद्युतीय संकेत बाहिर निस्किन्छ, जसले मस्तिष्कलाई सफा गर्छ।

JOB ANNOUNCEMENT

First date of publication: 9 November 2019

UNDP — Empowered lives. Resilient nations.

The United Nations Volunteers (UNV) programme is the UN organization that promotes volunteerism to support peace and development worldwide. UNV contributes to peace and development by advocating for volunteerism globally, encouraging partners to integrate volunteerism into development programming, and mobilizing volunteers.

The UNV Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for UNDP office for the following assignment:

S.N.	Position Title	Level	Number of positions	Duty Station
1	UNV Human Resource Expert	Expert	1 (One)	Kathmandu
2	UNV Human Resource Associate	Specialist	2 (Two)	Kathmandu

Weblink for application: https://vmam.unv.org/candidate/show-doa-sre

Please visit the given weblink for detail job description and for online application by 18 November 2019.

Only short-listed candidates will be contacted. UNV retains the right to contact referees directly. UNV is committed to achieve workforce diversity (in terms of gender, minority groups, caste/ethnic groups, persons with disability etc.). Qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged to apply.

All applications will be treated with highest confidentiality

VACANCY ANNOUNCEMENT — World Vision

World Vision International Nepal (WVIN), an international Christian relief, development and advocacy organisation dedicated to working with children, families and communities to overcome poverty and injustice, is looking for potential candidates to fill out the following positions:

1. Position: Chief of Party (CoP) - One

Key Responsibilities: The Chief of Party will be responsible for the overall management and representation of the activity. S/he will manage a team of senior staff, sub-recipients, and engagement with stakeholders to ensure quality, timeliness, and efficiency of all products and activities generated under the cooperative agreement. This role will serve as the principal institutional liaison to the donor and local government entities. S/he also provides strategic leadership and supervision of sub-grantees and sub-contractors while ensuring the security, feasibility, and sustainability of the program and contribution to Child wellbeing outcomes. Mandatory travels to implementation sites and regional, global meetings as required. **Minimum Qualifications and Experience required:** Master's degree in development studies, international relations, agriculture, nutrition, public health, business administration, or related field combined with a minimum of seven years of progressively increasing management responsibility in international relief/recovery/DRR projects is required. Knowledge of and familiarity with international assistance program requirements, preferably USAID Office of Food for Peace (FFP) policies, rules and regulations. Proven ability in the management of large integrated projects in developing countries. Familiarity with USAID programs, their history and their development; mastery of USAID regulations governing such programs. Familiarity with the Upper Nile Nepal context is a plus. Demonstrated accomplishment in working with host-country professionals, ministries and with donor colleagues in country. Experience as a Chief of Party/DCoP/Program Director or senior advisor roles is required. Should have demonstrated experience in recruiting, developing, and managing staff, as well as experience managing programmatic and financial reporting.

2. Position: Monitoring and Evaluation Lead - One

Key Responsibilities: The M&E Lead will be responsible for developing and implementing M&E system and plan, including a database to store and aggregate collected data. S/he will also provide technical guidance and supervision of sub-grantees and/or sub-contractors on Monitoring and Evaluation related issues. **Minimum Qualifications and Experience required:** Master's degree in statistics or economics; or a degree in relevant field with substantial course work in quantitative methods with a minimum of five years of professional experience in designing and implementing M&E systems in the context of humanitarian response or DRR programs is required. Two years of applicable experience can substitute for a master's degree. Demonstrated experience in leading M&E of a large award (multi sectoral and multi stakeholder US Government funded project). Knowledge of and familiarity with international assistance program preferably USAID Office or Food for Peace (FFP) policies is required. Should have strong conceptual knowledge about ToCs, logic model, food and nutrition security indicators, M&E plans, data quality assurance, data utilization, and gender integration into M&E. Demonstrated expertise in designing annual monitoring surveys including annual beneficiary based sample surveys, probabilistic sampling strategy and estimating sample size, developing a proper sampling frame and establish appropriate weights, clean, process, store quantitative data. Demonstrated expertise in designing qualitative studies, in-depth knowledge about qualitative sampling, and experience in using interview and interactive tools to generate qualitative information and analysis. Demonstrated experience in developing data quality assurance strategies, data management, use of technology for getting just in time data and data visualization. Knowledge of and familiarity with international assistance program Monitoring and Evaluation requirements, preferably USAID Office or Food for Peace (FFP) policies.

3. Position: Disaster Risk Reduction Specialist - One

Key Responsibilities: The DRR Specialist will be responsible to provide technical leadership across all project's Disaster Risk Reduction programming, and to lead the implementation of DRR activities, and ensure the project's annual KPIs and targets related to DRR are achieved. S/he will facilitate development and effective implementation of local disaster risk management plans to promote community based disaster management initiatives aiming to increase the resilience of children, communities, as well as local government officials to be better prepared for and able to respond to natural hazards. The Disaster Risk Reduction Specialist position will also manage relationships with external DRR partners/networks and works in close coordination with the government and stakeholders and field offices. S/he will also provide technical guidance and supervision of sub-grantees and/or sub-contractors on DRR related issues.

Minimum Qualifications and Experience required: Master's degree in Disaster Risk Management; or a degree in relevant field with substantial experience in DRR programming with a minimum of five years of professional experience in designing and implementing DRR projects in the context of humanitarian response. Demonstrated experience in leading DRR project of a large award (multi sectoral and multi stakeholder US Government funded project). Knowledge of and familiarity with international assistance program preferably USAID Office or Food for Peace (FFP) policies. Strong conceptual knowledge about ToCs, logic model, resilience indicators, DRM plans, data quality assurance, data utilization, and gender integration into M&E. Demonstrated experience and expertise in developing and operationalizing a comprehensive DRM plan. Demonstrated expertise and experience in developing and operationalizing routine DRR monitoring systems. Familiarity with development theory, community based disaster management, DRM frameworks, Vulnerability and Capacity Assessment. Knowledge of and familiarity with international assistance program DRR requirements, preferably USAID Office or Food for Peace (FFP) policies.

Core competencies for all the positions: Must have previous experience of managing USAID grants successfully; At least 5 years of experience designing, implementing and managing large and complex projects involving multiple partners, in/for developing countries; Excellent oral and written English & Nepali; Demonstrated proficiency in computer applications including use of Microsoft Office; Ready to take initiatives and willing to work under pressure and exhibit a high level of flexibility; Hold a high level of integrity and honesty, self-motivated, confident, and able to work independently; Strategic, creative, and innovative thinking with decision making and problem solving skills; Good understanding of humanitarian Sector;

*All the positions are based in National Office- World Vision International Nepal, Lalitpur
These positions are contingent upon the successful acquisition of the Grant.**

Candidates fulfilling the criteria mentioned above may send in their complete 'Curriculum Vitae (CV) with statement of purpose' by 01 December 2019 before 17:00 hours to the email, address mentioned below.

Email: **NPL-Vacancy@wvi.org.**
For Details: **https://careers.wvi.org/job-search**

World Vision International Nepal is committed to diversity and inclusion within its workforce, and encourage candidates of diverse background, women and differently abled, to apply. Only short-listed candidates will be called for the subsequent selection procedure.

WVIN reserves all rights to qualify/disqualify applications in any case.

People & Culture Department
World Vision International Nepal

JOB ANNOUNCEMENT

First date of publication: 9 November 2019

UNITED NATIONS NEPAL

The United Nations Resident Coordinator Office (UNRCO) in Nepal seek applications from qualified Nepali candidates for the position of:

Job Title: Driver
Contract Type and Level: FTA (G3)
Duty Station: Kathmandu
Contract Duration: One year with possibility of extension

Weblink for application:
https://jobs.partneragencies.net/erecruitjobs.html?JobOpeningId=26971&hrs_jo_pst_seq=1&hrs_site_id=2

Deadline: 15 November 2019

Only short-listed candidates will be contacted. UNDP is committed to achieve work force diversity (in terms of minority groups, caste/ethnic groups, persons with disability etc.) and has a policy to have gender balance among staff at all levels. Qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged to apply.

All applications will be treated with confidentiality

Vacancy Announcement

The Nepal Urban Resilience Project (SUDRIDH-NURP) is a DFID-Funded programme providing support to the Government of Nepal and selected Municipal Governments to build urban economic resilience. SUDRIDH-NURP seeks suitably qualified and experienced individuals to support project implementation in a variety of roles.
staff required for full-time positions.

1. Municipal Engineer/Urban Planner

No of Positions: 3
Job Location: Metropolitan and sub-metropolitan cities outside Kathmandu
Level: Mid-level
Offered Salary: Negotiable

Minimum requirements:

- Bachelor's degree in any field of Civil Engineering, Urban Planning, Urban Economics or related fields, with preference for candidates with a Master's degree.
- Working experience of at least 5 years of which 2 years with sub-national government agencies in activities related to urban development
- Familiarity with commonly-used computer applications

Major responsibilities:

- Support municipalities to carry out surveys, identify development needs, prepare pre-feasibility and feasibility studies and support economic development activities
- Contribute to strengthening municipal planning and project development systems
- Carry out capacity development activities related to areas of technical expertise

2. Research Associate and Social Development Specialist

No of Positions: 3
Job Location: Metropolitan and sub-metropolitan cities outside Kathmandu
Level: Mid-level
Offered Salary: Negotiable

Minimum requirements:

- Bachelor's degree in any field of social sciences (economics, geography, sociology, statistics, development studies), management, or related field, with preference for candidates with a Master's degree.
- Working experience of at least 5 years of which 2 years with sub-national governments in the fields of planning or data management, social, economic or institutional development
- Good understanding of research and data management and related computer applications and skills.

Major responsibilities:

- Support municipality in data collection and management, stakeholder and public consultations, communications and publication of project case studies and results
- Work with municipalities in the design and implementationof social development programs and in maintaining the project monitoring, evaluation and learning system
- Manage administrative and financial functions of the Project at the municipal level.

Candidates who meet the above criteria are requested to submit an application with updated CV to **Ajaya.Tamang@icf.com** within 7 days from the publication of this announcement. The application should indicate in the e-mail subject line whether it is for position 1 or position 2. Good interpersonal skills and fluency in English, Nepali and local languages will be considered an advantage. Women and applicants from disadvantaged groups are particularly encouraged to apply. Only shortlisted candidates will be contacted for further evaluation prior to selection. SUDRIDH-NURP reserves the right to accept or reject any or all applications without stating any reason.

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Embassy of Switzerland

Vacancy Announcement

Switzerland through its development cooperation has been engaged in Nepal since 1959. With the establishment of its Embassy in Nepal in August 2009, Switzerland's assistance in Nepal continues to focus on federal state building, employment and income through agriculture, rural infrastructure and vocational skills, as well as migration. Switzerland is committed to support Nepal's socio-economic development and federal state building at national and subnational levels.

The Embassy of Switzerland offers a competitive salary and benefit package as well as a stimulating team and working environment. We are looking for a young, energetic Nepali National (**female candidates are encouraged to apply**) for the following positions of a **2 years fixed term contract with possibility of extension**:

General Support Assistant (1)

The post holder, under the line management of Premises and Transport Manager, shall support to ensure maintenance of the Embassy building and premise. S/He shall support the line manager to coordinate and keep an overview on tasks related to Embassy Grounds and maintenance and also ensure smooth function of Embassy Petrol Pump.

- Support the maintenance of Embassy office buildings and Ambassador's residence and other infrastructure construction at Ekantakuna premises (repair, paint, etc.);
- Undertake minor electrical, plumbing and masonry tasks and organize outside services for extensive construction work;
- Undertake replacement of IT equipment (printer, monitor, laptop, beamer etc.)
- Support to ensure smooth functioning of generator;
- Assist in collection and payment of official utility bills;
- Assist in bulk photocopying and Binding

Required Technical Competence
Class 10 and / Electrician Training or Plumbing training (level 2 and above) from NSTB/CTEVT or from a recognized institution; At least 1 year experience in the required job area; Able to troubleshoot and fix the electrical / plumbing problems; Able to read simple instructions and communicate in English; Ability to take responsible for specific task in the field of expertise; Ability to works independently in the field of expertise

---

Driver (1) - Female only

As a member of the Driving team, the post holder undertakes following responsibilities under the line management of Premises and Transport Manager:

- provide transport services to staff and visitors as per instruction within and outside Kathmandu valley;
- takes responsibility for assigned vehicles for cleanliness, proper maintenance, as well as safety of self and passengers;

Required Technical Competence
Academic qualification up to 10th standard; Valid driving license and ability to drive vehicle safely and appropriately; 2 years' experience of driving different kinds of vehicles (incl. driving to field/districts); Ability to read and interpret road signs in Nepali & English; Ability to read, understand, and adhere to the traffic and related rules and regulations; Knowledge of the operations and features of assigned vehicle(s)

Ability to recognize vehicle maintenance needs as well as perform minor vehicle repairs; Ability to interpret policies and procedures, maps, and route directions; Knowledge about First Aid

Required Professional/Personal and Social Competence (applicable for both positions)
Courtesy and Customer orientation; Conscious of responsibility and willingness to assure confidentiality and professional integrity

Time management and task prioritization; Reasoning skills; Good Interpersonal skills; Ability to work in a multi-cultural team; Able to work and contribute positively in a team ;Ability to communicate clearly and concisely

Detailed Terms of Reference is available on the following website
https://www.fdfa.admin.ch/countries/nepal/en/home/news/open-job-vacancies.html


Application in English with immediate contact address and a telephone number; an updated bio-data; copies of citizenship certificate and academic credentials; and reference from former employer(s) should reach at the latest by 17:00 hrs on 29 November2019 through post or through email as attachment (please do not provide a link to google drive or any other cloud server) at **kathmandu.application@eda.admin.ch**. Please clearly mark **"Application for General Support Assistant"** or **"Driver"** respectively on the envelope / subject of the email.

Head
Personnel and Administration (Chancery)
P.O. Box 113
Kathmandu, Nepal

Only shortlisted candidates will be contacted. The Embassy reserves the right to reject any or all applications without assigning any reasons.

The Embassy of Switzerland in Nepal promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).

हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं.
२००७/११/२५ गते


स्वर्गारोहण:
वि.सं.
२०७६/७/११ गते

(स्व. प्रा. डा. दिपक भट्टराई)

नेपाल इन्जिनियरिङ कलेजका संस्थापक अध्यक्ष **प्रा. डा. दिपक भट्टराईको** असामयिक स्वार्गारोहण भएको आज १३औं दिनको पुण्य स्मृति तिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

बाबुराम भट्टराई, उत्तम बहादुर राउत, लुमन्ती श्रेष्ठ, दीपा शाक्य, लिना महर्जन, अनिल कुमार श्रेष्ठ, पद्म कुमार मैनाली, मञ्जु श्रेष्ठ, रमेश मान तुलाधर, सुमन बस्नेरेल, अनिता श्रेष्ठ, विद्या लक्ष्मी प्रजापती, सुजित राई, न्हसला सायमी, उषा मन्डल, सुनिता सुबेदी, चन्द्र लक्ष्मी हाडा, निर्मल कुमार स्थापित
एवं
प्रथम व्याच (१९९६) बी.आर्किटेक्चर समूह
नेपाल इन्जिनियरिङ कलेज

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं.२००७ फाल्गुन २५

स्वर्गारोहण
वि.सं.२०७६ कार्तिक ११

स्व. प्रा. डा. दीपक प्रसाद भट्टराई

यस किष्ट मेडिकल कलेज तथा शिक्षण अस्पतालका संस्थापक सञ्चालक **प्रा. डा. दीपक प्रसाद भट्टराई** स्वर्गारोहण हुनु भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी श्री पशुपतिनाथसंग प्रार्थना गर्दछौं ।

ई. आशिष थापा
कार्यकारी अध्यक्ष तथा
किष्ट मेडिकल कलेज शिक्षण अस्पताल परिवार
महालक्ष्मी नगरपालिका, ईमाडोल, ललितपुर

आलमको सम्पत्ति छानबिन हुने

■ **शिव पुरी** (रौतहट)

काँग्रेस सांसद एवं पूर्वमन्त्री मोहम्मद आफताव आलमको सम्पत्ति छानबिन हुने भएको छ । कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र विस्फोटक पदार्थ भण्डारणको आरोपमा प्रहरी हिरासतमा रहेका आलमलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोकले जिल्ला प्रहरी रौतहटलाई बिहीबार पत्र पठाई तत्काल छुट्ने अवस्था भए विभागमा उपस्थित गराइदिन आग्रह गरेको छ । जिल्ला अदालतले धरौटी वा तारेखमा छाडे पनि सम्पत्ति छानबिनको दायरामा ल्याउन आलमलाई प्रहरीले पुनः पक्राउ गरी शुद्धीकरण विभाग पठाउनेछ ।

सम्पत्ति शुद्धीकरण ऐन, २०६४ को २१ (२) बमोजिम उनीमाथि सम्पत्ति छानबिन हुनेछ । आलमविरुद्ध बिहीबारदेखि थुनछेक बहस चलिरहेको छ । अदालतबाट छुट्ने अवस्था आए आलमलाई सम्पत्ति शुद्धीकरणमा बुझाइने रौतहटका जिल्ला प्रहरी प्रमुख एसपी भूपेन्द्र खत्रीले बताए ।

पीडिततर्फको बहस सकियो

आलमविरुद्ध चलेको थुनछेक बहस शुक्रबार पनि जारी रहयो । अहिलेसम्म वादीतर्फका अधिवक्ताको बहस सकिएको छ । आइतबारबाट प्रतिवादी आलमतर्फका वकिलले बहस गर्नेछन् । पीडितका तर्फबाट वरिष्ठ अधिवक्ता डा.युवराज संग्रौलाले बहस गरेका थिए ।

आलम छुट्ने अवस्था आए पनि विभागमा उपस्थित गराइदिन भन्दै सम्पत्ति शुद्धीकरण विभागको पत्र

पर्याप्त प्रमाण भेटिएकाले बम विस्फोटको घटना भएकै होइन भन्न नसकिने उनको दावी छ । 'विस्फोटमा घाइते भएकाहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनले निष्पक्ष प्रमाण दिइसकेको छ,' उनले बहसका क्रममा भनेका छन्, 'आलमलाई थुनामा राखेर अनुसन्धान अघि बढाउनुपर्छ ।' आलमलाई रिहा गरिँदा प्रमाण नष्ट हुन सक्ने आशंका रहेको उनको भनाइ छ । घटनामा मृत्यु भएका भनिएका सरुअठाका त्रिलोकप्रताप सिंह र ओसी अख्तरको लास नै भेटिनुपर्छ भन्ने नरहेको उनी बताउँछन् । अन्य तथ्य प्रमाण विश्लेषण गरी अनुसन्धानको गहिराइमा पुग्न सकिने उनको भनाइ छ ।

घटनामा मृत्यु भएकी ओसीकी आमा रोक्साना खातुनको गोली हानि हत्या भइसकेकाले त्रिलोकका बुवा श्रीनारायण मात्र जाहेरवाला भएकाले उनको सुरक्षाका लागि अदालतले प्रहरीलाई आदेश दिनुपर्ने अर्का वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले बताए । 'घटनापछि ढिला गरी अनुसन्धान हुनु, राज्यशक्तिको आडमा प्रमाण नष्ट गरिनु जस्ता कार्यले घटना भएकै हो भन्ने प्रस्ट्याएका छन्,' उनले भने । पीडितका तर्फबाट वरिष्ठ अधिवक्ता कुमार शर्मा आचार्यले आलमलाई अनुसन्धानका लागि थुनामै राख्नुपर्ने बहस गरेका थिए । जिल्ला न्यायाधिवक्ता खडिन्द्रराज कटवाललगायत ११ जना अधिवक्ताले पीडितका तर्फबाट बहस गरेका थिए ।

बर्गिकृत विज्ञापन

घर जग्गा

पेप्सिकोला सनसिटिसर्गै तिनआना छआना जग्गाबिक्रिमा 9823584337

महाराजगंज नारायणगोपालचोक रिङरोड ट्रयाकरोडमा ५४आनाजग्गा सरलमूल्यमा 9851036108, 9823582607

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364, midasrealestate9@gmail.com

लालबन्दीमा घडेरी सिन्धुलीघर तु.बिक्रीमा 9813637744

जग्गाबिक्रीमा ५०रोपनी, १००रोपनी होटल, रिसोर्ट, फ्याक्ट्री हाउजिङ्ग, हस्पिटलकोलागि उपयुक्त 9823140441, 9840856188

निर्मलनिवास पछाडि बिसफिटे बाटोमा ४आना जग्गा बिक्रिमा ९८२३८२७८८५

साखु बजार नजिक टुक्रा घडेरी सस्तो बिक्रीमा ९८५१०२१६५९, ९८६१३९६९९०

ठाडोभञ्याङ्ग रिंगरोडबाट १५० मिटर भित्र ०-९-०-३ जग्गा बिक्रीमा 9843820936, 9863339515

नयांबसपार्क मित्रवनगरको २६फिटे बाटोमा १०आना जग्गा बिक्रीमा ९८५११५५५१९

गहेश्वरी नगरप्लानिङ्गमा तेह्रफिटे पिचरोडमा दक्षिणमोहडा ०-९-०-०, पुर्वमोहडा ०-६-३-१, उत्तरमोहडा ०-७-०-० जग्गा बिक्रिमा 9851087273

ललितपुरको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रीकोलागी 9849188782

चन्द्रागिरी महादेवस्थानमा जग्गा बिक्रिमा ९८५११४५४६४

बुद्धनगरमा १-१-२-० जग्गा बिक्रीमा 9843506704

गोकर्णेश्वर नयांपाटीगम्बा नजिकै ०-४-३-० ९८५११५५८६९

Suncity Apartment Pepsicola 9813138015

साङ्गामा ३१-रोपनी जग्गा बिक्रीमा सट्टापट्टा, फाइनान्स, ९८६४५३१४७७

पोखरा छिनडाडा ०-७-२-० जग्गा 9818509742

कपन आकाशेधारामा कर्मसियल, माथी वंगलो बिक्रीमा, ९८४१५१३४१८

जयवागेश्वरीमा ०-४-०-० बिक्रिमा रेसिडेन्सियल 9810253025

बालुवाटारमा ४ आनामा बनेको ३.५ तल्लाघर सस्तोमा ९८०३३०५२२९

चितवन भरतपुरको शुक्रनगरमा ४१ गड्डाजमिन बिक्रिमा 9846044105 9819120340

पेप्सी टाउनप्लानिंगमा चारआना जग्गा बिक्रीमा 9847806798

कपनआकाशेधारा चौकैमा ०-१३-०-०, ०-६-०-०, ०-५-०-०, ९८४१३४५००५

कपन हाईटमा नयांघर बिक्रीमा 9860075170

कोटेश्वर सहयोगीनगरमा जग्गा बिक्रिमा ९८८०५३४६३२

ललितपुर महानगरपालिका २९ हरि सिद्धी २० फिटेबाटोमा जग्गा बिक्रिमा ०-३-२-० आनाको २३ लाख ९८६०७६१५२४, ९८४९३८१२९६

धापासी हाईटमा फ्लयाट र बंगला सिस्टमभएको ३.५तल्लाको घर बिक्रिमा ९८१३८५४१५४

भक्तपुर दुवाकोटमा भुकम्प पछि ०-३-२-० ३३ft बाटोमा २.५ घर बिक्रीमा सिधा सम्पर्क, 9851061200, 9851089770

बालाजुमा घर १.४५-साथै पाचँआना जग्गाबिक्रीमा 9841002755

चाङगुनारायण नगरपालिका भित्र १रोपनी जग्गा चाहियो ९८०१०७०७१५

कपन आकासेधारको ०-५-०-०मा बनेको घरबिक्रिमा २,५५,००,०००।- 9843486771

रुद्रेश्वर चोकको २ कित्ता भित्र २५ आना जग्गा बिक्रिमा 9841312621

काठमाण्डौं छाउनी स्थित २६आनामा बनेको घर तथा जग्गा मुल सडकसंगै जोडिएको बिक्रीमा, सम्पर्क ९८०१०१८७१५, ९८०१०५४५५४

सुनाकोठी, धापाखेल, नख्खीपोट्, र जेकुनोचोक, बुइमतीफर्सीडोल खुमलटारमा ४/६/५ आनाकाटुका घडेरीहरुबिक्रिमा 9851069765

चापागाउँ नेपालबैंकनजिक सस्तोघडेरीहरु ९८४१३०४०८८, ९८०८०००३९७

वनस्थली खरिबोट नजिकै नवनिर्मित ३.५ तल्लेघर 9843599656

कौशलटार नजिक घडेरीहरु ९८५१० ९३५११, ९८५१२४४०७९

मध्यबानेश्वरमा ०-७-०-० मा बन्दै गरेको बंगला बिक्रीमा 9851000515

मुलपानी ग्रिनहिल सिटीभित्रको २.५तल्लेघर बिक्रिमा, मूल्यः १,८५,००,०००।-९८४१३४९५५८, ९८६०६८५६६६

जोरपाटीको शिवचोकमा मूलपानीको अर्यालगाउंमा टुक्राजग्गाहरु बिक्रिमा ९८४९७५१३५६

बुढानिलकण्ठ नपा. भंगालको ०-५-०-० जग्गाबिक्रीमा 9857017519

बौद्ध रामहिटिमा घर बिक्रिमा 9851152396

जोरपाटि नारायणटार पुलसंगै साखुजाने मेनरोडबाट १००मिटर भित्र १२कोढा, पाकिङ्ग सहितको आधुनिकघर बिक्रिमा 9803829869

नारायणथान बुढानिलकण्ठ सिद्धार्थको लोनी अपोजिट हाईवेबाट १०० मि.भित्र कोलोनीमा ०-१२-२-०-० मावनेको साढेदुई तल्लेघर मूल्य 4,65,00,000/- विदेश जानुपरेकोले तुरुन्तबिक्रीमा 9851036108

चितवन रत्ननगर नगरपालिका -१२ मा प्लानिंग गरिसकेको टुक्रा जग्गा १ विगाह एकमुष्ठ बिक्रीमा प्रतिकट्ठा ३५,००,०००। सँपर्क ९८१३८६७२०

इमाडोल सितलहाईटमा ६ आनामा बनेको २.५ तल्लाको आकर्षक नयां बंगला बिक्रीमा मूल्य २,७०,००,०००। सिधा ९८१३३८६७२०

ठमेलको-मुटु नर्सिङ्गचोक र सोह्रखुट्टे चोकबाट ८-मिनेटको पैदलदूरीमा आकर्षक घरबिक्रीमा 9861964342

भक्तपुर नगरकोट जाने छोटोबाटो मा तीनैउपत्यका देखिने १-०-०-० , ४-०-०-० सस्तो 9841670108

घडेरी बिक्रिमा कोटेश्वर राधेराधे सीधा ९८०३८९३४३४

कोशलटारमा अरनिकोसंगै घर ९८६००३८९२५ नोदलाल

कपन बगलामुखीस्थित टुनिखे लको एकतल्ले घर बिक्रिमा ९८६४५२११९५

अमृतनगरमा ५/६ आनाका जग्गाहरु 9808105826

मध्यबानेश्वर पिपलबोटनजिक टुक्राजग्गा बिक्रीमा ९८६०४२५४०७

लप्सेफेदीमा हिमालदेखिने ११रोपनी 9851151996, 9860014591

सिरुटारको जग्गा बिक्रीमा ०-१५-०-०, ९८६०६२६१५०

डुकुछाप मोटरबाटोसंग जोडिएको २-१३-०-० आनाको ७,५०,०००।- सोखेलमा १-१०-०-० आनाको ५,५०,०००।- ९८४१७५१५०४, ९८५१०३५३४२

ललितपुर एकान्तकुनामा १५ आना जग्गा बिक्रिमा ९८४१७५१५०४, ९८६८३०८०३४

चाहवेलचोक नजिक ०-१०-२-० बने को घरबिक्रीमा 9866404126

ताथलीमा नब्बेलाखमा एकतले घर बिक्रीमा 9851078105

भक्तपुर राधेराधेमा दुईतल्लेघर सस्तो मा ९८६०७१३४३४७

सस्तोमा दहचोकको बिसरोपनी जग्गा ९८६९६२३०७०

भक्तपुरको housing कोलागि Architect designer consultant चाहियो 9851032426

धुम्बाराहीमा आठआनामा छकरोडको नँयाँघर 9841420589

मित्रपार्कमा ०-१५-०-० जग्गा घरसमेत ९८०३१८६११२

नक्साल मालिगाउँमा ०-२-१-० एकमुष्ट ९५,००,००० 9851065811

नयांबानेश्वर मिलनचोकपछाडि भिआईपी एरियामा टुक्राजग्गाहरु बिक्रिमा ९८५१०५७२७८

बसुन्धरामा नया घर बिक्रिमा ९८५१०५९०७६

नुवाकोटको ६रोपनी ८आनाजग्गा बिक्रिमा रोपनीको चारलाख ९८४३४४२३६१ गोविन्द

ग्रिनल्याण्ड चोकनजिक गैरीगाउंमा ०-५-०-०, 9801028877

हाउजिङ्गको घर १.१५ मात्र ९८०६८०२४००

कपन १-४-०-० प्रतिआना 2500000/- 9803312082

नारायणथान ०-६-०-० प्रतिआना 1500000/- 9803312082

चुनदेवी ०-४-०-० प्रतिआना 4200000/- 9803312082

काँडाघारी गोठाटारमा साँढेदुईतल्ले नयाँघर 9863185060

धुम्बाराही/मण्डिखाटार ०-८-०-०, ०-९-०-०, ०-७-०-०, ०-४-२-०, 9851265324

सुन्दरबस्ती भ्यालीपब्लिक स्कूलछेउ ०-४-२-० सुन्दरघर 9851249307

हेपालीहाईट ०-९-०-० मावनेको सुन्दरबंगला 9855068777

चपलीगणेश स्कूलपूर्व ०-६-०-२, ०-७-०-० 9855044654

हात्तिगौडाचोक ५००मि.पश्चिम ०-२०-१-० टुक्रादिने 9851210655, 9841265324

सवारी साधन

Cash मा गाडी बिक्रीगर्न परेमा ९८५१०६३०१६

भाडामा चल्ने सुमोगोल्ड बिक्रीमा 9813138015

दुध बोक्ने टयांकर भाडामा ९८६७९४४४६४

TATA Winger-AC 2016-Model 12-seater, Urgent sale 9815731685

सम्पर्क

अति सस्तोमा बैंक Deposit 9863646909, 9803702227

सस्तोमा Cash deposit धितो फुकुवा 9851053106

सस्तोमा Cash deposit धितो फुकुवा 9841027010

Cash deposit without collateral 9841756349.

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखौं ९८४४४७८७५८, ९८०३९२३५७८

सस्तोमा Cashdeposit, धितो फुकुवा गर्नपरेमा 9851113117

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851034124

अतिसस्तोमा धितोफुकुवागर्न, बिदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

सेकेण्डहेन्ड सामान खरिदबिक्री बसुन्धरा 9851234047

सहकारी, हाउजिङ्ग कम्पनीको लगानिकर्ता चाहियो, 9851118491

धितोराखि ऋण चाहिएमा ९८४३५०१११९, ९८६६२७३३३०

School College Restaurant चाहियो 9810030377

धितो राखी ऋण चाहिएमा ९८५११९४९३०

घरपसल सस्तोमा बनाउनलाई, जबकोलागि 9861971845

सस्तोमा Cashdeposit धितो फुकुवा लोनतिर्न 9851006688

सस्तोमा Bankdiposit डकुमेण्टेसन, धितोफुकुवा 9851067787

छाला सम्बधी साना तथा ठुला उद्योगको लागि Europe बाट आयात No:1 छाला आवश्यक परे मा सम्पर्कनं. 9841309118, 9851056421

सस्तोमा Bank Deposite गर्नुपरेमा ९८५११६१२०२

Cash Deposit विद्यार्थिको लागि 9815151535

बिनालगानी रेष्टुरेन्टमा शेफ पाटनर चाहियो ९८२३१९९०२९

भाषा प्रशिक्षक ईंडलिस, जापानीज, चाईनीज, मगर भाषीलाई प्राथमिकता ९८६२७०८५११

विविध बिक्रीमा

चलिरहेको Institute बिक्रिमा जमलचोक 9860141806

पुतलीसडक चोकमा चलिरहेको फेन्सीपसल अर्जेन्ट बिक्रीमा 9813656766

पुरानोबानेश्वरमा चलिरहेको बुटिक बिक्रीमा 9813138015

फाष्टफुड बिक्रिमा तिनकुने, 9818595103.

सोह्रखुट्टेचोकैको दुईतले रेष्टुरेन्ट बिक्रीमा 9801103326

चलिरहेको रेष्टुरेन्टबिक्रीमा सोहखुटे मुल्य ४५०००,९८१३४८८१९९

दैनिक-३५,००० व्यापारभएको किराना पसल,कलंकी 9869606356, 9851214169

कलंकीचोकैको रेडिमेड पसल बिक्रीमा ९८६०३००८९५

भक्तपुर नयाँठिमीको होटल बिक्रीमा 9849575098

ग्याँसपानी डिपो बिक्रीमा नयाँबाने श्वर 9818272397

कस्मेटीक एण्ड ब्युटिपार्लर तु.बिक्रीमा, 9863792421

किराना पसल बिक्रिमा बुद्धनगरचोक ९८०८५२५३५५

बसन्तपुरमा चलिरहेको रेष्टुरेन्ट एण्ड बार तु.बिक्रीमा ९८६१३१७२०१

सन्चालनमा रहेको सहकारी बिक्रिमा ९८४२५८६४३८

सिनामंगल के.एम.सि. हस्पीटल संगै को किराना पसल ठेक्का/बिक्रिमा ९८५१०३२८४८

चलिरहेको Institute बिक्रिमा चाबहिलचोक, 9851156942

बसुन्धारामा फेन्सी पसल तुबिक्रिमा ९८०३५६९७५०

अतिसस्तो पसल बिक्रिमा ठमेल ९८४१९४३५६७

गेष्टहाउस एण्ड रेष्टुरेण्ट बिक्रीमा एयरपोर्ट सम्भुमार्ग 9851145102

मिठाई पसलबिक्रीमा मैतिदेवि मन्दिर 9851014147

होटल तु बिक्रीमा चाबाहिल 9823453639

बौद्धमा जेन्सको फेन्सीपसल बिक्रीमा 9851139167

कन्सल्टेन्सी इन्स्टिच्युट बिक्रिमा, गोंगबु ९८१८२५६८३३

मिनभवनमा चलिरहेको क्याफे बिक्रिमा ९८६६२७५८१५

फार्मेसी बिक्रीमा नक्खु बस्तीमा 9880096730

कुलेश्वरमा चलिरहेको कस्मेटिक पसलबिक्रिमा ९८५१११७०९६

चलिरहेको वैक्वेट रेष्टुरेन्ट गौरीघाट 9851048474

रिङरोडको फुलफर्निसअफिस सस्तो मा बिक्रिमा 9819390824

होस्टल बिक्रिमा/भाडामा ९८५११२१३१५, ९८१३१६४८००

लगनखेल चोकमा व्यस्तचलिरहेको रेष्टुरेण्ट बिक्रीमा ४०,००,०००/-९८६१२३६२५८, ९८४०१९९५८५

थ्रिफेस लाईन मसलामिल सहित खाध्यान्नपसल बिक्रीमा गगबु ९८५११६४५५७

बल्खुचोकमा रेष्टुरेण्ट एण्ड बार तु.बिक्रीमा ९८०३४९२४१४

महालक्ष्मीस्थान चोकको होटल बिक्रिमा ९८४१७०३८८४

नयाँबसपार्कमा चलिरहेको खाजाघर बिक्रीमा 9847948360

कुलेश्वरको १३०सिटर रेष्टुरेण्ट बिक्रिमा ४३,००,००० ९८६०४५३७७७

कांडाघारीको चलिरहेको रेष्टुरेन्ट विक्रिमा 9845756572

फास्टफुट सेकुवा कर्नर बिक्रीमा 9861763139

नखिपोट शान्तिचोकको किराना पसल सस्तो मूल्यमा तु.बिक्रीमा ९८२३०६७४२४

फलफुल तथा तरकारी पसल बिक्रमा मध्यपुर ठिमी भक्तपुर ९८४९३९१११२

चलिरहेको हेल्मेट पसल तुबिक्रीमा 9849432345

कलंकीचोकमा चलिरहेको कस्मेटिक, ब्युटीपार्लर, कपडा पसल बिक्रीमा ९८१३६२५९८५, ९८१३६२५८४२

चावहिलमा चलिरहेको रेष्टुरेन्ट तुबिक्रिमा ९८४१९७३०३६, ९८२३०३७१२४

रेष्टुरेण्ट एण्ड सेकुवा कर्नरबिक्रीमा 9823144935

अर्जेन्ट पसल बिक्रीमा चाबहिल 9841542193

कोटेश्वर रोडमा कन्सल्टेन्सी बिक्रिमा ९८६९४२०१३३

चलिरहेको स्टेशनरी बिक्रिमा ठिमी ९८४१७०४९६०

जडिबुटिमा चलिरहेको होटल बिक्रिमा ९८०३२०९००४, ९८४२३९१३८८

निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

सस्तोमा सेफटीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

सेफटीट्यांकी सफाई गाडीमा १५००/- 9843768737

सेफटीट्यांकी सफाई ठुलोगाडीमा मे सिनबाट 5251092, 9851024364

ढलमंगाल, सेफटीट्याङ्गी सफाई जामखोल्ने 9849519040

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

ढलमंगाल बनाउने जामखोल्ने मे फिटीटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

इनारसफाई, रिजर्भटेङ्कीसफाई, सोलारफिल्टर ढलमंगाल, जामखोल्ने 9851116022

इनारसफाई, बोरिङ्गसर्भिस, प्लम्बिङ्ग, धाराजामखोल्ने, सोलारसर्भिस पहेलो पानिफिल्टर, रिर्जभटेङ्कीसफाई इनार खन्ने 9851168028

ढल टवाइलेट जामखोल्ने १००% 9841000096

सेफ्टीट्याङ्गी, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

प्रोफेशनल पानीटैंकी सफाई 9851152299, 9841367851

भ्याकुमबाट सेफ्टीटैंकी सफाई 014114455, 015712671, 9851052299, 9851152299

सेफ्टीटैंकी ढलट्वाइलेट मंगाल जामभएमा ९८५१०७९२३५, ९८६५४७८६२९

गाडीमेसीनबाट सेफ्टीट्याङ्गी ढलट् वाईलेट सफाई 9851247369

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9841319394

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तो मा 9841132435

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने ९८५१०१९८८९, ९७४११३७११४

धरैसस्तोमा सेफ्टीट्याङकी सफाइगर्ने 9841691494, 9823859294

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तो मा 9841634234, 9841176292

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तो मा ९८४१६६३९६८

भाडामा

२.५ तल्लाको घर VIP एरिया थाई Embassy को साइडमा फोन ९८४१२७०१८२

२.८ रोपनी जग्गा महाराजगंज, शंखपार्कको पछाडी पाकिस्तानी Embassy को जग्गाअगाडी फोन ९८०१११५२०१

टहराकोठा ११ भएको १-११-०-० जग्गा वहालमा हाडीगांउ का.म.पा.-५ ९८४९४६५९४४

ललितपुरमा छिटै घरफल्याट लिनदिने, 9841358684

भाडामा लिनदिन परेमा bhumikarealestate076@gmail.com, 9851136162.

थापाथलीमा अफिसलाई उपयुक्त फ्ल्याट, 9851070853

घर भाडामा लिनदिन परेमा 9846578599

Four rooms Ground flat for office parking available, prime location Hanumansthan, Anamnagar Kathmandu, 01-5705051, 9843155278.

२ Bedroom Flat, Parking Swoyambhu, 9818059214

फल्याट भाडामा २०,०००। हात्तीगौडा 9841546372

फल्याट बंगलो अफीसस्पेस लीनदीन सम्फनुहोला, www.homektm.com, 9801117335

ललितपुरमा घरफल्याट भाडामा लिनदिने 9863520848

ललितपुरमा चाडै घरफल्याट लिनदिन 9851085854

पोखरा चाउथे हाइवेमा ९ रोपनी जग्गा भाडामा ९८४६१३७०१७

नक्साल भगवतीमन्दिर नजिकै तीनकोठाको फल्याट भाडामा 9801218585

सामाखुसीचोक नजिकै टोखारोडमा फल्याट भाडामा ९८४९९५५७०१

कान्तिपुर हस्पिटल पछाडी तिनकुने, ९८५११४२९०३

वसुन्धारामा कोठाहरु, अफिसकोलागि उपयुक्त ९८१८३८३५३३

नखिपोटमा फल्याट भाडामा 9849487539

ललितपुरमा घरफल्याट भाडामा लिनदिने, 9851071590

भैसेपाटी सटरमार्केटमा केहि सटरहरु खालीछ 9843166388

पुरानोबानेश्वर हाईटमा फल्याट्खाली 30,000/- 9841748661

Space For Rent 2600 sqft. Ganabahal, Sundhara, 150,000/- Negotiable/ 9810197894

खाद्यान्न गोदामप्रयोगको लागि रिङरोडको आसपासमाठुलो टुकजान सक्ने करिब २ रोपनीजग्गामा बने को कम्पाउण्ड सहितको घर/टहरा तुरुन्तभाडामा लिनुपर्ने भएकाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला शंकर ९८४३४२९७४३, आर.बी. ९८४१२६१४४१

नयांबानेश्वरमा खाली सटर भाडामा ९८४९५४४०२२

बालकोटमा टहराहरु, सटरहरु, जग्गाहरु, ५६३९७४४

धापासीमा मार्ट तथा गोदामकालागि उपयुक्त स्पेस/सटरहरु ९८४१०२८० ९८

फल्याट भाडामा आकासेधारा कपन 9863513758

फल्याट भाडामा डिल्लीबजार 9841923720 राधिका, 9861003273

बौद्ध महाँकाल मेनसडकमा सटर ९८०३०११५०५

भनेकै जस्तो तुभाडामा लिनदिन ९८४१००५७४३

धुम्बाराहीमा आकर्षक फल्याटहरु भाडामा ९८४११९६४८०

House on rent near Thai Embassy 9841270182

चाहियो

सेक्यूरीटी अर्जेन्ट तलब 14000-20000 9841687964 9808787334

साधारण सेक्यूरीटी तुअर्जेन्ट 18000 9813210032

खानबस्न सुबिधासहित नयांअफिस बालाजुलाई कर्मचारी 15,500/- 01-4388962, 9818349301

घरमा कामगर्ने महीलाहरु चाहियो, 9851227616

उद्घोषकहरु चाहियो नजान्लेलाई तालिमपछि अवसर 9862791739

ट्राभल्स एजेन्सीलाई टिकटिङ्ग असिस्टेन्ट-१, एकाउन्टेन्ट-१, ९८०२० ९७६९१

सेक्यूरिटीगार्ड तुआवश्यक्ता, 9851296800, 01-4385447, 9801284240,

इंनडियनकुक, तन्दुरीकुक, वेटर तलब आपसी सँमझारीमा ९८५१२०९६९५

डाईभर चाहियो लाईट ह्यावी २० जना ९८१६९९१११७

Wanted Urgently Grade Teacher for Class-2 With Good English Background. Contact UNA, Lokanthali 9851076403, 9841263290

सुटिङरत टेलिसिरियलमा कलाकारहरु ईमरजेन्सी नजान्लेलाईनी प्राथमिकता ९८०३९९०१८८

फलेक्सप्रिन्ट अफिसकोलागि डिजाइनर चाहियो 9841732270, 9813243840

कुक वेटर चाहियो महिला/पुरुष कँपन ९८४१६४३४७०

ड्राइभर कान्तिपुर हस्पिटल पछाडी, ९८५११४२९०३

वेटर महिला पुरुष कुक, हेल्पर, म्याने जर ९८४०२५१२४८

रास्रो चलिरहेको ट्रभलको लागी पार्टनर चाहियो ९८०१९७७३२४

भक्तपुरको पोल्ट्रीफार्म ह्यायचर मा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

होस्टललाई महिला कामदार ९८१३९२२७१८/ 9808353375

स्कूललाई टिचर कामगर्ने दिदि धो विघाट, 9818563707

पत्रकारीता पढेको/ पढ्दै गरेको स्टाफ, 9851170017

बाईकड्राइभर तथा मासुपसलमा कामगर्ने कामदार तुचाहियो 9869333222

Sales& marketing Officer (BBS/BBA)-1, Sales& marketing Executive (+2)-5, Account Officer (BBS/BBA) -1, Account Executive-1 9813330671, 9823571957

Grade Teachers Class One – Four, Lower Secondary Math, Science, Nepali, Computer, Montessori Trained Teachers Contact 014472092, 9801015603 email:-vaccancynepal1@gmail.com

पढेनपढेका महिलापुरुष कामदार २४,५००/ **9810260716**

Urgently Require Reception-Assit.Accoutant, Gatthaghar Salary:- 15,000-20,000, 9801848465, 9802085290

राजधानी सिटकोलागि कुक, वेटर 9851010107, 9841845777 कालोपुल

नमुना मित्रक्याफे एण्ड पार्टीप्यालेसको लागि कर्मचारी: सेफ-१, कुक-२, तन्दुरीकुक-१, हेल्पर-४, मसाल्ची-२, वेटर/क्याप्टेन-२, वेट्रेस-५, गाडी चलाउनजान्ने सेक्युरिटीगार्ड-१, तलब: आपसी समझदारीमा ९८५१२११८४७

फुडावरि रेष्टुरेन्टलाई कुकहेल्पर, वेटर ९८६१०३५४५८

रेष्टुरेण्टकोलागी कुक चाहियो स्वयम्भू 9849465010

एकाउन्टेन्ट चाहियो सम्पुर्ण VAT, TAX सम्बन्धिज्ञान भएको 9851024356

Urgently Teacher wanted 9851190524, 01491456

काम गर्ने महिला चाहियो ९८५१०८५४६१

फास्टफुडलाई अनुभवी मसाल्ची, वेटर, हेल्पर, क्लिनर बानेश्वर ९८०३६९६६३४

Fastfood Restaurent Cook, Helper, 9823543468

कुक चाहियो कलंकी तलब18000+ 9843544645

अनुभवी कुक वेटर 9841669436 9802082245

होस्टेलको किचेनमा कामगने महिला कर्मचारी चाहियो(खाने बस्ने सुविधा सहित आकर्षक तलब) ९८१८१५२४०३

कन्टिनेन्टल अनुभवी कुक-२, वेटर-१, मसाल्ची-१, थकाली भान्साघर त्रिपुरेश्वर 9860191183, 4101172

पोल्टीफर्मकोलागि दुईजोडी कामदार तलबजोडिको २०,०००।- बस्ने कोसुबिधा 9851057404 , 9843719790

रौतहटको होस्टेलमा कुक १५,०००/- ९८०७६७३७१५

कोटेश्वर कस्मेटिकमा कर्मचारी 12,000/- 9808425003

कुक वेटर हेल्पर तुआवश्यकता 5204191

घरेलु कामकाज जान्नेमहिला खानबस्नेसुविधा र मासिक तलब पाँचहजार सम्पर्क ९८०८१०६६७२

प्रेशकोलागि ग्राफिक्स डिजाइनर चाहियो, ९८५१०५६८९२

ललितपुर भनिमण्डलमा रहेको फास्टफुडको लागि असिस्टेन्ट कुक र वेट्रेस चाहियो ९८४०२४८४९८, ९८५११६७८५०

ग्रील कारखानाको लागि मिस्त्री- २, हेल्पर- २, ९८६०३४४२९३

अनुभवी वेटर, तन्दुरी कुक मैतिदेवी, 9849145602

Reputed English medium school in Bhaktapur is searching teachers (part time as well as full time) for secondary English, math, EPH, nepali/ lower secondary maths. Contact: 01-6631108, 9841934825

किचेन हेल्पर 15000 मसाल्ची 10,000/ वेटर 10,000 कोटेश्वर 9841572065, 9848585503

कुक, ककहेल्पर, वेटर, डिसबासर ९८०८९१५५५३ अनामनगर

चाउमिन कारखानालाई २पुरुष हेल्फर तलब १५,०००।- नर्सायिमी 9841431664

फाष्टफूड म:म रेष्टुरेण्टको लागि मसाल्ची हेल्पर ममिस्त्री 9851063509, 9860420262

बिद्यालयमा बसेर कामगर्ने पुरुष चाहियो 9818692600

Montessori teachers for Koteshwor, 9841482240

मसाल्ची, किचेनहेल्पर (म:म: मिस्त्री), देलीभरीब्वाई 8000-12000 पुल्चोक 9849353928 (नागरिकता अनिवार्य)

गंगबु रेष्टुरेन्टमा अल्टाउण्डर कुक चाहियो ९८६९१४६३२०

पचासवर्ष ड्राइभर श्रीमति घर ायसीकाम बस्ने सुविधा तलब ९८५१०२९०८३

खानबस्न मसाल्ची, कुक, वेटर 9823144935

एक प्रतिस्थित संस्थाकोलागी केही Sales Girls हरुको आवश्यकता 01-5535978, 9845232197

गर्ल्स होस्टलकोलागी महिलाकुक चाहियो ९८६९६२५७६६, ९८०४५१६१८६

कट्टीरोल बनाउने राम्रोकुक तुरुन्त अर्जेन्ट चाहियो 9851054232

वर्गर, म:म, कुक स्पेशलिष्ट ९८५१०२७९१३

**Male



मंसिरे चटारो

पाल्पाको माडी फाँटमा धान काट्दै किसान ।

महासंघको विशेष साधारणसभा स्थगित

काठमाडौं (कास)- नेपाल उद्योग वाणिज्य महासंघको विधान संशोधनका लागि आगामी कात्तिक २९ गते बोलाइएको विशेष साधारणसभा स्थगित हुने भएको छ ।

शुक्रबार साँझ बसेको विधान संशोधन कार्यदलको बैठकले विशेष साधारणसभा स्थगित गर्ने, अध्यक्षसम्बन्धी विधानको हालको व्यवस्था संशोधन नगर्ने र संशोधन गर्नुपर्ने अन्य विषय नियमित साधारणसभाबाट गर्ने निर्णय गरेको हो । 'यो निर्णय महासंघको कार्य समितिलाई समितिमा सिफारिस गर्ने छौं,' कार्यदलका संयोजक तथा महासंघका विशेष सदस्य चण्डीराज ढकालले भने, 'उसले हाम्रो निर्णयअनुसार विशेष सधारणसभा बोलाउने विषयलाई स्थगित गर्नेछ ।'

महासंघको विधानअनुसार हाल वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष हुने व्यवस्था छ । योसहित विधानका विभिन्न विषयमा संशोधन गर्न कात्तिक २९ गते विशेष साधारणसभा बोलाइएको थियो । वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष हुने हालको व्यवस्था संशोधन गरी प्रत्यक्ष निर्वाचनबाट अध्यक्ष चुन्ने व्यवस्था त्याउने तयारी थियो । विधान संशोधन कार्यदलले यो प्रक्रिया स्थगित गर्ने निर्णय गरेपछि हालका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा महासंघको आगामी कार्यकालका लागि स्वत: अध्यक्ष बन्ने बाटो खुला भएको छ ।

हालको विधान अनुसार नै वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा स्वत: अध्यक्ष बन्ने बाटो खुला

'यस पटक मात्रै हैन, आउँदो नियमित साधारणसभामा पनि अध्यक्षसम्बन्धी हालको व्यवस्था परिवर्तन गर्ने सिफारिस गरेका छौं,' ढकालले भने, 'विधानका अन्य विषयको संशोधन गर्नुपरे नियमित साधारणसभामा प्रस्तुत हुने र त्यहीं निर्णय हुनेछ ।'

गत साउन ३१ गते विशेष सधारणसभा बोलाउने र अध्यक्षसम्बन्धी व्यवस्था परिवर्तनको गृहकार्य सुरु भएलगत्तै महासंघमा ध्रुवीकरण भएको थियो । प्रत्यक्ष निर्वाचन प्रणाली वा वरिष्ठ उपाध्यक्ष नै स्वत: अध्यक्ष बन्ने भन्ने विषयमा निजी क्षेत्रका अधिकारीहरू विभाजित भएका थिए । सात पूर्वअध्यक्षहरूले सामूहिक रूपमा विधान संशोधन कार्यदललाई सुझाव बुझाएका थिए । विधान संशोधन गर्न नहुने, गरे पनि यसै कार्यकालबाट प्रत्यक्ष निर्वाचित अध्यक्षसम्बन्धी प्रणाली लागू गर्न नमिल्ने सुझाव पूर्वअध्यक्षहरूको थियो ।

महासंघका पहिले प्रत्यक्ष निर्वाचित अध्यक्ष प्रणाली मै थियो । वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष बन्ने व्यवस्था भएको एक कार्यकाल भयो । यो व्यवस्थाअनुसार वरिष्ठ उपाध्यक्ष पदमा रहेकी भवानी राणा महासंघकी अध्यक्ष भएकी हुन् । उनको कार्यकाल आगामी चैत्रमा सकिदै छ ।

सुरुङमार्ग अध्ययन गर्न ५९ करोड

५ महिनासम्म कामै भएन

■ **विमल खतिवडा** (काठमाडौं)

सरकारले सुरुङ मार्ग निर्माणको प्रारम्भिक अध्ययन गर्न ५९ करोड बजेट विनियोजन गरेको ५ महिना बिते पनि काम भने केही पनि हुन सकेको छैन ।

मुलुकका आधा दर्जनभन्दा बढी जोखिमयुक्त तथा लामो सडक खण्डमा सुरुङ निर्माण अध्ययनका लागि सरकारले यसपछि यति धेरै बजेट विनियोजन गरेको हो । यस वर्षको बजेटमा सिद्धार्थ राजमार्गको सिद्धबाबा, टोखा-छहरे-गुर्जे भन्ज्याङ, खुर्कोट-चियाबारी, बीपीनगर-खुटिया-दिपायल खण्ड, थानकोट-चित्लाङ खण्ड र लामा बगर-उत्तरी सीमा सडकमा सुरुङ निर्माणको विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण अगाडि बढाउने उल्लेख छ । यसबाहेक केही थप स्थानको सुरुङमार्ग निर्माणको प्रारम्भिक अध्ययन गर्ने भनी ५९ करोड रुपैयाँ बजेट विनियोजन गरिएको हो ।

उक्त बजेटले प्रारम्भिक अध्ययन गर्ने भनिए पनि यससम्बन्धी कामहरू भने हुन सकेको छैन । 'नयाँ प्रविधीमा जाँदा ढिलो हुनु स्वाभाविक हो,' सडक विभागका उपमहानिर्देशक एवं प्रवक्ता शिवहरि सापकोटाले भने, 'गरिरहेको काम भए चाँडै सुरु हुन्थ्यो, नयाँ भएकाले ढिला हुन गएको हो ।' उनका अनुसार अहिले सर्वेतिरको प्रारम्भिक अध्ययन गर्ने तयारी भइरहेको छ ।

'यो पैसाले सुरुङ निर्माण गर्ने हैन । त्यसका लागि एक छेउ पनि पुग्दैन,' उनले भने, 'प्रारम्भिक अध्ययन सकियो भने पनि उपलब्धि हुनेछ ।' उनका अनुसार बुटवल-पाल्पा सडकको सिद्धबाबा खण्डमा सुरुङ निर्माणका लागि 'डिटेल इन्जिनियरिङ' प्रतिवेदन तयार भइसकेको छ । स्विस सरकारको सहयोगमा रिपोर्ट तयार पारी विभागमा बुझाइसकिएको छ ।

यो खण्डमा सुरुङ निर्माणको थप अध्ययनका लागि सरकारले सबैभन्दा बढी अर्थात् ५० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । नागढुंगा-सिस्नेखोला सुरुङमार्गपछि सरकारको प्राथमिकतामा सिद्धबाबा सुरुङमार्ग निर्माण रहेको देखिन्छ । 'बुटवल-पाल्पा सडक खण्डको सिद्धबाबामा धेरै ठूलो धनजनको क्षति भएको छ,' प्रवक्ता सापकोटाले भने, 'त्यसैले अबको सुरुङमार्गको प्राथमिकतामा पनि यही खण्डमा हो ।'

प्राथमिकता भनिए पनि सरकारकाले बजेट विनियोजन गरेको पाँच महिना बिते पनि काम भने अघि बढेको छैन । 'पहिला स्विसको रिपोर्ट हेर्छौं,' उनले भने, 'त्यसपछि के कसरी अगाडि बढ्ने भन्ने थाहा हुनेछ ।' उनका अनुसार रिपोर्ट हेरिसकेपछि पूरै सुरुङमार्ग कसरी बनाउने भन्ने विषयबारे विज्ञ टोलीले अध्ययन गर्नेछ । नेपालमा सुरुङ निर्माणका लागि विज्ञ टोली छैनन् । विदेशबाटै ल्याएर अध्ययन गराउनुपर्ने विभागले जनायो । विज्ञ टोली ल्याउन सरकारले पहल गर्नुपर्ने हुन्छ । यो कार्य तुलनात्मक रूपमा महँगो पर्छ, समय पनि लाग्न सक्छ । 'नागढुंगा-सिस्नेखोला सुरुङमार्ग बन्दै छ, अन्यत्र निर्माण गरिने सुरुङका यो एउटा अनुभवको आयोजना हुनेछ,' उनले भने ।

विभागका अनुसार टोखा-छहरे-गुर्जे भन्ज्याङ सुरुङमार्ग, कोटेश्वर-जडीबुटी खण्ड, बीपी लोकमार्गको खुर्कोट चियाबारी, बीपी नगर खुटिया-दिपायल, थानकोट-चित्लाङ, गोदावरी कुण्ड-काभ्रे मानेचौर जोड्ने सुरुङमार्गहरूको अध्ययनका लागि ४०/४० लाख रुपैयाँका दरले बजेट विनियोजन भएको छ । कुलेखानी-भीमफेदी खण्ड, पोखरा-बागलुङ सडक (हेम्जा-नयाँपुल) र दोलखा-लामाबगर सुरुङमार्ग निर्माणको अध्ययनका लागि ३०/३० लाख रुपैयाँका दरले बजेट विनियोजन भएको हो ।

कुनैपनि सुरुङमार्गको बजेट अहिलेसम्म खर्च नभएको विभागले जनाएको छ । नयाँ बानेश्वर अन्डर पास अध्ययनका लागि ४० लाख रुपैयाँ छुट्याइएको छ । नाम नराखी सुरुङ मार्ग अध्ययनका लागि आवश्यकताअनुसार खर्च गर्ने गरी ५ करोड रुपैयाँ बजेट विनियोजन भएको उल्लेख छ ।



सिद्धबाबा सुरुङमार्ग	५० करोड
टोखा-छहरे-गुर्जे भन्ज्याङ	४० लाख
कोटेश्वर-जडीबुटी	४० लाख
बीपी खुर्कोट-चियाबारी	४० लाख
बीपीनगर खुटिया-दिपायल	४० लाख
थानकोट-चित्लाङ	४० लाख
गोदावरी कुण्ड-काभ्रे मानेचौर	४० लाख
नयाँ बानेश्वरमा अन्डर पास	४० लाख
कुलेखानी-भीमफेदी	३० लाख
पोखरा-बागलुङ (हेम्जा-नयाँपुल)	३० लाख
लामाबगर	३० लाख
बुटवल-नाराणगढ दाउन्ने	३० लाख



विविध खर्च
५ करोड

जम्मा खर्च
५९ करोड

सिमेन्टको गुणस्तर निर्धारण र स्टिकर छपाइ रोक्न निर्देशन

■ **ऋषिराम पौड्याल** (काठमाडौं)

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले सिमेन्टको गुणस्तर निर्धारणको प्रक्रिया र अन्त:शुल्कको स्टिकर छपाइ टेन्डर प्रक्रिया तत्काल अघि नबढाउन निर्देशन दिएको छ । सिमेन्टको गुणस्तर निर्धारणसम्बन्धी निर्णय अघि नबढाउन समितिले शुक्रबार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको हो । अघुलनशील कच्चा पदार्थ र म्याग्नेसियम अक्साइडको मात्रा बढाएर सिमेन्टको गुणस्तर घटाउन खोजेको उजुरीका आधारमा समितिले छानबिन गरिरहेको छ ।

समितिले स्टिकर र सिमेन्टबारे छलफल गर्न विभागीय मन्त्री र कर्मचारीहरू बोलाउने निर्णय पनि गरेको छ । नेपाली व्यवसायीले टेन्डर प्रक्रियामा भाग लिन नपाउने गरी आन्तरिक राजस्व विभागले गत असोजमा गरेको अन्त:शुल्कको स्टिकर छाप्ने टेन्डर रोक्न अर्थ मन्त्रालयलाई निर्देशन दिएको हो । विभागले २ आर्थिक वर्षका लागि करिब २ अर्बभन्दा बढी मूल्यको स्टिकर छाप्न अन्तर्राष्ट्रिय टेन्डर आह्वान गरेको छ । समितिका सभापति भरत शाहका अनुसार यी दुवै विषयमा सम्बन्धित मन्त्रालयका पदाधिकारी र मन्त्रीसँग छलफल गरेर थप अनुसन्धान गरिनेछ ।

टेन्डरमा नेपालीलाई बन्देज

आन्तरिक राजस्व विभागले अन्त:शुल्क स्टिकर छाप्ने टेन्डर प्रतिस्पर्धामा नेपाली व्यवसायीले भाग लिन नपाउने सर्त राखेपछि छानबिन सुरु गरिएको हो । समितिका सचिव रोजनाथ पाण्डेका अनुसार लेखाले गत मंसिरमा दिएको पाँचबुँदे निर्देशनको पालना नगरी फेरि सोही प्रक्रियामा टेन्डर आह्वान गरेको थियो । समितिमा सबैजसो सांसदहरूले नेपालीलाई बन्देज लगाउनु गलत भएको बताए । 'यस्तो निर्णय रोक्नुपर्छ,' सांसद तेजुलाल चौधरीले भने, 'समितिकै निर्णय नमानेपछि निर्देशनको पनि अर्थ भएन ।

सांसद हृदयेश त्रिपाठीले यस्तो निर्णय किन गरियो, सरकारको धारणा बुझ्नुपर्ने बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाली व्यवसायीले भाग लिन पाउने गरी प्रक्रिया मिलाउन एक वर्षअघि नै विभागलाई निर्देशन दिए पनि कार्यान्वयन नभएको समितिको बुझाइ छ ।

'यसमा नियत खराब देखिन्छ,' समितिका सभापति शाहले भने, 'टेन्डर जोसुकैले पाओस् नेपालीले प्रतिस्पर्धा नै गर्न नपाउने कस्तो सिन्डिकेट हो ।'

बाँकी पृष्ठ १२ ▸▸

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

तपाईंलाई हाम्रो सेवा कस्तो लाग्छ?

हाम्रा पाठकहरुबाट राय सुझाव लिन हामी सधैं इच्छुक हुन्छौं । के तपाईंको पत्रिका तपाईंसम्म समयमै पुग्ने गर्दछ? के तपाईंसँग कुनै प्रश्न वा गुनासो छन्? हाम्रो सेवासम्बन्धी केही सुझाव-सल्लाह छन्?

हामी हाम्रो सेवालाई सुधार गर्न निरन्तर प्रयत्नरत छौं ।



नि:शुल्क टोल फ्री नं

1660 01 22222 नेपाल टेलिकम

9801 57 2222 एनसेल

अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस्
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।

कान्तिपुर | THE KATHMANDU POST | साप्ताहिक | नेपाल | सर्वोत्तम नारी

यो सेवा बिहान ६ बजे देखि बेलुकी ६ बजे सम्म उपलब्ध रहनेछ ।

सिमेन्टको गुणस्तर...

विभागले निकालेको टेन्डरमा आवेदक कम्पनीले स्टिकर छाप्नका लागि विभिन्न कडा सर्त राखेको छ । सांसद राजन केसीले भने, 'आफ्ने देशका कम्पनीलाई टेन्डरमा सहभागी हुन नदिएपछि अरू देशमा कसरी काम गर्ने ? यो सरासर नेपाली पन्छाउने खेल हो ।' नेपाली कम्पनीलाई सहभागी हुने गरी मापदण्ड बनाउन दिएको सुझावसहितको सरकारी प्रतिवेदनलाई गुपचुप राखेर विभागले विदेशी कम्पनीले मात्र स्टिकर छाप्न पाउने सर्त राखेको छ । सुरक्षात्मक मुद्रण उद्योग दर्ता गर्न र छपाइका लागि नेपालका निजी कम्पनीले पनि भाग लिन पाउने गरी मापदण्ड तयार गर्न २०७२ मंसिर ६ गते उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । कार्यदलले मुद्रणमा नेपालका निजी कम्पनीले पनि भाग लिन पाउने गरी मापदण्ड बनाउन सुझाव दिएको थियो ।

सेक्युरिटी प्रेस छैन : मन्त्रालय

अर्थ मन्त्रालयले लेखा समितिलाई लेखेको जवाफमा नेपालमा सेक्युरिटी प्रेस नभएकाले यस्तो टेन्डर गर्नुपरेको स्पष्टीकरण दिएको छ । 'यो अत्यन्त संवेदनशील विषय भएकाले नेपाली व्यवसायीलाई समावेश गर्न नसकिएको हो,' मन्त्रालयका एक अधिकारीले भने, 'यसमा राजस्व जोडिएको छ । हाल इन्डोनेसियाको कम्पनीले उक्त स्टिकर छापेर उपलब्ध गराइरहेको छ । विदेशी कम्पनीले त कतिपय अवस्थामा हाम्रो सर्त पालना गर्न सकेका छैनन् तर नेपालमा दर्ता नै नभएका कम्पनीको कसरी विश्वास गर्ने ?' सेक्युरिटी प्रेस भनेका सेना प्रहरी राखेर स्टिकर छाप्ने छापाखाना हो भन्ने बुझाइ नै गलत भएको ती अधिकारीले बताए । चालु बजेटको नीति तथा कार्यक्रममा सेक्युरिटी प्रेस स्थापना गर्ने प्रावधान रहेको प्रसंग जोड्दै ती अधिकारीले भने, 'यसको कार्यान्वयन भयो भने नेपालमै छाप्न सकिन्छ ।'

सिमेन्टको गुणस्तर विवाद

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवको अध्यक्षतामा रहेको नेपाल गुणस्तर परिषद्ले कच्चा पदार्थको परिमाण परिवर्तन गरेर सिमेन्टको गुणस्तर कमजोर बनाउन लागेको अनुमानमा समितिले छानबिन सुरु गरेको हो । परिषद्ले तोकेको मापदण्डअनुसार उत्पादन गरेमा यस्तो गुणस्तरको सिमेन्ट प्रयोग गरिएका संरचनाहरू चाँडै फुट्ने खतरा रहन्छ ।

अर्थ संक्षेप

७३ चार्टर्ड एकाउन्टेन्ट

काठमाडौं (कास)- नेपाल चार्टर्ड एकाउन्टेन्ट्सले जुन २०१९ मा सञ्चालन गरेको चार्टर्ड एकाउन्टेन्सी सीएपी तीन तहको परीक्षाफल प्रकाशित गरेको छ । नतिजाअनुसार ४७ जना परीक्षार्थीहरू चार्टर्ड एकाउन्टेन्सीको अन्तिम परीक्षा उत्तीर्ण भई सदस्यताका लागि योग्य भएका छन् । चार्टर्ड एकाउन्टेन्सीको पहिलो तहको परीक्षामा ६८३ जना परीक्षार्थी उत्तीर्ण भएका थिए । दोस्रो तहको परीक्षामा ३४४ र तेस्रो तहमा ७३ परीक्षार्थी उत्तीर्ण भएका छन् ।

लक्ष्मी-तिलगंगा सम्झौता

काठमाडौं (कास)- लक्ष्मी बैंक र तिलगंगा आँखा अस्पतालबीच बालबालिकामा हुने आँखाको क्यान्सरको पहिचान र उपचारका लागि सहयोगसम्बन्धी सम्झौता भएको छ । सुस्वास्थ्यसम्बन्धी दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्यसहित बैंकले बालबालिकाका आँखाको क्यान्सरको उपचारका लागि ५ लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाह र अस्पतालकी प्रमुख कार्यकारी अधिकृत रीता गुरुङले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए ।

कतार एयरवेज-इन्डिगो सहकार्य

काठमाडौं (कास)- दोहाको कतार एयरवेजले भारतको एयरलाइन्स इन्डिगोसँग कोड सेयर सम्झौतामा हस्ताक्षर गरेको छ । पहिलो कोड सेयर लाइट पुस २ गते (डिसेम्बर १८) देखि सञ्चालन हुने भएको छ । यस सम्झौतासँगै कतार एयरवेजले दोहादेखि दिल्ली, मुम्बई र हैदराबादसम्मका इन्डिगोका लाइटहरूमा आफ्नो कोड राख्नेछ । यो सम्झौता 'संसारकै सर्वश्रेष्ठ एयरलाइन' र 'न्यून लागतको सर्वश्रेष्ठ भारतीय एयरलाइन' बीचको सम्बन्ध मजबुत बनाउने पहिलो कदम रहेको एयरवेजले जनाएको छ ।

हार्दिक श्रद्धाञ्जली



जन्म
२०२३/०३/२०

स्वर्गारोहण
२०७६/०७/११

स्व. दामोदर दुङ्गाना

हाम्रा आत्मिय मित्र तथा रिकण्डिसन अटो व्यवसायी **दामोदर दुङ्गानाको** असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय आत्माप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

आर. के. अटो सेन्टर | वेस्टर्न मोटर्स प्रा. लि
डि. एन. अटो मोबाइल्स | रेसिङ्ग मोटर्स प्र. लि.
काठमाण्डौ अटो मो. प्रा.लि. | शान्ति मोटर्स प्रा.लि.

हार्दिक समवेदना



जन्मः
२००४।०२।०५

स्वर्गारोहणः
२०७६।०७।१२

स्व. श्रीमती साबित्री बिष्ट

यस अग्नि ईन्करपोरेटेड प्रा. लि. मा कार्यरत वरिष्ठ प्रबन्धक श्री विभूषण बिष्टज्यूको ममतामयी माता **श्रीमती साबित्री बिष्ट** ज्यूको स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारलाई धैर्य धारण गर्न शक्ति प्रदान गरुन् भनी भगवानसँग प्राथना गर्दछौं ।

अग्नि ईन्करपोरेटेड प्रा. लि
अग्नि ग्रुप

AGNI GROUP

हार्दिक समवेदना



स्व. दामोदर दुङ्गाना

हाम्रा अति मिलनसार दाई/मित्र **दामोदर दुङ्गाना**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

जन्मः २०२३/४/२०
स्वर्गारोहणः २०७६/७/११

दौतरी इ. क. प्रा. लि. परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म
२०२३/०३/२०

स्वर्गारोहण
२०७६/०७/११

स्व. दामोदर दुङ्गाना

हाम्रो अटो मोवाइल्स प्रा.लि.का सञ्चालक दामोदर दुङ्गानाको असामयिक स्वर्गारोहण भएकोमा हामीलाई अत्यन्त मर्माहित तुल्याएको छ। आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय आत्माप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कुमार चिमोरीया
प्रोप्राइटर
हाम्रो अटो मोबाइल्स प्रा.लि. परिवार
सातदोबाटो, ललितपुर

भावपूर्ण श्रद्धाञ्जली



जन्म
२०२३/०३ /२०

स्वर्गारोहण
२०७६/०७/११

स्व. दामोदर दुङ्गाना (दामु)

यस संस्थाका सञ्चालक **श्री दामोदर दुङ्गाना (दामु)** ज्यूको मिति २०७६ कार्तिक ११ गते सोमबारका दिन असामयिक निधन हुनु भएको खबरले हामी अत्यन्त मर्माहत एवं दुःखी भएकाछौं ।स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दछौं । यस दुखद घडीमा परिवारजनलाई परेको पीडाप्रति समवेदना व्यक्त गर्दै शोकाकुल सम्पूर्ण परिवारजनलाई धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनि प्रार्थना गर्दछौं ।

कोप फुडल्याण्ड एण्ड बैङक्युट परिवार
ललितपुर, नेपाल

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ति गरुन् झुकेर पाउमा त्यो विन्ति सुन्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



स्व. श्री कुमारलाल श्रेष्ठ

जन्मः वि. सं. २०२१ चैत्र १७ गते

स्वर्गारोहनः वि. सं. २०७६ कार्तिक १२ गते

विभिन्न संघ तथा संस्थामा निरन्तर आवद्ध रहनु भई आफ्नो व्यक्तिगत जीवन भन्दा सामाजिक कार्यहरूमा रमाउने काठमाडौं धापासी निवासी **श्री कुमारलाल श्रेष्ठ**को यहि मिति २०७६ साल कार्तिक १२ गते भएको असमायिक निधनले हामी मर्माहित भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा मृतात्माको चिरशान्तिको कामना गर्दै उहाँ आवद्ध हुनु भएका संस्थाहरूको सम्पूर्ण परिवारको तर्फबाट समस्त श्रेष्ठ परिवारप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

होटल काठमाडौं ईन प्रा. लि.
एयरपोर्ट, काठमाडौं

हाम्रो सुनौलो बचत तथा ऋण सहकारी संस्था लि.
सिनामंगल, काठमाडौं

होटल सुनौलो ईन प्रा. लि.
तिलगंगा, काठमाडौं

सुपरमून प्रा. लि., *शंखमुल, काठमाडौं*
मध्यपुर बहुआयमिक कम्पनि प्रा. लि. *(हिमचुली एकेडेमी), धुन्चोपाखा, भक्तपुर*
विद्युतिय परिवहन प्रा. लि., *अनामनगर, काठमाडौं*
सिनामंगल विद्युतिय यातायात सेवा प्रा. लि., *सिनामंगल, काठमाडौं*
दिगो सार्वजनिक यातायात प्रा. लि. *गोंगबु, सामाखुशी, काठमाडौं*

तिनचुले सुन्धारा विद्युतिय यातायात सेवा प्रा. लि., *चावहिल, काठमाडौं*
शंखमुल जोरपाटी विद्युतिय यातायात सेवा प्रा. लि., *चावहिल, काठमाडौं*
त्रिलोक चार्जिङ्ग स्टेशन, *मध्यबानेश्वर, काठमाडौं*
जयबागेश्वरी चार्जिङ्ग स्टेशन, *मित्रपार्क, काठमाडौं*
संगम ब्याट्री चार्जिङ्ग स्टेशन, *मित्रपार्क, काठमाडौं*
ललितपुर विद्युतिय यातायात सेवा प्रा. लि., *ललितपुर*

नेपाल विद्युतिय चार्जिङ्ग संघ (NEVCA), *काठमाडौं*
कलंकी बिजुली पम्प, *मित्रपार्क, काठमाडौं*
मादेब विद्युतिय परिवहन सेवा प्रा. लि., *काठमाडौं (मार्फा ई.भी. चार्जिङ्ग)*
श्री. ई.भी. चार्जिङ्ग स्टेशन, *सिनामंगल, काठमाडौं*
इलेक्ट्रिक भेइकल्स एसोसिएट रिसर्च एण्ड म्यानेजमेन्ट, *ललितपुर*
सितापाइला छाउनी विद्युतिय परिवहन सेवा प्रा. लि., *काठमाडौं*

छोटकरी

'परिवर्तन कम्युनिस्टबाट मात्रै'

गण्डकी (कास)- नेकपा अध्यक्ष पुष्पकमल दाहालले मुलुकमा अहिलेसम्म भएका र अबका दिनमा हुने परिवर्तन कम्युनिस्ट पार्टीबाटै सम्भव भएको बताएका छन् । पोखरामा शुक्रबार आयोजित कार्यकर्ता प्रशिक्षणमा उनले कम्युनिस्ट शक्ति एकढिक्का हुनुपर्ने बताए । 'कम्युनिस्ट सरकारप्रतिको विश्वास जनतामा कायमै छ भन्ने सन्देश प्रवाह गर्न उपनिर्वाचन जित्नैपर्छ,' उनले भने, 'हामी गुट, उपगुट भन्दै एकआपसमा विरोध गर्दै फुट्न होइन, जुट्न लागौं ।'

उत्तर कोरियाली टोलीले भेट्यो नेपाललाई

काठमाडौं (कास)- नेपाल भ्रमणमा रहेको उत्तर कोरियाली संसद्का उपप्रमुख तथा प्योङयाङ सहरका अध्यक्ष चो हुई रिम नेतृत्वको टोलीले शुक्रबार नेकपा वरिष्ठ नेता माधवकुमार नेपालसँग भेटवार्ता गरेको छ । नेकपा विदेश विभाग प्रमुखसमेत रहेका नेपाललाई उत्तर कोरियाली टोलीले उनकै निवास कोटेश्वरमा भेटेको हो । नेकपा विदेश विभाग उपप्रमुख विष्णु रिजालका अनुसार चो र नेपालबीच दुई मुलुकको हित र आपसी सद्भाववारे कुराकानी भएको थियो ।

रूप ज्योतिलाई ३ दिन हिरासतमा राख्न अनुमति

कान्तिपुर संवाददाता (काठमाडौं)


ठगी आरोपमा पक्राउ परेका ज्योति समूहका सञ्चालक तथा पूर्वमन्त्री रूप ज्योति र उनकी छोरी सुरुचिलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंले अनुमति दिएको छ ।

सिंगापुरबाट स्वदेश आउने क्रममा विहीवार प्रहरीले बाबुछोरीलाई पक्राउ गरेको थियो । दुवै जना ज्योति र स्याकार कम्पनीको संयुक्त लगानी रहेको ल्यान्डमार्क डेभलपर्स प्रालि (हाउजिङ) का सञ्चालक हुन् । ०७५ मंसिर १६ मा उनीहरूसहित ९ जनाविरुद्ध विज्ञेन्द्रकृष्ण मल्लले प्रहरीमा निवेदन दिएका थिए । त्यसको चार दिनपछि काठमाडौं अदालतले ९ जनालाई पक्राउ पुर्जी जारी गरेको थियो ।

जिल्लाको निर्णयविरुद्ध रूप ज्योतिले सोही महिनाको २४ गते सर्वोच्चमा रिट दायर गरेका थिए । सर्वोच्चले पक्राउ पुर्जी जारी गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । एक वर्षअघि दायर उक्त रिट सर्वोच्चले मंगलबार खारेज गरेपछि प्रहरीले उनलाई पक्राउ गरेको हो । पक्राउ पुर्जी जारी भएका अरू ७ जना फरार छन् । प्रहरीका अनुसार ल्यान्डमार्क (जसमा ज्योति समूहको ५० लाख, स्याकारको ९ करोड ५० लाख र जय स्पिनिङ मिल्सको १० हजार गरी १० करोड १० हजार स्वामित्व छ) ले मल्ललाई महाराजगन्ज/बाँसबारीमा ६ आना ३ दाम २ पैसा क्षेत्रफलमा घर बनाईदिने भन्दै ०७१ सालमा रकम लिएको थियो । ल्यान्डमार्कले मल्लबाट सुरुमा १० लाख, त्यसपछि १ करोड २६ लाख रुपैयाँ लिएर घर बनाउने जिम्मा सीई कन्स्ट्रक्सनलाई दिएको थियो । सीईले तयार पारेको घर भने मल्लले पाएनन् । उक्त घर ज्योति समूहकै सदस्यका नाममा पास गरिएको थाहा पाएपछि ठगीको उजुरी गरेका हुन् ।

'१ करोड ३६ लाख ठगीको आरोपमा ल्यान्डमार्कका सञ्चालक रूप ज्योतिसहित ९ जनाविरुद्ध पोहोर नै उजुरी परेको थियो,' काठमाडौं प्रहरी प्रमुख एसएसपी उत्तम सुवेदीले भने, 'दिएको रकम रूप ज्योति तथा ल्यान्डमार्कका सञ्चालकले क्षतिपूर्तिसहित फिर्ता गर्नुपर्ने माग निवेदकको छ ।'

हार्दिक समवेदना



(जन्म)
वि.सं. १९ फाल्गुन २००७

(स्वर्गारोहण)
वि.सं. ११ कार्तिक २०७६

स्व. प्रा. डा. दिपक प्रसाद भट्टराई

यस कम्पनीका संस्थापक संचालक प्रा.डा. दिपक प्रसाद भट्टराईको यही मिति २०७६ कार्तिक ११ गते सोमबारका दिन असामयिक निधन भएको आज १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीर शान्तीको कामना गर्दै भावूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ती प्रदान गरुन भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

◆◆◆

बुद्धभुमि नेपाल हाईड्रो पावर कम्पनी लिमिटेड
परिवार
महाराजगंज-३, काठमाण्डौं

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विल्ति गरुन झुकेर पाउमा त्यो विल्ति सुन्दैन त्यो ।

भावपूर्ण श्रद्धासुमन



जन्म:
२००७/११/२५

स्वर्गारोहण:
२०७६/०७/११


स्व. प्रा. डा. दिपक भट्टराई

हाम्रा आदरणीय/श्रद्धेय समाजसेवी, शिक्षाविद् तथा कोमल हृदयी साथी/दाजु/अभीभावक **प्रा. डा. दिपक भट्टराई** ज्यूको असामयिक स्वर्गारोहणले सम्पूर्ण टोलबासीलाई स्तब्ध बनाएको छ । उहाँको आज १३ औं दिनको पूण्य-तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछौं । साथै यस शोकाकुल घडीमा शोक सन्तप्त परिवार एवं आफन्तजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

टोलबासी साथीहरू

चन्द्रदर्शन आचार्य/सविता आचार्य
क्या. सुदर्शन बहादुर के.सी./भगवती के.सी.
अनील थापा/ईन्दु थापा
अनील के.सी./अम्बु के.सी.
सन्तोष के.सी./रोजु के.सी.
सन्तोष खनाल/ईन्दीरा खनाल
बिमल थापा/लक्ष्मी थापा
सहदेव ढुङ्गाना/मुन कुमारी ढुङ्गाना
राजु क्षेत्री/उत्पला क्षेत्री
ज्ञानु क्षेत्री/कल्पना क्षेत्री
चरीत्र बिक्रम राणा/कुसुम राणा
सूर्य किरण गुरुङ्ग/डली गुरुङ्ग
स.र. आमोद नरसिंह राणा (अ.प्रा.)/बिनीता राणा
सुनील विक्रम शाह/शक्ती शाह
नरेन्द्र खड्का/अनिता खड्का
अमोद थापा/रञ्जु थापा
विजय प्रधान
दावा दोर्जे लामा/सिरी माया तामाङ्ग
राजेन्द्र सिंह गुरुङ्ग/रुबी गुरुङ्ग
राजेश श्रेष्ठ/सरिता श्रेष्ठ

हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं.
२००७/११/२५ गते

स्वर्गारोहण:
वि.सं.
२०७६/७/११ गते

(स्व. प्रा. डा. दिपक भट्टराई)

इन्जिनियरिङ क्षेत्रका एक धरोहर व्यक्तित्व, नेपालमा निजि क्षेत्रबाट इन्जिनियरिङ शिक्षामा योगदान दिने सुरूवातकर्ता र नेपालमा निर्माण व्यवस्थापन तथा परामर्श सेवा क्षेत्रका हस्ति तथा नेपाल इन्जिनियरिङ कलेजका संस्थापक अध्यक्ष श्रद्धेय गुरू **प्रा. डा. दिपक भट्टराईको** असामयिक स्वार्गारोहण भएको आज १३औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

ई. उद्धव राज चौलागाई
ई. हेम निधि शर्मा
तथा
सम्पूर्ण ई.आर.एम.सी. परिवार

HEARTFELT CONDOLENCE




Prof. Dr. Deepak Bhattarai
(8th March, 1951 - 28th October, 2019)

We would like to express our deepest condolences to the bereaved family and friends of Late. Prof. Dr. Deepak Bhattarai; a fountainhead of knowledge and always a source of inspiration.
Death can never take a good man away, for, in the hearts of the people he inspired, the legacy remains and continuous throughout generations.
We will forever cherish his leadership and guidance.
May his departed soul rest in Peace!!!

NIT Rourkela Alumni Association Nepal
(NITRAAN)

हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. २००७/११/२५ गते

स्वर्गारोहण:
वि.सं. २०७६/७/११ गते

(स्व. प्रा. डा. दिपक भट्टराई)

नेपाल इन्जिनियरिङ कलेजका संस्थापक अध्यक्ष

प्रा. डा. दिपक भट्टराईको

असामयिक स्वार्गारोहण भएको आज १३औं दिनको पुण्य स्मृति तिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै र स्व. भट्टराईको सपना साकार गर्ने प्रण गर्दै यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

नेपाल इन्जिनियरिङ कलेज परिवार
(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
चाँगुनारायण-४, भक्तपुर, पो.ब.नं. १०२१०, काठमाण्डौ
फोन नं. ०१-५२२१००६, ०१-५२२१००१,

जि.प्र.का. भक्तपुर द.नं. ५५२/२०६०

दुङ्गाना प्रतिष्ठान नेपाल, २०५५

केन्द्रीय कार्य समितिको सूचना

समस्त दुङ्गाना बन्धुहरुको छाता संगठन दुङ्गाना प्रतिष्ठान, नेपालको आठौं र नवम् साधारण सभा देहायको मिति, समय र स्थानमा बसी देहायका विषयमा छलफल तथा निर्णय हुने भएकाले समस्त बन्धुहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं ।

मिति: २०७६ मार्ग ७ गते शनिवार
समय : ११ बजे
स्थान : महालक्ष्मी पार्टि प्यालेस, थसीखेल, ललितपुर ।

छलफलका विषयहरु :

१. केन्द्रीय कार्य समितिको प्रतिवेदन (आ.व. २०७४।७५ र २०७५।७६) छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७४।७५ र २०७५।७६ को वित्तीय विवरण छलफल गरी पारित गर्ने (सो अवधिको लेखापरीक्षण प्रतिवेदन समेत) ।
३. विविध ।
४. केन्द्रिय कार्य समितिको निर्वाचन ।

शेर बहादुर दुङ्गाना, महासचिव, ९८५१२४५३५४
भीमानन्द दुङ्गाना, उपाध्यक्ष, ९८४१२४५४५८
जनकराज दुङ्गाना, अध्यक्ष, ९८४१६९१३०५

Vehicles for sale (Duty Not Paid)

Make	:	Chevrolet Tavera
Model	:	P7C-BSIII
Engine No	:	3HJ94656
Frame No	:	MA6AB605G9H093443
Color	:	Summer Green
Type of body	:	5 Door Jeep (7seater)
Submission of bid (by 5:00pm)	:	No later than November 18, 2019

Opening of bid and announcement of winner: November 19, 2019 (at 10:00am)
Minimum bidding amount: 200,000 Nepali Rupees.

The winning bidder will pay 50% of bidding amount by November 21, 2019 and clear customs duty by November 28, 2019. Vehicle will be handed over upon submission of customs duty paid receipt and payment of balance bidding amount to The Asia Foundation.

Contact: 4-418345/9851077233/9860201777

काठमाण्डौ फरेष्ट्री कलेज पब्लिक लि.

फोन नं. ९७७-१-५१४७२११, कोटेश्वर, काठमाण्डौ

तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस काठमाण्डौ फरेष्ट्री कलेज पब्लिक लि. को मिति २०७६/०७/१५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको तेह्रौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल तथा निर्णय हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

मितिः २०७६ मंसिर २८ गते शनिवार
समयः बिहान ८:०० बजेदेखि
स्थानः Indreni Food World & Banquet, इमाडोल मार्ग, ग्वार्को ललितपुर

छलफलका बिषयहरु

१. अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०७५/७६ को वार्षिक प्रगति प्रतिवेदन
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/७६ को वार्षिक आर्थिक विवरण
३. आ.व. २०७६/७७ को अनुमानित आय व्ययको प्रतिवेदन
४. आ.व. २०७६/७७ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक
५. १५ प्रतिशत नगद लाभांश वितरण गर्ने सम्बन्धमा
६. संचालक समितिको गठन सम्बन्धमा
७. अन्य (विविध)

नोटः शेयरधनीहरुले कम्पनीको लेखा परिक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण लगायतका सम्बन्धित कागजात हेर्न चाहेमा कलेजमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

कम्पनी सचिव

IN THE CHILDREN'S COURT FOR THE STATE OF GOA, AT PANAJI

Proclamation requiring the appearance of a Person Accused

SPL. COMPLAINT NO. 129/2014

STATE (Panaji P. S.) ...Complainant

Versus

Sunil Bahadur K.C ...accused

To,

The Poiice Inspector, Panaji,
Police Station, Panaji, Goa.

WHEREAS; complaint has been made before me that Sunil Bahadur K.C, VCD02, Faskuli Village, Dist. Malapur Dang/ Nepal stands charged with the offence punishable under Section 341, 354 IPC & sec.8(2) of Goa Children's Act 2003, and it has been returned to a warrant of arrest there upon issued that the said cannot be found, and whereas it has been shown to my satisfaction that the said Sunil Bahadur K.C has absconded [or is concealing himself to avoid the said warrant]; Proclamation is hereby made that the said Mr. Sunil Bahadur K.C, is required to appear at Panaji before this Court [or before me] to answer the said complaint on the 22nd November 2019 at 10.a.m.

(VANDANA TENDULKAR)
President
Children's Court for the State of Goa, Panaji

DI/Advt/1077/2019

समाजवादी पार्टी दोधारमा

■ **बबिता शर्मा** (काठमाडौं)

नेकपासँग सत्ता साझेदार समाजवादी पार्टीले सरकारले बस्ने वा बाहिरिने लगायतका विषयमा टुंगोमा पुग्न संघीय परिषद् र केन्द्रीय समितिको बैठक बोलाएको छ । सरकारमा बसेर पनि राम्रो भूमिका निर्वाह गर्न नसकेको भन्दै पार्टीभित्र बढिरहेको आलोचना एवं एकीकरण प्रक्रियामा जोडिन खोजेको राजपाले समेत सरकारबाट बाहिरिनुपर्ने सर्त तेर्‍याईरहका बेला निष्कर्षमा पुग्न बैठक बस्न लागेको हो । आगामी बिहीबारदेखि हुने तीनदिने बैठकले समाजवादीको नेकपासँगको सत्तायात्राको भविष्य निर्धारण गर्नेछ ।

केपी शर्मा ओली नेतृत्वको सरकारमा सहभागी भएको १७ महिना बितिसक्दा पनि संविधान संशोधनमा सरकार उदासीन बनेको भन्दै नयाँ शक्ति पार्टीबाट जोडिएको समाजवादीको एउटा समूह तत्काल सरकारबाट बाहिरिनुपर्ने अडानमा छ । पूर्वसंघीय समाजवादी पार्टीको समूह भने प्रधानमन्त्रीले संविधान संशोधन हुँदैन नभनेसम्म बाहिरिन नहुने अडानमा छ ।

तत्कालीन संघीय समाजवादी फोरम र नयाँ शक्ति पार्टीबीच एकीकरणपछि औपचारिक रूपमा पहिलोपटक सरकारमा रहने वा नरहने भन्ने विषय बैठकको एजेन्डा बनेको महासचिव गंगानारायण श्रेष्ठले बताए । 'समाजवादी पार्टी ससर्त सरकारमा गएको हो । सरकारले संविधान संशोधन नगर्ने भइसकेपछि सरकारमा बस्नुको औचित्य छैन,' उनले भने, 'यसको अर्थ केटाकेटी पाराले सरकार छाड्ने भन्ने पनि होइन । संघीय परिषद् र केन्द्रीय समितिको बैठक बस्दै छ । त्यहाँ यसबारे छलफल हुन्छ ।'

तत्कालीन फोरम र नयाँ शक्तिबीच पार्टी एकता हुँदा पनि संविधान संशोधन नभए सरकार छाड्ने सहमति भएको नेताहरूले बताएका थिए । त्यहीअनुसार नयाँ शक्ति समूहले सरकार छाड्न बारम्बार दबाब दिँदै आएको छ ।

संघीय परिषद् र केन्द्रीय समितिले टुंगो लगाउँदै

अध्यक्ष बाबुराम भट्टराईले सत्ताको साझेदार नभई संविधान संशोधन गर्नका निम्ति तत्काल दुई तिहाइ बहुमत पुर्‍याउन सरकारलाई साथ दिएको बताउँदै आएका छन् । डेढ वर्ष नाघिसक्दा पनि सरकारले संविधान संशोधन गर्न कुनै चासो नदिएको अवस्थामा सत्ता साझेदारी गरिहनुको औचित्य नभएको भनाइ उनले गोरखामा एउटा कार्यक्रममा व्यक्त गरेका थिए ।

सरकारबाट बाहिरिने अभिव्यक्ति अध्यक्ष उपेन्द्र यादवले दिने गरे पनि तत्काल सरकारबाट बाहिरिन नहुने मनसायमा यादव नरहेको उनी निकट एक नेताले बताए । ती नेताले भने, 'संविधान संशोधनमा प्रधानमन्त्री ओली उदासीन देखिए पनि तत्काल सरकारबाट बाहिरिन हुँदैन भन्ने पक्षमा उहाँ (यादव) हुनुहुन्छ ।'

समाजवादीकी उपाध्यक्ष रेणु यादवले आउँदो बैठकबाटै सरकारमा बस्ने वा छोड्ने निर्णय हुने बताइन् । 'संविधान संशोधन गर्नुपर्छ भन्ने हाम्रो कुरा हो, त्यसमा सरकारले पहल गर्नुपर्छ,' उनले भनिन्, 'अब के गर्ने भन्ने बैठकले निर्णय गर्छ ।' अर्कोतर्फ, राजपा र समाजवादी पार्टीबीच पार्टी एकीकरणको छलफल अगाडि बढ्दै गर्दा राजपाले सरकारबाट बाहिरिनुपर्ने प्रस्ताव राखेपछि एकीकरण प्रक्रिया रोकिएको छ । राजपाले राखेको सर्तमा समाजवादी पाटीभित्रै विवाद छ ।

एउटा पक्ष सरकार छाडेर राजपासँग पार्टी एकता गर्नुपर्ने र अर्को पक्ष भने सर्त मानेर पार्टी एकताका लागि हतार गर्न नहुने अडानमा छन् । १८ जेठ २०७५ मा ओली सरकारमा सहभागी समाजवादीबाट अध्यक्ष यादव उपप्रधान एवं स्वास्थ्यमन्त्री, सुरेन्द्रकुमार यादव स्वास्थ्य राज्यमन्त्री र मोहम्मद इस्तियाक राई सहरी विकासमन्त्री छन् ।

उपप्रधानमन्त्री यादवले प्रधानमन्त्री एवं नेकपा अध्यक्ष ओलीलाई गत पुस २२ मा बालुवाटारमा ११ बुँदे स्मरणपत्रका बुझाएका थिए । सरकारको कार्यशैली सुधार्ने र संविधान संशोधन गर्ने सहमति कार्यान्वयन गर्नुपर्ने त्यसमा उल्लेख थियो ।

नरभक्षी चितुवा खोज्न विज्ञ टोली

तनहुँ (कास)- बस्ती र घरआँगनमा आएर आक्रमण गरी बालबालिकाको ज्यान लिने चितुवाको खोजीका लागि भानु नगर क्षेत्रका वनमा विज्ञसहितको टोली खटाइएको छ ।१, २, ३ र ४ नम्बर वडाका बस्तीमा चितुवाले साँझ घर-आँगनमै खेल्दै गरेको बालबालिकालाई आक्रमण गर्ने क्रम बढेपछि त्रास छ । चितुवा नियन्त्रणका लागि तारन्तार गरिएका उपायमा पछिल्लो पटक विज्ञ टोली परिचालन भएको हो । जंगलमा फुट ट्रयाप र क्यामेरा ट्रयापिङबाट निगरानी गर्दै काठका परम्परागत खोरमा बाख्रासहितको पासो थाप्ने र विशेष सुरक्षा दस्तासमेत परिचालित गर्दा पनि हालसम्म नरभक्षी चितुवा नियन्त्रणमा आउन सकेको छैन । प्रभावित क्षेत्रका बस्ती साँझ पर्दा नपर्दै सुनसान हुने गरेको छ ।

'सरोकारवाला निकायबाट प्रयास भए पनि नियन्त्रण गर्न सकिएन,' डिभिजन वन कार्यालयका सहायक वन अधिकृत बाबुराम उप्रेतीले भने, 'त्यसपछि जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयसँग विशेष सुरक्षा दस्ता माग गरेको थियो । त्यो टोलीसँगै अब विज्ञ पनि छन् ।' तिहार अगाडि आएर टोलीले प्रभावित क्षेत्रको अवस्था बुझेर गएको थियो । आवश्यक प्राविधिक सामग्रीसहित टोली फिल्डमा खटिएको जानकारी उनले दिए । चितवनबाट आएको वन्यजन्तु प्राविधिक टोलीले गस्तीको समयमा एउटा पनि चितुवा नदेखेको वन्यजन्तु प्राविधिक हर्कमान लामाले बताए । 'चितुवाले विशेषगरी साँझ र भिसमिसे बिहानको उज्यालोमा मात्र आक्रमण गरेको पाइएकाले हामीहरू त्यही समय पारेर निगरानी गरिरहेका छौं,' उनले भने, 'निगरानी जारी राख्दा चितुवा पक्कै देखिएला ।' विज्ञ टोलीका सदस्यले चितुवाको आनीबानी र विचरणको समय प्रस्ट्याउँछन् ।

भानु नगरपालिकामा १३ वडा छन् । ५ हजार ७ सय ७७ हेक्टर क्षेत्रफलमा ९६ वटा सामुदायिक वन छन् । यिनमा ९ सय हेक्टरका फैलिएको वन चितुवा प्रभावित क्षेत्र छ । यही वन क्षेत्रसँगै जोडिएका बस्ती छन् । डेढ वर्षको अवधिमा चितुवाको आक्रमणबाट ६ जना बालबालिकाको ज्यान गुमाएका छन् भने ७ जना घाइते भएका छन् । घटना हुन थालेदेखि नै वन डिभिजन कार्यालयले चितुवाको खोजी सुरु गरेको थियो ।

जिल्ला प्रशासन कार्यालयले नरभक्षी चितुवालाई गोली हानी मार्ने निर्देशन जारी गरिसकेको छ ।

DAI

Request for Applications
USAID Tayar Nepal Improved Disaster Risk Management Project

USAID/Nepal's Tayar Nepal – Improved Disaster Risk Reduction and Management Project will strengthen the capacity of Nepal's national, provincial and municipal institutions responsible for disaster risk reduction, preparedness and response. In a country prone to a myriad of natural disasters, at the national level Tayar Nepal will build the capacity of disaster risk reduction and management (DRRM) institutions, including the newly created National Disaster Risk Reduction Management Agency (NDRRMA). Locally, Tayar will support eight urban municipalities to develop risk-sensitive land use plans and then support the prioritization and implementation of a set of technical assistance packages improve disaster resilience. In the event of a disaster over the life of the five-year project, USAID/Nepal may engage the program's rapid emergency response mechanism. Tayar will also work closely with the Government of Nepal and Nepali emergency responders to mobilize technical assistance, commodity support, small-scale infrastructure, and information management support. Tayar will apply lessons learned from disaster risk reduction & response efforts to improve national-level DRRM systems and municipal-level risk-reduction activities. Tayar Nepal has an immediate need for highly competent Nepali citizen to fill the following positions: -

- NDRRMA Embedded Advisor
- Private Sector Engagement Specialist
- RSLUP and Urban Planning Manager
- Disaster Preparedness and Response Specialist
- Curriculum Design and Training Specialist

Application Instructions:
Please refer to **www.jobsnepal.com** for detailed scope of work. Interested applicants should submit a CV and cover letter to **TayarRecruitment@dai.com** by **November 23, 2019**. Please mention the position in the subject line of the email.

सूचना

यस रिलायन्स सुगर एण्ड केमिकल्स ईण्डष्ट्रज प्रा.लि. बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए. २०७६/७/२२ गते देखि कारखाना रेट (Ex-factory) मूल्यमा विक्री गरिने भएकोले सबैको जानकारीको लागि यो मूल्यसूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्त शुल्क तथा मु.अ.कर समावेस छैन ।

रे.फा. स्प्रीट मोलासिस ९० प्रति लिटर	ई.एन.ए. मोलासिस १०० प्रति लिटर

Ds (D hature Spirit) ३० प्रति लिटर

रिलायन्स सुगर एण्ड केमिकल्स ईण्डष्ट्रिज प्रा.लि.
मनरहवा, बारा

२५ देशका पशुविज्ञ पोखरामा

गण्डकी (कास)- नेपाल भेटनरी एसोसिएसनको आयोजनामा पोखरामा सस्टेनेबल एनिमल एग्रिकल्चर फर डेभलपिङ कन्ट्रिज (एसएएडीसी) को सातौं अन्तर्राष्ट्रिय सम्मेलन शुक्रबार सुरु भएको छ ।

पर्यावरणमैत्री दिगो पशुपालनका वैज्ञानिक खोजबारे छलफल गर्ने उद्देश्यले आयोजित चारदिने सम्मेलनमा नेपालसहित अमेरिका, थाइल्यान्ड, चीन, भुटान, लाओस, भियतनाम, भारत, इन्डोनेसिया र अस्ट्रेलियालगायत २५ देशका विज्ञ सम्मेलनमा सहभागी छन् ।

साना र मध्यमस्तरका किसानलाई लक्षित गरी पर्यावरणमैत्री दिगो पशुपालनका लागि पशु चिकित्सा, पशु स्वास्थ्य, पशु पोषण र घाँसेबाली तथा हिमाली क्षेत्रमा पालिने याकको संरक्षणलगायतका विषयमा सम्मेलनमा छलफल गरी घोषणापत्र जारी गर्ने कार्यक्रम छ । सम्मेलनको उद्घाटन पूर्वप्रधानमन्त्री तथा नेकपा अध्यक्ष पुष्पकमल दाहालले गरेका थिए ।

Chemonics
Development works here.

Request for Quotation# GHSC-PSM-NPL-032

Chemonics Nepal, in its capacity implementing the USAID Global Heath Supply Chain Program - Procurement and Supply Management (GHSC-PSM) project, is soliciting proposals from eligible Nepali firms for **Operations Support and Maintenance for Online Inventory Management System (Online IMS) to** support Management Division (MD), Department of Health Services, Ministry of Health and Population.Online IMS is an inventory transaction tool for health commodity inventory management among different levels of the public health supply chain.
Deadline: Questions regarding the technical or administrative requirements of this RFQ may be submitted no later than 5:00 PM local Kathmandu time on November 15, 2019 by email to PSMNepalProcurement@ghsc-psm.org. Proposals should be submitted based on the guidelines listed in this RFQ. The deadlines for proposals submission is no later than 5:00 pm local Kathmandu time by November 22, 2019.
Instructions: Interested consulting IT companies may request RFQ at psmnepalprocurement@ghsc-psm.org

REQUEST FOR PROPOSAL

Request for Proposal (LRPS-2019-9153977) – To conduct an end-line survey in Mugu

UNICEF is inviting proposals from qualified agencies to conduct an end-line survey in Mugu to measure changes in MNCH comparing to results from the baseline survey. The detailed terms of reference and the bidding document can be accessed at https://www.unicef.org/nepal/procurement.

Any queries or request for information related to this RFP should be sent to nepalsupply@unicef.org
UNICEF NCO reserves the rights to reject any/all proposals without assigning any reasons whatsoever.
Only successful bidder(s) will be contacted.

Offers MUST be received latest by 14:00hrs (Nepal Time) on Thursday 21 November 2019.

unicef

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन बुटवल
रुपन्देही

visit nepal 2020 Lifetime Experiences

कारबाही प्रकृया अगाडि बढाइने सम्बन्धि अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०७६/०७/२३)

यस कार्यालय अन्तर्गत तपशिल बमोजिमका निर्माण कार्यहरू सँग सम्बन्धित खरिद सम्झौताहरुको समयावधि समाप्त भैसकेको अवस्थामा निर्माण कार्यहरूको भौतिक प्रगति अत्यन्त न्यून रहेको, निर्माण स्थलमा पर्याप्त स्रोत साधनहरू परिचालन नगरिएको र पटक/पटकका मौखिक एवम् लिखित ताकेताहरुलाई समेत बेवास्ता गरेको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित), ठेक्का सम्झौताका सर्तहरु तथा प्रचलित कानुन बमोजिम कारवाही प्रकृया किन अगाडि नबढाउने ? कारवाही प्रकृया अगाडि बढाउनु नपर्ने कुनै मनासिब कारण भए यो सूचना प्रकाशनको मितिले ७ (सात) दिन भित्र सम्बन्धित निर्माण व्यवसायीको आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित भई लिखित प्रतिबद्धता सहितको स्पष्टिकरण समेत पेश गर्नहुन यो सूचना जारी गरिएको छ । अन्यथा, नियमानुसार कारबाही प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायीको नाम र ठेगाना	ठेक्का सम्झौता मिति	निर्माण सम्पन्न गर्नुपर्ने मिति (म्याद थप समेत)
१.	35/WRRD/DRO4 /068/69/650	कन्चनिया पुल निर्माण, रुद्रपुर बनकसियाघाट, रुपन्देही ।	श्री बोखिम/शान्ति जे.भी., काठमाडौं	२०६९/०३/२६	२०७३/०७/२६
२.	214/WRRD/DRO4 /070/71/157	दानव नदी पुल निर्माण, कोलुवा खड्वाबनगाइ सिसई, रुपन्देही ।	श्री मृत सञ्जिवनी/देव एण्ड सायर जे.भी., काठमाडौं	२०७१/०३/३१	२०७५/०६/०७
३.	215/WRRD/DRO4 /070/71/157	दानव नदी पुल निर्माण,मानमटेरिया नौडीहवा बेलवा, रुपन्देही ।	श्री मृत सञ्जिवनी/देव एण्ड सायर जे.भी., काठमाडौं	२०७१/०३/३१	२०७५/०६/०७
४.	DROBTL/3371574 /072-073/094	बगाहा पुल निर्माण, रजहर फाराम बारकोल, नवलपरासी ।	श्री सिरुवा/नेपाल जे.भी., भरतपुर, चितवन	२०७३/०४/१८	२०७५/१२/२३
५.	DROBTL/3371574 /072-073/101	सियारी पुल निर्माण, कम्हरिया मेडरहवा, रुपन्देही ।	श्री मैनाचूली/ सिद्धि साई/ अन्जना जे.भी., काठमाडौं ।	२०७३/०४/०७	२०७५/०४/२२
६.	DROBTL/3371574 /072-073/102	कजरार नदी पुल निर्माण, केरवानीढेकावार, रुपन्देही ।	श्री मैनाचूली/ सिद्धि साई/अन्जना जे.भी., काठमाडौं ।	२०७३/०४/०७	२०७५/०६/२२
७.	DROBTL/3071084 /075-076/033	खैरेनी-झुम्सा-पाल्पा सिमेण्ट उद्योग खाँनी स्थल पहुँच सडक, रुपन्देहीको सडक स्तरोन्नती कार्य ।	श्री पि.आर./पन्थ जे.भी., ललितपुर	२०७५/१२/२६	२०७६/०३/१५

डिभिजन प्रमुख

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा सरसफाइ डिभिजन नं. १
प्रदेश नं. ३, हेटौडा, मकवानपुर
☎ ०५७-५२०७२६

बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना

यस डिभिजनको मिति २०७६।०६।१६ मा प्रकाशित सूचना बमोजिम तपसिलमा उल्लेखित कार्यको लागि पेश हुन आएका इलेक्ट्रोनिक बोलपत्र (E-Bidding) सूचना नं. १ देखि ४ सम्मको सिलबन्दी बोलपत्रदाताबाट न्यूनतम मूल्यांकन सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७ को उपदफा (२) को प्रयोजनको लागि यो स्वीकृत गरिने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरूलाई जानकारीको लागि प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएको शिलबन्दी बोलपत्रदाता	कबोल अंक (मू.अ.कर बाहेक)
१	१।२०७६।०७७	एच.डि.पि.ई.पाईप PE-100 सप्लाई कार्य	साउथ एसियन पोली पाइप इण्डस्ट्रिज प्रा.लि., सुविधानगर, काठमाण्डौ	१,३५,७१,४२१।००
२	२।२०७६।०७७	एच.डि.पि.ई.पाईप PE-100 सप्लाई कार्य	नारायणी माइको पाइप उद्योग प्रा.लि., कलैया, वारा	५७,०८,५५०।००
३	३।२०७६।०७७	एच.डि.पि.ई.पाईप PE-100 सप्लाई कार्य	कमला पोलिथिन एण्ड प्लाष्टिक इण्डस्ट्रिज प्रा.लि., जनकपुर	१,२७,३५,८४१।२४
४	४।२०७६।०७७	एच.डि.पि.ई.पाईप PE-100 सप्लाई कार्य	यति प्लास्टिक इण्डस्ट्रिज प्रा.लि, बनेपा, नेपाल	१,७५,१२,२२७।५०

डिभिजन प्रमुख

ekantipur.com

खेलकुद

२३ कार्तिक, २०७६ (Saturday, November 9, 2019)



तीन कांस्य

द बेल्ट एन्ड रोड चाइना इन्टरनेसनल तेक्वान्दो च्याम्पियनसिपमा नेपालले तीन कांस्य पदक जितेको छ । काजल श्रेष्ठ, मनोज मल्ल र युनिशा राईले आफ्नो तौलसमूहमा उक्त पदक जितेका हुन् ।

१५

क्रिकेटमा भारत र पाकिस्तान नखेल्ने

■ **विनोद पाण्डे** (काठमाडौं)

१३औं दक्षिण एसियाली खेलकुद (साग) मा क्रिकेटतर्फ भारत र पाकिस्तान नखेल्ने भएका छन् । साग मंसिर १५ देखि २४ सम्म नेपालले आयोजना गर्दै छ । नेपाल तेस्रो पटक दक्षिण एसियाली खेलकुद मेला आयोजना गर्नेक्रममा छ ।

निर्धारित तालिकाअनुसार पुरुष क्रिकेट त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा र महिला क्रिकेट पोखरा क्रिकेट रंगशालामा हुनेछ । तर विश्व क्रिकेटका शक्तिशाली भारत र पाकिस्तानले क्रिकेटमा सहभागिता नजनाउने भएका छन् । क्रिकेटमा नेपालसहित श्रीलंका, बंगलादेश, माल्दिभ्स र भुटानले मात्र खेल्ने छन् ।

सागमा दोस्रो पटक क्रिकेट समावेश गरिएको हो । बंगलादेशमा सन् २०१० मा भएको ११ औं सागमा क्रिकेटलाई पहिलोपल्ट समावेश गरिएको थियो । तर भारतले त्यो सागसहित २०१४ को इन्चोन एसियाली खेलकुदमा पनि क्रिकेटमा सहभागिता जनाएको थिएन ।

पाकिस्तानले पुरुष फुटबलमा भाग नलिने भएको छ । पाकिस्तान नखेलेपछि ६ राष्ट्रले मात्र फुटबलमा प्रतिस्पर्धा गर्नेछ । नेपालले २०१६ मा भारतको गुवाहाटी र सिलोङमा भएको पछिल्लो सागमा आयोजकलाई २-१ ले पराजित गरी फुटबलको स्वर्ण जितेको थियो । नेपालको पुरुष फुटबल टोलीले १९८४, १९९३ र २०१६ मा गरी तीन पटक सागको फुटबल स्वर्ण जितेको छ । भारतले १९९५ को मद्रासयता सागमा फुटबलको स्वर्ण जित्न सकेको छैन ।

निर्धारित तालिकाअनुसार सागको पुरुष फुटबल काठमाडौं दशरथ रंगशाला र महिला फुटबल पोखरा रंगशालामा हुने कार्यक्रम छ । ६ टोलीमात्र भएकाले फुटबलका खेलहरू उद्घाटनकै दिन मंसिर १५ देखि हुने तालिका छ । फुटबल यसअघिका सागमा उद्घाटनको २-३ दिनअघि नै सुरु हुने गर्थ्यो । भलिबलका खेल भने चार दिनअघि अर्थात मंसिर १० र उसु मंसिर १३ देखि सुरु हुनेछ । राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भलिबलको महिला र पुरुष दुवैको प्रतिस्पर्धा हुनेछ ।

'सम्बन्धित देशले खेलसंख्या दर्ता गरिसकेका छन् र खेलाडी दर्ता हुनेक्रम जारी छ । त्यो अन्तिम समयसम्म चल्नेछ,' नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले भने । शनिबारदेखि काठमाडौंमा बस्ने दक्षिण एसियाली ओलम्पिक काउन्सिलको कार्यकारिणी बैठकले सबै टुंगो लगाउने छ । तीनदिने बैठकमा सम्बन्धित देशका ओलम्पिक कमिटीका प्रतिनिधिहरू सहभागी हुनेछन् ।

भारतको पछिल्लो सागमा जस्तै यसपटक ट्रायथलनमा तीन देशले सहभागिता जनाउने छ । पोखराको लेकसाइडमा हुने ट्रायथलनमा नेपाल, भारत र श्रीलंकाले प्रतिस्पर्धा गर्ने पक्का भएको छ । तीन सातापछि हुने सागमा २७ खेल समावेश हुने भनिए पनि प्याराग्लाइडिङ हटाइएको छ । सागमा प्याराग्लाइडिङलाई पहिलोपल्ट समावेश गरिएको हो । पोखराको सारङकोटमा हुने भनिएको प्याराग्लाइडिङमा नेपालबाहेक अन्य राष्ट्रले सहभागिता नजनाउने भएपछि यस खेललाई हटाउनुपरेको हो । यद्यपि प्याराग्लाइडिङ हटाइएको आधिकारिक निर्णय भने गरिसकेको छैन । 'पाकिस्तान खेल्न तयार छ र भारतले मानेको खण्डमा प्याराग्लाइडिङको प्रतिस्पर्धा हुनेछ । भारतको प्याराग्लाइडिङको अन्तर्राष्ट्रिय संस्था नभएकाले सहभागी हुन केही समस्या देखिएको छ,' राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवाललेे भने । उनले पूर्वाधारका कारण साग नरोकिने जनाउँदै भने, 'साग आयोजनाको चिन्ता सबैभन्दा बढी मलाई छ । निर्धारित मितिमै आयोजना हुनेमा म ढुक्क छु ।'

नेपाल र श्रीलंकाले सबै २६ खेलमा प्रतिस्पर्धा गर्नेछन् । बंगलादेशले ट्रायथलनबाहेक अन्य २५ खेलमा सहभागिता जनाउने छ । भारतले २१, पाकिस्तानले १८, भुटानले १४ र माल्दिभ्सले ११ खेलमा आफ्ना खेलाडीलाई उतार्ने पक्का गरेका छन् । भारतले आर्चरी, क्रिकेट, कराँते, तेक्वान्दोलगायत खेलमा भाग लिने छैन । भारतको आर्चरी निलम्बनको अवस्थामा छ भने कराँते र तेक्वान्दोमा विवाद रहेकाले नखेल्ने बताइएको छ । पाकिस्तानले क्रिकेट, फुटबलसहित आर्चरी, साइक्लिङ, फेन्सिङ, ह्यान्डबल, कबड्डी, खोखो र ट्रायथलनमा प्रतिस्पर्धा नगर्ने भएको छ ।

शुक्रबार प्राप्त जानकारीअनुसार आयोजक नेपालले सबैभन्दा बढी ६ सय ३६ खेलाडी उतार्ने सम्भावना छ । त्यस्तै बंगलादेशका ५ सय ९१, श्रीलंकाका ५ सय ५६, भारतका ५ सय ३५, पाकिस्तानका ३ सय ७८, माल्दिभ्सका २ सय ५२ र भुटानका १ सय १७ खेलाडीले सागमा प्रतिस्पर्धा गर्ने भएका छन् । डिडबाहेक पोखरामा ८ खेल र जनकपुरमा कुस्ती तथा अन्य सबै खेलको प्रतिस्पर्धा राजधानीमा हुनेछ । पोखरामा आर्चरी, ब्याडमिन्टन, महिला क्रिकेट, महिला फुटबल, हयान्डबल, ट्रायथलन, बिच भलिबल र भारोत्तोलन हुनेछ । सागको उद्घाटन र समापन दशरथ रंगशालामा हुनेछ ।

'अफगानको सहभागिता रहन्न'

१३ औं सागमा सहभागी हुन इच्छुक देखिएको अफगानिस्तानले प्रतियोगिता खेल्न नपाउने भएको छ । सन् २००४ को नवौंदेखि २०१६ को १२ औं संस्करणसम्म सागमा सहभागिता जनाएको अफगानिस्तानले पछिल्लो संस्करणलगत्तै आफ्नो सदस्यता मध्य एसियाली क्षेत्रमा सारेको थियो ।

केहि साताअघि नेपाल ओलम्पिक कमिटीसँग अफगानिस्तानले सागमा भाग लिने इच्छा व्यक्त गरेको थियो । तर ओलम्पिक काउन्सिल अफ एसिया (ओसीए) ले अनुमति दिनुपर्ने व्यवस्था भएका कारण अफगानिस्तानको सहभागिता नहुने निश्चित भएको हो । '३ वर्षअघि अफगानिस्तान हामीसँग छुट्टिएर मध्य एसियामा गएको थियो । त्यहाँ खेलकुद गतिविधि कम भएको भनेर उसले फेरि सागमै फर्कन इच्छा देखाएको थियो,' दक्षिण एसियाली ओलम्पिक काउन्सिलका अध्यक्षसमेत रहेका नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले भने, 'अफगानिस्तानलाई पुनः दक्षिण एसियाली क्षेत्रमा ल्याउन ओसीएको साधारणसभामार्फत स्वीकृति लिनुपर्छ, जुन अहिले सम्भव भएन ।'

अध्यक्ष श्रेष्ठले अफगानिस्तानलाई आसन्न सागमा सहभागी गराउने विषयमा छलफल पनि भएको र केही खेलमा सहभागिताको प्रस्ताव गरिएको जानकारी दिए । 'उनीहरू मार्सल आर्ट्समा बढी इच्छुक देखिन्थे, हामीले उनीहरूले चाहेअनुसारको खेलमा भाग लिन अहिलेलाई दिएनौं,' श्रेष्ठले भने ।

नेपालको हार

काठमाडौं (कास)- मेरिलेबोन क्रिकेट क्लब (एमसीसी) ले तीनदिवसीय प्रथम श्रेणी क्रिकेटमा नेपाललाई २ सय ८ रनले पराजित गरेको छ । तेस्रो तथा अन्तिम दिन शुक्रबार अन्तिमसत्रमा ३ सय ९३ रनको पाएको नेपालको दोस्रो इनिङ्स ४१ औं ओभरमा १ सय ८४ रनमै समेटिएको थियो ।

१४ वर्षपछि मान्यताप्राप्त तीनदिवसीय खेलिरहेको नेपालबाट सोमपाल कामीले सर्वाधिक ५१ रन बनाए । एमसीसीका माइल्स हेमोन्डलाई लगातार दुई चौका प्रहार गरेका सोमपाल त्यसपछिको अर्को बलमा आउट भए । उनले ८३ बल खेली ५ चौका र १ छक्का प्रहार गरे । आउट हुने अन्तिम व्याट्समयान उनले सन्दीप लामिछानेसँग नवौं विकेटमा ५० रनको साझेदारी गरेका थिए ।

पहिलो इनिङ्समा अविजित ३९ रन बनाएका सन्दीप २५ रनमा एलबीडब्लू आउट भए । सन्दीपले अघिल्लो दिन एलेक्स थम्पसनलाई लगातार ३ छक्का प्रहार गरेका थिए । उनले शुक्रबार पनि थम्पसनलाई लगातार बलमा २ चौका र १ छक्का प्रहार गरे ।

कप्तान ज्ञानेन्द्र मल्ललाई ६ रनमै गुमाएको नेपालबाट शरद भेषावकर १५, आरिफ शेख १९ र करण केसी ८ रनमा आउट भए । ओपनर राजु रिजालले ३१ रन बनाए । दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी र पवन सर्राफले खाता खोल्नै सकेनन् । नेपालका ६ खेलाडी एलबीडब्लू आउट भए । एमसीसीका ओलिभर हेनोन डाल्बीले ५ विकेट लिए । उनले ६ ओभरमा २ मेडन राख्दै ११ रन खर्चे । थम्पसनले ३ विकेट लिए ।

यसअघि एमसीसीले त्रिवि क्रिकेट मैदानमा ६ विकेट गुमाई १ सय ८१ रन बनाएर शुक्रबार बिहान इनिङ्स समाप्तिको घोषणा गर्दै नेपाललाई विशाल लक्ष्य दियो । नेपालबाट शुक्रबार करण केसीले ३ र सोमपाल कामीले १ विकेट लिए । अघिल्लो दिन पवन सर्राफ र ललितनारायण राजवंशीले १-१ विकेट लिएका थिए ।

एमसीसीबाट इड योङ ३१, टिम वेस्ट्ली ३४, माइल्स हेमोन्ड ११, विल भानडेरस्पार ६ रन बनाई आउट भए । नेपालले एमसीसीलाई पहिलो इनिङ्समा ३ सय ६४ रनमा अलआउट गर्दा पनि करण र सन्दीप लामिछानेले ३-३ विकेट लिएका थिए । जवाफमा नेपालले १ सय ५३ रनमात्र बनाउन सके पनि नेपाललाई फलोअनमा बोलाएको थिएन ।



नेपालविरुद्ध जित पाएपछि एमसीसीका खेलाडी । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

KUNWAR'S GLOBAL SCHOOL
INTELLIGENCE BEYOND BOUNDARIES
LUCKNOW
BOARDING, DAY BOARDING & WEEKLY BOARDING
ARE YOU ABLE TO
PROTECT THEM FROM NEGATIVE EXPOSURE
PROVIDE THEM A HEALTHY & POLLUTION FREE ENVIRONMENT
PROVIDE THEM UNADULTERATED FOOD & DAIRY PRODUCTS
GIVE AMPLE TIME FOR EXTRACURRICULAR DEVELOPMENT
PROVIDE OPTIMUM EXPERIENTIAL EXPOSURE TO FACE THE WORLD
IF NO...
So, Now is the time to Act... Rationally And let your Child Explore in a nurturing and solicitous surrounding
ADMISSIONS OPEN
PRE NURSERY TO XI
SCHOLARSHIP FOR STUDENTS SECURING ABOVE 75% IN ADMISSION TEST
FROM 10 AM TO 5 PM
DATE OF TEST | CITY | VENUE
9 NOVEMBER,2019 | BAHRAICH | HOTEL BANDHAN
10 NOVEMBER,2019 | NEPALGANJ | CYGNETT INN KRISHNA HOTEL
FEATURES & AMENITIES
DINING AREA · TABLE TENNIS · ORGANICALLY CULTIVATED FOOD · BASKET BALL · POLLUTION FREE PREMISES · FOOTBALL
LIBRARY · SWIMMING POOL · TRANSPORT · GYMNASTICS · DANCE & MUSIC · BOARDING LIFE
AN INITIATIVE BY KUNWAR'S EDUCATIONAL FOUNDATION AN NGO OF DAYAL GROUP OF COMPANIES
Dayal Farms, Deva Road, Lucknow - 226019
info@kunwarsglobalschool.com
+91 7408388888
+91 8795838009
DAYAL GROUP OF COMPANIES

आर्मी फाइनलमा

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

संघर्षपूर्ण खेलमा जित निकाल्दै विभागीय टोली त्रिभुवन आर्मी क्लब बिर्तामोडमा जारी अन्नपूर्ण हाम्रो पूर्वाञ्चल गोल्डकप फुटबलको फाइनलमा पुगेको छ । डोमालाल राजवंशी रंगशालामा शुक्रबार सेमिफाइनलमा पाहुना टोली सिक्किमको आक्रामक फुटबल क्लबलाई टाइब्रेकरमा ४-३ ले पराजित गर्दै आर्मी उपाधि नजिक पुगेको हो ।

निर्धारित सय गोलरहित बराबरीमा सकिएपछि नतिजाका लागि टाइब्रेकर खेलाइएको थियो । टाइब्रेकरमा आर्मीका दीपक गुरुङ, विकास तामाङ, राजीव गुरुङ र विवेक बस्नेतको पेनाल्टी गोल भयो । कप्तान टेकबहादुर बुढाथोकीको पहिलो पेनाल्टी प्रहारलाई सिक्किमका गोलकिपर मनोज प्रधानले रोकेका थिए । सिक्किमका मनोज कच्भा, वीरेन प्रधान र करण राईले गोल गरे । विकास क्षेत्रीको प्रहार पोस्टमा लागेर फर्किएको थियो भने एन्थोनी क्षेत्रीको पेनाल्टी आर्मीका गोलकिपर विवश चौधरीले रोकेका थिए ।

खेलको पहिलो हाफमा सिक्किम हावी थियो । तेस्रो मिनेटमा आर्मीका डिफेन्डरले गरेको गल्तीको फाइदा सिक्किमले उठाउन सकेन । उसका गणेश लिम्बुले बक्सभित्रबाट प्रहार बाहिरियो । नवौं मिनेटमा सिक्किमकै सुरज रसाइलीले पोस्टतर्फ लक्षित सशक्त प्रहार हुन सकेन । दोस्रो हाफमा भने आर्मीले आक्रामक खेल खेलेको थियो । ५२ औं मिनेटमा आर्मीका दीपक गुरुङको फ्रिकिक प्रहार पोस्ट माथिबाट बाहिरियो । आर्मीका टंक बस्नेत, टेकबहादुर, राजीव गुरुङलेअवसर खेर फालेका थिए ।

आर्मीका गोलकिपर विवश चौधरी म्यान अफ द म्याच घोषित भए । शनिबार पुलिस क्लब र चर्च ब्वाइजबीच प्रतिस्पर्धा हुनेछ ।

हार्दिक बधाई तथा शुभकामना
यस Gurkhas Ekta International Group का अध्यक्ष श्री त्रिलोक गुरुङ (यम कुमार) ज्यू, अन्तर्राष्ट्रिय समन्वय परिषद् गैर आवासीय नेपाली संघको सल्लाहकार (Advisor ICC, NRNA) पदमा मनोनित हुनु भएकोमा उहाँको उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको लागि हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।
GURKHAS EKTA INTERNATIONAL GROUP
Your partner in success
Ekta International Pvt. Ltd., Nepal
Ekta Training and Skills Centre, Nepal
Gurkhas Ekta International (HK) Limited, Hong Kong
Gurkhas Ekta Security Services Limited, Hong Kong
Gurkhas Ekta Internacional De Macau Limitada, Macau
Gurkhas Ekta Paradise Limited, United Kingdom
www.gurkhasekta.com

लिटिल फ्लावर विजयी

धनगढी (कास)- धनगढीमा जारी प्रिमियर लिग क्रिकेटमा लिटिल फ्लावर स्कुल धनगढी सेमिफाइनलमा पुगेको छ । शुक्रबार पहिलो क्वाटरफाइनलमा भक्तपुरको निस्ट स्कुललाई २ विकेटले हराउँदै लिटिल फ्लावर अन्तिम चारमा पुगेको हो ।

एक सय ४ रनको लक्ष्य लिटिल फ्लावरले ८ विकेट गुमाई तीन बलअघि पूरा गऱ्यो । अन्तिम ओभरमा ७ रन चाहिएको अवस्थामा लिटिलका किशोर सिंहले २ चौका प्रहार गर्दै टोलीलाई जिताए । सुबोध ऐरले २८, आयुब चन्दले १९ तथा विपिन रावल र महेश अधिकारीले समान १३ रन बनाए । निस्टका सोहन यादवले ४ तथा डब्लु मलिक, दीपेन्द्र ऐरी र धनञ्जय शाहले १-१ विकेट लिए । यसअघि निस्टले १८.३ ओभरमा सबै विकेट गुमाई १ सय ३ रन बनायो । सोहनले २१, दीपेन्द्र ऐरीले १६ र सुदीप खड्काले १५ रन बनाए । फ्लावरका दीपक रोकायले ४, किशोर सिंह र प्रकाश बडुले ३-३ विकेट लिए । किशोर सिंह म्यान अफ द म्याच भए ।

शुक्रबारै अन्तिम लिग खेलमा एबीसी स्कुल नेपालगन्जले सैनिक आवासीयलाई ५ रनले हराउँदै क्वाटरफाइनल पक्का गरेको छ ।

सिद्धार्थ क्वाटरफाइनलमा

रूपन्देही (कास)- ज्ञानबहादुर गुरुङ स्मृति चौथो सयपत्री गोल्डकप नकआउट फुटबल प्रतियोगितामा शुक्रबार सिद्धार्थ युवा क्लब बाँसगढी विजयी भएको छ । सिद्धार्थले सिम्रिक युवा क्लब कालिकानगरलाई १-० ले पराजित गर्दै क्वाटरफाइनलमा स्थान बनाएको छ ।

रामनगर खेलमैदानमा सिद्धार्थका जमिर मियाले एकमात्र गोल गरे । खेलको ६६ औं मिनेटमा विमल श्रीसको पासमा जसिरले गोल गरे । उनी म्यान अफ द म्याच भए । शनिबार क्वाटरफाइनलमा आयोजक सयपत्री युवा क्लबले पाल्पा-११ को सामना गर्नेछ ।

CENTURY
Spices and Snacks
दुगड स्पाइसेज एण्ड फुड प्रोडक्ट्सका उत्कृष्ट उत्पादनहरु
CENTURY
Seventh Spices and Snacks FOOD & BEVERAGE and HOSPITALITY 2019
8th - 10th November 2019 | Bhrikutimandap
One and only gateway to Nepal's Food & Beverage and Hospitality Market!
shaping trends and unlocking markets
VISITOR TARGET
HOTELS, RESTAURANTS, PARTY PALACES, BARS, CLUBS,CAFES, BAKERIES, EVENT VENUES, CANTEENS, CATERERS, SUPERMARKETS, GROCERY STORES, LIQUOR STORES, CONVENIENCE STORES, FOOD AND BEVERAGE INDUSTRIES. CHEFS, BAKERS, BARTENDERS, BARISTAS, HOTEL AND RESTUARANT MANAGERS, F&B MANAGERS, PROCUREMENT OFFICERS.
8-10th Nov Master Chef Challenge
9th Nov Best Bartender Contest
9th Nov Best Barista Contest
10th Nov Master Baker Challenge
Organized By HOUSE of RAJKARNICAR
Supported By HPMF REBAN
Exhibition Partners HOTREMAI ARCHII
Platinum Sponsor
Gold Sponsors
Silver Sponsor Arshiya Enterprises
Event Partners PHCA BRITISH COFFEE SCHOOL
Media Partners Hospitality Hospitality Food & Wine
Contact: 5543018/9 | E-mail:info@fbhnepal.com | Website:www.fbhnepal.com

रंगशाला रुङ्दै मन्त्री

मन्त्री जगतबहादुर विश्वकर्मा घण्टा-घण्टाको हिसाब गरेर दशरथ रंगशाला निर्माणको काममा निगरानी गर्दैछन् । अबको २-३ दिनमा सम्पूर्ण तयारीले ठोस परिणामको आकार लिने उनको दाबी छ ।

■ कुशल तिमल्सिना (काठमाडौं)

मन्त्रालयमा मुस्किलले भेटिन्छन्- युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मा । अचेल उनको दिनचर्या फेरिएको छ- मन्त्री निवास पुल्चोकबाट बिहान ६ बजे नै दशरथ रंगशाला पुग्नु र राति १०-११ बजेसम्म त्यहीं रहेर प्रत्यक्ष निगरानी गर्नु ।

नेपालमा हुने सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय खेलकुद मेला हो- दक्षिण एसियाली खेलकुद (साग) । सागको १३ औं संस्करण मंसिर १५ देखि २४ गतेसम्म नेपालमा हुँदै छ । बिडम्बना त्यसका लागि अहिलेसम्म भौतिक पूर्वाधार निर्माण पूरा भएको छैन । प्रतियोगिताको उद्घाटन र समापनसहितको मुख्य खेलस्थल दशरथ रंगशाला नै तयार हुनसकेको छैन । निर्धारित समयमै प्रतियोगिता गर्नुपर्ने बाध्यात्मक अवस्थाबीच पछिल्लो केही सातादेखि रंगशाला बनाउने कामले उल्लेख्य गति लिएको छ । त्यसमा एउटै कारण हो, निर्माणस्थलमा खेलकुद मन्त्रीको 'धर्ना' ।

राष्ट्रको प्रतिष्ठासँग जोडिएको १३ औं साग आयोजनाको मिति दुई पटक सरेर मंसिरका लागि तय भएको हो । यसपालि पनि निर्धारित समयमै प्रतियोगिता आयोजनाप्रति ढुक्क नभएपछि युवा तथा खेलकुदमन्त्री विश्वकर्मा आफैं निर्माणस्थलमा खटिएका हुन् । सरकारको बहालवाला मन्त्रीबाटै प्रत्यक्ष निगरानी भएपछि ठेकेदार कम्पनीलाई दबाबमात्र भएको छैन, उसले स्रोतसाधनको आपूर्ति पनि सहज रूपमा पाएको छ । साग आयोजनाका लागि २२ दिनको समय बाँकी छँदा अहिले दशरथ रंगशाला तयार गर्न सय बढी कामदारले दुई सिफ्टमा काम गरिरहेका छन् ।

कार्तिक १४ देखि राष्ट्रिय खेलकुद परिषद् (राखेप) परिसरमा नवनिर्मित खेलकुद चिकित्सा तथा अनुसन्धान केन्द्रको भवनमा सचिवालय स्थापना गरी मन्त्री विश्वकर्माले साग तयारीलाई नजिकबाट निगरानी सुरु गरेका हुन् ।

मन्त्री निवास पुल्चोकबाट बिहान ६ बजे नै परिषद् आउने र राति १०-११ बजेसम्म रंगशालामै रहेर सम्पूर्ण तयारीमा प्रत्यक्ष अनुगमन गर्नु मन्त्रीको दिनचर्या बनेको हो ।

'मन्त्रिपरिषद बैठक र मन्त्रालयमा अत्यावश्यक बैठकबाहेक अरु समय यहीं हुन्छु । तयारीलाई मसिनो गरी नियालिरहेको छु । आवश्यक ठाउँमा सुझावहरू दिएको छु,' शुक्रबार अपराह्न निर्माणाधीन भीआईपी प्यारापिटबाट कान्तिपुरसँग मन्त्री विश्वकर्माले भने, 'हामीले घण्टा-घण्टाको हिसाब गरेर काम गर्नुपर्नेछ । त्यसको अपडेट लिने, निर्माण कम्पनीसँग निरन्तर कुराकानीमा रहने गरी काम गरिरहेको छु ।'

एक सातायता मन्त्री विश्वकर्मा आफ्नै घर निर्माणमा खटिएझैं रंगशालावरिपरि देखिन्छन् । उनी कहिले भीआईपी प्यारापिटको छानोलाई तयार पारिएको फलामे पोलको कामको निरीक्षणमा हुन्छन्, कहिले साधारण प्यारापिटतर्फ कुर्ची राख्ने कामको अनुगमन गर्न पुग्छन् । कहिले रंगशालाको उत्तर-पश्चिममा निर्माण भइरहेको हिमाल-पहाड-तराईको पहिचान झल्काउने प्रतिमाका सुझाव दिइरहेको भेटिन्छन् मन्त्री, कहिले सदस्य-सचिव रमेशकुमार सिलवालसँग प्रशासनिक तयारीबारे ब्रिफिङ लिइरहेका हुन्छन् ।



शुक्रबार दशरथ रंगशालास्थित भीआईपी प्यारापिटको अवलोकन गर्दै खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मा ।
तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

खेलकुदमन्त्रीको जिम्मेवारी सम्हालेको डेढ वर्षबीचमा मन्त्रिपरिषदको कार्य मूल्यांकनमा अहिलेसम्म सकारात्मक परिणाम नपाएका मन्त्री विश्वकर्माका लागि साग आयोजना आफूलाई प्रमाणित गर्ने अवसर पनि हो । पटक-पटक सरेर अन्तर्राष्ट्रिय बेइज्जतको नैतिक जिम्मेवारीबाट जोगिन पनि मन्त्रीको यो सक्रियता देखिएको हो । नत्र भने गत वर्षको फागुनमै मन्त्री विश्वकर्माकै आग्रहमा दक्षिण एसियाली ओलम्पिक काउन्सिलको बैठकले यो मितिका लागि आयोजनाको निर्णय गरेको थियो । यसबीचको ९ महिना निस्क्रियप्रायः देखिएका मन्त्री विश्वकर्माको अन्तिम समयको सक्रियता उदेकलाग्दो देखिन्छ ।

'२०७३ सालमै नेपालले यो प्रतियोगिताको जिम्मा पाएको थियो । त्यसयता जिम्मेवार व्यक्तित्वले आ-आफ्नो जिम्मेवारी सही रूपमा निभाएको भए हामी यस्तो कठिन स्थितिमा आउनुपर्ने थिएन,' आफ्नो सक्रियताबारे मन्त्री विश्वकर्माले भने, 'युवा तथा खेलकुद मन्त्रालय, राखेप, ओलम्पिक कमिटी सबै मिलेर १३ औं सागलाई भव्य बनाउन सम्पूर्ण सामर्थ्य लगाएका छौं । राज्यको प्रतिष्ठा र अन्तर्राष्ट्रिय महत्त्वको रूपमा रहेको यो प्रतियोगिता निर्धारित समयमै भव्य आयोजना हुन्छ ।'

आफ्नो मातहतका निकायलाई विश्वास नगरेजस्तो देखिनेगरी मन्त्री आफैं निर्माणस्थलमा खटिनुपर्नाका कारण के हो त ? मन्त्री विश्वकर्माले दुई तर्क अघि सारे । 'यसअघिका कार्यकारीले आफ्नो जिम्मेवारी वहन गरेको भए गत फागुनमै प्रतियोगिता आयोजना हुन्थ्यो । मेरो कार्यकालमा हामीलाई सबै काम शून्यदेखि सुरु गर्दा समय लाग्यो । अर्को कुरा, धेरैजसो निर्माण सामाग्री विदेशबाट ल्याउनुपर्ने र प्राविधिक कारणले समयमै सामान नआउने, सार्वजनिक खरिद प्रक्रियालगायतका सरकारी झमेला र नेपाली निर्माण कम्पनीको आफ्नै सीमित दायराले पनि समय खाईदियो,' मन्त्रीले थपे, 'अन्तिम समयमा जसरी पनि काम सम्पन्न गर्नुपर्ने बाध्यात्मक अवस्था र निर्माण कम्पनी कामदारको हौसलाका लागि निर्माणस्थलमै प्रत्यक्ष निगरानीमा बसेको हुँ ।'

आफ्नो प्रत्यक्ष निगरानीयता पूर्वाधार निर्माण र प्रशासनिक काममा सबैले देख्ने गरी परिणाम आउन थालेको मन्त्रीको विश्लेषण छ । पूर्वाधार निर्माणमा ठेकेदार कम्पनीलाई दबाब बढेको छ । यसबीचमा आउने समस्याको समाधान मन्त्री आफैंले गरिदिएका छन् । कार्यस्थलमा सर्वोच्च व्यक्तिकै उपस्थितिले प्रशासनिकतर्फ विषयगत समितिलाई काम गर्ने ऊर्जा मिलेको छ । 'हामीले यहाँ प्रत्यक्ष निगरानी सुरु गरेयता कार्यप्रगति धेरै नै बढेको छ । निर्माणका क्रममा आउने स-साना समस्याको समाधानका लागि चुस्त समन्वय भएको छ । व्यवस्थापनतर्फ सबै समितिले आ-आफ्नो जिम्मेवारीप्रति तीव्र पारेका छन्,' मन्त्रीले भने, 'हिजो-अस्तिसम्म हामीले परिणाम देखेका थिएनौं भने आज-भोलिमा त्यसको प्रतिफल देख्न थालेका छौं । अबको २-३ दिनमा सम्पूर्ण तयारीले ठोस परिणामको आकार लिनेछ ।'

मन्त्री विश्वकर्माले निर्धारित समयमै साग आयोजना हुने कुरामा शंका नगर्न सबैमा अनुरोध गरे । 'अन्तिम समयमा आइपुग्दासमेत हामीमा प्रतियोगिता हुनेमा शंका यथावत थियो तर अहिले बाँकी पूर्वाधार निर्माणको दैनिक कार्यप्रगति हेर्दा म कसैलाई पनि आयोजनाप्रति शंका नगर्न अनुरोध गर्छु । बरु प्रतियोगिता भव्य बनाउन सबैको सहयोग अपेक्षा गर्छु,' उनले थपे, 'मैले अन्तर्राष्ट्रिय पाहुनाहरूलाई मंसिर १५ गतेको उद्घाटन समारोहमा उपस्थितिका लागि पत्राचार पनि गरिसकेको छु ।'

पूर्वाधार निर्माणतर्फ साग आयोजनाको मुख्य चुनौती दशरथ रंगशाला, पोखरा रंगशाला र सातदोबाटोस्थित वातानुकूलित पौडी पोखरी नै हो । दशरथ रंगशालाको अन्य काम लगभग सम्पन्न भए पनि भीआईपी प्यारापिटको छानो राख्ने काम बिहीबारमात्रै सुरु भएको छ । मन्त्री विश्वकर्माले मंसिरको पहिलो सातासम्म तीनवटै पूर्वाधार तयार भइसक्ने दाबी गरेका छन् ।

रंगशालाको भीआईपी प्यारापिट निर्माणका लागि चिनियाँ र नेपाली कम्पनीले संयुक्त जिम्मेवारीसाथ काम गरिरहेका छन् । सीएमई-एचटीसी जेभीले ठेक्का पाएको कामअनुसार भीआईपी प्यारापिटको छानोका लागि फलामे बिम ठड्याउने काम बिहीबार सुरु भएको छ । १९ वटा पिलर र त्यसलाई फलामे बिममार्फत एकअर्कामा सेट गरिनेछ । त्यसपछि मात्रै अत्याधुनिक प्रविधिको फ्याब्रिक जडान गर्ने काम हुनेछ । फ्याब्रिक अहिलेसम्म चीनमै छ । चाइना साउदर्न एयरलाइन्सको कार्गो विमानबाट बुधबार फ्याब्रिक नेपाल ल्याइने मन्त्री विश्वकर्माले जानकारी दिए ।

'साग सार्नेबारे सोच्न सकिन्न'

उद्घाटन र समापनस्थल दशरथ रंगशाला, अर्को मुख्य खेलस्थल पोखरा रंगशाला र वातानुकूलित पौडी पोखरी निर्माण सम्पन्न नहुनुका बीच नेपालले २२ दिनपछि १३ औं दक्षिण एसियाली खेलकुद (साग) को आयोजना गर्दै छ । पूर्वाधार र प्रशासनिक तयारीको अपडेटसहित मंसिर १५ देखि २४ सम्म हुने प्रतियोगिताको आयोजना निश्चित गर्न शनिबारदेखि काठमाडौंमा दक्षिण एसियाली ओलम्पिक काउन्सिलको बैठक बस्दैछ । बैठकका लागि सार्कका सबै देशका ओलम्पिक कमिटीका प्रतिनिधिको आगमन भइसकेको छ । आइतबार सहभागी सबै देशका 'सेभ द मिसन' को सेमिनार पनि हुनेछ ।

दक्षिण एसियाली ओलम्पिक कमिटीको अध्यक्षता गरिरहेका नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले शनिबार बस्ने बैठकले प्रतियोगिताको आयोजना निश्चित हुने जानकारी दिए । 'भोलिको बैठकमा हाम्रो खास एजेन्डा छैन, अहिलेसम्मको तयारीको अपडेट हुनेछ र सहभागी सदस्यहरूले खेलस्थलको अनुगमन गर्नेछन्,' संघीय सांसदसमेत रहेका अध्यक्ष श्रेष्ठले भने ।

सेभ र मिसनको सेमिनारका लागि नेपालबाट ओलम्पिक कमिटीका उपाध्यक्ष चतुरानन्द राजवैद्य र राखेपबाट राष्ट्रिय टिम तयारी समितिका संयोजक रिम रानाभाटले प्रतिनिधित्व गर्नेछन् । शनिबार, आइतबार र सोमबार सेभ द मिसनका प्रतिनिधिलाई काठमाडौं र पोखराका खेलस्थल पनि निरीक्षण गराउने कार्यतालिका छ ।

पूर्वाधार तयारीमा भइरहेको अन्योलबीच दक्षिण एसियाली ओलम्पिक काउन्सिल कार्यकारी समितिको बैठकमा प्रतियोगिताको मिति परिवर्तन गर्नेबारे छलफल हुने सम्भावनालाई अध्यक्ष श्रेष्ठले ठाडै इन्कार गरे । 'हामीले प्रतियोगिता नेपालमै आयोजना गर्न पटक-पटक सम्झौता गरिसकेका छौं । दुईपल्ट मिति सरिसकेको छ । पछिल्लो मितिका लागि अन्तर्राष्ट्रिय पाहुनालाई निमन्त्रणा पनि पठाइसकिएको छ । मंसिर १५ गतेको मितिमा साग उद्घाटन हुन सकेन भने नेपालमा साग हुँदैन,' उनले थपे, '२०२० मा ओलम्पिक वर्ष पर्ने तथा धेरै खेलकुद गतिविधि भएका कारणले डिसेम्बरभित्रमा जसरी पनि साग आयोजना गर्नैपर्छ, सागमा सहभागी धेरैजसो देशको आर्थिक वर्ष जनवरीबाट सुरु भएर डिसेम्बरमा सकिन्छ । डिसेम्बरमा खेल आयोजना भएन भने अर्को मितिका लागि आर्थिक व्यवस्था मिलाउन सम्बन्धित देशलाई समस्या हुन्छ । त्यसैले भोलिको बैठकमा साग सार्नेबारेको छलफल सोच्न पनि सकिन्न ।'

अध्यक्ष श्रेष्ठले पूर्वाधार निर्माणको जिम्मेवारी सरकारको भएकाले निर्धारित समयमै सबै पूर्वाधार सम्पन्न भइसक्ने विश्वास व्यक्त गरे । 'पछिल्ला प्रतियोगिताहरूमा भन्दा हामी केही पछि परेका छौं तर सम्भावना सकिएको होइन । चुनौतीका रूपमा रहेको वातानुकूलित पौडी पोखरी र दशरथ रंगशालाको निर्माण छिट्टै सम्पन्न हुने रिपोर्ट पाएका छौं, हामी सकारात्मक छौं,' उनले थपे ।

सेभ र मिसनको टिमले पूर्वाधारमा चित्त बुझाएन भने के गर्ने त ? अध्यक्ष श्रेष्ठले भने, 'आयोजक कमिटीबाट उनीहरूलाई विश्वस्त पार्ने गरी जवाफ दिन सक्नुपर्छ । सबै देशबाट टेक्निकल कमिटीका पनि प्रतिनिधि आउँछन् र हरेक खेलस्थलको निरीक्षण गर्छन् । सबै उपयुक्त भएपछि नै खेल हुने हो । अहिलेसम्म सम्झौता गरेरै यहाँसम्म आएका हौं र अन्तिमसम्म प्रतियोगितामा पनि सबै सदस्य राष्ट्रले सम्भव भएसम्म सम्झौता गर्नेछन् ।'

राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवालले पनि निर्धारित मितिमै साग आयोजना निश्चित भइसकेको दाबी गरेका छन् । उनका अनुसार सबै तयारीले अन्तिम रूप लिएको छ र मिति सार्ने सम्भावना नै रहँदैन ।

आकार लिँदै हिटिङ पुल

'सागको पौडी सञ्चालनका लागि वैकल्पिक स्थान छैन । जसरी पनि सातदोबाटोकै इन्डोर पुल बन्नुपर्छ । अरू विकल्प हामीसँग छैन ।'

■ राजु धिसिङ (काठमाडौं)


भवनमा प्रवेश गरेलगत्तै 'चेन्जिङ रूम' मा पुगिन्छ । जुन कामदारहरूको बस्ने कोठा र खाना पकाउने किचनको रूपमा प्रयोग भइरहेको छ । ती कोठाहरूसँगै रहेका बाथरुमको 'फिनिसिङ' भने भएको छैन । कोठातिर उक्लिने भर्‍याङ पनि 'रफ' नै देखिन्छ । भर्‍याङ उक्लिएलगत्तै अगाडि हेर्दा ठूलो खाडल सामुन्ने छ, जहाँ चार जना महिलाले धूलो बढार्ने र टिप्ने काम गरिरहेका छन् । छानो हाल्नका लागि तयार भएको 'ट्रस्ट' रंगाउने काममा एक दर्जन खटिरहेका छन् । निर्माण गरिएका भित्तामा छिटपुट देखिएका टुटफुटमा एक जनाले सिमेन्ट भर्दैछन् ।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय पौडीपरिसरमा निर्माणाधीन इन्डोर स्विमिङ पुल (हिटिङ सिस्टमवाला) मा शुक्रबार दिउँसोको देखिएको दृश्य हो यो । यससँगै सीमा जोडिएको छ, सन् १९९९ मा सम्पन्न आठौं दक्षिण एसियाली महासंघीय खेलकुद (साफ) का लागि बनाइएको ५० मिटर लम्बाइको खुला स्विमिङ पुलको । २० वर्षअघिको उक्त पुलमा जाडोका कारण पौडी खेल्नेहरू देखिँदैनन् । तर, पौडिनेका लागि तयार उक्त पुलले छिमेकी बन्न आइपुगेको हिटिङ सिस्टमको स्विमिङ पुललाई जिस्क्याइरहे जस्तो लाग्छ । अहिले झट्टै हेर्दा पत्याउन गाह्रो पर्छ । तर, सत्य यो हो कि मंसिर १५ देखि नेपालले आयोजना गर्ने १३ औं दक्षिण एसियाली खेलकुद (साग) को पौडीको प्रतियोगितास्थल यही हिटिङ सिस्टमवाला स्विमिङ पुल हुनेछ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) सँग २०७४ सालमा भएको सम्झौताअनुसार ठेक्का पाएको किराँतेश्वर कन्स्ट्रक्सन एन्ड ड्रिलिङ कम्पनीले १८ महिनाभित्र हिटिङ सिस्टमको स्विमिङ पुल बनाइसक्नुपर्थ्यो । त्यो अवधिको सीमा भनेको चैतमसान्त थियो । तर, समय गुज्रँदै जाँदा पुलको भौतिक पूर्वाधारका काम सम्बन्धित विभागका मन्त्री र सदस्य-सचिवको भाषणमा मात्रै बनिरहेको थियो । सातदोबाटोको अवस्था भने सम्झौता र दुई-चार मजदुरको ठाकठुकमै सीमित थियो । ठेकेदार कम्पनीले दिएको अर्को समय (कात्तिक १५) पनि सकियो तर स्विमिङ पुल तयार भएन । ५ फिट गहिरो पुलको लागि अर्को समयसीमा तोकिएको छ, कात्तिकमसान्त ।



तस्बिरहरू : हेमन्त श्रेष्ठ









२० करोड रुपैयाँ बढीको योजनाबारे नेपाल पौडी संघका अध्यक्ष अशोकरत्न वज्राचार्यले शुक्रबार भने, 'ट्रस्टको काम सकियो । टायल राख्न सुरु भयो । आजदेखि पूर्ण रूप (फुल फेज) मा काम सुरु भयो । अबचाहिँ काम भ्याइन्छ होला । बल्ल सागलाई स्विमिङ पुल सकिएला जस्तो देखियो ।' उनले थपे, 'पहिला जति कराउँदा पनि काम गर्ने मान्छे नै कम थियो । काम गर्ने जनशक्ति थपिएका छन् ।' ठेकेदार कम्पनी र इन्जिनियरले ७०-८० जना मजदुरले बिहान ७ देखि राति ११ बजेसम्म काम गरिरहेको बताइए पनि अझै त्यति जनशक्ति कार्यस्थलमा देखिएन ।

खेलाडीले मंसिर १ देखि प्रशिक्षण गर्न पाउनेगरी ठेकेदार कम्पनीले स्विमिङ पुल हस्तान्तरण गर्ने वाचा गरेको पनि अध्यक्ष वज्राचार्यले सुनाए । त्यसप्रति उनी आशावादी छन् । निर्माणका लागि आवश्यक सबै सामग्री आइसकेको पनि उनले बताए । कम्पनीले पनि सबै कार्यको फिनिसिङ (अन्तिम चरण) को काममात्रै बाँकी रहेको जनाएको छ । यो १० लेनको स्विमिङ पुल २५ गुणा २५ मिटरको हो, जसलाई अन्तर्राष्ट्रिय पौडीमा 'शर्ट कोर्स' भनिन्छ ।

नेपालले दक्षिण एसियाली खेलकुदको सबैभन्दा ठूलो प्रतियोगिता तेस्रोपल्ट आयोजना गर्न लागेको हो । सन् १९८४ मा भएको पहिलो संस्करणमा पौडी त्रिपुरेश्वरमै खेलाइएको थियो । ६ लेनको यो स्विमिङ पुल चार वर्षअघिको महाभूकम्पले क्षतिग्रस्त बनेको छ । आठौं साफ गेम्सका लागि सातदोबाटोमा अन्तर्राष्ट्रिय पौडी परिसर तयार गरिएको थियो । चिसो मौसमको कारण १३ औं सागलाई हिटिङ सिस्टिमको पुल आवश्यक परेको हो, जसको निर्माणलाई प्रतियोगिता नजिकिँदै गर्दा तीव्र पारिएको छ ।

अन्तर्राष्ट्रिय पौडी महासंघ (फिना) को नियमानुसार हिटिङ सिस्टमको स्विमिङ पुलको तापक्रम प्रतियोगिताका बेला २६ देखि २८ डिग्री सेल्सियस हुनुपर्छ । अन्तर्राष्ट्रिय मापदण्डको यस्तो किसिमको पहिलो पुलको रूपमा सातोबाटोमा निर्माण भइरहेको हो । १३ औं सागमा पौडीको प्रतिस्पर्धा मंसिर १९ देखि २३ सम्म तोकिएको छ । नेपाली खेलाडीले लिंकन स्कुल, रविभवनमा एक सातायता प्रशिक्षण गरिरहेका छन् । तर, सागको पौडी प्रतिस्पर्धा सञ्चालनका लागि वैकल्पिक स्थान नभएको उल्लेख गर्दै पौडी अध्यक्ष वज्राचार्यले भने, 'सातदोबाटोकै इन्डोर पुल बन्नुपर्छ । यसको विकल्प हामीसँग छैन ।'

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

कान्तिपुरको साप्ताहिक परिशिष्टांक

ekantipur.com

कान्तिपुर केरसेली

शनिबार, २३ कात्तिक २०७६

न्यायका घाउहरू

वेदना



घनश्याम खड्का



राजनीतिमा निकै चल्ने शब्द छ– 'सामाजिक न्याय' । तर, समाजमा भने यो शब्दको खासै अर्थ चल्दैन । दसवर्षे द्वन्द्वले बनाएका यस्ता कैयौं घाउहरू छन् जो त्यही सामाजिक न्यायको मलम पर्खिबसेका छन् । यी पीडितका माग कति साना छन् भने तपाईंलाई विश्वासै नहुन सक्छ ।

राजकुमारी

भोको पेटलाई खाना र नाङ्गो जीउलाई नाना नै न्याय भएजस्तो वर्गविशेषको दृष्टिले हेर्दा न्याय सबका लागि उही छैन । महिलावादका लागि पुरुषको थिचोमिचोको अन्त्य न्याय हो, दलितका लागि जातीय व्यवस्थाको इतिश्री न्याय हो भने कालाहरूका लागि चाहिँ रंगभेदको समूल नष्ट गर्नु नै न्याय हो । मार्क्सवादीहरूका लागि न्याय भनेको सर्वहाराको हातमा सासन हो, पुँजीवादीहरूका लागि चाहिँ सकेसम्म सम्पत्ति जोड्न पाउने स्वतन्त्रता । दृष्टिविहीनका लागि हेर्न पाउनुजत्तिको न्याय अर्को नहोला, सुन्न नसक्नेका लागि 'शब्द ब्रह्म' को कर्णस्पर्श नै न्याय हो ।

सामान्य अर्थमा न्याय भनेको दोषीलाई सजाय दिनु हो । प्लेटोले लेखेको पुस्तक 'द रिपब्लिक' मा सुकरातको एक प्रश्न छ, 'न्याय के हो ?' सुकरात भन्छन्, 'न्याय सत्य हो ।' उनका चेला प्लेटो सुकरातको उत्तरमाथि विचारको अर्को फूल चढाउँछन्, 'न्याय खुसी पनि हो ।' हुन पनि हो, खुसी नदिने न्याय पनि के न्याय ? फेरि प्रश्न त उठिहाल्छ, सत्यबिनाको खुसी पनि के खुसी ?

हालसम्म विकसित पश्चिमा न्यायका अवधारणा यी दुई गुरु चेलाको 'सत्य' र 'खुसी' को बीउबाट उम्रेका रूख र फैलिएका हाँगाहरू हुन् जसको सम्बन्ध एकअर्कासँग गहिरो गरी जेलिएको छ । बन्द गर्ने बटन बिग्रेको पुरानो क्यासेट प्लेयरबाट बजिरहने कुनै धुनजस्तो अचेलका विकासे अभियन्ताको मुखबाट अक्सर निस्किरहने पदावली 'सामाजिक न्याय' यही गुरु-चेलाको सत्य र खुसीबाट बनेको एक अवधारणा हो । अनि प्रजातन्त्रदेखि मानवअधिकारसम्मका विचारचाहिँ त्यही सामाजिक न्यायलाई पाउने बाटाका रूपमा खनिएका व्यवहारपरस्त दर्शनका बाटा हुन् ।

एउटा सपना यस्तो पनि

हालैको एक दिन बाँके पुरौनीकी एक युवती सुनीता गोडियालाई भेट्दा पच्चीस सय वर्षअघिका यी ग्रीक गुरुचेलाको न्याय दर्शन र त्यसपछि विकास भएका अनेक अवधारणहरूले एकैपटक गिजोल्न आइपुगे । जीवनका प्रारम्भिक दिनहरूमै उनका साथ जे भयो त्यो हदै अन्यायपूर्ण थियो । अनेक सपनाहरू देख्ने यौवनकालमै निराशाहरूबाट गुज्रिएकी र 'कसै गरी कुनै दिन सिलाइ सिक्न पाए पनि कति हुन्थ्यो' भन्ने सामान्य सपना पनि पूरा गर्न नसकिरहेकी सुनीतालाई भेट्दा मलाई न्याय र सामाजिक न्यायका यी सबै वादविवाद र दर्शनहरू जिस्क्याएझैं लाग्यो ।

सामान्यजनका जीवनमा यही सामाजिक न्याय ल्याउन भनेर सुरु भएको दसवर्षे सशस्त्र द्वन्द्वको आदि अन्त्य सुनीतालाई थाहा छैन । न उनलाई न्यायका सम्बन्धमा विकास गरिएका शास्त्र र तर्कहरूकै बारेमा थाहा छ । उनलाई के मात्र थाहा छ भने उनका मायालु बाबु धनीराम गोडिया बेपत्ता छन् । हालसम्म जसलाई कुर्दाकुर्दा उनकी आमाको बैंस बितेको छ, जो नहुँदा उनको बालापनको सबै खुसीहरू लुटिएको छ । उनले पढ्न पाउने अनि अघि बढ्न पाउने सबै अवसरहरूको हरण भएको छ अनि जीवनको चौरस्तामा अलमलिएको यस क्षणमा बाटो देखाउने स्नेही मानिसको सर्वथा अभाव भएको छ ।

आफूले किन पढ्न पाइन र सबका बाबु हुँदा आफ्ना बाबुचाहिँ किन छैनन् भन्ने त उनले हालैका वर्षहरूमा मात्रै थाहा पाइन् । तर बाबु कहाँ छन् अनि कसले किन बेपत्ता बनायो भन्ने सुकरातले खोज्ने 'सत्य' उनलाई ज्ञात छैन । न उनको जीवनमा प्लेटोले खोजेजस्तो 'खुसी' नै उपलब्ध छ ।



सुनीता



जोरबहादुर

'हर करवा चौथमा' उनकी आमा रुन्थिन् र त्यसबेला सुनीता 'बहुतै दुःखी' हुन्थिन् । यस्तै एक करवा चौथका दिन सुनीताले आमा रुनुको अर्थ जान्न खोजिन्, आफ्नो बाबु घरमा नहुनुको कारण सोधिन् । त्यसपछि मात्रै उनलाई थाहा भयो- उनका बाबुको नाम रहेछ धनिराम । तामाको भाँडाकुँडा बनाएर गुजारा गर्दै आएका धनिरामलाई २०५८ को एक रात सैनिकहरू लिन आए । तिनताकको विद्रोही माओवादीका हितयार धनिरामले बनाइदिन्छन् भन्ने सेनाको आरोप थियो रे ! सुनीताले हालै आमाबाट सुनेकी । माओवादीका लागि हतियार बनाइदिएको अभियोग सत्य हुन कुनै सबुत चाहिएन उनका बाबु बेपत्ता पारिनका लागि । अहिले आएर, माओवादीका अध्यक्ष पुष्पकमल दाहालले 'आफू ओरिजिनल माओवादी नभएको' 'सत्य' खुलासा गरेका छन् । तर, उनका बाबु बेपत्ताको बेपत्ते । त्यति बेलाकी दूधे बच्ची उनलाई बाबु पक्राउ परेपछि आमाले भोग्नुपरेको त्रासदी र आफूले लेखपढ गर्न नपाएको दुःखको ज्ञान भर्खरभर्खर हुन थालेको छ । दाहाल ओरिजिनल नभइदिएजस्तै सुनीताको यो दुःख पनि 'ओरिजिनल' नभइदिए हुन्थ्यो, उनको बाबु बेपत्ता पारिएको घटना पनि 'ओरिजिनल' नभइदिए कति जाति हुन्थ्यो । तर, यो सब त सुनीताका लागि बुझ्न नसक्ने पहेली मात्रै भएको छ ।

'हुँदा खाने' परिवारका छोराछोरीका लागि बाबु नहुनु भनेको पढ्न नपाउनु मात्रै होइन सबै अवसरहरूबाट वञ्चित हुनु र बालापन ननिखिँदै कठोर श्रम गर्न विवश हुनु हो । प्रस्टै छ, उनका दाजुहरूले झैं सुनीताले पनि लेखपढ गर्न पाइनन् । लेखपढ गर्न नपाएपछि रोजगारीका ढोकाहरू त्यसै बन्द हुने भइगए । उनकी आमा देश दुनियाँ नदेखेकी एक देहाती महिला भएकीले र सुनीताहरू सानै हुनाले धनिराम बेपत्ता भएको कुनै औपचारिक अभिलेखसम्म पनि कहीं छैन । धनिराम कतिसम्म गरिब हुन गए भने उनी हराउनेहरूको सूचीमा दर्जसम्म पनि हुन सकेनन् । त्यसो हुँदा, पीडितहरूका लागि सरकारले दिने राहत पाउनु त परै जाओस्, बेपत्ताका परिवार भनेर सूचीकृत हुनेको सूचीसम्ममा पनि सुनीताहरूको नाम छैन । पीडितहरूको सूचीमा नाम लेखाउन दौडधुप गर्ने, पिता मरे-बाँचेको पत्ता लगाउने र धनिरामलाई बेपत्ता पार्ने दोषी सैनिकलाई खोजेर कारबाही गर्ने व्यवस्था मिलाउने सामर्थ्य र जानकारी न सुनीताकी आमामा छ, न उनी र उनका दाइहरूमै ।

आमा र दाजुहरूले झैं जे भयो भयो भनेर एक हिसाबले सहँदै आएकी सुनीतालाई एउटा कुरामा भने उधुमै खेद छ- सिलाइ सिक्न नपाएकामा । कपडाहरू सिउन जान्नु उनका लागि यो जीवन गुजारा गर्ने एक उपयुक्त तरिका हो । कसैगरी यो सिक्न पाए आफू आफ्नै खुट्टामा उभिन सक्थें र बाबु नभएको दुःखलाई अलिकति भए पनि कम गर्न सक्थें भन्ने उनलाई लाग्छ । सिलाइ सिक्ने कुनै अवसर मिल्नुलाई नै उनले न्यायका रूपमा लिएकी रहिछन् एक हिसाबले किनभने यसले उनलाई अलिकित 'खुसी' अवश्य दिँदो हो ।

'सरकारले तालिमहरू दिन्छ भन्छन्, कहाँ दिन्छ थाहा छैन,' भुइँतिर एकोहोरो हेरिरहेकी उनले मसँगको भेटमा भनेकी थिइन्, 'बुबा भइदिएको भए मैले उहिल्यै धेरै कुरा जानिसक्थें हुँला, सिलाइ पनि सिकिसक्थें हुँला ।' यति भन्दाभन्दै उनी रोक्किइन् । अनि भनिन्, 'मेरो एक जना माइजू सिलाउन जान्नुहुन्छ, उहाँकै काम हेरेर केही त जानिसकें तर तालिम लिएजस्तो हेरेको भरमा नहुँदो रहेछ ।'

हरे, कति सानो सपनाले उनलाई गिजोलिरहेको होला ! 'रोजगारीको हक' लेखें भनेर फुर्ती गर्दै हिँड्ने संविधानका निर्माताहरूलाई सुनीता भेटाइदिन पाए कस्तो हुन्थ्यो भन्ने भावले मलाई त्यस बेला निकै लपेटचो । पश्चिम नेपाल यात्राका क्रममा भएका धेरै भेट र मानिसहरू बिस्तारै सम्झनाबाट ओझेल पर्दै गइरहेका छन्, तर सुनीताले 'सिलाइ सिक्न पाए पनि कति हुन्थ्यो' भनेको प्रत्येक क्षण मेरो कानमा गुन्जिरहेको छ । त्यस क्षण, मैले आफूसँग भएको पैसाहरू दिएको भए पनि उनको त्यो सपना पूरा हुन्थ्यो । काठमाडौं फर्केपछि मात्रै मलाई यी विचारहरू आए र एक पछुतोले मनलाई कटक्क खायो ।

तीन ट्याबलेट औषधि

राज्यको स्मरणबाट हराइसकेको तर जोरबहादुर खड्काले कहिल्यै बिर्सन नसकेको एउटा घटना छ । उनी तिनताक प्रहरीमा असइ थिए । राष्ट्रबैंकको पैसा लिएर उनले नेतृत्व गरेको प्रहरीको १२ जनाको टोली रुकुम पुग्यो २०५७ को चैतमा । चौकीमा पुगेर हतियार र पैसा बुझाए उनले । त्यति बेला रातको दस बजिसकेको थियो । दिनभरिको भोक मेट्न चौकी छेउकै एक होटलमा पुगेर उनीहरू खान मात्रै के थालेका थिए, चारैतिरबाट गोली बर्सन थाल्यो ।

'पैसा बोकेर आएको भन्ने माओवादीहरूले थाहा पाएछन्, हामीमाथि आक्रमण गरिहाले, चौकी पनि हाने,' जोरबहादुर भन्छन्, 'मेरा साथीहरू भकाभक ढले, मेरो दाहिने गालामा गोली चिप्लिएर गयो, उनीहरूले हतियार र पैसा लुटेर लगे ।' घटनाको केहीपछि नेपाल प्रहरीले उनलाई माओवादीसँग मिलेको भनेर बर्खास्त गरिदियो । यसका कारण दिइयो- नमिलेको भए अरू मर्दा तँचाहिँ कसरी बाँचिस् ?

जागिर गए पनि ज्यान जोगिएकामा चित्त बुझाएर उनी जन्मथलो दैलेख फर्किए । त्यहाँ उनलाई माओवादीहरूले 'जागिर छाडेको बहानामा सुराकी गर्न आएको' भनेर घेर्न आइपुगे । जसोतसो फुत्किएर जोरबहादुर भारत पसे । त्यहाँ अर्कोको घर रुँगेर ६ वर्ष बिताए । यस्तोमा मनमा तनाव बढ्नु स्वाभाविकै हो । तनाव बढेपछि रक्तचाप बढ्यो, रक्तचाप उच्च भएपछि पक्षाघात भयो । जीवनको उर्वर समय प्रहरी भएर बिताएका जोरबहादुर पेन्सन पाक्ने बेलामा उही प्रहरीबाट गलहत्याइए । कुटो-कोदालो गरेर शान्तिले बाँकी जीवन बिताउँछु भनेर चित्त बुझाउँदा उनले गाउँमा बस्न त के पाइलो टेक्न पनि पाएनन् ।

पक्षाघात भएर वर्षौं कुँजिँदा, घटना हुँदाकी दूधे छोरी गरिमा ठूली भएर केही पैसाको बन्दोबस्त नगरुन्जेल औषधोपचार समेतबाट विमुख हुन पुगेका जोरबहादुरलाई प्रहरीले अहिलेसम्म औपचारिक रूपमा कुनै अवकाशपत्र दिएको छैन, न जागिर छाडेपछि पाउने कुनै सेवा-सुविधा नै पाएका छन् । न शान्ति मन्त्रालयले उनलाई द्वन्द्वपीडितको सूचीमा राखेको छ, न अरू पीडितहरूले झैं उनले सरकारबाट कुनै राहत र पैसा नै पाएका छन् । उनको घरैमा पुगेर र उनलाई भेटेर उनका कथाहरू सुनेको क्षणमा पनि मलाई सुकरातको 'न्याय सत्य हो' र प्लेटोको 'न्याय खुसी हो' भन्ने उद्गारले घाँटी अठ्याउन आएजस्तो भयो । उनले यो विपत् भोग्नुपर्नाको सत्य जान्ने र त्यसबापत उनले भोग्नुपर्नाको दुःख सोधन गरेर उनलाई खुसी दिने कुनै संयन्त्र यो देशमा छैन । आफूमाथि भएको अन्यायविरुद्ध अदालतमा जाऊँ र जागिर बहाली गराऊँ भन्ने उनलाई नलागेको होइन, तर औषधि खाने पनि पैसा नभएका उनीसँग मुद्दामामिला गर्ने र वकिललाई पैसा दिने औकात कहाँ छ ? संविधानको मौलिक हकमा 'प्रत्येक नागरिकलाई न्यायको हक हुनेछ' भन्ने लेख्दैमा जोरबहादुरहरूमाथि भएको अन्याय कहाँ हट्दो रहेछ र ?

बर्दियाको भुरी गाउँमा अचेल दिनहरू सुस्तरी गुजारिरहेका जोरबहादुर अहिले ५४ वर्षका भए । उनको देब्रे हात चल्दैन । मुख बाङ्गो छ, दाहिने गालामा गोली चिप्लिएर गएको पुच्छे तारजस्तो लामो दाग छ । बोली प्रस्ट निस्कँदैन । प्रत्येक शब्द उच्चरणमा कष्ट हुन्छ । वर्षौंपछि यसपाला अलिकति साइकल चलाउन सक्ने भएका जोरबहादुरको यो अवस्था पहिलेको भन्दा ज्यादै सुधिएको हो । उनकी २३ वर्षीया छोरी गरिमाले ऋण गरेर, सिमलामा स्याउ टिप्न गई केही पैसा कमाएर र पढ्ने-लेख्ने आफ्नो सारा अवसरलाई थाँती राखेर गरेको औषधोपचारले जोरबहादुर यति तंग्रिने भएका हुन् । गएको वर्ष उनले जोरबहादुरलाई काठमाडौं लगिन्, डाक्टर सुशीला वैद्यले नियमित रूपमा लेजर थेरापीहरू गराउन सके ठीक हुने कुरो गरिन् । नभन्दै जोरबहादुर केही तंग्रिए, वर्षौंदेखि चलमलाउन नसकेका उनका हातगोडा चलमलाए ।

'भएको ७०-८० हजार एकपटकमै सकियो,' गरिमा भन्छिन्, 'तीन-तीन महिनामा काठमाडौं ल्याउनु भन्थे, लैजान सकिएको छैन ।'

डाक्टरले नसा तंग्रिने औषधि दिनको तीन टचाबलेट खानु भनेर लेखिदिएका छन् । 'यसको ५ सय रुपैयाँ पर्छ, दिनमा त्यति तिर्न सक्दैनौं हामी,' जोरबहादुरका आँखा पिलपिलाए, 'त्यसैले दिनको एक टचाबलेटमै काम चलाइरहेका छौं ।' यति भनिसक्दानसक्दै चुपचापसँग झरेका उनका आँसुले मानौं प्रश्न गरिरहेका छन्– के राज्य यति गरिब छ कि एउटा बिरामीको तीन टचाबलेट औषधि पनि किनिदिन सक्दैन ?

अन्त्यहीन पर्खाइ


राजकुमारी ओलीको काखमा सानी छोरी छिन् । तर उनले स्याहार हरदिन बिरामी आमा सुशीलाको गरिरहनुपरेको छ । उनको घर जाजरकोटमा छ र माइती सुर्खेतमा । बिरामी आमालाई रुँगेर माइतै बसिरहेकी उनलाई घरबाट तारन्तार खबर आइरहन्छ, कहिले फर्किने भनेर । घर घर गर्नु कि आमालाई स्याहार्नु ? राजकुमारीसँग उत्तर छैन, मात्र आँसु छ जतिखेर पनि चुहिरहने ।

उनकी आमा बोल्न सक्दिनन्, पक्षाघात भएकाले हिँडडुल गर्न सक्दिनन्, तर रुन सक्छिन्, आँसु झरिरहन सक्छिन् । उनको साथमा राजकुमारीकी दिदी दीपाको तस्बिर सधैं हुन्छ, त्यसलाई काखमा राखेर टोलाई बस्नु र बेलाबेलामा छाती चिरिने गरी डाँको छाडेर रुनु सुशीलाको दैनिकी बनेको धेरै भइसक्यो ।

कुनै समय गाउँभरिकी फुर्तिली सुशीला आज यस्तो किन भइन् ? कुरा खोतल्दै गयो भयो न्यायमा लागेको उही घाउको ओस्सिने गन्ध आउँछ । संकटकालको बेला थियो । कक्षा ६ मा पढ्दै गरेकी उनकी छोरी दीपा र अरू पनि विद्यार्थीलाई माओवादीले स्कुलमै आएर लगेछन् २०५८ मा । छोरी माओवादीले लगेदेखि नै सुशीलाको नसनाडी गल्न थालिसेको थियो, उनका श्रीमान्को अनुहारको कान्ति हराइसकेको थियो र घरमा दुःखले बास गरिरकेको थियो । रामघाटस्थित छिन्चु ब्यारेकका सेनाले २०६० साउन २३ गते दीपालाई पक्राउ गरेछन् । त्यसयता उनी मरे-बाँचेको पत्तो छैन । यही पीरले राजकुमारीका बाबु बिते, आमालाई पक्षाघात भयो र उनको पढाइ छुट्यो । 'दिदीलाई त्यस्तो भएपछि आमाले चुरोट खान थाल्नुभयो' राजकुमारी भन्छिन्, 'त्यही पीरले त होला, प्यारालाइसिसले समात्यो, अहिले उहाँलाई खुवाउनेदेखि दिसापिसाब गराइदिनेसम्मको काम गर्नुपर्छ, हाम्रो त जीवनै तहसनहस भयो ।'

बाँकी पृष्ठ ख मा

यात्रा



विराट अनुपम

खुम्बु फुटनोट्स

सगरमाथा आधार शिविर पुग्नुअगाडि मलाई लाग्थ्यो, आधार शिविरबाट सर्लक्कै सगरमाथा देखिन्छ । होइन रैछ । सगरमाथा आधार शिविरबाट त जम्मा खुम्बु आइसफल मात्रै देखिने रैछ ।



विश्वको सर्वोच्च शिखर सगरमाथा चढ्न साहस भएर मात्रै पुग्दैन । पैसा पनि हुनुपर्छ । आधा करोड लाग्ने सगरमाथा आरोहणभन्दा आधा लाखमा सकिने आधार शिविर यात्रामा जानु मेरो एक्लो विकल्प बन्यो । लोन्ली प्लानेटदेखि नेसनल ज्योग्राफिकसम्मले विश्वका घुम्नैपर्ने गन्तव्यमा खुम्बु अर्थात् सगरमाथा क्षेत्रलाई राखेपछि मेरो उत्साहलाई थप ऊर्जा मिल्यो । धेरैअगाडिदेखि सोच बनाए पनि यो दसैंपछि मात्रै मित्र र मुद्रा दुवै व्यवस्थापन भएर यात्रा जुऱ्यो ।

विश्वको सबैभन्दा जोखिमपूर्ण विमानस्थल लुक्लाको अवलोकन, सन् १९७९ मा विश्व सम्पदा सूचीमा सूचीकृत नेपालको पहिलो रास्ट्रिय निकुञ्जको यात्रा र ८ हजार ८ सय ४८ मिटर अग्लो शिखरको पाउ अर्थात् आधार शिविर अवलोकन अनि कालापत्थर पाहाड आरोहणजस्ता कुरा कल्पिँदा मात्रै खुम्बु यात्रा रोचक बन्यो । कल्पनालाई यथार्थ बनाउन इटहरीबाट हामी पाँच भाइ १५ दिने यात्राका लागी कात्तिक २५ मा निस्कियौं ।

प्रदेश ट्रेकिङमा नआएको "संधीयता"

खुम्बु क्षेत्र प्रदेश १ मा पर्छ । तर, प्रदेश १ कै हिमाल पुग्न हामी प्रदेशवासीहरू सबैभन्दा पहिले काठमाडौं जानुपर्छ । ट्रेकिङका सामानहरू प्रदेश १ मा उपलब्ध नभएकाले हामी काठमाडौं पुग्यौं । इटहरीबाट सोलुखुम्बुको सदरमुकाम सल्लेरी, त्यहाँबाट २ दिन लुक्ला अनि ७ दिनमा आधार शिविर पुगिने भए पनि सामान किन्न नपाइएकाले काठमाडौंकै रुट अनिवार्य बन्यो । सामानजस्तै विमानका लागि पनि प्रदेश १ बाहिरै पुग्नुपर्छ । प्रदेश १ मा विराटनगर र भद्रपुरजस्ता सुविधासम्पन्न विमानस्थलहरू छन् । लुक्ला उडान भने प्रदेश ३ स्थित रामेछापको मन्थलीबाट हुन्छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अत्यधिक चाप भएकाले मन्थलीबाट मात्रै उडान गरिएको मन्थली विमानस्थल प्रमुख अमित चौरासियाले सुनाए ।

प्रदेश १ का हिमाल पुग्न आवश्यक सामग्री बेच्न नसक्ने प्रदेश १ का पर्यटन व्यवसायी र उडान गर्न नसक्ने विमान कम्पनी अनि सरकारलाई व्यंग्य गरेसँगै यात्राका साथी तथा नेकपा सुनसरी नेता सागर सुवेदीले भने, 'ट्रेकिङ क्षेत्रमा सरकार र व्यवसायीहरूले अझै संघीयता ल्याएका रैनछन् ।'

ट्रेकिङको केन्द्रीयताले प्रदेश १ वासीलाई मात्रै हैन, सीमावर्ती भारतीयहरूलाई पनि समस्यामा पारेको रैछ । नाम्चे बजारदेखि दुई स्टेसनमाथि रहेको देबुचेमा भेटिएका पश्चिम बंगालका स्थानीय सौरभ चक्रवर्तीले सल्लेरीबाटै पैदल आएको बताए । उनी कलकत्ताबाट रक्सौल पुगे । रक्सौलबाट काठमाडौं । र, काठमाडौंबाट सल्लेरी । कलकत्ताबाट सिलिगुढी अनि इटहरी हुँदै तीन दिनमा आउन सकिने सल्लेरी उनी पाँच दिनमा मात्रै पुगे । भारतीय सेनामा १२ वर्षदेखि कार्यरत बताएका उनले आफूले ट्रेकिङ कम्पनीको सूचना हेरेर आएको बताए । पश्चिम बंगालसँगै जोडिएको नेपालको प्रदेश १ कै उत्तरी जिल्लामा खुम्बु भएको भन्दा उनी चकित भए ।

किनमेल र विमानस्थलमा मात्रै हैन काठमाडौंका ट्रेकिङ कम्पनीको कारणले सूचनामा पनि खुम्बु क्षेत्रमा संघीयता नआएर ट्रेकरहरू हैरान रैछन् ।

हिमाल छुन पुग्ने दुर्लभ नेपाली ट्रेकर

२८ गते बिहान साढे एघार बजे लुक्ला ओर्लेर खानपानपछि अगाडि बढ्दै गर्दा नेपाली सुरक्षाकर्मीले रोकेर मुस्कुराउँदै सोधे, 'इस्क्युज मी सर । चेकिङ ।'

'नेपालीलाई पनि चेकिङ हुन्छ र' भन्दा उनले मुस्कुराएरै भने, 'ओहो सरी सर । म त विदेशीजस्तै लागेर ।' लुक्लामा मात्रै हैन अन्य केही स्थानमा पनि होटल व्यवसायीदेखि भरियाहरूसम्मले विदेशी सम्झेर अंग्रेजीमै कुरा गरे । ट्रेकरको हुलियामा पुगेका गहुँगोरो अग्ला आर्यन अनुहारलाई इजरायली, श्याम वर्णलाई भारतीय र अग्लो मंगोलियन अनुहारलाई जापानिज र कोरियनजस्तो ठान्ने स्थानीय गाइड बालकुमार तामाङले बताए । तामाङका अनुसार नेपालीहरू अत्यन्तै कम आउनाले यस्तो भएको हो । तामाङको तर्कलाई सगरमाथा राष्ट्रिय निकुञ्जको तथ्यांकले नै पुष्टि गर्छ । आर्थिक वर्ष २०७५/७६ मा ५८ हजार ३० जना विदेशी पर्यटक खुम्बु क्षेत्रमा आउँदा जम्मा ७ सय ४१ जना मात्रै नेपाली आएको निकुञ्जका कर्मचारी केदार कट्टेलले जानकारी दिए । एडमन्ड हिलारी र तेन्जिङ नोर्गेले विसं २०१० जेठ १६ मा सगरमाथा चढेको ६६ वर्ष कटिसक्दा पनि हजारभन्दा कम नेपाली मात्रै एक वर्षमा यो क्षेत्रमा आउँदा रैछन् ।

> सगरमाथा आधार शिविर पुगेपछि सबैभन्दा धेरै दुविधा आधार शिविरकै उचाइमा हुन्छ । आधार शिविरका दुई ढुंगामा दुईखाले उचाइ लेखिएको थियो ।

३ हजार ८ सय ८० मिटर उचाइमा खुम्बु क्षेत्रमा रहेको विश्वको सबैभन्दा अग्लो स्थानको होटल एभरेस्ट भ्युका म्यानेजर आङनुरु शेर्पा नेपालीहरूले नेपाली हिमाल र सगरमाथाको महत्त्व नबुझेर कम आएको बताउछन् । १४० देखि १९० डलरमा बिक्री हुने आफ्नो होटलका १२ कोठा बुक गर्न आउने सबैजसो विदेशी भएको उक्त होटलमा तीस वर्षदेखि सक्रिय शेर्पाले बताए । उनले भने, 'नेपालीहरू विदेशमा पुगेर मात्रै सगरमाथा र हिमालको महत्त्व बुझ्छन् ।' शेर्पाको कुरामा सहमत भए इटहरीबाट हामीसँगै खुम्बु क्षेत्र हिँडेका ड्राइभिङ स्कुल सञ्चालक बाबुराम प्रधान । उनले हाँस्दै भने, 'सिंगापुरमा सगरमाथा पुगेको छैन भन्दा विदेशीले खिसी गरेको देखेरै मैले यहाँ आउन त्यही बेला योजना बनाएको हुँ ।' अर्का सहभागी सन्तोष निरौलाले पनि थाइल्यान्ड पुगेपछि मात्रै सगरमाथाको महत्त्व बुझेको स्विकारे ।

धनिभर्सरी, डेटिङ र सरसफाइ

नेपाली कम पुगेपछि खुम्बुमा विदेशीहरू भने अत्यधिक जाने पाइयो । ८ वर्षका बालकदेखि ७७ वर्षीय वृद्धसम्म खुम्बु यात्रामा भेटिए । एक जना त ह्विलचेयरमा समेत लुक्ला पुगेकी थिइन् । उनलाई आफ्ना सहयोगीले हिँडाइरहेका थिए । उनी घोडा चढेर बेसक्याम्पसम्म जाने बताउँदै थिइन् । आधार शिविर पुग्न काठमाडौंबाट चार्टर गरिएका हेलिकप्टरदेखि लुक्लाबाट पाइने घोडासम्म उपलब्ध रैछन् । यही सुविधा लिएर शारीरिक अशक्तता भएकाहरूसमेत आधार शिविर पुग्दा रहेछन् । ३ हजार हाराहारी डलरको हेलिकप्टर चार्टर गरेर एकैछिनमा सगरमाथा आधार शिविर पुगेर आउनुभन्दा लुक्ला ओर्लेर प्रतिक्याम्प यात्राको १ सय डलरमा पाइने घोडामा आधार शिविर जानेहरू पनि पाइए ।

लुक्लाबाट आधार शिविर र आउन्जेलका १३ दिने यात्रामा गफिएका दर्जनौं पर्यटकले फरकफरक कारणले खुम्बु ट्रेकिङ आएको बताए । आधार शिविरमा भेटिएका भारत उत्तर प्रदेशका २९ वर्षीय प्रदेश सांसद (एमएलए) प्रतीक भूषण सिंहले आफू महात्मा गान्धीको १५० औं जयन्ती मनाउने क्रममा आएको बताए । जेनेभाका ६३ वर्षीय मार्कले आफ्नो तौल घटाउन आएको बताए । केही फ्रान्सेली जोडीहरूले भने आफ्नो विवाह एनिभर्सरी मनाउन र डेटिङ गर्न आएको समेत खुलेर बताए । स्याङ्बोचेमा भेटिएका बेलायतका नागरिक तथा सगरमाथा नेक्स्ट कार्यक्रमका टोमी र आधार शिविरमा भेटिएका बेलायतकै जे बोथ आफूहरू सगरमाथा क्षेत्रको सफाइमा काम गर्न आएको बताए ।

खुम्बु मेन्युमा प्रोफेसनल शेर्पा, लिबरल गैरशेर्पा

१४ दिने सगरमाथा आधार शिविर यात्राको योजनाताका मलाई लाग्थ्यो, नाम्चेमाथि कुनै बजार छैन । टेन्ट, स्लिपिङ ब्यागदेखि सातुसामल सबै बोक्नुपर्छ । यस्तो होइन रहेछ । सगरमाथाको तीन घण्टा वरसम्म बजार रैछ । लुक्लादेखि सात क्याम्प यात्रामा पुगिने बेसक्याम्पसम्मका हरेक क्याम्पमा पसल र टी सप रैछन् । २८५० मिटर उचाइको लुक्लादेखि ५१९० मिटरको गोरक्षेपसम्मका सात क्याम्पमा जत्ति उकालो लग्यो, मेन्युको रेट पनि उत्ति उकालो लाग्ने । बेसक्याम्प नजिकैको बजारसम्म उपलब्ध हुने इन्टरनेटको रेट पनि उचाइअनुसार उकालो लाग्ने ।

मुख्यगरी शेर्पाहरूका टी सप र लजहरू पाइने यी क्षेत्रमा राई, तामाङ, मगर आदि समुदायले पनि टी सप सञ्चालक गरेका छन् । उनीहरूको लगभग एकै खाले मेन्यु रहेको छ । सामान्यतया खानाको ६ सयदेखि एक हजारसम्म र चियाको तीन सयदेखि पाँच सयसम्मको मेन्यु रेट देखिन्छ । यो रेटमा डिस्काउन्ट मागदा शेर्पा साहुजीहरूले असहज माने । हाम्रा सहयात्री सुरेश कार्कीले सगरमाथादेखि दुई स्टेसनमुनिको लोबुचेको एक टी सपमा डिस्काउन्ट हुन्न भन्ने प्रश्न गर्दा उनले प्रतिप्रश्न गरे, 'काठमाडौंको रेस्टुरेन्टमा गएर तपाईं डिस्काउन्ट माग्नुहुन्छ ?'

आफ्नो मेन्युमा क्लियर र प्रोफेसनल देखिएका शेर्पा व्यवसायीहरूभन्दा अलिक लिबरल लागे अन्य समुदायका व्यवसायी । उनीहरूले नेपाली भनेर मेन्यु रेटमा आधा नै छुट दिए । ५ हजार ५० मिटर उचाइमा अवस्थित संसारको सबैभन्दा अग्लो स्थानको पिरामिट रिसर्च सेन्टरले सञ्चालन गरेको लजका म्यानेजर काजी विष्टले त नेपालीहरू भनेर हाम्रो समूहबाट कुनै पैसा लिएनन् । हामीलाई मात्रै हैन विष्टले भरियाहरूलाई माया गरेर कतिपयलाई निःशुल्क खाना र बस्न दिँदा रहेछन् ।

तीन दिन बास र गाँसको पैसा लिनै मानेनन् विष्टले । दिनैपरे आफ्ना मिहिनेती किचन स्टाफहरूलाई टिप्स दिन आग्रह गर्दै उनले भने, 'मलाई विदेशीको टिप्स नै ६० हजारसम्म आउँछ । नेपाली दाजुभाइहरूलाई किन पैसा लिनु ?'

तेङ्बोचे : जहाँबाट सुरु हुन्छ हिमालयन उपत्यका

लुक्ला ओर्लनासाथ हिमाली क्षेत्र महसुस हुने यात्राले ३८ सय ६० मिटरमाथिको तेङ्बोचे पुगेपछि आकर्षक मोड लियो । निकै पर देखिने हिमाल आँखैअगाडि देखिन्छ । एकातिर मात्रै हैन चारैतिर हिमालै हिमाल । अगाडि दगुर्दै भ्याम्म हिमालमा उक्लिन सकिन्छजस्तै गरी आमादब्लम उभिन्छ । थामसेर्कु, ल्होत्से, नुप्से र सगरमाथाको झल्को पनि तेङ्बोचेले दिन्छ । पहिलोपटक हिमाल अगाडि उभिएको अनुभव दिने तेङ्बोचे धार्मिक तथा सांस्कृतिक रूपमा पनि महत्त्वपूर्ण छ । हिमालयन भव्य दृश्यलाई सन् १९२३ मा बनेको तेङ्बोचे गुम्बाले अर्को भव्यता दिन्छ ।

कालापत्थर : सगरमाथा हेर्ने प्राकृतिक भ्यु टावर

सगरमाथा आधार शिविर पुग्नुअगाडि मलाई लाग्थ्यो, आधार शिविरबाट सर्लक्कै सगरमाथा देखिन्छ । होइन रैछ । सगरमाथा आधार शिविरबाट त जम्मा खुम्बु आइसफल मात्रै देखिने रैछ । ५३६४ मिटर उचाइमा रहेको आधार शिविरबाट नदेखिने दृश्यको प्यास मेटाउने उभिएको जस्तै छ कालापत्थर । ५५४५ मिटर उचाइमा आधार शिविरभन्दा अग्लो कालापत्थरबाट ल्होत्से र नुप्से आसपास राखेर उभिएको विश्वको सर्वोच्च शिखर सगरमाथा आँखैअगाडि देखिन्छ । सगरमाथा पुग्नुअगाडिको गोरक्षेप बजारबाट उकालो साढे दुई घण्टामा पुगिने कालापत्थरको चुचुरो गोरक्षेपबाटै तीन घण्टा तेर्सो हिँडेर पुगिने आधार शिविरको भन्दा भिन्न छ ।

कालापत्थरभन्दा १ सय ८१ मिटर होचो आधार शिविरमा निरन्तर हिउँ पर्छ र हिउँका ढिक्का अत्यन्तै देखिन्छ । कालापत्थरमा हिउँका ढिक्का देखिन्न । सगरमाथाभन्दा ३३०३ मिटर मात्रै होचो कालापत्थरमा कालापहाड खुम्बु क्षेत्रको भीआईपी भेन्यु हो । यही स्थानमा २०६६ मंसिर १९ गते तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले मन्त्रिपरिषद्को बैठक गराएर जलवायु परिवर्तनको असरबारेमा विश्व समुदायको ध्यानाकर्षण गराएका थिए ।


आधार शिविर, भोक हड्ताल र रोमान्टिक ढुंगाहरू

सगरमाथा आधार शिविर पुगेपछि सबैभन्दा धेरै दुविधा आधार शिविरकै उचाइमा हुन्छ । आधार शिविरका दुई ढुंगामा दुईखाले उचाइ लेखिएको थियो । एउटामा ५ हजार ३ सय ६४ मिटर, अर्कोमा ५ हजार ३ सय ६५ मिटर । यत्ति मात्रै हैन आधार शिविरमा सरसफाइ गर्न आएका बताउने बेलायती नागरिक जे बोथले ५३४५ मिटर मात्रै भएको बताउँदै थिए ।

खुम्बु क्षेत्रको सुन्दरता महसुस गर्ने र प्रदेश १ का आफ्नेलमा परेका साहसिक पर्यटकीय गन्तव्यको प्रचार गर्ने हाम्रा दुई मिसन पूरा भए । आधार शिविरमा २४ घण्टा भोक हड्ताल गरेर वातावरणीय न्यायको माग गर्ने मिसन भने समूह सदस्य बाबुराम प्रधानलाई लेक लागेर समस्यामा पऱ्यो । आधार शिविर पुग्न लाग्दा अत्यन्तै धेरै लेकको समस्याले उनले लोबुचेबाट हेलिकप्टर चार्टर गरेर लुक्ला आउनुपऱ्यो । थोरै उचाइको तराईबाट आएका सदस्यहरूको अक्सिजन लेभल कम हुँदै गयो । सामान्यतया 'पल्स अक्सिमिटर' ले नाप्दा ७५ प्रतिशत अक्सिजन हुनुपर्नेमा धेरै सकसले मात्रै त्यो लेभल पुगेपछि अर्को समस्या थपियो । त्यसमाथि हिउँ पऱ्यो । मौसमदेखि स्वास्थ्य जटिलताले हाम्रो भोक हड्ताल स्थगितको अवस्थामा आयो । स्थगनभन्दा सकेको गरौं भनेर हामीले चार घण्टाको मात्रै कार्यक्रम राख्यौं । २४ घण्टा र पाँच सदस्य कार्यक्रममा लेक लागेर अनुपस्थित एक सदस्यको नाम ब्यानरमा छोपियो । २४ घण्टामा २ छोपेर ४ मात्रै देखाएर हाम्रो कार्यक्रम चल्यो ।

सगरमाथा आधार शिविरको अर्को रोचक पक्षचैं आधार शिविरका हिउँका ढिस्काले थामिएर उभिएका रोमान्टिक ढुंगाहरू । त्यी ढुंगाहरूमा ट्रेकरहरूदेखि आरोहीसम्मले आफ्ना प्रेमिल सन्देशहरू लेखेका पाइए । नेपाली, अंग्रेजी, हिब्रु, स्पेनिसदेखि फ्रान्सेली हुँदै रसियन तथा चिनियाँ अक्षरमा मायालु सन्देशहरू लेखिएका ढुंगा बेसक्याम्पभरि भेटिए । यी रोमान्टिक ढुंगाहरू देखेर उत्साहित बने हाम्रो समूहका सदस्य सुरेश कार्की । विगत तीन दिनदेखि झकिँदै श्रीमतीको फोन रिसिभ नगरिरहेका उनले एकाएक एक गोरा पर्यटकसँग कालो मार्कर मागे । र, आफ्नी श्रीमतीको नाममा अंग्रेजी सन्देश लेखे, 'आई लभ यु विनिता । योर सुरेश ।'

कविता



लेखनाथ अण्डारी

प्रभु ! यत्ति भए त..

घाँटीमा
एउटा-दुईटा दुपट्टा
छातीमा
एउटा-दुइटा तक्मा
भित्तामा
एउटा-दुइटा अभिनन्दन र
प्रशंसापत्र
दोबाटोमा
एउटा-दुइटा सालिक र शिलापत्र
प्रभु !
यत्ति पनि नभए त जिन्दगी
व्यर्थ हुने भयो ?


प्रभु !
चाहिँदैन बाँकी अरू कुनै वरदान
यति भए त
जीवन सार्थक हुनेथियो
शान्तिले सास जानेथियो ।

प्रभु !
यति भए त हुनेथियो
कुनै कीर्ति नै नरहे
फुर्ती पनि केही नरहने भयो ।

घाँटीमा...
छातीमा...
भित्तामा...
र, दोबाटोमा पनि...
त्यतिचैं भए त
जीवन सार्थक हुने थियो
शान्तिले सास जाने थियो ।

प्रभु ! यति भए त
जोरी-पारीको हाँसो पनि जाने थियो
श्रीमती र छोराछोरीको हाँसो छरिने थियो ।

हो प्रभुजी !
यति भए त
जीवन सार्थक हुने थियो
शान्तिले सास जाने थियो ।



एजेन्सी

पृष्ठ क बाट

न्यायका घाउहरू...

गरिमाले बाबुलाई काठमाडौं लगेझैं गएको वर्ष राजकुमारीले पनि सकीनसकी आमालाई उपचार गर्न भनी राजधानी लगेकी थिइन् । नसाका डाक्टरहरूले उपचार हुन्छ भनेका पनि थिए । तर, यो विरानो काठमाडौंमा उनका लागि न कुनै साथ थियो न पैसा नै । राजकुमारीको सपनामा बरोबरजसो बेपत्ता दिदी मुस्कुराउँदै आइपुग्छिन् । कक्षा आठमा पढ्दा स्कुलले लगेको पिकनिकबाट फर्कने बेलामा उनले जंगलमा दीपालाई देखेकी थिइन्, एक लोग्नेमान्छेका साथ । सायद ऊ, माओवादी लडाकु थियो ।

'दिदी, घर जाऊँ हिँड,' उनी खुसीले चिच्याउँदै दीपालाई अँगाल्न पुगेकी थिइन् ।

'तर त्यो मान्छेले मलाई लडाइदियो, दिदी एकदम डराइरहेकी थिइन्,' राजकुमारी भन्छिन्, 'त्यसपछि म बेहोस भएछु, सरहरूले घरमा ल्याएर छाडिदिएछन् ।'

अहिले उनलाई लाग्छ, त्यस बेला त्यो मानिससँग पौठेजोरी खेल्ने ताकत भइदिएको भए वा सरहरूले उससँग जुध्ने सामर्थ्य देखाइदिएका भए राजकुमारी आफ्नी दिदीलाई घर लिएर जान सक्थिन् । त्यो हुन पाएको भए उनका बाबुले शोकैले चोला बदल्नुपर्ने थिएन, आमाको यो हालत हुन्नथ्यो । अनि, राजकुमारीले पढ्न पाउँथिन् र जीवनका हजार सपनाहरूलाई अनुभव गर्ने अवसरहरूलाई समात्न सक्थिन् ।

तर, यस्तो केही हुन पाएन उनको जीवनमा । उनीहरूलाई कहिल्यै आवश्यकै नपरेको युद्ध दीपाले लड्नुपऱ्यो । सेनाको ब्यारेकमा नजाने कस्तो कष्टहरूबाट दीपा गुज्रिन होला ? कहाँ होलिन् उनी ? निर्दयीहरूले मारे होलान् कि अझै कुनै काल कोठरीमा थुनेर राखिरहेका होलान् ? यस्तो प्रश्न उनकी आमाले मात्रै होइन, राजकुमारीले पनि गर्न थालेको धेरै भइसक्यो ।

एकपटक, सेनाको कब्जामा परेका बेला राजकुमारी र उनका बाबुको नाममा दीपाले कसैगरी एक पत्र पठाएकी रहिछन्, जसमा लेखिएको थियो, 'म बाघको मुखमा छु, कृपया बचाउनुस् ।'

नभन्दै उनी बाघकै मुखमा भएजस्तो ठहरियो जहाँबाट दीपा फर्केर आएकी छैनन् ।


'दिदी साउनमा पक्राउ परेकी थिई,' राजकुमारी भन्छिन्, 'कात्तिकसम्म हामीले लगेको खाना सेनाले बुझ्थ्यो र दिदीलाई दिएँ भन्थ्यो, त्यसपछि त पर्दैन खाना ल्याउन भनेर हप्काएर फर्काइदिन थाल्यो ।' उनलाई शंका लाग्छ, कतै त्यही समय दीपको ज्यान उनीहरूले लिए कि ! अनि उनलाई कताकता फेरि एउटा आशाले पनि डोऱ्याउँछ, हैन दिदी हाँस्दै अहिल्यै घरभित्र छिरी पो हाल्छे कि ! यस्ता दोधारमा दिव्य १६ वर्ष बिते राजकुमारी र उनको परिवारको । न दिदी नै फर्केर आइन्, न आमा नै सद्दे रहिन् । मृत्यु शय्यामा पल्टेका भीष्म पितामहजस्तै अतिशय वेदनामा छटपटाइरहेकी आमालाई छाडेर एक घण्टा पनि उनी बाहिर निस्कन मिल्ने अवस्था छैन । यो अन्त्यहीनको पर्खाइ कहिलेसम्म ? यो विलखबन्दको जिन्दगी कहिलेसम्म ? यो मुफ्तको अन्याय कहिलेसम्म ?

●●●

गुफायुगदेखि 'न्याय' र 'खुसी' को खोजीमा मानवीय सभ्यताले यहाँसम्मको यात्रा तय गर्दा धेरै युद्ध, हिंसाका दुश्चक्रहरू र अन्यायका असंख्य शृंखला बेहोरेको छ । हरेक समाजका दुःखका आफ्ना कथाहरू छन् र भविष्यका आफ्ना सुनौला योजना । शासक वर्गको एउटा तप्काले मात्रै राज्यको सबै ऐश्वर्यको भोग गर्दै आएको हाम्रो समाजमा सामाजिक न्याय मात्र एक शब्द थियो । 'सत्य' र 'खुसी' मात्र शासक वर्गको विशेषाधिकार थिए । यस्तैयस्तै निष्कर्ष निकालेर र शोषणमा परेका, हेपिएका र दबिएका लाखौंलाख मानिसका लागि न्याय ल्याउन भनेर पुष्पकमल दाहाल उर्फ प्रचण्डको नेतृत्वमा त्यति बेलाको माओवादीले २०५२ मा सुरु गरेको दसवर्षे सशस्त्र युद्धले सुनीता, जोरबहादुर र राजकुमारीजस्ता हजारौंहजार मानिसलाई कहिल्यै नबिर्सिने गरी चोटहरू दिएर गयो । सत्र हजारको ज्यान गयो, ३ हजार जति बेपत्ता भए, ६० हजार घाइते अनि ८० हजार विस्थापित ।

अंकमा भन्दा एक वाक्यमा सकिने यो द्वन्द्वको फेहरिस्तमा एक-एक मानिसका आँसु र छटपटाहट लुकेको छ । तर, कहिल्यै केही पनि भएकै थिएन जसरी दलहरू अघि बढिरहेका छन्, सरकारलाई यसबारे खास चासो नभएजस्तो देखिन्छ । दोषीलाई सजाय मात्रै होइन न्याय भनेको, पीडितका चहराइरहेका घाउमा भरथेगको मल्हम लगाउनु पनि हो न्याय । सुनीताहरूलाई बाबु बेपत्ता बनाउनेलाई सजाय मागेका छैनन्, जीवन गुजारा गर्ने मेलोका लागि सिलाइको तालिम खोजेका छन् । जोरबहादुरहरूले औषधि चाहेका छन् र राजकुमारीहरूले रोजीरोटीको मेलो अनि आमाको उपचार । सत्य निरुपण तथा मेलमिलाप अनि बेपत्ता छानबिन आयोगको कन्तविजोग गराएर, पीडितहरूलाई सर्वथा बेवास्ता गरेरर र समाजको विभेदमा कुनै सुधार नल्याएर नेतागण खाली आफ्नो स्वार्थ र सुखको खातिर कुदिरहेको देख्दा सुकरातको 'सत्य' र प्लेटोको 'खुसी' दुवैले सामूहिक आत्महत्या गरेजस्तो लाग्छ यो देशमा ।

ghanashyam.khadka@gmail.com



कथा

फूलमान वल

तेमाल कोर्वा



भ्याउँकिरीले गाउन थालेपछि मैले साइकलको ब्रेक दबाएँ । हरिया रूखमा चराहरू नाच्न थाले । म झिकु खोला किनारको मनोरम बोटानिकल पार्कमा थिएँ । एक छिन खुब रन्थनिएँ । सहरबाट गाउँ हिँडेको- कहाँ आइपुगें म ?

बोहोरे दोभान उही थियो तर पानीघट्ट थिएन । पलाञ्चोक र तेमाल जोड्ने लोभलाग्दो पक्की पुल बनिसकेछ । यही झिकु खोलामा थुप्रैपटक सेलो गाउँदै दुवाली फर्काएको हुँ, सानो छँदा । खिर्रोको स्याउला कुटेर माछा मारेको पनि थिएँ । पौडी खेल्दा पानी छ्याप्दै जिस्किन आउने पलाञ्चोके आस्याङका छोरी पम्फा र रामशलीहरूको रातो रिबन... ।

अहो, झिकु खोलामा त एउटा सिगै युग बगेर गएछ !

क्षितिजमा उदाउँदै गरेको जूनको गर्भिनी उज्यालोमा हामी प्रेमगीत गाउँथ्यौं यहाँ । घट्को एकतमास लय, गंगटा र गोलभेंडाको अचार अनि ढिँडोको आदिम स्वाद । आहा !

एकाएक विस्मृतिको दोधारे विन्दुमा उभिन पुगें । आश्चर्य ! घडी र पलाहरूको यो कस्तो विस्मयकारी टाइमल्याप्स । पत्तै नदिई कसरी बिलाइगएछ समय ?

फेरि झ्याउँकिरीहरूले गीत गाए ।

म पाइडल घुमाउँदै अघि बढें । अघिल्तिर कालापत्रे सडकले रोमाञ्चककारी अँगालो फैलायो । अचम्म ! कुनै समय मैले पसिना चुहाउँदै घाँसको भारी बोकी हिँड्ने दुःखको दुरूह गोरेटो यहींनेर थियो । अहिले सफाचट टुरिस्टबस दौडिरहेछन् । आश्चर्यको तुमुल तुवाँलो उठ्यो मनभित्र । पुल नर्टुंगिदै पारिपट्टि ठूलो होर्डिङबोर्डमा 'तेमाल कोर्वा (पदयात्रा)' को नक्सा कोरिएको थियो । कस्तो विरोधाभास- आफ्नै गाउँ जान आज म नक्सा हेर्दै छु !

पक्कै मलाई डिमेन्सिया भएको हुनुपर्छ ।

●●●

सहरमा हराएको पनि ठ्याक्कै पच्चीस वर्ष भएछ । एक दशक जति त कोमामै बिताएँ हुँला । कोमाबाट ब्युँझँदा देशमा जनयुद्ध र लोकतान्त्रिक आन्दोलन टुंगेर गणतन्त्र आइसकेको थियो ।

थाहा छैन- तिनताक के भएको थियो, मैले फेरि कोमामा जानुपऱ्यो । त्यो एक प्रकारले हाइबरनेसन थियो सायद । दोस्रोपटक ब्युँझँदा देशले नयाँ संविधान पाइसकेको थियो । प्रदेशहरू निर्माण भइसकेका थिए ।

'तपाईंका लागि पहाडी यात्रा निकै उत्तम हुनेछ,' डाक्टर आत्मालेले एक दिन मलाई प्रेमपूर्वक सुझाइन् 'त्यहाँका नागबेली बाटामा अक्सिजनको प्रेमिल नदी बगिरहेको भेटाउनुहुनेछ । यो सहर तपाईंको स्वास्थ्यका लागि हानिकारक छ ।'

त्यसपछि उनैले प्रेमपूर्वक साइकल उपहार दिएर गइन् । गइन् किनभने त्यसयता उनी कहिल्यै फर्केर आइनन् । मैलेचाहिँ आफूलाई अलिक ब्युँझिएको महसुस गरें । मनको भित्री कुनामा भने कुनै स्वैरकाल्पिक उपन्यासको पात्र हुँ कि भन्ने दिग्भ्रम कायमै रह्यो ।

यही दिग्भ्रमकै बीच साइकलको पाइडल खिचेको हुँ- काभ्रेको तेमाल गाउँतिर । तामाङ सभ्यताको यो उद् गमथलोमा पक्कै पनि मेरो बाल्यकालका यादहरू छरिबसेका होलान् । म त्यही यादहरूको बिस्कुन टिप्न हिँडेको हुँ ।

●●●

होर्डिङबोर्ड नाघ्नेबित्तिकै पारिपट्टिबाट ढ्याङ्ग्रो र डम्फुको लयदार आवाज आयो । अलिक पर दुई भव्य गेट देखें । बौद्ध र बोन वास्तुकला मिश्रित एन्टिक शैलीको प्रवेशद्वार । सबैभन्दा माथि डम्फु, त्यसपछि ढ्याङ्ग्रोको क्लासिक डिजाइन । बीचको काठमा कुँदिएको थियो- 'तेमाल कोर्वा' । ढुंगा बिछ्याइएको सफा र फराकिलो चोकमा मानिसहरू एकतमास किन झुम्मिरहेका छन् ?

मैले फेरि सानदार ब्रेक दबाएँ ।

'तेमाल कोर्वामा स्वागत छ है !',

तामाङ मौलिक परिधानमा सजिएकी एक युवती अघिल्तिर उभिन आइपुगिन्- 'फ्चाफुल्ला !'

गाउँ आउने पर्यटकको स्वागतमा ढ्याङ्ग्रो र डम्फु बजाउँदै मान्छेहरू नाँच्दै रहेछन् । म पनि पर्यटकसँगै मिसिएँ । कुलाकी र गोइलो लाएका मूल ताम्बाले सगुनस्वरूप रक्सीमा टोटलाको फूल चोबल्दै भुइँ, आकाश र चार दिशा छर्के । युवतीको एउटा समूह सगुन बाँड्न थाल्यो ।

'ल्हास्सो ऽऽऽ...'

परबाट युवतीहरूको अर्को समूह टोटलाको फूलको टीका लाउँदै आइपुग्यो । दाहिने गालामा चिटिक्क कोठीवाली युवतीले मेरो निधारतर्फ फूल अघि बढाइन् । मैले उनलाई चोरी आँखाले हेरें । उनका नयनमा पनि मुस्कान दगुऱ्यो । म कतै हराएँ । मलाई उनको एकजोर आँखा मनपऱ्यो । यी आँखालाई पहिले कतै देखेको हुनुपर्छ । याद बिर्सेर हिँडेको मान्छेलाई कसले पो याद राख्छ र ?

सहरको कोमामै छँदा चीनको युनान पुगेको सम्झें । दोडबा र मिला गाउँका आदिवासीले ७ वर्षअघि यसरी नै स्वागत गरेको थियो मलाई ।

●●●

हो त, गाउँ साँच्चिकै बदलिएछ !

मनभरि विस्मय बोकेर रूपटार जंगल उक्लें । हरियालीबिच नागबेली पक्की बाटो बनिसकेछ । उत्तरतिर जुगल हिमाल मुसुक्क हाँस्यो । उसैलाई हेर्दै हुर्केको थिएँ म । गाईबाख्रा चराउँदै यही जंगलमा डण्डी-बियो खेलेको हुँ । अहिले त चरण र वन्यजन्तु संरक्षण गरी दुई क्षेत्रमा बाँडिएछ । अचानक, एउटा खरायो फुत्त उफ्रियो झाडीबाट । हठात ब्रेक दबाएँ । यही बेला हरिण र मयूरको लुकामारी चल्यो । लौ, भुइँ जुरेली र तित्राले खेलेको जुहारीको लय पुरानै छ त !

रूपटार चौर पुगेपछि तीनछक परें । फराकिलो पार्क, फूलैफूलले ढकमक्क । मुलगेटमा लेखिएको थियो- 'वेलकम टु लभ पार्क' । कुनै समय मैले घाँसको भारीसित लुटुपुटु खेलेको यहींनेर त हो !

पार्क हरिया घाँसे मैदानमा फैलिएको रहेछ । बीचबीचमा बिछ्याइएको ढुंगे बाटाको कोरियोग्राफी उत्तिकै लोभलाग्दो । बाटा छेउछाउ रंगीचंगी फूल । एउटा प्रेमजोडी जामुनको रूखमुनि गुनगुन गर्दै थियो । उनीहरू पक्कै पाँचखाल वा भेंडाबारीतिरबाट आएको हुनुपर्छ । अलिकपर फेमेली पिकनिकको समूह नाचिरहेको देखें ।

पार्ककै बीचमा आलिंगनबद्ध यो प्रेमिल सालिकचाहिँ कसको ?

'रूपरानी र ह्विन्जेनदोर्जेको' फूल गोड्दै गरेको माली मुस्कुराए, 'तपाईं शिलालेख पनि पढ्न सक्नुहुनेछ ।'

लौ, गाउँलेहरूको लबज नि फेरिएछ । कस्तो विनयी ! कति भलादमी !

म सालिकतिर दौडिएँ । सानु छँदा हजुरबाले सुनाउनु हुने उही प्रेमकथा ढुंगामा खोपिएको थियो- 'तेमालका अन्तिम राजा ह्विन्जेनदोर्जेका दुई रानी थिए, धामोरानी र रूपरानी । रूपरानी घाँस-दाउरा गर्न यही जंगल आउँथिन् । फूलहरूबाट रङ सापटी लिएर उनी अनुहारमा लाली पोत्थिन् । कोइलीसँग मित लाउँदै सेलो गाउँथिन् । मयूरसँग हाँसखेल गर्दै नाच्थिन् । एक दिन राजा ह्विन्जेनदोर्जे यही बाटो भएर ल्हासा जाँदै थिए, रूपरानीको चुम्बकीय जादूले तान्यो । दुवै जना प्रेममा परे । रूपरानी कान्छी बनेर ह्विन्जेनको तेमाल दरबार भित्रिइन् । ह्विन्जेनले आफ्नो प्रेमको स्मृतिस्वरूप जंगलको नाम नै 'रूपटार' राखिदिए ।'

'छप्लक्क !'

सालिक छेवैमा प्रेमपोखरी र मिनी झरना रहेछ, बुदुना माछा फुत्त उफ्रियो । म झस्केको देखेर माली मज्जाले हाँसे । पार्कको सौन्दर्य झन् अप्रतीम बन्यो । भकुन्डे, नमोबुद्ध, कानपुर मात्रै हैन, दोलालघाट र सुनकोसीपारि सैलुडेदेखिका प्रेमी आउँदा रहेछन् यो पार्कमा ।

●●●

पहेंलो घाम महाभारत पर्वतमाथिको आकाशबाट ओरालो झर्दै गर्दा म गाउँ उक्लिँदै थिएँ । यही हो मेरो पियारो डहुन्हान गाङ, अर्थात् पीपल चौतारा । यहाँ आइपुग्दा उपल्लो तेमाल जाने बाटो आधा हुने भएकाले बटुवाहरूले 'आधाबाटो' भन्दाभन्दै यो गाउँको नामै कुनै समय 'आधाबाट' बनेको थियो । अहिले गाउँलेहरू तामाङ भाषाको पुरानै नाममा फर्किएछन् । सल्ला चौताराछेउ ठडिएको भव्य गेटमा 'डहुन्हान गाङमा स्वागत छ' लेखिएको थियो ।

गाउँमा संघीयता यसरी आएछ ।

बाटाहरू पूरै पिच, चिटिक्क र सफाचट । दुवैतिर ढुंगा बिछ्याइएको पब्लिक लेन । हरेक आधा किलोमिटरको दूरीमा फोहोर फाल्ने चोयाको कलात्मक थुन्छे । सफा र सुकिला मानिसहरू पब्लिक लेनबाट एकदम अनुशासित भएर हिँड्दा रहेछन् । एक जनालाई सोधिहेरें- उनी वडापालिकामा स्वयंसेवा गरेर फर्किरहेका रहेछन् । अर्कोलाई सोधें- उनीचाहिँ स्थानीय अर्ग्यानिक फचाक्ट्रीबाट डचुटी सकाएर घर फिर्दै रहेछन् । एक युवतीलाई जिज्ञासा राखें- उनी कलेज सकाएर सामुदायिक फिल्म हलतिर हतार-हतार दौडिरहेकी थिइन् । परबाट एउटी अधबैंसे आइन्- उनी कम्युनिटी सपिङ सेन्टरमा अर्ग्यानिक तरकारी बेच्न गइरहेकी रहेछिन् । रोजगारी त यसरी सिर्जना भएछ गाउँमा ।

लौ, पच्चीस वर्षअघिको मेरो घर जाने पुरानो बाटो खै त ? अनि पूर्वेलीहरूको त्यो आँपको बोट ?

टाउकोमा कुलाकी टोपी भिरेका एक युवकले मलाई निकै गहिरोसित नियाले । उनले त मलाई होमस्टे बस्न आएको पाहुना पो ठानेछन्- मुसुक्क हाँस्दै ढुंगा बिछ्याइएको बाटोतिर औंल्याइदिए । म साइकल घिसार्दै लुरुलुरु उतै लागें ।

एकै छिनमा पम्परागत वास्तुकलाले भरिपूर्ण मौलिक र भव्य टोल देखियो । घरहरूमा साँझबत्ती झलमल्ल थियो । सबै घर होमस्टेमा बदलिएछन् । एउटा ठूलो घरको आँगनमा पर्यटक झुरुप्पै थिए । त्यो घरको दोस्रो तलाको कलात्मक झ्यालछेउ लेखिएको थियो- 'तामाङ आर्ट एन्ड थिएट्रिकल सेन्टर' ।

टोलको बीचैमा तीनतले ठूलो घर ठिंग उभिएको देखें । छानोचाहिँ प्यागोडा शैलीको थियो । वर्षौंअघि मैले छोडी हिँडेको घर यही हुनुपर्छ । एकाएक मेरो श्वास बढेर आयो । मुटु ढक्क फुल्यो । आँगनमा कपाल सेतै फुलेको बूढामान्छे पर्यटकलाई तेमाल क्षेत्रमा मात्रै पाइने बुद्धचित्त मालाको महत्त्व बताइरहेका थिए ।

मलाई देख्नासाथ ती बूढामान्छे एक्कासि झस्के । बुबाले मलाई एक पलकमै चिन्नुभयो । फोटोकपी न हुँ । सुरुमा त उहाँ केही बोल्न सक्नुभएन । अलिकपछि आमालाई डाक्नुभयो आँगनमा । आमा हेरेको हेर्‍यै हुनुभयो ।

यत्ति नै बेला पर थिएटरतिरबाट एक युवती हातमा खादा बोकेर मुस्कुराउँदै आइन् । अचम्म ! दिउसो तेमाल कोर्वाको पहिलो गेटमा टोटलाको फूल मेरो निधारमा सजाइदिने उनै युवती थिइन् । आँखामा उस्तै मुस्कान नचाउँदै उनी नजिक-नजिक आइन् । अन्तिममा हल्का झुकेर मलाई खादा लगाइदिइन् ।

'यिनी टुरिस्ट हैनन्, तिम्रो जेठो दाइ हुन्' एकाएक बुबाको गला अवरुद्ध भयो ।

म अवाक भएँ । सहर पस्दा कान्छी बहिनी तीन वर्षकी मात्रै थिइन् । अहिले तरुनी भइसकिछन् । बुबाको कुरा सुनेपछि बहिनीका दुवै आँखा भरिला भए । सायद त्यो खुसीको आँसु थियो । मैले बहिनीलाई गम्लाङ्ग अँगालो मारें । एउटा सिङ्गो समयलाई अँगालो मारिरहेको अनुभूति भयो मलाई । आमाले यो दृश्य हेर्न सक्नुभएन ।

> साँझ अबेरसम्म आमा कौसीमा मौन बसिरहनुभयो । यतिका वर्ष रुँदारुँदै सायद उहाँको आँसु सकिएको थियो । मलाई हेर्न छिमेकबाट भाउजू, ठूलाबा-ठूलीआमा र अरू नचिनिएका थुप्रै हाम्रो घरमा झुम्मिए ।

दौडिँदै भित्र पस्नुभयो ।

साँझ बहिनीले मलाई थिएटर पुऱ्याइन् । उनका आँखा अझै ओसिला थिए । थिएटरभित्र मिनि आर्ट ग्यालरी पनि रहेछ । तेमालको इतिहास, सभ्यता, रहनसहन सबै झल्किने थाङ्का चित्र भित्ताभरि सजिएका थिए । पर्यटकको स्वागतमा नाचगान गर्ने स्टेज भव्य लाग्यो । पृष्ठभूमिमा लेखिएको थियो- 'सेलोघर' ।

गाउँभरिकै पर्यटक साँझपख यहीं जम्मा हुँदा रहेछन् । कान्छी बहिनीलाई गाउँसभाले नै कार्यक्रम चलाउने जिम्मेवारी सुम्पेको रहेछ । सुरुमा किशोरी समूहले सेलो गायो । यसपछि आमा समूहले परम्परागत नृत्य गऱ्यो । ताम्बा र बोन्बोहरूको प्रस्तुति निकै बेजोड थियो । सांस्कृतिक प्रस्तुति सकेपछि एउटै टिकटमा गेङ, आलुम, खाप्से, आइराकलगायतका तामाङ परिकार खुवाउने नियमित सेडचुल रहेछ सेलोघरको ।

●●●

साँझ अबेरसम्म आमा कौसीमा मौन बसिरहनुभयो । यतिका वर्ष रुँदारुँदै सायद उहाँको आँसु सकिएको थियो । मलाई हेर्न छिमेकबाट भाउजू, ठूलाबा-ठूलीआमा र अरू नचिनिएका थुप्रै हाम्रो घरमा झुम्मिए, मानौ म अर्कै ग्रहबाट आएको मान्छे हुँ । एलियन हुँ ।

बुबाको अनुहारमा चाहिँ अनौठो खुसी दौडिरहेको थियो ।

यही बेला कान्छी बहिनीले कालो रङको पुरानो टचाङ्का मेरो अघिल्तिर ल्याएर राखिदिइन् । माहोलमा सन्नाटा छायो । म पूरै अवाक भएँ । सहर पस्नुअघि एउटा अप्रिय अतीतलाई मैले यही टचाङ्काभित्र कैद गरिराखेको थिएँ । बहिनीले हतार-हतार टचाङ्काभित्रबाट रातो डायरी निकालिन् । यादहरू कैद गरिएको त्यो पुरातात्त्विक डायरी मेरै थियो । डायरी निकाल्दै गर्दा पानाहरूबीचबाट एउटा चिट्ठी भुइँमा फचात्त खस्यो । योचाहिँ मैले पाएको पहिलो र अन्तिम प्रेमपत्र थियो ।

'म्हेन्दो कहाँ छिन अचेल ?' अनायसै मेरा ओठ थरथराए ।

'खै, के था ?' बुबा फुस्फुसाउनुभयो, 'युद्धमा गएपछि फर्केर आएकी छैन ।'

मेरो अनुहार क्लान्त बनेको हुनुपर्छ सायद । मैले पुराना दिन सम्झें । उनी युद्धमा गएको र म सहर पसेको एउटै समय थियो । उनकै कमान्डरले अपहरणको फरमान जारी नगरेको भए सायद यति बेला म बुद्धचित्तको बोट स्याहारिररहेको हुन्थें होला, यही गाउँमा । छेउमा म्हेन्दो हुने थिइन् या अरू नै कोही, कम से कम मैले सहरमा कोमाको सकसचाहिँ खेप्नुपर्ने थिएन ।

●●●

'चु नोन बोर्ला सिगो' (यो पनि लिएर जानुस्) भोलिपल्ट बिहान घर छाड्नुअघि कान्छी बहिनीले 'तेमाल कोर्वा' को गाइडबुक थमाइदिइन् । तीन दिन र सात दिनको दुईखाले रुट रहेछ, तेमाल कोर्वाको । मैले छोटो रुट रोजें । गाइड बुकअनुसार दोस्रो रात मैले तेमालकै अर्को गाउँ ठूलोपर्सेलमा बिताउनुपर्ने रहेछ ।

गाउँको सिरानबाट साइकल पूर्वतिर घुमाएँ । वातिगेनको जंगल हुँदै पिचबाटो सर्स्युंखर्क तेर्सिने रहेछ । गोरेटो बाटो त हिँडेकै हुँ- स्कुल पढ्ने बेला । सर्स्युंखर्क पुगेपछि थाहा भयो- मैले पढेको स्कुल त तेमाल क्षेत्रकै नमुना क्याम्पसमा बदलिएछ ।

स्कुलपछिल्तिरको जंगलमा साइकल रोकें । जनचेतना बहुमुखी क्याम्पसको फराकिलो र भव्य संरचना प्रस्ट देखियो । आँगनछेउ सतीबयरको रूख उस्तै रहेछ । टिफिनको बेला यहींनेर सुस्ताउँथ्यौं हामी । सतीबयरका मसिना पात सुम्सुम्याउँदै गर्दा यादहरू एकाएक सल्बलाउन थाले । कसैको दुई थोपा याद टिलपिल-टिलपिल गरेझैं लाग्यो पातहरूमा । मैले प्रेमपत्र इन्कार गर्दा आँखा छोप्दै म्हेन्दो रोएको यही सतीबयरको रूखमुनि थियो । युद्धमा जानुअघि उनले अन्तिम चिट्ठी थमाएको पनि यहींनेर थियो । दुर्भाग्य ! त्यो चिट्ठी मेरो मनमा हैन, टचाङ्कामा थन्कियो ।

मलाई अतीतले डसेजस्तो हुन थाल्यो । मनमा बेचैनी भुलुक्क उम्लेर आयो । हुन त यस्तो बरोबर भइरहन्छ । यस्तो बेला हमेसा आँखा चिम्लिदिने गर्छु र निस्फिक्री लामो स्वास तानिदिन्छु । यसपटक पनि त्यसै गरें । आश्चर्य ! ब्युँझँदा दुई घण्टाको यात्रा पार गरेर सुनकासशी किनारको चुखाबेंसी सहर झरिसकेको रहेछु ।

सहर भव्य र सभ्य थियो । कुनै बेलाको ढुंगा र बालुवाको चउरमा भव्य टुरिस्ट बसपार्क बनेछ । केही टुरिस्ट सुनकोसीको छालसित छिल्लिँदै थिए । सहरको कोमामै छँदा थाइल्यान्डको पटाया बिच पुगेको सम्झें ।

'लेट्स् भिजिट टु अनोदर हिस्टोरिकल प्लेस अफ तेमाल', लन्चपछि एक गाइडले माइकबाट बोले, 'ह्विन्जेनदोर्जे पार्क ।'

'यिएएएएस...!' झन्डै दुई सय जनाको टुरिस्ट झुन्डमा खुसी तरंगित भयो ।

केही मिनेटमै हामी सुनकोसी किनारको एउटा चौडा पार्कमा पुग्यौं । लौ, कहाँ बिलायो यहाँको सुक्खा बगर ? पार्कको बीचमा त अग्लो भ्यु टावर पो ठडिएको छ ! खुसीले पागल हुँदै म टावरतिर दौडिएँ, दुरबिन सोभ्याइहालें । बोल्दे फेदिचे मुनिको रानीदह आँखै अघिल्तिर उच्याम्म ठोक्किन आइपुग्यो ।

पार्क बनेको यही बगरमा पृथ्वीनारायण शाहका सेना र तेमालका अन्तिम राजा ह्विन्जेनदोर्जेबीच लडाइँ भएको थियो- विसं १८१९ असोज २ गते । तेस्रोपटक तेमाल आक्रमण गर्दा पनि जित्न नसकेपछि 'मित लाउने' बहानामा राजा ह्विन्जेनलाई यहीं काटेर सुनकोसीमा मिल्काएका थिए गोर्खा फौजले । यो सुनेपछि एउटी रानीले तेमाल दरबारमै आत्महत्या गरिन् । अर्की रानी रुँदैरुँदै सुनकोसी किनारैकिनार राजा खोज्न हिँडिन् । तल घुमाउने दहमा राजाको टाउको घुमिरहेको देखेपछि त्यहीं हाम फालिन् । त्यसयता यो दहको नामै बस्यो- रानीदह ।

'माफ गर्नुहोला', सम्झनाको रानीदहमा डुबिरहेको बेला पछिल्तिरबाट गाइडको आवाज आयो, 'टुरिस्टलाई पहिलो प्राथमिकता दिनु हामी तेमालेको कर्तव्य हो ।'

गाइडको नम्र मिजासमा म पग्लिएँ । दुरबिन उनलाई थमाएपछि एक छिन सोचमग्न बनें । आखिर रानीदह त मेरो आफ्नै रगतमा पनि बगिरहेकै छ । बिस्तारै मलाई आफू को हुँ भन्ने चेतले बेस्सरी चिमोट्यो । जैविक हिसाबले त ह्विन्जेनदोर्जेकै जेठो छोरो लोपोन छ्योइकुको नवौं पुस्तामा जन्मेको हुँ । आत्मिक हिसाबले चाहिँ म को हुँ त ?

'खटचाक...खटचाक...खटचाक...'

जवाफमा साइकलको पाइडल तीव्र गतिले चलेको आवाज मात्रै आइरहेको मानसपटलमा । खासमा म बेतोडसित रानीदहको भित्ता माथि-माथिको पिच बाटोमा साइकल कुदाइरहेको रहेछु । पीडाको पसिना पुछेपछि बोल्देफेदिचेको पिपल चौतारीमा उत्तानो परेर एक छिन आरामले सुस्ताउन मन लाग्यो ।

लौ, माथिको अक्करे भीरमा त ग्रेटवालजस्तै बाटो पो देख्छु त ? अनि ती कमिलाजस्ता मानिस के गर्दै छन् त्यहाँ ?

'सुनकोसीको पानी अपलिफ्ट गरेको रुट हो यो,' छेवैको कफी सपबाट एउटी वेट्रेस मुस्कुराउँदै आइपुगिन्, 'कफी लिनुहुन्छ कि सर ? यहाँको तेमालकानो कफी निकै स्वादिष्ट र लोकप्रिय छ ।'

मेरो ध्यान अक्करे भीरतिरै थियो । वेट्रेसका अनुसार कमिलाजस्ता आकृति त क्यानोनिङ गर्ने पर्यटकहरू पो रहेछन् ।

उसबेलाको खडेरीग्रस्त तेमाल सम्झें । लामो निःश्वास तानें । पानी अपलिफ्ट गर्दा बनेको अस्थायी बाटोलाई हाइकिङका लागि ग्रेटवालजस्तै स्वरूपमा ढालिएको रहेछ । अक्करे भीरमा चाहिँ क्यानोनिङ । कस्तो क्रियटीभ अनि कम्बो प्याकेज !

स्मृतिको घनघोर जंगलभित्र एक्कासि सहरको कोमा देखापऱ्यो । सुनकोसीको पानी तान्ने परिकल्पना उतिखेरै भएको हो कि भन्ने लागेर आयो । सम्झनाको बलेसीमा सरकारका उतिबेलाका सचिव उमेश मैनाली, उपसचिव नारायण मैनालीसहित म पनि परियोजनाको संस्थापक टिममा थिएँ कि भन्ने भ्रमको बाछिटाहरू पैदा भए । स्मृतिदंशा बल्झिने खतरा बढेपछि मैले फेरि बेस्सरी आँखा चिम्लिदिएँ ।

यसपटक ब्युँझँदा ठूलोपर्सेल पुगिसकेको थिएँ ।

लौ, ठूलोपर्सेल त ठमेल बनिसकेछ ! होटलै होटलको जंगल । डान्सबार, कल्चरल सेन्टरहरू, सेलो दोहोरी साँझ । आफ्नो मौलिक पहिचान भने ठूलोपर्सेलले जोगाइराखेको रहेछ । जतातते पुरातात्त्विक स्तूप र लुङदरहरू । बस्ती माझमा एउटा ठूलो घ्याङ देखियो । मल्लकालीन ६ घ्याङअन्तर्गत पर्ने यो गुम्बा जीर्णोद्धार गरेर भव्य बनाइएको रहेछ । मूल लामाबाट थाहा पाएँ, तेमालका पुराना ६ वटै घ्याङ विश्व सम्पदा सूचीमा चढिसकेका रहेछन् ।

गुम्बाकै छेउबाट मैनालीटोल हुँदै एउटा चिल्लो सडक चापाखोरीतिर तन्किँदो रहेछ । भित्तापट्टि ठूलो होर्डिङबोर्डमा लेखिएको थियो- 'आर्थिक समृद्धिको आधार : एकघर एक बुद्धचित्त स्याहार ।' साँझपख होमस्टेको नानाबाट थाहा पाएँ- तेमालले आफ्नै स्थानीय कृषिप्रणाली र अर्थव्यवस्थाको मोडल तयार पारेको रहेछ । स्कुलहरूमा स्थानीय पाठ्यक्रम । इको सिस्टम बिग्रन नदिन सुनकोसी र रोसीमा माछा मार्न पनि बन्देज !

●●●

भोलिपल्ट बिहानै याङवेल लेक उक्लें ।

चुचुरोमा भ्यु टावर बनेछ । पर्यटकहरू तेमालका सबै होटलबाट सबैरै यहाँ आइपुग्दा रहेछन्, सगरमाथाको टुप्पोमा घाम झुल्केको हेर्न । उत्तरतिर सुनकोसी र दक्षिणतिर रोसीखोलाको नागबेली बहावको दृश्य उत्तिकै रोमाञ्चक । सैलुङ र महाभारत पर्वतको सौन्दर्य झनै अप्रतीम ।

'सर, अब तेमाल म्युजियम जानुहुन्छ कि ह्विन्जेन दरबार ?' एउटा गाइडले नम्र लबजमा सोधे, 'म सामुदायिक गाइड हुँ । पैसा पर्दैन । हाम्रो तलब यहाँहरूले काट्नुभएको टिकटमै जोडिएको हुन्छ ।'

म उनकै पछि लागें । टोलीमा एक जापानी, तीन भारतीय र सात जना चिनियाँ पर्यटक पनि थपिए । उनले सबैभन्दा पहिले तोड्सुम कुण्ड लगे । आठौं शताब्दीमा गुरु पद्मसम्भवले तपस्या गरेको यो गुफामा भुटान, चीन र भारतको लद्दाख तथा हिमाञ्चल प्रदेशका धार्मिक पर्यटक ओइरिँदा रहेछन् । पहिले उराठलाग्दो खरपाखाको यो गुफामाथि अहिले एक सय आठ फिट अग्लो पद्मसम्भवको भव्य मूर्ति देखें । गुफा पुग्न एक हजार आठवटा एन्टिक शैलीको सिँढी ओर्लिदै गर्दा मलाई आठौं शताब्दीको कुनै अज्ञात समयमा हिँडिरहेजस्तो आभास हुन थाल्यो ।

मलाई फेरि स्मृतिदंशाको डरले चिमोट्यो । पुरानो समयभित्र पसेर निस्कनै सकिएन भने मेरो हालत के होला ?

मैले गाइड र पर्यटक टोली त्यहीं छाडिदिएँ । कुद्दै माथि छ्योर्तेन डाँडा आइपुगें र पार्किङबाट साइकल निकालेर ग्योइखार गाउँतिर हतार-हतार पाइडल खिचें । अचम्म, पद्मसम्भवले यारी न्हाक्वो नामक खराब आत्मालाई बज्र प्रहार गर्दा पोखरी सुकेकाले तामाङ भाषामा 'ग्योइखार' (सुकेको पोखरी) रहेको यो थलोमा त पर्यटकहरू बोटिङ गर्ने सुन्दर दह पो बनिसकेछ ! अलिक मास्तिर जंगलमा 'पद्मसम्भव रक गार्डेन' को बोर्ड टाडैबाट देखियो, गार्डेनभित्र युवा-युवतीहरू रमाइरहेका थिए ।

'तेमाल म्युजियममा यहाँलाई स्वागत छ,' जंगलबीचको फराकिलो चौरमा भव्य संग्रहालय देखियो । तामाङ वास्तुकला फच्चुजन गरी बनाइएको यो पुरातात्त्विक भवनभित्र पस्दै गर्दा स्थानिय परिधानमा सजिएकी एक युवतीले मुस्कुराउँदै स्वागत गरिन् । यिनलाई मैले पहिल्यै कहीं देखेको हुनुपर्छ । सम्झिन खोजें, तर, स्मृतिमा धूमिल बादल छाइरह्यो ।

उनै युवतीले घुमाइन् संग्रहालय । तामाङ इतिहास, जनजीवन, संस्कृतिदेखि समसामयिक परिस्थिति झल्किनेसम्मका सामग्री संगृहीत थिए भित्र । डम्फुको सिर्जनाकर्ता पेङदोर्जेको बेग्लै सेक्सन रहेछ । ताम्बा, बोन्बो र लामा दर्शनका पुराना ग्रन्थ लोभलाग्दा थिए । राजनीतिक खण्डमा तेमालका सबै पूर्वनेताहरूको मूर्ति र पोट्रेट राखिएका रहेछन् ।

'यो कसरी सम्भव भयो ?'

'अब पहिलेजस्तो रहेन,' तिनै युवती मुस्कुराइन्, 'समृद्धिका लागि व्यक्तिगत अहम् र द्वन्द्वबाट माथि उठेर सभ्य राजनीतिक संस्कृति विकास गरेका छन् नेताहरूले ।'

युवतीको अनुहारमा फेरि मुस्कान नाच्यो । म उनलाई पछ्याउँदै अर्को सेक्सनभित्र पसें । संग्रहालयभित्र भव्य आर्ट ग्यालरी देखा पऱ्यो । उनी ग्यालरीकी क्युरेटर पनि रहेछिन् । ग्यालरीको कन्टेम्परी सेक्सनमा उनले अनौठा मान्छेहरूका मूर्ति देखाइन् । मूर्तिमध्ये कसैका आँखा त कसैका कान थिएनन् । हातमा भने टोटलाको फूल । युवतीका अनुसार सुरुमा मूर्तिहरूको हातमा बन्दुक थमाएका थिए मूर्तिकारले । मुलुकमा संघीयता घोषणा भएकै रात बन्दुक अचानक टोटलाको फूलमा बदलियो ।

'हाम्रो संस्कृतिमा टोटलाको फूललाई प्रेमको प्रतीक मानिन्छ', युवतीले भनिन्, 'त्यो रात अचम्मै भयो ।'

युवतीले बोल्दै गर्दा मैले उनलाई गहिरोसित नियालें । मलाई उनी एकदमै रहस्यमयी लाग्न थाल्यो । उनको चिल्लो र सपाट गाला गर्दनतिर हल्का सोरिएको थियो । कपालले छोपिएको पछिल्तिरको भागमा केही खतजस्तो देखिन्थ्यो । कहीं त मैले उनलाई देखेकै हुनुपर्छ । कोमामा गएपछि मेरो पनि त अनुहारको हुलिया बदलियो नि !

एकै छिनपछि हामी चित्रकला सेक्सनमा पुग्यौं । भित्ताभरि थाङ्कादेखि फच्चुजन गरिएका कन्टेम्परी आर्ट सजिएका थिए । संग्रहालयको यो खण्डमा गिफ्ट सपजस्तै कर्मसियल सेक्सन पनि रहेछ । पर्यटकहरू धमाधम चित्र किन्दै थिए । केही चित्रकार लाइभ क्यानभास कोरिरहेका थिए । छेवैको इजेलमा चाहिँ एउटा अधुरो क्यानभास देखियो । युवतीले अरू पर्यटकलाई जस्तै मलाई पनि त्यही क्यानभास छेउ लगेर लाइभ चित्रकला देखाउन थालिन् ।

'तपाईं पनि यसरी चित्र कोरेर बेच्नुहुन्छ ?'

'अँ... कहिलेकाँही', युवती गम्भीर बनिन्, 'तर, यो चित्रचाहिँ बेच्दिनँ । यो चित्र मैले रंगले हैन, हृदयले बनाउन लागेकी हुँ ।'

यसपछि उनले लामो श्वास तानिन् । मलाई ती युवती झन्-झन् रहस्यमयी लाग्न थाल्यो । उनी भने क्यानभासमा एकतमास कुची चलाउन थालिन् । बिस्तारै वाटर कलर चित्रमा मेरोजस्तै एक जोर आँखा देखियो । म झस्किएँ । पुरानो टचाङका सम्झें । स्कुलछेउको सतीबयरको रूख सम्झें । ओठ बेस्सरी काम्न थाल्यो- 'म्हेन्दो !'

युवती एकाएक क्यानभास रंग्याउन छाडेर मतिर फनक्क फर्किइन् । उनका आँखामा विस्मय भाव तरंगित थियो ।

'तपाईंले मेरो नाम कसरी थाहा पाउनुभयो ?'

यही बेला मेरो मोबाइलमा रिङटोन बज्यो । यसपटक म साँच्चिकै झस्किएँ । ब्युँझँदा काठमाडौंको ओछ्यानमा असिन-पसिन थिएँ । धुलिखेलबाट जगत भाइले फोन गरेका रहेछन् । उनी हतास मनस्थितिमा भन्दै थिए- 'दुखद खबर छ दाइ । दलहरूको मनमुटावका कारण तेमाल संग्रहालय नबन्ने भयो ।'

सिञ्जाली बिहानी



फोटो



रूपेश श्रेष्ठ


कुनै बेला ऐतिहासिक जुम्ला राज्यको राजधानी थियो सिञ्जा उपत्यका । खस भाषा र सभ्यताको उद्गमका रूपमा यो उपत्यकाको महत्त्व अलग्गै भए पनि आज यो उपत्यका पुग्दा राज्यभन्दा निकै टाढा पुगेको अनुभूति हुन्छ । बिजुलीको केन्द्रीय प्रसारण लाइनमा अझै नजोडिएको सिञ्जालाई कच्ची सडकले बल्लबल्ल छोएको छ । हिमा नदीले सिञ्चेको सिञ्जाका फाँटहरूमा अहिले रातो र कालो मार्सी धान भित्र्याउने चटारो छ । कात्तिकको एक बिहान झल्लमल्ल घाम लाग्दा सिञ्जा यस्तो देखियो ।

सुर्ती, चुरोट र तमाखु खानेको संख्या यहाँ निकै ठूलो देखियो । महिला र पुरुष दुवै यो अम्मलमा उत्तिकै लिप्त देखिए । वृद्ध मात्र नभई नयाँ पुस्ताले चुरोट पिएको देखिन्छ । कर्णाली प्रदेश देशभरिमै सबैभन्दा कम सरदर आयु (५५.६ वर्ष मात्रै) रहेको प्रदेश हो । सिञ्जा र कर्णाली तमाखु धेरै खपत हुने मात्र प्रदेश भने होइन । यहाँका मार्सी र सिमी झन् लोकप्रिय छन् । जुम्लाको मार्सी र सिमी थन्क्याएको दृश्य पनि देखियो । विशेषगरी जुम्लाको मार्सी चामलको माग काठमाडौंलगायतका क्षेत्रमा बढ्दो छ । व्यापारीहरू अहिले जुम्लामा घरघरमै पुगेर मार्सी चामल र धान उठाउने गर्छन् जसले गर्दा किसानलाई अनाज बेचेर जीविका चलाउन थोरै भए पनि सहज हुन थालेको छ ।

सिञ्जामा खाना पकाउनका लागि अझै पनि दाउरा नै प्रयोग गरिन्छ । हुनेखाने केहीका घरमा ग्यास जोडिएको पाइन्छ तर अधिकांश घरका चुलोमा दाउरा नै बल्छ । सरकारी र गैरसरकारी पहलमा धेरैका भान्सामा सुधारिएको धूवाँरहित चुलो भने बनेका छन् ।

सिञ्जाका विद्यालयमा हाल छात्रहरूको तुलनामा छात्राको संख्या बढी छ । पढाइ नसकिँदै विद्यालय छोड्नेको संख्या पनि घट्दो छ । चेतना विस्तारले छोरीहरूको सानैमा विवाह गरिदिने प्रचलनमा पनि कमी आइरहेको छ तर बालविवाह निमिटचान्न भइसकेको भने छैन ।

सिञ्जामा अहिले पनि ४० भन्दा बढी परम्परागत आरन छन् जहाँ कुटो, कोदालो र अरू हतियारहरू बनाउने काम हुन्छ तर यी आरनहरू व्यावसायिकभन्दा पनि पुर्ख्यौली पेसा जोगाउने शैलीमा मात्र चलेका छन् । यहाँका अधिकांश परिवारका पुरुषहरू रोजगारीका लागि कि नेपालगन्ज या सीमावर्ती भारतीय सहरहरूतिर जाने गर्छन् । महिलाहरू कृषि र घरधन्दामै व्यस्त हुने गर्छन् ।















यो मन कहाँ दुख्छ ?

एनाटोमीमा मैले कहिल्यै कतै 'मन' पढिनँ । शरीरका अन्य अंगहरूझै 'मन' कुनै अंग विशेष र 'मन' रहने ठाउँ र स्थानविशेषको बारेमा कतै पढेको वा उल्लेख भएको पनि पाइनँ । अनि यो 'मन' भन्ने चीजको उपस्थिति हाम्रो शरीरभित्र कहाँ र कसरी रहछ ?



अनुभूति
अनिल श्रेष्ठ



आज म धेरैचोटि आफैंसँग घोत्लिएको छु । मेरो यो घोत्ल्याइँले भने बिहानैदेखि घरमा श्रीमतीको छटपटीलाई बढाइरहेछ । मेरो यो घोत्लिनु र एकोहोरिनुले उनी निकैअघिदेखि अलमलिएर मलाई नियालिरहेकी छन् । मेरो व्यवहारमा आएको यो एक्कासि परिवर्तनले उनलाई पनि एउटा सन्तापले लखेटिरहेको हुँदो हो सायद । उनी घरीघरी मेरो नजिक आउँछिन् । मेरो कपाल मुसार्छिन् र मलाई सोध्छिन्, 'सन्चो भएन कि के हो ? हँ ??'

म चुपचाप उनलाई हेरेर टोलाइरहन्छु । उनी दुविधापूर्वक मलाई हेरेरै टोलाइरहन्छिन् । र, फेरि सोध्छिन्, 'सन्चो लाग्या छैन ?'

तर मेरो छेउमै उभिएको उनको त्यो उपस्थितिसँग भने म बेसरोकार छु । उनका ती प्रश्नहरूले मलाई छुँदैन । मेरो यो मौन व्यवहारले उनी अचम्म मानेर फेरि पनि मलाई नियालिरहन्छिन् । म उनको आँखा र निधारभरि उठिरहेको उनको त्यो असामन्जस्य, चिन्ता र छटपटीहरूलाई हेरिरहन्छु । र, निस्फिक्री छु । म आफ्नै मनसँग एकान्तमा छु । मनको एउटा लयमा छु । मनसँग एकालापमा छु । र, बेफिक्री छु ।

'मन एकातिर बाँधिएर
एकातिर पोखिने वस्तु हो
मन एकातिर खुम्चिएर
एकातिर फैलिने वस्तु हो
मन एकातिर कठचाङ्ग्रिएर
एकातिर बल्ने वस्तु हो
मन यी अन्तरद्वन्द्वलाई
सम्हाल्ने वस्तु हो
थाहा नपाए,
एउटा प्रवेशद्वार हुन्छ जिज्ञासाको
ढकढकाउनु राम्रो ।'
(संगतिहरूको आँखीभ्यालबाट, पारिजात)

जिन्दगी, साना-साना कुराहरूले टाल्दै हिँड्नुपर्ने । सिलायो, फुस्किन्छ । फेरि सिलायो, फेरि फुस्किन्छ । मन कहिले सियो बनिदिन्छ । मन कहिले धागो बनिदिन्छ । टाल्दाटाल्दै जिन्दगी मक्किएरै जानुपर्ने । च्यातिएरै सकिनुपर्ने ।

किन यो मनसँग आज मलाई यतिधेरै घोत्लिरहन मन लागिरहेछ !

●●●

'मन' धेरैले, धेरैचोटि, धेरै ठाउँमा र धेरै प्रसंगमा प्रयोग र उच्चारण गरिरहने शब्द हो यो सायद । चाहे त्यो लेख्य साहित्य गीत, गजल, कविता होस् या दृश्यश्रव्य चलचित्रका संवाद, चाहे त्यो संवेगात्मक होस् या परिहासको अवस्था, दुःख होस् या सुख या एकान्तका क्षणहरू, मनको सम्बन्ध मनगे पाइन्छ । सामान्य बोलचाल र व्यवहारमा सधैं अस्तित्व जमाएर बस्ने यो भावपरक शब्दको प्रभाव र प्रयोग कहाँ र कसरी दोहोरिरहँदो रै'छ, एकचोटि हेरौं न ।

'त्यसो नभन न, मन दुख्छ ।'
'मैले उसलाई मनमनै मन पराएँ ।'
'मेरो मन खुसीले नाचिरहच्यो ।'
'मन फुकाएँ ।'
'मन रोइरहच्यो ।'
'मनको चोट ।' इत्यादि, इत्यादि ।

अधिकांश फिल्मका गीतका दृश्यहरूमा प्रेमी र प्रेमिकाबीचको एउटा प्रेमिल क्षणलाई अभिव्यक्ति दिनका लागि पनि यो मन शब्दको अधिक प्रयोग भएकै छ क्यार । आसक्ति, प्रेम र अनुराग भावलाई मनको अवस्थासँग प्रकट गरेर एउटा आह्लाद सिर्जना गरिएका श्रव्यदृश्य साहित्य पनि प्रशस्तै निर्माण गरिएका छन् । मनको यो विराट स्वरुप र व्यापकतालाई खोज्न पनि म अहिले यति विछट्टले एकोहोरिरहेको छु ।

कहिलेकाहीं एकलकाँटि भइदिन्छ मन । एउटा यायावर जो क्षितिज खोज्दै हिँड्छ र ऊ क्षितिज भेट्न निरन्तर एक्लै यात्रामा हिँडिरहेको हुन्छ, ऊसँग सधैं एउटै प्रश्न रहन्छ त्यो शून्य आकाश परको जीवन कस्तो होला ! कहिलेकाहीं म त्यो यायावरले झैं सोच्छु, साँच्चै मान्छेभित्र यो विराट मन अट्ने ठाउँ कस्तो होला ! एउटा व्यक्ति, व्यक्तिसँग जोडिने परिवार अनि समाज अनि देश अनि सिङ्गो मानव जाति र समुदाय, यी सबैसँग जोडिएर आउने भावना, विचार र स्वार्थ । ती आउँछन् कहाँबाट ?

म एकै छिन मनको अस्तित्वलाई खोज्छु । यो कहाँ, कुन आकार र स्वरूपमा, कुन आकृतिमा र कुन अस्तित्वमा विद्यमान छ ? घोत्लिन्छु । मैले स्वास्थ्य शिक्षा पढ्दा शरीरविज्ञान (एनाटोमी) पढेको छु । एनाटोमी भनेको शरीरका अंगहरू सम्बन्धी अध्ययन गर्ने विषय हो । मैले त्यहाँ हाडहरूको विषय पढेको छु । मान्छेको टाउकाको हाडभित्र रहने मस्तिष्क (गिदी), नसा र रक्तनलीहरू पढेको छु । छातीको हाड (करङ) भित्र रहेको मुटु, कलेजो, फोक्सो, आमाशय र पित्तथैली पढेको छु । र, पेल्भिस क्याभिटीभित्र रहेको मृगौला, मूत्रनली र मूत्रथैलीहरू पढेको छु । शरीरभित्र कहिलेकाहीं यी अंगहरूमा हुने संक्रमित रोगहरूले यी अंगहरू दुख्छ । तर एनाटोमीमा मैले कहिल्यै कतै 'मन' पढिनँ । शरीरका अन्य अंगहरूझै 'मन' कुनै अंग विशेष र 'मन' रहने ठाउँ र स्थानविशेषको बारेमा कतै पढेको वा उल्लेख भएको पनि पाइनँ । अनि यो 'मन' भन्ने चीजको उपस्थिति हाम्रो शरीरभित्र कहाँ र कसरी रहछ ? यो कसरी संक्रमित हुन्छ ? कसरी दुख्छ ? मन, न शरीरमा कतै यसको उपस्थिति छ, न आँखाले कतै यसलाई देख्न सकिन्छ, न यसलाई कुनै आकार र स्वरूपमा छाम्न सकिन्छ । फेरि पनि मान्छेलाई यसले दुखाउँछ, रुवाउँछ, हँसाउँछ, खुसी बनाउँछ ।

> यो रिस, सुख, दुःख, अभिमान, सन्ताप, प्रेम, घृणा, आक्रोश, खुसी, आनन्द सबैको स्रोत मन हो भने यो मनचाहिँ छ कहाँनिर ? एउटै हावाको स्पर्शले पनि किन कसैलाई आनन्द दिन्छ ?

मान्छेमा रिस कहाँबाट आउँछ ? कहाँबाट आउँछ सुख ? दुःख कहाँबाट आउँछ ? र, कहाँबाट आउँछ अभिमान ? सबैले दिने एउटै जवाफ हुनेछ सायद, 'मनबाट' । यो रिस, सुख, दुःख, अभिमान, सन्ताप, प्रेम, घृणा, आक्रोश, खुसी, आनन्द सबैको स्रोत मन हो भने यो मनचाहिँ छ कहाँनिर ? एउटै हावाको स्पर्शले पनि किन कसैलाई आनन्द दिन्छ ? र, कसैलाई बिझाउँछ ? एउटै फूलको रङ किन कसैलाई मन पर्छ र कसैलाई मन पर्दैन ? कुनै मान्छे, कुनै वस्तु या चीजसँगको आकर्षण किन हुन्छ ? मन मान्छेको शरीरभन्दा बाहिरको अस्तित्व हो भने मान्छेलाई यसले नदुखुनुपर्थ्यो । मान्छेलाई यसले नछुनुपर्थ्यो ।

एक दिन मेरो एकजना केटी साथीले एउटा सरप्राइज दिने कुराको गाँठो फुकाउँदै मलाई जिस्किएर भनिन्, 'तिम्रो मन छामेकी ।'

मैले तुरुन्तै सोधें उसलाई, 'कसरी फेला पाऱ्यौ र मेरो मन ?'

उनी एकै छिन अलमल्ल परिन् र लजालु भावले मलाई हेरिरहिन् ।

अचम्मको छ यो मन । कतिले कतिलाई रुवाएको छ । कतिले कतिलाई दुखाएको छ । कतिले कतिलाई निस्फिक्रीसँग हँसाएको पनि छ । भन्छन् नि, 'मन रोएको देखिँदैन । मन बिमारी भएको औषधि लाग्दैन ।' बिचरा ! चिकित्सकहरू, शरीरको घाउ पो देख्छन् । उपचार गर्छन् र निको बनाउँछन् । मनको घाउ देख्दैनन् । जाँचपड्ताल गर्छन् । सबै अंग हेर्छन् । सबै उस्तै दुरुस्तै छन् । कुनै संक्रमण देखिँदैन । अनि भिटामिनको झोल लेखिदिन्छन् र भन्छन्, 'लाऊ, यो खाऊ र एक सातापछि आऊ ।'

बिरामीको दुब्लाउँदै र पातलिँदै गएको जीउलाई हेरेर डाक्टरले छातीको भिडियो एक्सरे गरिदिन्छन् । तर कतै मस्तिष्कको, मुटु र कलेजोको छेउको कुनै भागमा मनको भाग देखिँदैन । अनि कुन अंगको उपचार गरिदेओस् चिकित्सकले !

म घोत्लिएको छु निकै दिनदेखि आफ्नो मनसँग । दुःख, पीडा, खुसी, हाँसो, उत्साह, निराशा, छटपटी, वेदना मान्छेको मनसँग गाँसिएर कसरी आउँछ ? मान्छेभित्र यो कसरी उब्जन्छ ? विचारहरूको तरंगले शरीरमा ल्याउने प्रभाव हो सायद मन । मेरा घोत्ल्याइँहरू बाँकी छन् अझै । म भने अरुणा लामाको सुमधुर आवाजमा राजेन्द्र थापाको गीतलाई गुनगुनाइरहेको छु यतिखेर :

'पोहोर साल खुसी फाट्दा जतन गरी मनले टालें
त्यही साल माया फाटचो त्यसलाई पनि मनले टालें
यसपालि त मनै फाटचो
केले सिउने, केले टाल्ने हो !'

मैले देखेको टुँडिखेल !

त्यतिखेरका भेटघाट थलोमा न्युरोडपछि टुँडिखेल थियो । बाहिरबाट काठमाडौं आउनेहरू न्युरोडमा भेटिएनन् भने यो खुला चौरमा भेटिन्थे । फुर्सत वा अल्छीलाग्दा हामीले टहलिन जाने ठाउँ यही थियो ।



स्मृति
रामेश्वरप्रसाद बराल

पहिलोपटक म आइएको परीक्षामा सामेल हुन २०१८ सालको चैतमा काठमाडौं आएको थिएँ । म एक्लै होइन, मजस्ता धेरै मित्र यहाँ आएका थिए । काठमाडौं नै आउनुपर्ने हाम्रो बाध्यता थियो । भर्खर-भर्खरै शिशु त्रिभुवन विश्वविद्यालय आफैंले परीक्षा सञ्चालन गर्न थालेको थियो । नत्र यी सबै परीक्षा पटना विश्वविद्यालयले सञ्चालन गर्दै आएको थियो । पटनाले सञ्चालन गर्दा परीक्षाफल उतैको समाचारपत्र 'आर्यावर्त' ले प्रकाशित गर्थ्यो । मेरो एउटा दाजुको आईकमको परीक्षाफल दुई वर्षअघि यसैमा आएको मलाई सम्झना छ ।

त्रिभुवन विश्वविद्यालयले परीक्षा सञ्चालन गरेर आफैं स्थानीय शिक्षक-परीक्षकबाट उत्तरपुस्तिका परीक्षण गराएर परीक्षाफल प्रकाशित गरे पनि परीक्षाकेन्द्र काठमाडौ मात्र थियो । काठमाडौंबाहिर जति पनि कलेजका परीक्षार्थीहरू थिए, सबैले यहींको केन्द्रबाट सामेल हुनुपर्थ्यो । जस्तो हामी विराटनगरबाट आर्यौं, उसैगरी धरान, वीरगन्ज, पोखरा, पाल्पा आदि कलेजबाट परीक्षार्थी यहीं ओइरिन्थे । त्रिवि आफैंले परीक्षा चलाएको लाभमा परीक्षार्थीले भाषा माध्यम छान्न पाएका थिए, अंग्रेजी वा नेपाली । नत्र कि अंग्रेजी कि हिन्दीमा लेख्नुपर्थ्यो ।


त्यतिखेरको काठमाडौं न्युरोडको सेरोफेरो पूर्वपश्चिममा मुस्किलले टुकुचा र विष्णुमती भन्न सुहाउँथ्यो । हामी विद्यार्थीनिम्ति तीनवटा थलो बढी महत्त्वका थिए- होटल, बहाल कोठा र फर्काकिलो टुँडिखेल । घुम्न, होटलमा खान आउन वा यहाँबाट कोठामा फर्किन साझे बाटो थियो, न्युरोड । यहाँभन्दा पर्तिर पुग्नु वा जानु हामी विद्यार्थीनिम्ति उति जरुरी थिएन । मैले त्यो वर्ष देख्ताको टुँडिखेल एउटा फराकिलो उत्तर-दक्खिन फैलेको सग्लो चौर थियो । योसँग टाँसिएकामा उत्तरतिर दरबार हाइस्कुल, रानीपोखरी र त्रिचन्द्र कलेजका सरस्वती सदन र घण्टाघर थिए । पश्चिममा वीर अस्पताल थियो । यसै चौरमा दक्खिनतिर एउटा खरीको बोट थियो । यो बोट भ्याम्म परेको तलबाट माथि आकाश छिचल्न नमिल्ने बाक्लो देखिन्थ्यो । यसलाई इतिहास र राजनीतिको चौतारो मानिन्थ्यो । राणाकालदेखि बीपीसम्मको अन्त्य यसमा गाँसिएको थियो ।

यस्तो सपाट मैदानका चार कुनामा राणा शासकका घोडसवार सालिक थिए । बीचमा पूर्व लुमडीथान (भद्रकाली), अलिकति दक्खिनमा सेनाको ससानो ब्यारेक थिए । वरिपरि सल्ला, काइँयाजस्ता रूख बिरुवाले मन प्रफुल्लित गराउँथे । छेउछेउमा वरिपरि हरियाली, अझ हरियाम्मे, थियो । प्रदूषण के हो थाहा थिएन । वातावरण साह्रै स्वच्छ । न धूलो, न कार्बनडाइअक्साइड ।

त्यतिखेरका भेटघाट थलोमा न्युरोडपछि टुँडिखेल थियो । बाहिरबाट काठमाडौं आउनेहरू न्युरोडमा भेटिएनन् भने यो खुला चौरमा भेटिन्थे । फुर्सत वा अल्छीलाग्दा हामीले टहलिन जाने ठाउँ यही थियो । उत्तरमा अलिकति बाटोले छुट्याएको रानीपोखरीपछि यही थलो थियो जहाँ हामी बहालका गुम्सेका अँध्यारा कोठाबाट लामो सास फेर्न पुग्थ्यौं, हरियो दुबोमाथि बस्थ्यौं । कसैको छेकबार थिएन । फाट्फुट्ट असन भोटाहिटीतिरका रैथाने यहाँ खुलापनको आनन्द लिन आएका हुन्थे । कोही लपेस, टपरीमा भोज खाइरहेका हुन्थे । स्कुले केटाकेटी भकुन्डो, क्रिकेट खेलेर रमाइरहेका देखिन्थे । कतैकतै गाईबस्तु र मानिसले गोब्राएको र थोप्राएको देख्नु भने सामान्य थियो । यहाँ सेनाका जवान, सेनाका घोडा र ट्राफिकका टाँगन घोडा तालिम खेपिराखेका देखिन्थे । आक्कलझुक्कल विदेशी किशोरकिशारीहरू घोडसवारीको रौस मेट्न घोडाका पिठचुँमा मस्किरहेका र घोडा पड्केर लडिहाल्ने त्रासका अनुहारमा देखिन्थे ।

न्युरोड गेटको सोझो पूर्व टुँडिखेल छिचोल्दै विद्युत् कर्पोरेसनतिर बाटो काटिन्थ्यो । यहाँबाट दक्खिन एकैचोटि थोरैले घेरेको सैनिक क्षेत्र र सानो टुँडिखेल देखिन्थ्यो ।

पहिलोपटक आउँदा मलाई उपत्यकामा चैत महिनामा समेत जाडो भयो । मैले मेरो जीवनको पहिलो कोट सिलाएर लाउँदै विराटनगर फर्किनुपऱ्यो । काठमाडौं पहिलोपल्ट छिर्दा मेरो बिजोक थियो । वीरगन्जबाट बस चढेर आएँ । 'बाइरोडको बाटो' ले भन्भनी रिडटा लागे । म टुँडिखेलको सामुन्ने धरहरामा ओर्लेको थिएँ । वीरगन्ज आइपुग्नसमेत विराटनगरबाट जोगबनी हुँदै भारतीय रेल चढ्दै, छोड्दै, फेरि अर्को चढेर रक्सौल हुँदै दुई दिन लागेको थियो । फर्किंदा फेरि त्यो बिजोक खेप्न मन लागेन । सट्टामा हावाइजहाज चढँ । त्यतिखेरको फुर्तीमा अरूले देख्ता 'ओहो ! जहाज चढ्ने ?' भनुन् र तीभन्दा 'मै जान्ने ! मै ठूलो !' देखिन खोजें । मेरो यो हवाई यात्रा पनि पहिलो थियो । हवाइअड्डामा ओर्लंदा तराईहुँदो चलेको वैशाखको हावा भत्भती पोल्ने तातो थियो । यसले मेरो मनै विरसिलो



बनायो र एकपटक फर्केर फेरि टुँडिखेलमा घण्टौं अलमलिने सुषुप्त इच्छा भैरह्यो ।

दोस्रोपटक २०२० सालमा बीए परीक्षामा सामेल हुन आउँदा खरीको बोट अलप भैसकेको थियो । यतिखेर दिल्लीबाट आएका एक जना 'प्राइभेट' परीक्षार्थीसँग परीक्षाको साझे 'पेपर' मा अरू दुई मित्रसमेत भई निकै लामो समयसम्म यसै चौरमा बसेर अन्तर्क्रिया गरेको सम्झन्छु । यसपछिका दिनमा यसका विनाश क्रम थपिँदै आए । यसैलाई विकास भनियो ।

तेस्रोपटक २०२१ सालमा महाँकाल मन्दिरपूर्व टुँडिखेलमा ह्वासह्वासती एउटा नौलो पक्की निर्माण देखें । यतिखेर म कसैका लहैलहैमा राजा महेन्द्रको जन्मोत्सव पारेर आएको थिएँ । यही निर्माणलाई सैनिक मञ्च भनियो र यसैमा विराजित राजा महेन्द्रलाई अघिल्तिरबाट हामी युवकले 'मार्चपास' गर्दै अभिवादन गरेका थियौं । यसमा मेरो बाध्यता थिएन, रहर थियो । तिनताका काठमाडौं आउन कुनै उद्देश्य चाहिन्थ्यो र यो राजा महेन्द्रको जन्मोत्सव थियो । यो कार्यक्रममा भाग लिन मैले पहिरेका सेतो कमिज र सेतो प्यान्टलगायत बाटो खर्चसमेतमा आफ्नो परेको थिएन । यो कार्यक्रममा यसरी नै चौधै अञ्चलबाट आएका थिए । उपत्यकाबाहिरबाट यहाँ आउनुलाई 'नेपाल जानु' भनिन्थ्यो र यसरी आउन पाउँदा अरूले डाह गरेरसमेत हेर्ने गर्थे ।

मेरो पहिलोपटकको काठमाडौं र यसपछिका पाँच वर्षमा टुँडिखेलको कायापलट भयो । रत्नपार्क बन्यो, सहिद स्मारक बन्यो, यो स्मारक हुँदै सिंहदरबारतिरको भद्रकाली वरिपरि फराकिलो बाटो खुल्यो । खरीको रूख मात्र होइन, धेरै बोट, बिरुवासमेत अलप भए । राणा शासक घोडा चढेका सालिकहरू चौरमा अर्काअर्का ठाउँ सर्नेमा परे । यिनको सर्ने क्रम रोकियो, रोकिएन समयले भन्ला !


टुँडिखेलमा एक्लो घाम ताप्ता मेरा विद्यार्थीकालको रौसमा महाकवि देवकोटा, कवि शिरोमणि लेखनाथ र नाटककार समका रचनाहरू सम्झिएँ । आफू साहित्यको विद्यार्थीसम्म र बाँकीमा केही नभए पनि नौला विचारमा यहाँ मगज रुमल्लिए । माथि आकाश नियाल्दा बादल तरेली पर्दै र तरंगित हुँदै विचरण गरेको देख्नु प्रकृतिको एउटा बेग्लै सहजता थियो । बादलका चोक्टा सोहोरिएर कतिखेर धुम्मिने र सिरिर्र बर्सने भन्न सकिन्नथ्यो । त्यतिखेर जिउले भन्थ्यो, 'जाडो पो भयो ! न्यानो लुगा लाउनुपर्ने थियो !' उत्तरमा शिवपुरी, दक्षिणमा गोदावरीका डाँडा देख्न आँखालाई बल पर्दैनथे । रुमल्लिँदै जाँदा रानीपोखरीको जलाशयमा घण्टाघरको टुप्पो पाएँ । अचम्म मानें घण्टाघरको टुप्पोमा माछा जलविहार गरिरहेका थिए । आकाशमा होइन, जलाशयभित्र चराचुरुंगी उडिरहेका थिए । एकमनले भन्यो, धरहरा गजूरको कलम तिखारेर रानीपोखरीको मसीदानीमा चोब्दै टुँडिखेलको सपाट मैदानलाई ती सर्जकले कति घोट्न पाए र कति सिंगारे हुन् ! अनि पो रहे अजर, अमर र कालजयी ।

हिजो ती कवि, साहित्यकारले तिखारेर र घोटेर आज धरहरा जर्बुटो र बोदो बनेको होइन, तिनले मसीदानी बनाएर चोब्दा-चोब्दा रानीपोखरीको जलाशय सुकेको होइन, लेख्तै फेरि चित्त नबुझेर च्यात्दै धुजा पारेर 'डस्टबिन' मा फाल्ने कागजका चिथ्राजस्तो तिनले चौरलाई च्यातेर धुजा-धुजा बनाएका पनि होइनन् । छेउ रैथानेका भोज, मानिस र पशुका गोब्रिएका थाप्राले यो दुर्गन्धित भएको पनि होइन । बरु यतिखेर मैले पेसाको सम्मानसाथ अबोध ज्यापूले अघिपछि काँधमा नोल भिर्दै सकी नसकी खर्पन बोकेको सम्झें । खर्पनले जैविक मलमा काउली सप्लाउन र फलाउन बोक्ने मोह देखाउँथ्यो । धेरै टाढा लैजानुपर्ने थिएन पनि, थियो आजको प्रज्ञा प्रतिष्ठान भएको काउली गरासम्म, कि आजको रमाइलो मेला थलो भृकुटीमण्डपको फाँटसम्म, कि सिंहदरबारअघि भद्रकालीपूर्वका गहिरी बारीसम्म । ज्यापूका जीवनकर्म चोखो थिए, आजका रासायनिक मलको संहारका लयभन्दा धेरै स्वास्थ्यकर । तिनका चोखो पाइला यही टुँडिखेल वा यसैको वरिपरिबाट देखिरहन पाइन्थ्यो । आज छेउमा चारैतिर ठडिएका सहिदहरूले सम्मान त पाए, तर आफ्नो तीन सय वर्षको इतिहास र संस्कृति धुल्याए । ठूलो र सानो टुँडिखेल गरी दुई माइल सग्लो, लामो टुँडिखेलको संस्कार चोक्टियो । पाँच-छ दशकअघिसम्म एसियाको सबभन्दा लामो 'परेड ग्राउन्ड' को भूगोल र रेखागणित मेटियो !

मेरो हुती अब मेरो टीठलाग्दो नजर हो !

मृत्युको आयु नाप्ने उपन्यास

पुस्तक



कृष्ण धरावासी

मृत्युलाई टार्न सकिँदैन । त्यसलाई केही समय रोक्न सकिएला आधुनिक चिकित्सा पद्धतिको सहयोगबाट तर कहिल्यै नमर्ने बनाउन सकिँदैन । सारा इतिहास मृत्युको कथा हो । सारा पुराणहरू मृत्युकै अभिलेख हुन् । नमर्नकै लागि मानिसहरू मरिरहेका हुन्छन् । मर्नुकै विरुद्धमा असाध्य कामहरू गर्न तयार हुन्छन् र तिनै कामहरूकै सिलसिलामा मरिरहन्छन् ।


मृत्यु भनेको माया हो । मायाले मानिसलाई बाँच्न दिँदैन । माया यस्तो प्रिय छ, त्यसले आफ्नै निम्ति मर्न प्रेरित गरिरहन्छ । मानिस देशका लागि भनेर मर्न जान्छ, परिवारका लागि, प्रेमका लागि, मित्रताका लागि । अनेक कारण हुन्छन् जसलाई बँचाउन भनी मानिस मर्न चाहन्छ- मरिरहन्छ । जति पनि साहित्य, संगीत, कला छन्, ती सबैले मृत्युकै प्रशंसा गरेका छन् । दुःखको कथा खुब बिक्छ । दुःख मृत्युतिरकै गोरेटो हो नि त !

मृत्यु कटुसत्य हो । अपरिहार्य हो । तर मृत्यु एक यस्तो कल्पना पनि हो जो आफैंमा डरलाग्दो पनि छ । जीवनको कुनै न कुनै दिन वा क्षणमा जसले पनि भेट्नैपर्ने मन नपर्दो आगन्तुक, जो आफैंमा अर्को थप आतंक छ मृत्यु । नमर्न मन लाग्नेहरूले नै मृत्युलाई यति धेरै डरलाग्दो बनाए । जति धेरै मानिसमा आकांक्षाहरू उम्रिदै जान्छन्, उति नै मृत्युदेखि भाग्न मन लाग्ने हो । मृत्युका कारण र यसबाट बाँच्ने उपायका खोजहरूले नै यसलाई यति महंगो र डरलाग्दो बनाएको हो ।

सबै दर्शन, धर्म, आदर्श, संस्कृति, परम्पराहरू मृत्युविरुद्धका अभियान हुन् तर तिनले पनि मृत्युकै वर्णन गर्छन् आकर्षक पाराले । तिनीहरू मृत्युलाई यसरी वर्णन गर्छन् मानौं तिनीहरू भखैरै मृत्युसँग भोजमा सामेल थिए । महत्त्वाकांक्षाहरूले बनाएको त्यस आतंकलाई नडराउने बनाउनका लागि एकदम नै सिँगारेर प्रस्तुत गरिन्छ । हरेक स्वस्थ मानिस 'जीवन केही हैन । मरे मरिन्छ तर मनमा लागेको कुराचाहिं गरिन्छ' भनेर भीडमा गफ दिन्छ तर कुनै कारणले शरीरमा सामान्य असुविधा मात्र भयो भने सबैभन्दा पहिला अस्पतालको गेटमा सेल्फी खिचिरहेको हुन्छ ।

हाम्रा पुराणमा केही पात्र छन् जसले मृत्युलाई जितेको मानिन्छ- जस्तो अष्ट चिरञ्जीवी । कति पात्रहरू मृत्यु भइसकेपछि पनि बौरिएका र फेरि अर्को कुनै कालमा मरेका भेटिन्छन् । जन्मसँग जोडिएको हर्क हरेक क्षण मृत्यको त्रासदीसँग लुकिरहन्छ । सबै थोकसँग जोडिएको अकाट्यता भनेकै मृत्यु छ ।

नेपाली साहित्यमा लेखिएका अधिकांश कृति वियोगान्त छन् । मलाई लाग्छ नेपाली साहित्यमा अत्यन्त लोकप्रिय हुँदै पहिलोपल्ट दुःख र मृत्युको वियोगले प्रवेश पाएको कृति भनेको 'मुनामदन' नै हो । त्यसैको वियोगान्तक प्रभाव बोकेर पछिल्लो कालमा विभिन्न विधामा किताबहरू लेखिएका छन् । मृत्युलाई आँसुसँग साटेका कृति कति छन् कति । हरेक काव्य, महाकाव्यहरूले कुनै न कुनै पात्रलाई नमारी कथानकको अन्त्य नै गर्दैनन् । मैले आफैं पनि अधिकांश कृतिमा मृत्युगीत नै गाएको छु । मानिसलाई बिलौना गाउन मन पर्दो हो सायद । वियोगान्तक कृतिको बजार राम्रो देखिएर पनि होला लेखनमा वियोगले अत्यधिक पृष्ठ पाउने गरेको वा हाम्रो जीवनशैली नै त्यस्तो होला !



> मृत्युलाई आँसुसँग साटेका कृति कति छन् कति । मैले आफैं पनि अधिकांश कृतिमा मृत्युगीत नै गाएको छु ।

मैले पछिल्लोपल्ट मृत्युमाथि पढेको पुस्तक भनेको 'मृत्युको आयु' हो । नामैले पाठकलाई मृत्युबारे कल्पना गर्न लगाउँछ र जिज्ञासा पनि उत्पन्न गराउँछ । लघुकथा विधामा आफूलाई एकछत्र उभ्याउन सफल रवीन्द्र समिरको रचनाशिल्प स्वस्थापित छ । यसअघि प्रकाशित दर्जनौं लघुकथाकृतिले उनलाई नेपाली पाठकमाझ परिचित गराइसकेका छन् । चिकित्सा पेसामा रहेका उनको रुचि साहित्यतिर कसरी झुक्यो होला भन्ने मलाई लागिरहन्थ्यो । म २०६४ सालमा जागिरसहित राजधानी आएपछि पहिलोपल्ट मेरो उनीसँग कुनै साहित्यिक कार्यक्रममै भेट भएको थियो । त्यसबेला उनले मेरो 'शरणार्थी' उपन्यासको तारिफ गर्दै त्यसलाई अंग्रेजीमा अनुवाद गर्न प्रोत्साहन गरेका थिए । मैले उनका थोरै मात्र लघुकथाहरू पढेको थिएँ त्यसबेला । मलाई लाग्छ लघुकथा विधाले पाएको सबैभन्दा ठूलो पुरस्कार उनकै किताबले पाएको थियो २०६५ सालको पद्मश्री ।

रवीन्द्रको यो पुस्तक उपन्यास हुँदाहुँदै पनि लघुकथा हो । लघुकथा हुँदाहुँदै पनि फेरि उपन्यास हो । डा. ध्रुवचन्द्र गौतमले निकै पहिले योभन्दा पनि सानो रूपमा सूत्रकथाको प्रयोग गरेका थिए । पछि त्यही प्रयोगमा सूत्रउपन्यास पनि लेखिएको थियो । मैले 'कान्छी राधा' नामक सूत्रकाव्य लेखेको थिएँ भने अमर त्यागीले पनि सूत्र उपन्यास लेखेका थिए । सूत्रलेखन अत्यन्त छोटोमा धेरै भनिने विधा हो । सूत्रलेखनलाई एकप्रकारले काव्यमा मुक्तक वा हाइकुजस्तै मान्न पनि सकिन्छ । यसलाई अघि बढाउन सके यो अर्को प्राप्ति हुन सक्छ ।

नेपाली आख्यानमा लघुकथाको यात्रा निकै लामो भए पनि त्यो कथामै सीमित थियो । लघुकथा पढ्दा छोटो र सजिलोजस्तो लागे पनि लेख्न गाह्रो विधा हो । लामोमा मात्र भन्ने बानी परेका लेखकहरूका लागि लघुकथा चुनौती नै हुन सक्छ । यसलाई गोडमेल गर्न लघुकथा समाज नै स्थापना गरी यस विधालाई अघि बढाउन निकै काम भइरहेको पनि छ । लघुता नै लघुकथाको आफ्नो विशेषता हो । त्यसलाई त्यसको सीमाबाट बाहिर निकाल्ने काम खासै भएको देखिँदैन । त्यो सीमाबाट बाहिर निकाल्नु हुन्छ कि हुँदैन भन्ने पनि आन्तरिक संवादहरू हुन सक्छन् तर पहिलोपल्ट रवीन्द्रले त्यसलाई उपन्यासमा उभ्याएका छन् । विधागत उपलब्धिका आँखाले हेर्दा यो एउटा विशेष प्राप्ति पनि हो ।

लघुकथा विधालाई उपन्याससम्म पुऱ्याउने आँट गर्नु लेखकको साहस नै हो । यस्तो आँट धेरैअघि झापामा शिव प्रणतले गरेका थिए गजल काव्य लेखेर । त्यस बेलासम्म गजलमा काव्य लेखिन सक्छ भनेर कसैले सोचेका पनि थिएनन् होला । केही समय गजलमा काव्य हुन सक्छ कि सक्दैन भन्ने बहस पनि छेडिएको थियो । पछि गोपाल अश्कले गजलमा महाकाव्य नै पनि लेखेका थिए । प्रयोगमा आउनु आफैंमा साहसको काम त हुँदै हो, त्यसलाई स्तरीयतासहित ल्याउन सक्नु आफैंलाई ठूलो परीक्षा पनि हो । यस्ता धेरैजसो प्रयोग प्रयोगकर्तालाई नै चुनौती हुने गरेका पाइन्छन् । त्यस्तो चुनौती स्वीकार गर्न पछिल्लोपल्ट उभिएका छन् रवीन्द्र ।

एक सय अन्ठानब्बे पृष्ठभित्र अटाएका १ सय ६६ लघुकथाले बनिएको छ यो कृति । छोटोमा २२ शब्ददेखि लामोमा ३२४ शब्द सम्मका कथाहरू छन् । एउटा-एउटा मात्र पढे यस कृतिका सबै टुक्रा एक-एकवटा लघुकथा हुन् । क्रमैसँगले पढ्दै गए हरेक कथा उपन्यासिक आख्यानका भरिया हुन् । यस कृतिले लामा-लामा अध्यायहरूमा मात्र उपन्यास लेख्न सकिन्छ भन्ने मान्यतालाई दोस्रोपल्ट भत्काएको छ । पहिलोपल्ट यस्ता लघुपृष्ठहरूमा उपन्यास लेख्ने काम २०५० सालमा सञ्जीव उप्रेतीले 'आलु, नौनी र कफी' उपन्यास लेखेर पूरा गरिसकेका थिए तर त्यो उपन्यास लघुकथा शैलीको थिएन ।

कृतिको शिल्पपक्षको फरक विशेषता रहे पनि गुणवत्ताले उभिन नसके त्यसको खास अर्थ हुँदैन । समिरको यो कृति वैदेशिक रोजगारमा जानेहरूका पीडामाथि लेखिएका निकै कृतिहरूभन्दा फरक र विशेष छ । यसले बोकेको विषयवस्तु सुरुदेखि नै वियोगान्त छ । कृतिको नायक मरेको छ र मृत्युपछि उसले अनुभव गरेका कुराहरू नै सम्पूर्ण किताब हो । मृत्यु शब्द सुन्नासाथ मनमा जुन भय उत्पन्न हुने हो यस कृतिमा भयको त्यो रूप छैन बरु मृत्यु एक मनोरञ्जन बनेको छ । मृतकका माध्यमबाट समाजको ढोंगी चरित्र र परिवारको दुईधारे मानसिकताको उत्खनन भएको छ । मृत्यु आतंक हैन, अनुभव मात्र हो भन्ने अनौठो सन्देश पनि छ यसमा । निरपेक्ष भावको प्रस्तुतिले मृत्युमाथि हुने भयलाई एकदम नै सामान्यीकरण गरिएको छ । आफू मरेपछि परिवार र समाजले गर्ने अभिव्यक्ति र फोस्रो सहानुभूतिको क्रूर चित्रण पनि छ यहाँ । पुस्तकका हरेक टुक्राले फरक-फरक र पाठकले अनुमान गरेभन्दा भिन्दै कुराहरू टुक्कटुक्क भनेर पठनरुचिलाई बढाएको बढाएकै गर्छ ।

कृतिको विषयवस्तुले नै पाठकलाई सांख्यदर्शनतिर प्रवेश गराउँछ । जन्म र मृत्युको असमापक चक्रमा घुमिरहने जीवनबिम्बले कृति रँगिएको छ । कृतिले शिवपुराण, विष्णुपुराण, गरुडपुराण, श्रीमद्भागवत् गीता, कुरान र बाइबलका आध्यात्मिक सांस्कृतिक विश्वासहरूलाई समातेर मृत्युपछिको पराकल्पनामा आधुनिक जीवनको संकटलाई नापेको छ । खासमा आजको हाम्रो जीवनसंघर्ष के हो र केका लागि ? हामीले हेर्ने गरेको जीवनचित्र कस्तो हो ? यो कथाले बोकेको दुःखको भारी नेपाली जीवनस्तरसँग मात्र सम्बन्धित छैन । नायकको लाससँगै सुताइएका अरू विदेशी लासहरूको पीडाका कथाले पनि पाठकलाई केही छिन भावुक बनाउँछ ।

जीवमा आत्मा हुन्छ र त्यसले मृत्युपछि पनि यस धराधाममा भइरहेका गतिविधिहरूलाई नजिकबाट देखिरहेको हुन्छ भन्ने पुनर्जन्मीय विश्वास र स्वैरकल्पनाको प्रयोग गर्दै समसामयिक जीवनका विसंगतिहरूलाई अत्यन्त मिहिन पाराले केलाइएको छ । हाम्रो देशको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक अनेक विसंगतिको ऐना हो यो कृति । वैदेशिक रोजगार नामको आकर्षक शब्दका पछि होमिने युवापुस्ताको कारुणिक चित्र हो यो कृति । कतै हँसाउने, कतै गम्भीर बनाउने र कतै रुवाउने यो उपन्यास नेपाली उपन्यास संसारमा फरक स्वादको विशेष कृति बनेको छ ।

लेखक आफैंले ती क्षेत्रहरूको स्थलगत भ्रमण तथा अध्ययन गरी लेखिएको यस कृतिमा अरबी प्रशासनिक र प्राविधिक कुराहरूलाई प्रामाणिक ढंगबाट प्रस्तुत गरिएकाले पनि कृतिको विश्वसनीयता बढेको छ । लेखक आफू स्वयं चिकित्सकसमेत भएकाले आधुनिक चिकित्सा पद्धतिका कुराहरूलाई सतर्कतापूर्वक समावेश गरिएकाले कृतिमा प्रश्न उठाउनुपर्ने त्यस्ता खासै ठाउँ भेटिएनन् ।

मृत्युका अनेक परिभाषा गर्नेहरू र मृत्युलाई सहज ढंगले लिनुपर्छ भनी स्वस्थ अवस्थामा आदर्श छाँट्नेहरूका पनि अन्तिम कालको बाँच्न चाहने छटपटी सबैभन्दा बढी त चिकित्सकहरूले नै देखेका हुन्छन् । त्यसको सुविधा पनि रवीन्द्रलाई छ । उनले त्यो अनुभव पनि पृष्ठैपिच्छे पोतेका छन् ।

कृतिको शीर्षक नै विम्बात्मक छ । मृत्युलाई हामी जीवनको अन्त्य भनेर बुझ्छौं तर लेखकले यहाँ मृत्युको पनि आयु तोकिदिएका छन् । यसअनुसार त मृत्युको आयु एकदम नै छोटो रहेछ । गरुडपुराणीय कर्मकाण्ड पद्धतिका आँखाले हेर्दा मृत्युको आयु त तेह्र दिन मात्र देखियो । तेह्र दिनपछि यसको यात्रा कि देवदूतका पछि कि यमदूतका पछि हुने रहेछ । यस लोकको मायामोहको सीमाभरि मात्र रहेछ मृत्युको आयु भनेको । आध्यात्मिक परम्पराका आँखाले जीवन र मृत्युबारे अध्ययन गर्न चाहनेहरूले यसमा साहित्यइतर विश्लेषण गर्ने प्रशस्त ठाउँ भेट्नेछन् ।

इतिहासका साक्षी

किताब




गंगा बीसी

कथा जति पुराना हुँदै जान्छन्, त्यति रोचक । कथा सबैसँग हुन्छन् तर भन्ने अवसर कमैलाई मात्र प्राप्त हुन्छ । यी हजुरआमा भाग्यमानी हुन्, जसलाई खोज्दै लेखक पुग्छन् । तीनपुस्ते अनुभव उतार्छिन् । यी प्रतिनिधि पात्र हुन् । उनीहरूले समाजको पूर्ण प्रतिनिधित्व गर्दैनन् । छानिएका हजुरआमाका मुखबाट आएका इतिहासका कथाले त्यसबेलाको समाजको आधाआधीजस्तो चित्र दिन्छ किनकि उनीहरूले देखेको र भोगेको समाजभन्दा बाहिर अर्को समाज थियो र छ । तैपनि यति भन्न सकिन्छ– मनमै बिलाएर जाने कथा पुस्तक र डिजिटल दुनियाँमा रहनु महत्त्वपूर्ण उपलब्धि हो ।

करिब ८० वर्ष नाघेका हजुरआमाका कथा मात्र होइनन्, संघर्षका गाथा हुन् । जो ८० वर्ष बाँचे उनीहरू आफैंमा भाग्यमानी महिला हुन् । त्यतिबेला नेपालीको औसत आयु ५० वर्ष पनि थिएन । कथा भन्ने आमाहरूले अझै पनि सक्रिय जीवन बिताइरहेका छन् । ती हजुरआमाहरूले परिवारको माया पाएका छन् र माया दिएका छन् । उनीहरूले घरमा आफूले भोगेका कथाहरू आफ्ना छोराछोरी र नातिनातिनीहरूलाई सुनाउँदै होलान् । आफ्ना कथा लेखकलाई सुनाउन पाउनु हजुरआमाहरूका लागि मौका हो भने ती कथा घण्टौं सुनेर पुस्तकका रुपमा तयार पार्नु लेखकको धीरता ।

पत्रकार अमृता लम्सालको 'हजुरआमाका कथा' ले काठमाडौं उपत्यका र नेपालको पूर्वी भाग तथा दार्जिलिङको तत्कालीन समाजबारे धेरै कुरा भन्छ ।

महिला समानताको मुद्दा अहिले टड्कारो रूपमा उठेको छ । आजभन्दा ८० वर्षपहिलेको समाजमा भने लैंगिक असमानता र अन्धविश्वासको जाँतो कल्पना गरेभन्दा चर्को थियो, जसमा महिलाहरू पिसिन्थे । देशका कति भागमा अझै पनि त्यसको झलक देख्न सकिन्छ । लेखकले हजुरआमाले त्यसबेला भोगेको कठिन अवस्था र गरेका संघर्षको कथा जसरी उतारेकी छन्, अहिले पनि खासगरी पश्चिम नेपालका दुर्गम क्षेत्रका महिलाले भोग्दै छन् । हुन त



हजुरआमाका कथा

लेखक : अमृता लम्साल
प्रकाशक : अक्षर क्रियसन्स
मूल्य : रु, ४६०/-

समाज आफैं परिवर्तनशील छ, समयको गतिसँगै परिवर्तन भएको समाज पनि बदलिन्छ । मुख्य कुरा विगतको व्याख्या गर्नु मात्र होइन, मुख्य कुरा समाजलाई बदल्न कसले कति भूमिका खेल्यो भन्ने हो ।

समयको गतिको प्रवाहले मान्छेलाई बदल्छ भन्ने उदाहरण संग्रहमा आएका हजुरआमाहरू हुन् । कुनै बेला आफ्नो बुझाइमा कट्टर हजुरआमाहरू समयसँगै बदलिएका छन् । आफ्नी सासूबाट पिल्सिएका हजुरआमा आफ्ना बुहारीलाई छोरी समान अवसर दिन राजी भए । यो समयले बदलेको मनस्थिति हो । सन्देश दिएका छन्– आफूले भोगेको दुःखबाट शिक्षा लिएर भावी पुस्ताका लागि सुखद आशीर्वाद दिनुपर्छ । हजुरआमाहरूको कथा आफैंमा इतिहास हो । त्यो इतिहास कतैबाट सन्दर्भ सामग्रीका रूपमा आएको नभई पहिलोचाटि उनीहरूबाट मुखरित भएको हो । हजुरआमाहरूले भनेका सबै तिथिमिति तलमाथि परेको हुन सक्छ । तर यसमा आएका कुराहरूले त्यसबेला खासगरी महिलामाथि समाजको दृष्टि झल्किन्छ ।

असी वर्षअघि महिलाले पढ्ने अवसर पाउनु दुर्लभ थियो । त्यो सुविधा काठमाडौं उपत्यकाबाहिर थिएन । त्यो बेलामा काठमाडौंमा खुलेका स्कुलमा पढ्ने अवसर पाएका हजुरआमाले विभेदबीच पनि राम्रो अवसर पाए । समाजको संरचनाको बार नाघेर आफ्ना छोरीहरूलाई स्कुल पढाउने अभिभावक नमुना हुन् । जतिबेला राज्यमा पहुँच भएका खासखास परिवारका छोरीहरूले मात्र पढ्ने अवसर पाउँथे । हजुरआमाका कथामा यस्ता केही पात्र छन् । यसमा पहिलोपटक ब्राह्मण परिवारले हलो जातेका परिवारको बुहारीको कथा छ । लमजुङकी मित्रकुमारी अधिकारीको परिवारले हलो जोतेकै कारण भान्साबाट जात काढिएको थियो । २००६ साल साउन १ गते मित्रकुमारीका ससुराले गाउमा हलो जोतेपछि उनको परिवारले सामाजिक बहिष्कार गरेको उनले सुनाएकी छन् । यसलाई 'हलो क्रान्ति' पनि भनिन्छ ।

दार्जिलिङमा जन्मिएकी रत्ना राई चर्चित साहित्यकार शंकर लामिछानेकी पत्नी हुन् । लामिछाने परिवारसँग कुरा नमिलेपछि उनी अलग भइन् । तर उनको संघर्ष जारी रहयो । उनलाई आफ्नो भाग्यप्रति कुनै गुनासो छैन । भन्छिन्, 'जुन वर्तमान छ, त्यसलाई राम्रोसँग सदुपयोग गर्नुपर्छ । अरूलाई खुसी दिन सकियो भने खुसी प्राप्त हुन्छ ।'

रजिया बेगम अर्की हजुरआमा हुन्, जसको नेपालका चर्चित क्याटरिङ व्यवसायी वीएल शर्मासँग विवाह भयो तर जीवनभर टिकेन । उनको यात्रा भने जारी रहयो र अहिले पनि अघि बढिरहेको छ । शर्मासँग सम्बन्धविच्छेद भएपछि आफ्नो स्वाभिमानलाई जोगाइराखिन्, सायद उनको महानता पनि त्यही हो । लेखक अमृता लम्साल उनीबारे भन्छिन्, रजिया बेगमको सिन्ड्रेला मोमेन्ट छुटेको धेरै वर्ष भइसक्यो तर पनि उनको स्वाभिमानमा अलिकति पनि आँच आएको छैन । चर्चित गायिका शान्ति ठटाल दार्जिलिङमा जन्मिए पनि उनको कार्यक्षेत्र नेपाल बन्यो । उनको संगीतको संघर्षको कथा सुनाएकी छन् । संगीतमा लाग्दालाग्दै विवाह गर्न भुलेकी ठटालको कथा रोचक छ । केही हजुरआमाका छोराछोरी समाजमा चिनिएका छन् । लेखकले समाजमा चिनिएका छोराछोरीका आमा चयन गरेकी छन् । कुराकानीका दौरानमा सजिलो होस् भनेर समाजमा एउटा पहिचान बनाइसकेका छोराछोरीका आमा चयन गरेको हुनुपर्छ ।

हजुरआमाका कथामा २३ हजुरआमाका अनुभव र संघर्ष कथा छन् । तीन नातिनी पुस्ताको अनुभव यसमा समेटिएको छ ।


हजुरआमाका सबै कथा सलल बगेका छैनन् । त्यस बेलाका कथा अहिलेको सन्दर्भमा जोड्न खोजिएको छ । तर त्यो जीवन्त बनेको छैन । हजुरआमाको आआफ्नो बोल्ने शैली र लवज हुन्छ । लेखकेले त्यो शैली र लवजलाई उतार्न चुकेकी छन् । भाषा शैलीलाई उनीहरूकै लवजमा राख्न सकेको भए पढ्न रोचक हुन सक्थ्यो । हजुरआमाका कथा राजधानीकेन्द्रित छन् । लेखक आफैंले पनि चाहँदाचाहँदै पनि उपत्यकाबाहिर गएर हजुरआमाका कथा संकलन गर्न नसकेको भूमिकामा उल्लेख गरेकी छन् । 'यो पुस्तकको उद्देश्य घरमा बसेर परिवारका लागि श्रम र समय खर्चिएका तर सामाजिक पहिचान नपाएका हजुरआमा उमेरका महिलाले भोगेका अनुभव, समय र समाजका कुरा समकालीन पुस्ताका लागि पस्किनु हो,' लेखकले पुस्तक लेख्नुको उद्देश्यबारे भनेकी छन् ।

यो पुस्तक पढ्दा लाग्छ, हजुरआमाहरूको यो कथा पुरानो पुस्तालाई एउटा सम्मान हो । ती हजुरआमालाई नमन जसले भावी पुस्ताका लागि अथक संघर्ष गरेर यहाँसम्म ल्याए । पुस्तकमा नअटाएका हजुरआमाहरूलाई पनि नमन, जसले आफूले दुःख भोगेर सन्तानलाई सुख दिए । आफू काँडाघारीमा हिँडेर भए पनि भावी पुस्तालाई सरल बाटो देखाउने प्रयास गरेका छन् ।

जेलबाहिरको डायरी



किताब
रामजी दाहाल



प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको तेस्रो डायरी बजारमा आएको छ । यसअघि 'जेल जर्नल' र 'फेरि सुन्दरीजल' प्रकाशित छन् । यी दुई जेलडायरी हुन् भने हालै प्रकाशनमा आएको जेलबाहिरको डायरी हो । २००८ देखि २०१३ सालसम्म हरेक दिन पुगेका देश, विदेशका सन्दर्भ, ती ठाउँमा भेटेका मानिस र तिनीहरूसँग भएका कुराकानीबारे लेखिएको पुस्तक हो 'बीपी कोइरालाको डायरी' । अंग्रेजी भाषामा लेखिएको डायरीको पाण्डुलिपि अनुवाद गरेर नेपाली पाठकमाझ ल्याइएको हो ।

राजा त्रिभुवनको निधन र महेन्द्रको उदयको समयको तस्बिर हो यो डायरी । लामो संघर्षपछि राणाबाट प्रजातन्त्रवादीको हातमा परेको देश फेरि महेन्द्रले परामर्श मण्डलको नाममा पुरातनवादी सोच भएका व्यक्तिको हातमा सुम्पेका थिए । जुन समयमा अनेक नाम गरेका राजनीतिक दलको जन्म भयो । कतिपय दल जसरी उदाएका थिए, पानीको फोका जसरी बिलाइहाले । नेपाली कांग्रेसले भने राष्ट्रिय पार्टीको ठोस स्वरूप यसै समयमा लिएको थियो ।

राणा शासनको चंगुलबाट भखैरै स्वतन्त्र भएको नेपाललाई छिमेकीका नाताले आवश्यक सहयोग गर्नुको साटो नेपाललाई आफ्नो मुट्ठीभित्र राख्नमै भारत केन्द्रित थियो । १८ वैशाख २००९ मा आफ्नो डायरीमा बीपी लेख्छन्, 'भारत सरकारको खेल बुझेर नसकिने रहेछ ।' उनको निष्कर्ष छ– नेपाललाई भारतको एउटा सानो कोलनीका रूपमा व्यवहार गरिँदै थियो । डायरी पढेपछि नेपालको राजनीतिमा देशी-विदेशी शक्तिहरू कुन हदसम्म खेल्दा रहेछन् भन्ने प्रस्ट हुन्छ । नेपालका प्रति भारतीयहरूले त्यस्तो व्यवहार देखाएका थिए भनेर बीपीले करिब ७ दशकअघि भनेको कुरा आजका दिनमा पनि उत्तिकै सान्दर्भिक छ ।

डायरी पढ्दा बीपीको राजनीतिक दौडधुप कतिसम्म थियो भन्ने पनि थाहा हुन्छ । डायरीमा नेपालका अधिकांश भाग र भारतको दिल्ली, पटना, बनारस, बम्बई, कलकत्ता, पटना, दार्जिलिङको प्रसंग बारम्बार उल्लेख गरिएको छ । उनी अधिकांश समय घर, परिवार बाहिर रहँदा पत्नी सुशीलालाई आर्थिक अभावलगायतका समस्याले कम्ती गाँजेको हुदैनथ्यो, जुन कुरा बीपीलाई पनि थाहा थियो । जस्तोसुकै प्रतिकूल अवस्थामा पनि कर्त्ति विचलित नभई अभियान अगाडि बढाइरहे । पीडा र गरिबीको पाटोलाई डायरीमा उनले एकाध प्रसंगमा छुस्स छोएका मात्र छन् ।

देशमा हुन गाइरहेको पहिलो संसदीय निर्वाचनलाई ध्यानमा राखेर बीपीले देश दौडाहा गर्दा उनीसँग तुलसी गिरी र विश्वबन्धु थापा पनि थिए । थापा र गिरीका बारेमा उनले डायरीमा उल्लेख गरेका छन् । तनहुँको बन्दीपुर भ्रमणमा रहेका बखत ४ चैत २०१२ मा बीपी लेख्छन्, 'विश्वबन्धु र तुलसी मप्रति ठूलो निष्ठाका साथ समर्पित थिए । उनीहरूले पूर्ण रूपमा मेरो देखभाल गरे । तर मैले उनी दुईमा एउटा कमी देखें । उनीहरू भविष्यप्रति बढी नै चिन्तित थिए । ज्यादै नै महत्त्वाकांक्षी ।' गिरी र थापाबारे बीपीको यो टिप्पणी पछि गएर सही साबित भयो । दुवैले पञ्चायत प्रवेश गरे ।

कास्कीको हंसपुर पुग्दा बीपीको स्वागतमा स्थानीयले बेलुकीपख गुरुङ केटीहरूको नाच देखाउँछन् । अध्ययनशील भएका कारण बीपीमा धेरै विषयको गहिरो ज्ञान थियो । नाच हेरेपछि डायरीमा उनी लेख्छन्, 'नाचमा विविधता कम थियो । नाचको चाल अलि ढिला भयो, सुधार गर्न सकिने धेरै ठाउँ छ ।' अर्को दिन तनहुँको रूपाकोट पुग्छन् । बीपी आएको खबर सुनेर स्थानीय नेता तथा कार्यकर्ता जम्मा हुन्छन् । मान्छेको उपस्थिति उनले सोचेजति ठूलो हुँदैन । सानो समूहलाई सम्बोधन गरेपछि डायरीमा उनको निष्कर्ष छ, 'एउटा सानो समूहमा भेला गरेर सम्बोधन गर्दा बढी प्रभावशाली हुने रहेछ ।' आज भने कार्यक्रममा जसरी भए पनि धेरै मान्छे उपस्थित गराउनुलाई नै विजय जसरी ठान्न थालिएको छ । अरू दलको त कुरा छोडौं, बीपीकै दल कांग्रेसका नेता यो होडमा छन् ।

देशव्यापी दौडानका क्रममा १६ माघ २००९ मा दाङमा पुग्छन् । जमिनदारहरूले भूमिहीन थारूमाथि गरेको शोषण देखेर उनको मन बेचैन हुन्छ । अनि लेख्छन्, 'जमिनको स्वामित्वका आधारमा जमिनदारहरूको शोषणको अन्त्य गर्नुपर्छ ।'

यो डायरी पढ्दा बीपीको अध्ययनशीलताको पनि बोध हुन्छ । व्यस्ततामे भ्याइनभ्याई हुँदा पनि उनी अलिकति फुर्सद मिल्यो कि किताब पढ्न सुरु गरिहाल्थे । यात्राका दौरान साहित्यिक र अन्तर्राष्ट्रिय राजनीतिक दर्शनका किताब पढेको प्रसंग उल्लेख गरेर कतिपय किताबका बारेमा उनले टिप्पणी पनि गरेका छन् । सार्त्रको 'इन्टिमेसी', वड्र्सवर्थको 'द इर्जिप्सियन', फ्रान्स्वाँ मौरिएको 'द लिटल मिजरी', कोलिन्सको 'द स्टोरी अफ डेड लियर्स', एन्ड्रे गाइडको 'इसाबेला', पास्टोरलको 'सिम्फोनी', स्टिनवर्गको 'अन द वर्कसप अफ रिभोल्युसन', आर मार्टिन द गारको 'समर १९१४', मोपासाको 'ए विमेन्स लाइफ', एचलेम्बको 'चार्लमेन', मुनरोको 'नोट अफ द भाइपर' बारे उनले यसमा चर्चा गरेका छन् ।

डायरीको अन्तिम पाटोमा बीपीले साढे दुई महिना युरोप भ्रमणका क्रममा टेकेका मुलुक, भेटेका मानिस र देखेका ठाउँबारे उल्लेख गरेका छन् । बेलायतमा कलासम्बन्धी अध्ययन गरिरहेका कलाकार लैनसिंह बाङ्देलसँगको भेट रोचक लाग्छ । बाङ्देलसँगै बीपी कलाका लागि प्रख्यात विभिन्न संग्रहालयमा पुग्छन् । त्यसक्रममा पुगेको स्टेट ग्यालरीको डायरीमा खुबै चर्चा गरेका छन् । त्यहींबाट भ्यानगगको सनफ्लावर र ३८५३ किनेर ल्याएको उल्लेख गरेका छन् ।

अंग्रेजी भाषाको यो पाण्डुलिपि नेपाली भाषामा प्रकाशित गरेर प्रकाशक शिखा बुक्सले प्रशंसनीय काम गरेको छ । डायरी पढ्दै जाँदा कतिपय ठाउँमा चिप्लिएको प्रस्टै देखिन्छ । जस्तो, २५ फागुन २००८ मा कलकत्ताबाट दाजु मातृका, भाउजू (मातृकाप्रसाद कोइरालाकी श्रीमती) तथा भारतीय सेनाका परान्जपेसँग म काठमाडौंतिर लागें । काठमाडौंमा मैले सहमतिको सूत्रका सम्बन्धमा साथीहरूसँग छलफल गरें भनेर लेखिएको छ । तर भोलिपल्ट २६ फागुन २००८ मा कलकत्तामा सुशीला र बच्चाका साथमा पूर्ण आराम गरें भनिएको छ । तिथिमिति र इतिहासबारे अनुवादमा प्रशस्त कमजोरी देखिन्छन् । दाँतमा लाग्ने यस्ता ढुंगालाई छल्ने कला वा चपाउने सामर्थ्य हुनेका लागि यो डायरी राम्रो खुराक हो ।

खेल




हिमेश

कथा रंगशालाको

काठमाडौं वास्तवमै कसरी फेरिएको छ, त्यसको साक्षी पनि हो– दशरथ रंगशाला । रंगशालाको उत्तरी प्यारापिटतर्फ बाँसको झ्याङ थियो । अनि फुटबल मैदान त सानोतिनो पोखरी नै थियो ।

हेमन्त श्रेष्ठ




कुनै समय भीमसेन थापा निकै शक्तिशाली थिए । नेपालकै इतिहासमा उनी जत्तिको शक्तिशाली अरू विरलै भए । तर उनको अन्त्य निकै दुःखद रहयो । विष्णुमती मन्दिरको बगरमा उनको जिउँदो शरीरलाई फचालिएको थियो । आत्महत्याको प्रयास गरेका भीमसेन थापाले नौ दिन त्यहीं मृत्यु आत्मसात् गर्न संघर्ष गरे । अहिले यो ठाउँ आधुनिक त्रिपुरेश्वरको छेउमै छ ।

कुनै समय अहिलेको दशरथ रंगशाला रहेको ठाउँसम्म पनि मसानघाटकै रूपमा थियो । त्यसैले भन्ने गरिन्थ्यो– त्यो क्षेत्रबाट सकेसम्म नजानू । कहिले के अनिष्ट हुन सक्छ, कसलाई के थाहा ? भीमसेन थापाको छोटो प्रसंग किन भन्दा उनले जहाँनिर अन्तिम पटक श्वास फेरे, अब त्यो त्यस्तो रहेन । न त त्यस वरिपरिको ठाउँ नै । पुराना ती कुरा सुनाउँदा कथाजस्तै लाग्न सक्छ, कसैका लागि यी सबै हावादारी कुरा नै हुँदो हो । तर यही ठाउँ र यिनै हल्लाबीच अहिले त्यहाँ दशरथ रंगशाला उभिएको छ र यसले पनि देखेको छ, इतिहासका एकपछि अर्को परिवर्तन ।

काठमाडौं वास्तवमै कसरी फेरिएको छ, त्यसको साक्षी पनि हो– दशरथ रंगशाला । रंगशालाको उत्तरी प्यारापिटतर्फ बाँसको झ्याङ थियो । अनि फुटबल मैदान त सानोतिनो पोखरी नै थियो । माथिबाट त्यहाँ पानी बगिरहेको पनि हुन्थ्यो । पोखरी भएपछि त्यससँग जोडिएका कथा पनि त हुने नै भए । भन्ने गरिन्छ, त्यो पोखरीको नजिक गयो भने पोखरीले तान्छ । तानेर पोखरीले खाने पनि गर्छ । अनि कोही किन त्यो पोखरीको छेउमै जान्छ त ?

नेपालमा जे जति हुन्छन्, ती सबै प्रायः राजदरबार र त्यसका परिवारसँग जोडिन्छन् । अहिले टुँडिखेललाई पूर्ववतः स्वरूपमै ल्याउने एकखाले आन्दोलन चलिरहेको छ । फेरि कुनै समय यो टुँडिखेल यति विशाल थियो कि यसलाई एसियाकै सबैभन्दा ठूलो चौर मानिएको थियो । यही टुँडिखेल कसरी टुक्राटुक्रा हुँदै अतिक्रमणको सिकार हुँदै गयो, त्यसको पनि आफ्नै लामो कथा छ । दशरथ रंगशालाले रहेको ठाउँ पनि त टुँडिखेलसँगै जोडिन्छ । यो खासमा सानो टुँडिखेल ठाउँसँगै जोडिएको छ । महेन्द्रको राज्याभिषेक हुँदा त्यसै अवसर छोपेर ०१३ सालतिर केही खेलको आयोजना भएको रहेछ । ती खेल आयोजना गर्ने निर्णय त भए, तर गर्ने ठाउँ भने थिएन । त्यसैले यही त्रिपुरेश्वरको क्षेत्रलाई ठोकठाक पारेर खेल्नलायक बनाइयो । समयसमयमा यसलाई अझ राम्रो हुनुपर्छ भनेर काम पनि भए तर त्यतिले कहिले पनि ठोस गति लिन सकेन । वीरेन्द्र राजा हुने भएपछि भने बल्लतल्ल रंगशाला बन्ने भयो ।

हुन पनि रंगशालाको अहिलेको वास्तविक स्वरूप लिन थालेको ०३१ सालतिर नै हो । सन् १९८४ मा यही दशरथ रंगशालामा पहिलो दक्षिण एसियाली खेलकुद आयोजना भयो । यसबीच एउटा अर्को ठूलो घटना पनि भयो, दशरथ रंगशालामै । यही घटनाका कारण कहीं कतै रंगशालामा ठूलो दुर्घटना भयो र मान्छे मरे भने दशरथ रंगशालाको नाम विश्व समाचारमा छाइहाल्छ । आखिरमा यो रंगशालाले ७३ जना मान्छेको ज्यान खाएको छ, ०४४ सालमा । यो घटनालाई फेरि एकपल्ट सम्झदा केही फरक पर्दैन । त्रिभुवन च्यालेन्ज सिल्डको फाइनलमा जनकपुर चुरोट कारखाना र बंगलादेशको मुक्त जोद्दा भिडेका थिए, खेलमै क्रममा ठूलो हावाहुरी आयो । त्यसबाट बच्न भाग्ने क्रममा भएको भागदौडमा धेरै फुटबल प्रेमीले आफ्नो ज्यान गुमाए । विश्वकै ठूलठूला रंगशाला दुर्घटनामध्ये सबैभन्दा गम्भीर १० मा रंगशालाको यो काण्ड पनि आउने गर्छ । अनि सन् १९९९ मा यही खेलकुदको आठौं संस्करण पनि यहीं भयो । यही बेला यो रंगशालाले आधुनिक स्वरूप पायो । त्यति बेला न हो- दशरथ रंगशालामा सिन्थेटिक ट्रयक ओछ्याइएको । यसै कारण रंगशालाको प्यारापिट पनि खुम्चियो र दर्शक क्षमता पछि घटयो ।



भूकम्पले ध्वस्त भएको रंगशालामा फेरि अर्को खेल कहिले होला ?

फ्लड लाइट्स राखिएको पनि त्यही बेला हो । यो सबैको फेरि अहिले चर्चा किन भन्दा दशरथ रंगशालाले फेरि एकपल्ट ठूलै परिवर्तनबाट गुज्रिरहेको छ । हुनेछ अथवा छैन, त्यो आफ्नै ठाउँमा छ तर १३ औं दक्षिण एसियाली खेलकुद (साग) का लागि फेरि एकपल्ट दशरथ रंगशालाले नयाँ रूप पाउँदै छ । त्यसभन्दा अगाडि नेपालले विश्वकप छनोटमा कुवेतको सामना गर्ने भनिएको थियो, अब त्यो पनि हुनेछैन । खासमा दशरथ रंगशाला बहुउद्देश्ययी प्रयोगका लागि बनाइएको छ । तर यसको मुख्य विशेषता भनेको त यहाँ हुने फुटबल न हो । नेपाली खेलकुद भन्नु नै दशरथ रंगशाला हो । अनि नेपाली फुटबलको पर्याय नै दशरथ रंगशाला हो । यहाँको मैदानमा कुन फुटबल प्रतियोगिता मात्र भएन, विश्वकप र ओलम्पिक छनोटदेखि सागसम्म । एएफसी च्यालेन्जकपदेखि एएफसी प्रेसिडेन्ट्सकपसम्म पनि । त्रिभुवन च्यालेन्ज सिल्ड र बर्थकपजस्ता राजासँग जोडिएका प्रतियोगितादेखि गणतन्त्रसँग जोडिएको राष्ट्रपति कपसम्म पनि ।

सबैभन्दा बढी त सहिदसँग जोडिएको लिग नै भयो । लिगकै बेला पनि के मात्र देखिएन र ? दर्शकको उपद्रोदेखि खेलाडी र टिमका नाटकसम्म पनि । अन्धविश्वासी खेलाडी र क्लबका पदाधिकारी रंगशालाभित्र छिर्न पनि अनेक अनेक प्रपञ्च गर्थे । यो ढोकाबाट गए यस्तो हुन्छ, नगए यस्तो हुन्छ भन्ने विश्वास पहिल्यै हुन्थ्यो । धेरैको के विश्वास थियो भने उत्तरतिरको पोस्टमा बढी गोल हुन्छ । अब यस्तो किन हुन्छ, कसलाई के थाहा ? मसानघाट नजिक भएर पो कि ?

छ वर्ष अगाडिको भूकम्पले पूरा काठमाडौंसँगै दशरथ रंगशालालाई पनि नराम्रोसँग प्रभावित पारेको थियो । अझ भूकम्प आएकै दिन यहाँ यू १४ गर्ल्स फाइनल खेल थियो, बंगलादेश र नेपालबीच । त्यति बेला दुवै टिमका खेलाडी वार्म अप गर्दै थिए, एकाएक भूकम्प आयो । खेलाडीले त्यति बेला रंगशालाको मैदान गज्जबको चहलपहल देखेका थिए । मैदान त समुद्रमा आउने छालजस्तै तलमाथि भइरहेको थियो । भूकम्पछि त दशरथ रंगशाला केही समयका लागि धेरैको आश्रयस्थल भयो । त्यो मैदान खेल्नयोग्य भएन । न त रंगशालाका दर्शकदीर्घाहरू भार थाम्नयोग्य भए । तिनै भीमसेन थापालाई जस्तो लामो समय दशरथ रंगशालालाई बाँच्नु र मर्नुको स्थितिमा छोडियो । एक समय दशरथ रंगशाला पुग्दा भर्खर युद्ध सकिएर त्यसले तहसनहस बनाएको ठाउँजस्तै थियो, यो । जति बेला नेपालले कुवेतको सामना गर्नेछ, त्यति बेला दशरथ रंगशालाको इतिहासमा अर्को पाना थपिनेछ । अहिले फेरि एकपल्ट दशरथ रंगशालाले पुनर्जीवन पाउनेछ ।

भूकम्प गएको पनि छ वर्ष भइसकेको छ । यसबीच दशरथ रंगशालामा खेल्दै नखेलेका खेलाडी पनि धेरै निस्किसके । प्रशिक्षक पनि धेरै भए, दशरथ रंगशालाको अनुभव नबटुलेका । खेल पत्रकारमै पनि त्यस्तो नयाँ पुस्ता आइसक्यो, जसले अहिलेसम्म दशरथ रंगशालामा गएर रिपोर्टिङ गरेको छैन । तिनै पत्रकारले पनि सोध्दा हुन्, दशरथ रंगशालाबारे यस्ता कथा कसरी बुन्न सकिएको होला ? जहाँनिर गएर वर्षौं प्रत्येक दिनजस्तो रिपोर्टिङ गरियो, त्यसबारे धेरै कुरा किन थाहा नहोस् त ?

खासमा दशरथ रंगशाला वास्तवमै गज्जब छ, अझ रहस्यमय छ भन्दा पनि हुन्छ । नेपाली खेलकुद क्षेत्रलाई माया गर्नुपर्छ, त्यसले यस्ता सबैलाई आफूतिर तारिहेको हुन्छ । आखिरमा त्यो दिन पनि थियो, जति बेला लिगको खेलमा टिकट काटेर खेल हेर्न आएका दर्शकको संख्याभन्दा रिपोर्टिङ गर्न आएका पत्रकारको संख्या बढी हुन्थ्यो । यस्तो भन्दा बढी पनि हुन्न होला– दशरथ रंगशालामा नखेलेका के खेलाडी ? अनि त्यहाँ रिपोर्टिङ नगरेका के खेल पत्रकार ?

twitter : @himeshratna



समाज

सुशीला शर्मा

पितृसत्ता नै बोक्ने ?

एक दिन बिहानै टेम्पोमा चढियो अफिस जान । यात्रा गर्दा माइक्रो बसभन्दाबढी टेम्पो नै चढ्छु । त्यसमा पनि महिलाले दक्षताका साथ टेम्पो हाँकेको एकदमै राम्रो लाग्छ । यसले क्षमता बढाउन र आर्थिक रूपमा सबल हुन टेवा दिन्छ । यस्ता पेसा व्यवसायमा संलग्न हुँदा एक हिसाबले महिलालाई सशक्त पार्छ ।

सवारी चालकको पेसा एक आत्मविश्वासी, निडर, सक्षम खालको पेसा हो । एउटा दक्ष सवारी चालकले दैनिक सयौं यात्रीलाई सुरक्षित रूपमा गन्तव्यमा पुऱ्याउँछन् । महिला सवारी चालकहरूले पनि उस्तै सुरक्षित तरिकाले यात्रुहरूलाई गन्तव्यमा ओसारपसार गराइराखेका हुन्छन् । तर हाम्रो समाजमा, सवारीका अखडाहरूमा महिला चालकहरूप्रतिको धारणा नकारात्मक छ । उनीहरूलाई गरिने बोलीव्यवहार भद्दा खालका लाग्छन् कहिलेकाहीं ।

प्रायः महिला सवारी चालकले नियममा सवारी हाँक्ने, यात्रुहरूसँग खुसमिजासले बोल्ने, अन्जान यात्रुलाई सही गन्तव्यबारे बताइदिने गरेको पाउँछु । अहिले गर्न लागेको कुरा भने अलिक भिन्न छ ।

म जुन टेम्पोमा चढेकी थिएँ, त्यो टेम्पोमा अन्तकतैबाट एकजना महिला पनि चढेर आएकी थिइन् । उनी हेर्दा निराश र उदास देखिन्थिन् । उनी कुनै चिन्ता या सुर्तामा थिइन्, उनको भावभंगिमाले देखाउँथ्यो । टेम्पो निश्चित गन्तव्यमा रोक्दै यात्रु ओराल्दै, चढाउँदै अगाडि बढिरहेको थियो । जब टेम्पो जावलाखेल पुग्यो तब मात्र ती महिलाले भनिन्, 'मलाई लगनखेलमा रोकिदिनुस् है ।'

टेम्पो चालक महिलाले 'लगनखेल त अघि नै गइसक्यो, किन नओर्लेको ?' भनेर झपारिन् । ती महिलाले 'ल हेर, मलाई यहाँ कस्तो आपत् परिरहेछ, झन् केके आइलागेको' भन्दै ओर्लेर हिँड्न सुरु गरिन् । टेम्पो चालकले भनिन्, 'ल भाडा देऊ, अरू कुरा थाहा छैन ।'



ती यात्रु महिलाले भनिन्, 'मसँग पैसा छैन, यहाँ मलाई कस्तो दुःख परिरहेछ ।' यात्रु महिलाको कुरा सुनेर टेम्पो चालक निकै रिसाइन् । विवाद नचर्किएोस् भनेर मैले भनें, 'ल बैनी, उहाँको भाडा म तिरिदिन्छु जाऊँ ।' तर ती टेम्पो चालक महिलाले पैसा नतिरी जाने यात्री महिलालाई तथानाम गाली गरिन्, '...यति जनासँग... केके गरेर आको होला अनि अहिले टेम्पो चढ्दा पैसा छैन भन्छ ।' यति सुनेपछि असहज' जस्तो लागेर सोधें, 'के तपाईं उहाँलाई चिन्नुहुन्छ र ?' उनले बर्बराउँदै भनिन्, 'मान्छे हेर्दै थाहा भइहाल्छ नि । हेर्नु न कस्ती छे, लुगाको गति कस्तो छ । भर्खर सुतेर उठेको जस्तो... ।'

ती महिला चालकको टेम्पोमा धेरैपटक चढिसकेकी छु । बेलाबेला उनलाई पनि निकै तनाव र रिसाइरहेको देखेकी छु । कहिलेकाहीं फोनमा, सायद उनको श्रीमान्सँग झगडा गरिरहेको पनि पाइन्छ । आज उनले ती यात्री महिलालाई गाली गरिन् । उनले गाली गरेको दृश्य अरू यात्रीले देखेका सुनेका थिए तर सबैले नदेखे नसुनेझैं गरे ।

हुन त यात्रीको काम यात्रा गर्ने हो, म यात्रीमात्रै भएर बस्न सकिनँ । मेरो स्वभाव पनि अग्रसर भएर बोलिहाल्ने, कुनै विवादमा पक्ष लिइहाल्ने प्रकृतिको होइन । तर यहाँ चालक महिलाले यात्री महिलालाई गरेको खिसीटचुरी र अपमानजनक आक्षेपले भने मन अमिलो बनायो ।

धेरै नबोले पनि ती महिलाको पक्षमा केही बोल्नुपऱ्यो, 'उनलाई केही मानसिक समस्या परेको, पीर परेको पनि हुन सक्छ । कहिलेकाहीं सोच्दासोच्दै बाटो बिर्सन पनि सक्छ ।' मैले यति मात्रै के बोलेकी थिएँ, ती चालक महिलाले कडा आरोप लगाइन्, 'केको मानसिक समस्या हुनु नि ? धेरै जनासँग शारीरिक सम्बन्ध राखेर (उनको भाषा अर्कै थियो, मलाई त्यो शब्द राख्न मन लागेन) त्यस्तो भाको ।'

म निःशब्द भएँ उनको नकारात्मकता मिसिएको आक्रोश देखेर । अब म धेरै बोलिनँ चालकसँग । मेरो गन्तव्य पनि आइसकेको थियो । म आफ्नो र अघि झरेकी महिलाको समेत भाडा तिरेर टेम्पोबाट झरें ।

मनमा कुरा खेलिरहयो– हामी मान्छे अरूबारे कति छिटो अनुमान लगाउँछौं, मनपरी धारणा बनाउँछौं, अझ गाली पनि गर्छौं, रिसाउँदै । वस्तुगत परिस्थिति नबुझी कुनै पनि मान्छेलाई 'जजमेन्ट' गर्ने अनुमान सतही हुन सक्छ । हामीले जन्मँदै यस्ता सोचाइ लिएर आएका त होइनौं, हुकँदै गर्दा हाम्रो जात व्यवस्था, लैंगिक द्वेष र उचनिचको सामाजिकीकरणले जजमेन्ट गरिरहेको हुन्छ ।

केही दशकयता हाम्रो मस्तिष्क निकै सतही र नकारात्मक बनेको । सामाजिक, सांस्कृतिक र पारिवारिक रूपमा आएका विखण्डन तथा व्यक्त हुने तिक्तता र वितृष्णा नै यसका उदाहरण हुन् । झन् नेपाली समाजमा महिलाहरूको चौघेरो सीमित छ । विविधतापूर्ण भावनालाई सहजताका साथ स्वीकार गर्न, घुलमिल हुन र फराकिलो दृष्टिकोण अपनाउन चिन्तन, मनन र अध्ययनको खाँचो पर्छ, जुन महिलाहरूले विरलै पाउँछन् । पितृसत्ताले 'महिलाको शत्रु महिला हो','पोथी बासेको' जस्तो पगरी गुथाएर महिलाहरूलाई मौनताको संस्कृतिमा हुर्काएकाले पुरुषको तुलनामा महिलाहरूले कतिपय मामिलामा साँघुरा घेरा नाघ्न सकेका छैनन् ।

ती टेम्पो चालक महिला आफैं पनि पितृसत्ताबाट पीडित भइरहेको, अनगिन्ती पारिवारिक र सामाजिक समस्याबाट गुज्रिरहेको हुन सक्छिन्, हामी पनि कैयौं अप्ठ्यारा परिस्थितिमा रुमल्लिइरहेका छौं । यस्ता दैनिक समस्याले हामीहरूलाई साँच्चैको मानसिक रूपमा विचलित बनाइराखेको हुन्छ । २१ औं शताब्दीमा पनि हामी नेपाली महिलाहरू सामन्ती संस्कृति र पितृसत्ताबाट आक्रान्त छौं । मानसिक र शारीरिक रूपमा अस्वस्थ भए पनि तत्काल उपचार गर्ने संरचनामा पहुँच कम छ । हाम्रा मानसिक अवस्थाकै कारण हाम्रो अनुहार र लवाइखवाइ पनि बिग्रिराखेको हुन पनि सक्छ ।


यस्तो अवस्थामा सुनेका कुराको भरमा, झुलुक्क देखेका बाहिरी आवरणको आधारमा संगतै नगरी, वास्तविक जीवनको जानकारी नै नभई तुरुन्तै धारणा र अनुमान लगाउनमा हामी खप्पिस र अनुभवी छौं । यस्तो सामाजिक अविकास, अचेतना र पछौटेपनका कारण हामी उत्पीडित महिलाले उत्पीडनमा परेकी अरू महिलालाई नानाथरी शंका-उपशंका गर्दै आरोप लगाउनसम्म पुग्छौं ।

यी सबै कुराले फेरि पनि पितृसत्तालाई नै फाइदा दिइराखेको त छैन ? महिलाका बाहिरी आवरण हेर्दै मनगढन्ते विचार बनाउँदा पुरुष प्रभुत्वलाई नै टेवा दिइरहेका त छैनौं ? पितृसत्ताको अचानोमा पिल्सिएका महिलाहरूकै घाउमा नुनचुक दलेर मर्दवादको आँत शीतल बनाउने काम त गरिराखेको छैनौं ? यस्ता अनेक प्रश्नबारे विचारविमर्श हुनु जरुरी छ ।

यो यात्राको सन्दर्भ त सानो उदाहरण मात्र हो तर आमरूपमा महिलाहरूप्रति गरिने व्यवहार यस्तै नै छ । ती दुई महिलामा पनि एउटी अलि सक्षम छिन् आर्थिक रूपमा । अरूलाई केही भन्न सक्ने छिन् अलि थर्काउन पनि । त्यस्तै परे आइलाग्नेमाथि जाइलाग्न पनि सक्ने देखिन्छिन् । सायद उनले गरेका संघर्षको क्रममा पुरुष सहकर्मीले गर्ने हेला, गालीगलौज, व्यंग्यलाई सामना गर्न आफूलाई यस्तो बनाइन् । यो आवश्यक पनि हुन सक्छ उनका लागि । तर आफूमाथि गरिएको उत्पीडन र अपमानको साटो आफूजस्तै अर्को एक अनजान महिलाप्रतिको अड्कल कत्तिको उचित होला ? टेम्पो चालक महिला थाहै नपाई अन्ततः पितृसत्ताकै बाहक बनिन्, जुन वर्तमान संरचना र संस्कृतिले खोज्छन् ।

गर्नुपर्ने त उत्पीडनका माखेसाङ्लोमा बाँधिएका अनगिन्ती महिलाबीच एकअर्कालाई समस्यामा परेका बेला मल्हमपट्टी लगाउने हो, हातेमालो गर्दै सघाउने हो । त्यत्ति गर्न सक्दा पनि महिलामहिलाबीच सम्मान र सहकार्य बढ्थ्यो अनि सिंगो परिवार र समाज नै सुन्दर र शान्त राख्न मद्दत पुग्थ्यो कि ?

व्यक्ति



गोकर्ण गौतम

‘दुई थोपा’ जीवन

२० वर्षमा एसिडबाट जलेकी विन्दावासिनी कंसाकारले बाँच्न र न्याय पाउन गरेको संघर्षको कथा ।

सुवास बिडारी





चिकित्सकहरू भन्छन्, ‘एसिडको दुःखाइ असीमित हुन्छ ।’ गणितको भाषामा भन्दा ‘इन्फिनिटिभ’ । साढे पाँच वर्षदेखि यस्तै अवर्णनीय पीडाको सामना गरिरहेकी छन्, विन्दावासिनी कंसाकार । ०७० वैशाख ९ हेटौंडास्थित आफ्नै घरमा उनीमाथि एसिड प्रहार भएको थियो ।

शारीरिक रापभन्दा कम कष्टकर छैन, न्याय नपाउँदाको मानसिक ताप । कसैको प्रेम प्रस्ताव अस्वीकार गर्नु गल्ती हो र ? हो भने उनको ‘गल्ती’ त्यति हो, उनीमाथि तेजाब खनाउनुको । त्यो पनि अरू होइन, उनले दाई मान्नेले । विन्दावासिनीकी फुपूकी छोराका साथी थिए, दिलीप राजकेशरी । जो एसिड हान्नासाथ फरार भएको भयै गरे ।

यो दोहोरो चोटले कति पोल्दो हो ? दुई वर्षअघि विन्दावासिनीसँग कुरा भएको मेरो । तेजावले शरीर जले पनि अपराधीलाई सजाय दिलाउने उनको दृढता जलेको थिएन, धरमराएको पक्कै थियो । उनले भनेकी थिइन्, ‘त्यो समातिए मेरो दुःखाइ मत्थर हुन्थ्यो । मलाई अरू केही चाहिन्न, जसरी हुन्छ, त्योसँग बदला लिनु छ, त्यसलाई पश्चत्तापमा जलाउनु छ । त्यसैले अन्तिम श्वास रहेसम्म त्यसलाई पक्राउ गर्न प्रहरीकहाँ धाइरहन्छु ।’

विन्दावासिनीको त्यो नियमित खबरदारी कामयाब भएको छ । नोभेम्बर १ मा राजकेशरी समातिए । उनी भारत गोरखपुर स्थायी निवासी हुन् । उतै लुक्दै आएका थिए । नेपाल पसेको विशेष सूचनापछि मकवानपुर र बाराको संयुक्त प्रहरी टोलीले उनलाई पक्राउ गऱ्यो । विन्दावासिनी भन्छिन्, ‘अब कम्तीमा अरूबाट सहानुभूतिको शब्द सुन्नु पर्दैन, अपराधी पक्रन नसकेकोमा मलाई ग्लानिबोध हुन्न र एक्लै बसेर रुँदिनँ ।’

२० वर्षमा एसिडबाट उनले बाँच्न र न्याय पाउन गरेको संघर्षको कथा हो यो ।

हेटौंडामा विन्दावासिनीको परिवारको भाँडा पसल छ । कलेज छुट्टी हुँदा उनी पसलमा सघाउँथिन् । त्यस दिन पनि पसलमै थिइन् । हातमा पोको बोकेर राजकेशरी उनीतिर आए । प्रेम प्रस्ताव अस्वीकार गरेदेखि त्यो केटाले सताइरहेको थियो, त्यसैले पसल छिरेपछि ‘यहाँबाट जा’ भनिन् । अरू बेला रूखो बोल्ने केटा आज मीठो बोल्न खोज्दै थियो । ‘हजुरआमालाई मह त्याइदिएको छु’ भन्दै हातमा बोकेको बट्टा दिन थाल्यो । घरका अन्य सदस्यसँग पनि उसको चिनजान भएकाले बट्टा समाइदिन खोजिन् तर हातमा नपर्दै बिर्को खोल्यो र उनको अनुहारतिर हुत्याइदियो ।

त्यो मह थिएन, एसिड थियो ।

सुरुमा विन्दावासिनीलाई तातो पानी खन्याएझैं पोल्यो, एसिड होला भन्ने हेक्कै भएन । अति पोलेपछि चिच्चाइन्, वरपरका मान्छे आए, नजिकैको हेटौंडा सामुदायिक अस्पताल लगियो । त्यो पीडादायी पल यसरी सम्झन्छिन्, ‘एसिडले जलेर छट्पटिरहँदा पनि दिमागमा किन यस्तो गऱ्यो होला भनेर सोचिरहेको थिएँ, केही समयपछि सोच्न पनि नसक्ने भएँ ।’ अनुहारमा सीधै एसिड हाने पनि चस्मा लगाएकाले आँखा पूरै जलेन तर चर्को असर परेको थियो । त्यसैले नजिकैको आँखा अस्पताल रिफर गरियो । त्यहाँ हल्का सफा गरेपछि काठमाडौं जोरपाटीस्थित नेपाल मेडिकल कलेज ल्याइयो । अनुहार सुन्निँदै गएपछि आँखा बन्द भयो । त्यसपछि फेरि तिलगंगा पुऱ्याइयो । एकै दिन चार अस्पतालमा दौडादौड । अथाहा पीडाको शृंखला त भर्खर सुरु पो हुँदै थियो ।

भोलिपल्ट फेरि मेडिकल कलेज लगियो । चिकित्सकहरू आँखाको ज्योति फर्काउन सक्दो प्रयास गरिरहेका थिए तर ढुक्क थिएनन् । अब देख्दिनँ होला भनेर रोएको रोयै गर्थिन् । जलेको दुःखाइ पनि सहिनसक्नु थियो । पाँच दिनपछि आँखा हल्का खुल्यो तर देखेको कुरा ठम्याउनै नसक्ने भइन् । सबथोक धमिलो, छेवैका बुवालाई जसोतसो चिन्थिन् । आँखाबाट पानी बगेको बग्यै गर्थ्यो, दुई घण्टामा एउटा रुमाल भिज्थ्यो, पाँच-पाँच मिनेटमा औषधि हाल्नुपर्थ्यो । आँखा अलि सन्चो भएपछि घुँडामाथिको छाला काटेर अनुहारको जलेको भागमा सर्जरी गर्न थाले चिकित्सकहरू । तिघ्रामा त केही भएको थिएन नि, तर छाला काट्नुपर्दा त्यहाँ पनि दुःखाइ थपियो । अझ आँखाको परेलीतिर टाका हान्दा त मरेतुल्य हुन्थिन्, पेनकिलरले समेत काम गर्न छोडेपछि, आँखा खोलेको वा बन्द गरेको, अरूले चालै नपाउने । यसको लागि फेरि छुट्टै उपचार गर्नुपऱ्यो ।

> यस्तो दिन पनि आयो, आफ्नो अनुहार देख्दा आफैं तर्सिनुपऱ्यो । तीन महिनाको कष्टकर अस्पताल बसाइपछि घर जान पाइन् तर घाउ फेरि बल्झन थाल्यो । सर्जरी गरेको छाला हावाका कारण बाक्लो हुँदै गएछ, त्यसैले फेरि तिघ्राबाट छाला निकालेर सर्जरी गर्नुपऱ्यो ।

यस्तो दिन पनि आयो, आफ्नो अनुहार देख्दा आफैं तर्सिनुपऱ्यो । तर, सहनुको विकल्प थिएन । तीन महिनाको कष्टकर अस्पताल बसाइपछि घर जान पाइन् तर घाउ फेरि बल्झन थाल्यो । त्यसपछि थप उपचारका लागि दक्षिण भारतको मधुरै पुगिन् । काठमाडौंमा सर्जरी गरेको छाला हावाका कारण बाक्लो हुँदै गएछ, त्यसैले फेरि तिघ्राबाट छाला निकालेर सर्जरी गर्नुपऱ्यो । डबल दुःखाइ !

पहिलोपटक मधुरैको अस्पतालमा डेढ महिना बसिन् । यसबीच २० पटक त अप्रेसन नै भयो । उनका अनुसार ८० लाख रुपैयाँ खर्च भइसकेको छ तर ‘बर्न सरभाइभर नेपाल’ बाट ३० हजारबाहेक अन्त कहींबाट सहयोग पाएकी छैनन् । सरकारले खर्च बेहोरिदियोस् भन्ने चाहना छ उनको किनभने अहिले पनि तीन-तीन महिनामा उपचार गर्न त्यहाँ जानुपर्छ । धूलो र धूवाँबाट जोगाउनुपर्छ । छिन-छिनमा हात धुनुपर्छ । फोहोर हातले अनुहारमा छोए ‘एलर्जी’ हुन्छ । चस्मा नलगाई हिँड्ने अवस्था छैन । आँखाबाट हर पल पानी बग्छ, औषधि हालिरहनुपर्छ । घाउ पोलिरहन्छ ।

तर घाउभन्दा बढी पोल्थ्यो, अरूले ‘विचरा’ भनेर सहानुभूति पोख्दा । त्यसैले सुरुआती दिनहरूमा सकेसम्म अरूबाट भाग्न खोज्थिन् । मन हल्का हुने गरी रुन पनि मिल्दैन थियो, आँखामा असर गर्ने भएकाले । घरबाहिर निस्कन मन लाग्थ्यो तर धूलो, धूवाँ र बत्तीले पोल्थ्यो । थोरै यताउता भए घाउ चर्किहाल्थ्यो । यता, अपराधी पक्राउ पर्ने कुनै छाँटकाँट थिएन । उनी भन्छिन्, ‘अपराधी नसमातिएकाले एकातिर फेरि आएर हान्छ कि भन्ने डर हुन्थ्यो, अर्कातिर सजाय दिलाउन सकिनँ भनेर हीनताबोध हुन्थ्यो ।’ विडम्बना के भने अपराधी समात्न प्रहरीले सुरुबाटै हेल्चक्रचाइँ गऱ्यो, महत्त्व नै दिएन ।

एसिड हान्नासाथ ठूलोबुबाले अस्पताल लगे, बुबा प्रहरी कार्यालय पुगेर रिपोर्ट लेखाए । त्यतिबेला प्रहरी अधिकारीले यस्तो प्रतिक्रिया दिएछन्, ‘ए, भारतमा एसिड प्रहारका घटना बढी छ, अब नेपालमा पनि हुनथालेछ ।’ विन्दावासिनी भन्छिन्, ‘मेरी छोरीमाथि एसिड हानियो भनेर बुबा रुँदै प्रहरीकहाँ पुग्दासमेत गम्भीरता देखाइएनछ, सानोतिनो चोरीको घटनाजस्तै सामान्य रूपमा लिइएछ, हुन्छ हामी हेर्छौं भनेर बुबालाई पठाएछन् ।’ उनलाई के लाग्छ भने प्रहरीले संवेदनशीलता देखाए भए त्यतिबेलै अपराधी समातिन्थ्यो ।

एसिड हानेपछि पसलअगाडि रोकिराखेको नीलो पल्सर बाइकमा चढेर राजकेशरी भागेका थिए । केही समयपछि प्रहरीकै अनुसन्धानबाट खुलेको थियो, एसिड हानेर घर आई कपडा परिवर्तन गरेर उनी भारत छिरेका थिए । विन्दावासिनीको घरबाट राजकेशरीको घर पुग्न बाइकमा चार मिनेट जति लाग्छ । त्यहाँबाट बोर्डर क्रस गर्न अर्को तीन घण्टा । तर प्रहरीको कमजोरीको कारण अपराधी सजिलै उम्किए ।

अस्पताल पुऱ्याएको केही समयपछि विन्दावासिनीको मोबाइल ‘अफ’ गरिएको थियो, एकैपटक दुई महिनापछि ‘अन’ गरिन् । पहिल्यै आएको तर नखोलिएको म्यासेज रहेछ, आँखाले स्पष्ट नदेख्ने भएकाले गहिरिएर हेरिन् । एसिड हान्नासाथ त्यही केटाले गरेको म्यासेज रहेछ, ‘तँ पहिलो होस्, दुई जना अरू बाँकी छन् ।’ यत्ति दुई लाइनको म्यासेज पढ्न उनलाई आधा घण्टा लागेछ । पढ्न मिस्टेक भयो कि भनेर बुबालाई देखाइन्, त्यही लेखिएको रहेछ, त्यसपछि उनीहरूले मकवानपुरका एसपीलाई जानकारी गराए । प्रतिक्रिया आएछ, ‘ए हो र, हामी हेर्छौं ।’ उनका अनुहार त्यहीताका उनलाई नेपालकै नचिनेको नम्बरबाट फोन आएको थियो । आवाजबाट चिनिहालिन्, त्यही केटाको रहेछ, हत्तपत्त फोन बुबालाई दिइन्, तर फोन कटचो । विन्दावासिनी भन्छिन्, ‘हामीले प्रहरीलाई खबर गऱ्यौं तर नेपालकै नम्बरबाट फोन आएको छ भन्दा पनि चासो दिइएन ।’

मकवानपुरमा प्रहरी प्रमुख फेरिएपिच्छे, विन्दावासिनी बिन्ती बिसाउँथिन् । सबैको उत्तर प्रायः उस्तै हुन्थ्यो, ‘अपराधी भारतीय नागरिक हो, भारत पुगेर समात्न मिल्दैन । नेपाल भारतबीच सुपदर्गी सन्धि छैन ।’ यस्तै-यस्तै । कोही-कोही त केसको फाइल बन्द भइसकेको समेत भन्थे । उनी पनि बिर्सन खोज्थिन् तर घाउको पोलाइले बिर्सनै दिँदैन्थ्यो, अस्पतालमा हरेकपटक लेजर गर्दा फेरि एसिडले हानेजस्तै पोल्थ्यो । साथीभाइ र आफन्तहरू चोट बल्झाइरहन्थे, ‘तिम्लाई एसिड हान्ने समातिएन है ?’ टाउको निहुराउनु र एक्लै बसेर रुनुको विकल्प हुन्थेन । ‘न्याय पाइएला भन्ने आस हराउँदै गएपछि डिप्रेसनमा फसें, बाँचेर त्यसलाई सजाय दिन सकिनँ, अब मर्छु अनि आत्माले त्यसलाई खान्छु भनेर आत्महत्या गर्न मन लाग्थ्यो,’ सुक्सुकाउँदै सुनाइरहिन्, ‘तर बुबाआमाको माया सम्झन्थें, म एक्ली छोरी, यति धेरै माया गर्नुभएको छ, मरें भने उहाँहरूको पाप लाग्छजस्तो लाग्थ्यो । त्यसैले मर्न सकिनँ ।’


गत फागुनमा विन्दावासिनीको साथीको नयाँ दिल्लीमा राजकेशरीसँग जम्काभेट भएछ । ती साथीले फोटो खिचेरै पठाइदिएछन्, जसले उनमा अपराधी समातिने आशा जगायो । कसैले उनलाई सुनाइदिएको रहेछ, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले चाहचो भने भारत पुगेरै अपराधी समात्न सक्छ । त्यसैले नयाँ फोटो पाउनासाथ सीआईबीलाई उपलब्ध गराउने प्रयास गरिन् तर पहुँच पुगेन । त्यसैले मकवानपुर प्रहरीलाई नै दिइन् । त्यति गर्दा पनि खासै गम्भीरता नदेखाएको गुनासो छ उनको । तर यो फोटो विभिन्न सञ्चारमाध्यमबाट प्रकाशित भएपछि बाराका प्रहरी निरीक्षक सागरशमशेर राणाले सम्पर्क गरेछन् । यही बेला राजकेशरी नेपाल छिरेपछि राणाकै टोलीले पक्राउ गऱ्यो ।

जब राणाले पक्रेको खबर सुनाए- विन्दावासिनीलाई सपनाजस्तै लागेछ । आँखा रसाए, शरीर तात्यो । कष्टका एक-एक पल सम्झिन् । र, निष्कर्षमा पुगिन्- त्यसलाई देख्नासाथ पिट्छु । बदलाले भरिएर प्रहरी कार्यालय पुगिन् । प्रहरी, पत्रकार र अरू मान्छे देखेपछि आफूलाई सम्हालिन् । उनलाई लागेको थियो– उसले शिर निहुराउँछ, अनुहारमा हेर्दैन तर आँखा तरेछ । त्यसपछि आफूलाई रोक्नै सकिनछन्, झम्टिहालिन् । राजकेशरीले आँखा तरेको, उसको अनुहारमा डर र पश्चत्तापको भाव नभएको भिडियोमा प्रस्टै देखिन्छ । पिट्न खोजेपछि प्रहरीले उनलाई रोके । उनी आक्रोशित हुँदै भन्छिन्, ‘त्यसले मलाई एसिड हान्यो, मैलेचाहिँ त्यसलाई थप्पड पनि हान्न नपाउने ? त्यसको गाला चड्काउन पाएको भए मन शान्त हुन्थ्यो ।’

अपराधी त समातियो तर फितलो कानुनले उम्केला भन्ने भय छ । नयाँ मुलुकी संहितामा अनुहारमै एसिड परेको छ भने आठ वर्ष र शरीरको अन्य भागमा जतिसुकै क्षति पुऱ्याए पनि तीन वर्ष कैद हुने व्यवस्था छ । त्यति आततायी अपराधका लागि यति कमजोर कानुन ! ‘एसिड हानेर जीवन बर्बाद पार्नेलाई फाँसी नै हुनुपर्छ । त्यति नभए पनि जन्मकैद हुनुपर्छ,’ विन्दावासिनीको डर मिसिएको सवाल छ, ‘चार-पाँच वर्ष जेल बसेर छुट्टेपछि फेरि एसिड नहान्ला भन्ने के भर ? त्यसको जिम्मा कसले लिन्छ ?’

फोकस आउट

फरक स्थान !



हेमन्त श्रेष्ठ

तीन साताअघि नेपाली क्रिकेट टिमको कप्तानबाट राजीनामा दिएका पारस खड्का त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा मेरिलेबोन क्रिकेट क्लब (एमसीसी) विरुद्ध नेपालको खेल हेर्दै । नेपालले चौध वर्षपछि प्रथम श्रेणीको क्रिकेट खेलिरहँदा गएको एक दशक नेपालको नेतृत्व गरेका पारस मैदानको सट्टा स्कोरबोर्डको माथि खुला छानामा थिए ।



बसिबियाँलो



वात्स्यायन



शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५८ विराटनगर | २३ कात्तिक २०७६ शनिबार कार्तिक शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 9, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

लिपुलेकमा पस्नै पाउँदैनन् नेपाली



भारतीय पक्षले अतिक्रमण सुरु गरेको नेपाली भूमि गुञ्जी क्षेत्रस्थित महाकाली नदीमा मिसिँदै लिपुखोला । भारतले यही लिपुखोलालाई काली नदी भन्दै आएको छ । नदीदेखि बायाँतिर भारतले नेपाली भूमिमा बनाएका सुरक्षा क्याम्पहरू । यहाँ भारतीय सेना, सीमा सुरक्षा बल र भारत-चीन सीमा सुरक्षा प्रहरी बसेका छन् । *तस्बिर : मनोज बडू/कान्तिपुर*

■ **मनोज बडू** (दार्चुला)

लिपुलेक र कालापानी क्षेत्रमा भारतले ०१८ सालदेखि नै सुरक्षाकर्मी राखेर नेपालीको प्रवेशमा कडाइ गर्दै आए पनि सरकारले चासो नदिएकोमा स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् ।

राज्यकै सामरिक महत्त्व बोकेको यो भूमिलाई भारतले आफ्नो नयाँ राजनीतिक नक्सामा राखेपछि

सीमाबारे छलफल गर्न प्रधानमन्त्रीले डाके सर्वदलीय बैठक | पृष्ठ २

फिर्ता हुने सम्भावना घट्दै गएको उनीहरूको भनाइ छ । उक्त क्षेत्रमा हाल नेपालीलाई भारतीय सुरक्षाकर्मीले पस्नै नदिएको स्थानीय दानसिंह तिंकरीले बताए । '६० सालपछि भारतले हामीलाई पस्नै दिएको छैन', उनले भने, 'अहिले चीनसित व्यापार गर्न तिंकर भञ्ज्याङको नाका प्रयोग गर्नुपरेको छ ।' पचासको दशकसम्म नेपाली र भारतीयले लिपुलेकबाटै चीनको ताक्लाकोटसित व्यापार गर्ने गरेका थिए । तर माओवादी द्वन्द्व चर्किएको बहानामा भारतीय पक्षले उक्त क्षेत्रमा नेपालीलाई प्रवेशमा कडाइ गरेको हो ।

बाँकी पृष्ठ २

अन्तिम घडीमा प्रधानमन्त्रीको निर्देशन

ई-पासपोर्ट छाप्ने अन्तर्राष्ट्रिय बोलपत्र रद्द

सरकारको 'जी टु जी' प्रयास

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना प्रक्रिया अघि बढाउने भन्दै ५० लाख ई-पासपोर्ट छाप्न परराष्ट्र मन्त्रालयले आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर सरकारले रद्द गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रत्यक्ष निर्देशनमा बोलपत्र प्रक्रिया बिहीबार राति रद्द गरिएको हो ।

बोलपत्र रद्द गर्नेबारे बिहीबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताए । मेसिन रिडेबल पासपोर्ट (एमआरपी) पछि नेपाल आगामी असार महिनादेखि 'ई-पासपोर्ट' मा जाने भएपछि नयाँ पद्धतिको पासपोर्ट छपाइका लागि गत भदौ १० मा परराष्ट्र मन्त्रालयको राहदानी विभागले बोलपत्र आह्वान गरेको थियो । सुरुको ४५ दिने बोलपत्रको म्याद टुंगिएपछि २२ दिन र त्यसपछि ७ दिनका लागि म्याद थपेर शुक्रबार दिउँसो बोलपत्रका सबै प्रस्ताव सार्वजनिक गरिने टुंगो भएको थियो । 'अन्तिम घडीमा रद्द भए पनि विस्तृतमा मलाई जानकारी भएन,' राहदानी विभागका महानिर्देशक रामकाजी खड्काले भने ।

विधानसम्मत बोलपत्र प्रतिस्पर्धालाई अन्तिम घडीमा रद्द गरिएको अवस्थालाई जानकारहरूले अनौठो मानेका छन् । ५० लाख पासपोर्ट विदेशमा एकैचोटि लगेर छाप्ने परराष्ट्रको निर्णयप्रति असन्तुष्ट रहेका प्रधानमन्त्री ओलीले दुई साताअघि परराष्ट्रका सम्बद्ध अधिकारीलाई आफ्नो धारणा सुनाएका थिए । असंलग्न आन्दोलन सम्मेलनमा भाग लिन गत कात्तिक ८ मा बाकु भ्रमणमा जानुअघि उनले राहदानी विभागका महानिर्देशक खड्कासहितका पदाधिकारीलाई बालुवाटार बोलाएर ई-पासपोर्टको अन्तर्राष्ट्रिय बोलपत्र आह्वान प्रक्रियाप्रति चर्को असन्तुष्टि प्रकट गरेका थिए ।

प्रधानमन्त्रीले प्रमुख सल्लाहकार विष्णु रिमाल र मुख्य सचिव लोकदर्शन रेग्मीलाई साथमै राखेर 'मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना गर्न लागिरहेका बेला पासपोर्ट छाप्न विदेश पठाउनु उचित नरहेको' बताएका थिए । प्रधानमन्त्रीले 'ई-पासपोर्ट छाप्न कम्तीमा १० वर्ष पुरानो कम्पनी किन चाहियो ?' भन्दै बोलपत्रमा राखिएको सर्तप्रति पनि



आपत्ति जनाएका थिए । पुरानो प्रविधिको कम्पनी र मेसिनको औचित्य नरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले ई-पासपोर्टमा आउने 'ब्याक एन्ड ह्वाइट फोटो'को औचित्य नरहेको र एकैचोटि ५० लाख संख्यामा पासपोर्ट छाप्नुको अर्थ नरहेको पनि उल्लेख गरेका थिए । उनले ई-पासपोर्ट बोलपत्र प्रक्रियामा असन्तोष जनाउँदै लगातार दुई घण्टा 'निर्देशन' दिएपछि उक्त प्रक्रिया खारेज हुन सक्ने संशय परराष्ट्र वृत्तमा बढिसकेको थियो ।

ई-पासपोर्ट छपाइको बोलपत्र रद्द गरिएपछि, सरकारले एक फ्रान्सेली कम्पनीबाट सिधै 'जी टु जी' (सरकारी तह) प्रक्रियामार्फत पासपोर्ट छपाएर ल्याउन चाहेको जानकारको भनाइ छ । यसअघि नेपालमा सुरक्षा प्रेस स्थापनार्थ प्राविधिक सहयोग लिने भनेर गत मार्चमा समझदारी गरिएको फ्रान्सेली सरकारको स्वामित्वमा रहेको 'इन-ग्रुप' लाई ई-पासपोर्ट छपाइमा अनुमति दिइने स्रोतले जनाएको छ ।

'यो कम्पनीले सुरुमा १० लाख ई-पासपोर्ट निःशुल्क छपाइ गरिदिने र बाँकीको हकमा प्रतिपासपोर्ट ८ डलर रकम लिने सेवासर्त अघि बढाएको छ,' प्रधानमन्त्री कार्यालय सम्बद्ध स्रोतले भन्यो । तर, बंगलादेशमा समेत सुरक्षा प्रेस स्थापना गर्ने भनेर सन् २०१६ मा काम थालेको यही इन-ग्रुपले हालसम्म पासपोर्ट छपाइ गर्न नसकेको अवस्था छ ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार 'खुला प्रतिस्पर्धामा जानैपर्ने' प्रावधान पछ्याएर पासपोर्ट छपाइमा परराष्ट्रले गरेको बोलपत्र खारेज भएपछि अब १ वर्षपछि पासपोर्ट वितरणमा आउन सक्ने देखिएको छ । राहदानी विभागका महानिर्देशक रामकाजी खड्काका अनुसार अब झन्डै साढे ७ लाख साधारण एमआरपी विभागसँग रहेको छ ।

बाँकी पृष्ठ ३

भक्कानिइरहन्छन् डा. केसी

■ **डीआर पन्त** (डडेलधुरा)

दुर्गम अजयमेरुबाट भेट्न आएका जयबहादुर ऐर र डोटीको बान्डुग्री सैनका हिक्मत बलायर शुक्रबार दिउँसो डा. गोविन्द केसी अनशन बसेको कोठाबाट आँसु पुछ्दै निस्किए । त्यतिबेला गेटमा पहरा दिइरहेका दुई प्रहरी, कोठामा ब्लड प्रेसर जाँच्न आएकी स्वास्थ्यकर्मी र डडेलधुराकै ईश्वरीप्रसाद भाटका पनि आँखा रसाएका थिए ।

भेट्न आउनेहरूसँग कुरा गरिरहँदा डा. केसी बेलाबेला



भक्कानिन्छन् । यो देखेर आउनेहरूको मन थामिँदैन । उनीहरूका आँखा रसाइहाल्छन् । शुक्रबार पनि त्यस्तै भयो, ऐर र बलायरसँगको भेटमा । 'म आफू र आफन्तका लागि या कुनै माफियाको फाइदाका लागि अनशन बसेको हुँदै होइन,' डा. केसी भन्दै थिए, 'बाजुरादेखि ओखलढुंगासम्मका गरिब जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भनेर अनशन बसेको हुँ ।'

डडेलधुरा अस्पताल नजिकैको एउटा चिसो कोठामा स्वास्थ्य र चिकित्सा शिक्षा क्षेत्र सुधारको माग गर्दै अनशन बसेका डा. केसीलाई भेट्न आउने जोसुकैलाई पनि उनी भन्न छुटाउँदैनन्, 'संविधानले दिएको अधिकार माग्दा सरकारले अपराधी जस्तो व्यवहार गऱ्यो । राजनीतिक नेतृत्व जनताप्रति उत्तरदायी भएन ।' जुन अधिकार जनताका नाममा नेताले सहजै उपभोग गरिरहेका छन्, त्यो अधिकार सर्वसाधारणले नपाएको डा. केसीको आरोप छ । 'स्वास्थ्य शिक्षा र चिकित्सा क्षेत्रबाट हुने अवैध आम्दानीका कारण यसको सुधारका लागि कुनै पनि सरकारले उत्साह देखाएनन्,' उनले गुनासो गरे । विगतका सरकारले आफूसँग के कस्ता सम्झौता

स्वास्थ्यमा समस्या आएपछि शुक्रबार साँझ अस्पताल भर्ना

गरे ? प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका कस्तो रह्यो ? आफ्ना मागप्रति दलका शीर्ष नेताले कस्तो व्यवहार गरे भन्नेलगायत विवरण सुनाउँदा उनी आफैंलाई सम्हाल्न सक्दैनन् । र, भक्कानिन्छन् ।

अनशन बसेको पाँचौं दिनसम्म राज्यका निकाय र जनप्रतिनिधिले डा. केसीका मागमा चासो देखाएका छैनन् । 'यति पवित्र भावना बोकेर जनताका लागि लड्ने अभियन्ता मैले कमै देखेको छु,' भाटले भने, 'डा. केसीका विचार सुनेर सेवाको परिभाषा के हो भन्ने बुझ्न पाएँ ।' उनको आफ्नो भन्नु कोही छैन ।

बाँकी पृष्ठ २

सावधानी सूचना ।

ट्रेडमार्क

B M C

बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५
फोन नं: +९१-११-४७०५९१०१/०२/०३/०४/०५
वेब: www.bawamasalacompany.com ईमेल: ips@bawamasala.com

यस सार्वजनिक सूचना हाम्रो सेवाग्रही **श्री बावा मसाला कम्पनी**, बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५ तल देखाइए बमोजिमको मसालाहरुको सम्बन्धमा रहेको ट्रेडमार्क **BMC** र लोगोहरुको नेपालमा स्वामित्व रहेको दर्तावाल प्रोप्राइटर हो र उक्त ट्रेडमार्क र लोगोहरु मान्य, कायम र कार्यान्वयनमा रहेका छन् भन्ने जानकारी सर्वसाधारण सबैमा पुऱ्याउनका लागि यस सुचना जारी गरिएको छ ।

B.M.C. REGD. TRADE MARK

B M C

हाम्रो सेवाग्रहीको जानकारीमा आए अनुसार केहि व्यक्तिहरुले हाम्रो सेवाग्रहीको जस्तै प्याकेजिङ्ग तथा माथि देखाइए बमोजिमको लोगोसंग मिल्दो लोगो समेत प्रयोग गरि **नक्कली मसाला उत्पादन र बजारीकरण** गरिरहेका छन् । हाम्रो सेवाग्रहीको **BMC** ट्रेडमार्क भएको सक्कली उत्पादन नेपाल भित्र खरिद गर्न चाहने वा उत्पादनको वास्तविकताका बारेमा प्रश्न भएमा जो कोहीले देहाय बमोजिमका हाम्रो सेवाग्रहीका वितरकहरुलाई सम्पर्क गर्न सक्नुहुनेछ ।

१. **सुयश सप्लायर्स**, जनकपुर-१४, धनुषा जिल्ला, जनकपुर-१, नेपाल, फोन नं. ९८५४०२०७०१
२. **काठमाडौं भेराईटी सप्लायर्स प्रा. ली.**, नयाँबजार, खुसिबु, टाउन प्लानिङ्ग, सुगम मार्ग, काठमाडौं नेपाल, फोन नं. ९८०१०२२७९६
३. **नारायणी इन्टरप्राइजेज**, विरगंज, वडा नं. ७, रेशम कोठी, नेपाल, फोन नं. ९८०७२२६६४८

BMC को नक्कली ट्रेडमार्क प्रयोग गरि नक्कली मसाला विक्री/संचय गर्ने जोकोहि हाम्रो सेवाग्रहीले कार्यान्वयन गर्ने देवानी/फौजदारी दायित्वको भागिदार हुनुपर्नेछ ।



MEAT MASALA | CHICKMAS | MOMO MASALA

मितिः २०७६ कार्तिक २० गते
मोहन विधानी, अधिवक्ता, इ.नं. D/१३१/१९७२
विधानी ट्रेड मार्क कं. ११/१२, वेस्ट पटेल नगर, न्यू दिल्ली-११०००८, भारत
फोनः +९१-११-४५०५१५५१/१५५२ ईमेलः patent@vidhani.com



५ जिल्लामा लेखा एकाइ

कान्तिपुर संवाददाता (विराटनगर)

प्रदेश १ सरकारले प्रदेशका पाँच जिल्लामा प्रदेश लेखा नियन्त्रण कार्यालयअन्तर्गत रहने गरी प्रदेश लेखा एकाइ स्थापना गर्ने भएको छ। प्रदेशको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो। झापा, मोरङ, पाँचथर, धनकुटा, ओखलढुंगा र उदयपुरमा लेखा एकाइ स्थापना गरिने भएको छ।

बैठकले छिन्ताङ घटनाका परिवारलाई प्रतिपरिवार ५ लाख रुपैयाँ दिने निर्णय गरेको छ। २०३६ सालमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाको नेतृत्वमा भएको हत्याकाण्डमा मारिएका १६ जनाको परिवारलाई राहत दिने प्रदेश सरकारले निर्णय गरेको हो।

यस्तै धरानमा स्थापित वन निर्देशनालयमा दशौं तहका रविन्द्र महर्जनलाई कायममुकायम जिम्मेवारी दिने, प्रदेश यातायात निर्देशनालय गठन नभइसकेकाले मन्त्रालयले नै सो काम गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

बैठकले कात्तिक २९ गते अन्तर्राष्ट्रिय चलचित्र महोत्सव धरानमा आयोजना गर्ने, प्रदेश योजना आयोग-गठन तथा कार्य सञ्चालन आदेश- ०७५ को अनुसूची-२ थप गर्ने, प्रदेश समपुरक अनुदानसम्बन्धी कार्यविधि संशोधन गर्ने, मुख्यन्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्तसम्बन्धी ऐन संशोधन गर्ने र सामाजिक विकास मन्त्रालय योजना तथा कार्यक्रम कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद् बैठकले राष्ट्रपति विद्यादेवी भण्डारीले बर्खास्त गरेको तत्कालीन प्रदेश प्रमुख प्रा.डा. गोविन्दबहादुर तुम्बाहाङलाई धन्यवाद दिने निर्णय पनि गरेको छ।

छोटकरी

बसले किचेर ज्यान गयो

भोजपुर (कास)- टेम्केमैयुङ गाउँपालिका-४ चखेवामा बसले किच्दा एकजनाको ज्यान गएको छ। रोकिराखेको ना४ख ८५५९ नम्बर बसको चक्कामा ओट लाउने क्रममा बस पछिसरेर किच्दा सहचालक २३ वर्षीय विकास राईको मृत्यु भएको प्रहरीले जनाएको छ।

फरार ३ अभियुक्त पक्राउ

मोरङ (कास)- विभिन्न अपराधमा संलग्न भई फरार रहेका तीनजनालाई मोरङ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा चोरी मुद्दामा अदालतबाट कैद र जरिवाना तोकिएपछि फरार रहेका विराटनगर ११ का भरत मुखिया, सवारी ज्यान मुद्दाका फरार प्रतिवादी मोरङको लेटाङका भीमबहादुर सार्की र वन पैदावार ओसापसार मुद्दाका अभियुक्त सेमन्त दाहाल रहेको प्रहरीले जनाएको छ। उनीहरू सबैलाई अदालतमा हाजिर गराइने भएको छ।

करेन्ट लागेर मृत्यु

विराटनगर (कास)- झापाको अर्जुनधारा नगरपालिका ३ कैजेरेका ५६ वर्षीय खम्बबहादुर सेन्चुरीको करेन्ट लागेर मृत्यु भएको छ। आफ्नै घरको बिजुलीको तार मिलाउने क्रममा करेन्ट लागेर सिकिस्त भएका उनको उपचारका लागि लैजाने क्रममा शुक्रबार साँझ मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीद्वारा गाँजा नष्ट

भोजपुर (कास)- हतुवागढी, आमचोक र पौवादुङमा गाउँपालिकामा स्थानीयले लगाएको ९८ हजार ६ सयभन्दा बढी गाँजाका बोट नष्ट गरेको प्रहरीले दाबी गरेको छ। ६ दिन लगाएर ती गाँजा नष्ट गरेको प्रहरीको भनाइ छ। नष्ट गरिएको गाँजा १० करोड मूल्यभन्दा बढीको रहेको डीएसपी नरबहादुर सलामी मगरले बताए। हतुवागढी, आमचोकका विभिन्न ठाउँमा ५१ रोपनी क्षेत्रफलमा लगाइएको १९ हजारभन्दा बढी गाँजाका बिरुवा नष्ट गरिएको छ।

भालुको पित्त ओसार्ने नियन्त्रणमा

भोजपुर (कास)- भालुको पित्त ओसारपसार मुद्दामा संलग्न टेम्केमैयुङ गाउँपालिका-२ की ३४ वर्षीया मित्रलक्ष्मी राई पक्राउ परेकी छन्। फरार रहेकी उनी चाडपर्वको अवसर पारेर घरमा आएका बेला पक्राउ गरिएको प्रहरीले जनाएको छ। डिभिजन वन कार्यालय, हात्तिसार काठमाडौंमा मुद्दा दर्ता भएर ७ कात्तिकमा काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति जारी भएपछि उनी फरार रहेको प्रहरी निरीक्षक पाण्डव राजवंशीले बताए। प्रहरीले उनलाई डिभिजन वन कार्यालय, हात्तिसारमा बुझाएको छ।

मनकामनामा गंगा आरती



खाँदबारी ९ मा रहेको मनकामना धाम परिसरमा बनारसबाट आएका पण्डितहरू गंगाआरती गर्दै। *तस्बिर : दीपेन्द्र/कान्तिपुर*

कान्तिपुर संवाददाता (संखुवासभा)

स्वर्गीय गायक खेमराज गुरुङको वारि जमुना पारि जमुना, जमुनाको फेदैमा मनकामना बोलको लोकभाकाबाट ख्याती कमाएको एक नम्बर प्रदेशको प्रशिद्ध धार्मिक तीर्थ स्थल मनकामनामा तीन दिनदेखि ठूलो जमघट छ। मनकामनामा पूजा गरेर वर मागदा मनःकामना पूरा हुने, आफूले चिताएको पुग्ने र दीर्घायु हुने लगायतका मान्यता छन्। प्रत्येक वर्ष हरिबोधिनी एकादशीका अवसरमा मेला लाग्ने गर्छ।

हरिबोधिनी एकादशीको अवसरमा यहाँको खाँदबारी नगरपालिका ९ स्थित अरुण किनारमा रहेको मनकामना मन्दिरमा बिहीबार रातिबाट मेला लाग्न सुरु भएको हो। यहाँ लागेको मेला तीन दिन अर्थात् शनिबारसम्म चल्छ। यो वर्ष मनकामनामा गंगा आरती समेत गरिएको छ। जसका कारण पनि तीर्थालुको भीड निक्कै छ। बनारसबाट पण्डित झिकाएर गंगा आरती गरिएको यो पहिलो पटक हो।

प्रचारप्रसारका लागि आयोजकले यो वर्षबाट फरक ढंगले मेला लगाएको जनाए।

मेला भर्न, पूजा पाठ गर्न र युवा जोस देखाउँदै बजारमा रमाइलो गर्न वृद्धवृद्धादेखि युवायुवतीको घुइँचो लागेको छ। वैदेशिक रोजगारका लागि र लाहुर जाने भनेर घर छोडेर जान सयौं युवाले मनःकामना र यात्रा पूरा होस् भनेर भाक्ने गर्छन्। विशेष गरेर मेलामा युवा युवतीको निक्कै जमघट बढेको छ।

बिहीबार बिहानैबाट मादल बजाएर एकादशी बजारैमा भन्ने गीतको तालमा रमाइलो गर्दै युवा युवती जोसका साथ मनकामना बजारतर्फ लागिरहेका थिए। अरुण नदीको बगर र मनकामनाको चौरमा रात भर भक्तजन जम्मा हुने र जाग्रम बस्ने गर्छन्। वृद्धवृद्धा, केटाकेटी र युवायुवती सबै जना बजार हेर्न र एकादशीका तालमा मादल बजाउँदै नाचगानमा व्यस्त हुन्छन्। एकादशीको लोक भाकामा केटा र केटी पक्ष मिलेर दोहोरी खेल्नेको भीड जतातै देख्न सकिन्छ। यो पुरानै चलन हो।

भोजपुर, धनकुटा, तेह्रथुम, संखुवासभा लगायत तराईका विभिन्न जिल्लाका र विदेशी पर्यटकको समेत मेलामा भीड लाग्ने गरेको छ। एकादशीका अघिल्लो दिन बिहानैबाट मनकामना दर्शन गर्न आउने र मेला भर्नेहरू प्रत्येक वर्ष यहाँ आउने गर्छन्।

जिल्लाको विशेष महत्त्व बोकेको यो धार्मिक तीर्थ स्थलको संरक्षण अभावमा कतै यसको अस्तित्व नै गुम्ने डर पनि उत्तिकै रहेको खाँदबारी नगरका प्रमुख मुरारीप्रसाद खतिवडा बताउँछन्। उनका अनुसार मन्दिर तथा मनकामना बजार व्यवस्थापन समितिले समेत यसको संरक्षणमा ध्यान नपुऱ्याउँदा समस्या उत्पन्न भएको हो। अब नगर प्रमुखको अध्यक्षतामा बृहत्तर मनकामना विकास समिति गठन भएको छ, उनले भने, अब संरक्षणमा जुट्ने छौं। मनकामनामा बर्सेनि एकादशीका बेलामा २० हजारभन्दा बढी भक्तजन आउने गर्छन्।

मेलामा सहभागी भएपछि दर्शनार्थीले अरुण नदीमा नुहाएर व्रत लिने चलन रहेको तुम्लिङटार स्पोटिङ क्लबका अध्यक्ष देवेन्द्र घिमिरेले बताए। उनका अनुसार तिहारका बेला भाइटीका लगाउन नपाएका चेली र माइतीले समेत मनकामना मन्दिर परिसरमा रातभर जाग्रम बसेर आफ्नो दाजुभाइलाई तिहारको फूलका माला लगाइदिने चलन पनि छ। ५ सयभन्दा बढीले यो वर्ष यसरी टिका लगाएको उनले बताए।

यसरी नै चेलीको हातबाट टीका थाप्न नपाएका माइतीले समेत बजारमा आएका युवतीहरूसँग बहिनीको नाता गाँसेर फूलमाला र टीका थाप्ने गर्छन्। दुवै पक्षले दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै बिहान अरुण नदीमा स्नान गरेर घर फर्कने चलन छ।

मनकामनामा रातभर जाग्रम बसेर भोलिपल्ट बिहान वा एकदशीका दिन व्रत बस्नाले मनःकामना पूरा हुन्छ भन्ने विश्वास छ। विस १९३२ सालमा स्थापना भएको यो मन्दिरमा त्यो बेलादेखि नै भक्तजनको भीड भने लाग्ने गरेको स्थानीय बसिन्दाले बताए।

माईपोखरीमा १८ वर्षपछि मेला



इलामको माइपोखरी नजिकै गाउँपालिकाले बनाएको गुराँस पोखरीमा डुङ्गा सवार गर्दै। *तस्बिर : विप्लव भट्टराई/कान्तिपुर*

इलाम (कास)- हरिबोधनी एकादशीको अवसरमा इलामको माइपोखरीमा मेला लागेको छ। धार्मिक, जैविक र पर्यटकीय महत्त्वको माइपोखरीमा १८ वर्षपछि यो पटक औपचारिकरूपमा मेलाको आयोजना गरिएको हो। अघिल्ला वर्षमा अघोषितरूपमा मेला लाग्ने गरेको थियो।

रामसार क्षेत्रमा सूचीकृत इलामको माइपोखरीमा एकादशी मेला भर्नेको शुक्रबार बिहानैदेखि घुइचो लागेको थियो। धार्मिक परम्पराअनुसार लाग्दै आएको एकादशी मेलाको अवसरमा पाठपूजा गर्ने र नुहाउने उद्देश्यले श्रद्धालु पुग्ने गर्छन्।

मेलाको अवसरमा वडास्तरीय महिला फुटबल र पुरुष भेट्टान फुटबलको समेत अयोजना गरिएको छ। त्यस्तै यहाँको मौलिक मारुनी नाचसहित विभिन्न सांस्कृतिक कार्यक्रमको प्रस्तुत गरिएको थियो।

धार्मिक क्षेत्रको प्रवर्धन र प्रचार गर्दै सिंगो सन्दकपुर क्षेत्रको पर्यटकीय गतिविधि बढाउने उद्देश्यले मेलाको आयोजना गरिएको सन्दकपुर गाउँपालिकाका अध्यक्ष उदय राईले जानकारी दिए। 'यस क्षेत्रका पर्यटकीय स्थलहरू सन्दकपुर, टोड्के झरना, ढापपोखरी, हाँगेथाम, छिन्टापु, मावुथाम, जौवारीलगायत समग्र पर्यटकीय क्षेत्रमा भ्रमण वर्ष अवधिभर विभिन्न कार्यक्रम गरिनेछ,' उनले थपे, 'सडकलगायत पूर्वाधार विकासका कामलाई अघि बढाइकाले घुमघामका लागि आन्तरिक तथा बाह्य पर्यटकलाई सहज हुनेछ।'

स्थानीय उत्पादनका विभिन्न स्टल रहेको मेलामा स्थानीयस्तरमा उत्पादन भएका खाद्यबालीबाट बनेका खानाका परिकार, दुग्धपदार्थका सामग्री, किवी, सुन्तलालगायत फलका स्टल राखिएको छ। गाउँपालिकाले एकादशी मेलाकै अवसरमा शुक्रबार सार्वजनीक बिदा समेत दिएको छ। गाउँपालिकाको सहयोगमा सुरु भएको मेलामा स्वदेशी तथा विदेशी गरी १५ हजारभन्दा बढी पर्यटक भित्रिने आयोजकको भनाइ छ।

मेलाकै अवसर पारेर माईपोखरी नजिकै गाउँपालिकाले निर्माण गरेको पोखरीमा डुंगा सञ्चालनमा ल्याइएको छ। गाउँपालिकाले संरक्षण गरेको पोखरीमा २ वटा डुंगा सञ्चालनमा ल्याइएको छ। माइपोखरी पुगेका पर्यटकले अब डुंगामा शयर गरी आनन्द लिन पाउने छन्। २ वर्ष अघिदेखि नै सन्दकपुर गाउँपालिका ५ जमुनाको ढाप पोखरीमा डुंगा सञ्चालन हुँदै आएको छ।

सदरमुकाम इलामबाट १५ किमि उत्तरमा पर्ने माईपोखरी क्षेत्र सन् २००८ मा विश्व रामसारमा सूचीकृत गरिएपछि माइपोखरीले विश्वव्यापी पहिचान बनाएको हो। साक्षात देवीका रूपमा धार्मिक विश्वास गरिएको मानिने माइपोखरीमा चिताएको मनोकाक्षा पुरा होस् भनी भाकल गर्ने र परेवा उडाउने गरिए पनि बलिप्रथा भने निषेध छ।

हिन्दु, बौद्ध, र किराँतलगायत सबै धर्मको आस्थाको केन्द्र माइपोखरीमा वैशाख १ गते नयाँ वर्ष र हरिबोधनी (ठूली) एकादशीका दिन विशेष पूजा र मेला लाग्ने प्रचलन छ।

धानबाली रुङ्न रूखको बास

कान्तिपुर संवाददाता (बाहुनडाँगी, झापा)

भारतीय सीमावर्ती झापा मेचीनगर १ बाहुनडाँगीका किसान विनोद राईको बास रूखमा छ। घर नभएर होइन। हात्तीबाट धान जोगाउन उनी चार महिनादेखि रूखमा कटेरो बनाएर बसेका हुन्।

अर्का किसान जीवन सारु मगर पनि रूखमै रात काट्छन्। 'धान रोपेको महिना दिनदेखि रूखमै रात बिताउन थालेका हौं,' उनले भने, 'घरमा नसुतेको महिनौं भइसक्यो।' धान रोपेदेखि नभित्र्याएसम्म रूखमै बास बस्छन्।

यो वडाका गाउँले सधैं हात्तीबाट पीडित छन्। धान, मकैजस्ता बाली भित्र्याउने बेलामा गाउँलेलाई कष्ट हुने गरेको छ। किसान अमर तामाङका अनुसार हात्ती आएपछि रूखमाथि बसेर धपाउनु पर्छ। 'पटका र पुल्ठोको सहारामा धपाउँछौं,' उनले सुनाए, 'नत्र बाली स्वाहा पारिहाल्छ।'



झापा बाहुनडाँगीका किसानले हात्ती कुर्न रूखमा बनाएको अस्थायी कटेरो। *तस्बिर : पर्वत पोर्तेल/कान्तिपुर*


अर्का किसान बिर्ख खातीका अनुसार साँझ परेपछि मेचीपारिको भारतीय जंगल टुक्रे फरेष्टबाट हात्तीको लस्कर आइपुग्छ। बिद्युतीय तार समेत भत्काएर बाली खान छिर्छन्। खातीका अनुसार अहिले दैनिक ४, ५ वटाको संख्यामा हात्ती आइरहेका छन्।

समुदायमा आधारित मानव-हात्ती द्वन्द्व व्यवस्थापन परियोजना अन्तर्गत सरकारले चार वर्षअघि इलामको जिर्मले ३ दुधेदेखि झापाको मेचीनगर ६ नकलबन्दा क्षेत्रसम्म करिब १८ किमि क्षेत्रमा तारबार गरेको थियो। तारबार निर्माणपछि हात्ती आतंक रोकिने अनुमान सरकारको थियो। तर, स्थानीयले अझै मुक्ति नपाएको स्थानीय रामबहादुर भुजेलले बताए। 'तारबारले हन्जा हात्ती चै रोकेको सही हो', भुजेलले भने, 'तर एक्ले दुक्ले हात्ती चै रोक्न सकेन।' उनका अनुसार रातको समयमा तारमा विद्युत् प्रवाह हुन्छ। तर, हात्ती करेन्टको पर्वाह नगरी छिर्ने र बाली नष्ट गर्छन्।

भारतबाट आएका हात्तीले बाहुनडाँगी मात्रै होइन, छिमेकी गाउँहरू शान्तिनगर, बुधबारे, शनिश्चरेमा समेत उपद्रो गर्छन्। यो क्षेत्रका बासिन्दा झन्डै आधा शताब्दीभन्दा लामो समयदेखि जंगली हात्ती आतंकको पीडा खपिरहेका छन्। 'बाली पाक्ने बेलामा हात्तीको आतंक अरू बेलाभन्दा दोब्बर बढ्छ,' स्थानीय जमानसिंह तामाङ भन्छन्, 'बालीभन्दा पनि ज्यान चाउनै मुस्किल पर्छ।'

सरकारले विश्व बैंकको सहयोगमा १ करोड ३० लाखको लागतमा विद्युतीय तारबार लगाएको हो। तर, मर्मत नहुँदा हात्तीलाई छिर्न सहज भएको अनुमान स्थानीयको छ।









तपाईको आज

- मेष — अधिक खर्च
- वृष — नयाँ कार्य आरम्भ
- मिथुन — कार्य सिद्धि
- कर्कट — धर्म बढ्ने
- सिंह — अपव्यय
- कन्या — प्रतिष्ठा प्राप्त
- तुला — आलोचित हुने
- वृश्चिक — मनोकांक्षा पूर्ण
- धनु — कान्ति क्षय
- मकर — शत्रु परास्त
- कुम्भ — अपेक्षित लाभ
- मीन — उत्साहप्रद

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कात्तिक २४ गते आइतबार तदनुरुप १० नोभेम्बर २०१९ कार्तिक शुक्लपक्ष त्रयोदशी तिथि दिनको ४:२० बजेसम्म उप्रान्त चतुर्दशी तिथि, रेवती नक्षत्र साँझको ०६:०७ बजेसम्म उप्रान्त अश्विनी नक्षत्र, वज्र योग दिनको १२:२१ बजेसम्म उप्रान्त सिद्धि योग, तैतिल करण दिनको ०४:२० बजेसम्म उप्रान्त गर करण, मीन राशिमा चन्द्रमा साँझको ०६:०७ बजेसम्म उप्रान्त मेष राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००, ५:३० भक्तिसुर
५:३० आध्यात्मिक सन्देश
६:०० जीवन विज्ञान
६:३० मार्गदर्शन (लाइभ)
७:०० कान्तिपुर समाचार
८:०० गुडमर्निङ नेपाल
८:३० कान्तिपुर न्युज
९:०० हर्के हल्दार (रिपिट)
१०:०० कान्तिपुर समाचार
१०:३० मनी टक्स (रिपिट)
११:०० कान्तिपुर न्युज
११:३० यू एण्ड आई (रिपिट)
१२:०० कान्तिपुर समाचार
१२:३० सरोकार (रिपिट)
१:३० कान्तिपुर समाचार
२:०० मृगी
८:०० कान्तिपुर समाचार
८:३० यू एण्ड आई (रिपिट)
५:०० कल कान्तिपुर
६:०० कान्तिपुर न्युज
६:३० हियर्ज टु लाइफ
७:०० कान्तिपुर समाचार
७:३० प्रदेश विशेष (लाइभ)
८:०० कान्तिपुर समाचार
९:०० आउन मर्सेंग खाउन
१०:०० हियर्ज टु लाइफ (रिपिट)
१०:३० कान्तिपुर न्युज
११:०० प्रदेश विशेष (रिपिट)
११:३० कान्तिपुर समाचार
१२:०० कल कान्तिपुर रिपीटेड
१:०० कान्तिपुर न्युज रिपीटेड
१:३० हियर्ज टु लाइफ (रिपिट)
२:०० कान्तिपुर समाचार (रिपीट ९)
२:३० मार्गदर्शन (रिपिट)
३:०० कल कान्तिपुर रिपीटेड
८:०० आउन मर्सेंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, मैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५ भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३० कान्तिपुर डायरी
०७:०० द हेडलाइनर्स
०७:३० विज्ञान प्रविधि (नाष्ट)
०८:०० डेलिभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५ द गुडमर्निङ शो (भूपेन्द्र)
०८:३० ओल्ड इज गोल्ड
०९:०० कान्तिपुर डायरी
०९:१० ट्राफिक अपडेट
०९:१५ राष्ट्रिय गीत
०९:२० घुम्ने मेच (डिनेश डिसी)
१०:०० स्पोर्टस् डायरी
१०:०५ गजब छ बा (दुर्गाराज)
११:०० आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५ गोल्स् पिपुल प्ले (प्रियंका)
१२:०० कान्तिपुर डायरी
१२:१० टप टेन (धलिसा)
१३:०० डिस्ट्रिक डायरी
१३:०५ सेलिब्रेटी आवर (रस्मिला)
१४:०० इन्टरनेसनल डायरी
१४:०५ किक स्टार्ट (सञ्जय गुप्ता)
१५:०० कान्तिपुर डायरी
१५:१५ राइवार (नन्दकुमार)
१६:०० हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५ विवक फिक्स (रिमता/धलिसा)
१७:०० डिष्ट्रिक्ट डायरी
१७:०५ म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:०० ज्योतिश दर्शन (शिवराज)
१८:३० कान्तिपुर डायरी
१९:०० काठमान्डु बीट (साग्रारिका)
२०:०० सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५ रक मेसिन (मानस्मी वान्तवा)
२१:०० कान्तिपुर डायरी
२१:२५ न्युज मेकर अफ द डे
२१:३० हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:०० सो टाइम (स्वर्ण)
२४:०० टप टेन (धलिसा)
२४:१० म अनि मेरो कथा (शुभ)
०२:०० नेपाली गीतहरु लगातार
०३:०० हिन्दी गीतहरु लगातार
०८:०० भजनहरु लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	९८५२०६१२०१
कोसी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२४२३४
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२००२४
बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३२६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०२६८

एम्बुलेन्स

विराटनगर सेन्ट्रल	०२१-५३७००१
लाइफगार्ड अस्पताल, विराटनगर	९८४२०४३३३३
दुहबी जेसिज, सुनसरी	०२५-५४०४३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	१००/९८५२०२६५४०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०९९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंगेली	५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/९८५२०२०१६१/१०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२०६६
ठेकु अस्पताल	४२५३३२६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	११३४, ४२१७०७६६, ४२१७०७५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई मि:शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४४५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्याघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर मि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६२०६
नेपाल मिटर दबाबरी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

गन्तव्य बनेको कुम्भकर्ण

पहिले विदेशी पर्यटक मात्र जाने कुम्भकर्ण धार्मिक पर्यटनसँग जोडिएपछि चहलपहल बढ्दो

■ आनन्द गौतम (ताप्लेजुङ)



ताप्लेजुङको फक्ताङलुङ-६ लेलेपस्थित कुम्भकर्ण हिमालको फेदीमा आन्तरिक पर्यटक । तस्विर : कान्तिपुर

सेवास्थल ४ हजार ५ सय ६१ मिटर उचाइमा । अगाडिपट्टि टलक्क टल्कने ७ हजार ७ सय १० मिटर उचाइको कुम्भकर्ण हिमाल देखिन्छ, जसलाई किराँतीहरू 'फक्ताङलुङ' सम्बोधन गर्छन् ।

गोलो आकारको देखिने शिर, दुईमध्येको एउटा कुम झरेको जस्तो देखिने हिमाल मजाले नियाल्न सकिन्छ । कञ्चनजंघासँगै जोडिएर रहेकाले बनावटका कारण यसलाई धेरै कञ्चनजंघा भनेर पनि अलमलिन्छन् । कञ्चनजंघाको तुलनामा यो चुचुरो ८ सय ७६ मिटर होचो छ । हिमालसँग कुहिरो लुकामारी खेलिरहन्छ । कहिले पूरै ढाक्छ, कहिले छाडेर हट्छ ।

उडेर आउने कुहिरोले बेला-बेला पानी ल्याउँछ र कहिले हिउँको वर्षा गराइदिन्छ । कुम्भकर्ण विगतदेखिकै पर्यटकीय गन्तव्य हो । विदेशी पर्यटक कञ्चनजंघा परिक्रमा गर्दा यही हिमालको फेदीबाट आउजाउ गर्छन् । हावा चलिरहने, लामो समय बस्नका लागि निकै कठिन हुने यो क्षेत्र अहिले धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ ।

किराँत धर्मगुरु आत्मनन्द लिङ्देन ६ दिनसम्म बसेका कारण महत्त्व थप बढेर गएको छ । उनले कार्तिक ६ देखि १० सम्म यहीं बसेर ध्यान गरे । राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द महिङगुम आङसिमाङले तपस्या गरेको स्थलमा यो वर्ष एक सातामा ९ सय ८१ जना पुगेर फर्किएको किराँत सेवा समिति सदस्य ज्ञानु फुरुम्बोले बताए ।

यो वर्ष यहाँ कार्तिक ५ देखि ११ सम्म विशेष सेवाको आह्वान गरिएको थियो । यसै स्थलबाट नामकरण गरिएको फक्ताङलुङ गाउँपालिका-६ लेलेप घुन्साका पर्यटन व्यवसायी हिमाली चुङदाका अनुसार आन्तरिक पर्यटक यति ठूलो संख्यामा आएको यो पहिलोपटक हो । वर्सेनि धर्म अनुरागीहरू भने पुग्ने गरेका छन् ।

मनसुन सकिँदा नसकिँदै सुरु हुने फक्ताङलुङ दर्शनमा टोली-टोली बनाएर जान्छन् । वर्षा भइरहने भएकाले हरेकले आफूले बोकेको झोला र ढाकरलाई प्लास्टिकले बेरेका हुन्छन् । आफू ओतिन छाता र थप प्लास्टिक अनिवार्य । सामान्यतया असोज अन्तिमदेखि कार्तिक दोस्रो सातासम्म सेवाका लागि जानेको लस्कर लाग्ने गरेको ज्ञानुले बताए ।

लेलेप खम्बाछेनको बस्ती नजिकमा रहेको यहाँ सबैभन्दा बढी जोखिम चिसोको हुन्छ । विदेशी पर्यटक आउने र सेवा गर्ने समय एकै भएकाले आन्तरिक पर्यटकलाई समेट्न खम्बाछेनलाई कठिन हुन्छ ।

यहाँ पनि आधा दर्जन मात्रै घर छन् । त्यही भएर तीर्थयात्रीहरूको सबैभन्दा भारी कपडाको हुन्छ । अहिलेसम्मको यात्रामा हरेकले ठूलै झोलामा सामान बोक्छन् । गाउँबाट जानेहरूले ढाकर नै बोक्छन् । पूजाका सामग्रीदेखि बासका लागि चाहिने म्याट्रेस, पाल र खानेकुरासम्म हुन्छ तीर्थयात्रीसँग । बदलिँदो समय र यात्रुहरू रित्तो हिँड्न रुचाउने भएकाले ठाउँठाउँमा होटल लज हुनुपर्ने माग गर्न थालेका छन् ।

यहाँ जानेको यात्रा इलामको लारुम्बाबाट सुरु हुन्छ । धर्मगुरु लिङ्देनको आशीर्वाद लिएर तीर्थालुहरू यात्रा प्रारम्भ गर्छन् । यहाँबाट पैदलै यात्रा गरे फक्ताङलुङ पुगेर फर्कन २२ दिनसम्म लाग्छ । गाडी चढे ताप्लेजुङको फुङलिङबाट एक सातामा यात्रा पूरा हुन्छ ।

सदरमुकामबाट तापेथोकको रानीपुलसम्म गाडी चल्छ । फुङलिङबाट त्यहाँसम्मको भाडा ७ सय रुपैयाँ छ । यो ठाउँलाई किराँतीहरूले पारुम्फुक, मारुम्फुकु भन्छन् । यसको अर्थ पितृदेव र मातृदेव भन्ने हुन्छ । फक्तालुङलाई पितृ-मातृदेवको आश्रमका रूपमा लिइने किराँत धर्मका अगुवा लेखबहादुर पालुङ्वा बताउँछन् ।

उनका अनुसार किराँत धर्मावलम्बीहरूको अस्तित्व फक्ताङलुङसँग जोडिएको छ । जीवनमा एकपटक दर्शनका लागि पुग्नैपर्ने मान्यता छ । यहाँ नेपालीसँगै बेलायत, अमेरिका, हङकङ, भारतको दार्जिलिङ र बर्मालगायतका धर्मावलम्बी आउने गरेका छन् । यो वर्ष विदेशमा बस्ने ६२ जना सुकेटार विमानस्थलबाट फक्ताङलुङ पुगेर फर्किए । पैदलयात्रा गर्नेहरू इलामको लारुम्बा हुँदै पाँचथरको सिलौटी, लुब्रिकुटी, कावेली किराँतेश्वर मन्दिर दर्शन गर्दै पनि जाने गरेका छन् । बाटोमा श्रीङ्चोक, हाँडीपोखरी, तिम्बुङ पोखरी, दूध पोखरी, नाग पोखरी, मयूर पोखरी र लक्ष्मी पोखरी जस्ता दर्जनौं पोखरीको दर्शन गर्न सकिन्छ । यात्राका क्रममा केही भूभाग सिक्किमको पर्छ । कतै गोठ, ओडार तथा खुला चौरमा पाल टाँगेर बास बस्नुपर्ने आठराई त्रिवेणीका भूपालकुमार सेन्डाइले बताए । तालतलैया, हरियाली डाँडाकाँडा र सेताम्मे देखिने हिमालको दृश्यले दर्शनको यात्रा रमाइलो हुने उनको अनुभव छ । यहाँ पुगेकाहरूले तीन दिनसम्म दर्शन स्थलमा महाअष्टम यज्ञ समेत गर्ने गरेका छन् । कतिपयले हिँडेर्दैखि नै व्रत पनि बस्ने गरेका छन् । यहाँको पूजामा बलि हत्या गरिन्न । वेदवाचन गरेर फूल, फलेदो, नैवेद्य, सुपारी र अबिर जस्ता पूजाका सामग्री प्रयोग गरिन्छ ।

पानी मागेर अस्पतालमा शौच

■ गिरुप्रसाद भण्डारी (प्यूठान)

सुत्केरी बेथाले च्यापेपछि नौबहिनी-६ बहानेका विजय केसीले श्रीमतीलाई बिहीबार प्यूठान जिल्ला अस्पतालमा भर्ना गरे । कुरुवा बस्दा शौचालय लैजानुपऱ्यो । भित्र पानी नै रहेनछ । श्रीमतीलाई बाहिर लैजान सम्भव थिएन । दौडिएर नजिकैको होटलमा पुगे, पानी मागेर ल्याएर शौच गराए ।

'अस्पतालजस्तो संवेदनशील ठाउँमा शौचालयको प्रबन्ध कति अप्ठ्यारो,' उनले भने, 'धन्न होटलले पानी दियो ।' अस्पतालको अन्य व्यवस्थापनको पाटो हेर्दा विरक्त लाग्दो रहेको उनले बताए । अस्पतालमा बिरामी थुप्रै आउँछन् । तर न सुविधा राम्रो छ न त पानी र बिजुलीको प्रबन्ध नै । अस्पताल अस्तव्यस्त भएको महिना दिनभन्दा भन्दा बढी भएको छ । सरोकारवालाले ध्यान नदिँदा बिरामी र तिनका आफन्तलाई सास्ती छ । अस्पतालमा १४ जना डाक्टरको दरबन्दीमा तीनजना मात्र कार्यरतको सूचीमा छन् । ती पनि बिदा बसेकाले अस्पताल सहयोगीको भरमा छ । भएका डाक्टर पनि बिदामा बस्दा बिरामीको उपचारमा समस्या भएको अस्पतालका निमित्त प्रमुख खिमप्रसाद पाध्रेले बताए । 'अस्पतालमा अहिले दरबन्दीका एक जना पनि डाक्टर छैनन्,' उनले भने, 'मेडिकल सुपरिटेन्डेन्ट नहुँदा औषधि खरिद गर्नसमेत सकिएको छैन ।' यहाँ सहयोगीसहित ५४ जना कर्मचारीको दरबन्दी छ । तर २७ जना कार्यरत छन् । 'चौतर्फी समस्या छ,' उनले भने, 'कसरी राम्रो व्यवस्थापन हुनु ।'

चिकित्सक अभावले बिरामी सामान्य उपचारका लागि पनि निजी क्लिनिक तथा जिल्ला बाहिरका अस्पताल धाउन बाध्य छन् । बिमा गराएका बिरामीले औषधि पाएका छैनन् । विशेषज्ञ चिकित्सकको अभाव हुँदा उपलब्ध उपकरणहरू सञ्चालन गर्न नसकिएको र बिरामीलाई बाहिर रेफर गर्नुपरेको पार्धेले बताए । कार्यरत चिकित्सक शेषराज घिमिरे, सुशीला थापा र सरस्वती सुर्खेती बिदामा छन् । प्रदेशले दैनिक प्रशासन सञ्चालन गर्न समस्या भएपछि अस्पताल प्रमुखको जिम्मेवारीसहित एक जनालाई पठाए पनि उनीसमेत एक/दुई दिन बसेर फिर्ता भएपछि अस्पताल एक महिनादेखि चिकित्सकविहीन भएको हो । समस्याबारे प्रदेशको सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयलाई जानकारी गराइए पनि सुनुवाइ नभएको उनले बताए । 'न चिकित्सक आए, न त मेडिकल सुपरिटेन्डेन्ट,' उनले भने, 'अस्पतालमा औषधिसमेत नहुँदा बिरामीले बाहिरबाट किन्नुपरेको छ ।' दैनिक विभिन्न सामान किन्नुपर्ने भए पनि आर्थिक जिम्मेवारी कसैलाई नतोकिएकाले दैनिक कामकाज र व्यवस्थापन प्रभावित भएको अस्पतालले जनाएको छ । चिकित्सक अभावले लामो समयदेखि दन्त, शल्यक्रिया, शवको पोस्टमार्टमलगायत सेवा पनि ठप्प छन् ।

अहिले निक साइमन इन्स्टिच्युट (एनएसआई) का दुई जना मेडिकल अफिसर र स्वास्थ्य मन्त्रालयका एक जना करारका गरी तीन जना चिकित्सकले सेवा दिएको प्यूठान नगरपालिकाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए । 'वर्षौंसम्म स्वास्थ्यकर्मी नपठाएर सरकारी निकायले गम्भीर लापरवाही गरेको छ,' उनले भने, 'हामी धेरै करायौं तर माथिल्लो निकायले स्वास्थ्यकर्मी पठाइदिएन ।' माथिल्लो निकायले प्यूठानबाट भएका जनशक्तिलाई सरुवा गरेर अन्यत्र पठाइदिने तर त्यसको ठाउँमा अर्को व्यक्ति नपठाइदिनाले समस्या थपिँदै गएको उनले बताए । 'टालटुल गरेर काम चलाएका छौं,' अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका उनले भने, 'तर गाह्रो भइरहेको छ ।' लामो समयदेखि समस्या भएपछि अहिले विकास समितिले करारमै भए पनि चिकित्सक राख्ने तयारी गरेको उनले बताए ।



शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५८ जनकपुर | २३ कात्तिक २०७६ शनिबार कार्तिक शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 9, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

लिपुलेकमा पस्नै पाउँदैनन् नेपाली



भारतीय पक्षले अतिक्रमण सुरु गरेको नेपाली भूमि गुञ्जी क्षेत्रस्थित महाकाली नदीमा मिसिँदै लिपुखोला । भारतले यही लिपुखोलालाई काली नदी भन्दै आएको छ । नदीदेखि बायाँतिर भारतले नेपाली भूमिमा बनाएका सुरक्षा क्याम्पहरू । यहाँ भारतीय सेना, सीमा सुरक्षा बल र भारत-चीन सीमा सुरक्षा प्रहरी बसेका छन् । *तस्बिर : मनोज बडू/कान्तिपुर*

■ **मनोज बडू** (दार्चुला)

लिपुलेक र कालापानी क्षेत्रमा भारतले ०१८ सालदेखि नै सुरक्षाकर्मी राखेर नेपालीको प्रवेशमा कडाइ गर्दै आए पनि सरकारले चासो नदिएकोमा स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् ।

राज्यकै सामरिक महत्त्व बोकेको यो भूमिलाई भारतले आफ्नो नयाँ राजनीतिक नक्सामा राखेपछि

सीमाबारे छलफल गर्न प्रधानमन्त्रीले डाके सर्वदलीय बैठक | पृष्ठ २

फिर्ता हुने सम्भावना घट्दै गएको उनीहरूको भनाइ छ । उक्त क्षेत्रमा हाल नेपालीलाई भारतीय सुरक्षाकर्मीले पस्नै नदिएको स्थानीय दानसिंह तिंकरीले बताए । '६० सालपछि भारतले हामीलाई पस्नै दिएको छैन', उनले भने, 'अहिले चीनसित व्यापार गर्न तिंकर भञ्ज्याङको नाका प्रयोग गर्नुपरेको छ ।' पचासको दशकसम्म नेपाली र भारतीयले लिपुलेकबाटै चीनको ताक्लाकोटसित व्यापार गर्ने गरेका थिए । तर माओवादी द्वन्द्व चर्किएको बहानामा भारतीय पक्षले उक्त क्षेत्रमा नेपालीलाई प्रवेशमा कडाइ गरेको हो ।

बाँकी पृष्ठ २

अन्तिम घडीमा प्रधानमन्त्रीको निर्देशन

ई-पासपोर्ट छाप्ने अन्तर्राष्ट्रिय बोलपत्र रद्द

सरकारको 'जी टु जी' प्रयास

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना प्रक्रिया अघि बढाउने भन्दै ५० लाख ई-पासपोर्ट छाप्न परराष्ट्र मन्त्रालयले आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर सरकारले रद्द गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रत्यक्ष निर्देशनमा बोलपत्र प्रक्रिया बिहीबार राति रद्द गरिएको हो ।

बोलपत्र रद्द गर्नेबारे बिहीबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताए । मेसिन रिडेबल पासपोर्ट (एमआरपी) पछि नेपाल आगामी असार महिनादेखि 'ई-पासपोर्ट' मा जाने भएपछि नयाँ पद्धतिको पासपोर्ट छपाइका लागि गत भदौ १० मा परराष्ट्र मन्त्रालयको राहदानी विभागले बोलपत्र आह्वान गरेको थियो । सुरुको ४५ दिने बोलपत्रको म्याद टुंगिएपछि २२ दिन र त्यसपछि ७ दिनका लागि म्याद थपेर शुक्रबार दिउँसो बोलपत्रका सबै प्रस्ताव सार्वजनिक गरिने टुंगो भएको थियो । 'अन्तिम घडीमा रद्द भए पनि विस्तृतमा मलाई जानकारी भएन,' राहदानी विभागका महानिर्देशक रामकाजी खड्काले भने ।

विधानसम्मत बोलपत्र प्रतिस्पर्धालाई अन्तिम घडीमा रद्द गरिएको अवस्थालाई जानकारहरूले अनौठो मानेका छन् । ५० लाख पासपोर्ट विदेशमा एकैचोटि लगेर छाप्ने परराष्ट्रको निर्णयप्रति असन्तुष्ट रहेका प्रधानमन्त्री ओलीले दुई साताअघि परराष्ट्रका सम्बद्ध अधिकारीलाई आफ्नो धारणा सुनाएका थिए । असंलग्न आन्दोलन सम्मेलनमा भाग लिन गत कात्तिक ८ मा बाकु भ्रमणमा जानुअघि उनले राहदानी विभागका महानिर्देशक खड्कासहितका पदाधिकारीलाई बालुवाटार बोलाएर ई-पासपोर्टको अन्तर्राष्ट्रिय बोलपत्र आह्वान प्रक्रियाप्रति चर्को असन्तुष्टि प्रकट गरेका थिए ।

प्रधानमन्त्रीले प्रमुख सल्लाहकार विष्णु रिमाल र मुख्य सचिव लोकदर्शन रेग्मीलाई साथमै राखेर 'मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना गर्न लागिरहेका बेला पासपोर्ट छाप्न विदेश पठाउनु उचित नरहेको' बताएका थिए । प्रधानमन्त्रीले 'ई-पासपोर्ट छाप्न कम्तीमा १० वर्ष पुरानो कम्पनी किन चाहियो ?' भन्दै बोलपत्रमा राखिएको सर्तप्रति पनि



आपत्ति जनाएका थिए । पुरानो प्रविधिको कम्पनी र मेसिनको औचित्य नरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले ई-पासपोर्टमा आउने 'ब्याक एन्ड ह्वाइट फोटो'को औचित्य नरहेको र एकैचोटि ५० लाख संख्यामा पासपोर्ट छाप्नुको अर्थ नरहेको पनि उल्लेख गरेका थिए । उनले ई-पासपोर्ट बोलपत्र प्रक्रियामा असन्तोष जनाउँदै लगातार दुई घण्टा 'निर्देशन' दिएपछि उक्त प्रक्रिया खारेज हुन सक्ने संशय परराष्ट्र वृत्तमा बढिसकेको थियो ।

ई-पासपोर्ट छपाइको बोलपत्र रद्द गरिएपछि, सरकारले एक फ्रान्सेली कम्पनीबाट सिधै 'जी टु जी' (सरकारी तह) प्रक्रियामार्फत पासपोर्ट छपाएर ल्याउन चाहेको जानकारको भनाइ छ । यसअघि नेपालमा सुरक्षा प्रेस स्थापनार्थ प्राविधिक सहयोग लिने भनेर गत मार्चमा समझदारी गरिएको फ्रान्सेली सरकारको स्वामित्वमा रहेको 'इन-ग्रुप' लाई ई-पासपोर्ट छपाइमा अनुमति दिइने स्रोतले जनाएको छ ।

'यो कम्पनीले सुरुमा १० लाख ई-पासपोर्ट निःशुल्क छपाइ गरिदिने र बाँकीको हकमा प्रतिपासपोर्ट ८ डलर रकम लिने सेवासर्त अघि बढाएको छ,' प्रधानमन्त्री कार्यालय सम्बद्ध स्रोतले भन्यो । तर, बंगलादेशमा समेत सुरक्षा प्रेस स्थापना गर्ने भनेर सन् २०१६ मा काम थालेको यही इन-ग्रुपले हालसम्म पासपोर्ट छपाइ गर्न नसकेको अवस्था छ ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार 'खुला प्रतिस्पर्धामा जानैपर्ने' प्रावधान पछ्याएर पासपोर्ट छपाइमा परराष्ट्रले गरेको बोलपत्र खारेज भएपछि अब १ वर्षपछि पासपोर्ट वितरणमा आउन सक्ने देखिएको छ । राहदानी विभागका महानिर्देशक रामकाजी खड्काका अनुसार अब झन्डै साढे ७ लाख साधारण एमआरपी विभागसँग रहेको छ ।

बाँकी पृष्ठ ३

भक्कानिइरहन्छन् डा. केसी

■ **डीआर पन्त** (डडेलधुरा)

दुर्गम अजयमेरुबाट भेट्न आएका जयबहादुर ऐर र डोटीको बान्डुग्री सैनका हिक्मत बलायर शुक्रबार दिउँसो डा. गोविन्द केसी अनशन बसेको कोठाबाट आँसु पुछ्दै निस्किए । त्यतिबेला गेटमा पहरा दिइरहेका दुई प्रहरी, कोठामा ब्लड प्रेसर जाँच्न आएकी स्वास्थ्यकर्मी र डडेलधुराकै ईश्वरीप्रसाद भाटका पनि आँखा रसाएका थिए ।

भेट्न आउनेहरूसँग कुरा गरिरहँदा डा. केसी बेलाबेला



भक्कानिन्छन् । यो देखेर आउनेहरूको मन थामिँदैन । उनीहरूका आँखा रसाइहाल्छन् । शुक्रबार पनि त्यस्तै भयो, ऐर र बलायरसँगको भेटमा । 'म आफू र आफन्तका लागि या कुनै माफियाको फाइदाका लागि अनशन बसेको हुँदै होइन,' डा. केसी भन्दै थिए, 'बाजुरादेखि ओखलढुंगासम्मका गरिब जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भनेर अनशन बसेको हुँ ।'

डडेलधुरा अस्पताल नजिकैको एउटा चिसो कोठामा स्वास्थ्य र चिकित्सा शिक्षा क्षेत्र सुधारको माग गर्दै अनशन बसेका डा. केसीलाई भेट्न आउने जोसुकैलाई पनि उनी भन्न छुटाउँदैनन्, 'संविधानले दिएको अधिकार माग्दा सरकारले अपराधी जस्तो व्यवहार गऱ्यो । राजनीतिक नेतृत्व जनताप्रति उत्तरदायी भएन ।' जुन अधिकार जनताका नाममा नेताले सहजै उपभोग गरिरहेका छन्, त्यो अधिकार सर्वसाधारणले नपाएको डा. केसीको आरोप छ । 'स्वास्थ्य शिक्षा र चिकित्सा क्षेत्रबाट हुने अवैध आम्दानीका कारण यसको सुधारका लागि कुनै पनि सरकारले उत्साह देखाएनन्,' उनले गुनासो गरे । विगतका सरकारले आफूसँग के कस्ता सम्झौता

स्वास्थ्यमा समस्या आएपछि शुक्रबार साँझ अस्पताल भर्ना

गरे ? प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका कस्तो रह्यो ? आफ्ना मागप्रति दलका शीर्ष नेताले कस्तो व्यवहार गरे भन्नेलगायत विवरण सुनाउँदा उनी आफैंलाई सम्हाल्न सक्दैनन् । र, भक्कानिन्छन् ।

अनशन बसेको पाँचौं दिनसम्म राज्यका निकाय र जनप्रतिनिधिले डा. केसीका मागमा चासो देखाएका छैनन् । 'यति पवित्र भावना बोकेर जनताका लागि लड्ने अभियन्ता मैले कमै देखेको छु,' भाटले भने, 'डा. केसीका विचार सुनेर सेवाको परिभाषा के हो भन्ने बुझ्न पाएँ ।' उनको आफ्नो भन्नु कोही छैन ।

बाँकी पृष्ठ २

सावधानी सूचना ।

ट्रेडमार्क

B M C

बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५
फोन नं: +९१-११-४७०५९१०१/०२/०३/०४/०५
वेब: www.bawamasalacompany.com ईमेल: ips@bawamasala.com

यस सार्वजनिक सूचना हाम्रो सेवाग्रही **श्री बावा मसाला कम्पनी**, बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५ तल देखाइए बमोजिमको मसालाहरुको सम्बन्धमा रहेको ट्रेडमार्क **BMC** र लोगोहरुको नेपालमा स्वामित्व रहेको दर्तावाल प्रोप्राइटर हो र उक्त ट्रेडमार्क र लोगोहरु मान्य, कायम र कार्यान्वयनमा रहेका छन् भन्ने जानकारी सर्वसाधारण सबैमा पुऱ्याउनका लागि यस सुचना जारी गरिएको छ ।

B.M.C. REGD. TRADE MARK

B M C

हाम्रो सेवाग्रहीको जानकारीमा आए अनुसार केहि व्यक्तिहरुले हाम्रो सेवाग्रहीको जस्तै प्याकेजिङ्ग तथा माथि देखाइए बमोजिमको लोगोसंग मिल्दो लोगो समेत प्रयोग गरि **नक्कली मसाला उत्पादन र बजारीकरण** गरिरहेका छन् । हाम्रो सेवाग्रहीको **BMC** ट्रेडमार्क भएको सक्कली उत्पादन नेपाल भित्र खरिद गर्न चाहने वा उत्पादनको वास्तविकताका बारेमा प्रश्न भएमा जो कोहीले देहाय बमोजिमका हाम्रो सेवाग्रहीका वितरकहरुलाई सम्पर्क गर्न सक्नुहुनेछ ।

१. **सुयश सप्लायर्स**, जनकपुर-१४, धनुषा जिल्ला, जनकपुर-१, नेपाल, फोन नं. ९८५४०२०७०१
२. **काठमाडौं भेराईटी सप्लायर्स प्रा. ली.**, नयाँबजार, खुसिबु, टाउन प्लानिङ्ग, सुगम मार्ग, काठमाडौं नेपाल, फोन नं. ९८०१०२२७९६
३. **नारायणी इन्टरप्राइजेज**, विरगंज, वडा नं. ७, रेशम कोठी, नेपाल, फोन नं. ९८०७२२६६४८

BMC को नक्कली ट्रेडमार्क प्रयोग गरि नक्कली मसाला विक्री/संचय गर्ने जोकोहि हाम्रो सेवाग्रहीले कार्यान्वयन गर्ने देवानी/फौजदारी दायित्वको भागिदार हुनुपर्नेछ ।



MEAT MASALA | CHICKMAS | MOMO MASALA

मितिः २०७६ कार्तिक २० गते
मोहन विधानी, अधिवक्ता, इ.नं. D/१३१/१९७२
विधानी ट्रेड मार्क कं. ११/१२, वेस्ट पटेल नगर, न्यू दिल्ली-११०००८, भारत
फोनः +९१-११-४५०५१५५१/१५५२ ईमेलः patent@vidhani.com



सडक अतिक्रमणले दुर्घटनाको जोखिम

■ ओमप्रकाश ठाकुर (सर्लाही)

नवलपुर-मलंगवा सडक खण्ड अन्तर्गत गम्हरियादेखि मलंगवाको शिवसागर चोकसम्म सडकमै प्लाई उद्योगले काटिएका काठ सुकाउने गरेका छन् । यसरी उद्योगले सडकनै अतिक्रमण गरी काठ सुकाउँदा दुर्घटनाको जोखिम बढेको छ ।

प्लाई उद्योग सञ्चालकले काठ घाममा सुकाउन मुख्य सडक चुनेका छन् । तर, मुख्य सडकमा काठ सुकाउँदा दुर्घटनाको ख्यालै गरेको पाईदैन । दुई लेनको सडकको दुवै छेउमा प्लाई उद्योगले काठ राख्ने गरेका छन् । काठ सुकाउन सडकमै दर्जनौं मजदुर पनि खटिएका हुन्छन् । यस क्षेत्रमा आधा दर्जन प्लाई उद्योगहरु छन । सबै उद्योगले सडक मिचेरै काठ सुकाउने गरेका छन । सडकको दायाँ र बाँया भागमा काठ रहेका कारण यात्रुवाहक बस ओहोर दोहोर गर्ने समयमा पैदल यात्रु, मोटरसाइकल तथा साइकल चालकलाई निकै कठिन हुने गरेको छ ।

गम्हरिया देखि शिवसागर चोकसम्मको सडकको दुवै भागमा प्लाई नै प्लाईले भरिएका कारण सवारीसाधनलाई साइड दिन निकै कठिन हुने गरेको गम्हरियाका दिनेश रायले बताए । उनले सवारीसाधनलाई साइड दिने क्रममा कयौं पटक चिप्लेर लडनुपरेको दःखेसो पोखे । रायले उद्योगीले सडकमै काठ सुकाउने गरे काले दुर्घटनाको सम्भावना भएपनि सम्बन्धित निकाय मौन बसेको बताए । 'प्लाई उद्योगीको लापरवाहीले पैदल र साइकल यात्रुलाई समस्या छ, सडक अतिक्रमण गरिएपनि सम्बन्धित निकाय मौन बसेको छ,' रायले भने, 'सवारीसाधनलाई साइड दिने क्रममा प्लाईमा चिप्लिएर कयौंपटक लडेका छौं, संयोग मान्नु पर्छ दुर्घटनामा ज्यान गएको छैन ।'

उनी मात्र हैन पैदल यात्रु, साइकल तथा मोटरसाइकल यात्री प्रत्येकदिन उद्योगले सुकाउन लाई राखेको काठमा चिप्लिएर लडने गरेका छन । काठ सुकाउन अतिव्यस्त सडकमा दर्जनौं मजदुर पनि खटिएका हुन्छन । मुख्य सडकमा सवारीको चाप बढेका बेला मजदुरको पनि ज्यान जोखिममा छ । मजदुरहरुले मुख्य सडकमा दुर्घटनाको जोखिम भएपनि परिवार पाल्न सडकमै खटिनु परेको बताए ।

प्लाई उद्योगको लापारवाहीले जुनसुकै बेला दुर्घटना निम्त्याउने ट्राफिक प्रहरीको भनाई छ । सडकमै प्लाई सुकाउने गरेका कारण दुर्घटनाको सम्भावना भएकाले स्थानीय प्रहरी र जनप्रतिनिधिले पटक पटक भन्दा पनि उद्योगीले टेरेका छैनन । मलंगवा नगर पालिकाका मेयर निर्पल साहले खेतमा पानी भएकाले विकल्पको रुपमा उद्योगपतिले सडकमै काठ सुकाउने गरेको बताए । 'सडकमा दुर्घटनाको जोखिम हुने भन्दै उद्योगपतिलाई सडकमा नसुकाउन आग्रह गरे, तर उनीहरुले खेतमा पानी भएकाले प्लाईको काठ सडकमै सुकाउनु पर्ने बाध्यता सुनाए,' उनले भने, 'व्यापारीको पनि पीड मर्का बुझ्नु पऱ्यो, तर एक साइडमा मात्र सुकाउनलाई म फेरी प्रयास गर्दैछु ।'

प्रहरी उपरीक्षक गोपालचन्द्र भट्टराईले सडकमै प्लाई राख्ने प्रवृत्ति अत्यन्तै गलत भएको बताए । उनले हरेक कामका लागि प्रहरीले नै भन्नु पर्ने र गर्नुपर्ने भन्दा पनि यसतर्फ उद्योगी आफैले सोच्नु पर्ने र सजग हुनुपर्ने जानकारी दिए । कुनै बेला ठुलो दुर्घटना परे उद्योगपति समेत समस्यामा पर्ने भएकाले आफैले सजगता अपनाउनु पर्ने उनको भनाई छ । स्थानीय तहले पछिल्लो समय ग्रामिण क्षेत्रमा सडक कालोपत्रे गरेपनि यस क्षेत्रमा सडकमै पशु बाँध्ने, टायर गाँडा राख्ने र सडकमै अन्न समेत सुकाउने गर्दै आएका छन ।

यौन दुर्व्यवहार ढाकछोप

बारा (कास)- चार वर्षीया एक बालिकामाथि यौन दुर्व्यवहार भएपछि त्यस घटनालाई गाउँमै मिलाउने प्रयास गरिएको पीडित परिवारले आरोप लगाएका छन् । आदर्शकोतवाल गाउँपालिका-४, इनर्वा गाउँका ४५ वर्षीय शेख इसराइलले गत बुधबार दिउँसो यौन दुर्व्यवहार गरेपछि घटनालाई मिलाउन खोजिएको पीडित परिवारले आरोप लगाएका हुन् ।

पीडित परिवारकाअनुसार यौन दुर्व्यवहार गर्नेमाथि प्रहरीमा किटानी जाहेरी दिए पनि गाउँका केहीले घटनालाई ढाकछोप गरी गाउँमै मिलाउने प्रयास गरेका हुन् । तर, जिल्ला प्रहरी कार्यालयका एक प्रहरी अधिकारीले घटना प्रहरीमा दर्ता भइसकेको जनाए ।

पीडकको खोजी भइरहेको प्रहरी उपरीक्षक विकासराज खनालले बताए । प्रहरी उपरीक्षक खनालकाअनुसार पीडक इसर इल घर बनाउँदै गरेको अवस्थामा ती बालिका एक्लै त्यहीं खेल्दै गरेको अवस्थामा उनले जबजरजस्ती करणी गर्न खाजेका थिए । बालिकालाई करणी प्रयास गरेर छाडेको अवस्थामा बालिका रुँदै घर गएकी थिइन् । उनकी आमाले सोद्धा बालिकाले घटनाबारे बताएकी थिइन् । पछि पीडित परिवारले प्रहरीलाई खबर गरी बो लाउँदा पीडक इसराइल भागेका हुन् । पीडक सीमा पारी भागेकाले त्यता पनि सादा पोसाकको प्रहरी खटाइएको प्रहरी उपरीक्षक खनालले बताए । पीडितको कलैया अस्पतालमा स्वास्थ्य परीक्षण गरी घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए ।

नेपाली चलचित्रलाई तराईसँग जोड्दै महोत्सव

■ शंकर आचार्य (पर्सा)

अधिकांश नेपाली चलचित्र निर्माण हुँदा ५० को दशकमा भोजपुरी गीत समावेश हुन्थे । कतिपय नेपाली चलचित्रको छायांकन तराईका समथर भूमिका हरियालीलाई पृष्ठभूमिमा पारेर कैद गरिन्थे । आफ्नो गाउँठाउँको दृश्य छायांकन भएको थाहा पाएरै मात्रै भोजपुरी तथा मैथिली भाषी दर्शक नेपाली चलचित्र हेर्न हलमा ओइरिन्थे । परिणाम नेपाली चलचित्रले तराई मधेसबाट राम्रो कमाई गर्थे ।

द्वन्द्वकाल र मधेस आन्दोलनपछि दृश्य बदलियो । नेपाली चलचित्रको छायांकन यहाँ दुर्लभ बन्न पुग्यो । यस अवधिमा हिन्दी मात्र नभई भारतमा निर्माण हुने भोजपुरी चलचित्रले पनि आफ्नो दरिलो उपस्थिति यहाँका सिनेमा हलमा बनाउन थाले । परिणामस्वरूप कुनै पनि खाले अपनत्व नपाउँदा यहाँका दर्शक नेपाली चलचित्र हेर्न हलसम्म जानै छाडे । राजधानीमा सुपरहिट भएका नेपाली चलचित्र यहाँका हलमा मुस्किलले एक-दुई दिन पनि टिक्न छाडे । शिव श्रेष्ठ, भुवन केसी, राजेश हमाल, करिश्मा मानन्धरलाई चिन्ने मधेसका दर्शकले अनमोल केसी, साम्राज्ञी र ाज्यलक्ष्मी शाह (वीरगन्ज/मधेसकै भए पनि), पल शाह, प्रदीप खडका आदिलाई चिन्न छाडे ।

भोजपुरी भाषा र संस्कृतिको गढ वीरगन्जमा बिहीबारदेखि सुरु भएको स्वर्णीम नेपाली चलचित्र महोत्सवले एकपटक फेरि नेपाली चलचित्र जगत्लाई तराई मधेससँग जोड्ने सेतुको काम गरेको छ । बिहीबार बिहानै महानगरको सडकमा निकालिएको प्रभात फेरीदेखि महोत्सवस्थलमा देखिएका नेपाली चलचित्र जगतका पुराना र नयाँ पुस्ताका कलाकार र प्राविधिकलाई यहाँका भोजपुरी भाषी दर्शकहरूले घेरे । भुवन चन्द, वसुन्धरा भुषाल, निर शाह, हरिवंश आचार्य, भुवन केसी, सुनिल थापा, निरुता सिंह, विराज भट्ट, दीपकर ाज गिरी, दीपाश्री निरौलादेखि शुभेच्छा खडका, रेजिना उप्रेती, वर्षा शिवाकोटी जस्ता पुराना र नयाँ पुस्ताका कलाकार यहाँका युवा पुस्ताको सेल्फीमा कैद भएर सामाजिक सन्जालमा छाइरहेका छन् । महोत्सवले चारैतिर नेपाली चलचित्र जगत्कै चर्चा बढाएको छ । वीरगन्जका युवा मुन्ना सर्राफ वीरगन्जमा यो महोत्सव आयोजन हुँदा नेपाली चलचित्र जगत् र मधेसबीच केही वर्षयता बढेको दूरी घटेको बताउँछन् । 'महोत्सवले दूरी त घटायो तर यसलाई निरन्तर टिकाउन नेपाली चलचित्र जगतले अझै सशक्त भूमिका खेल्नु पर्नेछ,' उनले भने, 'मधेसका कथावस्तु र छायांकनस्थललाई समेट्ने मात्र नभई यहाँका कलाकार हरूलाई उचित स्थान दिनसके नेपाली चलचित्र आफ्नै देशमा अतिथि जस्तो बन्ने अवस्थाको अन्त्य हुनेछ ।'



वीरगन्जमा जारी नेपाली चलचित्र स्वर्णिम महोत्सवमा सहभागी नेपाली तथा भारतीय कलाकारहरू ।

तस्विर : शंकर/कान्तिपुर

महोत्सव आयोजक चलचित्र निर्माता संघका अध्यक्ष आकाश अधिकारी महोत्सवको मुख्य उद्देश्य नै तराई मधेसमा पछिल्लो केही वर्षयता नेपाली चलचित्र जगतले गुमाएको स्थानलाई पुनःस्थापित गर्ने रहेको बताउँछन् । 'नेपाली चलचित्र किन तराई मधेसमा प्रदर्शन हुन सकिरहेको छैन, त्यसको गम्भीर विश्लेषण गरेर हामी तराई र तराईबासीको नेपाली चलचित्रमा सक्दो सहभागिता बढाउन चाहन्छौं,' उनले भने, 'यसमै तराई मधेस र नेपाली चलचित्र जगत दुवैको हित पनि छ ।'

संघका उपाध्यक्ष तथा वीरगन्ज पुर्ख्यौली घर भएका चलचित्र निर्माता माधव वाग्ले पनि महोत्सवकै कारण आफू लामो समयपछि धेरै दिनका लागि वीरगन्ज बस्न आएको बताए । यस क्रममा आफूले पनि स्थानीय कलाकारसँग अन्तरक्रिया गरी आफूले निर्माण तथा निर्देशन गर्न लागेको आगामी चलचित्र 'पारस' मा केही वीर गन्जेली प्रतिभाको खोजी र पहिचानको अवसर पनि पाएको बताए ।

बिहीबार राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरेको महोत्सवमा नेपाली चलचित्र जगतका नायक नायिकादेखि बलिउडका सुपरस्टार गोविन्दाको पनि प्रस्तुति रहयो । शुक्रबार बिहान बलिउडका चर्चित सिनेम्याटोग्राफर सिके मुरलिधरणले क्यामेरा सञ्चालनसम्बन्धी कक्षा लिएका थिए । बलिउडका 'लगे रहो मुन्ना भाइ', 'जो नी गद्दार', 'थ्रि इडियटस', 'एजेन्ट विनोद', 'पिके', 'मोहन जोडारो' जस्ता चर्चित तथा 'पानीपत' जस्ता चर्लाचत्रको छायांकन कक्षामा कलिउडका क्यामेरा पर्सनदेखि यस क्षेत्रमा रुचि भएका नयाँ पुस्ता समेत सहभागी भए ।

शुक्रबार चलचित्र 'भोर' को प्रदर्शन गरिनुका साथै वीरगन्जबाट राजधानी गएर नेपाली चलचित्र जगत तथा कलाको अन्य विधामा स्थापित भएका वीरगन्जेली कलाकर्मीलाई सम्मानित समेत गरिएको छ । यस अवसरमा स्थानीय तथा नेपाली चलचित्र जगतका कलाकारको टोलीले सांस्कृतिक कार्यक्रम पनि प्रदर्शन गरेको छ ।

शनिबार अन्तिम दिन बिहान ८ बजेदेखि नै 'शत्रु गते' लगायत तीनवटा नेपाली चलचित्र प्रदर्शनका साथै राष्ट्रिय कलाकार को दिनभरि प्रस्तुति रहनेछ । महोत्सवको समापन प्रदेश २ का मुख्य मन्त्री लालबाबु राउतले गर्ने कार्यक्रम छ ।

गोविन्दाको २० मिनेट ...



बलिउड सुपरस्टार गोविन्दा वीरगन्जमा नेपाली चलचित्र स्वर्णिम महोत्सवमा नृत्य गर्दै ।

बलिउड सुपरस्टार गोविन्दाको प्रतीक्षा यहाँ जारी नेपाली चलचित्र स्वर्णिम महोत्सव २०७६ मा व्यग्रताका साथ गरिँदै थियो । करिब साढे ७ बजे महोत्सवस्थलमा प्रवेश गरेका गोविन्दा ७ बजेर ५५ मिनेटमा मात्र मञ्च उक्ले । पत्नी सुनिताका साथमा ।

कालो सुट र रातो टाइमा सजिएका गोविन्दा औपचारिक पहिरनमा देखिँदा उनले नृत्य गर्ने छैनन् भनी धेरै दर्शकले अडकलबाजी पनि गरे । सुनिताले सुरुमै वीरगन्जबासीले आफूहरू प्रति दर्शाएकोमा माया र सम्मानबाट आफूहरू आभारी भएको बताइन् ।

माइक समातेका गोविन्दाले सलमान खानसँग नृत्य रहेको आफ्नो चर्चित गीत 'डु यु वान्ना पार्टनर...' गुनगुनाएर दर्शकसँग नजिकिने प्रयास गरे । उनले नेपालमा आफूले पाएको माया शब्दमा वर्णन गर्न नसक्ने बताए ।

वीरगन्जसँगै भारतको बिहार राज्य जोडिएको र आफ्नी आमा निर्मला देवी पनि बिहारकै भएकाले आफूले वीरगन्जमा दोहोरो अपनत्व अनुभव गरेको उनले बताए । नेपाल र नेपालीसँगको माया प्रेम आफूले सावित गर्न नपर्ने बताउँदै उनले पत्नी सुनितालाई देखाउँदै ठट्टा गर्न भ्याए ।

नेपालमा आफूलाई 'ज्वाँइ' साब र 'भिनाजु' भनि सम्बोधन गरिँदा खुसी र आफ्नोपनको अनुभुति हुने गरेको बताउँदै उनले भने, 'मलाई धेरै देशमा नेपाली फ्यानले भिनाजु कस्तो छ भनी सोध्छन् ।' अनि आफूले पनि नेपालीमा 'राम्रो छ' भनी जवाफ फर्काउने गरेको बताए ।

नाँच्ने मुड नभए पनि दर्शकको मायाले आफूलाई नाँच्न गाउन बाध्य बनाएको भन्दै उनले आफ्नो चर्चित गीत 'अँगना मे बाबा दुवारे पे मा...' गुनगुनाए । दर्शकले साथ दिन थालेपछि हौसिएर 'सरकाइलो खटिया जाडा लगे..' पनि गुनगुनाए । उनले मञ्चमा ६ वटा गीगतमा नाच्न भ्याए ।

मिथिलानगरीमा साहित्य चर्चा

जनकपुर (कास)- सांस्कृतिक तथा अध्यात्मिक राजधानी जनकपुरधाम साहित्यमय बनेको छ । शुक्रबार सुरु भएको तीनदिने नेपाल लिटरेचर फेस्टिभलको जनकपुर संस्करणमा लेखक/साहित्यकार एवं चिन्तक जमघट भएका छन् ।

जानकी मन्दिरको खुला आकाशमुनि गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादव चन्दनको बिरुवा रोपेर महोत्सवको शुभारम्भ गरे । यद्यपि यस अघि जनकपुरमा साहित्य उत्सव नभएको होइन, मैथिली विकास कोष दुईपटक यस्तो उत्सवको आयोजन गरिसकेको छ ।

पूर्वीय दर्शन, मिमांशा तथा मैथिली भाषा, साहित्य, कला, संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान दिने जनकपुरमा आयोजित यस उत्सवले प्राज्ञिक पुनर्जागरण आउने विश्वास सहभागीहरूको छ । राजनीतिक तथा सामाजिक विश्लेषक चन्द्रकिशोर यस आयोजनलाई 'सृजनात्मक साझेदारी' को संज्ञा दिनुहुन्छ, 'यो देश जोड्ने उपक्रम हो । मुलुक भित्रका भूगोल, हावापानी, भाषा, साहित्य, कला, संस्कृतिसँगै विचार मन्थन गर्ने थलो हो ।' साहित्यकार तथा पत्रकार नारायण वाग्ले साहित्य उत्सवलाई 'प्राज्ञिक सत्संग' को संज्ञा दिए ।

राजनीतिक तथा प्राज्ञिक रूपमा छुट्टै स्थान बनाएको जनकपुरमा पुनः वैचारिक मन्थनको शृंखला सुरु गर्न साहित्य उत्सवको जनकपुर संस्करण आयोजन गरिएको आयोजक बूक वर्म फाउन्डेसनका अजित बरालको कथन थियो । तीन दिवसीय जनकपुर साहित्य उत्सवको पहिलो दिन शुक्रबार उद्घाटन पूर्व राष्ट्रपति यादवसँगै साहित्यकार हरि शर्मा, रामभरोस कापडी, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष अनिल मिश्र तथा नेपाल भ्रमण वर्ष २०२० प्रदेश २ का संयोजक मनीष झालगायतले सम्बोधन गरेका थिए । सन्ध्या रंगारंग सांस्कृतिक कार्यक्रमको आयोजन गरिएको थियो ।



पूर्वराष्ट्रपति रामवरण यादव जनपुरस्थित जानकी मन्दिर परिसरमा आयोजित साहित्य महोत्सवमा सहभागीहरूका साथ । तस्विर : श्यामसुन्दर शशि/कान्तिपुर


मैथिली गीत, संगीत सुनेर सहभागी दंग परेका थिए ।

उत्सवको दोस्रो दिन शनिवार विभिन्न सात शीर्षकमा विमर्श हुने कार्यक्रम छ । राम जानकी विवाह मण्डपमा 'चुरेको चिन्ता' शीर्षकमा आयोजित हुने विमर्शमा पूर्वराष्ट्रपति डा. यादव र पूर्व प्रधानमन्त्री माधवकुमार नेपालसँग चन्द्रकिशोर हुने छन् भने 'मधेसको हिमाल' शीर्षकमा कनकमणि दीक्षित, विराजभक्त श्रेष्ठ र डा. रामदयाल राकेशसँग धीरेन्द्र प्रेमर्षि हुने छन् । विवाह मण्डपमै आयोजित प्रदेश वा परदेश शीर्षकको सेसनमा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतसँग कान्तिपुर दैनिकका प्रधान सम्पादक सुधीर शर्मा तथा मधेसको भोजन विषयक सेशनमा केदार शर्मा, इम्तियाज वफा र गायत्री शर्मासँग गणि अन्सारी हुने छन् ।

शनिबारै जनकपुर रेल्वे स्टेसनमा आयोजित हुने अध्यात्मको राजधानी शीर्षकमा चारु चढ्ढा, प्रदेश सभा सदसय रामाशीष यादव र जानकी मन्दिरका महन्त रामरोशन दाससँग नित्यानन्द मण्डल हुनेछन् । रेल्वे स्टेशनमै आयोजित कस्तो साहित्य कसको साहित्य शीर्षकको विमर्शमा राम भरोस कापडी, अन्तिका गिरी र मनु मञ्जिलसँग ब्रजेश खनाल हुने छन् भने स्वाभिमान, सम्मान र अभिमान विषयक विमर्शमा प्रदेश सभा सदस्य रानी शर्मा, नारायण वाग्ले र प्रदेश २ का मुख्यन्याधिवक्त दीपेन्द्र झासँग कांग्रेस सांसद गगन थापा हुने छन ।

उत्सवको तेस्रो दिन साहित्य र राजनीतिक विश्लेषक तथा सांसद प्रदीप गिरी जानकी मन्थन गर्ने छन् भने पर्ख राक्षस तथा केटा र हवेल विषयक विमर्शमा लिण्डे फास र मार्क यायेशनसँग राजीवघर जोशी ,साहित्यमा मधेसीपात्र शीर्षकको विमर्शमा सीमा आभास र नयनराज पाण्डेसँग चर्तुभुज केवरत, साहित्य सम्झना शीर्षकमा उमाशंकर, गोपाल अश्क तथा रोशन जनकपुरीसँग श्याम शशि रहनेछन् भने पूर्वीय दर्शन र जनकपुर विषयमा पूर्वमन्त्री रामचन्द्र झा र प्राध्यापक वाहुदेवलाल दाससँग प्राध्यापक डा.सुरेन्द्र लाभ तथा अन्तिम सत्रमा वहुभाषिक कविगोष्ठीको आयोजन गरिने स्थानीय आयोजक मनीष झाले जानकारी दिए ।









तपाईंको आज

मेष	अधिक खर्च	तुला	आलोचित हुने
वृष	नयाँ कार्य आरम्भ	वृश्चिक	मनोकांक्षा पूर्ण
मिथुन	कार्य सिद्धि	धनु	कान्ति क्षय
कर्कट	धर्म बढ्ने	मकर	शत्रु परास्त
सिंह	अपव्यय	कुम्भ	अपेक्षित लाभ
कन्या	प्रतिष्ठा प्राप्त	मीन	उत्साहप्रद

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक २४ गते आइतबार तदनुरुप १० नोभेम्बर २०१९ कार्तिक शुक्लपक्ष त्रयोदशी तिथि दिनको ४:२० बजेसम्म उप्रान्त चतुर्दशी तिथि, रेवती नक्षत्र साँझको ०६:०७ बजेसम्म उप्रान्त अश्विनी नक्षत्र, वज्र योग दिनको १२:२१ बजेसम्म उप्रान्त सिद्धि योग, तैतिल करण दिनको ०४:२० बजेसम्म उप्रान्त गर करण, मीन राशिमा चन्द्रमा साँझको ०६:०७ बजेसम्म उप्रान्त मेष राशिमा । ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
८:००	कान्तिपुर समाचार
८:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सैंग खाउन
१०:००	हियर्ज दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
८:००	आउन मर्सैंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, मैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मूपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	ग्राज्ब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (ग्रिचंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इन्जुकेसन डायरी
१६:०५	क्विक फिक्स (स्मिता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	न्यूजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइज डायरी
२०:०५	रक मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०१:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२१९००
एम्बुलेन्स रेडक्रस	१०२
बारुण यन्त्र	५२००७१
जनकपुर अञ्चल अस्पताल	५२६९३८
एम्बुलेन्स महावीर चुवा कमिटी	५२५१८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८६
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३५७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२२
याति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८९१

महोत्तरी

जिल्ला अस्पताल	५२००६०
वारुण यन्त्र	५२००९७
प्रहरी	५२०१९२
प्रहरी	५२०००२
रेडक्रस एम्बुलेन्स	५२०१००
बन्दना हस्पिटल प्रा.लि. जौशाला	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत एक्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४२७१७७
छिन्नमस्ता ज्ञाण	५२९६१२
ई.प्र.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१९२
प्रहरी कन्ट्रोल	५२००७२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय जौशाला	५५१००/६९२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५८६२१
तिलगंगा आँखा अस्पताल	४४२३६८४
वीर अस्पताल	४२२९२८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसुति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३२६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७२८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	९७३४, ४२१४७६६६, ४२१४७५५५
मेडीकेयर नेशनल अस्पताल	४४६०८६०
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८६०
फ्रेण्डस अफ शान्ता भवन	४४६०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४२३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३७१६०३
कान्तिपुर हरिपटल, सुविधानगर, तिनकुने	४१९९५४७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुनौरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७४५०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९२८
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्याक्सी संघ	४२

गन्तव्य बनेको कुम्भकर्ण

पहिले विदेशी पर्यटक मात्र जाने कुम्भकर्ण धार्मिक पर्यटनसँग जोडिएपछि चहलपहल बढ्दो

■ आनन्द गौतम (ताप्लेजुङ)



ताप्लेजुङको फक्ताङलुङ-६ लेलेपस्थित कुम्भकर्ण हिमालको फेदीमा आन्तरिक पर्यटक । तस्विर : कान्तिपुर

सेवास्थल ४ हजार ५ सय ६१ मिटर उचाइमा । अगाडिपट्टि टलक्क टल्कने ७ हजार ७ सय १० मिटर उचाइको कुम्भकर्ण हिमाल देखिन्छ, जसलाई किराँतीहरू 'फक्ताङलुङ' सम्बोधन गर्छन् ।

गोलो आकारको देखिने शिर, दुईमध्येको एउटा कुम झरेको जस्तो देखिने हिमाल मजाले नियाल्न सकिन्छ । कञ्चनजंघासँगै जोडिएर रहेकाले बनावटका कारण यसलाई धेरै कञ्चनजंघा भनेर पनि अलमलिन्छन् । कञ्चनजंघाको तुलनामा यो चुचुरो ८ सय ७६ मिटर होचो छ । हिमालसँग कुहिरो लुकामारी खेलिरहन्छ । कहिले पूरै ढाक्छ, कहिले छाडेर हट्छ ।

उडेर आउने कुहिरोले बेला-बेला पानी ल्याउँछ र कहिले हिउँको वर्षा गराइदिन्छ । कुम्भकर्ण विगतदेखिकै पर्यटकीय गन्तव्य हो । विदेशी पर्यटक कञ्चनजंघा परिक्रमा गर्दा यही हिमालको फेदीबाट आउजाउ गर्छन् । हावा चलिरहने, लामो समय बस्नका लागि निकै कठिन हुने यो क्षेत्र अहिले धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ ।

किराँत धर्मगुरु आत्मनन्द लिङ्देन ६ दिनसम्म बसेका कारण महत्त्व थप बढेर गएको छ । उनले कार्तिक ६ देखि १० सम्म यहीं बसेर ध्यान गरे । राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द महिङगुम आङसिमाङले तपस्या गरेको स्थलमा यो वर्ष एक सातामा ९ सय ८१ जना पुगेर फर्किएको किराँत सेवा समिति सदस्य ज्ञानु फुरुम्बोले बताए ।

यो वर्ष यहाँ कार्तिक ५ देखि ११ सम्म विशेष सेवाको आह्वान गरिएको थियो । यसै स्थलबाट नामकरण गरिएको फक्ताङलुङ गाउँपालिका-६ लेलेप घुन्साका पर्यटन व्यवसायी हिमाली चुङदाका अनुसार आन्तरिक पर्यटक यति ठूलो संख्यामा आएको यो पहिलोपटक हो । वर्सेनि धर्म अनुरागीहरू भने पुग्ने गरेका छन् ।

मनसुन सकिँदा नसकिँदै सुरु हुने फक्ताङलुङ दर्शनमा टोली-टोली बनाएर जान्छन् । वर्षा भइरहने भएकाले हरेकले आफूले बोकेको झोला र ढाकरलाई प्लास्टिकले बेरेका हुन्छन् । आफू ओतिन छाता र थप प्लास्टिक अनिवार्य । सामान्यतया असोज अन्तिमदेखि कार्तिक दोस्रो सातासम्म सेवाका लागि जानेको लस्कर लाग्ने गरेको ज्ञानुले बताए ।

लेलेप खम्बाछेनको बस्ती नजिकमा रहेको यहाँ सबैभन्दा बढी जोखिम चिसोको हुन्छ । विदेशी पर्यटक आउने र सेवा गर्ने समय एकै भएकाले आन्तरिक पर्यटकलाई समेट्न खम्बाछेनलाई कठिन हुन्छ ।

यहाँ पनि आधा दर्जन मात्रै घर छन् । त्यही भएर तीर्थयात्रीहरूको सबैभन्दा भारी कपडाको हुन्छ । अहिलेसम्मको यात्रामा हरेकले ठूलै झोलामा सामान बोक्छन् । गाउँबाट जानेहरूले ढाकर नै बोक्छन् । पूजाका सामग्रीदेखि बासका लागि चाहिने म्याट्रेस, पाल र खानेकुरासम्म हुन्छ तीर्थयात्रीसँग । बदलिँदो समय र यात्रुहरू रित्तो हिँड्न रुचाउने भएकाले ठाउँठाउँमा होटल लज हुनुपर्ने माग गर्न थालेका छन् ।

यहाँ जानेको यात्रा इलामको लारुम्बाबाट सुरु हुन्छ । धर्मगुरु लिङ्देनको आशीर्वाद लिएर तीर्थालुहरू यात्रा प्रारम्भ गर्छन् । यहाँबाट पैदलै यात्रा गरे फक्ताङलुङ पुगेर फर्कन २२ दिनसम्म लाग्छ । गाडी चढे ताप्लेजुङको फुङलिङबाट एक सातामा यात्रा पूरा हुन्छ ।

सदरमुकामबाट तापेथोकको रानीपुलसम्म गाडी चल्छ । फुङलिङबाट त्यहाँसम्मको भाडा ७ सय रुपैयाँ छ । यो ठाउँलाई किराँतीहरूले पारुम्फुक, मारुम्फुकु भन्छन् । यसको अर्थ पितृदेव र मातृदेव भन्ने हुन्छ । फक्तालुङलाई पितृ-मातृदेवको आश्रमका रूपमा लिइने किराँत धर्मका अगुवा लेखबहादुर पालुङ्वा बताउँछन् ।

उनका अनुसार किराँत धर्मावलम्बीहरूको अस्तित्व फक्ताङलुङसँग जोडिएको छ । जीवनमा एकपटक दर्शनका लागि पुग्नैपर्ने मान्यता छ । यहाँ नेपालीसँगै बेलायत, अमेरिका, हङकङ, भारतको दार्जिलिङ र बर्मालगायतका धर्मावलम्बी आउने गरेका छन् । यो वर्ष विदेशमा बस्ने ६२ जना सुकेटार विमानस्थलबाट फक्ताङलुङ पुगेर फर्किए । पैदलयात्रा गर्नेहरू इलामको लारुम्बा हुँदै पाँचथरको सिलौटी, लुब्रिकुटी, कावेली किराँतेश्वर मन्दिर दर्शन गर्दै पनि जाने गरेका छन् । बाटोमा श्रीङ्चोक, हाँडीपोखरी, तिम्बुङ पोखरी, दूध पोखरी, नाग पोखरी, मयूर पोखरी र लक्ष्मी पोखरी जस्ता दर्जनौं पोखरीको दर्शन गर्न सकिन्छ । यात्राका क्रममा केही भूभाग सिक्किमको पर्छ । कतै गोठ, ओडार तथा खुला चौरमा पाल टाँगेर बास बस्नुपर्ने आठराई त्रिवेणीका भूपालकुमार सेन्डाइले बताए । तालतलैया, हरियाली डाँडाकाँडा र सेताम्मे देखिने हिमालको दृश्यले दर्शनको यात्रा रमाइलो हुने उनको अनुभव छ । यहाँ पुगेकाहरूले तीन दिनसम्म दर्शन स्थलमा महाअष्टम यज्ञ समेत गर्ने गरेका छन् । कतिपयले हिँडेर्दैखि नै व्रत पनि बस्ने गरेका छन् । यहाँको पूजामा बलि हत्या गरिन्न । वेदवाचन गरेर फूल, फलेदो, नैवेद्य, सुपारी र अबिर जस्ता पूजाका सामग्री प्रयोग गरिन्छ ।

पानी मागेर अस्पतालमा शौच

■ गिरुप्रसाद भण्डारी (प्यूठान)

सुत्केरी बेथाले च्यापेपछि नौबहिनी-६ बहानेका विजय केसीले श्रीमतीलाई बिहीबार प्यूठान जिल्ला अस्पतालमा भर्ना गरे । कुरुवा बस्दा शौचालय लैजानुपऱ्यो । भित्र पानी नै रहेनछ । श्रीमतीलाई बाहिर लैजान सम्भव थिएन । दौडिएर नजिकैको होटलमा पुगे, पानी मागेर ल्याएर शौच गराए ।

'अस्पतालजस्तो संवेदनशील ठाउँमा शौचालयको प्रबन्ध कति अप्ठ्यारो,' उनले भने, 'धन्न होटलले पानी दियो ।' अस्पतालको अन्य व्यवस्थापनको पाटो हेर्दा विरक्त लाग्दो रहेको उनले बताए । अस्पतालमा बिरामी थुप्रै आउँछन् । तर न सुविधा राम्रो छ न त पानी र बिजुलीको प्रबन्ध नै । अस्पताल अस्तव्यस्त भएको महिना दिनभन्दा भन्दा बढी भएको छ । सरोकारवालाले ध्यान नदिँदा बिरामी र तिनका आफन्तलाई सास्ती छ । अस्पतालमा १४ जना डाक्टरको दरबन्दीमा तीनजना मात्र कार्यरतको सूचीमा छन् । ती पनि बिदा बसेकाले अस्पताल सहयोगीको भरमा छ । भएका डाक्टर पनि बिदामा बस्दा बिरामीको उपचारमा समस्या भएको अस्पतालका निमित्त प्रमुख खिमप्रसाद पाध्रेले बताए । 'अस्पतालमा अहिले दरबन्दीका एक जना पनि डाक्टर छैनन्,' उनले भने, 'मेडिकल सुपरिटेन्डेन्ट नहुँदा औषधि खरिद गर्नसमेत सकिएको छैन ।' यहाँ सहयोगीसहित ५४ जना कर्मचारीको दरबन्दी छ । तर २७ जना कार्यरत छन् । 'चौतर्फी समस्या छ,' उनले भने, 'कसरी राम्रो व्यवस्थापन हुनु ।'

चिकित्सक अभावले बिरामी सामान्य उपचारका लागि पनि निजी क्लिनिक तथा जिल्ला बाहिरका अस्पताल धाउन बाध्य छन् । बिमा गराएका बिरामीले औषधि पाएका छैनन् । विशेषज्ञ चिकित्सकको अभाव हुँदा उपलब्ध उपकरणहरू सञ्चालन गर्न नसकिएको र बिरामीलाई बाहिर रेफर गर्नुपरेको पार्धेले बताए । कार्यरत चिकित्सक शेषराज घिमिरे, सुशीला थापा र सरस्वती सुर्खेती बिदामा छन् । प्रदेशले दैनिक प्रशासन सञ्चालन गर्न समस्या भएपछि अस्पताल प्रमुखको जिम्मेवारीसहित एक जनालाई पठाए पनि उनीसमेत एक/दुई दिन बसेर फिर्ता भएपछि अस्पताल एक महिनादेखि चिकित्सकविहीन भएको हो । समस्याबारे प्रदेशको सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयलाई जानकारी गराइए पनि सुनुवाइ नभएको उनले बताए । 'न चिकित्सक आए, न त मेडिकल सुपरिटेन्डेन्ट,' उनले भने, 'अस्पतालमा औषधिसमेत नहुँदा बिरामीले बाहिरबाट किन्नुपरेको छ ।' दैनिक विभिन्न सामान किन्नुपर्ने भए पनि आर्थिक जिम्मेवारी कसैलाई नतोकिएकाले दैनिक कामकाज र व्यवस्थापन प्रभावित भएको अस्पतालले जनाएको छ । चिकित्सक अभावले लामो समयदेखि दन्त, शल्यक्रिया, शवको पोस्टमार्टमलगायत सेवा पनि ठप्प छन् ।

अहिले निक साइमन इन्स्टिच्युट (एनएसआई) का दुई जना मेडिकल अफिसर र स्वास्थ्य मन्त्रालयका एक जना करारका गरी तीन जना चिकित्सकले सेवा दिएको प्यूठान नगरपालिकाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए । 'वर्षौंसम्म स्वास्थ्यकर्मी नपठाएर सरकारी निकायले गम्भीर लापरवाही गरेको छ,' उनले भने, 'हामी धेरै करायौं तर माथिल्लो निकायले स्वास्थ्यकर्मी पठाइदिएन ।' माथिल्लो निकायले प्यूठानबाट भएका जनशक्तिलाई सरुवा गरेर अन्यत्र पठाइदिने तर त्यसको ठाउँमा अर्को व्यक्ति नपठाइदिनाले समस्या थपिँदै गएको उनले बताए । 'टालटुल गरेर काम चलाएका छौं,' अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका उनले भने, 'तर गाह्रो भइरहेको छ ।' लामो समयदेखि समस्या भएपछि अहिले विकास समितिले करारमै भए पनि चिकित्सक राख्ने तयारी गरेको उनले बताए ।



शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५८ पोखरा | २३ कात्तिक २०७६ शनिबार कार्तिक शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 9, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

लिपुलेकमा पस्नै पाउँदैनन् नेपाली



भारतीय पक्षले अतिक्रमण सुरु गरेको नेपाली भूमि गुञ्जी क्षेत्रस्थित महाकाली नदीमा मिसिँदै लिपुखोला । भारतले यही लिपुखोलालाई काली नदी भन्दै आएको छ । नदीदेखि बायाँतिर भारतले नेपाली भूमिमा बनाएका सुरक्षा क्याम्पहरू । यहाँ भारतीय सेना, सीमा सुरक्षा बल र भारत-चीन सीमा सुरक्षा प्रहरी बसेका छन् । *तस्बिर : मनोज बडू/कान्तिपुर*

■ **मनोज बडू** (दार्चुला)

लिपुलेक र कालापानी क्षेत्रमा भारतले ०१८ सालदेखि नै सुरक्षाकर्मी राखेर नेपालीको प्रवेशमा कडाइ गर्दै आए पनि सरकारले चासो नदिएकोमा स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् ।

राज्यकै सामरिक महत्त्व बोकेको यो भूमिलाई भारतले आफ्नो नयाँ राजनीतिक नक्सामा राखेपछि

सीमाबारे छलफल गर्न प्रधानमन्त्रीले डाके सर्वदलीय बैठक | पृष्ठ २

फिर्ता हुने सम्भावना घट्दै गएको उनीहरूको भनाइ छ । उक्त क्षेत्रमा हाल नेपालीलाई भारतीय सुरक्षाकर्मीले पस्नै नदिएको स्थानीय दानसिंह तिंकरीले बताए । '६० सालपछि भारतले हामीलाई पस्नै दिएको छैन', उनले भने, 'अहिले चीनसित व्यापार गर्न तिंकर भञ्ज्याङको नाका प्रयोग गर्नुपरेको छ ।' पचासको दशकसम्म नेपाली र भारतीयले लिपुलेकबाटै चीनको ताक्लाकोटसित व्यापार गर्ने गरेका थिए । तर माओवादी द्वन्द्व चर्किएको बहानामा भारतीय पक्षले उक्त क्षेत्रमा नेपालीलाई प्रवेशमा कडाइ गरेको हो ।

बाँकी पृष्ठ २

अन्तिम घडीमा प्रधानमन्त्रीको निर्देशन

ई-पासपोर्ट छाप्ने अन्तर्राष्ट्रिय बोलपत्र रद्द

सरकारको 'जी टु जी' प्रयास

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना प्रक्रिया अघि बढाउने भन्दै ५० लाख ई-पासपोर्ट छाप्न परराष्ट्र मन्त्रालयले आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर सरकारले रद्द गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रत्यक्ष निर्देशनमा बोलपत्र प्रक्रिया बिहीबार राति रद्द गरिएको हो ।

बोलपत्र रद्द गर्नेबारे बिहीबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताए । मेसिन रिडेबल पासपोर्ट (एमआरपी) पछि नेपाल आगामी असार महिनादेखि 'ई-पासपोर्ट' मा जाने भएपछि नयाँ पद्धतिको पासपोर्ट छपाइका लागि गत भदौ १० मा परराष्ट्र मन्त्रालयको राहदानी विभागले बोलपत्र आह्वान गरेको थियो । सुरुको ४५ दिने बोलपत्रको म्याद टुंगिएपछि २२ दिन र त्यसपछि ७ दिनका लागि म्याद थपेर शुक्रबार दिउँसो बोलपत्रका सबै प्रस्ताव सार्वजनिक गरिने टुंगो भएको थियो । 'अन्तिम घडीमा रद्द भए पनि विस्तृतमा मलाई जानकारी भएन,' राहदानी विभागका महानिर्देशक रामकाजी खड्काले भने ।

विधानसम्मत बोलपत्र प्रतिस्पर्धालाई अन्तिम घडीमा रद्द गरिएको अवस्थालाई जानकारहरूले अनौठो मानेका छन् । ५० लाख पासपोर्ट विदेशमा एकैचोटि लगेर छाप्ने परराष्ट्रको निर्णयप्रति असन्तुष्ट रहेका प्रधानमन्त्री ओलीले दुई साताअघि परराष्ट्रका सम्बद्ध अधिकारीलाई आफ्नो धारणा सुनाएका थिए । असंलग्न आन्दोलन सम्मेलनमा भाग लिन गत कात्तिक ८ मा बाकु भ्रमणमा जानुअघि उनले राहदानी विभागका महानिर्देशक खड्कासहितका पदाधिकारीलाई बालुवाटार बोलाएर ई-पासपोर्टको अन्तर्राष्ट्रिय बोलपत्र आह्वान प्रक्रियाप्रति चर्को असन्तुष्टि प्रकट गरेका थिए ।

प्रधानमन्त्रीले प्रमुख सल्लाहकार विष्णु रिमाल र मुख्य सचिव लोकदर्शन रेग्मीलाई साथमै राखेर 'मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना गर्न लागिरहेका बेला पासपोर्ट छाप्न विदेश पठाउनु उचित नरहेको' बताएका थिए । प्रधानमन्त्रीले 'ई-पासपोर्ट छाप्न कम्तीमा १० वर्ष पुरानो कम्पनी किन चाहियो ?' भन्दै बोलपत्रमा राखिएको सर्तप्रति पनि



आपत्ति जनाएका थिए । पुरानो प्रविधिको कम्पनी र मेसिनको औचित्य नरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले ई-पासपोर्टमा आउने 'ब्याक एन्ड ह्वाइट फोटो'को औचित्य नरहेको र एकैचोटि ५० लाख संख्यामा पासपोर्ट छाप्नुको अर्थ नरहेको पनि उल्लेख गरेका थिए । उनले ई-पासपोर्ट बोलपत्र प्रक्रियामा असन्तोष जनाउँदै लगातार दुई घण्टा 'निर्देशन' दिएपछि उक्त प्रक्रिया खारेज हुन सक्ने संशय परराष्ट्र वृत्तमा बढिसकेको थियो ।

ई-पासपोर्ट छपाइको बोलपत्र रद्द गरिएपछि, सरकारले एक फ्रान्सेली कम्पनीबाट सिधै 'जी टु जी' (सरकारी तह) प्रक्रियामार्फत पासपोर्ट छपाएर ल्याउन चाहेको जानकारको भनाइ छ । यसअघि नेपालमा सुरक्षा प्रेस स्थापनार्थ प्राविधिक सहयोग लिने भनेर गत मार्चमा समझदारी गरिएको फ्रान्सेली सरकारको स्वामित्वमा रहेको 'इन-ग्रुप' लाई ई-पासपोर्ट छपाइमा अनुमति दिइने स्रोतले जनाएको छ ।

'यो कम्पनीले सुरुमा १० लाख ई-पासपोर्ट निःशुल्क छपाइ गरिदिने र बाँकीको हकमा प्रतिपासपोर्ट ८ डलर रकम लिने सेवासर्त अघि बढाएको छ,' प्रधानमन्त्री कार्यालय सम्बद्ध स्रोतले भन्यो । तर, बंगलादेशमा समेत सुरक्षा प्रेस स्थापना गर्ने भनेर सन् २०१६ मा काम थालेको यही इन-ग्रुपले हालसम्म पासपोर्ट छपाइ गर्न नसकेको अवस्था छ ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार 'खुला प्रतिस्पर्धामा जानैपर्ने' प्रावधान पछ्याएर पासपोर्ट छपाइमा परराष्ट्रले गरेको बोलपत्र खारेज भएपछि अब १ वर्षपछि पासपोर्ट वितरणमा आउन सक्ने देखिएको छ । राहदानी विभागका महानिर्देशक रामकाजी खड्काका अनुसार अब झन्डै साढे ७ लाख साधारण एमआरपी विभागसँग रहेको छ ।

बाँकी पृष्ठ ३

भक्कानिइरहन्छन् डा. केसी

■ **डीआर पन्त** (डडेलधुरा)

दुर्गम अजयमेरुबाट भेट्न आएका जयबहादुर ऐर र डोटीको बान्डुग्री सैनका हिक्मत बलायर शुक्रबार दिउँसो डा. गोविन्द केसी अनशन बसेको कोठाबाट आँसु पुछ्दै निस्किए । त्यतिबेला गेटमा पहरा दिइरहेका दुई प्रहरी, कोठामा ब्लड प्रेसर जाँच्न आएकी स्वास्थ्यकर्मी र डडेलधुराकै ईश्वरीप्रसाद भाटका पनि आँखा रसाएका थिए ।

भेट्न आउनेहरूसँग कुरा गरिरहँदा डा. केसी बेलाबेला



स्वास्थ्यमा समस्या आएपछि शुक्रबार साँझ अस्पताल भर्ना

भक्कानिन्छन् । यो देखेर आउनेहरूको मन थामिँदैन । उनीहरूका आँखा रसाइहाल्छन् । शुक्रबार पनि त्यस्तै भयो, ऐर र बलायरसँगको भेटमा । 'म आफू र आफन्तका लागि या कुनै माफियाको फाइदाका लागि अनशन बसेको हुँदै होइन,' डा. केसी भन्दै थिए, 'बाजुरादेखि ओखलढुंगासम्मका गरिब जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भनेर अनशन बसेको हुँ ।'

डडेलधुरा अस्पताल नजिकैको एउटा चिसो कोठामा स्वास्थ्य र चिकित्सा शिक्षा क्षेत्र सुधारको माग गर्दै अनशन बसेका डा. केसीलाई भेट्न आउने जोसुकैलाई पनि उनी भन्न छुटाउँदैनन्, 'संविधानले दिएको अधिकार माग्दा सरकारले अपराधी जस्तो व्यवहार गऱ्यो । राजनीतिक नेतृत्व जनताप्रति उत्तरदायी भएन ।' जुन अधिकार जनताका नाममा नेताले सहजै उपभोग गरिरहेका छन्, त्यो अधिकार सर्वसाधारणले नपाएको डा. केसीको आरोप छ । 'स्वास्थ्य शिक्षा र चिकित्सा क्षेत्रबाट हुने अवैध आम्दानीका कारण यसको सुधारका लागि कुनै पनि सरकारले उत्साह देखाएनन्,' उनले गुनासो गरे । विगतका सरकारले आफूसँग के कस्ता सम्झौता गरे ? प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका कस्तो रह्यो ? आफ्ना मागप्रति दलका शीर्ष नेताले कस्तो व्यवहार गरे भन्नेलगायत विवरण सुनाउँदा उनी आफैंलाई सम्हाल्न सक्दैनन् । र, भक्कानिन्छन् ।

अनशन बसेको पाँचौं दिनसम्म राज्यका निकाय र जनप्रतिनिधिले डा. केसीका मागमा चासो देखाएका छैनन् । 'यति पवित्र भावना बोकेर जनताका लागि लड्ने अभियन्ता मैले कमै देखेको छु,' भाटले भने, 'डा. केसीका विचार सुनेर सेवाको परिभाषा के हो भन्ने बुझ्न पाएँ ।' उनको आफ्नो भन्नु कोही छैन ।

बाँकी पृष्ठ २

सावधानी सूचना ।

ट्रेडमार्क

B M C

बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५
फोन नं: +९१-११-४७०५९१०१/०२/०३/०४/०५
वेब: www.bawamasalacompany.com ईमेल: ips@bawamasala.com

यस सार्वजनिक सूचना हाम्रो सेवाग्रही **श्री बावा मसाला कम्पनी**, बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५ तल देखाइए बमोजिमको मसालाहरुको सम्बन्धमा रहेको ट्रेडमार्क **BMC** र लोगोहरुको नेपालमा स्वामित्व रहेको दर्तावाल प्रोप्राइटर हो र उक्त ट्रेडमार्क र लोगोहरु मान्य, कायम र कार्यान्वयनमा रहेका छन् भन्ने जानकारी सर्वसाधारण सबैमा पुऱ्याउनका लागि यस सुचना जारी गरिएको छ ।

B.M.C. REGD. TRADE MARK

B M C

हाम्रो सेवाग्रहीको जानकारीमा आए अनुसार केहि व्यक्तिहरुले हाम्रो सेवाग्रहीको जस्तै प्याकेजिङ्ग तथा माथि देखाइए बमोजिमको लोगोसंग मिल्दो लोगो समेत प्रयोग गरि **नक्कली मसाला उत्पादन र बजारीकरण** गरिरहेका छन् । हाम्रो सेवाग्रहीको **BMC** ट्रेडमार्क भएको सक्कली उत्पादन नेपाल भित्र खरिद गर्न चाहने वा उत्पादनको वास्तविकताका बारेमा प्रश्न भएमा जो कोहीले देहाय बमोजिमका हाम्रो सेवाग्रहीका वितरकहरुलाई सम्पर्क गर्न सक्नुहुनेछ ।

१. **सुयश सप्लायर्स**, जनकपुर-१४, धनुषा जिल्ला, जनकपुर-१, नेपाल, फोन नं. ९८५४०२०७०१
२. **काठमाडौं भेराईटी सप्लायर्स प्रा. ली.**, नयाँबजार, खुसिबु, टाउन प्लानिङ्ग, सुगम मार्ग, काठमाडौं नेपाल, फोन नं. ९८०१०२२७९६
३. **नारायणी इन्टरप्राइजेज**, विरगंज, वडा नं. ७, रेशम कोठी, नेपाल, फोन नं. ९८०७२२६६४८

BMC को नक्कली ट्रेडमार्क प्रयोग गरि नक्कली मसाला विक्री/संचय गर्ने जोकोहि हाम्रो सेवाग्रहीले कार्यान्वयन गर्ने देवानी/फौजदारी दायित्वको भागिदार हुनुपर्नेछ ।



MEAT MASALA | CHICKMAS | MOMO MASALA

मितिः २०७६ कार्तिक २० गते
मोहन विधानी, अधिवक्ता, इ.नं. D/१३१/१९७२
विधानी ट्रेड मार्क कं. ११/१२, वेस्ट पटेल नगर, न्यू दिल्ली-११०००८, भारत
फोनः +९१-११-४५०५१५५१/१५५२ ईमेलः patent@vidhani.com



निर्माणाधीन छाडेर नयाँ बनाउने तयारी

■ **अगन्धर तिवारी** (पर्वत)

किसानको उत्पादन बाह्रै महिना संकलन गरी बजार पठाउने उद्देश्यसाथ निर्माण थालिएको चिस्यानकेन्द्र अलपत्र परेको छ । मोदी गाउँपालिका-२ देउपुरको पातीचौरमा निर्माणाधीन चिस्यानकेन्द्र ३ वर्षदेखि अलपत्र परेको हो । गाउँपालिकाले भने ५ करोड लागत मूल्यांकन गरेको निर्माणाधीन चिस्यान केन्द्र अलपत्र छाडेर अर्को नयाँ बनाउने तयारी थालेको छ ।

जिल्लाका किसानले उत्पादन गरेको आलु, सुन्तला, तरकारी, खाद्यान्न लगायत स्टोर गर्ने योजना अनुरूप तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालका पालामा ०७३/७४ मा निर्माण थालिएको थियो । कोल्डस्टोर बनाउन मोदी-२ देउपुरका खेमबहादुर हमालले जग्गा दिएपछि तत्काल ५ आना जग्गामा भवन निर्माण सुरु गरिएको हो । निर्माण

५ करोड लागत मूल्यांकन गरेको निर्माणाधीन चिस्यान केन्द्र अलपत्र छोडिएको छ

समितिका अध्यक्ष गंगा तिमिल्सिनाका अनुसार सुरुको वर्ष ५० लाख विनियोजन भए पनि २४ लाख बजेट आयो । 'बजेट विनियोजन भएपछि काम थाल्यौं,' उनले भनिन्, 'लागत मूल्यांकन अनुसार बजेट नआएपछि काम अघि बढेन । अपुग बजेट माग्ने दबाब पुगने ।'

दुईतले चिस्यानकेन्द्र निर्माणको काम एक वर्षमा सक्ने लक्ष्य थियो । तर, लक्ष्यअनुसार काम गर्न बजेट अभाव भएपछि निर्माणकै क्रममा एक ढलान गरिएपछि अलपत्र छ । अहिले भवनको भुई तल्लामा स्थानीयले घाँसपराल राखेर उपयोग गरिरहेका छन् । भवनको बाहिरी भागमा ठडिएका रड हिउँदे र वर्षे तरकारीका लागि थांक्राका रूपमा प्रयोग गरिएको छ । भवन बेवारिसे भएपछि ढलान र प्लास्टरसमेत काम नलाग्ने भएको छ । समयमै सम्पन्न भएको भए प्रयोगमा आइसक्ने भवन अलपत्र हुँदा उपयोग गर्न नपाएको गुनासो स्थानीयको छ । 'हामीले कौडीका भाउमा सुन्तला बेच्नुपरेको छ,' स्थानीय दाताराम चापागाईंले भने, 'कोल्डस्टोर भैदिएको भए फागुन-चैतमा सुन्तला पठाउन हुन्थ्यो । त्यो बेला डेढ सय रुपैयाँ किलोमा बेच्न पाइन्थ्यो ।' देउपुर जिल्लामै धेरै सुन्तला उत्पादन हुनेमा दोस्रो गाउँ हो । यहाँ बर्सेनि ३ करोडको सुन्तला उत्पादन हुन्छ । सिजनमा ३० देखि ४० रुपैयाँ प्रतिकिलोका दरले बिक्री गर्नुपर्ने सुन्तला चैतसम्म राख्नसके डेढसय रुपैयाँमा बिक्री हुने किसानले बताएका छन् ।

चिस्यान केन्द्रको निरन्तरताका लागि स्थानीयले वडा, गाउँपालिका, प्रदेश र केन्द्रसम्म गुहारेका छन् । तर, अहिलेसम्म बजेट निकासा हुने कतैबाट आशलाग्दो खबर नपाइएको वडाध्यक्ष विकास तिमिल्सिनाले बताए । 'हामीले वडाबाट गाउँपालिका, प्रदेश हुँदै केन्द्रसम्म बजेट माग गरेका थियौं,' उनले भने, 'प्रदेसबाट बजेट छुट्टिएको भन्ने छ । त्यसैलाई निरन्तरता दिने या अर्को बनाउने टुङ्गो छैन ।' मोदीका अध्यक्ष प्रेम शर्मा पौडेलले चिस्यानकेन्द्र अन्तै बनाउने तयारी भइरहेको बताए । 'पहिला व्यक्तिको जग्गामा बनाइएको रहेछ, व्यक्तिले हामीलाई सुम्पेकै छैनन्,' पौडेलले भने, 'त्यहाँ जग्गा पनि पुगेको छैन । बजेट आएको छ । नयाँ ठाउँ खोज्दैछौं ।' गाउँपालिका गठन अघिको भएकाले भवनबारे गाउँपालिकाले चासो दिन आवश्यक नभएको अध्यक्ष पौडेलले बताए । चिस्यान केन्द्रका लागि ५० लाख बजेट विनियोजन भएको उनको भनाइ छ ।

विज्ञले भने कोल्डस्टोरको न्यूनतम मापदण्ड समेत पूरा नगरी भवन निर्माण भएकाले सम्पन्न हुन समस्या देखिएको बताउँछन् । कृषि ज्ञानकेन्द्र पर्वतका प्रमुख एवं कृषि विज्ञ वासुदेव रेग्मीले भवनको क्षेत्रफल अनुसार क्षमता कम हुने बताउँछन् । 'योजना ठूलो देखिन्छ,' उनले भने, 'कोल्डस्टोरको भवन अलि ठूलो क्षेत्रफलमा चाहिन्छ । यसले लक्ष्य पूरा हुनसक्ने देखिन्न ।' ५ आना जग्गामा २४ फिट चौडाइ र ५२ फिट लम्बाइको भवनले जिल्लाभर उत्पादन हुने अन्न तथा फलफूल स्टोर गर्न असम्भव हुने उनले बताए । 'कोल्डस्टोर जिल्लाकै सम्पत्ति हुनुपर्छ । अहिले किसानले सास्ती पाएका छन् । कोल्डस्टोरमा पोखराको विकल्प पर्वत हुनुपर्छ । यसमा सबै पालिकाले समान चासो राखेर बनाउँदा उत्तम हुन्छ,' रेग्मीले भने । किसानले आलुको बिउ, सुन्तला, मकै, धानलगायत चिस्यान केन्द्रमा राख्न प्रतिक्विन्टल २ हजारसम्म भाडा तिरेर पोखरा लैजाने गरेका छन ।



मुस्लिम धर्मावलम्बीको महान् पर्व १२ रब्बिउल औवल अर्थात् १४९४ औं हजरत मुहम्मद जन्मोत्सवका अवसरमा शुक्रबार पोखरामा आयोजित शान्ति पदयात्रा ।

तस्विर : दीपक परियार/कान्तिपुर

मुहम्मद जन्मोत्सवमा शान्ति पदयात्रा

कान्तिपुर संवाददाता (पोखरा)

मुस्लिमहरूको महान पर्व १२ रब्बिउल औवल अर्थात् १४९४ औं हजरत मुहम्मद जन्मोत्सव पोखरामा मनाइएको छ ।

मुस्लिम धर्मावलम्बीको बाक्लो बसोबास भएको पोखरा-१४ मियापाटनका स्थानीयले जन्मोत्सवका अवसरमा शुक्रबार शान्ति पदयात्रा गरेका हुन् । इस्लाम धर्मका अन्तिम सन्देष्टा (पैगम्बर) हजरत मुहम्मद सल्लल्लाहु अलैही बसल्लमको १४९४ औं जन्मोत्सव मियापाटनमा हरेक वर्ष मनाइन्छ । १२ रब्बिउल औवल मूल आयोजक समितिले च्यालीको आयोजना गरेको हो । मियापाटनबाट सुरु भएको च्याली अमरसिंहचोक, हस्पिटलचोक, रानीपौवा, शीतलादेवी, गौंडाकोमुख हुँदै मियापाटनमै पुगेर समापन भएको थियो । समितिका संयोजक हाजी अब्दुल रहिम मियाले विश्व शान्तिको कामना गर्दै च्याली आयोजना गरेको बताए । 'इस्लामको अर्थ शान्ति हो,' उनले भने, 'विश्व शान्ति हाम्रो चाहना हो ।'

इस्लामिक पाठशाला व्यवस्थापन समितिका अध्यक्ष इकराम मियाले धार्मिक सद्भाव कायम राख्ने सन्देश दिन च्याली गरेको बताए । 'पोखरामा सदियौंदेखि हिन्दु मुसलमान मिलेर बसेका छौं,' उनले भने, 'यो च्यालीले धार्मिक सद्भावको सन्देश दिन्छ ।'

समितिका उपाध्यक्ष सराफत अलि मियाले जन्मोत्सवकै अवसरमा शनिबार महिलाहरूको धार्मिक सभा र आइतबार विश्व शान्तिको कामना गर्दै प्रवचन कार्यक्रम राखेको जनाए ।

एकादशीमा तोरण तार्ने घटे

ठूली एकादशीमा तुलसीको विवाह, शालिग्रामको पूजा र तोरण तार्नाले पितृलोकबाट मुक्त भइने जनविश्वास



पोखराको तुलसी घाटमा तोरण तार्दै भक्तजन ।

तस्विर : कान्तिपुर

■ **प्रताप रानामगर** (दमौली) र **विना शापा** (कास्की)

हरिबोधनी एकादशीको दिन तनहुँको भीमाद बजारमा परापूर्व कालदेखि मेला लाग्दै आएको छ । सेती नदीमा फूलको तोरण तार्न तछाड्मछाड नै हुने गरको बुढापाका सम्झन्छन् । भीमाद बजारमा सेती नदी माथि १९ वटा सम्म फूलको तोरण तारेको स्थानीय देवीलाल भण्डारीले सम्झिए । 'ठूली एकादशीमा तोरण तार्नेको भीड हुन्थ्यो,' उनले भने, 'अहिले तोरण कम मात्रामा तार्ने गरिएको छ ।'

भीमादमा स्याङ्जाको क्याक्मीदेखि हरिबोधनी एकादशीमा तोरण ल्याउने गरिएको थियो । तर, पछिल्लो समयमा तोरण कम मात्रामा तार्ने गरिएको छ । अघिल्लो वर्षमा जम्मा ५ वटा तोरण तारेको उनले बताए । यस वर्ष पनि अघिल्लो वर्षको हाराहारीमा तोरण तारिएको छ । धार्मिक विश्वास कम भएकाले तोरण घटेको स्थानीय बताउँछन् । त्यति मात्र नभइ अन्य ठाउँ तोरण तार्ने गरिएकाले पनि भीमादमा घटेको हो । पछिल्लो समय दुलेगौंडा र ऋषिङपाटन लगायतका ठाउँमा सेती नदीमा तोरण तार्ने गरिएकाले भीमादमा कम भएको हो । सिद्धेश्वर महादेव मन्दिर संरक्षण समितिले सामाजिक सद्भाव कायम गर्न भीमाद बजारमा २०४५ सालदेखि सेती नदीमा सामूहिक तोरण तार्ने गरिएको छ । सामाजिक सद्भाव र समाजको भलोका लागि बर्सेनि तोरण तार्दै आएको समितिका अध्यक्ष गोविन्दराज शर्माले बताए ।

फूलको तोरण जस्तै यस कार्यले समाजलाई एउटै मालामा उन्ने काम गरेको उनले बताए । '१ सय ५० हात तोरण समाजका सबै मिलेर बाटेको हौं । फूल संकल्प गरेका छौं,' उनले भने, 'भीमाद बजारको पूलको सिमाना म्यार्देको फूलबारी टोल र भीमादको पुरानो र माथिल्लो बजारका करिब ७२ घरधुरीले सामूहिक तोरण तारेका छन् ।' बर्सेनि तोरणको संख्या घट्दै गएको प्रति उनी दुःख व्यक्त गर्छन् ।

भक्तजनले विष्णु भगवान्को पूजा आराधना गर्दै व्रत बसी तुलसीको बिहे गरी सेती नदीमा तोरण तार्दै आएका छन् । स्याङ्जाको राम्चे, साँखर, क्याक्मी, तनहुँको किहुँ, अरुणोदय, भानुमती, माझकोट, रिसिङ, घिरिङ लगायतका ठाउँबाट सेती नदीमा तोरण बनाएर फूल तारिन्छ । फूलको तोरण तार्दा पञ्चेबाजा, मौलिक बाजा खैजेडी, मादलको तालमा भक्तजन नाचगान गर्छन् । हरिबोधनी एकदशीको अवसरमा तनहुँको पवित्र तीर्थस्थल देवघाट धाममा विशेष मेला लाग्ने गर्दछ । त्यस्तै शिशाघाट, दमौली, आँधीमूलमा पनि मेला लाग्ने गर्छ ।

भक्तजनको घुँइचो

पोखराको रामघाटमा हरिबोधनी एकादशीका दिन भक्तजनको घुँइचो लागेको छ । सेती नदीमा गएर स्नान गरी भगवान् विष्णुको पूजा गरे मनले चिताएको पूरा हुने भक्तजनको विश्वास छ । पोखराको नदीपुरस्थित नारायणस्थान, केआईसिंह पुल, गाईघाट लगायत स्थानमा शुक्रबार बिहानैदेखि भक्तजनको घुइँचो थियो । आषाढ शुक्ल एकादशीको दिनदेखि सुरु भएको चतुर्मास व्रत हरिबोधनीका दिन सकिन्छ । चतुर्मास व्रत बस्नेले यो दिन फूलको तोरण बनाएर डोलीमा बोकेर नदी किनार र किनार नजिकको पुलमा तार्ने समेत गरेको नयाँबजार रामघाट धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष रामजीप्रसाद कोइरालाले बताए । उनका अनुसार एकादशीका दिन शालिग्राम र तुलसीको विवाह समेत गरिन्छ ।

शालिग्राम नदीमा भएकाले धेरै भक्तजनले आफूलाई पायक पर्ने नदी नजिक पुगेर तुलसीको बोट लगेर पुजा गर्छन् । नदीमा शालिग्राम भएकाले शालिग्रामलाई माला अपर्ण गरेस्वरूप खोला र पुलमा एकादशीको अवसरमा तोरण तार्ने गरेको समेत उनले बताए । रामघाटमा स्याङ्जा, तनहुँ लगायतका नजिकका छिमेकी जिल्लाबाट पनि तोरन ल्याएका थिए ।

छोटकरी

वडाअध्यक्षसहित २८ पक्राउ

लमजुङ (कास)- प्रहरीले कौडा (जुवा) खेल्दै गरेको अवस्थामा २८ जनालाई पक्राउ गरेको छ । राइनास नगरपालिका ७, धर्मिलिकुवाको पाँचभाइ चौतारीबाट उनीहरूलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय भोटेओडारका इन्सपेक्टर राजेन्द्र थापाको नेतृत्वमा खटिएको टोलीले बिहीबार राति साढे १२ बजेदेखि पौने १ बजेको समयमा उनीहरूलाई पक्राउ गर्न सफल भएको हो । 'गोप्य सूचनाका आधारमा हामी खोज्दै गयौं । पाँचभाइ चौतारीको गणेश गुरुङको घरमा खेल्दै गरेका रहेछन् । हामीले सबैलाई पक्राउ गर्‍यौं,' उनले भने । प्रहरीले पक्राउ गरेकामा राइनास नगरपालिका ७ मा स्थानीय तह निर्वाचनमा नेकपाबाट निर्वाचित वडाअध्यक्ष माधव पराजुली समेत छन् । उद्यपि उनले आफू साथीहरूले बोलाएर हेर्न गएको बताएका छन् । पक्राउ पर्नेमा राइनास नगरपालिका ७ का ७ जना र वडा नं. ६ का १० जना छन् । सुन्दरबजार बजार नगरपालिका र मध्यनेपाल नगरपालिकाका १/१ जना छन् । छिमकी गोरखाको पालुङटार नगरपालिकाका ९ जना रहेको जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर वसन्तबहादुर रानाले बताए । गणेश गुरुङ आफैं प्रहरीमा आउने भनेकाले उनलाई भने पक्राउ नगरिएको प्रहरीले जनाएको छ । प्रहरीले उनीहरू विरुद्ध जुवा ऐन अन्तर्गत मुद्दा चलाएको छ ।

नेकपा कार्यकर्ता पक्राउ

गोरखा (कास)- नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका वागलुङ जिल्ला सदस्य ३१ वर्षीय महेन्द्र भण्डारी पक्राउ परेका छन् । वागलुङको ढोरपाटन नगरपालिका-६ घर भएका भण्डारीलाई शुक्रबार बिहान मभुवा देउरालीबाट पक्राउ गरिएको एसपी ओम अधिकारीले बताए । उनाई शुक्रबार नै सार्वजनिक हितविरुद्धको अपराधमा मुद्दा दर्ता गरी अनुसन्धान थालिएको छ । प्रहरीले मभुवा देउरालीबाट पक्राउ गरेको दाबी गरे पनि स्यार्दी प्रहरीले रिहा गरेलगतै उनलाई गोरखा पठाइएको प्रहरी स्रोतले जनाएको छ ।

VACANCY ANNOUNCEMENT

Caravan Construction Pvt. Ltd. is a growing "A" class construction company in Nepal is looking to recruit Accountants for its Pokhara Regional Office and site offices.

Required:

a. Senior Accounts Officer : Pokhara
Requirements:
i. Minimum Bachelor's degree in commerce
ii. Minimum 3 years of accounting experience

b. Accounts officer : Sites
Requirements:
i. Minimum Bachelor's degree in commerce.
ii. Minimum 3 years of accounting experience.

c. Site-Supervisor
i. Must have completed intermediate level.
ii. 3 years of experience in managerial or supervisory roles in related field.

Applying Procedure:
Application letter mentioning the expected salary and motivation factor along with latest curriculum-vitae, a recent passport size photograph, a copy of citizenship certificate should be submitted at the following address by **13th November, 2019** at **hr@caravanconstruction.com**

Local candidates are preferred.

Only shortlisted candidates will be called for the interview. Telephone inquiries will not be entertained.

CARAVAN CONSTRUCTION PVT. LTD. LET'S BUILD TOGETHER **Caravan Construction Pvt. Ltd.**

ENJOY DOLBY ATMOS SOUND BIG Movies
NOW SHOWING
BALA : 8:30 AM, 12:00 PM, 2:45 PM, 5:30 PM, 8:15 PM
GHAMAD SHERE : 8:45 AM, 11:30 AM, 2:15 PM, 5:00 PM, 7:45 PM
HOUSEFULL 4 : 9:00 AM, 7:00 PM
LAST CHRISTMAS : 11:15 AM
KABADDI KABADDI KABADDI : 1:30 PM
CHA MAYA CHAPAKKAI : 4:00 PM
4011643/45, 01-2112233 NLIC City Centre Kamalpokhari, Kathmandu www.bigmovies.com.np facebook/bigmoviesnepal Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

BG Mall BSR MOVIES
FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
Ghamad Shere	8:00am | 7:30pm	2:00pm
Bala	1:30pm	8:30am 8:00pm
Jivan Kanda Ki Phool		11:30am
Last Christmas	11:00am	
Housefull 4	4:30pm	
Cha Maya Chhapakkai		5:00pm

SUPER 2 DAYS TUESDAY Et WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

गुना सिनेमा हल प्रा. लि. GUNA GROUP Guna Cinema P. Ltd.
Showing Time 8:20, 11:20, 2:20, 5:20
A FILM BY HEM RAJ BC
घामड शेरे
• Housefull 4 • War • बादशाह जुट • लक्ष्मी रानी • छ माया छपक्कै • पोइ पच्यो काले • कबड्डी कबड्डी कबड्डी
• Ghamard Shere • Kabaddi3 • Poi Paryo Kale • Housefull 4 • Chha maya chhapakai • Bala • Jiban Kanda ki Phool

तपाईंको आज

मेष	अधिक खर्च	तुला	आलोचित हुने
वृष	नयाँ कार्य आरम्भ	वृश्चिक	मनोकांक्षा पूर्ण
मिथुन	कार्य सिद्धि	धनु	कान्ति क्षय
कर्कट	धर्म बढ्ने	मकर	शत्रु परास्त
सिंह	अपव्यय	कुम्भ	अपेक्षित लाभ
कन्या	प्रतिष्ठा प्राप्त	मीन	उत्साहप्रद

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक २४ गते आइतबार तदनुरुप १० नोभेम्बर २०१९ कार्तिक शुक्लपक्ष त्रयोदशी तिथि दिनको ४:२० बजेसम्म उप्रान्त चतुर्दशी तिथि, रेवती नक्षत्र सौंभकको ०६:०७ बजेसम्म उप्रान्त अश्विनी नक्षत्र, वज्र योग दिनको १२:२१ बजेसम्म उप्रान्त सिद्धि योग, तैतिल करण दिनको ०४:२० बजेसम्म उप्रान्त गर करण, मीन राशिमा चन्द्रमा सौंभकको ०६:०७ बजेसम्म उप्रान्त मेष राशिमा । **ज्यो. रामप्रसाद सिटौला**

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
८:००	कान्तिपुर समाचार
८:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज द्य लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सेंग खाउन
१०:००	हियर्ज द्य लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्ज द्य लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
८:००	आउन मर्सेंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (मृपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (ग्रिचंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	क्विक फिक्स (रिमता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्यूजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साग्रारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइज डायरी
२०:०५	रक मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (घिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

पोखराका महत्त्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३६०
दमकल सेवा	०६१-५२०२२२
शव वाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
परिचमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६०
मणिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/९०/९८
गण्डकी मेडिकल कलेज	०६१-५४०२५३
हिमालय आँखा अस्पताल	०६१-६६१५६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०६६/५६१५६६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११११/०६१-६६६८४१
क्षेत्रीय प्रहरी कार्यालय	०६१-६६२५००/९८५६०९८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५४९०
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२६२०४७

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१९८/५२०२९८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका भगवती गुठी एम्बुलेन्स	९८४६२१७६५००
गोरस्या अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३२
स्याङ्जा रेडक्रस एम्बुलेन्स	०६३ ४२०११४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०११२/४२०१४४
पर्वत रेडक्रस एम्बुलेन्स	०६७ ४२०१६२
पर्वत प्रहरी/वारुणयन्त्र	०६७ ४२०१००/४२०१२२

लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१२५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१८३
म्याग्दी जिल्ला अस्पताल	०६२ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बाग्लुङ्गन्यत्र	०६३ ४२०४०२
जिल्ला प्रहरी बागलुङ	०६८ ५२०१२२ र ५२०२९२
जिल्ला प्रहरी गोरस्या	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१२२
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१२२
जिल्ला प्रहरी मुस्ताङ	०६२ ४४०१९६ र ४४०२९८
जिल्ला प्रहरी म्याग्दी	०६२ ५२०१२२ र ५२०२२२
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१२२
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१२२/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१२२
झपा आँबुखैरेनी	०६५ ५४०८२२
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१-५४०२००
बुद्ध सामुदायीक मृदु अस्पताल	०७१-५४१९७७
महिला तथा बाल अस्पताल-आरदा	०७१-५४४४५०
चुमिमर्सल कलेज अफ मेडिकल साचनसेस भैरहवा	०७१-५०६०३०
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८-५२०१८८
अर्घाखाची जिल्ला अस्पताल	०७७-४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७१-५२०१८८
कपिलवस्तु जिल्ला अस्पताल	०७४-५४०२००
रेडक्रस एम्बुलेन्स भैरहवा	०७१-५२०१६३, ९८४७२६५५७
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८४७२६५५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१०७८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४६५४०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५४४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२९३
पशुपति आर्याघाट सेवा केन्द्र	४४२२९९९
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्यावर्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

गन्तव्य बनेको कुम्भकर्ण

पहिले विदेशी पर्यटक मात्र जाने कुम्भकर्ण धार्मिक पर्यटनसँग जोडिएपछि चहलपहल बढ्दो

■ आनन्द गौतम (ताप्लेजुङ)



ताप्लेजुङको फक्ताङलुङ-६ लेलेपस्थित कुम्भकर्ण हिमालको फेदीमा आन्तरिक पर्यटक । तस्विर : कान्तिपुर

सेवास्थल ४ हजार ५ सय ६१ मिटर उचाइमा । अगाडिपट्टि टलक्क टल्कने ७ हजार ७ सय १० मिटर उचाइको कुम्भकर्ण हिमाल देखिन्छ, जसलाई किराँतीहरू 'फक्ताङलुङ' सम्बोधन गर्छन् ।

गोलो आकारको देखिने शिर, दुईमध्येको एउटा कुम झरेको जस्तो देखिने हिमाल मजाले नियाल्न सकिन्छ । कञ्चनजंघासँगै जोडिएर रहेकाले बनावटका कारण यसलाई धेरै कञ्चनजंघा भनेर पनि अलमलिन्छन् । कञ्चनजंघाको तुलनामा यो चुचुरो ८ सय ७६ मिटर होचो छ । हिमालसँग कुहिरो लुकामारी खेलिरहन्छ । कहिले पूरै ढाक्छ, कहिले छाडेर हट्छ ।

उडेर आउने कुहिरोले बेला-बेला पानी ल्याउँछ र कहिले हिउँको वर्षा गराइदिन्छ । कुम्भकर्ण विगतदेखिकै पर्यटकीय गन्तव्य हो । विदेशी पर्यटक कञ्चनजंघा परिक्रमा गर्दा यही हिमालको फेदीबाट आउजाउ गर्छन् । हावा चलिरहने, लामो समय बस्नका लागि निकै कठिन हुने यो क्षेत्र अहिले धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ ।

किराँत धर्मगुरु आत्मनन्द लिङ्देन ६ दिनसम्म बसेका कारण महत्त्व थप बढेर गएको छ । उनले कार्तिक ६ देखि १० सम्म यहीं बसेर ध्यान गरे । राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द महिङगुम आङसिमाङले तपस्या गरेको स्थलमा यो वर्ष एक सातामा ९ सय ८१ जना पुगेर फर्किएको किराँत सेवा समिति सदस्य ज्ञानु फुरुम्बोले बताए ।

यो वर्ष यहाँ कार्तिक ५ देखि ११ सम्म विशेष सेवाको आह्वान गरिएको थियो । यसै स्थलबाट नामकरण गरिएको फक्ताङलुङ गाउँपालिका-६ लेलेप घुन्साका पर्यटन व्यवसायी हिमाली चुङदाका अनुसार आन्तरिक पर्यटक यति ठूलो संख्यामा आएको यो पहिलोपटक हो । वर्सेनि धर्म अनुरागीहरू भने पुग्ने गरेका छन् ।

मनसुन सकिँदा नसकिँदै सुरु हुने फक्ताङलुङ दर्शनमा टोली-टोली बनाएर जान्छन् । वर्षा भइरहने भएकाले हरेकले आफूले बोकेको झोला र ढाकरलाई प्लास्टिकले बेरेका हुन्छन् । आफू ओतिन छाता र थप प्लास्टिक अनिवार्य । सामान्यतया असोज अन्तिमदेखि कार्तिक दोस्रो सातासम्म सेवाका लागि जानेको लस्कर लाग्ने गरेको ज्ञानुले बताए ।

लेलेप खम्बाछेनको बस्ती नजिकमा रहेको यहाँ सबैभन्दा बढी जोखिम चिसोको हुन्छ । विदेशी पर्यटक आउने र सेवा गर्ने समय एकै भएकाले आन्तरिक पर्यटकलाई समेट्न खम्बाछेनलाई कठिन हुन्छ ।

यहाँ पनि आधा दर्जन मात्रै घर छन् । त्यही भएर तीर्थयात्रीहरूको सबैभन्दा भारी कपडाको हुन्छ । अहिलेसम्मको यात्रामा हरेकले ठूलै झोलामा सामान बोक्छन् । गाउँबाट जानेहरूले ढाकर नै बोक्छन् । पूजाका सामग्रीदेखि बासका लागि चाहिने म्याट्रेस, पाल र खानेकुरासम्म हुन्छ तीर्थयात्रीसँग । बदलिँदो समय र यात्रुहरू रित्तो हिँड्न रुचाउने भएकाले ठाउँठाउँमा होटल लज हुनुपर्ने माग गर्न थालेका छन् ।

यहाँ जानेको यात्रा इलामको लारुम्बाबाट सुरु हुन्छ । धर्मगुरु लिङ्देनको आशीर्वाद लिएर तीर्थालुहरू यात्रा प्रारम्भ गर्छन् । यहाँबाट पैदलै यात्रा गरे फक्ताङलुङ पुगेर फर्कन २२ दिनसम्म लाग्छ । गाडी चढे ताप्लेजुङको फुङलिङबाट एक सातामा यात्रा पूरा हुन्छ ।

सदरमुकामबाट तापेथोकको रानीपुलसम्म गाडी चल्छ । फुङलिङबाट त्यहाँसम्मको भाडा ७ सय रुपैयाँ छ । यो ठाउँलाई किराँतीहरूले पारुम्फुक, मारुम्फुकु भन्छन् । यसको अर्थ पितृदेव र मातृदेव भन्ने हुन्छ । फक्तालुङलाई पितृ-मातृदेवको आश्रमका रूपमा लिइने किराँत धर्मका अगुवा लेखबहादुर पालुङ्वा बताउँछन् ।

उनका अनुसार किराँत धर्मावलम्बीहरूको अस्तित्व फक्ताङलुङसँग जोडिएको छ । जीवनमा एकपटक दर्शनका लागि पुग्नैपर्ने मान्यता छ । यहाँ नेपालीसँगै बेलायत, अमेरिका, हङकङ, भारतको दार्जिलिङ र बर्मालगायतका धर्मावलम्बी आउने गरेका छन् । यो वर्ष विदेशमा बस्ने ६२ जना सुकेटार विमानस्थलबाट फक्ताङलुङ पुगेर फर्किए । पैदलयात्रा गर्नेहरू इलामको लारुम्बा हुँदै पाँचथरको सिलौटी, लुब्रिकुटी, कावेली किराँतेश्वर मन्दिर दर्शन गर्दै पनि जाने गरेका छन् । बाटोमा श्रीङ्चोक, हाँडीपोखरी, तिम्बुङ पोखरी, दूध पोखरी, नाग पोखरी, मयूर पोखरी र लक्ष्मी पोखरी जस्ता दर्जनौं पोखरीको दर्शन गर्न सकिन्छ । यात्राका क्रममा केही भूभाग सिक्किमको पर्छ । कतै गोठ, ओडार तथा खुला चौरमा पाल टाँगेर बास बस्नुपर्ने आठराई त्रिवेणीका भूपालकुमार सेन्डाइले बताए । तालतलैया, हरियाली डाँडाकाँडा र सेताम्मे देखिने हिमालको दृश्यले दर्शनको यात्रा रमाइलो हुने उनको अनुभव छ । यहाँ पुगेकाहरूले तीन दिनसम्म दर्शन स्थलमा महाअष्टम यज्ञ समेत गर्ने गरेका छन् । कतिपयले हिँडेर्दैखि नै व्रत पनि बस्ने गरेका छन् । यहाँको पूजामा बलि हत्या गरिन्न । वेदवाचन गरेर फूल, फलेदो, नैवेद्य, सुपारी र अबिर जस्ता पूजाका सामग्री प्रयोग गरिन्छ ।

पानी मागेर अस्पतालमा शौच

■ गिरुप्रसाद भण्डारी (प्यूठान)

सुत्केरी बेथाले च्यापेपछि नौबहिनी-६ बहानेका विजय केसीले श्रीमतीलाई बिहीबार प्यूठान जिल्ला अस्पतालमा भर्ना गरे । कुरुवा बस्दा शौचालय लैजानुपऱ्यो । भित्र पानी नै रहेनछ । श्रीमतीलाई बाहिर लैजान सम्भव थिएन । दौडिएर नजिकैको होटलमा पुगे, पानी मागेर ल्याएर शौच गराए ।

'अस्पतालजस्तो संवेदनशील ठाउँमा शौचालयको प्रबन्ध कति अप्ठ्यारो,' उनले भने, 'धन्न होटलले पानी दियो ।' अस्पतालको अन्य व्यवस्थापनको पाटो हेर्दा विरक्त लाग्दो रहेको उनले बताए । अस्पतालमा बिरामी थुप्रै आउँछन् । तर न सुविधा राम्रो छ न त पानी र बिजुलीको प्रबन्ध नै । अस्पताल अस्तव्यस्त भएको महिना दिनभन्दा भन्दा बढी भएको छ । सरोकारवालाले ध्यान नदिँदा बिरामी र तिनका आफन्तलाई सास्ती छ । अस्पतालमा १४ जना डाक्टरको दरबन्दीमा तीनजना मात्र कार्यरतको सूचीमा छन् । ती पनि बिदा बसेकाले अस्पताल सहयोगीको भरमा छ । भएका डाक्टर पनि बिदामा बस्दा बिरामीको उपचारमा समस्या भएको अस्पतालका निमित्त प्रमुख खिमप्रसाद पाध्रेले बताए । 'अस्पतालमा अहिले दरबन्दीका एक जना पनि डाक्टर छैनन्,' उनले भने, 'मेडिकल सुपरिटेन्डेन्ट नहुँदा औषधि खरिद गर्नसमेत सकिएको छैन ।' यहाँ सहयोगीसहित ५४ जना कर्मचारीको दरबन्दी छ । तर २७ जना कार्यरत छन् । 'चौतर्फी समस्या छ,' उनले भने, 'कसरी राम्रो व्यवस्थापन हुनु ।'

चिकित्सक अभावले बिरामी सामान्य उपचारका लागि पनि निजी क्लिनिक तथा जिल्ला बाहिरका अस्पताल धाउन बाध्य छन् । बिमा गराएका बिरामीले औषधि पाएका छैनन् । विशेषज्ञ चिकित्सकको अभाव हुँदा उपलब्ध उपकरणहरू सञ्चालन गर्न नसकिएको र बिरामीलाई बाहिर रेफर गर्नुपरेको पार्धेले बताए । कार्यरत चिकित्सक शेषराज घिमिरे, सुशीला थापा र सरस्वती सुर्खेती बिदामा छन् । प्रदेशले दैनिक प्रशासन सञ्चालन गर्न समस्या भएपछि अस्पताल प्रमुखको जिम्मेवारीसहित एक जनालाई पठाए पनि उनीसमेत एक/दुई दिन बसेर फिर्ता भएपछि अस्पताल एक महिनादेखि चिकित्सकविहीन भएको हो । समस्याबारे प्रदेशको सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयलाई जानकारी गराइए पनि सुनुवाइ नभएको उनले बताए । 'न चिकित्सक आए, न त मेडिकल सुपरिटेन्डेन्ट,' उनले भने, 'अस्पतालमा औषधिसमेत नहुँदा बिरामीले बाहिरबाट किन्नुपरेको छ ।' दैनिक विभिन्न सामान किन्नुपर्ने भए पनि आर्थिक जिम्मेवारी कसैलाई नतोकिएकाले दैनिक कामकाज र व्यवस्थापन प्रभावित भएको अस्पतालले जनाएको छ । चिकित्सक अभावले लामो समयदेखि दन्त, शल्यक्रिया, शवको पोस्टमार्टमलगायत सेवा पनि ठप्प छन् ।

अहिले निक साइमन इन्स्टिच्युट (एनएसआई) का दुई जना मेडिकल अफिसर र स्वास्थ्य मन्त्रालयका एक जना करारका गरी तीन जना चिकित्सकले सेवा दिएको प्यूठान नगरपालिकाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए । 'वर्षौंसम्म स्वास्थ्यकर्मी नपठाएर सरकारी निकायले गम्भीर लापरवाही गरेको छ,' उनले भने, 'हामी धेरै करायौं तर माथिल्लो निकायले स्वास्थ्यकर्मी पठाइदिएन ।' माथिल्लो निकायले प्यूठानबाट भएका जनशक्तिलाई सरुवा गरेर अन्यत्र पठाइदिने तर त्यसको ठाउँमा अर्को व्यक्ति नपठाइदिनाले समस्या थपिँदै गएको उनले बताए । 'टालटुल गरेर काम चलाएका छौं,' अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका उनले भने, 'तर गाह्रो भइरहेको छ ।' लामो समयदेखि समस्या भएपछि अहिले विकास समितिले करारमै भए पनि चिकित्सक राख्ने तयारी गरेको उनले बताए ।



शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५८ बुटवल | २३ कात्तिक २०७६ शनिबार कार्तिक शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 9, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

लिपुलेकमा पस्नै पाउँदैनन् नेपाली



भारतीय पक्षले अतिक्रमण सुरु गरेको नेपाली भूमि गुञ्जी क्षेत्रस्थित महाकाली नदीमा मिसिँदै लिपुखोला । भारतले यही लिपुखोलालाई काली नदी भन्दै आएको छ । नदीदेखि बायाँतिर भारतले नेपाली भूमिमा बनाएका सुरक्षा क्याम्पहरू । यहाँ भारतीय सेना, सीमा सुरक्षा बल र भारत-चीन सीमा सुरक्षा प्रहरी बसेका छन् । *तस्बिर : मनोज बडू/कान्तिपुर*

■ **मनोज बडू** (दार्चुला)

लिपुलेक र कालापानी क्षेत्रमा भारतले ०१८ सालदेखि नै सुरक्षाकर्मी राखेर नेपालीको प्रवेशमा कडाइ गर्दै आए पनि सरकारले चासो नदिएकोमा स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् ।

राज्यकै सामरिक महत्त्व बोकेको यो भूमिलाई भारतले आफ्नो नयाँ राजनीतिक नक्सामा राखेपछि

सीमाबारे छलफल गर्न प्रधानमन्त्रीले डाके सर्वदलीय बैठक | पृष्ठ २

फिर्ता हुने सम्भावना घट्दै गएको उनीहरूको भनाइ छ । उक्त क्षेत्रमा हाल नेपालीलाई भारतीय सुरक्षाकर्मीले पस्नै नदिएको स्थानीय दानसिंह तिंकरीले बताए । '६० सालपछि भारतले हामीलाई पस्नै दिएको छैन', उनले भने, 'अहिले चीनसित व्यापार गर्न तिंकर भञ्ज्याङको नाका प्रयोग गर्नुपरेको छ ।' पचासको दशकसम्म नेपाली र भारतीयले लिपुलेकबाटै चीनको ताक्लाकोटसित व्यापार गर्ने गरेका थिए । तर माओवादी द्वन्द्व चर्किएको बहानामा भारतीय पक्षले उक्त क्षेत्रमा नेपालीलाई प्रवेशमा कडाइ गरेको हो ।

बाँकी पृष्ठ २

अन्तिम घडीमा प्रधानमन्त्रीको निर्देशन

ई-पासपोर्ट छाप्ने अन्तर्राष्ट्रिय बोलपत्र रद्द

सरकारको 'जी टु जी' प्रयास

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना प्रक्रिया अघि बढाउने भन्दै ५० लाख ई-पासपोर्ट छाप्न परराष्ट्र मन्त्रालयले आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर सरकारले रद्द गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रत्यक्ष निर्देशनमा बोलपत्र प्रक्रिया बिहीबार राति रद्द गरिएको हो ।

बोलपत्र रद्द गर्नेबारे बिहीबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताए । मेसिन रिडेबल पासपोर्ट (एमआरपी) पछि नेपाल आगामी असार महिनादेखि 'ई-पासपोर्ट' मा जाने भएपछि नयाँ पद्धतिको पासपोर्ट छपाइका लागि गत भदौ १० मा परराष्ट्र मन्त्रालयको राहदानी विभागले बोलपत्र आह्वान गरेको थियो । सुरुको ४५ दिने बोलपत्रको म्याद टुंगिएपछि २२ दिन र त्यसपछि ७ दिनका लागि म्याद थपेर शुक्रबार दिउँसो बोलपत्रका सबै प्रस्ताव सार्वजनिक गरिने टुंगो भएको थियो । 'अन्तिम घडीमा रद्द भए पनि विस्तृतमा मलाई जानकारी भएन,' राहदानी विभागका महानिर्देशक रामकाजी खड्काले भने ।

विधानसम्मत बोलपत्र प्रतिस्पर्धालाई अन्तिम घडीमा रद्द गरिएको अवस्थालाई जानकारहरूले अनौठो मानेका छन् । ५० लाख पासपोर्ट विदेशमा एकैचोटि लगेर छाप्ने परराष्ट्रको निर्णयप्रति असन्तुष्ट रहेका प्रधानमन्त्री ओलीले दुई साताअघि परराष्ट्रका सम्बद्ध अधिकारीलाई आफ्नो धारणा सुनाएका थिए । असंलग्न आन्दोलन सम्मेलनमा भाग लिन गत कात्तिक ८ मा बाकु भ्रमणमा जानुअघि उनले राहदानी विभागका महानिर्देशक खड्कासहितका पदाधिकारीलाई बालुवाटार बोलाएर ई-पासपोर्टको अन्तर्राष्ट्रिय बोलपत्र आह्वान प्रक्रियाप्रति चर्को असन्तुष्टि प्रकट गरेका थिए ।

प्रधानमन्त्रीले प्रमुख सल्लाहकार विष्णु रिमाल र मुख्य सचिव लोकदर्शन रेग्मीलाई साथमै राखेर 'मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना गर्न लागिरहेका बेला पासपोर्ट छाप्न विदेश पठाउनु उचित नरहेको' बताएका थिए । प्रधानमन्त्रीले 'ई-पासपोर्ट छाप्न कम्तीमा १० वर्ष पुरानो कम्पनी किन चाहियो ?' भन्दै बोलपत्रमा राखिएको सर्तप्रति पनि



आपत्ति जनाएका थिए । पुरानो प्रविधिको कम्पनी र मेसिनको औचित्य नरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले ई-पासपोर्टमा आउने 'ब्याक एन्ड ह्वाइट फोटो'को औचित्य नरहेको र एकैचोटि ५० लाख संख्यामा पासपोर्ट छाप्नुको अर्थ नरहेको पनि उल्लेख गरेका थिए । उनले ई-पासपोर्ट बोलपत्र प्रक्रियामा असन्तोष जनाउँदै लगातार दुई घण्टा 'निर्देशन' दिएपछि उक्त प्रक्रिया खारेज हुन सक्ने संशय परराष्ट्र वृत्तमा बढिसकेको थियो ।

ई-पासपोर्ट छपाइको बोलपत्र रद्द गरिएपछि, सरकारले एक फ्रान्सेली कम्पनीबाट सिधै 'जी टु जी' (सरकारी तह) प्रक्रियामार्फत पासपोर्ट छपाएर ल्याउन चाहेको जानकारको भनाइ छ । यसअघि नेपालमा सुरक्षा प्रेस स्थापनार्थ प्राविधिक सहयोग लिने भनेर गत मार्चमा समझदारी गरिएको फ्रान्सेली सरकारको स्वामित्वमा रहेको 'इन-ग्रुप' लाई ई-पासपोर्ट छपाइमा अनुमति दिइने स्रोतले जनाएको छ ।

'यो कम्पनीले सुरुमा १० लाख ई-पासपोर्ट निःशुल्क छपाइ गरिदिने र बाँकीको हकमा प्रतिपासपोर्ट ८ डलर रकम लिने सेवासर्त अघि बढाएको छ,' प्रधानमन्त्री कार्यालय सम्बद्ध स्रोतले भन्यो । तर, बंगलादेशमा समेत सुरक्षा प्रेस स्थापना गर्ने भनेर सन् २०१६ मा काम थालेको यही इन-ग्रुपले हालसम्म पासपोर्ट छपाइ गर्न नसकेको अवस्था छ ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार 'खुला प्रतिस्पर्धामा जानैपर्ने' प्रावधान पछ्याएर पासपोर्ट छपाइमा परराष्ट्रले गरेको बोलपत्र खारेज भएपछि अब १ वर्षपछि पासपोर्ट वितरणमा आउन सक्ने देखिएको छ । राहदानी विभागका महानिर्देशक रामकाजी खड्काका अनुसार अब झन्डै साढे ७ लाख साधारण एमआरपी विभागसँग रहेको छ ।

बाँकी पृष्ठ ३

भक्कानिइरहन्छन् डा. केसी

■ **डीआर पन्त** (डडेलधुरा)

दुर्गम अजयमेरुबाट भेट्न आएका जयबहादुर ऐर र डोटीको बान्डुग्री सैनका हिक्मत बलायर शुक्रबार दिउँसो डा. गोविन्द केसी अनशन बसेको कोठाबाट आँसु पुछ्दै निस्किए । त्यतिबेला गेटमा पहरा दिइरहेका दुई प्रहरी, कोठामा ब्लड प्रेसर जाँच्न आएकी स्वास्थ्यकर्मी र डडेलधुराकै ईश्वरीप्रसाद भाटका पनि आँखा रसाएका थिए ।

भेट्न आउनेहरूसँग कुरा गरिरहँदा डा. केसी बेलाबेला



स्वास्थ्यमा समस्या आएपछि शुक्रबार साँझ अस्पताल भर्ना

भक्कानिन्छन् । यो देखेर आउनेहरूको मन थामिँदैन । उनीहरूका आँखा रसाइहाल्छन् । शुक्रबार पनि त्यस्तै भयो, ऐर र बलायरसँगको भेटमा । 'म आफू र आफन्तका लागि या कुनै माफियाको फाइदाका लागि अनशन बसेको हुँदै होइन,' डा. केसी भन्दै थिए, 'बाजुरादेखि ओखलढुंगासम्मका गरिब जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भनेर अनशन बसेको हुँ ।'

डडेलधुरा अस्पताल नजिकैको एउटा चिसो कोठामा स्वास्थ्य र चिकित्सा शिक्षा क्षेत्र सुधारको माग गर्दै अनशन बसेका डा. केसीलाई भेट्न आउने जोसुकैलाई पनि उनी भन्न छुटाउँदैनन्, 'संविधानले दिएको अधिकार माग्दा सरकारले अपराधी जस्तो व्यवहार गऱ्यो । राजनीतिक नेतृत्व जनताप्रति उत्तरदायी भएन ।' जुन अधिकार जनताका नाममा नेताले सहजै उपभोग गरिरहेका छन्, त्यो अधिकार सर्वसाधारणले नपाएको डा. केसीको आरोप छ । 'स्वास्थ्य शिक्षा र चिकित्सा क्षेत्रबाट हुने अवैध आम्दानीका कारण यसको सुधारका लागि कुनै पनि सरकारले उत्साह देखाएनन्,' उनले गुनासो गरे । विगतका सरकारले आफूसँग के कस्ता सम्झौता गरे ? प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका कस्तो रह्यो ? आफ्ना मागप्रति दलका शीर्ष नेताले कस्तो व्यवहार गरे भन्नेलगायत विवरण सुनाउँदा उनी आफैंलाई सम्हाल्न सक्दैनन् । र, भक्कानिन्छन् ।

अनशन बसेको पाँचौं दिनसम्म राज्यका निकाय र जनप्रतिनिधिले डा. केसीका मागमा चासो देखाएका छैनन् । 'यति पवित्र भावना बोकेर जनताका लागि लड्ने अभियन्ता मैले कमै देखेको छु,' भाटले भने, 'डा. केसीका विचार सुनेर सेवाको परिभाषा के हो भन्ने बुझ्न पाएँ ।' उनको आफ्नो भन्नु कोही छैन ।

बाँकी पृष्ठ २

सावधानी सूचना ।

ट्रेडमार्क

B M C

बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५
फोन नं: +९१-११-४७०५९१०१/०२/०३/०४/०५
वेब: www.bawamasalacompany.com ईमेल: ips@bawamasala.com

यस सार्वजनिक सूचना हाम्रो सेवाग्रही **श्री बावा मसाला कम्पनी**, बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५ तल देखाइए बमोजिमको मसालाहरुको सम्बन्धमा रहेको ट्रेडमार्क **BMC** र लोगोहरुको नेपालमा स्वामित्व रहेको दर्तावाल प्रोप्राइटर हो र उक्त ट्रेडमार्क र लोगोहरु मान्य, कायम र कार्यान्वयनमा रहेका छन् भन्ने जानकारी सर्वसाधारण सबैमा पुऱ्याउनका लागि यस सुचना जारी गरिएको छ ।

B.M.C. REGD. TRADE MARK

B M C

हाम्रो सेवाग्रहीको जानकारीमा आए अनुसार केहि व्यक्तिहरुले हाम्रो सेवाग्रहीको जस्तै प्याकेजिङ्ग तथा माथि देखाइए बमोजिमको लोगोसंग मिल्दो लोगो समेत प्रयोग गरि **नक्कली मसाला उत्पादन र बजारीकरण** गरिरहेका छन् । हाम्रो सेवाग्रहीको **BMC** ट्रेडमार्क भएको सक्कली उत्पादन नेपाल भित्र खरिद गर्न चाहने वा उत्पादनको वास्तविकताका बारेमा प्रश्न भएमा जो कोहीले देहाय बमोजिमका हाम्रो सेवाग्रहीका वितरकहरुलाई सम्पर्क गर्न सक्नुहुनेछ ।

१. **सुयश सप्लायर्स**, जनकपुर-१४, धनुषा जिल्ला, जनकपुर-१, नेपाल, फोन नं. ९८५४०२०७०१
२. **काठमाडौं भेराईटी सप्लायर्स प्रा. ली.**, नयाँबजार, खुसिबु, टाउन प्लानिङ्ग, सुगम मार्ग, काठमाडौं नेपाल, फोन नं. ९८०१०२२७९६
३. **नारायणी इन्टरप्राइजेज**, विरगंज, वडा नं. ७, रेशम कोठी, नेपाल, फोन नं. ९८०७२२६६४८

BMC को नक्कली ट्रेडमार्क प्रयोग गरि नक्कली मसाला विक्री/संचय गर्ने जोकोहि हाम्रो सेवाग्रहीले कार्यान्वयन गर्ने देवानी/फौजदारी दायित्वको भागिदार हुनुपर्नेछ ।



MEAT MASALA | CHICKMAS | MOMO MASALA

मितिः २०७६ कार्तिक २० गते
मोहन विधानी, अधिवक्ता, इ.नं. D/१३१/१९७२
विधानी ट्रेड मार्क कं. ११/१२, वेस्ट पटेल नगर, न्यू दिल्ली-११०००८, भारत
फोनः +९१-११-४५०५१५५१/१५५२ ईमेलः patent@vidhani.com



विद्यालय र शिक्षक मिलानमा समस्या

रोल्पा (कास)- नगरभित्रको शैक्षिक अवस्था सुधार्न रोल्पा नगरपालिकाको शिक्षा समितिले विद्यालय गाभ्ने, विषयगत शिक्षकको दरबन्दी मिलान गर्ने र विद्यार्थीको संख्याअनुसार शिक्षकको दरबन्दी कायम गर्ने प्रक्रिया अघि सारेको छ। तर, कार्यकर्ताकै दबाबले जनप्रतिनिधिले त्यो नीति कार्यान्वयनमा चासो देखाएनन्। त्यसले शिक्षाकै गुणस्तर घट्दै गएको छ।

नगर शिक्षा समितिअनुसार सुरुमा विद्यालय गाभ्न र शिक्षकको दरबन्दी मिलान गर्न सबै तथ्यांक संकलन गरिएको थियो। समितिमार्फत जनप्रतिनिधिको बैठकमा छलफल चलाउँदा भने प्रस्तावले प्राथमिकता पाएन। विद्यालय गाभ्न र शिक्षक सरुवा नगर्न शिक्षक र पार्टीका कार्यकर्ताले दबाब दिएपछि प्रस्तावै रोकिएको हो।

नगरभित्रको शैक्षिक अवस्था सुधार गर्न अहिलेको तरिका र अवस्थालाई बदल्नैपर्ने अवस्था रहेको नगर शिक्षा अधिकारी महेन्द्र पराजुलीले बताए। 'सबै तयारी गरिएको थियो,' उनले भने, 'तर, जनप्रतिनिधि र माथिल्लो तहका नेतावीच मतैक्य निर्माण हुन सकेको छैन।' अहिलेकै अवस्थाले शैक्षिक अवस्थामा सुधार नआउने उनले बताए। स्थानीय तह गठन गर्दा सदरमुकाम लिबाङसँग दुर्गम एवं भित्री गाउँलाई समेत गाभेर नगर बनाइएकाले दुर्गमको शैक्षिक अवस्था निकै कमजोर छ। ती गाउँमा कतै शिक्षक दरबन्दी अभाव छ भने कतै विद्यालयको भौतिक अवस्था जीर्ण छ।

शिक्षक दरबन्दी अभावसँगै कतै-कतै विद्यालयको भौतिक अवस्था जीर्ण

रोल्पा नगरमा सामुदायिक र निजी गरी ७३ विद्यालय छन्। धेरैको अवस्था उस्तै छ। सामुदायिक विद्यालयको अवस्था सुधार गर्न नगरले सुरुवाती अवस्थादेखि नै शैक्षिक योजना बनाउन थालिएको नगर प्रमुख पूर्ण केसीले बताए। स्थानीय सरोकारवालासँग छलफल गरी शैक्षिक नीति निर्माण गर्ने र कार्यान्वयन गरिने उनले सुनाए। नगरमा ६५ बाल विकास केन्द्र, ५ सामुदायिक सिकाइ केन्द्र र कक्षा १२ सम्म पढाइ हुने ३ संस्था छन्। ५९ बालविकास केन्द्र विद्यालय हाताभित्रै छन्। नगरभित्र करिब १२ हजार विद्यार्थी अध्ययनरत छन्। नगरभित्र १ सय ६८ शिक्षक कार्यरत छन्। शिक्षकको दरबन्दी संख्या १ सय २ मात्रै छ। अपुग दरबन्दीमा निजी, राहत र सट्टा पदमा शिक्षक नियुक्त गरिएको छ। शिक्षकलाई तलब र विद्यार्थीलाई पुस्तक खर्च गरी राज्यले प्रतिविद्यार्थी करिब १५ हजार रुपैयाँ खर्च गर्ने गरेको छ।

पश्चिमी रोल्पाको त्रिवेणी गाउँपालिकाका जनप्रतिनिधिले शैक्षिक सुधार गर्ने उद्देश्यले विद्यालय गाभ्ने र शिक्षक दरबन्दी मिलान गर्न प्रस्ताव अघि सारे। तर, विरोधका कारण योजना अघि बढेन। गाउँपालिकाका अध्यक्ष शान्तकुमार वलीले शिक्षा समितिमार्फत प्रस्तावित योजना कार्यान्वयन गर्न केही समस्या देखिएको स्विकारे। 'जनप्रतिनिधिका हैसियतमा कतिपय योजना जबरजस्त कार्यान्वयन गर्न चुनौती देखिएको छ,' उनले भने, 'तैपनि, जनस्तरमा छलफल चलाई कार्यान्वयन गर्नेतर्फ हाम्रो ध्यान केन्द्रित भएको छ।' उनका अनुसार थोरै विद्यार्थी भएका र भौतिक अवस्था नाजुक भएका विद्यालय गाभ्ने योजना अघि सारिएकामा छलफल चलाउँदा सहमति जुटुन सकेको छैन।

अध्यक्ष वलीले जनप्रतिनिधिलाई भन्दा शिक्षा मन्त्रालय वा विभागलाई शिक्षकको दरबन्दी मिलान र विद्यालय गाभ्ने अधिकार दिनुपर्ने बताए। 'जनप्रतिनिधिलाई यस्तो निर्णय गर्न समस्या हुनेरहेछ। नीति निर्माणमा सजिलो भए पनि कार्यान्वयन गर्न समस्या हुने देखिएको छ,' उनले भने, 'त्रिवेणीमा सबै तहका गरी करिब ५० विद्यालय छन्।' जनप्रतिनिधिले विद्यालयको शैक्षिक अवस्था सुधार गर्ने चाहना राखे पनि कार्यकर्ता र आफ्निकट शिक्षकले विरोध गर्ने गरेकाले आफैंले अघि सारेका योजना कार्यान्वयन गर्न सकेका छैनन्। प्रायः जनप्रतिनिधिले निर्वाचित भएदेखि नै शिक्षा, स्वास्थ्य र रोजगारका क्षेत्रमा काम गर्ने घोषणा र प्रतिबद्धता गरेका थिए।

धेरैजसो विद्यालयमा कार्यरत शिक्षक छनोटमा सुरुवाती चरणमै राजनीतिक, शक्ति र पहुँचको प्रभाव पर्ने गरेको छ। जसका कारण गुणस्तरीय शिक्षा प्रवाहमा नकारात्मक असर परेको अभिभावकको बुझाइ छ। निजी र राहत दरबन्दीमा शिक्षक छनोट गर्दा पनि राजनीतिक प्रभाव पर्ने गरेको छ। सरकारले वार्षिक रूपमा माविलाई २ लाख, आधारभूतलाई डेढ लाख र प्राविलाई १ लाख रुपैयाँ दिने गरेको छ। विद्यालयहरूले उक्त बजेटबाट तलब दिनेगरी राहत शिक्षक नियुक्त गर्दै आएका छन्।

नदी किनारमा भक्तजन

'मेलामा सुन्तला, सुपो, डोको, माटाका भाँडा, तरूल, सखरखण्डको किनबेच राम्रै भएको छ'



पाल्पा र स्याङ्जाको सिमाना कालीगण्डकी नदीकिनार राम्दीमा शुक्रबार लागेको मेलामा सहभागी श्रद्धालु। *तस्बिर : माधव/कान्तिपुर*

■ माधव अर्याल (पाल्पा)

कालीगण्डकी नदीको महिमा प्रचारप्रसार गर्ने उद्देश्यले वृहत् कालीगण्डकी महोत्सव शुक्रबार गरिएको छ। कालीगण्डकीको महिमा गाउने भजन प्रतियोगिता, लोककलाकारले कालीगण्डकीको महिमा विषयमा गीत गाए। रम्भा गाउँपालिकाले उत्तरवाहिनी क्षेत्र असेर्दीमा राखेको महोत्सवमा पाल्पा र स्याङजाबाट स्थानीयको सहभागिता रहेको थियो। गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीका अनुसार कालीगण्डकीको महिमा गाउने, यसको प्रचार गर्ने उद्देश्यले महोत्सव राखिएको हो।

कालीगण्डकी सबै भन्दा गहिरो गल्छी बनाएर बग्ने नदी हो। नदीबाट सबैभन्दा ठूलो जलविद्युत उत्पादन केन्द्र सञ्चालित छ। नदीले ठूलो मात्रामा कालो रङ्गको माटो बगाएर ल्याउने भएकाले यसलाई कालीगण्डकी नामाकरण गरिएको हुन सक्ने जानकारको भनाई छ। हिन्दू धर्मका विष्णु भगवानको साक्षात् रूप मानिने शालिग्राम पाइने एकमात्र स्थानका रूपमा रहेको अध्यक्ष भण्डारीले बताए। मुक्तिनाथ र देवघाटजस्ता पवित्र धार्मिक तीर्थस्थललाई जोड्ने कालीगण्डकी नदीको धार्मिक र सांस्कृतिक मात्र नभई पर्यटकीय महत्वसमेत रहेको उनले बताए।

'कागबेनीमा मुक्तिनाथ मन्दिरमा उत्पत्ति हुने काग खोला र मुस्ताङ खोला मिसिन्छन्,' उनले भने, 'त्यसपछि उक्त नदीलाई काली गण्डकी नदी भनिन्छ। यसको महत्व सबै क्षेत्रमा प्रचारप्रसार पनि भएको छ।' कालीगण्डकी नदीको अस्तित्व बचाउन पर्ने अवस्था आएकाले रम्भा गाउँपालिकाले महोत्सव आयोजना गरेको हुँगीका वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले बताए। कालीगण्डकीलाई डाइभर्सन गरेर तिनाउमा लैजाने योजनाको यस क्षेत्रका बासिन्दाले विरोध गर्दै आएका छन्।

'नदीको महत्व बचाउन वृहत् कालीगण्डकी महोत्सव गरेका हौं,' उनले भने, 'कालीगण्डकी संरक्षण गर्ने, शालिग्रामको धार्मिक महत्व उजागर गराउने र धार्मिक संस्कृति संरक्षण गर्न खोजिएको छ।' राष्ट्रिय भजन प्रतियोगितामा पनि सोही अनुसारको महत्वको प्रचार गरिएको छ। कालीगण्डकीको महत्व र अस्तित्व बचाइ राख्न महोत्सवले सहयोग पुग्ने स्थानीयले बताए। महोत्सव गर्न गाउँपालिकाले दुई लाख बजेट विनियोजन गरेको छ। महोत्सवमा कालीगण्डकी नदी प्रभावित क्षेत्रका नागरिकको उल्लेख्य सहभागिता रहेको थियो।

नदी किनारमा एकादशी मेला भर्नेको भीड

हरिबोधनी एकादशीको अवसरमा कालीगण्डकी किनारमा शुक्रबार बिहानैदेखि नुहाउने र मेला भर्नेको घुइचो लाग्यो। भक्तजनहरू नदी किनारमा नुहाउने, पुजा गर्ने गरेका थिए। पाल्पा र स्याङ्जाको सिमाना कालीगण्डकी नदी किनारका विभिन्न स्थानमा मेला लाग्ने गर्छ। काली नदीको तटमा नुहाउन, तोरण तार्न हज्जारौ भक्तजन टाढा टाढाबाट समेत आएका थिए।

पाल्पाको रिडी, रानीघाट, राम्दी, आंधीघाट, केलादी, खोरियाघाट, हुंगीघाट लगाएतका स्थानमा मेला लागेको थियो। महिला तथा पुरुषहरू व्रत गर्ने र नदीमा नुहायो भने मनले चिताएको पुग्ने विश्वासमा नदीको तटमा भक्तजनको भिड लाग्नेगर्छ। मेलामा घरेलु सामाग्रीको किनमेल पनि अत्यधिक रहेको छ।

सुन्तला, सुपो, डोको, माटोको भाडा, तरुल, सखरखण्ड लगायतको किनमेल अधिक थियो। मेला भर्न पाल्पा लगायत स्याङ्जा, रुपन्देही, गुल्मी, कास्की, नवलपरासी, तनहुं लगायतका स्थानबाट आएका थिए। विशेषगरि राम्दीमा सवारी साधनको सुविधाले गर्दा बढी भीड लागेको मेला भर्न पुगेकी विमला रायमाझीले बताइन्। रानीमहलको रानीघाट क्षेत्रमा समेत श्रद्धालु स्नान गर्न र रानीमहल अवलोकन गर्न पुगेका थिए। पाल्पा, गुल्मी र स्याङ्जाको सिमाना रिडी रुरुक्षेत्रमा समेत स्थान गर्नेको भीड लागेको थियो।

दाङमा पर्याप्त बिजुली

दाङ (कास)- जिल्लामा विद्युत् पर्याप्त आपूर्ति भएको छ। दुई ठूला सबस्टेसनबाट विद्युत् आपूर्ति हुन थालेपछि लो भोल्टेजको समस्या समाधान भएको छ। घोराही र बबईमा १३२ केभी प्रसारण लाइनका सबस्टेसन सञ्चालन भएपछि विद्युत् अभाव अन्त्य भएको हो।

शुक्रबार घोराही उपमहानगरपालिका ३ झिङ्नीस्थित लमही-घोराही १३२ केभी प्रसारण लाइनको ऊर्जामन्त्री वर्षमान पुनले उद्घाटन गरे। गत फागुन ९ मा बबई गाउँपालिक-६ च्याटी खोलास्थित कुसुम-हापुरे १३२ केभी प्रसारण लाइनको उद्घाटन भएको थियो। यसअघि जिल्लामा लमहीको ३३ केभी लाइनबाट मात्रै विद्युत् विस्तार भएको थियो। जिल्लामा पहिलोपटक यति ठूलो क्षमताका सबस्टेसन निर्माण भएको र अब विद्युत् समस्या समाधान भएको ऊर्जामन्त्री पुनले बताए।

'अब दाङमा ठूला उद्योगहरू खोल्न सकिन्छ। विद्युत् आपूर्ति आवश्यकताभन्दा बढी भइसकेको छ,' उनले भने, 'अब एक वर्षमा दाङलाई पूर्ण विद्युतयुक्त जिल्ला बनाउने तयारी भइरहेको छ। विकास सम्भव छ भन्ने कुरा यसबाट प्रमाणित भएको छ।' नियमित विद्युत् आपूर्तिले देशको आर्थिक वृद्धिमा भूमिका खेल्ने उनले बताए। 'नदीनालाको अध्ययन गरेर यसको बहुउपयोग गर्ने तयारी पनि भइरहेको छ। अब विद्युत् व्यापार गरिने उनले बताए। भारत, चीन र बंगलादेशलाई विद्युत् बिक्री गर्ने योजनाअनुसार काम गरिरहेको उनले जानकारी दिए।

दुई वर्षमा नेपाललाई पूर्ण बिधुतिकरणयुक्त बनाउने योजना रहेको उनले बताए। अहिले १२ प्रतिशत जनता विद्युत् पहुँचबाहिर रहेको जानकारी दिदै पुनले अब दुई वर्षमा विद्युत् र वैकल्पिक ऊर्जामार्फत सबै क्षेत्रलाई उज्यालो बनाउने बताए। लमही-घोराही सबस्टेसनबाट ४० हजार जनता प्रत्यक्ष लाभान्वित भएको नेपाल विद्युत् प्राधिकरणका निर्देशक दुर्गानन्द बडैतले बताए। यसबाट घोराही र रोल्पाको होलेरीमा विद्युत् बिस्तार भैरहेको उनले बताए। घोराही र सोनापुर सिमेन्ट उद्योगका साथै तुलसीपुरसम्म पनि विद्युत् आपूर्ति गर्न थालेको उनले जानकारी दिए। 'यसबाट दाङमा औद्योगिक विकासको ढोका खुलेको छ। उद्योग खोल्न बलियो पूर्वाधार निर्माण भएको छ,' उनले भने, 'पहिले ४७ किलोमिटर लामो ३३ केभि लाइनबाट विद्युत् आपूर्ति हुँदा भोल्टेज नपुग्ने, चुहावट हुने, मधुरो बल्ने, उद्योग सञ्चालनमा समस्या हुने गरेको थियो। अब यी सबै समस्या समाधान भएका छन्।' अब यस सबस्टेसनबाट पहाडी क्षेत्रको बंगलाचुली गाउँपालिकामा पनि विद्युत् आपूर्ति गरिने उनले बताए। सबस्टेसनको लागत ४२ करोड ३७ लाख २८ हजार ९३ रुपयाँ रहेको बडैतले जानकारी दिए।

यसबाट थप ट्रान्सफर्मर जडान गरी स्थानीय तहमा विद्युत् आपूर्ति गर्ने योजना रहेको विद्युत् प्राधिकरणका उप कार्यकारी निर्देशक बज्रभुसन चौधरीले बताए। यसैगरी बबईको च्याटीखोलामा ४३ करोड ८६ लाख लागतमा सबस्टेसन निर्माण भएको उनले जानकारी दिए। हापुरेमा निर्माण हुन थालेको दाङ सिमेन्ट उद्योगलाई लक्षित गरी बनाइएको सबस्टेसनले अन्तमा उद्योग नबन्दै दाङलाई उज्यालो बनाउन भूमिका खेलेको उनले बताए। अब जिल्लाका सबै सिमेन्ट उद्योगका लागि पर्याप्त विद्युत् भएको उनले बताए। हाल घोराही, सोनापुर, सम्राट र रोल्पा सिमेन्ट उद्योग सञ्चालित छन्। च्याटी खोलाबाट मात्रै सिमेन्ट उद्योगका साथै थप ३८ हजार ग्राहकलाई विद्युत् बिस्तार गर्न सकिने उनले बताए।

सबै घरमा पानीका धारा

अर्घाखाँची (कास)- पाणिनि गाउँपालिका खिदिमकी तुलसा पराजुलीको घरको धारामा खानेपानी खसेपछि फुरुंग छिन्। एक गाग्री पानी ल्याउन कुवा खोज्दै जंगल धाउनुपर्ने बाध्यता हटेसँगै यहाँका बासिन्दा निकै खुसी भएका छन्। पानी बोक्दा ढाड, कम्मर, घुँडा दुख्ने समस्याले महिला रोगी थिए। घरमा पानी आएपछि दुःखबाट मुक्ति पाएको उनले बताइन्। 'गर्मीको बेला मुहान सुकेर पानीको हाहाकारै हुन्छ,' उनले भनिन्, 'एक गाग्री पानी बोक्न घण्टौं धाउनुपर्थ्यो, अहिले बाध्यता हट्यो।'

पाणिनी गाउँपालिकाको अभियानअन्तर्गत खिदिमका ६१ घरमा र एक सार्वजनिक धारा जडान गरिएको छ। गडुलगौरा, दोमही छरछरे खानेपानी योजनाको काम २४ लाख रुपैयाँमा सम्पन्न भएको हो। गाग्रीमा पानी बोक्दा धेरै महिला चिसोले ढाड दुख्ने समस्याका रोगी थिए। वर्षौंदेखि बोक्दै आएको थाप्लोबाट नाम्लो हटेकोमा स्थानीय मधु थापा खुसी छिन्। धारामा नियमित पानी आउने भएकाले बारीमा मुला, साग, आलु, गोलभेडा खेती गर्ने उनले तयारीसमेत गरेकी छन्।

खानेपानी ल्याउन स्थानीयले पनि श्रम गरेका थिए। धेरै वर्षको दुःखपछि गाउँमा सबैका घरका धारामा पानी आएको उपभोक्ता समिति अध्यक्ष उपेन्द्र केसीले बताए। पानी आएपछि गाउँमा पशुपालनमा वृद्धि, तरकारी खेती उत्पादन र हिउँले बालीमा सिचाइँ सुविधा पुगेको छ। तीन वर्ष भित्रमा एक घर एक खानेपानीका धारा बनाउने योजना सम्पन्न गर्न गाउँपालिकाले साढे ३ करोड, ४ करोड प्रदेश र १ करोड संघ सरकारले सहयोग गरेको छ। पालिकामा सञ्चालन भएका खानेपानीका १२ साना योजना सम्पन्न भए। अन्य योजना पनि सुरु भएका छन्। 'ठुला योजना दुई वर्ष भित्रमा सम्पन्न गर्ने लक्ष्य अनुसार काम अगाडी बढेको छ,' गाउँपालिका अध्यक्ष अच्युत गौतमले भने, 'तीन वर्ष भित्र सबैका घरमा खानेपानी पुग्छन्। पानीको दुःख कसैलाई हुँदैन।'

गाउँपालिकाको सबैभन्दा ठुलो योजना बागदुला-मैदान-धातीवाङ खानेपानी योजना हो। योजनामा १ वर्ष देखि काम भएको छ। त्यसबाट मैदान र धतीवाङका साढे ८ सय घरधुरी लाभान्वित हुनेछन्। प्रदेशबाट १ करोड र गाउँपालिकाबाट ५५ लाख बजेटबाट काम शुरु भएको योजनाको काम मुहानमा इन्टेक, पाइप लाइन बनेको छ। अहिले प्रदेशबाट थप एक करोड र पालिकाको ६ लाख रुपैयाँ बजेट परेको उपभोक्ता समितिका अध्यक्ष जीवनारायण कोइरालाले बताए। तीन वर्षमा घरमा धारामा पानी खसाल्ने लक्ष्य छ। काम सम्पन्न गर्न १० करोड रुपैयाँ बजेटको लागत स्टिमेट गरिएको उनले बताए। क्रमागत योजना भएकाले सम्पन्न नहुँदासम्म बजेट आइरहन्छ। गाउँमा पानी ल्याएपछि खानेपानीको समस्या हल हुने र उर्वरभूमीलाई कृषिमुखी बनाइने उनले बताए। मैदान गाउँबाट सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक जोडिएकाले व्यावसायीक कृषितिर गाउँलेको ध्यान छ।

बेपत्ता कुर्दै परिवार

■ कमल पन्थी (बर्दिया)

बारबर्दिया नगरपालिका ११, बेलभारका १८ वर्षीय राजन थारू घर नजिकै खेल्दै गर्दा १८ वर्ष अघि नै तात्कालिन सुरक्षा फौजले बेपत्ता पाऱ्यो। बाँकेको चिसापानीस्थित नेपाली सेनाको ब्यारेकमा पुऱ्याइयो।

०५८ पुस ५ गते छोरालाई सेनाले पक्राउ गरी लगेको खबरपछि ६५ वर्षीया आमा फकली चिसापानी ब्यारेक पुगिन्। सोधखोज गर्दा पक्राउ नगरेको जवाफ दिइयो। तर, त्यसयता फक्लीका एकमात्र छोरा राजनको अहिलेसम्म कुनै पत्तो छैन। अब छोरो घर फर्किने आशा उनले मारिसकेकी छन्। छोराको सुर्तामा परेका श्रीमान् पनि २ वर्ष अघि विते। अहिले फकली एक छोरीको सहारामा छन्।

०५८ चैत १ गते सोही गाउँमा ५ निःशस्त्र युवालाई सेनाले मारेको थियो। सुरेश थारूलाई स्थानीय सिम्मा माविको चौरमा दिउँसै गोली हानी हत्या गरिएको वडाध्यक्ष अजय चौधरीले बताए। खेतमा घाँस काटिरहेको अवस्थामा स्थानीय कर्णबहादुर थारूको पनि हत्या गरियो। 'सेनाले तिलकजंग थारू, जितबहादुर चौधरी, कन्हैया चौधरीलगायतको हत्या गरेको थियो,' उनले भने, 'हत्या गरिएको महिना नबित्दै अन्य ४ जनालाई बेपत्ता पारियो।' हत्या गरिएकामध्ये कन्हैया अपाङ थिए। कक्षा ९ मा पढ्न विद्यालय गएका उनी विद्यालयमै सेना देखेर भाग्न खोज्दाखोज्दै गोली हानेर मारेको उनले बताए।




बर्दियाको बारबर्दिया नगरपालिका-११ बेलभारकी फकली थारू १८ वर्षअघि बेपत्ता पारिएका छोरा राजनको तस्बिर देखाउँदै। *तस्बिर : कमल/कान्तिपुर*

बेलभार गाउँबाट राजन, चैतुलाल थारू र रामजानकी थारूलाई बेपत्ता पारिएको छ। हरिबहादुर थारूलाई भने बाँकेबाट बेपत्ता पारिएको थियो। चैतुलाल र रामजानकी पतिपत्नी हुन्। विवाह गरेको एक महिना नबित्दै उनिहरूलाई बेपत्ता पारिएको द्वन्द्व पीडित समितिका जिल्ला अध्यक्ष एवं द्वन्द्व पीडित साझा चौतारीका केन्द्रीय सदस्य भागीराम थारूले बताए। चारैजनालाई ०५८ पुस ५ गते बेपत्ता पारिएको थियो। 'ती घटना अझै ताजै छ,' स्थानीय आशाराम थारूले भने, 'दिउँसै विद्यालयको चौर र खेतमा गोली प्रहार गरेको घटनाले त्यतिबेला धेरैले घर नै छाडेर विस्थापित भएका थिए।' अहिले फर्किने क्रम सुरु भएको उनले बताए।

अहिले पनि बेला बेलामा पुरानो घटनाले झस्काउने ८० वर्षीय ठग्रु थारू बताउँछन्। उनका छोरा चैतु र बुहारी रामजानकीलाई सेनाले बेपत्ता पारेका थिए। छोरा, बुहारी बेपत्ता भएको १८ वर्ष पुग्यो,' उनले भने, 'फर्किन्छन् भने आशा नभए पनि सत्य तथ्य बाहिर सार्वजनिक नगरेसम्म अन्योल भइरहन्छ।' बेपत्ता पारिएका र हत्या गरिएकाका परिवारले निष्पक्ष छानबिन गरि दोषी माथि कारवाहीको माग गर्दै आएका छन्।









तपाईंको आज

मेष	अधिक खर्च	तुला	आलोचित हुने
वृष	नयाँ कार्य आरम्भ	वृश्चिक	मनोकांक्षा पूर्ण
मिथुन	कार्य सिद्धि	धनु	कान्ति क्षय
कर्कट	धर्म बढ्ने	मकर	शत्रु परास्त
सिंह	अपव्यय	कुम्भ	अपेक्षित लाभ
कन्या	प्रतिष्ठा प्राप्त	मीन	उत्साहप्रद

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक २४ गते आइतबार तदनुरुप १० नोभेम्बर २०१९ कार्तिक शुक्लपक्ष त्रयोदशी तिथि दिनको ४:२० बजेसम्म उप्रान्त चतुर्दशी तिथि, रेवती नक्षत्र साँझको ०६:०७ बजेसम्म उप्रान्त अश्विनी नक्षत्र, वज्र योग दिनको १२:२१ बजेसम्म उप्रान्त सिद्धि योग, तैतिल करण दिनको ०४:२० बजेसम्म उप्रान्त गर करण, मीन राशिमा चन्द्रमा साँझको ०६:०७ बजेसम्म उप्रान्त मेष राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
४:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज टु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सेंग खाउन
१०:००	हियर्ज टु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोर्टेड
१:००	कान्तिपुर न्युज रिपोर्टेड
१:३०	हियर्ज टु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ५)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोर्टेड
४:००	आउन मर्सेंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेलालपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मृपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
११:०५	गेम्स् पिपुल एले (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:५५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इन्जुकेसन डायरी
१६:०५	विवक फिक्स (रिसता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	रक भेसिन (मानस्मी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायीक मृगु अस्पताल	०७१५४६९९७
महिला तथा बाल अस्पताल-आन्दा	०७१५४४४५०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१५०६०३०
मीम अस्पताल भैरहवा	०७१५२०९९३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८५२०५९८
अर्याखाची जिल्ला अस्पताल	०७७४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७९५२०५९८
कपिलवस्तु जिल्ला अस्पताल	०७५५४०२००
रेडक्रस धनबुलेन्स भैरहवा	०७१-५२०२६३, ९७५७०२१५०८
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७२४६५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००८
संयुक्त धनबुलेन्स चालक संघ बुटवल	९८५६०२३०९९
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५०६०९२, ५०६०५२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२८७५, ९८५७०९३९०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४९८०७
अध्यागमन कार्यालय बेलहिया	०७१-४९८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०६०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२१५
दमकल बुटवल अमहानगरपालिका	०७१-५४०१९९
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-५२३५३८
जिल्ला प्रशासन कार्यालय	५४०९३३
जिल्ला प्रहरी कार्यालय	५४०१९९
राप्ती उपक्षेत्रीय अस्पताल घोराही	५४२३६५
राप्ती अञ्चल अस्पताल तुलसीपुर	५२००१९
लमही अस्पताल	५४००१९
राप्ती आँखा अस्पताल तुलसीपुर	५२०१६५
आँखा अस्पताल लमही	४९७००८
घोराही उपमहानगरपालिका	५४०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही नगरपालिका	५४००५०
उच्च अदालत तुलसीपुर	५२००२४
जिल्ला अदालत	५६०२४५
राप्ती प्राबिधिक शिक्षालय लालमाटिया	४९३००१
धनबुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८५७८२३२०३
धनबुलेन्स परिवार निर्योजन संघ घोराही

गन्तव्य बनेको कुम्भकर्ण

पहिले विदेशी पर्यटक मात्र जाने कुम्भकर्ण धार्मिक पर्यटनसँग जोडिएपछि चहलपहल बढ्दो

■ आनन्द गौतम (ताप्लेजुङ)



ताप्लेजुङको फक्ताङलुङ-६ लेलेपस्थित कुम्भकर्ण हिमालको फेदीमा आन्तरिक पर्यटक । तस्विर : कान्तिपुर

सेवास्थल ४ हजार ५ सय ६१ मिटर उचाइमा । अगाडिपट्टि टलक्क टल्कने ७ हजार ७ सय १० मिटर उचाइको कुम्भकर्ण हिमाल देखिन्छ, जसलाई किराँतीहरू 'फक्ताङलुङ' सम्बोधन गर्छन् ।

गोलो आकारको देखिने शिर, दुईमध्येको एउटा कुम झरेको जस्तो देखिने हिमाल मजाले नियाल्न सकिन्छ । कञ्चनजंघासँगै जोडिएर रहेकाले बनावटका कारण यसलाई धेरै कञ्चनजंघा भनेर पनि अलमलिन्छन् । कञ्चनजंघाको तुलनामा यो चुचुरो ८ सय ७६ मिटर होचो छ । हिमालसँग कुहिरो लुकामारी खेलिरहन्छ । कहिले पूरै ढाक्छ, कहिले छाडेर हट्छ ।

उडेर आउने कुहिरोले बेला-बेला पानी ल्याउँछ र कहिले हिउँको वर्षा गराइदिन्छ । कुम्भकर्ण विगतदेखिकै पर्यटकीय गन्तव्य हो । विदेशी पर्यटक कञ्चनजंघा परिक्रमा गर्दा यही हिमालको फेदीबाट आउजाउ गर्छन् । हावा चलिरहने, लामो समय बस्नका लागि निकै कठिन हुने यो क्षेत्र अहिले धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ ।

किराँत धर्मगुरु आत्मनन्द लिङ्देन ६ दिनसम्म बसेका कारण महत्त्व थप बढेर गएको छ । उनले कार्तिक ६ देखि १० सम्म यहीं बसेर ध्यान गरे । राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द महिङगुम आङसिमाङले तपस्या गरेको स्थलमा यो वर्ष एक सातामा ९ सय ८१ जना पुगेर फर्किएको किराँत सेवा समिति सदस्य ज्ञानु फुरुम्बोले बताए ।

यो वर्ष यहाँ कार्तिक ५ देखि ११ सम्म विशेष सेवाको आह्वान गरिएको थियो । यसै स्थलबाट नामकरण गरिएको फक्ताङलुङ गाउँपालिका-६ लेलेप घुन्साका पर्यटन व्यवसायी हिमाली चुङदाका अनुसार आन्तरिक पर्यटक यति ठूलो संख्यामा आएको यो पहिलोपटक हो । वर्सेनि धर्म अनुरागीहरू भने पुग्ने गरेका छन् ।

मनसुन सकिँदा नसकिँदै सुरु हुने फक्ताङलुङ दर्शनमा टोली-टोली बनाएर जान्छन् । वर्षा भइरहने भएकाले हरेकले आफूले बोकेको झोला र ढाकरलाई प्लास्टिकले बेरेका हुन्छन् । आफू ओतिन छाता र थप प्लास्टिक अनिवार्य । सामान्यतया असोज अन्तिमदेखि कार्तिक दोस्रो सातासम्म सेवाका लागि जानेको लस्कर लाग्ने गरेको ज्ञानुले बताए ।

लेलेप खम्बाछेनको बस्ती नजिकमा रहेको यहाँ सबैभन्दा बढी जोखिम चिसोको हुन्छ । विदेशी पर्यटक आउने र सेवा गर्ने समय एकै भएकाले आन्तरिक पर्यटकलाई समेट्न खम्बाछेनलाई कठिन हुन्छ ।

यहाँ पनि आधा दर्जन मात्रै घर छन् । त्यही भएर तीर्थयात्रीहरूको सबैभन्दा भारी कपडाको हुन्छ । अहिलेसम्मको यात्रामा हरेकले ठूलै झोलामा सामान बोक्छन् । गाउँबाट जानेहरूले ढाकर नै बोक्छन् । पूजाका सामग्रीदेखि बासका लागि चाहिने म्याट्रेस, पाल र खानेकुरासम्म हुन्छ तीर्थयात्रीसँग । बदलिँदो समय र यात्रुहरू रित्तो हिँड्न रुचाउने भएकाले ठाउँठाउँमा होटल लज हुनुपर्ने माग गर्न थालेका छन् ।

यहाँ जानेको यात्रा इलामको लारुम्बाबाट सुरु हुन्छ । धर्मगुरु लिङ्देनको आशीर्वाद लिएर तीर्थालुहरू यात्रा प्रारम्भ गर्छन् । यहाँबाट पैदलै यात्रा गरे फक्ताङलुङ पुगेर फर्कन २२ दिनसम्म लाग्छ । गाडी चढे ताप्लेजुङको फुङलिङबाट एक सातामा यात्रा पूरा हुन्छ ।

सदरमुकामबाट तापेथोकको रानीपुलसम्म गाडी चल्छ । फुङलिङबाट त्यहाँसम्मको भाडा ७ सय रुपैयाँ छ । यो ठाउँलाई किराँतीहरूले पारुम्फुक, मारुम्फुकु भन्छन् । यसको अर्थ पितृदेव र मातृदेव भन्ने हुन्छ । फक्तालुङलाई पितृ-मातृदेवको आश्रमका रूपमा लिइने किराँत धर्मका अगुवा लेखबहादुर पालुङ्वा बताउँछन् ।

उनका अनुसार किराँत धर्मावलम्बीहरूको अस्तित्व फक्ताङलुङसँग जोडिएको छ । जीवनमा एकपटक दर्शनका लागि पुग्नैपर्ने मान्यता छ । यहाँ नेपालीसँगै बेलायत, अमेरिका, हङकङ, भारतको दार्जिलिङ र बर्मालगायतका धर्मावलम्बी आउने गरेका छन् । यो वर्ष विदेशमा बस्ने ६२ जना सुकेटार विमानस्थलबाट फक्ताङलुङ पुगेर फर्किए । पैदलयात्रा गर्नेहरू इलामको लारुम्बा हुँदै पाँचथरको सिलौटी, लुब्रिकुटी, कावेली किराँतेश्वर मन्दिर दर्शन गर्दै पनि जाने गरेका छन् । बाटोमा श्रीङ्चोक, हाँडीपोखरी, तिम्बुङ पोखरी, दूध पोखरी, नाग पोखरी, मयूर पोखरी र लक्ष्मी पोखरी जस्ता दर्जनौं पोखरीको दर्शन गर्न सकिन्छ । यात्राका क्रममा केही भूभाग सिक्किमको पर्छ । कतै गोठ, ओडार तथा खुला चौरमा पाल टाँगेर बास बस्नुपर्ने आठराई त्रिवेणीका भूपालकुमार सेन्डाइले बताए । तालतलैया, हरियाली डाँडाकाँडा र सेताम्मे देखिने हिमालको दृश्यले दर्शनको यात्रा रमाइलो हुने उनको अनुभव छ । यहाँ पुगेकाहरूले तीन दिनसम्म दर्शन स्थलमा महाअष्टम यज्ञ समेत गर्ने गरेका छन् । कतिपयले हिँडेर्दैखि नै व्रत पनि बस्ने गरेका छन् । यहाँको पूजामा बलि हत्या गरिन्न । वेदवाचन गरेर फूल, फलेदो, नैवेद्य, सुपारी र अबिर जस्ता पूजाका सामग्री प्रयोग गरिन्छ ।

पानी मागेर अस्पतालमा शौच

■ गिरुप्रसाद भण्डारी (प्यूठान)

सुत्केरी बेथाले च्यापेपछि नौबहिनी-६ बहानेका विजय केसीले श्रीमतीलाई बिहीबार प्यूठान जिल्ला अस्पतालमा भर्ना गरे । कुरुवा बस्दा शौचालय लैजानुपऱ्यो । भित्र पानी नै रहेनछ । श्रीमतीलाई बाहिर लैजान सम्भव थिएन । दौडिएर नजिकैको होटलमा पुगे, पानी मागेर ल्याएर शौच गराए ।

'अस्पतालजस्तो संवेदनशील ठाउँमा शौचालयको प्रबन्ध कति अप्ठ्यारो,' उनले भने, 'धन्न होटलले पानी दियो ।' अस्पतालको अन्य व्यवस्थापनको पाटो हेर्दा विरक्त लाग्दो रहेको उनले बताए । अस्पतालमा बिरामी थुप्रै आउँछन् । तर न सुविधा राम्रो छ न त पानी र बिजुलीको प्रबन्ध नै । अस्पताल अस्तव्यस्त भएको महिना दिनभन्दा भन्दा बढी भएको छ । सरोकारवालाले ध्यान नदिँदा बिरामी र तिनका आफन्तलाई सास्ती छ । अस्पतालमा १४ जना डाक्टरको दरबन्दीमा तीनजना मात्र कार्यरतको सूचीमा छन् । ती पनि बिदा बसेकाले अस्पताल सहयोगीको भरमा छ । भएका डाक्टर पनि बिदामा बस्दा बिरामीको उपचारमा समस्या भएको अस्पतालका निमित्त प्रमुख खिमप्रसाद पाध्रेले बताए । 'अस्पतालमा अहिले दरबन्दीका एक जना पनि डाक्टर छैनन्,' उनले भने, 'मेडिकल सुपरिटेन्डेन्ट नहुँदा औषधि खरिद गर्नसमेत सकिएको छैन ।' यहाँ सहयोगीसहित ५४ जना कर्मचारीको दरबन्दी छ । तर २७ जना कार्यरत छन् । 'चौतर्फी समस्या छ,' उनले भने, 'कसरी राम्रो व्यवस्थापन हुनु ।'

चिकित्सक अभावले बिरामी सामान्य उपचारका लागि पनि निजी क्लिनिक तथा जिल्ला बाहिरका अस्पताल धाउन बाध्य छन् । बिमा गराएका बिरामीले औषधि पाएका छैनन् । विशेषज्ञ चिकित्सकको अभाव हुँदा उपलब्ध उपकरणहरू सञ्चालन गर्न नसकिएको र बिरामीलाई बाहिर रेफर गर्नुपरेको पार्धेले बताए । कार्यरत चिकित्सक शेषराज घिमिरे, सुशीला थापा र सरस्वती सुर्खेती बिदामा छन् । प्रदेशले दैनिक प्रशासन सञ्चालन गर्न समस्या भएपछि अस्पताल प्रमुखको जिम्मेवारीसहित एक जनालाई पठाए पनि उनीसमेत एक/दुई दिन बसेर फिर्ता भएपछि अस्पताल एक महिनादेखि चिकित्सकविहीन भएको हो । समस्याबारे प्रदेशको सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयलाई जानकारी गराइए पनि सुनुवाइ नभएको उनले बताए । 'न चिकित्सक आए, न त मेडिकल सुपरिटेन्डेन्ट,' उनले भने, 'अस्पतालमा औषधिसमेत नहुँदा बिरामीले बाहिरबाट किन्नुपरेको छ ।' दैनिक विभिन्न सामान किन्नुपर्ने भए पनि आर्थिक जिम्मेवारी कसैलाई नतोकिएकाले दैनिक कामकाज र व्यवस्थापन प्रभावित भएको अस्पतालले जनाएको छ । चिकित्सक अभावले लामो समयदेखि दन्त, शल्यक्रिया, शवको पोस्टमार्टमलगायत सेवा पनि ठप्प छन् ।

अहिले निक साइमन इन्स्टिच्युट (एनएसआई) का दुई जना मेडिकल अफिसर र स्वास्थ्य मन्त्रालयका एक जना करारका गरी तीन जना चिकित्सकले सेवा दिएको प्यूठान नगरपालिकाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए । 'वर्षौंसम्म स्वास्थ्यकर्मी नपठाएर सरकारी निकायले गम्भीर लापरवाही गरेको छ,' उनले भने, 'हामी धेरै करायौं तर माथिल्लो निकायले स्वास्थ्यकर्मी पठाइदिएन ।' माथिल्लो निकायले प्यूठानबाट भएका जनशक्तिलाई सरुवा गरेर अन्यत्र पठाइदिने तर त्यसको ठाउँमा अर्को व्यक्ति नपठाइदिनाले समस्या थपिँदै गएको उनले बताए । 'टालटुल गरेर काम चलाएका छौं,' अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका उनले भने, 'तर गाह्रो भइरहेको छ ।' लामो समयदेखि समस्या भएपछि अहिले विकास समितिले करारमै भए पनि चिकित्सक राख्ने तयारी गरेको उनले बताए ।



शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५८ सुर्खेत | २३ कात्तिक २०७६ शनिबार कार्तिक शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 9, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

लिपुलेकमा पस्नै पाउँदैनन् नेपाली



भारतीय पक्षले अतिक्रमण सुरु गरेको नेपाली भूमि गुञ्जी क्षेत्रस्थित महाकाली नदीमा मिसिँदै लिपुखोला । भारतले यही लिपुखोलालाई काली नदी भन्दै आएको छ । नदीदेखि बायाँतिर भारतले नेपाली भूमिमा बनाएका सुरक्षा क्याम्पहरू । यहाँ भारतीय सेना, सीमा सुरक्षा बल र भारत-चीन सीमा सुरक्षा प्रहरी बसेका छन् । *तस्बिर : मनोज बडू/कान्तिपुर*

■ **मनोज बडू** (दार्चुला)

लिपुलेक र कालापानी क्षेत्रमा भारतले ०१८ सालदेखि नै सुरक्षाकर्मी राखेर नेपालीको प्रवेशमा कडाइ गर्दै आए पनि सरकारले चासो नदिएकोमा स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् ।

राज्यकै सामरिक महत्त्व बोकेको यो भूमिलाई भारतले आफ्नो नयाँ राजनीतिक नक्सामा राखेपछि

सीमाबारे छलफल गर्न प्रधानमन्त्रीले डाके सर्वदलीय बैठक | पृष्ठ २

फिर्ता हुने सम्भावना घट्दै गएको उनीहरूको भनाइ छ । उक्त क्षेत्रमा हाल नेपालीलाई भारतीय सुरक्षाकर्मीले पस्नै नदिएको स्थानीय दानसिंह तिंकरीले बताए । '६० सालपछि भारतले हामीलाई पस्नै दिएको छैन', उनले भने, 'अहिले चीनसित व्यापार गर्न तिंकर भञ्ज्याङको नाका प्रयोग गर्नुपरेको छ ।' पचासको दशकसम्म नेपाली र भारतीयले लिपुलेकबाटै चीनको ताक्लाकोटसित व्यापार गर्ने गरेका थिए । तर माओवादी द्वन्द्व चर्किएको बहानामा भारतीय पक्षले उक्त क्षेत्रमा नेपालीलाई प्रवेशमा कडाइ गरेको हो ।

बाँकी पृष्ठ २

अन्तिम घडीमा प्रधानमन्त्रीको निर्देशन

ई-पासपोर्ट छाप्ने अन्तर्राष्ट्रिय बोलपत्र रद्द

सरकारको 'जी टु जी' प्रयास

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना प्रक्रिया अघि बढाउने भन्दै ५० लाख ई-पासपोर्ट छाप्न परराष्ट्र मन्त्रालयले आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर सरकारले रद्द गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रत्यक्ष निर्देशनमा बोलपत्र प्रक्रिया बिहीबार राति रद्द गरिएको हो ।

बोलपत्र रद्द गर्नेबारे बिहीबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताए । मेसिन रिडेबल पासपोर्ट (एमआरपी) पछि नेपाल आगामी असार महिनादेखि 'ई-पासपोर्ट' मा जाने भएपछि नयाँ पद्धतिको पासपोर्ट छपाइका लागि गत भदौ १० मा परराष्ट्र मन्त्रालयको राहदानी विभागले बोलपत्र आह्वान गरेको थियो । सुरुको ४५ दिने बोलपत्रको म्याद टुंगिएपछि २२ दिन र त्यसपछि ७ दिनका लागि म्याद थपेर शुक्रबार दिउँसो बोलपत्रका सबै प्रस्ताव सार्वजनिक गरिने टुंगो भएको थियो । 'अन्तिम घडीमा रद्द भए पनि विस्तृतमा मलाई जानकारी भएन,' राहदानी विभागका महानिर्देशक रामकाजी खड्काले भने ।

विधानसम्मत बोलपत्र प्रतिस्पर्धालाई अन्तिम घडीमा रद्द गरिएको अवस्थालाई जानकारहरूले अनौठो मानेका छन् । ५० लाख पासपोर्ट विदेशमा एकैचोटि लगेर छाप्ने परराष्ट्रको निर्णयप्रति असन्तुष्ट रहेका प्रधानमन्त्री ओलीले दुई साताअघि परराष्ट्रका सम्बद्ध अधिकारीलाई आफ्नो धारणा सुनाएका थिए । असंलग्न आन्दोलन सम्मेलनमा भाग लिन गत कात्तिक ८ मा बाकु भ्रमणमा जानुअघि उनले राहदानी विभागका महानिर्देशक खड्कासहितका पदाधिकारीलाई बालुवाटार बोलाएर ई-पासपोर्टको अन्तर्राष्ट्रिय बोलपत्र आह्वान प्रक्रियाप्रति चर्को असन्तुष्टि प्रकट गरेका थिए ।

प्रधानमन्त्रीले प्रमुख सल्लाहकार विष्णु रिमाल र मुख्य सचिव लोकदर्शन रेग्मीलाई साथमै राखेर 'मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना गर्न लागिरहेका बेला पासपोर्ट छाप्न विदेश पठाउनु उचित नरहेको' बताएका थिए । प्रधानमन्त्रीले 'ई-पासपोर्ट छाप्न कम्तीमा १० वर्ष पुरानो कम्पनी किन चाहियो ?' भन्दै बोलपत्रमा राखिएको सर्तप्रति पनि



आपत्ति जनाएका थिए । पुरानो प्रविधिको कम्पनी र मेसिनको औचित्य नरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले ई-पासपोर्टमा आउने 'ब्याक एन्ड ह्वाइट फोटो'को औचित्य नरहेको र एकैचोटि ५० लाख संख्यामा पासपोर्ट छाप्नुको अर्थ नरहेको पनि उल्लेख गरेका थिए । उनले ई-पासपोर्ट बोलपत्र प्रक्रियामा असन्तोष जनाउँदै लगातार दुई घण्टा 'निर्देशन' दिएपछि उक्त प्रक्रिया खारेज हुन सक्ने संशय परराष्ट्र वृत्तमा बढिसकेको थियो ।

ई-पासपोर्ट छपाइको बोलपत्र रद्द गरिएपछि, सरकारले एक फ्रान्सेली कम्पनीबाट सिधै 'जी टु जी' (सरकारी तह) प्रक्रियामार्फत पासपोर्ट छपाएर ल्याउन चाहेको जानकारको भनाइ छ । यसअघि नेपालमा सुरक्षा प्रेस स्थापनार्थ प्राविधिक सहयोग लिने भनेर गत मार्चमा समझदारी गरिएको फ्रान्सेली सरकारको स्वामित्वमा रहेको 'इन-ग्रुप' लाई ई-पासपोर्ट छपाइमा अनुमति दिइने स्रोतले जनाएको छ ।

'यो कम्पनीले सुरुमा १० लाख ई-पासपोर्ट निःशुल्क छपाइ गरिदिने र बाँकीको हकमा प्रतिपासपोर्ट ८ डलर रकम लिने सेवासर्त अघि बढाएको छ,' प्रधानमन्त्री कार्यालय सम्बद्ध स्रोतले भन्यो । तर, बंगलादेशमा समेत सुरक्षा प्रेस स्थापना गर्ने भनेर सन् २०१६ मा काम थालेको यही इन-ग्रुपले हालसम्म पासपोर्ट छपाइ गर्न नसकेको अवस्था छ ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार 'खुला प्रतिस्पर्धामा जानैपर्ने' प्रावधान पछ्याएर पासपोर्ट छपाइमा परराष्ट्रले गरेको बोलपत्र खारेज भएपछि अब १ वर्षपछि पासपोर्ट वितरणमा आउन सक्ने देखिएको छ । राहदानी विभागका महानिर्देशक रामकाजी खड्काका अनुसार अब झन्डै साढे ७ लाख साधारण एमआरपी विभागसँग रहेको छ ।

बाँकी पृष्ठ ३

भक्कानिइरहन्छन् डा. केसी

■ **डीआर पन्त** (डडेलधुरा)

दुर्गम अजयमेरुबाट भेट्न आएका जयबहादुर ऐर र डोटीको बान्डुग्री सैनका हिक्मत बलायर शुक्रबार दिउँसो डा. गोविन्द केसी अनशन बसेको कोठाबाट आँसु पुछ्दै निस्किए । त्यतिबेला गेटमा पहरा दिइरहेका दुई प्रहरी, कोठामा ब्लड प्रेसर जाँच्न आएकी स्वास्थ्यकर्मी र डडेलधुराकै ईश्वरीप्रसाद भाटका पनि आँखा रसाएका थिए ।

भेट्न आउनेहरूसँग कुरा गरिरहँदा डा. केसी बेलाबेला



भक्कानिन्छन् । यो देखेर आउनेहरूको मन थामिँदैन । उनीहरूका आँखा रसाइहाल्छन् । शुक्रबार पनि त्यस्तै भयो, ऐर र बलायरसँगको भेटमा । 'म आफू र आफन्तका लागि या कुनै माफियाको फाइदाका लागि अनशन बसेको हुँदै होइन,' डा. केसी भन्दै थिए, 'बाजुरादेखि ओखलढुंगासम्मका गरिब जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भनेर अनशन बसेको हुँ ।'

डडेलधुरा अस्पताल नजिकैको एउटा चिसो कोठामा स्वास्थ्य र चिकित्सा शिक्षा क्षेत्र सुधारको माग गर्दै अनशन बसेका डा. केसीलाई भेट्न आउने जोसुकैलाई पनि उनी भन्न छुटाउँदैनन्, 'संविधानले दिएको अधिकार माग्दा सरकारले अपराधी जस्तो व्यवहार गऱ्यो । राजनीतिक नेतृत्व जनताप्रति उत्तरदायी भएन ।' जुन अधिकार जनताका नाममा नेताले सहजै उपभोग गरिरहेका छन्, त्यो अधिकार सर्वसाधारणले नपाएको डा. केसीको आरोप छ । 'स्वास्थ्य शिक्षा र चिकित्सा क्षेत्रबाट हुने अवैध आम्दानीका कारण यसको सुधारका लागि कुनै पनि सरकारले उत्साह देखाएनन्,' उनले गुनासो गरे । विगतका सरकारले आफूसँग के कस्ता सम्झौता

स्वास्थ्यमा समस्या आएपछि शुक्रबार साँझ अस्पताल भर्ना

गरे ? प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका कस्तो रह्यो ? आफ्ना मागप्रति दलका शीर्ष नेताले कस्तो व्यवहार गरे भन्नेलगायत विवरण सुनाउँदा उनी आफैंलाई सम्हाल्न सक्दैनन् । र, भक्कानिन्छन् ।

अनशन बसेको पाँचौं दिनसम्म राज्यका निकाय र जनप्रतिनिधिले डा. केसीका मागमा चासो देखाएका छैनन् । 'यति पवित्र भावना बोकेर जनताका लागि लड्ने अभियन्ता मैले कमै देखेको छु,' भाटले भने, 'डा. केसीका विचार सुनेर सेवाको परिभाषा के हो भन्ने बुझ्न पाएँ ।' उनको आफ्नो भन्नु कोही छैन ।

बाँकी पृष्ठ २

सावधानी सूचना ।

ट्रेडमार्क

B M C

बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५
फोन नं: +९१-११-४७०५९१०१/०२/०३/०४/०५
वेब: www.bawamasalacompany.com ईमेल: ips@bawamasala.com

यस सार्वजनिक सूचना हाम्रो सेवाग्रही **श्री बावा मसाला कम्पनी**, बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५ तल देखाइए बमोजिमको मसालाहरुको सम्बन्धमा रहेको ट्रेडमार्क **BMC** र लोगोहरुको नेपालमा स्वामित्व रहेको दर्तावाल प्रोप्राइटर हो र उक्त ट्रेडमार्क र लोगोहरु मान्य, कायम र कार्यान्वयनमा रहेका छन् भन्ने जानकारी सर्वसाधारण सबैमा पुऱ्याउनका लागि यस सुचना जारी गरिएको छ ।

B.M.C. REGD. TRADE MARK

B M C

हाम्रो सेवाग्रहीको जानकारीमा आए अनुसार केहि व्यक्तिहरुले हाम्रो सेवाग्रहीको जस्तै प्याकेजिङ्ग तथा माथि देखाइए बमोजिमको लोगोसंग मिल्दो लोगो समेत प्रयोग गरि **नक्कली मसाला उत्पादन र बजारीकरण** गरिरहेका छन् । हाम्रो सेवाग्रहीको **BMC** ट्रेडमार्क भएको सक्कली उत्पादन नेपाल भित्र खरिद गर्न चाहने वा उत्पादनको वास्तविकताका बारेमा प्रश्न भएमा जो कोहीले देहाय बमोजिमका हाम्रो सेवाग्रहीका वितरकहरुलाई सम्पर्क गर्न सक्नुहुनेछ ।

१. **सुयश सप्लायर्स**, जनकपुर-१४, धनुषा जिल्ला, जनकपुर-१, नेपाल, फोन नं. ९८५४०२०७०१
२. **काठमाडौं भेराईटी सप्लायर्स प्रा. ली.**, नयाँबजार, खुसिबु, टाउन प्लानिङ्ग, सुगम मार्ग, काठमाडौं नेपाल, फोन नं. ९८०१०२२७९६
३. **नारायणी इन्टरप्राइजेज**, विरगंज, वडा नं. ७, रेशम कोठी, नेपाल, फोन नं. ९८०७२२६६४८

BMC को नक्कली ट्रेडमार्क प्रयोग गरि नक्कली मसाला विक्री/संचय गर्ने जोकोहि हाम्रो सेवाग्रहीले कार्यान्वयन गर्ने देवानी/फौजदारी दायित्वको भागिदार हुनुपर्नेछ ।



MEAT MASALA | CHICKMAS | MOMO MASALA

मितिः २०७६ कार्तिक २० गते
मोहन विधानी, अधिवक्ता, इ.नं. D/१३१/१९७२
विधानी ट्रेड मार्क कं. ११/१२, वेस्ट पटेल नगर, न्यू दिल्ली-११०००८, भारत
फोनः +९१-११-४५०५१५५१/१५५२ ईमेलः patent@vidhani.com



विवाह गर्न नागरिकता अनिवार्य

रुकुम पश्चिम (कास)- जिल्लामा विवाहका लागि जन्म दर्ता र नागरिकताको प्रमाणपत्र चाहिने व्यवस्था गरिएको छ। विवाह गर्ने बर बधुको जन्मदर्ता र नागरिकताको प्रमाण पत्रको भएपछि मात्रै वैवाहिक कार्यक्रम अघि बढाइने निर्णय गरिएको हो।

वैवाहिक बन्धनमा बाँधिने जोडीले कुनै सरकारी कार्यालय वा अन्य निकायमा जन्म दर्ताको प्रमाणपत्र र नागरिकता पेस गर्नुपर्ने भने होइन। विवाहमा संलग्न पण्डितलाई उक्त प्रमाणपत्र देखाउनुपर्ने निर्णय गरिएको छ। पछिल्लो समय धेरै बालविवाह भएको भन्ने व्यापक गुनासो आएपछि पण्डितहरू उमेर नपुगेका केटाकेटीको विवाह नगराउन सहमत भएका हुन्। 'बहुविवाहको समस्या विकराल बन्यो त्यसैले हामीले पनि विवाह गराउनुपूर्व केही न केही सामाजिक उत्तरदायित्व निर्वाह गरौं भनेर यस्तो निर्णय गरेका हौं,' मुसीकोट नगरपालिका ३, का पुरोहित रामप्रसाद गौतमले भने, 'अब हामी उमेर नपुगेका केटाकेटीको विवाह नगर्ने निर्णयमा पुगेका छौं।' स्थानीय सरकार, महिला समूह, बाल क्लब, विद्यार्थीका साथसाथै बाल विवाह न्यूनीकरणमा आफूहरू पनि लाग्ने गौतमको भनाइ छ। 'बालविवाह न्यूनीकरणको अभियानमा अब हामीपनि एकबद्ध भएका छौं,' उनले भने, 'उमेर नपुगेको बिहेबारी हामीले पनि बहिष्कार गर्ने निर्णय गरेका हौं।'

बालविवाहको समस्या बढ्दै गएपछि जिल्ला प्रहरीले विवाह गराउने पण्डितसाग बालविवाह न्यूनीकरणका उपायका विषयमा छलफल गरेको थियो। छलफलमा सहभागी पण्डितले उमेर नपुगेको विवाह नगराउने र उमेर पुगेकै विवाह गर्नलाई बर-बधुको जन्मदर्ता र नागरिकता हेर्ने निर्णय भएको अर्का पण्डित झक्कुप्रसाद उपाध्यायले बताए। 'हामी यसरी पनि सहयोग गर्न सक्छौं भनेर हामीले प्रहरीलाई भन्यौं,' उपध्यायले भने, 'हामीहरूले यति गर्दा बालविवाह न्युनीकरण हुन्छ भने किन अभियान नथाल्ने ?'

उमेर नपुगेको विवाह गराउने पुरोहित, लमी, अभिभावकलाई तीन वर्षसम्म कैद र ३३ हजार नगद जरीवानाको व्यवस्था छ। अभिभावकपछि बाल विवाह गराउने महत्त्वपूर्ण पात्र पण्डित भएकाले बालविवाह न्यूनीकरणमा पण्डितको सहयोग लिनेगरी छलफल गरिएको जिल्ला प्रहरी प्रमुख डीएसपी सुमित खड्काले बताए। 'उहाहरू बालविवाह न्यूनीकरणको अभियानमा सकारात्मक हुनुहुन्छ,' डीएसपी खड्काले भने, 'पण्डितले समेत उमेर पुगे/नपुगेको खोजेपछि बालविवाह न्यूनीकरण हुने विश्वास लिएका छौं।' बालविवाह न्यूनीकरण अभियान जिल्लाभर सञ्चालन गरिरहेको उनको भनाइ छ।

डायलसिस गर्न रकम जुटेन

वीरेन्द्रनगर (कास)- वीरेन्द्रनगर नगरपालिका ८, इत्रामका पर्वत पन्तको दुवै मिर्गौला काम नगर्ने भएपछि घरमै थलिएर बसेका छन्। थप उपचारका लागि परिवारले खर्च जुटाउन नसक्दा २५ वर्षीया पन्त पीडामा छन्।

आर्थिक स्थिति निकै कमजोर भएका कारण परिवारले उनको मिर्गौला डायलाइसिस र प्रत्यारोपणका लागि रकम जुटाउन सकेको छैन। गत भदौमा सामान्य समस्या देखिएको ठानेर वीरेन्द्रनगरस्थित देउती नर्सिङ होममा उनलाई जचाउन लगियो। तर त्यहाँ उपचार नै सम्भव नभएपछि पन्तलाई उनको परिवारले काठमाडौंस्थित त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल पुऱ्याए। करिब दुई हप्तापछि मात्रै उनको दुवै मिर्गौला फेल भएको थाहा पाएपछि अस्पतालले डायलासिस गर्न सुझाव दिँदै गत असोज १९ गते डिस्चार्ज गरिदियो।



'सबै जाँच गर्दा डेढ लाख बढी खर्च भयो,' आमा कालिरा पन्तले भनिन्, 'रोग पत्ता लागेपछि डिस्चार्ज गरिदिए, अब उपचार गर्ने पैसा छैन त्यही भएर घरमै ल्याएर राखेका छौं।' मिर्गौलापीडित पन्तका बाबु जल तथा मौसम विज्ञान कार्यालयमा कार्यालय सहयोगीका रुपमा काम गर्छन्। परिवारमा अन्य कुनै आम्दानीको स्रोत छैन। 'अलि अलि भएको पैसा जति सक्किसक्यो,' कालिसराले भनिन्, 'अब उपचार गर्ने पैसा छैन, छोरालाई मृत्युको मुखमा पुगेको टुलुटुलु हेरेर बस्नुपरेको छ।' उपचार खर्चका लागि हात माग्ने ठाउँ पनि कतै नभएको भन्दै आमा कालिसराले अब मृत्यु कुर्नुको विकल्प आफ्ना छोराका लागि अरु केही नभएको गुनासो गरिन्।

अधिकांश व्यवसाय अवैध

रुकुम पश्चिम (कास)- जिल्लामा सञ्चालित आधा व्यावसायिक प्रतिष्ठान अवैध रहेको पाइएको छ। दर्ताबिनै करिब ४५ प्रतिशत आर्थिक प्रतिष्ठान सञ्चालन गरेको पाइएको हो।

अघिल्लो वर्ष गरिएको आर्थिक गणना अनुसार जिल्लामा तीन हजार ९ सय ९४ प्रतिष्ठानमध्ये एक हजार आठ सय १९ प्रतिष्ठान बिना दर्ता चलिरहेको तथ्यांक सार्वजनिक भएको हो। आर्थिक गणनाको क्रममा सोधिएको प्रश्न, गरिएको अवलोकनका आधारमा दुई हजार एक सय ७५ आर्थिक प्रतिष्ठान दर्तावाल छन्। सबै व्यवसायमध्ये ५४.५ प्रतिशत दर्ता गरेर चलाइएको पाइएको हो भने ४५.५ प्रतिशत व्यवसाय दर्ता नै छैनन। २०७५ वैशाख १ देखि जेठ ३१ गतेसम्म गरिएको आर्थिक गणनाको क्रममा जिल्लाका आर्थिक प्रतिष्ठानमा १० हजार एक सय ८० जनाले रोजगारी पाएको उल्लेख छ। जसमध्य ७३.९ प्रतिशत अर्थात् सात हजार सात सय २० जनाले दर्ता भएका प्रतिष्ठानमा काम गरिरहेका छन् भने २६.१ प्रतिशत अर्थात् दुई हजार ६ सय ६० जनाले दर्ता नभएका व्यवसायमा काम गरिरहेका हुन्। जिल्ला तथ्यांक कार्यालयले सार्वजनिक गरेको आर्थिक गणना प्रतिवेदनमा विभिन्न सूचकमाथि अध्ययन गरिएको जनाइएको छ। तथ्याङ्क अधिकृत मेघराज पौडेलले सबै स्थानीय तहका व्यवसायिक निकायका विभिन्न सूचकमाथि गणना गरिएको जनाए। आर्थिक गणना अनुसार सबैभन्दा बढी आर्थिक प्रतिष्ठान मुसीकोट नगरपालिकामा छन् भने कम बाफिकोट गाउपालिकामा छन्। एक हजार चार सय ३३ आर्थिक प्रतिष्ठान मुसीकोट नगरपालिकामा रहेको जनाइएको छ।

विभिन्न सात सूचकमाथि केन्द्रीत रहेर गणनाको विश्लेषण गरिएको उनले जानकारी दिए। एक सय १७ कृषि, एक सय ८० वन तथा माछापालन, चार सय औद्योगिक प्रतिष्ठान दर्ता भएको जनाइएको छ। दर्ता भएका दुई हजार एक सय २५ थोक तथा खुद्रा व्यापार र मोटरगाडी एवं मोटरसाइकल मर्मतमा सबैभन्दा बढी तीन हजार तीन सय ३७ जनशक्तिले रोजगारी पाइरहेको तथ्यांकमा उल्लेख छ।

सौर्य ऊर्जाबाट खानेपानी

'खानेपानी समस्याकै कारण बिहानको खाना कहिल्यै समयमा पाकेन, बालबालिका बासी खाएर विद्यालय जान बाध्य थिए'



सल्यानको बन्गाडकुपिण्डे नगरपालिका १२, चौर गाउँमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट प्रविधिमार्फत खानेपानी योजना सम्पन्न गरिएपछि पानी भर्दै स्थानीय। *तस्विर : विप्लव/कान्तिपुर*

■ **विप्लव महर्जन** (सल्यान)

बन्गाडकुपिण्डे नगरपालिका १२, निगालचुलास्थित चौरकी ४५ वर्षीया विमला पुनलाई यसअघि डेढ घण्टा तलको खानेपानी मुहानमा गइ पानी ल्याउनुपर्ने बाध्यता थियो। गाउँ नजिकैको मुहान सुकेपछि डेढ दशकदेखि उनले सास्ती भोग्दै आइरहेकी थिइन्। पानीको दुःखका कारण उनकै छिमेकी निर्मला घर्तीको घरायसी कामकाज सधैं प्रभावित हुन्थ्यो।

तर अहिले उनीहरूको समस्या समाधान भएको छ। सौर्य ऊर्जामार्फत लिफ्ट प्रविधिबाट गाउँमा खानेपानी पुऱ्याइएपछि स्थानीयले घर नजिकै खानेपानी सुविधा पाएका छन्। विद्युत् नपुगेकाले गाउँमा सौर्यऊर्जा जडान गरी खानेपानी सुविधा पुऱ्याइएको हो। योजना सम्पन्न भएपछि चौर गाउँका ७० परिवारको सास्ती हटेको हो।

आठ वर्षअघि गाउँमा खानेपानी पुऱ्याउन सौर्यऊर्जा कार्यक्रमअन्तर्गत लिफ्ट खानेपानी योजना निर्माण थालिएको थियो। उक्त क्रमागत योजनामा रकम विनियोजन गर्न छोडिएपछि बीचैमा अलपत्र परेको थियो। बस्ती माथि र मुहान तल हुँदा अन्य प्रविधिमार्फत गाउँमा खानेपानी योजना निर्माण गर्न सकिएको थिएन। नगरपालिकाले १२ लाख रुपैयाँ खर्चिएको योजना बीचैमा अलपत्र परेपछि स्थानीयबासी निराश बनेका थिए। खानेपानी समस्याकै कारण गाउँका एक दर्जन बढी परिवार बसाइ सरेर बेसीका बस्तीमा झरेका थिए। स्थानीय आइती रोकाले वर्षौंपछि गाउँमा खानेपानी समस्या समाधान भएको बताइन्। 'खानेपानी समस्याकै कारण बिहानको खाना कहिल्यै समयमा पाकेन, बालबालिका बासी खाना खाएर विद्यालय जान बाध्य थिए,' उनले भनिन्, 'खानेपानी समस्याका कारण महिला र बालबालिकाको अधिकांश समय पानी ओसार्नमै बित्थ्यो।' पानीकै कारण बालबालिकाको पढाइ प्रभावित हुँदै आएकोमा अहिले नियमित बनेको उनले सुनाइन्। उनका अनुसार पानीको लागि रातविरात उठेर खोला जानुपर्दा अधिकांश जोखिम मोल्नुपर्ने सास्ती थियो।

गाउँमा खानेपानी सुविधा पुगेपछि विकास भित्रिएको अनुभव भएको उनको भनाइ छ। उपभोग गरेर बचेको पानी करेसाबारीमा प्रयोग गर्दै आइरहेको उनको भनाइ छ। गाउँमै धारा बनेपछि पशुचौपायालाई पानी खुवाउन र सरसफाइ गर्न सजिलो बनेको जानकारी दिइन्।

अलपत्र परेको योजनामा नगरपालिकाले १० लाख रुपैयाँ विनियोजन गरेको वडाध्यक्ष गोविन्द डाँगीले बताए। उनका अनुसार निर्माणाधीन योजना अलपत्र परेपछि निराश बनेका स्थानीयमा अहिले खुसीयाली छाएको छ। योजनामा एक सय ८० मिटर तलको मुहानबाट गाउँमा पानी ल्याइएको उनले सुनाए। तल मुहान र माथि बस्ती हुँदा जिल्लाकै विकट मानिने निगालचुलाका धेरै टोलमा खानेपानी अभाव रहेको उनको भनाइ छ। उनले वडाबासीलाई स्वच्छ खानेपानी सुविधा पुऱ्याउन योजना निर्माणको काम भइरहेको जनाए।

२ वर्षदेखि विद्यालय भवन अलपत्र

■ **राजबहादुर शाही** (मुगु)

सरकारी बेवास्ताका कारण छायानाथरारा नगरपालिका १३, लापु गाउँस्थित नमुना आधारभूत विद्यालयको भवन निर्माण अलपत्र परेको छ। योजना अलपत्र पर्दा विद्यार्थीलाई पठनपाठनमा समस्या भएको छ भने भवन पशुचौपायाको विश्रामस्थलमा परिणत भएको छ।

साविक जिल्ला शिक्षा कार्यालयले दुई वर्षअघि १६ लाख रुपैयाँको लागतमा भवन निर्माणको काम सुरु गरेको थियो। संघीय संरचना कार्यान्वयनका क्रममा कार्यालय नै खारेजीमा परेपछि भवन निर्माणको काम पूरा हुन नसकेको हो। क्रमागत योजना भन्दै भवन निर्माणको काम सुरु गरिएको थियो। भवन निर्माणका अन्य काम सकिए पनि छाना नछाउँदा निर्माण भएको संरचनासमेत जीर्ण बनेको छ।



भवनको छाना हाल्न पाए मात्रै पनि पठनपाठन सहज बन्ने विद्यालय प्रशासनले जनाएको छ। भवन निर्माण सम्पन्न नहुँदा कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई सामूहिक रुपमा पठनपाठन गराउनुपर्ने बाध्यता छ।

भौगोलिक कठिनाइ र रकम अभावका कारण भवन अलपत्र परेको प्रधानाध्यापक कैलाश बडुवालले बताए। उनका अनुसार बाहिरबाट जस्तापाता ल्याउन खोजिएको भए पनि साबिक शिक्षा कार्यालयले समयमै रकम निकासा नदिँदा भवनको काम अलपत्र परेको थियो। विद्यालयमा अन्य पूर्वाधारको समेत अभाव रहेको उनले गुनासो गरे। उनी विद्यालयमा कार्यरत एक मात्र शिक्षक हुन्। विद्यालयमा शैक्षिक सामग्री, शौचालय, खानेपानी, फर्निचरलगायतको अभाव रहेको उनले सुनाए। शिक्षक र पूर्वाधार अभावमा विद्यालय बन्द गर्नुपर्ने अवस्था आएको गुनासो पोखे।

शिक्षक काम विशेषले बाहिर जाँदा विद्यालय बन्द गर्नुपर्ने बाध्यता रहेको व्यवस्थापन समिति अध्यक्ष रुपसिंह कामीले बताए। उनका अनुसार अहिले विद्यार्थी जीर्ण र पुरानो भवनमा अध्ययन गर्न बाध्य छन्। विद्यालयको भरपर्दो आर्थिक अवस्था नहुँदा थप सास्ती भएको उनले गुनासो गरे। विद्यालयको पूर्वाधार विकास र शिक्षक व्यवस्थापनमा स्थानीय सरकारले समेत बेवास्ता गरेको उनको आरोप छ।

२०६१ मा स्थापना भएको विद्यालयमा पूर्वाधारको अभाव हुँदा विद्यार्थीसमेत घट्दै गएका छन्। 'न शिक्षक छन्, न आवश्यक सामग्री नै,' उनले भने, 'एक शिक्षकको पारिश्रमिक जुटाउन धौधौ छ, सरकारी बेवास्ताले गाउँका अधिकांश विद्यार्थी अर्को गाउँको विद्यालयमा जान बाध्य छन्।' कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा यस वर्ष ३५ विद्यार्थी अध्ययनरत छन्।

रारामा आगन्तुक चरा

मुगु (कास)- चिसो कटाउन युरोप, तिब्बत र भारतका विभिन्न ठाउँबाट चरा रारा भित्रने क्रम सुरु भएको छ। आगन्तुक चरा रारा आउन थालेसँगै पर्यटकीय गतिविधि पनि बढ्दै गएका छन्।

युरोप र एसिया महादेशका विभिन्न देशबाट जाडो छल्न बर्सेनि चरा रारा आउने गरेका छन्। कात्तिक सुरु भएदेखि नै चरा आउन थालेको रारा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत लालबहादुर भण्डारीले जानकारी दिए। सिमसार क्षेत्रमा पाइने करिब ४९ प्रजातिका चरा बर्सेनि रारा आउँछन्। सबैभन्दा बढी भारत, तिब्बत र युरोपका विभिन्न तालमा बस्दै आएका चरा यहाँ आउने गरेको उनले बताए। 'चिसो मौसममा पनि ताराको पानी तातो हुने भएकाले आगन्तुक चराको आकर्षण छ,' उनले भने, 'जाडो मौसम सकिएसँगै सबै चरा आफ्नै बासस्थान फर्कन्छन्।'

पश्चिमी मुलुकबाट आएका चरा करिब पाँच महिनासम्म रारा क्षेत्रमा बस्ने गरेका छन्। अहिले रारा चरामय बनेको भण्डारीको भनाइ छ। तालदेखि जंगल क्षेत्रसम्म विदेशी चरा देख्न सकिन्छ। रारामा तीन सयभन्दा बढी प्रजातिका चरा पाइन्छन्। आगन्तुक चरा रारा र आसपासका गाउँसम्म पुग्ने गरेको मुर्मा गाउँका धनसिंह रोकायाले बताए। उच्च हिमाली क्षेत्रबाट जाडो छल्न कस्तूरी, मृग, रेडपान्डा, भालु, रतुवालगायत वन्यजन्तुसमेत रारा आउने गरेका छन्। आगामी पुसदेखि चराको गणना गर्न लागिएको निकुञ्जले जानकारी दिएको छ।

रेडपान्डाको बासस्थान बन्दै

रारा क्षेत्र रेडपान्डाको आकर्षणको केन्द्र बन्दै गएको रारा राष्ट्रिय निकुञ्जले बताएको छ। जाडो छल्न उच्च हिमाली क्षेत्रबाट रारा आएका रेडपान्डा यतै बस्ने गरेका छन्। औपचारिक गणना हुन नसके पनि रारा आसपासको क्षेत्र रेडपान्डाको बासस्थान बन्न थालेको संरक्षण अधिकृत भण्डारीले जानकारी दिए। भौगोलिक एवं वातावरणीय दृष्टिले रेडपान्डाका निम्ति रारा उपयुक्त मानिएको अनुसन्धानले देखाएको छ। मुर्माटप, चुचुमारे, रुमखोला माझघट्टलगायत निकुञ्ज क्षेत्रमा रेडपान्डा बस्ने गरेको उनी बताउँछन्।

'जेलमा सित्तैमा खान पाइन्छ' भन्दै चोरी

रुकुम पश्चिम (कास)- मुसीकोट नगरपालिका २, का २० वर्षीय राजु परियारले जेलमा सित्तैमा खान पाइन्छ भन्दै चोरीमा संलग्न भएको पाइएको छ। प्रहरी अनुसन्धानबाट यो तथ्य खुलेको हो। अहिले उनी प्रहरी हिरासतमै छन्। उनीविरुद्ध प्रहरीले चोरी डाँका मुद्दा दर्ता गरी अनुसन्धान गरिरहेको छ।

कात्तिक १८ गते पक्राउ गरेका उनीमाथि पसल फोडेर नगद तथा मोबाइल र त्यससम्बन्धी सामग्री चोरीको आरोप छ। उनलाई कात्तिक १६ गते राति मुसीकोट नगरपालिका १, त्रिवेणी चोकमा रहेको एक मोबाइल पसल चोरी गरेको आरोपमा प्रहरीले पक्राउ गरेको हो। यसअघि पनि उनले यही मुद्दामा जेल सजाय भुक्तान गरिसकेका थिए। २०७३ कात्तिक २३ गते खलंगाको एउटा कोठामा चोरी गरेको आरोपमा पक्राउ परेका उनी अभियोग पुष्टि भई ३ वर्ष जेल सजाय भुक्तान गरी भर्खरै बाहिर निस्किएका हुन्। जेल सजाय भुक्तान गरी निस्कनेबित्तिकै उनी फेरि उही मुद्दामा समातिएका छन्। एउटै मुद्दामा दुईपटक समातिएपछि उनी निःशुल्क खान र बस्नकै लागि चोरी गरेको तथ्य प्रहरीले फेला पारेको हो।









तपाईको आज

मेष	अधिक खर्च	तुला	आलोचित हुने
वृष	नयाँ कार्य आरम्भ	वृश्चिक	मनोकांक्षा पूर्ण
मिथुन	कार्य सिद्धि	धनु	कान्ति क्षय
कर्कट	धर्म बढ्ने	मकर	शत्रु परास्त
सिंह	अपव्यय	कुम्भ	अपेक्षित लाभ
कन्या	प्रतिष्ठा प्राप्त	मीन	उत्साहप्रद

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कात्तिक २४ गते आइतबार तदनुरुप १० नोभेम्बर २०१९ कार्तिक शुक्लपक्ष त्रयोदशी तिथि दिनको ८:२० बजेसम्म उप्रान्त चतुर्दशी तिथि, रेवती नक्षत्र साँझको ०६:०७ बजेसम्म उप्रान्त अश्विनी नक्षत्र, वज्र योग दिनको १२:२१ बजेसम्म उप्रान्त सिद्धि योग, तैतिल करण दिनको ०४:२० बजेसम्म उप्रान्त गर करण, मीन राशिमा चन्द्रमा साँझको ०६:०७ बजेसम्म उप्रान्त मेष राशिमा। **ज्यो. रामप्रसाद सिटौला**

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
३:००	कान्तिपुर समाचार
३:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज द्य लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सेज खाउन
१०:००	हियर्ज द्य लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्ज द्य लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	आउन मर्सेज खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेलिनपलेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मृपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (ग्रिन्चका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	क्विक फिक्स (स्मिता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्यूजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिष दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेल्फ्युरिटी एन्ड क्राइज डायरी
२०:०५	रक मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (थिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर
मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल ५२०२००
जिल्ला प्रहरी कार्यालय ५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) ५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स ९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन
महाकाली अञ्चल अस्पताल ५२१९९९
जिल्ला प्रहरी कार्यालय ५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा ५२१२५८
जिल्ला प्रशासन कार्यालय ५२१९०९

कैलालीका महत्वपूर्ण टेलिफोन
सेती अञ्चल अस्पताल ५२१२७१
जिल्ला प्रहरी कार्यालय ५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा ५२१६००
जिल्ला प्रशासन कार्यालय ५२१९०१
टीकापुर अस्पताल ५४०१५०
क्षेत्रीय अस्पताल ०८३-५२०२००
सुर्खेत विमानस्थल ०८३-५२०१३२

कञ्चनपुर
महाकाली अञ्चल अस्पताल महेन्द्रनगर ०९९-५२१९९९
रेडक्रस एम्बुलेन्स ५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर ५२१९०९/५२२८०६
जिल्ला प्रहरी कार्यालय १००/५२१२००

डोटी
सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय ०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी ४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल ९८५८४४०१९९/४२०२०४
जिल्ला अस्पताल ४२००९२
जिल्ला अस्पताल एम्बुलेन्स ९८४८५४५१५०

डडेल्धुरा
जिल्ला प्रहरी ०९६-४२०१९९

जाजरकोट
जिल्ला प्रहरी कार्यालय- ०८९-४३०१३१, ९८५८०४५५५५
अस्पताल- ०८९४३०१८८
एम्बुलेन्स ९८५४५०४३७
रेडक्रस एम्बुलेन्स ०८९४३००४२, ९८४४७००२४४

कालिकोट
प्रहरी ०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला
प्रहरी ०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल ०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स ९७४८२४९६६६

दैलेख
जिल्ला प्रहरी कार्यालय ०८९-४२०९२५,९८५८०५५५५५
अस्पताल ०८९-४१०९२७
एम्बुलेन्स ०८९-४१०१८५, ९८४८२६५४८२

पश्चिम रुकुम
जिल्ला प्रहरी कार्यालय ०८८५३०१८७
जिल्ला अस्पताल ०८८५३०२७७, ०८८५३०१९५
एम्बुलेन्स ०८८४८५८१५

हुम्ला
प्रहरी ०८७-४८००३/ ०८७४८००९२
अस्पताल ०८७-४८००२४
विमानस्थल ९८५४०६३२४२

डोल्पा
जिल्ला प्रहरी कार्यालय ०८७-५५००५५, ९८५८३०५५५५

मुगु
प्रहरी ०८७-४४००९२
अस्पताल ०८७-४४०१३०
एम्बुलेन्स ९८४८३२०९६६

सल्यान
प्रहरी ०८८-५२००६०, ९८५४८५५५५५
अस्पताल ०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस ९८४७८३२४३८/०८८-५२००८४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४९०४५/४२४९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६४४८२९
आकस्मिक प्रहरी सेवा	४२२६९९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०१४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९९
देव कर्मर नि:शुल्क शवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२८०८६
नेपाल मिटर दशावली संघ	४२२४३७४

गन्तव्य बनेको कुम्भकर्ण

पहिले विदेशी पर्यटक मात्र जाने कुम्भकर्ण धार्मिक पर्यटनसँग जोडिएपछि चहलपहल बढ्दो

■ आनन्द गौतम (ताप्लेजुङ)



ताप्लेजुङको फक्ताङलुङ-६ लेलेपस्थित कुम्भकर्ण हिमालको फेदीमा आन्तरिक पर्यटक । तस्विर : कान्तिपुर

सेवास्थल ४ हजार ५ सय ६१ मिटर उचाइमा । अगाडिपट्टि टलक्क टल्कने ७ हजार ७ सय १० मिटर उचाइको कुम्भकर्ण हिमाल देखिन्छ, जसलाई किराँतीहरू 'फक्ताङलुङ' सम्बोधन गर्छन् ।

गोलो आकारको देखिने शिर, दुईमध्येको एउटा कुम झरेको जस्तो देखिने हिमाल मजाले नियाल्न सकिन्छ । कञ्चनजंघासँगै जोडिएर रहेकाले बनावटका कारण यसलाई धेरै कञ्चनजंघा भनेर पनि अलमलिन्छन् । कञ्चनजंघाको तुलनामा यो चुचुरो ८ सय ७६ मिटर होचो छ । हिमालसँग कुहिरो लुकामारी खेलिरहन्छ । कहिले पूरै ढाक्छ, कहिले छाडेर हट्छ ।

उडेर आउने कुहिरोले बेला-बेला पानी ल्याउँछ र कहिले हिउँको वर्षा गराइदिन्छ । कुम्भकर्ण विगतदेखिकै पर्यटकीय गन्तव्य हो । विदेशी पर्यटक कञ्चनजंघा परिक्रमा गर्दा यही हिमालको फेदीबाट आउजाउ गर्छन् । हावा चलिरहने, लामो समय बस्नका लागि निकै कठिन हुने यो क्षेत्र अहिले धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ ।

किराँत धर्मगुरु आत्मनन्द लिङ्देन ६ दिनसम्म बसेका कारण महत्त्व थप बढेर गएको छ । उनले कार्तिक ६ देखि १० सम्म यहीं बसेर ध्यान गरे । राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द महिङगुम आङसिमाङले तपस्या गरेको स्थलमा यो वर्ष एक सातामा ९ सय ८१ जना पुगेर फर्किएको किराँत सेवा समिति सदस्य ज्ञानु फुरुम्बोले बताए ।

यो वर्ष यहाँ कार्तिक ५ देखि ११ सम्म विशेष सेवाको आह्वान गरिएको थियो । यसै स्थलबाट नामकरण गरिएको फक्ताङलुङ गाउँपालिका-६ लेलेप घुन्साका पर्यटन व्यवसायी हिमाली चुङदाका अनुसार आन्तरिक पर्यटक यति ठूलो संख्यामा आएको यो पहिलोपटक हो । वर्सेनि धर्म अनुरागीहरू भने पुग्ने गरेका छन् ।

मनसुन सकिँदा नसकिँदै सुरु हुने फक्ताङलुङ दर्शनमा टोली-टोली बनाएर जान्छन् । वर्षा भइरहने भएकाले हरेकले आफूले बोकेको झोला र ढाकरलाई प्लास्टिकले बेरेका हुन्छन् । आफू ओतिन छाता र थप प्लास्टिक अनिवार्य । सामान्यतया असोज अन्तिमदेखि कार्तिक दोस्रो सातासम्म सेवाका लागि जानेको लस्कर लाग्ने गरेको ज्ञानुले बताए ।

लेलेप खम्बाछेनको बस्ती नजिकमा रहेको यहाँ सबैभन्दा बढी जोखिम चिसोको हुन्छ । विदेशी पर्यटक आउने र सेवा गर्ने समय एकै भएकाले आन्तरिक पर्यटकलाई समेट्न खम्बाछेनलाई कठिन हुन्छ ।

यहाँ पनि आधा दर्जन मात्रै घर छन् । त्यही भएर तीर्थयात्रीहरूको सबैभन्दा भारी कपडाको हुन्छ । अहिलेसम्मको यात्रामा हरेकले ठूलै झोलामा सामान बोक्छन् । गाउँबाट जानेहरूले ढाकर नै बोक्छन् । पूजाका सामग्रीदेखि बासका लागि चाहिने म्याट्रेस, पाल र खानेकुरासम्म हुन्छ तीर्थयात्रीसँग । बदलिँदो समय र यात्रुहरू रित्तो हिँड्न रुचाउने भएकाले ठाउँठाउँमा होटल लज हुनुपर्ने माग गर्न थालेका छन् ।

यहाँ जानेको यात्रा इलामको लारुम्बाबाट सुरु हुन्छ । धर्मगुरु लिङ्देनको आशीर्वाद लिएर तीर्थालुहरू यात्रा प्रारम्भ गर्छन् । यहाँबाट पैदलै यात्रा गरे फक्ताङलुङ पुगेर फर्कन २२ दिनसम्म लाग्छ । गाडी चढे ताप्लेजुङको फुङलिङबाट एक सातामा यात्रा पूरा हुन्छ ।

सदरमुकामबाट तापेथोकको रानीपुलसम्म गाडी चल्छ । फुङलिङबाट त्यहाँसम्मको भाडा ७ सय रुपैयाँ छ । यो ठाउँलाई किराँतीहरूले पारुम्फुक, मारुम्फुकु भन्छन् । यसको अर्थ पितृदेव र मातृदेव भन्ने हुन्छ । फक्तालुङलाई पितृ-मातृदेवको आश्रमका रूपमा लिइने किराँत धर्मका अगुवा लेखबहादुर पालुङ्वा बताउँछन् ।

उनका अनुसार किराँत धर्मावलम्बीहरूको अस्तित्व फक्ताङलुङसँग जोडिएको छ । जीवनमा एकपटक दर्शनका लागि पुग्नैपर्ने मान्यता छ । यहाँ नेपालीसँगै बेलायत, अमेरिका, हङकङ, भारतको दार्जिलिङ र बर्मालगायतका धर्मावलम्बी आउने गरेका छन् । यो वर्ष विदेशमा बस्ने ६२ जना सुकेटार विमानस्थलबाट फक्ताङलुङ पुगेर फर्किए । पैदलयात्रा गर्नेहरू इलामको लारुम्बा हुँदै पाँचथरको सिलौटी, लुब्रिकुटी, कावेली किराँतेश्वर मन्दिर दर्शन गर्दै पनि जाने गरेका छन् । बाटोमा श्रीङ्चोक, हाँडीपोखरी, तिम्बुङ पोखरी, दूध पोखरी, नाग पोखरी, मयूर पोखरी र लक्ष्मी पोखरी जस्ता दर्जनौं पोखरीको दर्शन गर्न सकिन्छ । यात्राका क्रममा केही भूभाग सिक्किमको पर्छ । कतै गोठ, ओडार तथा खुला चौरमा पाल टाँगेर बास बस्नुपर्ने आठराई त्रिवेणीका भूपालकुमार सेन्डाइले बताए । तालतलैया, हरियाली डाँडाकाँडा र सेताम्मे देखिने हिमालको दृश्यले दर्शनको यात्रा रमाइलो हुने उनको अनुभव छ । यहाँ पुगेकाहरूले तीन दिनसम्म दर्शन स्थलमा महाअष्टम यज्ञ समेत गर्ने गरेका छन् । कतिपयले हिँडेर्दैखि नै व्रत पनि बस्ने गरेका छन् । यहाँको पूजामा बलि हत्या गरिन्न । वेदवाचन गरेर फूल, फलेदो, नैवेद्य, सुपारी र अबिर जस्ता पूजाका सामग्री प्रयोग गरिन्छ ।

पानी मागेर अस्पतालमा शौच

■ गिरुप्रसाद भण्डारी (प्यूठान)

सुत्केरी बेथाले च्यापेपछि नौबहिनी-६ बहानेका विजय केसीले श्रीमतीलाई बिहीबार प्यूठान जिल्ला अस्पतालमा भर्ना गरे । कुरुवा बस्दा शौचालय लैजानुपऱ्यो । भित्र पानी नै रहेनछ । श्रीमतीलाई बाहिर लैजान सम्भव थिएन । दौडिएर नजिकैको होटलमा पुगे, पानी मागेर ल्याएर शौच गराए ।

'अस्पतालजस्तो संवेदनशील ठाउँमा शौचालयको प्रबन्ध कति अप्ठ्यारो,' उनले भने, 'धन्न होटलले पानी दियो ।' अस्पतालको अन्य व्यवस्थापनको पाटो हेर्दा विरक्त लाग्दो रहेको उनले बताए । अस्पतालमा बिरामी थुप्रै आउँछन् । तर न सुविधा राम्रो छ न त पानी र बिजुलीको प्रबन्ध नै । अस्पताल अस्तव्यस्त भएको महिना दिनभन्दा भन्दा बढी भएको छ । सरोकारवालाले ध्यान नदिँदा बिरामी र तिनका आफन्तलाई सास्ती छ । अस्पतालमा १४ जना डाक्टरको दरबन्दीमा तीनजना मात्र कार्यरतको सूचीमा छन् । ती पनि बिदा बसेकाले अस्पताल सहयोगीको भरमा छ । भएका डाक्टर पनि बिदामा बस्दा बिरामीको उपचारमा समस्या भएको अस्पतालका निमित्त प्रमुख खिमप्रसाद पाध्रेले बताए । 'अस्पतालमा अहिले दरबन्दीका एक जना पनि डाक्टर छैनन्,' उनले भने, 'मेडिकल सुपरिटेन्डेन्ट नहुँदा औषधि खरिद गर्नसमेत सकिएको छैन ।' यहाँ सहयोगीसहित ५४ जना कर्मचारीको दरबन्दी छ । तर २७ जना कार्यरत छन् । 'चौतर्फी समस्या छ,' उनले भने, 'कसरी राम्रो व्यवस्थापन हुनु ।'

चिकित्सक अभावले बिरामी सामान्य उपचारका लागि पनि निजी क्लिनिक तथा जिल्ला बाहिरका अस्पताल धाउन बाध्य छन् । बिमा गराएका बिरामीले औषधि पाएका छैनन् । विशेषज्ञ चिकित्सकको अभाव हुँदा उपलब्ध उपकरणहरू सञ्चालन गर्न नसकिएको र बिरामीलाई बाहिर रेफर गर्नुपरेको पार्धेले बताए । कार्यरत चिकित्सक शेषराज घिमिरे, सुशीला थापा र सरस्वती सुर्खेती बिदामा छन् । प्रदेशले दैनिक प्रशासन सञ्चालन गर्न समस्या भएपछि अस्पताल प्रमुखको जिम्मेवारीसहित एक जनालाई पठाए पनि उनीसमेत एक/दुई दिन बसेर फिर्ता भएपछि अस्पताल एक महिनादेखि चिकित्सकविहीन भएको हो । समस्याबारे प्रदेशको सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयलाई जानकारी गराइए पनि सुनुवाइ नभएको उनले बताए । 'न चिकित्सक आए, न त मेडिकल सुपरिटेन्डेन्ट,' उनले भने, 'अस्पतालमा औषधिसमेत नहुँदा बिरामीले बाहिरबाट किन्नुपरेको छ ।' दैनिक विभिन्न सामान किन्नुपर्ने भए पनि आर्थिक जिम्मेवारी कसैलाई नतोकिएकाले दैनिक कामकाज र व्यवस्थापन प्रभावित भएको अस्पतालले जनाएको छ । चिकित्सक अभावले लामो समयदेखि दन्त, शल्यक्रिया, शवको पोस्टमार्टमलगायत सेवा पनि ठप्प छन् ।

अहिले निक साइमन इन्स्टिच्युट (एनएसआई) का दुई जना मेडिकल अफिसर र स्वास्थ्य मन्त्रालयका एक जना करारका गरी तीन जना चिकित्सकले सेवा दिएको प्यूठान नगरपालिकाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए । 'वर्षौंसम्म स्वास्थ्यकर्मी नपठाएर सरकारी निकायले गम्भीर लापरवाही गरेको छ,' उनले भने, 'हामी धेरै करायौं तर माथिल्लो निकायले स्वास्थ्यकर्मी पठाइदिएन ।' माथिल्लो निकायले प्यूठानबाट भएका जनशक्तिलाई सरुवा गरेर अन्यत्र पठाइदिने तर त्यसको ठाउँमा अर्को व्यक्ति नपठाइदिनाले समस्या थपिँदै गएको उनले बताए । 'टालटुल गरेर काम चलाएका छौं,' अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका उनले भने, 'तर गाह्रो भइरहेको छ ।' लामो समयदेखि समस्या भएपछि अहिले विकास समितिले करारमै भए पनि चिकित्सक राख्ने तयारी गरेको उनले बताए ।



शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५८ गोदावरी | २३ कात्तिक २०७६ शनिबार कार्तिक शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 9, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

लिपुलेकमा पस्नै पाउँदैनन् नेपाली



भारतीय पक्षले अतिक्रमण सुरु गरेको नेपाली भूमि गुञ्जी क्षेत्रस्थित महाकाली नदीमा मिसिँदै लिपुखोला । भारतले यही लिपुखोलालाई काली नदी भन्दै आएको छ । नदीदेखि बायाँतिर भारतले नेपाली भूमिमा बनाएका सुरक्षा क्याम्पहरू । यहाँ भारतीय सेना, सीमा सुरक्षा बल र भारत-चीन सीमा सुरक्षा प्रहरी बसेका छन् । *तस्बिर : मनोज बडू/कान्तिपुर*

■ **मनोज बडू** (दार्चुला)

लिपुलेक र कालापानी क्षेत्रमा भारतले ०१८ सालदेखि नै सुरक्षाकर्मी राखेर नेपालीको प्रवेशमा कडाइ गर्दै आए पनि सरकारले चासो नदिएकोमा स्थानीय बासिन्दाले चिन्ता व्यक्त गरेका छन् ।

राज्यकै सामरिक महत्त्व बोकेको यो भूमिलाई भारतले आफ्नो नयाँ राजनीतिक नक्सामा राखेपछि

सीमाबारे छलफल गर्न प्रधानमन्त्रीले डाके सर्वदलीय बैठक | पृष्ठ २

फिर्ता हुने सम्भावना घट्दै गएको उनीहरूको भनाइ छ । उक्त क्षेत्रमा हाल नेपालीलाई भारतीय सुरक्षाकर्मीले पस्नै नदिएको स्थानीय दानसिंह तिंकरीले बताए । '६० सालपछि भारतले हामीलाई पस्नै दिएको छैन', उनले भने, 'अहिले चीनसित व्यापार गर्न तिंकर भञ्ज्याङको नाका प्रयोग गर्नुपरेको छ ।' पचासको दशकसम्म नेपाली र भारतीयले लिपुलेकबाटै चीनको ताक्लाकोटसित व्यापार गर्ने गरेका थिए । तर माओवादी द्वन्द्व चर्किएको बहानामा भारतीय पक्षले उक्त क्षेत्रमा नेपालीलाई प्रवेशमा कडाइ गरेको हो ।

बाँकी पृष्ठ २

अन्तिम घडीमा प्रधानमन्त्रीको निर्देशन

ई-पासपोर्ट छाप्ने अन्तर्राष्ट्रिय बोलपत्र रद्द

सरकारको 'जी टु जी' प्रयास

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना प्रक्रिया अघि बढाउने भन्दै ५० लाख ई-पासपोर्ट छाप्न परराष्ट्र मन्त्रालयले आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर सरकारले रद्द गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रत्यक्ष निर्देशनमा बोलपत्र प्रक्रिया बिहीबार राति रद्द गरिएको हो ।

बोलपत्र रद्द गर्नेबारे बिहीबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले बताए । मेसिन रिडेबल पासपोर्ट (एमआरपी) पछि नेपाल आगामी असार महिनादेखि 'ई-पासपोर्ट' मा जाने भएपछि नयाँ पद्धतिको पासपोर्ट छपाइका लागि गत भदौ १० मा परराष्ट्र मन्त्रालयको राहदानी विभागले बोलपत्र आह्वान गरेको थियो । सुरुको ४५ दिने बोलपत्रको म्याद टुंगिएपछि २२ दिन र त्यसपछि ७ दिनका लागि म्याद थपेर शुक्रबार दिउँसो बोलपत्रका सबै प्रस्ताव सार्वजनिक गरिने टुंगो भएको थियो । 'अन्तिम घडीमा रद्द भए पनि विस्तृतमा मलाई जानकारी भएन,' राहदानी विभागका महानिर्देशक रामकाजी खड्काले भने ।

विधानसम्मत बोलपत्र प्रतिस्पर्धालाई अन्तिम घडीमा रद्द गरिएको अवस्थालाई जानकारहरूले अनौठो मानेका छन् । ५० लाख पासपोर्ट विदेशमा एकैचोटि लगेर छाप्ने परराष्ट्रको निर्णयप्रति असन्तुष्ट रहेका प्रधानमन्त्री ओलीले दुई साताअघि परराष्ट्रका सम्बद्ध अधिकारीलाई आफ्नो धारणा सुनाएका थिए । असंलग्न आन्दोलन सम्मेलनमा भाग लिन गत कात्तिक ८ मा बाकु भ्रमणमा जानुअघि उनले राहदानी विभागका महानिर्देशक खड्कासहितका पदाधिकारीलाई बालुवाटार बोलाएर ई-पासपोर्टको अन्तर्राष्ट्रिय बोलपत्र आह्वान प्रक्रियाप्रति चर्को असन्तुष्टि प्रकट गरेका थिए ।

प्रधानमन्त्रीले प्रमुख सल्लाहकार विष्णु रिमाल र मुख्य सचिव लोकदर्शन रेग्मीलाई साथमै राखेर 'मुलुकभित्रै सुरक्षा मुद्रण प्रेस स्थापना गर्न लागिरहेका बेला पासपोर्ट छाप्न विदेश पठाउनु उचित नरहेको' बताएका थिए । प्रधानमन्त्रीले 'ई-पासपोर्ट छाप्न कम्तीमा १० वर्ष पुरानो कम्पनी किन चाहियो ?' भन्दै बोलपत्रमा राखिएको सर्तप्रति पनि



आपत्ति जनाएका थिए । पुरानो प्रविधिको कम्पनी र मेसिनको औचित्य नरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले ई-पासपोर्टमा आउने 'ब्याक एन्ड ह्वाइट फोटो'को औचित्य नरहेको र एकैचोटि ५० लाख संख्यामा पासपोर्ट छाप्नुको अर्थ नरहेको पनि उल्लेख गरेका थिए । उनले ई-पासपोर्ट बोलपत्र प्रक्रियामा असन्तोष जनाउँदै लगातार दुई घण्टा 'निर्देशन' दिएपछि उक्त प्रक्रिया खारेज हुन सक्ने संशय परराष्ट्र वृत्तमा बढिसकेको थियो ।

ई-पासपोर्ट छपाइको बोलपत्र रद्द गरिएपछि, सरकारले एक फ्रान्सेली कम्पनीबाट सिधै 'जी टु जी' (सरकारी तह) प्रक्रियामार्फत पासपोर्ट छपाएर ल्याउन चाहेको जानकारको भनाइ छ । यसअघि नेपालमा सुरक्षा प्रेस स्थापनार्थ प्राविधिक सहयोग लिने भनेर गत मार्चमा समझदारी गरिएको फ्रान्सेली सरकारको स्वामित्वमा रहेको 'इन-ग्रुप' लाई ई-पासपोर्ट छपाइमा अनुमति दिइने स्रोतले जनाएको छ ।

'यो कम्पनीले सुरुमा १० लाख ई-पासपोर्ट निःशुल्क छपाइ गरिदिने र बाँकीको हकमा प्रतिपासपोर्ट ८ डलर रकम लिने सेवासर्त अघि बढाएको छ,' प्रधानमन्त्री कार्यालय सम्बद्ध स्रोतले भन्यो । तर, बंगलादेशमा समेत सुरक्षा प्रेस स्थापना गर्ने भनेर सन् २०१६ मा काम थालेको यही इन-ग्रुपले हालसम्म पासपोर्ट छपाइ गर्न नसकेको अवस्था छ ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार 'खुला प्रतिस्पर्धामा जानैपर्ने' प्रावधान पछ्याएर पासपोर्ट छपाइमा परराष्ट्रले गरेको बोलपत्र खारेज भएपछि अब १ वर्षपछि पासपोर्ट वितरणमा आउन सक्ने देखिएको छ । राहदानी विभागका महानिर्देशक रामकाजी खड्काका अनुसार अब झन्डै साढे ७ लाख साधारण एमआरपी विभागसँग रहेको छ ।

बाँकी पृष्ठ ३

भक्कानिइरहन्छन् डा. केसी

■ **डीआर पन्त** (डडेलधुरा)

दुर्गम अजयमेरुबाट भेट्न आएका जयबहादुर ऐर र डोटीको बान्डुग्री सैनका हिक्मत बलायर शुक्रबार दिउँसो डा. गोविन्द केसी अनशन बसेको कोठाबाट आँसु पुछ्दै निस्किए । त्यतिबेला गेटमा पहरा दिइरहेका दुई प्रहरी, कोठामा ब्लड प्रेसर जाँच्न आएकी स्वास्थ्यकर्मी र डडेलधुराकै ईश्वरीप्रसाद भाटका पनि आँखा रसाएका थिए ।

भेट्न आउनेहरूसँग कुरा गरिरहँदा डा. केसी बेलाबेला



स्वास्थ्यमा समस्या आएपछि शुक्रबार साँझ अस्पताल भर्ना

भक्कानिन्छन् । यो देखेर आउनेहरूको मन थामिँदैन । उनीहरूका आँखा रसाइहाल्छन् । शुक्रबार पनि त्यस्तै भयो, ऐर र बलायरसँगको भेटमा । 'म आफू र आफन्तका लागि या कुनै माफियाको फाइदाका लागि अनशन बसेको हुँदै होइन,' डा. केसी भन्दै थिए, 'बाजुरादेखि ओखलढुंगासम्मका गरिब जनताले सहज रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भनेर अनशन बसेको हुँ ।'

डडेलधुरा अस्पताल नजिकैको एउटा चिसो कोठामा स्वास्थ्य र चिकित्सा शिक्षा क्षेत्र सुधारको माग गर्दै अनशन बसेका डा. केसीलाई भेट्न आउने जोसुकैलाई पनि उनी भन्न छुटाउँदैनन्, 'संविधानले दिएको अधिकार माग्दा सरकारले अपराधी जस्तो व्यवहार गऱ्यो । राजनीतिक नेतृत्व जनताप्रति उत्तरदायी भएन ।' जुन अधिकार जनताका नाममा नेताले सहजै उपभोग गरिरहेका छन्, त्यो अधिकार सर्वसाधारणले नपाएको डा. केसीको आरोप छ । 'स्वास्थ्य शिक्षा र चिकित्सा क्षेत्रबाट हुने अवैध आम्दानीका कारण यसको सुधारका लागि कुनै पनि सरकारले उत्साह देखाएनन्,' उनले गुनासो गरे । विगतका सरकारले आफूसँग के कस्ता सम्झौता गरे ? प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका कस्तो रह्यो ? आफ्ना मागप्रति दलका शीर्ष नेताले कस्तो व्यवहार गरे भन्नेलगायत विवरण सुनाउँदा उनी आफैंलाई सम्हाल्न सक्दैनन् । र, भक्कानिन्छन् ।

अनशन बसेको पाँचौं दिनसम्म राज्यका निकाय र जनप्रतिनिधिले डा. केसीका मागमा चासो देखाएका छैनन् । 'यति पवित्र भावना बोकेर जनताका लागि लड्ने अभियन्ता मैले कमै देखेको छु,' भाटले भने, 'डा. केसीका विचार सुनेर सेवाको परिभाषा के हो भन्ने बुझ्न पाएँ ।' उनको आफ्नो भन्नु कोही छैन ।

बाँकी पृष्ठ २

सावधानी सूचना ।

ट्रेडमार्क

B M C

बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५
फोन नं: +९१-११-४७०५९१०१/०२/०३/०४/०५
वेब: www.bawamasalacompany.com ईमेल: ips@bawamasala.com

यस सार्वजनिक सूचना हाम्रो सेवाग्रही **श्री बावा मसाला कम्पनी**, बि-११, लरेन्स रोड, इन्डस्ट्रियल एरिया, दिल्ली-११००३५ तल देखाइए बमोजिमको मसालाहरुको सम्बन्धमा रहेको ट्रेडमार्क **BMC** र लोगोहरुको नेपालमा स्वामित्व रहेको दर्तावाल प्रोप्राइटर हो र उक्त ट्रेडमार्क र लोगोहरु मान्य, कायम र कार्यान्वयनमा रहेका छन् भन्ने जानकारी सर्वसाधारण सबैमा पुऱ्याउनका लागि यस सुचना जारी गरिएको छ ।

B.M.C. REGD. TRADE MARK

B M C

हाम्रो सेवाग्रहीको जानकारीमा आए अनुसार केहि व्यक्तिहरुले हाम्रो सेवाग्रहीको जस्तै प्याकेजिङ्ग तथा माथि देखाइए बमोजिमको लोगोसंग मिल्दो लोगो समेत प्रयोग गरि **नक्कली मसाला उत्पादन र बजारीकरण** गरिरहेका छन् । हाम्रो सेवाग्रहीको **BMC** ट्रेडमार्क भएको सक्कली उत्पादन नेपाल भित्र खरिद गर्न चाहने वा उत्पादनको वास्तविकताका बारेमा प्रश्न भएमा जो कोहीले देहाय बमोजिमका हाम्रो सेवाग्रहीका वितरकहरुलाई सम्पर्क गर्न सक्नुहुनेछ ।

१. **सुयश सप्लायर्स**, जनकपुर-१४, धनुषा जिल्ला, जनकपुर-१, नेपाल, फोन नं. ९८५४०२०७०१
२. **काठमाडौं भेराईटी सप्लायर्स प्रा. ली.**, नयाँबजार, खुसिबु, टाउन प्लानिङ्ग, सुगम मार्ग, काठमाडौं नेपाल, फोन नं. ९८०१०२२७९६
३. **नारायणी इन्टरप्राइजेज**, विरगंज, वडा नं. ७, रेशम कोठी, नेपाल, फोन नं. ९८०७२२६६४८

BMC को नक्कली ट्रेडमार्क प्रयोग गरि नक्कली मसाला विक्री/संचय गर्ने जोकोहि हाम्रो सेवाग्रहीले कार्यान्वयन गर्ने देवानी/फौजदारी दायित्वको भागिदार हुनुपर्नेछ ।



MEAT MASALA | CHICKMAS | MOMO MASALA

मितिः २०७६ कार्तिक २० गते
मोहन विधानी, अधिवक्ता, इ.नं. D/१३१/१९७२
विधानी ट्रेड मार्क कं. ११/१२, वेस्ट पटेल नगर, न्यू दिल्ली-११०००८, भारत
फोनः +९१-११-४५०५१५५१/१५५२ ईमेलः patent@vidhani.com



तोकेको मूल्य पाएनन् किसानले

कान्तिपुर संवाददाता (धनगढी)

प्रदेश सरकारले धानको मूल्य निर्धारण गरेको भए पनि किसानहरूले भने तोकिएको मूल्य नपाएको गुनासो गरेका छन्। कात्तिक पहिलो साता सरकारले धानको मूल्य निर्धारण गरेको थियो।

मोटा धान प्रतिक्विन्टल २ हजार ५ सय ३२ रुपैयाँ ८० पैसा र मध्यम धानको मूल्य प्रतिक्विन्टल २ हजार ६ सय ७३ रुपैयाँ १६ पैसा निर्धारण गरिएको छ। गत वर्ष मोटा धानको प्रतिक्विन्टल २ हजार २ सय ३१ र मध्यम धानको प्रतिक्विन्टल २ हजार ४ सय ६० तोकिएको थियो। सरकारले यस वर्ष प्रतिक्विन्टलमा २ सय बढाएको छ। किसानहरूले भने प्रतिक्विन्टल २ हजारमै बेच्नुपरेको बताएका छन्।

'सरकारले मूल्य निर्धारण गरेर के गर्नु ? तोकिएको मूल्य पाइँदैन,' धनगढी राजपुरका भानु प्रताप रानाले भने, 'सरकारले मूल्य निर्धारण गर्दैमा हामीलाई फाइदा हुँदैन।' सरकारले वर्षेनी व्यापार, व्यवसाय र रोजगारीका क्षेत्रमा हवात्तै धेरै तलब र मूल्य बढाउने गरेको भएपनि कृषि उपजको मूल्य निकै कम वृद्धि गर्ने गरेको उनले बताए। 'किसानहरू कत्ति धेरै लगानी गरेर खेती गर्छन्, भिज्याउँछन्। तर, कहिलै पनि उत्पादनको न्यायोचित मूल्य पाउँदैनन्,' उनले भने, 'ढिलोगरि मूल्य निर्धारण गरेको सरकारले तोकेको मूल्य पनि लागु गराउन नसक्दा किसान हरेक वर्ष हतोत्साहित हुने अवस्था छ।'

> 'सरकारले अन्य निकायका समस्या समाधान गरे पनि किसानको पीडा कहिल्यै महसुस गरेन'

सरकारले किसानहरूको परिश्रमअनुसार प्रतिफल दिने योजना ल्याउन नसकेको धनगढी मट्यारीका किसान दिनेश रानाले बताए। उनले सरकारको यहि मूल्य कार्यान्वयनको परिपाटिका कारण वर्षेनी किसानहरू कृषि पेशाबाट पलायन भइरहेको बताए। 'सरकारले हरेक वर्ष ढिलो गरी मूल्यनिर्धारण गर्दा किसानहरू उत्साहित बन्छौं। तर, किसानले बढेअनुसारको मूल्य भने कहिल्यै पाउँदैनन्।'

किसानहरू २ हजार देखि २ हजार ३ सयसम्ममा प्रतिक्विन्टलमा धान बेच्न बाध्य रहेको बताउँछन्। कैलाली जोशीपुरका रामचन्द्र चौधरीले भने, 'सरकारले त मूल्य तोकेको भनेको सुनेको थिए। तर, त्यो मूल्य हामी किसानले पाएकै छैनौं।' व्यापारीहरूले सस्तोमा मात्रै धान खरिद गरिरहेको उनले बताए। खेती लगाउने बेला लागेको कर्ज धान बेचेरै तिर्नुपर्ने भएकाले सस्तोमा बेच्नु परेको उनले बताए।

काँटापिच्छे व्यापारीहरूले धानको मूल्य फरक तोकेको धनगढी जाँईका राधेश्याम रानाले बताए। 'सरकारले अनुदानमा दिने मलखाद पाइदैन। महँगोमा भएपनि अन्तबाट खरिद गरेर जसोतसो खेती रोप्छौं। लगानी पनि निकाल्न समस्या हुन्छ' उनले भने 'सरकारले अन्य निकायका व्यक्तिहरूका समस्या सहजै समाधान गरेपनि किसानको पीडा कहिल्यै महसुस नगर्ने भयो।'

सरकारले तोकेकै मूल्य किसानहरूलाई दिँदा आफु मर्कामा परिने व्यापारीहरूको तर्क छ। राज श्री फुड इन्डष्ट्रिज कैलालीका म्यानेजर मनोज अग्रवाल सरकारले तोकेको मूल्यमा धान खरिद गर्न नसकिने बताउँछन्। 'धानको मूल्य निर्धारण गरेर मात्र के गर्नु ? चामलको मूल्य बढेको छैन्। चामल सस्तोमा बेच्नुपर्छ। कि त चामलको मूल्य पनि बढाउनु पऱ्यो। तब मात्रै किसानलाई सरकारले तोकेको धानको मूल्य दिन सकिन्छ।'

सरकारले मूल्य निर्धारण गरेर प्रत्येक अञ्चलमा रहेका खाद्य संस्थानहरूका काँटा लगाएर किसानबाट धान खरिद गर्नु पर्दछ। संस्थानले अहिलेसम्म धान खरिद गर्न सुरु गरेको छैन्। खाद्य संस्थानबाट नाम परिवर्तन भएर बनेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सरकारले मूल्य निर्धारण गरेको भएपनि धान खरिदका लागि खबर नआएको जनाएको छ। उक्त कार्यालयको धनगढीका जिन्सी अधिकृत धर्मराज पन्तले सरकारले धान खरिदका लागि आदेश नदिएकोले कार्यालयमा प्रकृया अघि नबढेको बताए। 'हामीहरूको केहि पनि कमजोरी छैन्। सरकारले नै धान खरिद गर्न भनेपछि मात्रै काम अघि बढाउँछौं' उनले भने 'अझै केहि समय लाग्ला जस्तो छ।'

उपनिर्वाचनको तयारी तीव्र

बैतडी (कास)- जिल्ला निर्वाचन कार्यालयले उपचुनावको तयारी तीव्र बनाएको छ। जिल्लामा ३ स्थानीय तहका ३ वडामा चुनाव हुँदै छ। सुर्नया गाउँपालिका १, दोगडाकेदार गाउँपालिका ४ र पुरचौडी नगरपालिकामा ४ मा वडाध्यक्षका लागि चुनाव हुन लागेको हो।

तयारीका क्रममा ३ दिनअघि निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेर निर्वाचन अधिकृतहरू पनि तोकिसकिएको कार्यालयले जनाएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय सुर्नया गाउँपालिका १ को सत्बाँझमा रहेको डिभिजन वन कार्यालयमा स्थापना गरिएको छ। यस्तै दोगडाकेदारको ४ र पुरचौडीको ४ नम्बर वडामा कार्यालय स्थापना गरिसकिएको छ। सुर्नयाका लागि जिल्ला अदालत बैतडीका न्यायधिस ईश्वरीप्रसाद भण्डारी पुरचौडी ४ मा उच्च अदालत कञ्चनपुर इजलास शाखाका रजिस्ट्रार टेकराज जोशी र दोगडाकेदार ४ मा उच्च अदालत डोटीका सह-रजिस्ट्रार टेकबहादुर थापालाई निर्वाचन अधिकृत तोकिएको छ। सम्बन्धित अधिकृतहरू तोकिएका ठाउँमा पुगिसकेका छन्।

जिल्ला निर्वाचन कार्यालयले उपनिर्वाचनमा खटिने कर्मचारीहरूको विवरण विभिन्न सरकारी कार्यालयबाट मागेर तयार पार्ने काम गरिरहेको जनाएको छ। १ वडामा २/२ जना मतदाता शिक्षा कार्यकर्ता खटाउने तयारी गरिएको शिक्षा विकास तथा समन्वय इकाई कार्यालयलाई भनेको जिल्ला निर्वाचन अधिकारी माधवप्रसाद फुयाँलले बताए। शिक्षक शिक्षिकाहरूलाई मतदाता शिक्षामा परिचालन गर्ने तयारी भएको उनले जानकारी दिए। मंसिर ५ देखि एक सातासम्म उनीहरू सम्बन्धित वडामा पुग्ने फुयाँलले बताए। सुर्नया गाउँपालिकाको गाविस भवन गुरुकेल्ली, पुरचौडी नगरपालिकाको महादेव मावि शिवाव र पहरोल मावि बागामा मतदान केन्द्र तोकिएको छ। यस्तै दोगडाकेदार गाउँपालिकाको केदार माध्यमिक विद्यालय पीपलकोट र हुनैनाथ आधारभूत विद्यालय कपिन्नामा मतदान केन्द्र तोकिएको छ।



धनगढीको मोहनापुलदेखि अत्तरियासम्मको सडकलाई चौडा पारिँदै। ६ लेनको सडक निर्माणको काम अहिले धमाधम भइरहेको छ। *तस्बिर : अर्जुन शाह/कान्तिपुर*

शरीरमा अझै छर्रा

'अलिअलि उपचार गरियो, शिविरमा शरीरमा भएका बन्दुकका छर्रा निकाल्न सकिँदैन, हामी त जीवनभर पीडामै छौं'

मेनुका दुंगाना (अछाम)

अछाम आक्रमण तत्कालिन माओवादीले जनयुद्धका क्रममा गरेका ठूला आक्रमण मध्येको एक हो। त्यसबेला थुप्रैले ज्यान गुमाए। अंगभंग भए। कतिपय बेपत्ता भए। बेपत्ताका परिवारहरूले उनीहरू फर्केर आउने आश पनि मारिसके। तर अंगभंग भएकाहरूले भने अझै उपचारको आश मारेका छैनन्।

सुस्मा कोइराला मेमोरियल अस्पताल काठमाडौंले अछामको मंगलसेन अस्पतालमा आइतबारदेखि बुधबारसम्म निशुल्क आयोजना गरेको स्वास्थ्य शिविरमा द्वन्द्वका बेला घाइते भएकाहरू उपचार लिन आए। 'निधारमा बन्दुकको छर्रा लागेर गहिरो चोट लागेको थियो। आज त्यसैको अप्रेशन भएको छ,' कमलबजार नगरपालिका ९ का नृप बजगाइँले भने, 'उपचार गराउँदा रुखबाट लडेर चोट लागेको हो भनें। द्वन्द्वका बेलाको कुरा गरे अनेक आश्वासन मात्रै दिन्छन्। कहिले काठमाडौं बोलाउछन्, कहिले कता।'

मंगलसेन ५ की कुन्ता ढुंगाना पनि सदरमुकाम मंगलसेन आक्रमण हुने बेलाको दोहोरो मारमा परिन्। भागाभाग गर्नेबेला लडेर निधारमै गहिरो चोट लाग्यो। त्यहि देखिने घाउ पुर्न शिविरमा पुगेकी उनले भनिन्, 'मेरो जस्ता चोटपटक लागेका धेरै छन्। गरिबीका कारण बाहिर गएर उपचार गर्न सकिएन।'

छर्रा निकाल्न सकिएन

विस्फोटनमापरि घाइते भएकाहरूको शल्यक्रिया गर्ने, आगोले पोलेको लगायतका सेवा दिन स्वास्थ्य शिविर सञ्चालन गरिएको अछामका सम्पर्क व्यक्ति उदयसिंह बोहराले बताए। 'जनयुद्धका बेला घाइते भएकाहरू अछाममा धेरै छन्। त्यसैले अछाममै शिविर राख्नुपर्छ भनेर पहल गरेका हौं' उनले भने, 'यसरी हामीले निशुल्क उपचार गरेमा त्यति बेलाका घाइतेलाई सरकारले खोजेर उपचार गर्नलाई दबाब पनि पुग्न सक्छ।'

उनका अनुसार अपेक्षा गरेअनुसार भने शिविरमा उपचार गर्न आएका छैनन्। पटकपटक राहत दिने, उपचार गरिदिने आश्वासनले हैरान भएकाहरूले पनि कसैले उपचार गरिदेलान भन्नेमा भरोसा गर्न छाडेको उनको भनाइ छ।

घाइतेले उपचार पाएनन्

'०५७ फागुनमा घरमाथि रहेको कारागारमा फायरिङ भयो। दुई घरको बीचको धारामा भाइहरू पानी लिन गएका थिए। माओवादीले छोडेको बम पड्कियो,' त्यही घटनाबाट घाइते भएका रोहित ढुंगानाले सम्झँदै भने, 'एकाएक बन्दुकका छर्रा गाउँभरी पुगे, घरको आँगनमा बसिरहेका म लगायत ९ जना घाइते भयौं। न त हामी सरकार पक्ष थियौं, न त हामी विद्रोही पक्ष थियौं।'

उनका अनुसार घाइते भएका सबैको अंगभंग भयो। कतिपयलाई मानसिक असर पऱ्यो। 'प्रहरीले माओवादीले राखेको बम हो भन्यो, माओवादीले एक शब्द बोलेन। अहिलेसम्म घटनाको जिम्मेवारी कुनै पक्षले लिएको छैन। न त हामीले राहत पाएका छौं।'

तत्कालिन अवस्थामा ठुलो देखिने घाउको उपचारको जिम्मा सरकार पक्षले लिए पनि उपचार पुरा नगरी बीचमै छोडिदिएको रोहितको गुनासो छ। 'हामी शारिरिक र मानसिक रुपमा निकै पीडामा थियौं। घाइते भएका हामी ९ जनालाई कसरी बचाउने भन्ने चिन्ता परिवारको थियो। तर सरकारलाई उपचार गरेको बील अगाडी दिनु पर्ने भयो। हाम्रो लागि बोलि दिने कोहि भएनन्। सरकारले उपचार गर्न बीचमै छोड्यो' उनले भने 'अहिलेसम्म हामी आफ्नै खर्चले उपचार गरिरहेका छौं। शरीरभित्र रहेका बन्दुकका टुक्राहरू अझै निकाल्न सकिएको छैन।'



शिविरमा उपचार गर्न आएका कमलबजारका नृप बजगाईं। *तस्बिर : मेनुका/कान्तिपुर*

सरकारले द्वन्द्व पीडितको सूचिमा ढुंगाना परिवारका ३ जना मात्रै परे। सामान्य चेकजाँचले घाउ निको नहुने भएपछि घाइतेहरू घरमै बसेका छन्। 'अलिअलि उपचार त गरियो। यसरी आएका शिविरले हाम्रो शरीरमा भएका बन्दुकका छर्रा निकाल्न सक्दैनन्। हामी त जीवनभर पीडामा छौं।' जनयुद्धमा बन्दुक लागेर घाइते भएका भुमिनन्द ढुंगानाले भने, 'हाम्रो शरीरमा अझै बन्दुकका छर्रा छन्।'

उनका अनुसार घटनामा ज्यान गुमाएका १२ वर्षीया खेमराज, १४ वर्षीया प्रकाश र १९ वर्षीया मनसराको परिवारलाई सरकारले जनही १० लाखका दरले क्षतिपूर्ति दियो। तर घाइतेहरूले राहत अहिलेसम्म पाएका छैनन्। ०७० मा तत्कालिन शान्ति तथा पुनर्निर्माण मन्त्रालयले घाइते भएका भुमिनन्द, रोहित र जगतलाई पहिलो किस्ता बापत २० प्रतिशत हो भन्दै जनही ४० हजार दिएको थियो। '८ जनामध्ये ३ जनाले मात्र पायौं। अरु केहि पाइएको छैन' उनले भने, 'घटना भएको १८ वर्ष भयो। हाम्रा दुःख कुनै सरकारले पनि देखेन।'

पीडितको नाममा आएको राहत पहुँचवालाले आफ्नो नियन्त्रणमा लिने गरेको उनको दुखेसो छ। 'राहतका लागि सयौं पटक फारम भरियो। तर राहत त आफ्नै अगाडी राजनीतिक दलका नेताहरूले लिएको देख्छौं। यहाँ बोल्न नसक्नेको कोहि नहुने रहेछ' गोपालले भने, 'जति आउँछन्, घटनाको बारे सोध्छन्। हाम्रा पीडाहरूमाथि खेलबाड गर्छन्। आश्वासन मात्रै दिन्छन्।'

बैतडीमा विरोध प्रदर्शन

बैतडी (कास)- नेपाली भूमि कालापानीलाई भारतले हाले सार्वजनिक गरेको नक्सामा आफ्नो भूमिभित्र राखेको विरोधमा शुक्रबार बैतडीमा प्रर्दशन भएको छ। पुरचौडी, दशरथचन्द नगरपालिकालगायतका विभिन्न ठाउँमा युवाहरूले भारत विरुद्ध नाराबाजी गरे प्रर्दशन गरेका हुन्। पुरचौडीका स्थानीयले हाटबाट नाराबाजी सुरु गरेर राताशीला चिहानघाटसम्म विरोध प्रदर्शन गरेका हुन्। दशरथचन्द नगरपालिका शाहीलेक बजारमा पनि स्थानीय युवाहरूले प्रर्दशन गरेका हुन्। शाहीलेकमा नेपाल तरुण दलका जिल्ला उपाध्यक्ष महेश भट्टको नेतृत्वमा विरोध कार्यक्रम गरिएको थियो।

आम्दानीको स्रोत : प्राकृतिक ताल

टीकापुर (कास)- वन जंगलमा रहेका प्राकृतिक ताल स्थानीय तहको आादानीको स्रोत बनेको छ। बेवारिसे जस्तै रहेका पोखरीलाई माछा पालन व्यवसाय गर्न दिएपछि स्थानीय तहको आम्दानीको स्रोत बनेको हो

कैलालीमा रहेका भजनी, घोडाघोडी र कैलारी गाउँपालिकामा बढी प्राकृतिक ताल छन्। यी प्राकृतिक तालालाई स्थानीय तहले ठेक्का दिएर माछापालन व्यवसाय गर्न दिएका छन्।

भजनीमा २५ जति प्राकृतिक ताल रहेका र त्यसबाट वार्षिक १ करोड जति आम्दानी हुने गरेको भजनी नगरपालिकाको योजना शाखाले जनाएको छ। नगरपालिकाका इन्जिनियर भक्तराज जोशीका अनुसार भजनी नगरपालिकामा आन्तरिक आम्दानीको प्रमुख स्रोत छ। त्यसैगरी कैलारी गाउँपालिकाले पनि माछा तालबाट वार्षिक करिब ८० लाख आम्दानी गर्ने जनाएको छ। गाउँपालिकाका अध्यक्ष लाजुराम चौधरीले भने, 'गाउँपालिकाको मुख्य आन्तरिक आय माछा पोखरी नै हो। यहाँको माछा सुदूरपश्चिम प्रदेश भरी र ५ नम्बर प्रदेशमा पनि जान्छ।'

सुधारेर माछा पोखरी बनाइएका ताल पर्यटकीय स्थलका रुपमा पनि विकास भइरहेका छन्। कैलारीको कोइलही ताल, घोडाघोडीको ओजहुवा तालमा पर्यटकका लागि डुंगा सयर गराएर पनि आम्दानी गर्ने गरेका छन्। जैविक तटबन्ध, तालको सरसफाइ गरी ओजहुवा ताल सुधारेर घोडाघोडी नगरपालिकाले पर्यटकका लागि डुंगा संचालन गरेको हो। घोडाघोडी तालको अवलोकन मात्र गर्न पाउने पर्यटक डुंगा संचालन गरिएपछि डुंगा चढ्न रमाउन थालेका छन्।


करिब १० हेक्टर क्षेत्रफलमा फैलिएको ओजहुवा तालमा घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डले ५ लाख लगानी गरेर जैविक तटबन्ध र ताल सरसफाइ गरी ४ वटा डुंगा संचालनमा ल्याइएको नगरपालिकाका प्रमुख ममता प्रसाद चौधरीले बताए। 'रामसारका कारणले घोडाघोडी तालमा पर्यटकका लागि डुंगा संचालन गर्न नहुने भो' नगरप्रमुख चौधरीले भने 'त्यसैले डुंगा सयरका लागि घोडाघोडी ताल नजिकै रहेको ओजहुवा तालमा व्यवस्था गरेका हौं।'

वनमा रहेका तालमा माछा पोखरी बनाउदा बुद्धिमत्तापूर्वक उपयोग गर्न जरुरी रहेको संरक्षणकर्मी हिरूलाल डगौराले बताए। उनले भने, 'ताल व्यवस्थापन गर्दा जैविक विविधता नष्ट नहुने किसिमले गर्नु पऱ्यो।' उनकाअनुसार माछा मार्दा कतिपयले पम्पसेट लाएर पुरै पानी सुकाउने गरेको देखिन्छ। यसले जलिय जीव नष्ट हुने खतरा रहन्छ। हिरूलालले भने, 'माछा बेचेर मात्र आम्दानी हेर्नु भन्दा प्राकृतिक तालमा माछा पालन सँगसँगै पर्यटन प्रवर्द्धनमा पनि ध्यान दिन सके दोहोरो फाइदा हुन सक्छ।'

वडासदस्य मृत भेटिए

बैतडी (कास)- पुरचौडी नगरपालिका ३ का वडासदस्य गणेश पार्की शुक्रबार बिहान वडा १ को राताशीला मन्दिर नजिकै देवलमा मृत भेटिएका छन्। ४५ वर्षीय पार्की गएराति स्थानीय राताशिला मन्दिरमा लागेको मेला हेर्न गएका थिए। बिहानै उनी मृत भेटिएको खबर आएपछि प्रहरी घटनास्थल पुगेर शवलाई पोष्टमार्टमको लागि पाटन प्राथमिक स्वास्थ्य केन्द्रमा पुऱ्याइएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी नायव उपरीक्षक डिल्लीनारायण पाण्डेयले बताए।









तपाईको आज

मेष	अधिक खर्च	तुला	आलोचित हुने
वृष	नयाँ कार्य आरम्भ	वृश्चिक	मनोकांक्षा पूर्ण
मिथुन	कार्य सिद्धि	धनु	कान्ति क्षय
कर्कट	धर्म बढ्ने	मकर	शत्रु परास्त
सिंह	अपव्यय	कुम्भ	अपेक्षित लाभ
कन्या	प्रतिष्ठा प्राप्त	मीन	उत्साहप्रद

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक २४ गते आइतबार तदनुरुप १० नोभेम्बर २०१९ कार्तिक शुक्लपक्ष त्रयोदशी तिथि दिनको ४:२० बजेसम्म उप्रान्त चतुर्दशी तिथि, रेवती नक्षत्र सौंभकको ०६:०७ बजेसम्म उप्रान्त अश्विनी नक्षत्र, वज्र योग दिनको १२:२१ बजेसम्म उप्रान्त सिद्धि योग, तैतिल करण दिनको ०४:२० बजेसम्म उप्रान्त गर करण, मीन राशिमा चन्द्रमा सौंभकको ०६:०७ बजेसम्म उप्रान्त मेष राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
४:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज टु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सेंग खाउन
१०:००	हियर्ज टु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोर्टेड
१:००	कान्तिपुर न्युज रिपोर्टेड
१:३०	हियर्ज टु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोर्टेड
४:००	आउन मर्सेंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेलिलपलेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (मृपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:५५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इगुकेसन डायरी
१६:०५	विवक फिक्स (रिसता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साग्रारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक भेसिन (मानस्मी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:९०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२९९९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२४८
जिल्ला प्रशासन कार्यालय	५२१९०२

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५६०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२४८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१९०२/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८४८४४०१९०/४२०२०४
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय- अस्पताल- एम्बुलेन्स	०८९-४३०१३९, ९८५८०४५५५५ ०८९४३०१८८ ९८५५२०४३३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८६६७००२६४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५, ९८५८०५५५५५
अस्पताल	०८९-४१०२७७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८२६४९८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२५७, ०८८५३०२५५
एम्बुलेन्स	९८०८५८५८५४

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३०५२

सोलपा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९२
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३०१४४६

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२७३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६४७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुर्मेक एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५२०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४२२९
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४०२२९९
देव कर्नर निःशुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२४८०८६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

गन्तव्य बनेको कुम्भकर्ण

पहिले विदेशी पर्यटक मात्र जाने कुम्भकर्ण धार्मिक पर्यटनसँग जोडिएपछि चहलपहल बढ्दो

■ आनन्द गौतम (ताप्लेजुङ)



ताप्लेजुङको फक्ताङलुङ-६ लेलेपस्थित कुम्भकर्ण हिमालको फेदीमा आन्तरिक पर्यटक । तस्विर : कान्तिपुर

सेवास्थल ४ हजार ५ सय ६१ मिटर उचाइमा । अगाडिपट्टि टलक्क टल्कने ७ हजार ७ सय १० मिटर उचाइको कुम्भकर्ण हिमाल देखिन्छ, जसलाई किराँतीहरू 'फक्ताङलुङ' सम्बोधन गर्छन् ।

गोलो आकारको देखिने शिर, दुईमध्येको एउटा कुम झरेको जस्तो देखिने हिमाल मजाले नियाल्न सकिन्छ । कञ्चनजंघासँगै जोडिएर रहेकाले बनावटका कारण यसलाई धेरै कञ्चनजंघा भनेर पनि अलमलिन्छन् । कञ्चनजंघाको तुलनामा यो चुचुरो ८ सय ७६ मिटर होचो छ । हिमालसँग कुहिरो लुकामारी खेलिरहन्छ । कहिले पूरै ढाक्छ, कहिले छाडेर हट्छ ।

उडेर आउने कुहिरोले बेला-बेला पानी ल्याउँछ र कहिले हिउँको वर्षा गराइदिन्छ । कुम्भकर्ण विगतदेखिकै पर्यटकीय गन्तव्य हो । विदेशी पर्यटक कञ्चनजंघा परिक्रमा गर्दा यही हिमालको फेदीबाट आउजाउ गर्छन् । हावा चलिरहने, लामो समय बस्नका लागि निकै कठिन हुने यो क्षेत्र अहिले धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ ।

किराँत धर्मगुरु आत्मनन्द लिङ्देन ६ दिनसम्म बसेका कारण महत्त्व थप बढेर गएको छ । उनले कार्तिक ६ देखि १० सम्म यहीं बसेर ध्यान गरे । राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द महिङगुम आङसिमाङले तपस्या गरेको स्थलमा यो वर्ष एक सातामा ९ सय ८१ जना पुगेर फर्किएको किराँत सेवा समिति सदस्य ज्ञानु फुरुम्बोले बताए ।

यो वर्ष यहाँ कार्तिक ५ देखि ११ सम्म विशेष सेवाको आह्वान गरिएको थियो । यसै स्थलबाट नामकरण गरिएको फक्ताङलुङ गाउँपालिका-६ लेलेप घुन्साका पर्यटन व्यवसायी हिमाली चुङदाका अनुसार आन्तरिक पर्यटक यति ठूलो संख्यामा आएको यो पहिलोपटक हो । वर्सेनि धर्म अनुरागीहरू भने पुग्ने गरेका छन् ।

मनसुन सकिँदा नसकिँदै सुरु हुने फक्ताङलुङ दर्शनमा टोली-टोली बनाएर जान्छन् । वर्षा भइरहने भएकाले हरेकले आफूले बोकेको झोला र ढाकरलाई प्लास्टिकले बेरेका हुन्छन् । आफू ओतिन छाता र थप प्लास्टिक अनिवार्य । सामान्यतया असोज अन्तिमदेखि कार्तिक दोस्रो सातासम्म सेवाका लागि जानेको लस्कर लाग्ने गरेको ज्ञानुले बताए ।

लेलेप खम्बाछेनको बस्ती नजिकमा रहेको यहाँ सबैभन्दा बढी जोखिम चिसोको हुन्छ । विदेशी पर्यटक आउने र सेवा गर्ने समय एकै भएकाले आन्तरिक पर्यटकलाई समेट्न खम्बाछेनलाई कठिन हुन्छ ।

यहाँ पनि आधा दर्जन मात्रै घर छन् । त्यही भएर तीर्थयात्रीहरूको सबैभन्दा भारी कपडाको हुन्छ । अहिलेसम्मको यात्रामा हरेकले ठूलै झोलामा सामान बोक्छन् । गाउँबाट जानेहरूले ढाकर नै बोक्छन् । पूजाका सामग्रीदेखि बासका लागि चाहिने म्याट्रेस, पाल र खानेकुरासम्म हुन्छ तीर्थयात्रीसँग । बदलिँदो समय र यात्रुहरू रित्तो हिँड्न रुचाउने भएकाले ठाउँठाउँमा होटल लज हुनुपर्ने माग गर्न थालेका छन् ।

यहाँ जानेको यात्रा इलामको लारुम्बाबाट सुरु हुन्छ । धर्मगुरु लिङ्देनको आशीर्वाद लिएर तीर्थालुहरू यात्रा प्रारम्भ गर्छन् । यहाँबाट पैदलै यात्रा गरे फक्ताङलुङ पुगेर फर्कन २२ दिनसम्म लाग्छ । गाडी चढे ताप्लेजुङको फुङलिङबाट एक सातामा यात्रा पूरा हुन्छ ।

सदरमुकामबाट तापेथोकको रानीपुलसम्म गाडी चल्छ । फुङलिङबाट त्यहाँसम्मको भाडा ७ सय रुपैयाँ छ । यो ठाउँलाई किराँतीहरूले पारुम्फुक, मारुम्फुकु भन्छन् । यसको अर्थ पितृदेव र मातृदेव भन्ने हुन्छ । फक्तालुङलाई पितृ-मातृदेवको आश्रमका रूपमा लिइने किराँत धर्मका अगुवा लेखबहादुर पालुङ्वा बताउँछन् ।

उनका अनुसार किराँत धर्मावलम्बीहरूको अस्तित्व फक्ताङलुङसँग जोडिएको छ । जीवनमा एकपटक दर्शनका लागि पुग्नैपर्ने मान्यता छ । यहाँ नेपालीसँगै बेलायत, अमेरिका, हङकङ, भारतको दार्जिलिङ र बर्मालगायतका धर्मावलम्बी आउने गरेका छन् । यो वर्ष विदेशमा बस्ने ६२ जना सुकेटार विमानस्थलबाट फक्ताङलुङ पुगेर फर्किए । पैदलयात्रा गर्नेहरू इलामको लारुम्बा हुँदै पाँचथरको सिलौटी, लुब्रिकुटी, कावेली किराँतेश्वर मन्दिर दर्शन गर्दै पनि जाने गरेका छन् । बाटोमा श्रीङ्चोक, हाँडीपोखरी, तिम्बुङ पोखरी, दूध पोखरी, नाग पोखरी, मयूर पोखरी र लक्ष्मी पोखरी जस्ता दर्जनौं पोखरीको दर्शन गर्न सकिन्छ । यात्राका क्रममा केही भूभाग सिक्किमको पर्छ । कतै गोठ, ओडार तथा खुला चौरमा पाल टाँगेर बास बस्नुपर्ने आठराई त्रिवेणीका भूपालकुमार सेन्डाइले बताए । तालतलैया, हरियाली डाँडाकाँडा र सेताम्मे देखिने हिमालको दृश्यले दर्शनको यात्रा रमाइलो हुने उनको अनुभव छ । यहाँ पुगेकाहरूले तीन दिनसम्म दर्शन स्थलमा महाअष्टम यज्ञ समेत गर्ने गरेका छन् । कतिपयले हिँडेर्दैखि नै व्रत पनि बस्ने गरेका छन् । यहाँको पूजामा बलि हत्या गरिन्न । वेदवाचन गरेर फूल, फलेदो, नैवेद्य, सुपारी र अबिर जस्ता पूजाका सामग्री प्रयोग गरिन्छ ।

पानी मागेर अस्पतालमा शौच

■ गिरुप्रसाद भण्डारी (प्यूठान)

सुत्केरी बेथाले च्यापेपछि नौबहिनी-६ बहानेका विजय केसीले श्रीमतीलाई बिहीबार प्यूठान जिल्ला अस्पतालमा भर्ना गरे । कुरुवा बस्दा शौचालय लैजानुपऱ्यो । भित्र पानी नै रहेनछ । श्रीमतीलाई बाहिर लैजान सम्भव थिएन । दौडिएर नजिकैको होटलमा पुगे, पानी मागेर ल्याएर शौच गराए ।

'अस्पतालजस्तो संवेदनशील ठाउँमा शौचालयको प्रबन्ध कति अप्ठ्यारो,' उनले भने, 'धन्न होटलले पानी दियो ।' अस्पतालको अन्य व्यवस्थापनको पाटो हेर्दा विरक्त लाग्दो रहेको उनले बताए । अस्पतालमा बिरामी थुप्रै आउँछन् । तर न सुविधा राम्रो छ न त पानी र बिजुलीको प्रबन्ध नै । अस्पताल अस्तव्यस्त भएको महिना दिनभन्दा भन्दा बढी भएको छ । सरोकारवालाले ध्यान नदिँदा बिरामी र तिनका आफन्तलाई सास्ती छ । अस्पतालमा १४ जना डाक्टरको दरबन्दीमा तीनजना मात्र कार्यरतको सूचीमा छन् । ती पनि बिदा बसेकाले अस्पताल सहयोगीको भरमा छ । भएका डाक्टर पनि बिदामा बस्दा बिरामीको उपचारमा समस्या भएको अस्पतालका निमित्त प्रमुख खिमप्रसाद पाध्रेले बताए । 'अस्पतालमा अहिले दरबन्दीका एक जना पनि डाक्टर छैनन्,' उनले भने, 'मेडिकल सुपरिटेन्डेन्ट नहुँदा औषधि खरिद गर्नसमेत सकिएको छैन ।' यहाँ सहयोगीसहित ५४ जना कर्मचारीको दरबन्दी छ । तर २७ जना कार्यरत छन् । 'चौतर्फी समस्या छ,' उनले भने, 'कसरी राम्रो व्यवस्थापन हुनु ।'

चिकित्सक अभावले बिरामी सामान्य उपचारका लागि पनि निजी क्लिनिक तथा जिल्ला बाहिरका अस्पताल धाउन बाध्य छन् । बिमा गराएका बिरामीले औषधि पाएका छैनन् । विशेषज्ञ चिकित्सकको अभाव हुँदा उपलब्ध उपकरणहरू सञ्चालन गर्न नसकिएको र बिरामीलाई बाहिर रेफर गर्नुपरेको पार्धेले बताए । कार्यरत चिकित्सक शेषराज घिमिरे, सुशीला थापा र सरस्वती सुर्खेती बिदामा छन् । प्रदेशले दैनिक प्रशासन सञ्चालन गर्न समस्या भएपछि अस्पताल प्रमुखको जिम्मेवारीसहित एक जनालाई पठाए पनि उनीसमेत एक/दुई दिन बसेर फिर्ता भएपछि अस्पताल एक महिनादेखि चिकित्सकविहीन भएको हो । समस्याबारे प्रदेशको सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयलाई जानकारी गराइए पनि सुनुवाइ नभएको उनले बताए । 'न चिकित्सक आए, न त मेडिकल सुपरिटेन्डेन्ट,' उनले भने, 'अस्पतालमा औषधिसमेत नहुँदा बिरामीले बाहिरबाट किन्नुपरेको छ ।' दैनिक विभिन्न सामान किन्नुपर्ने भए पनि आर्थिक जिम्मेवारी कसैलाई नतोकिएकाले दैनिक कामकाज र व्यवस्थापन प्रभावित भएको अस्पतालले जनाएको छ । चिकित्सक अभावले लामो समयदेखि दन्त, शल्यक्रिया, शवको पोस्टमार्टमलगायत सेवा पनि ठप्प छन् ।

अहिले निक साइमन इन्स्टिच्युट (एनएसआई) का दुई जना मेडिकल अफिसर र स्वास्थ्य मन्त्रालयका एक जना करारका गरी तीन जना चिकित्सकले सेवा दिएको प्यूठान नगरपालिकाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए । 'वर्षौंसम्म स्वास्थ्यकर्मी नपठाएर सरकारी निकायले गम्भीर लापरवाही गरेको छ,' उनले भने, 'हामी धेरै करायौं तर माथिल्लो निकायले स्वास्थ्यकर्मी पठाइदिएन ।' माथिल्लो निकायले प्यूठानबाट भएका जनशक्तिलाई सरुवा गरेर अन्यत्र पठाइदिने तर त्यसको ठाउँमा अर्को व्यक्ति नपठाइदिनाले समस्या थपिँदै गएको उनले बताए । 'टालटुल गरेर काम चलाएका छौं,' अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका उनले भने, 'तर गाह्रो भइरहेको छ ।' लामो समयदेखि समस्या भएपछि अहिले विकास समितिले करारमै भए पनि चिकित्सक राख्ने तयारी गरेको उनले बताए ।

